



# आर्थिक वर्ष २०६१/६२ को वार्षिक विकास कार्यक्रम




000029




श्री ५ को सरकार

**राष्ट्रिय योजना आयोग**


सिंहदरबार, काठमाडौं

नेपाल

आषाढ, २०६१

Nepal National Library

# आर्थिक वर्ष २०६१/६२ को वार्षिक विकास कार्यक्रम








000029




श्री ५ को सरकार

**राष्ट्रिय योजना आयोग**

सिंहदरबार, काठमाडौं

नेपाल

आषाढ, २०६१

Nepal National Library

# भूमिका

गरिबी निवारणलाई नैं सर्वोपरी उद्देश्य राखी कार्यान्वयन शुरू गरिएको दशौं योजनको दोश्रो बर्ष समाप्त भई तेश्रो बर्षमा प्रवेश गरेको छ। द्वन्द र असुरक्षाका कारण विगत २ बर्षको योजना कार्यान्वयन कतिपय क्षेत्रहरूमा अपेक्षा गरे अनुरूपको हुन नसकेको हुँदा योजनाको लक्ष्य हासिल गर्न बाँकी अवधिमा थप प्रयास अपरिहार्य भएको छ। योजना कार्यान्वयनको यो तेश्रो आर्थिक वर्ष ( २०६१/२०६२ ) दशौं योजनाको मध्यावधि समीक्षाको वर्ष पनि भएकाले विगत २ वर्षका सफलता र कमी कमजोरीहरूलाई मूल्याङ्कन गरी बाँकी अवधिमा दशौं योजनाले तय गरेका लक्ष्य हासिल हुन सक्ने गरी हाम्रा विकास प्रयासहरू केन्द्रित र परिचालित हुनु पर्ने भएको छ। त्यस्तै विकास कार्यक्रम संचालन गर्ने विधिमा पनि लचिलो हुनु पर्ने अवस्था छ।

केही वर्षयता विकसित भएको देशको शान्ति सुरक्षाको असहज अवस्था तथा आयोजनाको ठेक्कापट्टासम्बन्धी उत्पन्न हुने गरेका समस्या आदि कारणहरूले गर्दा राष्ट्रिय महत्त्वका ठूला आयोजनाहरू समेतको कार्यान्वयनको गति शिथिल र ज्यादै पछि परेको छ । यद्यपि नीतिगत सुधारका विषयहरूमा सार्थक प्रयास भएका छन् र मध्यकालीन खर्च संरचनाबाट वित्तीय सन्तुलन कायम गर्न योगदान पुगेको छ तैपनि विनियोजित विकास बजेटको ठूलो हिस्सा खर्च हुन नसकी आशातीत उपलब्धि हासिल हुन नसक्दा हाम्रो आयोजना कार्यान्वयन क्षमता र साखमा प्रश्न चिन्ह खडा हुने अवस्था आउन सक्छ। यसलाई गम्भीरतापूर्वक मनन गरी आयोजना कार्यान्वयनको स्तर उठाउनु परेको छ। कतिपय ठूला आयोजनाहरूको कार्यान्वयनका लागि सुरक्षाको थप र पर्याप्त व्यवस्था मिलाई कार्यान्वयनको लागि ठोस प्रयास गरिएको र कार्यान्वयन स्थितिमा सुधार ल्याउन नियमित र विशेष अनुगमनको व्यवस्था मिलाइएको भए पनि वान्छित सफलता प्राप्त हुन सकेको छैन। निर्वाचित स्थानीय निकायको अभावमा स्थानीय निकायबाट सम्पादन हुने विकास गतिविधिमा आएको शिथिलता कायमै छ। द्वन्दको विद्यमान अवस्थामा जनसहभागिताको आधारमा स्थानीय तहमा नै विकास - निर्माण अघि बढाउन स्थानीय निकायमा पर्याप्त श्रोत र साधनको प्रवाह नगरी विकास गतिविधिमा बृद्धि गर्न सकिने अर्को उपाय पनि देखिन्न।

000029

यिनै वास्तविकताहरूलाई हृदयंगम गर्दै आ.ब.२०६१/६२ को वार्षिक कार्यक्रम र बजेट तयार पारिएको छ यस कार्यक्रम पुस्तिकामा आ.व. २०६१/६२ मा सञ्चालन हुने आयोजनाको विवरण उल्लेख गर्नुका साथै सञ्चालनमा रहेका आयोजनाहरूको आ.व. २०६१/६२ मा भएको कार्यान्वयन प्रगतिको सार संक्षेप र संशोधित खर्च अनुमान प्रस्तुत गरिएको छ। यस बाहेक योजनाले उल्लेख गरे अनुरूप दशौं योजनाको प्रत्येक रणनीतिक स्तम्भमा भएको विनियोजन, मध्यकालीन खर्च संरचनाले निर्धारण गरेको आयोजनाको प्राथमिकताक्रम लगायतका विषयहरू पनि उल्लेख गरिएको छ। आगामी आ.व. का यी विकास कार्यक्रमहरूको कार्यान्वयनबाट गरिबी निवारण गर्ने श्री ५ को सरकारको प्रयासमा उल्लेखनीय योगदान पुग्ने विश्वास गरिएको छ।

आ.व. २०६१/६२ को वार्षिक कार्यक्रम र खर्च तय गर्दा बजेटको साधारण र विकास शीर्षक अन्तरगत विभाजन गर्ने परिपाटीबाट चालु र पूँजीगत खर्चमा विभाजन गर्ने प्रणाली शुरू गरिएको छ। त्यसैले वार्षिक विकास कार्यक्रमको बजेट रकमले साधारण र विकास दुवै खर्चलाई समेट्ने परम्पराको शुरूवात भएको छ। यसबाट आयोजनाको समग्र लागत तथा प्रति इकाई लागत समेत अनुमान गर्न सहज भएको छ भने अनावश्यक रकम विनियोजनमा नियन्त्रण हुने आशा गरिएको छ।

प्रस्तुत कार्यक्रम पुस्तिका तयार पार्न सक्रियतापूर्वक सहभागी हुनुहुने राष्ट्रिय योजना आयोगको सचिवालय लगायत श्री ५ को सरकारका सम्बद्ध सबै निकायका कर्मचारीहरूलाई राष्ट्रिय योजना आयोग हार्दिक धन्यवाद व्यक्त गर्दछ।

आषाढ, २०६१

**राष्ट्रिय योजना आयोग**

Nepal National Library

# विषय सूची


| क. स. | विषय | पृष्ठ |
|---|---|---|
| भूमिका | | |
| १. | आर्थिक वर्ष २०६१/६२ को विकास लक्ष्य, कार्यक्रम तथा बजेट | १ |
| | १.१ पृष्ठभूमि | १ |
| | १.२ आर्थिक बृद्धिदर | १ |
| | १.३ विकास आयोजनाहरूको क्षेत्र/उपक्षेत्र अनुसारको संख्या | २ |
| | १.४ आ.व. २०६१/६२ को विकास कार्यक्रम बजेटको क्षेत्रगत बाँडफाँड | ४ |
| २. | कृषि, सिंचाइ, वन तथा भूमिसुधार | १० |
| | २.१ कृषि | १० |
| | २.२ सिंचाइ | ३९ |
| | २.३ वन तथा भू-संरक्षण | ५४ |
| | २.४ भूमि सुधार तथा व्यवस्था | ७२ |
| ३. | यातायात तथा सञ्चार | ७८ |
| | ३.१ सडक यातायात | ७८ |
| | ३.२ सूचना तथा सञ्चार | ९६ |
| ४. | उद्योग, खानी, विद्युत् तथा अन्य आर्थिक | १०२ |
| | ४.१ उद्योग तथा खानी | १०२ |
| | ४.२ विद्युत् तथा अन्य ऊर्जा | १११ |
| | ४.३ अन्य आर्थिक सेवा | १२९ |
| | ४.३.१ संस्क ृति तथा पर्यटन | १२९ |
| | ४.३.२ वाणिज्य | १३९ |
| | ४.३.३ आपूर्ति | १४३ |
| | ४.३.४ श्रम तथा मजदुर कल्याण | १४६ |
| | ४.३.५ विज्ञान तथा प्रविधि (हावापानी समेत) | १५२ |
| | ४.३.६ अन्य आर्थिक | १६२ |
| ५. | सामाजिक सेवा | १६९ |
| | ५.१ शिक्षा तथा खेलकुद | १६९ |
| | ५.२ स्वास्थ्य | १८० |
| | ५.३ खानेपानी तथा सरसफाई | २०२ |
| | ५.४ स्थानीय विकास | २१६ |
| | ५.५ अन्य सामाजिक सेवा | २३३ |
| | ५.५.१ ज नसंख्या तथा वातावरण | २३३ |
| | ५.५.२ महिला, बालबालिका तथा समाज कल्याण | २३६ |
| | ५.५.३ आवास, वस्ती तथा शहरीकरण | २४४ |
| | ५.५.४ अन्य | २५१ |
| ६. | साधारण प्रशासन | २५६ |
| | ६.१ सामान्य प्रशासन | २५६ |
| | ६.१.१ कानून, न्याय तथा संसदीय व्यवस्था | २५६ |
| | ६.१.२ सामान्य प्रशासन | २५७ |
| | ६.२ राजस्व तथा आर्थिक प्रशासन | २५७ |
| | ६.३ योजना तथा तथ्याङ्क | २६० |
| | ६.३.१ योजना | २६० |
| | ६.३.२ तथ्याङ्क | २६१ |
| ७ | संवैधानिक अंगहरु | २६७ |
| | ७.१ अदालतहरू र न्यायिक प्रशिक्षण प्रतिष्ठान सुदृढीकरण | २६७ |
| | ७.२ महान्यायाधिवक्ताको कार्यालय | २६८ |
| | ७.३ अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २६८ |
| | ७.४ लोक सेवा आयोग | २६९ |
| | ७.५ महालेखा परीक्षकको विभाग | २६९ |

८ विविध २७१
८.१ विशेष क्षेत्र विकास कार्यक्रम २७१
८.२ उपेक्षित वर्ग विशेष कार्यक्रम २७१
८.३ पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रम २७१
८.४ एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना २७२
८.५ शान्ति, सामाजिक द्वन्द समाधान र अग्रगमन २७२
८.६ भैपरी आउने २७३
अनुसूची
अनुसूची १ २७५
अनुसूची २ २७९

# १. आर्थिक वर्ष २०६१/६२ को विकास लक्ष्य, कार्यक्रम तथा वजेट

## १.१ पृष्ठभूमि

गरिवी निवारण गर्ने एक मात्र उद्देश्य रहेको दशौं योजना (२०५९–६४) कार्यान्वयनको दोस्रो आर्थिक वर्ष पूरा हुँदैछ। आर्थिक वर्ष २०६१/६२ यस योजनाको तेस्रो वर्ष र मध्यावधि वर्ष पनि हो। गरिवीको रेखामुनि रहेका जनसंख्यालाई दशौं योजनाको अन्त्यसम्म ३० प्रतिशतमा झार्ने लक्ष्यलाई सघाउ पुऱ्याउन योजनाले लक्षित गरे अनुरूपको आर्थिक वृद्धिदर विगत दुई वर्षमा हासिल हुन सकेन। खासगरी देशको शान्ति सुरक्षा स्थितिमा अपेक्षित सुधार हुन नसक्नु र यसले गर्दा अर्थतन्त्रको विभिन्न पक्षहरू खासगरी निर्यात व्यापार, उद्योग व्यवसाय, पर्यटन उद्योग, वित्तीय क्षेत्र र विकास निर्माणका कार्यहरूमा शिथिलता आएको कारण आ.व. २०६०/६१ मा गैर कृषि क्षेत्रको आर्थिक वृद्धि दर अपेक्षित रूपमा हुन सकेन भने कृषि क्षेत्रमा मध्यमस्तरको आर्थिक वृद्धि दर हुन सक्यो।

देशको विद्यमान शान्ति सुरक्षाको स्थितिले गर्दा साधारण खर्चमा अधिक वृद्धि भएको विकास खर्च अपेक्षित रूपमा वृद्धि हुन नसकेको र निजी क्षेत्रको आर्थिक क्रियाकलाप समेत शिथिल भएकाले योजनाका प्रथम दुई वर्षमा गरिवी निवारणमा पनि अपेक्षित सुधार आउन नसकेको अनुमान गर्न सकिन्छ। दशौं योजनामा लक्षित गरिएको ४.३ प्रतिशतको सामान्य वृद्धि दर पनि हासिल गर्न ठूलो प्रयास गर्नु पर्ने आवश्यकता रहेको छ।

## १.२ आर्थिक वृद्धिदर

दशौं योजना अवधिमा शान्ति सुरक्षाको स्थितिमा सुधार नआएमा ४.३ प्रतिशतले सामान्य आर्थिक वृद्धि दर हासिल हुने लक्ष्य निर्धारण गरिएको थियो। सो मध्ये आ.व. २०५९/६० मा २.७ प्रतिशतको आर्थिक वृद्धिदर हासिल भएको अनुमान गरिएको छ भने आ.व. २०६०/६१ मा ३.६ प्रतिशतले आर्थिक वृद्धिदर हासिल हुने अनुमान गरिएको छ। यसरी योजनाको प्रथम दुई वर्षमा सरदर ३.२ प्रतिशतले आर्थिक वृद्धि दर हासिल भएको अनुमान छ। दशौं योजनाको आर्थिक वृद्धिदरको लक्ष्य, प्रथम दुई वर्षमा हासिल भएको उपलब्धि र तेस्रो वर्षको लक्ष्यको क्षेत्र/उपक्षेत्रगत सम्बन्धी तथ्यांक तालिका १.१ मा दिइएको छ।

**तालिका १.१**

**दशौं योजनाको आर्थिक वृद्धि दरको लक्ष्य, पहिलो र दोस्रो वर्षको उपलब्धि र तेस्रो वर्षको लक्ष्य**

**( २०५१/५२ को स्थिर मूल्यमा)**

(प्रतिशतमा)

| क्षेत्रहरु | दशौं योजनाको आर्थिक वृद्धिदरको लक्ष्य | | २०५९/६० को आर्थिक वृद्धिदरको उपलब्धि | २०६०/६१ को उपलब्धि[K] | २०६१/६२ को लक्ष्य[KK] |
|---|---|---|---|---|---|
| | (अपेक्षित) | (सामान्य) | | | |
| *कूल गार्हस्थ्य उत्पादन (साधनको लागतमा)* | ६.२ | ४.३ | २.७ | ३.६ | ४.३ |
| *कृषि क्षेत्र* | ४.१ | २.८ | २.५ | ३.७ | ३.७ |
| *गैह कृषि क्षेत्र* | ७.५ | ५.२ | २.९ | ३.३ | ४.६ |
| उद्योग तथा खानी | ७.८ | ५.४ | २.० | २.५ | ४.० |
| विद्युत, ग्याँस तथा पानी | ११.१ | ८.१ | ७.५ | ७.७ | ६.० |
| निर्माण | ७.९ | ५.५ | १.७ | ०.३ | ३.५ |
| व्यापार, होटल तथा रेष्टुरेन्ट | ७.३ | ५.१ | ४.१ | ५.८ | ६.० |
| यातायात तथा सञ्चार | ७.७ | ५.५ | ३.९ | ५.६ | ६.० |
| वित्त तथा घर जग्गा | ५.३ | ३.७ | २.८ | २.८ | ४.० |
| सामाजिक सेवा | ८.१ | ५.७ | २.४ | ३.१ | ४.२ |
| *कुल गार्हस्थ्य उत्पादन (बजार मूल्यमा)* | ६.१ | ४.२ | ३.१ | ३.७ | ४.५ |

[K] *प्रारम्भिक अनुमान।* [KK] *प्रक्षेपित अनुमान*

आ.व. २०६०/६१ मा आर्थिक वृद्धिदर ४.३ देखि ४.५ सम्म हासिल गर्ने लक्ष्य रहेकोमा ३.६ प्रतिशतको आर्थिक वृद्धिदर हासिल हुने प्रारम्भिक अनुमान रहेको छ। यस मध्ये कृषि क्षेत्रमा ३.७ प्रतिशत र गैर कृषि क्षेत्रमा ३.३ प्रतिशत आर्थिक वृद्धिदर हुने अनुमान छ। गैर कृषि क्षेत्र मध्ये सबभन्दा बढी विद्युत ग्यास तथा पानीमा ७.७ प्रतिशत, व्यापार होटल तथा रेष्टुरामा ५.८ प्रतिशत, यातायात तथा संचारमा ५.६ प्रतिशतले आर्थिक वृद्धिदर हासिल हुने अनुमान रहेको छ। तर केही क्षेत्रमा न्यून आर्थिक वृद्धिदर हासिल हुने अनुमान छ। खासगरी सामाजिक सेवामा ३.१ प्रतिशत, वित्त तथा घरजग्गामा २.८ प्रतिशत, उद्योग तथा खानीमा २.५ प्रतिशत र निर्माणमा ०.३ प्रतिशत मात्र आर्थिक वृद्धिदर हासिल हुने अनुमान छ।

आ.व. २०६१।६२ मा आर्थिक वृद्धि (साधन लागतमा) ४.३ प्रतिशत हुने अनुमान गरिएको छ। यसमध्ये कृषि क्षेत्रमा ३.७ प्रतिशत र गैर कृषि क्षेत्रमा ४.६ प्रतिशत आर्थिक वृद्धिदर हुने अनुमान गरिएको छ। गैर कृषि क्षेत्र मध्ये सामाजिक सेवामा ४.२ प्रतिशत, उद्योग तथा खानीमा ४.० प्रतिशत, व्यापार होटल तथा रेष्टुरा र यातायात तथा संचारमा ६.० प्रतिशत, वित्त तथा घरजग्गामा ४.० प्रतिशत, विद्युत ग्याँस तथा पानीमा ६.० प्रतिशत र निर्माणमा ३.५ प्रतिशतले आर्थिक वृद्धि दर हुने अनुमान गरिएको छ।

## १.३ विकास आयोजनाहरुको क्षेत्र/उपक्षेत्र अनुसारको संख्या

आ.व. २०६१/६२ मा विभिन्न मन्त्रालय, सचिवालय, विभाग, कार्यालय तथा निकायहरु अन्तर्गत कूल ४५४ विकास कार्यक्रम/आयोजनाहरु सञ्चालन हुनेछन्। यी कार्यक्रम/आयोजनाहरुको प्राथमिकताक्रम, र दशौं योजनाको रणनीतिक स्तम्भअनुसार क्षेत्र/उपक्षेत्रगत संख्या तालिका नं १.२ मा दिइएको छ।

आ.व. २०६१/६२ मा सामाजिक सेवा क्षेत्रमा १५४ आयोजनाहरू सञ्चालन हुनेछन्। यसमध्ये शिक्षामा १८, स्वास्थ्यमा ३८, खानेपानी तथा सरसफाईतर्फ २५, स्थानीय विकासतर्फ ३३ र अन्य सामाजिक सेवा क्षेत्रमा ४० आयोजनाहरू सञ्चालन हुनेछन्। आर्थिक सेवा क्षेत्रहरूमध्ये कृषि, वन, सिंचाइ तथा भूमिसुधारमा ११५, उद्योग, खानी, विद्युत तथा अन्य आर्थिकतर्फ ९४ आयोजनाहरू सञ्चालन गरिनेछन् भने यातायात तथा सञ्चारमा क्षेत्रमा ६० आयोजनाहरू सञ्चालन गरिनेछन्। साधारण प्रशासनमा १४, संवैधानिक अङ्गहरुमा ७ र विविधमा १० विकास आयोजनाहरु सञ्चालन हुनेछन्।

कुल आयोजनाहरूमध्ये २५९ आयोजनाहरू प्रथम प्राथमिकतामा, १५५ आयोजनाहरू दोस्रो प्राथमिकतामा र ४९ आयोजनाहरू तेस्रो प्राथमिकतामा परेका छन्। त्यसैगरी दशौं योजनाको रणनीतिक स्तम्भ अनुसार उच्च, दीगो र फराकिलो आर्थिक वृद्धिदर हासिल गर्नेतर्फ १६० आयोजनाहरू, सामाजिक तथा ग्रामीण पूर्वाधार विकास गर्नेतर्फ १६९ आयोजनाहरू, लक्षित कार्यक्रमतर्फ ३३ आयोजनाहरू र सुशासनतर्फ ९२ आयोजनाहरू सञ्चालन गरिनेछन्।

तालिका १.२

क्षेत्र तथा उपक्षेत्र अनुसार विकास कार्यक्रम/आयोजनाहरूको प्राथमिकताक्रम र रणनीति स्तम्भ अनुसार संख्या

| क्षेत्र / उपक्षेत्र | आयोजनाको | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | प्राथमिकताक्रम | | | रणनीतिक स्तम्भ* | | | | कुल संख्या |
| | P1 | P2 | P3 | १ | २ | ३ | ४ | |
| *१. संवैधानिक अंगहरु* | ७ | | | | | | ७ | ७ |
| *२. साधारण प्रशासन* | ७ | ७ | ० | ० | ० | ० | १४ | १४ |
| २.१ सामान्य प्रशासन | २ | १ | | | | | ३ | ३ |
| २.२ राजस्व तथा आर्थिक प्रशासन | १ | २ | | | | | ३ | ३ |
| २.३ योजना तथा तथ्यांक | ४ | ४ | | | | | ८ | ८ |
| *३. सामाजिक सेवा* | ८४ | ५० | ३० | ० | ११३ | २५ | १६ | १५४ |
| ३.१ शिक्षा | ७ | ७ | ४ | | १५ | ३ | | १८ |
| ३.२ स्वास्थ्य | २१ | १२ | ५ | | ३५ | | ३ | ३८ |
| ३.३ खानेपानी तथा सरसफाई | १६ | ८ | १ | | २३ | | २ | २५ |
| ३.४ स्थानीय विकास | १८ | १२ | १३ | | १९ | ७ | ७ | ३३ |
| ३.५ अन्य सामाजिक सेवा | २२ | ११ | ७ | ० | २१ | १५ | ४ | ४० |
| ३.५.१ जनसंख्या तथा वातावरण | १ | | | | १ | | | १ |
| ३.५.२ महिला, बालबालिका तथा समाज कल्याण | ६ | ४ | १ | | | ११ | | ११ |
| ३.५.३ संस्कृति | ४ | ३ | ३ | | १० | | | १० |
| ३.५.४ आवास | ७ | ३ | २ | | १० | | २ | १२ |
| ३.५.५ अन्य | ४ | १ | १ | | | ४ | २ | ६ |
| *४. आर्थिक सेवाहरु* | १५४ | ९६ | १८ | १५९ | ५६ | ८ | ४६ | २६९ |
| *क) कृषि, वन, सिंचाइ तथा भूमिसुधार* | ६८ | ४० | ७ | ८६ | ६ | ४ | १९ | ११५ |
| *४.१ कृषि* | ३२ | १० | | ३२ | २ | २ | ६ | ४२ |
| *४.२ सिंचाइ (नदी नियन्त्रण समेत)* | १५ | १४ | १ | २८ | | | २ | ३० |
| *४.३ भूमिसुधार र नापी* | ५ | ४ | | | | १ | ८ | ९ |
| *४.४ वन* | १६ | १२ | ६ | २६ | ४ | १ | ३ | ३४ |
| *ख) उद्योग, खानी, विद्युत तथा अन्य आर्थिक* | ५७ | २९ | ८ | ४३ | २८ | ४ | १९ | ९४ |
| ४.५ उद्योग तथा खानी | ५ | ७ | | ७ | १ | | ४ | १२ |
| ४.६ विद्युत तथा अन्य ऊर्जा | १८ | ७ | ४ | १९ | ७ | | ३ | २९ |
| ४.७ अन्य आर्थिक सेवा | ३४ | १५ | ४ | १७ | २० | ४ | १२ | ५३ |
| ४.७.१ पर्यटन | ३ | ३ | १ | २ | २ | | ३ | ७ |
| ४.७.२ विज्ञान तथा प्रविधि (हावापानी समेत) | १३ | ५ | | ३ | १४ | | १ | १८ |
| ४.७.३ आपूर्ति | २ | | | | | २ | | २ |
| ४.७.४ वाणिज्य | २ | १ | १ | ३ | | | १ | ४ |
| ४.७.५ श्रम | ५ | | २ | २ | १ | २ | २ | ७ |
| ४.७.६ अन्य | ९ | ६ | | ७ | ३ | | ५ | १५ |
| *ग) यातायात तथा सञ्चार* | २९ | २७ | ३ | ३० | २२ | ० | ८ | ६० |
| ४.८ सडक | २३ | २२ | ३ | २६ | २१ | | २ | ४९ |
| ४.९ सञ्चार | ६ | ५ | | ४ | १ | | ६ | ११ |
| *५. बिबिध* | ७ | २ | १ | १ | ० | ० | ९ | १० |
| *कुल जम्मा* | २४९ | १५५ | ४९ | १६० | १६९ | ३३ | ९२ | ४५४ |

• *दशौं योजनाको रणनीतिक स्तम्भ:* (१) उच्च, दीगो र फराकिलो, आर्थिक वृद्धि, (२) सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, (३) लक्षित कार्यक्रम र (४) सुशासन

## १.४ आ.व. २०६१/६२ को विकास कार्यक्रम बजेटको क्षेत्रगत बाँडफाँड

आ.व. २०६१/६२ मा सञ्चालन गरिने विकास आयोजनाहरूमा कूल रू. ४७ अर्ब २० करोड १६ लाख ६५ हजार विनियोजित गरिएको छ। यसमध्ये चालु खर्चतर्फ रू. १७ अर्ब ७१ करोड ५१ लाख ७ हजार (३७.५३ प्रतिशत) र पूँजीगत खर्चतर्फ रू.२९ अर्ब ४८ करोड ६५ लाख ५८ हजार (६२.४७ प्रतिशत) बजेट विनियोजन गरिएको छ। विकास कार्यक्रमहरूका लागि खर्चको स्रोततर्फ श्री ५ को सरकारबाट रू. १४ अर्ब ९३ करोड ३० लाख ६२ हजार (३१.६४ प्रतिशत), वैदेशिक अनुदानबाट रू. १५ अर्ब ३० करोड ९४ लाख ३३ हजार (३२.४३ प्रतिशत) र वैदेशिक ऋणबाट रू. १६ अर्ब ९५ करोड ९१ लाख ७० हजार (३५.९३ प्रतिशत) व्यहोरिने अनुमान गरिएको छ (तालिका १.३)।

आ.व. २०६१/६२ मा सञ्चालन गरिने विकास आयोजनाहरुमध्ये आर्थिक सेवाहरुमा सबैभन्दा बढी ५०.३६ प्रतिशत विकास रकम विनियोजन गरिएको छ। यसमध्ये कृषि, वन, सिंचाइ तथा भूमिसुधार क्षेत्रमा कुल विकास खर्चको १४.०७ प्रतिशत, उद्योग, खानी, विद्युत् र अन्य आर्थिक क्षेत्रमा २१.४६ प्रतिशत र यातायात तथा सञ्चारमा १४.८२ प्रतिशत रकम विनियोजन गरिएको छ। त्यस्तै सामाजिक सेवामा ४७.४२ प्रतिशत रकम विनियोजन गरिएको छ। यसमध्ये शिक्षातर्फ १३.२८ प्रतिशत, स्वास्थ्यतर्फ ९.५७ प्रतिशत, खानेपानीतर्फ ७.५७ प्रतिशत, स्थानीय विकासतर्फ १३.० प्रतिशत र अन्य सामाजिक सेवातर्फ ३.९७ प्रतिशत रकम विनियोजन गरिएको छ। संवैधानिक अङ्गहरुमा ०.५६ प्रतिशत, साधारण प्रशासनमा ०.९२ प्रतिशत र विविधमा ०.७३ प्रतिशत रकम विनियोजन गरिएको छ। आ.व. २०६०/६१ को विकास कार्यक्रमतर्फको संशोधित खर्च अनुमानको तुलनामा आ.व. २०६१/६२ मा ४३.८९ प्रतिशत बजेट वृद्धि गरिएको छ (अनुसूची १)। दशौं योजनाको कार्यान्वयनको प्रथम वर्ष (आ.व. २०५९/६०) सँगसँगै मध्यमकालीन खर्च संरचना तयार गर्दै आएअनुसार तेस्रो मध्यमकालीन खर्च संरचनाबाट प्रक्षेपित आ.व. २०६२/६३ र २०६३/६४ को विकास कार्यक्रमको खर्च अनुमान अनुसूची २ मा दिइएको छ।

तालिका १.३
आ.व. २०६१/६२ को विकास कार्यक्रमको चालु तथा पूँजीगत खर्च वजेट बाँडफाँड

(रु. हजारमा)

| क्षेत्र / उपक्षेत्र | श्री ५ को सरकार | वैदेशिक सहायता | | जम्मा | चालु खर्च | पूंजीगत खर्च |
|---|---|---|---|---|---|---|
| | | अनुदान | ऋण | | | |
| *१. संवैधानिक अंगहरु* | ७४९०० | १६०८९९ | ६०००० | २९५७९९ | ८३७४४ | २१२०५५ |
| *२. साधारण प्रशासन* | २२०९४४ | ११९९९० | ५००० | ३४५९३४ | १८१९५२ | १६३९८२ |
| २.१ सामान्य प्रशासन | १२८०० | १०००० | ० | २२८०० | २१२७० | १५३० |
| २.२ राजस्व तथा आर्थिक प्रशासन | १५६९०७ | २७५७० | ५००० | १८९४७७ | ५२४३७ | १३७०४० |
| २.३ योजना तथा तथ्यांक | ५१२३७ | ८२४२० | ० | १३३६५७ | १०८२४५ | २५४१२ |
| *३. सामाजिक सेवा* | ७१९८७६० | ७७६९२७४ | ७१०१३८३ | २२०६९४१७ | १०९५५७८५ | १११९३६३२ |
| ३.१ शिक्षा | ८३८३४६ | ३०६१९३० | २३६६१४७ | ६२६६४२३ | ५०१३२०९ | १२५३२१४ |
| ३.२ स्वास्थ्य | १६०९१२४ | २१७४०१३ | ५६७३२५ | ४३५०४६२ | ३२३३७९३ | १११६६६९ |
| ३.३ खानेपानी तथा सरसफाई | १०५८७७३ | ५१६३९४ | १८४४६४८ | ३४१९८१५ | ४२७२७४ | २९९२५४१ |
| ३.४ स्थानीय विकास | २८९२२७७ | १६८७७०८ | २०९५९२९ | ६६७५९१४ | १६२६५५२ | ५०४९३६२ |
| ३.५ अन्य सामाजिक सेवा | ८००२४० | ३२९२२९ | २२७३३४ | १३५६८०३ | ६५५९५७ | ७००८४६ |
| ३.५.१ जनसंख्या तथा वातावरण | ३६६९० | ६४६० | ० | ४३१५० | ३८१५० | ५००० |
| ३.५.२ महिला, बालबालिका तथा समाज कल्याण | १६८०९१ | २६०१९ | ४८९०३ | २४३०१३ | २३९६४५ | ३३६८ |
| ३.५.३ संस्कृति | २६७४५० | ३५००० | ० | ३०२४५० | १२३७३३ | १७८७१७ |
| ३.५.४ आवास | १५८७५४ | ६०००० | ९६०३१ | ३१४७८५ | १०४३३३ | २१०४५२ |
| ३.५.५ अन्य | १६९२५५ | २०१७५० | ८२४०० | ४५३४०५ | १५००९६ | ३०३३०९ |
| *४. आर्थिक सेवाहरु* | ६४६६३२८ | ७२५९२७० | ९२२४९२५ | २२९५०५२३ | ५५२२६३४ | १७४२७८८९ |

| क्षेत्र / उपक्षेत्र | श्री ५ को सरकार | वैदेशिक सहायता | | जम्मा | चालु खर्च | पुंजीगत खर्च |
|---|---|---|---|---|---|---|
| | | अनुदान | ऋण | | | |
| *क) कृषि, वन, सिंचाइ तथा भूमिसुधार* | २८०५९१६ | १५१८८९६ | २०६९८०९ | ६३९४६२१ | ३१३८८८७ | ३२५५७३४ |
| *४.१ कृषि* | १३३१९९३ | ६६९१५३ | ५२०५१३ | २५२१६५९ | २३४०४४५ | १८१२१४ |
| *४.२ सिंचाइ* | ८१८३८४ | ५२७२२५ | १५१९२९६ | २८६४९०५ | १९३८६० | २६७१०४५ |
| *४.३ भूमिसुधार र नापी* | ३०६९५२ | २९७०० | ० | ३३६६५२ | २६५३६० | ७१२९२ |
| *४.४ वन* | ३४८५८७ | २९२८१८ | ३०००० | ६७१४०५ | ३३९२२२ | ३३२१८३ |
| *ख) उद्योग, खानी, विद्युत तथा अन्य आर्थिक* | २३९८००४ | ४५४७८२४ | २९६९९९८ | ९९१५८२६ | २१४२११७ | ७७७३७०९ |
| ४.५ उद्योग तथा खानी | २०६७७४ | २०६६८५ | ० | ४१३४५९ | ३४५६१४ | ६७८४५ |
| ४.६ विद्युत तथा अन्य ऊर्जा | १०४४५७४ | ३११६५७५ | १३३५९२५ | ५४९७०७४ | ३०११४ | ५४६६९६० |
| ४.७ अन्य आर्थिक सेवा | ११४६६५६ | १२२४५६४ | १६३४०७३ | ४००५२९३ | १७६६३८९ | २२३८९०४ |
| ४.७.१ पर्यटन | ३६७०० | ७५००० | १०००० | १२१७०० | ११८०३० | ३६७० |
| ४.७.२ विज्ञान तथा प्रविधि (हावापानी समेत) | २००२०० | ६९४१८९ | १०६६६९ | १००१०५८ | १७४२५७ | ८२६८०१ |
| ४.७.३ आपूर्ति | १००००० | १५१२७५ | १५००० | २६६२७५ | २६६२७५ | ० |
| ४.७.४ वाणिज्य | ३७६२५ | १४११४० | ३५००० | ८६७६५ | ४९९५४ | ३६८११ |
| ४.७.५ श्रम | ११९९९७ | ४३६०७ | ० | १६३६०४ | १५४७५९ | ८८४५ |
| ४.७.६ अन्य | ६५२१३४ | २४६३५३ | १४६७४०४ | २३६५८९१ | १००३११४ | १३६२७७७ |
| *ग) यातायात तथा सञ्चार* | १२६२४०८ | ११९२५५० | ४१८५११८ | ६६४००७६ | २४१६३० | ६३९८४४६ |
| ४.८ सडक | १०७७५५४ | ९८७५५० | ३२४७७३६ | ५३१२८४० | ९७३९५ | ५२१५४४५ |
| ४.९ सञ्चार | १८४८५४ | २०५००० | ९३७३८२ | १३२७२३६ | १४४२३५ | ११८३००१ |
| *५. विविध* | ९७२१३० | ० | ५६७८६२ | १५३९९९२ | ९६९९९२ | ५७०००० |
| *कुल जम्मा* | १४९३३०६२ | १५३०९४३३ | १६९५९१७० | ४७२०१६६५ | १७७१५१०७ | २९४८६५५८ |
| अंश प्रतिशत | ३१.६४ | ३२.४३ | ३५.९३ | १००.०० | ३७.५३ | ६२.४७ |

*नोटः माथि प्रस्तुत तालिका क्षेत्रगत विषयमा प्रस्तुत तालिका अनुसार दिइएकोले अनुसूची १ को सेवा तथा क्षेत्रगत विवरणअनुसारको बजेट तालिकासँग नमिल्न सक्छ।*

उपर्युक्त विनियोजित रकममध्ये आ.व. २०६१/६२ मा प्राथमिकता क्रमका आधारमा पहिलो प्राथमिकता (P1) का आयोजनाहरूका लागि रू. ३५ अर्ब ९१ करोड १४ लाख २८ हजार (७६.०८ प्रतिशत), दोस्रो प्राथमिकता (P2) का आयोजनाहरूका लागि रू. १० अर्ब २ करोड ७६ लाख ११ हजार (२१.२४ प्रतिशत), तेस्रो प्राथमिकता (P3) का आयोजनाहरूका लागि रू. १ अर्ब २६ करोड २६ लाख २६ हजार (२.६७ प्रतिशत) रकम विनियोजन गरिएको छ (तालिका १.४)।

तालिका १.४

आर्थिक वर्ष २०६१/६२ को विकास कार्यक्रमको प्राथमिकताका आधारमा बजेटको बाँडफाँड

(रू. हजारमा)

| | सेवा तथा क्षेत्र | २०६१/६२ को व्यय अनुमान | | | |
|---|---|---|---|---|---|
| | | P1 | P2 | P3 | जम्मा |
| | संवैधानिक अंगहरू | २६५७९९ | ० | ० | २६५७९९ |
| | अंश प्रतिशत | १००.०० | ०.०० | ०.०० | १००.०० |
| | संवैधानिक अंगहरू | २६५७९९ | ० | ० | २६५७९९ |
| १४ | अदालत | १८७७०० | ० | ० | १८७७०० |
| १५ | अख्तियार दुरूपयोग अनुसन्धान आयोग | ३७८५९ | ० | ० | ३७८५९ |
| १६ | महालेखा परीक्षकको विभाग | २८२४० | ० | ० | २८२४० |

| | सेवा तथा क्षेत्र | २०६१/६२ को व्यय अनुमान | | | |
|---|---|---|---|---|---|
| | | P1 | P2 | P3 | जम्मा |
| १७ | लोकसेवा आयोग | ७००० | ० | ० | ७००० |
| १९ | महान्यायाधिवक्ताको कार्यालय | ५००० | ० | ० | ५००० |
| | साधारण प्रशासन | ३०६१४९ | ८९२८५ | ४०००० | ४३५४३४ |
| | अंश प्रतिशत | ७०.३१ | २०.५० | ९.१९ | १००.०० |
| | सामान्य प्रशासन | ७९३०० | ८५०० | ४०००० | १२७८०० |
| १४ | अदालत | ३०००० | ० | ० | ३०००० |
| ३० | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ३७३०० | ० | ० | ३७३०० |
| ३९ | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | १२००० | ० | ० | १२००० |
| ४५ | गृह मन्त्रालय | ० | ० | ४०००० | ४०००० |
| ६६ | सामान्य प्रशासन मन्त्रालय | ० | ८५०० | ० | ८५०० |
| | राजश्व तथा आर्थिक प्रशासन | १६३९७७ | १०००० | ० | १७३९७७ |
| ३५ | अर्थ मन्त्रालय | १६३९७७ | १०००० | ० | १७३९७७ |
| | योजना र तथ्यांक | ६२८७२ | ७०७८५ | ० | १३३६५७ |
| ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ६२८७२ | ७०७८५ | ० | १३३६५७ |
| | सामाजिक सेवाहरू | १७४०८८७९ | ४३६३१०६ | ६१३३५८ | २२३८५३४३ |
| | अंश प्रतिशत | ७७.७७ | १९.४९ | २.७४ | १००.०० |
| | शिक्षा | ४७५६०१३ | १५२३८५६ | ६५५४ | ६२८६४२३ |
| ६५ | शिक्षा तथा खेलकुद मन्त्रालय | ४७३६०१३ | १५२३८५६ | ६५५४ | ६२६६४२३ |
| ६९ | स्थानीय विकास मन्त्रालय | २०००० | ० | ० | २०००० |
| | स्वास्थ्य | २८४९०५० | १२७१८६५ | ३९४५४७ | ४५१५४६२ |
| ३८ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५५००० | ० | ० | ५५००० |
| ६९ | स्थानीय विकास मन्त्रालय | ० | ११०००० | ० | ११०००० |
| ७० | स्वास्थ्य मन्त्रालय | २७९४०५० | ११६१८६५ | ३९४५४७ | ४३५०४६२ |
| | खानेपानी | ३३२१४७९ | २३२८४० | १७५०० | ३५७१८१९ |
| ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | २९३३३१६ | २०८३६ | १७५०० | २९७१६५२ |
| ६९ | स्थानीय विकास मन्त्रालय | ० | १५२००४ | ० | १५२००४ |
| ८७ | अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान) | ३८८१६३ | ६०००० | ० | ४४८१६३ |
| | स्थानीय विकास | ४९३१६८७ | ११३५०१७ | ७१३२ | ६१३७८३६ |
| ६९ | स्थानीय विकास मन्त्रालय | ४७५१६८७ | ११३५०१७ | ७११३२ | ५९५७८३६ |
| ९५ | अर्थ मत्रालय- विविध | १८०००० | ० | ० | १८०००० |
| | अन्य सामाजिक सेवाहरू | १५५०६५० | १९९५२८ | १२३६२५ | १८७३८०३ |
| | जनसख्या तथा वातावरण | ४३१५० | ० | ० | ४३१५० |
| ४६ | जनसख्या तथा वातावरण मन्त्रालय | ४३१५० | ० | ० | ४३१५० |
| | महिला, वालवालिका तथा समाज कल्याण | २२१२८५ | ७८८५३ | २८७५ | ३०३०१३ |
| ५६ | महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय | १६१२८५ | ७८८५३ | २८७५ | २४३०१३ |
| ९५ | अर्थ मत्रालय- विविध | ६०००० | ० | ० | ६०००० |
| | युवा, खेलकुद तथा सस्कृति | १५६२०० | ३४५०० | १०३७५० | २९४४५० |
| ४९ | संस्कति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १५६२०० | ३४५०० | ७१२०० | २६१९०० |
| ६५ | शिक्षा तथा खेलकुद मन्त्रालय | ० | ० | ३२५५० | ३२५५० |
| | आवास | ३१०११० | ५०६७५ | १७००० | ३७७७८५ |
| ४५ | गृह मन्त्रालय | ५५००० | ० | ० | ५५००० |
| ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | २५५११० | ४२६७५ | १७००० | ३१४७८५ |
| ४९ | संस्कति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ० | ८००० | ० | ८००० |
| | अन्य-सामाजिक | ८१९९०५ | ३५५०० | ० | ८५५४०५ |
| ३५ | अर्थ मन्त्रालय | ० | ० | ० | ० |
| ४५ | गृह मन्त्रालय | | ६५०० | ० | ६५०० |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | २३००० | २९००० | ० | ५२००० |
| ६९ | स्थानीय विकास मन्त्रालय | ११०००० | ० | ० | ११०००० |
| ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ३१६९०५ | ० | ० | ३१६९०५ |
| ९५ | अर्थ मन्त्रालय विविध | ३७०००० | ० | ० | ३७०००० |
| | आर्थिक सेवाहरू | १७९३०६०१ | ५२९९७२८ | ५३९२६८ | २३७६९५९७ |
| | अंश प्रतिशत | ७५.४४ | २२.३० | २.२७ | १००.०० |

| | सेवा तथा क्षेत्र | २०६१/६२ को व्यय अनुमान | | | |
|---|---|---|---|---|---|
| | | P1 | P2 | P3 | जम्मा |
| | कृषि | २०४३५८२ | ४८७१४७ | ० | २५३०७२९ |
| ३५ | अर्थ मन्त्रालय | २७५०० | २१५७० | ० | ४९०७० |
| ४० | कृषि तथा सहकारी मन्त्रालय | २०१६०८२ | ३६५५७७ | ० | २३८१६५९ |
| ८७ | अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान) | ० | १००००० | ० | १००००० |
| | सिंचाइ | २२७७६६० | ७९१२४५ | ३५००० | ३१०३९०५ |
| ३५ | अर्थ मन्त्रालय | ९९००० | ० | ० | ९९००० |
| ४० | कृषि तथा सहकारी मन्त्रालय | १४०००० | ० | ० | १४०००० |
| ४७ | जलश्रोत मन्त्रालय | २०३८६६० | ७९१२४५ | ३५००० | २८६४९०५ |
| ८७ | अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान) | ० | ० | ० | ० |
| | भूमिसुधार तथा नापी | १३६४५० | २००२०२ | ० | ३३६६५२ |
| ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १३६४५० | २००२०२ | ० | ३३६६५२ |
| | वन | ४४०१३४ | १९१२१० | ४००६१ | ६७१४०५ |
| ४० | कृषि तथा सहकारी मन्त्रालय | | | | ० |
| ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | ४४०१३४ | १९१२१० | ४००६१ | ६७१४०५ |
| | उद्योग | २५९२७९ | १९६१८० | ० | ४५५४५९ |
| ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २२२२७९ | १९६१८० | ० | ४१८४५९ |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ३७००० | ० | ० | ३७००० |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | | | | ० |
| | संचार | १३०१६२६ | ३४८१० | ० | १३३६४३६ |
| ६१ | बिज्ञान तथा प्रविधि मन्त्रालय | ० | ९२०० | ० | ९२०० |
| ६७ | सूचना तथा सञ्चार मन्त्रालय | १३०१६२६ | २५६१० | ० | १३२७२३६ |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | | | | ० |
| | यातायात | ३६९८४१४ | १६३७००० | ३२६३०० | ५६६१७१४ |
| | सडक यातायात | ३६९८४१४ | १६३७००० | ३२६३०० | ५६६१७१४ |
| ४८ | भौतिक योजना तथा निर्माण मंत्रालय | ३३४९५४० | १६३७००० | ३२६३०० | ५३१२८४० |
| ६९ | स्थानीय विकास मन्त्रालय | ३२६०७४ | ० | ० | ३२६०७४ |
| ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | २२८०० | ० | ० | २२८०० |
| | हवाई यातायात | ० | ० | ० | ० |
| ४९ | संस्कृति, पयंटन तथा नागरिक उड्डयन मन्त्रालय | | | | ० |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | | | | ० |
| | विद्युत | ५७५६८८५ | ५२४२३९ | ६६२६० | ६३४७३८४ |
| ३५ | अर्थ मन्त्रालय | ० | ० | ० | ० |
| ४७ | जलश्रोत मन्त्रालय | ३२६८७५ | ६१६३९ | ८५६० | ३९७०७४ |
| ६१ | बिज्ञान तथा प्रविधि मन्त्रालय | ८५०३१० | ० | ० | ८५०३१० |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ४५७९७०० | ४६२६०० | ५७७०० | ५१००००० |
| | अन्य आर्थिक सेवाहरू | २०१६५७१ | १२३७६९५ | ७१६४७ | ३३२५९१३ |
| | पर्यटन | ९३५०० | १९९०० | ८३०० | १२१७०० |
| ४९ | संस्कृति, पयंटन तथा नागरिक उड्डयन मन्त्रालय | ९३५०० | १९९०० | ८३०० | १२१७०० |
| | हावापानी | ४१९५३ | १०५९५ | ० | ५२५४८ |
| ६१ | बिज्ञान तथा प्रविधि मन्त्रालय | ४१९५३ | १०५९५ | | ५२५४८ |
| | आपूर्ति | २११२७५ | ० | ० | २११२७५ |
| ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २११२७५ | ० | ० | २११२७५ |
| | वाणिज्य | ३९९२५ | २७२०० | १४६४० | ८१७६५ |
| ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ३९९२५ | २७२०० | १४६४० | ८१७६५ |
| | श्रम | ९२०९७ | ० | ४८७०७ | १४०८०४ |
| ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ९२०९७ | ० | ४८७०७ | १४०८०४ |
| ९५ | अर्थ मन्त्रालय -विविध | ० | ० | ० | ० |
| | अन्य - आर्थिक | १५३७८२१ | ११८०००० | ० | २७१७८२१ |
| ३५ | अर्थ मन्त्रालय | १२४३२५ | ० | ० | १२४३२५ |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | २०४५०० | १७०००० | ० | ३७४५०० |
| ९५ | अर्थ मन्त्रालय-विविध | १२०८९९६ | १०१०००० | | २२१८९९६ |
| | विविध | ० | २७५४९२ | ७०००० | ३४५४९२ |

| | सेवा तथा क्षेत्र | २०६१/६२ को व्यय अनुमान | | | जम्मा |
|---|---|---|---|---|---|
| | | P1 | P2 | P3 | |
| | अंश प्रतिशत | ० | ७९.७३९०४ | २०.२६१ | १०० |
| | विविध | ० | २७५४९२ | ७०००० | ३४५४९२ |
| ३५ | अर्थ मन्त्रालय | ० | १५५०० | ० | १५५०० |
| ९५ | अर्थ मन्त्रालय-विविध | ० | २५९९९२ | ७०००० | ३२९९९२ |
| | **कूल विकास कार्यक्रमको बजेट** | ३५९११४२८ | १००२७६११ | १२६२६२६ | ४७२०१६६५ |
| | कुल अंश प्रतिशत | ७६.०८ | २१.२४ | २.६७ | १००.०० |

दशौं योजनाको रणनीतिक स्तम्भः उच्च, दिगो र फराकिलो आर्थिक बृद्धिदरतर्फ रू. १७ अर्ब ८१ करोड ८६ लाख ३९ हजार (३७.७५ प्रतिशत), सामाजिक क्षेत्र र पूर्वाधार विकासतर्फ रू. २१ अर्ब २० करोड ९० लाख ६० हजार (४४.९३ प्रतिशत), लक्षित कार्यक्रमतर्फ रू.२ अर्ब ७५ करोड ९८ लाख १ हजार (५.८५ प्रतिशत) र सुशासनतर्फ रू. ५ अर्ब ४१ करोड ४१ लाख ६५ हजार (११.४७ प्रतिशत) बजेट विनियोजित गरिएको छ (तालिका १.५)।

**तालिका १.५**
**क्षेत्र तथा उपक्षेत्र अनुसार विकास कार्यक्रमहरू / आयोजनाहरूको**
**दशौं योजनाको रणनीति स्तम्भ अनुसारको बजेट बांडफांड**

(रू.हजारमा)

| क्षेत्र / उपक्षेत्र | रणनीतिक स्तम्भ* | | | | कुल बजेट |
|---|---|---|---|---|---|
| | १ | २ | ३ | ४ | |
| *१. संवैधानिक अंगहरु* | ० | ० | ० | २६५७९९ | २६५७९९ |
| *अंश प्रतिशत* | ० | ० | ० | १०० | १०० |
| *२. साधारण प्रशासन* | ० | ० | ० | ४३५४३४ | ४३५४३४ |
| २.१ सामान्य प्रशासन | ० | ० | ० | १२७८०० | १२७८०० |
| २.२ राजस्व तथा आर्थिक प्रशासन | ० | ० | ० | १७३९७७ | १७९४७७ |
| २.३ योजना तथा तथ्यांक | ० | ० | ० | १३३६५७ | १३३६५७ |
| *३. सामाजिक सेवा* | ० | १६८९८६६८ | २०९१६७९ | ३३९४९९६ | २२३८५३४३ |
| *अंश प्रतिशत* | ० | ७५.४९ | ९.३४ | १५.१७ | १०० |
| ३.१ शिक्षा | ० | ५५५५३७९ | ७३१०४४ | ० | ६२८६४२३ |
| ३.२ स्वास्थ्य | ० | ४२७८५४० | ५५००० | १८१९२२ | ४५१५४६२ |
| ३.३ खानेपानी तथा सरसफाई | ० | ३५५७४३४ | ० | १४३८५ | ३५७१८१९ |
| ३.४ स्थानीय विकास | ० | २४५७४८० | ५३१६६७ | ३१४८६८९ | ६१३७८३६ |
| ३.५ अन्य सामाजिक सेवा | ० | १०४९८३५ | ७७३९६८ | ५०००० | १८७३८०३ |
| ३.५.१ जनसंख्या तथा वातावरण | ० | ४३१५० | ० | ० | ४३१५० |
| ३.५.२ महिला, बालबालिका तथा समाज कल्याण | ० | २०००० | २८३०१३ | ० | ३०३०१३ |
| ३.५.३ संस्कृति | ० | २९१९०० | २५५० | ० | २९४४५० |
| ३.५.४ आवास | ० | २९५७८५ | ५५००० | २७००० | ३७७७८५ |
| ३.५.५ अन्य | ० | ३९९००० | ४३३४०५ | २३००० | ८५५४०५ |
| *४. आर्थिक सेवाहरु* | १७८०८६३९ | ४३१०३९२ | ६६८१२२ | ९८२४४४ | २३७६९५९७ |
| *अंश प्रतिशत* | ७४.९२ | १८.१३ | २.८१ | ४.१३ | १००.०० |
| *क) कृषि, बन, सिंचाइ तथा भूमिसुधार* | ५४४०५१८ | ४३३२७९ | २०६१४० | ५६२७५४ | ६६४२६९१ |
| *४.१ कृषि* | २११३१२१ | ९१७२६ | ७४७९६ | २५१०८६ | २५३०७२९ |
| *४.२ सिंचाइ (नदी नियन्त्रण समेत)* | २८५१९०५ | २३९००० | ० | १३००० | ३१०३९०५ |
| *४.३ भूमिसुधार र नापी* | ० | ० | ६०६३० | २७६०२२ | ३३६६५२ |
| *४.४ बन* | ४७५४९२ | १०२५५३ | ७०७१४ | २२६४६ | ६७१४०५ |

| | | | | | |
|---|---|---|---|---|---|
| *ख) उद्योग, खानी, विद्युत तथा अन्य आर्थिक* | ६२४२८५६ | ४०७११४८ | ४६१९८२ | ३०१२८० | ११०७७२६६ |
| ४.५ उद्योग तथा खानी | २१२४७५ | १९९००० | ० | ४३९८४ | ४५५४५९ |
| ४.६ विद्युत तथा अन्य ऊर्जा | ३९४७००४ | २३१५६०९ | ० | ५५०७१ | ६३४७३८४ |
| ४.७ अन्य आर्थिक सेवा | २०५३६७७ | १५५६५३९ | ४६१९८२ | २०२२२५ | ४२७४४२३ |
| ४.७.१ पर्यटन | ९२५०० | ४००० | ० | २५२०० | १२१७०० |
| ४.७.२ विज्ञान तथा प्रविधि ( हावापानी समेत) | २९७०१ | ९४८३५७ | ० | २३००० | १००१०५८ |
| ४.७.३ आपूर्ति | ० | ० | २११२७५ | | २११२७५ |
| ४.७.४ वाणिज्य | ५४५६५ | ० | ० | २७२०० | ८१७६५ |
| ४.७.५ श्रम | ८७९१५ | ४१८२ | ४६२०७ | २५०० | १४०८०४ |
| ४.७.६ अन्य | १७८८९९६ | ६००००० | २०४५०० | १२४३२५ | २७१७८२१ |
| *ग) यातायात तथा सञ्चार* | ६१५४९६६ | ७०१७७४ | ० | १४१४१० | ६९९८१५० |
| ४.८ सडक | ४९३०३४० | ६८१५७४ | ० | ३४८०० | ५६६१७१४ |
| ४.९ सञ्चार | १२०९६२६ | २०२०० | ० | १०६६१० | १३३६४३६ |
| *५. विविध* | १०००० | ० | ० | ३३५४९२ | ३४५४९२ |
| *अंश प्रतिशत* | २.८९ | ०.०० | ०.०० | ९७.११ | १००.०० |
| *कुल जम्मा* | १७८१८६३९ | २१२०९०६० | २७५९८०१ | ५४१४१६५ | ४७२०१६६५ |
| *अंश प्रतिशत* | ३७.७५ | ४४.९३ | ५.८५ | ११.४७ | १००.०० |

* *दशौं योजनाको रणनीतिक स्तम्भ:* (१) उच्च, दीगो र फराकिलो, आर्थिक वृद्धि, (२) सामाजिक क्षेत्र र ग्रामीण पूर्वाधार विकास, (३) लक्षित कार्यक्रम र (४) सुशासन

राजनैतिक अस्थिरता कायमै रहनु, शान्ति सुरक्षाको अवस्थामा अपेक्षित रूपमा सुधार हुन नसक्नु र विदेशी सहायतालाई वान्छित मात्रामा परिचालन गर्न नसक्नु आदि कारणहरुले गर्दा विकास कार्यक्रमहरूमा विनियोजित गरिएको रकम अनुसार खर्च हुन सकेको छैन। यी कारणहरूले गर्दा देशको अर्थतन्त्रमा प्रतिकूल असर पर्न गई आ.व. २०६०/६१ आर्थिक वृद्धिदर लक्ष्यअनुसार हासिल हुन सकेन। यसबाट दशौं योजनाको लक्षित सामान्य वृद्धिदर पनि हासिल हुन कठिन हुने स्थिति देखिएको छ। तसर्थ शान्ति सुरक्षाको स्थितिमा सुधार गरी विकास कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनको उपयुक्त वातावरण कायम गरी दशौं योजनाले अपेक्षा गरेको गरिबी निवारणको लक्ष्य हासिल गर्नेतर्फ सबै क्षेत्रको प्रयास हुनु आवश्यक छ।

# २. कृषि, सिंचाइ, वन तथा भूमिसुधार

## २.१ कृषि

आ.व. ०६१/६२ मा संचालन हुने आयोजना तथा कार्यक्रमहरू दीर्घकालिन कृषि योजनाका मूलभूत पक्षहरूलाई समेटेर दशौं योजनाको क्षेत्रगत उद्देश्य र नीतिहरूको कार्यान्वयन गराउन योगदान गर्ने गरी संचालन गरिनेछन्। आ.व. ०६१/६२ मा संचालन हुने आयोजना तथा कार्यक्रमहरू जम्मा ४२ वटा रहेका छन्। तिनको प्राथमिकता र बजेट वर्गीकरण निम्नानुसार छ।

**प्राथमिकता र बजेट सारांश:**

| प्राथमिकता | आयोजना संख्या | बजेट रकम (रू. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| पहिलो | ३२ | २१५६०८२ | ८६ |
| दोश्रो | १० | ३६५५७७ | १४ |
| जम्मा | ४२ | २५२१६५९ | १०० |

**प्रमुख उत्पादन र कृषि सामाग्रीहरूको प्रक्षेपण:**

आ.व. ०५९/६० को स्थिति, २०६०/६१ को लक्ष्य र प्रगति अनुमान तथा आ.व.२०६१/६२ को प्रक्षेपित लक्ष्यहरू अनुसूची २.१.१ मा दिइएको छ। यस अनुसूचीमा दिइएको प्रक्षेपित लक्ष्यहरू हासिल गराउन योगदान गर्ने आयोजना तथा कार्यक्रम र तिनको अपेक्षित उपलब्धि निम्नानुसार रहेका छन्।

**आयोजनागत प्रमुख कार्यक्रम र अपेक्षित उपलब्धिहरू:**

**कृषि अनुसन्धान तथा विकास कोष (४०-३-२११/४०-४-२११)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५८/५९ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. ५१००० हजार |
| आयोजनाको प्रकृतिः प्रतिष्पर्धात्मक कृषि अनुसन्धान तथा विकास | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान डी एफ आई डी, डी आर एफ् / जापान र ऋण ए डी बी |

**कार्यक्रमको स्थिति/प्रगति**

प्रतिस्पर्धात्मक अनुदान प्रणालीमा कृषि अनुसन्धान तथा विकास कार्यक्रम सन्चालन गराई प्रभावकारीता ल्याउने दृष्टिवाट यो कार्यक्रम सन्चालन भएकोछ। यस कार्यक्रमबाट आ.व. २०६०।६१ मा विभिन्न १५ वटा अनुसन्धान प्रस्तावहरू स्वीकृत भई कार्यान्वयनमा रहेका छन्। यसमा बागवानी, पोष्ट हार्भेष्ट, बजार, खाद्य पोषण तथा खाद्य सुरक्षा, पशु आहारा र सिटाके च्याउका विषयवस्तुहरूमा पूर्वान्चलमा ३, मध्यामान्चलमा ४, पश्चिमान्चलमा ९, मध्य पश्चिमान्चलमा ६ र सुदुर पश्चिमान्चलमा २ जिल्लामा गरी जम्मा २४ जिल्लाहरूमा उक्त अनुसन्धान प्रस्तावहरू संचालन भई रहेको छन्।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ.व. २०६१।६२ मा पनि कृषि अनुसन्धान तथा विकास क्षेत्रमा कृषक समस्यामा आधारित प्रस्तावहरू आव्हान गर्ने, छनौट गर्ने, सम्झौता गरी सन्चालन गर्नुको साथै हाल कार्यान्वयनमा रहेका आयोजना प्रस्तावहरूको अनुगमन तथा मूल्याङ्न गर्ने जस्ता कार्यक्रमहरू सन्चालन हुनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रम संचालनबाट प्रतिस्पर्धात्मक प्रणालीमा कृषि अनुसन्धान तथा विकास कोष परिचालन भई कृषि क्षेत्रको अनुसन्धान तथा विकास कार्यक्रम सन्चालन भएको हुने छ र कृषि प्रसार तथा अनुसन्धान कार्यक्रम सहभागितामूलक कृषक समस्यामा आधारित हुँदै जानेछ।

**दीर्घकालीन कृषि योजना अनुगमन तथा समन्वय (४०-३-२२०)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः ०५४/५५ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. १५०७९० हजार |
| आयोजनाको प्रकृतिः योजना समन्वय, अनुगमन तथा मूल्यांकन | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान डी एफ आई डी |

### कार्यक्रमको स्थिति/प्रगति

गरिबी न्यूनीकरण गर्ने राष्ट्रिय उद्देश्यमा उल्लेखनीय योगदान पुऱ्याउन दीर्घकालिन कृषि योजनाको सफल कार्यान्वयन हुनु पर्ने पृष्टभूमिमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकनमा प्रभावकारीता ल्याउन यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस कार्यक्रमबाट आ.व. ०६०/६१ मा दीर्घकालिन कृषि योजना अनुरूप योजना तर्जुमा र समन्वय गराउने, राष्ट्रिय कृषि विकास समिति र केन्द्रीय कृषि विकास समितिका लागि अनुगमन तथा विश्लेषण प्रतिवेदन तैयारी गराउने, मन्त्रालय स्तरीय विकास समस्या समधान समितिको बैठकहरू नियमित रूपमा संचालन गराउने, कृषि व्यवसाय प्रवर्द्धन एवं कृषि तथ्याङ्क संकलन तथा विश्लेषण गराउने, महिला कृषक विकास अनुगमन तथा रसायनिक मल आपूर्तिको व्यवस्थापन गराउने, मन्त्रालय स्तरीय बैदेशिक सहयोग समन्वय गर्ने जस्ता कार्यहरू भइरहेको छ। साथै दीर्घकालिन कृषि योजना जिल्ला तथा राष्ट्रिय तहमा कार्यान्वयन सहयोग आयोजना संचालन कार्य पनि शुरू भएको छ। यो आयोजना आ.व. ०६४/६५ सम्म संचालन हुनेछ। यस आयोजना शुरू भई ६ जिल्लामा जिल्ला कृषि प्रसारकोष स्थापनाका लागि परिचयात्मक तालीम गोष्ठिहरू भई कोषको कार्यविधी निर्माण भएको छ। कोष स्थापना र विषेशज्ञ सेवा परिचालन शुरू भएको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१/६२ मा जिल्ला तथा राष्ट्रिय तहमा दीर्घकालिन कृषि योजना कार्यान्वयनको प्राविधिक सहयोग आयोजना परिचालन भई २० जिल्लामा जिल्ला प्रसार उपकोष र स्थानीय प्रयास उपकोष परिचालनबाट लक्षित वर्गहरूमा टेवा पुग्ने प्रस्तावहरूको कार्यान्वयनमा बल पुग्नेछ। यस अन्तर्गत जिल्ला प्रसार उप कोषबाट २०५ वटा र स्थानीय प्रयास उपकोषबाट १६६६ वटा कार्ययोजनाहरू करार गरिने छन्। साथै कृषि दशकको कार्ययोजना र राष्ट्रिय कृषि श्रोत केन्द्रको निर्धारण गरी छ र त्यसको दीर्घकालिन योजना तयारीमा टेवा पुऱ्याइने छ। यसै गरी दीर्घकालिन कृषि योजना अनुरूप समन्वात्मक रूपमा वार्षिक कार्यक्रम तर्जुमा गराउने, मन्त्रालय स्तरिय विकास समस्या समाधान समितिको बैठक र राष्ट्रिय कृषि विकास समिति एवं केन्द्रीय कृषि विकास समितिको बैठक नियमित रुपमा भएको हुने छ।

### अपेक्षित उपलब्धि

जिल्ला प्रसार उप कोषबाट २०५ वटा र स्थानीय प्रयास उपकोषबाट १६६६ वटा कार्ययोजनाहरू करार गरिने छन्। दशौं योजनाको क्षेत्रगत उद्देश्यका साथै रणनीतिक उद्देश्यमा कृषि तथा सहकारी कार्यक्रमको योगदान (गरीवी घटाउने, दलित, महिला र अन्य उपेक्षित वर्ग समेत) खुलेको समीक्षा एवं मूल्याङ्न भएको वार्षिक प्रतिवेदन तैयार भएको हुने छ। कृषि दशकको कार्ययोजना र राष्ट्रिय कृषि श्रोत केन्द्रहरूको दीर्घकालिन योजना तयार भएको हुनेछ। मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक निर्धारित समयमा सम्पन्न भएको हुनेछ।

### बिशेष कृषि उत्पादन कार्यक्रम (४०-३-२४१)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५७/५८ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १३३०० हजार |
| आयोजनाको प्रकृतिः रासायनिक मलखाद व्यवस्थापन | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान के आर २ |

### कार्यक्रमको स्थिति/प्रगति

कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि बैदेशिक सहयोगमा प्राप्त हुने रसायनिक मलखादको उचित व्यवस्थापन गराउन यो कार्यक्रम सन्चालन भई आएको छ। यस कार्यक्रम अन्तर्गत सहयोगको मलखाद परिचालन र जगेडा भण्डार व्यवस्थापन गर्ने सम्बन्धी कार्यहरू सन्चालन हुनेछ। यस कार्यक्रमबाट के.आर. २ सहयोग अन्तर्गत आ.व. २०५९/०६० मा २७८७४ मे. टन र आ.व. २०६०/०६१ मा १७२०० मे. टन. रसायनिक मल प्राप्त भएको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. २०६१।६२ मा मौजदात मल परिचालन कार्यक्रम संचालन हुनेछ। यसबाट बजारको स्थिति अनुरुप जगेडा रसायनिक मल परिचालन हुन गई मलखादको आपूर्ति सन्तुलनमा योगदान पुग्न जानेछ।

### कृषि सूचना तथा संचार केन्द्र (४०-३-३७१)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १३८१० हजार |
| आयोजनाको प्रकृतिः कृषि सूचना सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए / पी आर एस सी |

**कार्यक्रमको स्थिति/प्रगति**

कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गराई आर्थिक बृद्धिमा योगदान गराउन सन्चालन हुने कृषिका सम्पूर्ण कार्यक्रमहरू र कृषक उपयोगी प्रविधिहरूबारे आम सञ्चारको माध्यमबाट सेवा टेवा पुऱ्याउने दृष्टिबाट यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस अन्तर्गत बाली, बागवानी, पशु माछा पालन सम्बद्ध कृषि प्रविधिहरू, बजार तथा मूल्य सम्बद्ध सूचनाहरू आमसंचार माध्यमबाट प्रवाह गर्ने कार्यहरू सालबसाली रूपमा हुँदै आएका छन्।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ.व. ०६१।६२ मा विभिन्न कृषि सूचना प्रकाशन कृषि कार्यक्रम उत्पादन गरी रेडियो तथा टेलिभिजनबाट प्रसारण र सूचना प्रवाहमा Internet को प्रयोग जस्ता कार्यक्रमहरू संचालन हुनेछन्। साथै साप्ताहिक कृषि समाचार प्रसारण पनि शूरू गरिने छ। कृषि पुस्तिका एवं पर्चाहरू जिल्ला एवं सेवा केन्द्र तह सम्मको वितरणबाट कृषि सूचना अधिराज्यका सवै कृषकहरूको नजिक पुऱ्याई लाभान्वित हुने अपेक्षा छ।

**अपेक्षित उपलब्धि**

कृषि प्रविधि प्रसार एवं सम्बद्ध सूचनाहरू दैनिक रेडियो टि.भी.बाट प्रसारण हुने, पुस्तिका एवं पर्चाहरूबाट प्रसारण भई प्रभाव क्षेत्रका कृषकहरू लाभान्वित हुनेछन्

**सहकारी खेती, साना सिंचाई तथा मल बीउ ढुवानी कार्यक्रम (४०-३-४६४/४०-४-४६४)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०५७/५८ | **कूल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. १४०००० हजार |
| **आयोजनाको प्रकृतिः** उत्पादन प्रवर्द्धन टेवा | **श्रोतः** श्री ५ को सरकार, वैदेशिक अनुदान के आर २ |

**कार्यक्रमको स्थिति/प्रगति**

खाद्य तथा पोषण सुरक्षाका दृष्टिबाट स-साना कृषक समूहको पहुँचमा सिंचाई सुविधा र मल बीउ ढुवानी टेवा पुऱ्याई खाद्य उपलब्धता बृद्धि र आय आर्जनं अवसर बृद्धिका लागि विशेष टेवा पुऱ्याउने दृष्टिबाट यो कार्यक्रम सन्चालन भएको छ। यस कार्यक्रमबाट आ.व. ०६०/६१ मा करीब ३००० स-साना सिंचाई आयोजना संचालन भएको अनुमान छ।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ.व. २०६१/६२ मा सहकारी खेतीमा टेवा पुऱ्याउने प्रत्येक जिल्लामा कम्तिमा १/१ वटा सिंचाई आयोजना समेत गरी १४०० ससाना सिंचाई आयोजनाहरू कार्यान्वयन हुनेछन्। सिंचाई कार्यविधिमा आवश्यक सुधार पनि गरिने छ। यसबाट साना कृषकहरूको आय तथा रोजगार अवसरमा टेवा पुग्नेछ।

**अपेक्षित उपलब्धि**

दुर्गम २१ जिल्लाहरूमा कृषि उत्पादन तथा उत्पादकत्व बृद्धि गर्न कृषकहरूलाई आवश्यक पर्ने रासायनिक मलखाद तथा उन्नत बीउ विजन ढुवानी सहयोग कार्यक्रममा निरन्तरता रहने छ। करिव १ हजार ४ सय स-साना सिंचाई आयोजनाहरू कार्यान्वयन हुने छन्।

**बाली विविधिकरण आयोजना (४०-३-२६२/४०-४-२६२)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०५८/५९ | **कूल लागतः** रू. १४.०४ मिलियन अमेरिकी डलर |
| **सम्पन्न हुने मितिः** २०६५/६६ | **आ.व. ०६१/६२ को बजेटः** रू. ९२९७९ हजार |
| **आयोजनाको प्रकृतिः** उत्पादन सेवा | **श्रोतः** श्री ५ को सरकार, वैदेशिक अनुदान जे एफ पी आर, ऋण ए डी बी |

**आयोजनाको स्थिति/प्रगति**

सुदुर तथा मध्यपश्चिमान्चल विकास क्षेत्रमा बालि विविधिकरणमा टेवा पुऱ्याई कृषि उत्पादन बृद्धिका साथै आय आर्जन अवसर बढाउने दृष्टिबाट यो आयोजना संचालन भएको छ। यस आयोजना अन्तर्गत केन्द्रिय स्तरको कार्यक्रमका रूपमा आयोजना व्यवस्थापनका लागि क्षेत्रीय निर्देशानालयहरूको क्षमता विकास, निर्माण, उपकरण खरिद, तालीम जस्ता कार्यक्रमहरू संचालन गर्ने र सामुदायिक परिचालन, कलस्टरमा पकेट क्षेत्र परिचालन जस्ता कार्यक्रमबाट जिल्लामा प्रसार कार्यक्रमलाई टेवा पुऱ्याउने, गैर सरकारी क्षेत्र मार्फत कमैया, उत्पिडित र जनजातिका जीवनस्तर उठाउने कार्यक्रम पनि संचालन भएका छन्। आ.व. ०६०/६१ मा यस आयोजनाबाट ६९ जना कृषक, ७० जना अधिकृत, ७१ जना प्राविधिक सहायकले विभिन्न विषयमा तालीम प्राप्त गरेको, सामाजिक परिचालन तालिम ३००

जनाले पाई स्थानीय क्षमतामा टेवा पुगेको छ। छात्रावास, तालीम भवन, प्रयोगशाला, ग्यारेज गरि ६ वटा निर्माण कार्य सम्पन्न हुने र २ वटा ओभरहेड सेट, ६५ वटा स्वायल टेष्टिङ किट र ८४ वटा स्वायल अगर खरिद भई कार्यक्रम सन्चालनमा टेवा पुगेको छ। परामर्श सेवामा कमैया र उत्पिडित उत्थान कार्यक्रम शुरू भएको छ। परामर्शदाता सेवा १० महिना बराबर उपयोग भएको छ। ५ वटा समस्या मूलक अध्ययनमा कृषि अनुसन्धान तथा विकास कोष सँग संझौता भएको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा यस आयोजना अन्तर्गत केन्द्रिय र क्षेत्रीय कृषि तालिम केन्द्रहरू मार्फत ४८७ जवान कृषक, २१० जवान प्रा.स./ना.प्रा.स. र १०० जवान कृषि अधिकृतहरूले विभिन्न विषयहरूमा तालिम प्राप्त गर्नेछन्। यसैगरी ७ जवान कृषि अधिकृतहरूले MSc अध्ययन अवसर प्राप्तगर्नेछन्। यसैगरी २५ जवान प्रा.स./ना.प्रा.स. ले एक वर्षे सीप अभिवृद्धि तालिम प्राप्त गर्नेछन्। यस अतिरिक्त आयोजना अन्तर्गत २०० जवान सामाजिक परिचालकको तालिम पनि संचालन हुनेछ। आयोजना सञ्चालनमा रहेका मध्यपश्चिमान्चल विकास क्षेत्रका माटो परिक्षण, वीउ विजन र वाली संरक्षण प्रयोगशालाका लागि विभिन्न प्रयोगशाला उपकरण तथा मेसिन औजार खरिद गर्ने कार्यक्रम रहेको छ। यसैगरी डडेलधुरामा एक प्याकेजिङ्ग सेड तथा कैलालीको सहजपुरमा एक कृषि उपज संकलन केन्द्र निर्माण गर्ने कार्यक्रम रहेको छ।

बाली विविधीकरण आयोजनासँगै सम्वद्ध जापान फण्ड फर पभर्टि रिडक्सन आयोजनाबाट आगामी आ.व. ०६१।६२ मा मध्यपश्चिमाञ्चल क्षेत्रको बाँके, वर्दिया तथा दाङ र सुदुर पश्चिमान्चल क्षेत्रको कैलाली र कन्चनपुरमा मुक्त कमैयाहरूका लागि १५ वटा स्थानीय गैर सरकारीसंस्थाहरू मार्फत समूह आवश्यकताका आधारमा विभिन्न कार्यक्रमहरू सन्चालन हुनेछन्।

### अपेक्षित उपलब्धि

केन्द्रिय र क्षेत्रीय कृषि तालिम केन्द्रहरू मार्फत ४८७ जवान कृषक, २१० जवान प्रा.स./ना.प्रा.स. र १०० जवान कृषि अधिकृतहरूले विभिन्न विषयहरूमा तालिम प्राप्त गर्ने। ७ जवान कृषि अधिकृतहरूले MSc अध्ययन अवसर प्राप्तगर्ने। २५ जवान प्रा.स./ना.प्रा.स. ले एक वर्षे सीप अभिबृद्धि तालिम प्राप्त गर्ने। २०० जवान सामाजिक परिचालकको तालिम संचालन हुने। डडेलधुरामा एक प्याकेजिङ्ग सेड तथा कैलालीको सहजपुरमा एक कृषि उपज संकलन केन्द्र निर्माण हुने।

## रेशम खेती विकास कार्यक्रम (४०-३-२८०/४०-४-२८०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०३४ | **कूल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. ४१४०० हजार |
| **आयोजनाको प्रकृतिः** उत्पादन सेवा | **श्रोतः** श्री ५ को सरकार, बैदेशिक अनुदान के आर २ |

### कार्यक्रमको स्थिति/प्रगति

नेपालको मध्य पहाडी भेगमा सम्भाव्य रहेको आयात प्रतिस्थापन तथा निकासी प्रधान र खास गरी महिला आय तथा रोजगार बृद्धिमा वढि सघाउ पुग्ने रेशम खेतिको विकास गराई रोजगार प्रवर्द्धन र गरीबी निवारणमा योगदान गराउन यो कार्यक्रम सन्चालन भइ आएको छ। यस कार्यक्रम अन्तर्गत रेशम किराको मातृश्रोत संरक्षण, किम्बुको मातृश्रोत संरक्षण, रेशम बीज उत्पादन, किम्बु विरूवा उत्पादन, वितरण, रेशम कोया खरिद र प्रशोधन तथा कृषक तालीम सम्वन्धी कार्यहरू नियमित रूपमा हुँदै आएका छन्।

आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट रेशम किराको फुल ५५०० बक्स उत्पादन हुने, किम्बु क्षेत्र विस्तार ८० हेक्टर हुने ४४ मे. टन कोया खरिद भई कृषकले बजार पाउने, २.५५ मे.टन प्रशोधित रेशम धागो उत्पादन हुने र रेशम किराको फुल उत्पादन व्यवस्थापनमा निरन्तरता रहन गई आय तथा रोजगार प्रवर्द्धनमा टेवा पुग्ने अनुमानछ। साथै सरकारी क्षेत्रबाट १७ लाख ५० हजार र निजी क्षेत्रबाट ५ लाख विरूवा आपूर्ति भई क्षेत्र विस्तारमा योगदान हुने अनुमान छ। साथै रेशम खेतीको दीर्घकालिन विकासका दृष्टिबाट राष्ट्रिय रेशम नीति लागू गर्न गठित कार्यदलको प्रतिवेदन तयार भएको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ यस कार्यक्रमबाट रेशम कीराको फूल ६ हजार २०० बक्स उत्पादन हुने, किम्बु क्षेत्र विस्तार १ हजार हेक्टर हुने, ४७.१ मेटन कोया खरिद भै कृषकले बजार पाउने, १.८ मेटन प्रशोधित रेशम धागो उत्पादन हुने घरेलु प्रशोधन प्रवर्द्धनका लागि जागुरी चर्खा वितरण २० वटा र सरकारी क्षेत्रबाट १८ लाख २५ हजार र निजी क्षेत्रबाट ३ लाख विरूवा आपूर्ति भै किम्बु क्षेत्र विस्तार हुनेछ। कार्यदलको प्रतिवेदनको विश्लेषण गरी निजी क्षेत्रलाई रेशम खेतिमा लगानी प्रवाह गर्ने वातावरण दिन रेशम खेतीको राष्ट्रिय नीति स्वीकृत गरी लागू गरिने कार्यक्रम पनि छ। यस

बाट रेशम किराको फूल उत्पादन व्यवस्थापनमा निरन्तरता रहन गई कृषकहरूको आय तथा रोजगार प्रवर्द्धनमा टेवा पुग्न जाने छ।

**अपेक्षित उपलब्धि**

रेशम कीराको फूल ६ हजार २०० बक्स उत्पादन हुने, किम्बु क्षेत्र विस्तार १ हजार हेक्टर हुने, ४७.१ मेटन कोया खरिद भै कृषकले बजार पाउने, १.८ मेटन प्रशोधित रेशम धागो उत्पादन हुने घरेलु प्रशोधन प्रवर्द्धनका लागि जागुरी चर्खा वितरण २० वटा र सरकारी क्षेत्रबाट १८ लाख २५ हजार र निजी क्षेत्रबाट ३ लाख विरूवा आपूर्ति भै किम्बु क्षेत्र विस्तार हुने। रेशम खेतीको राष्ट्रिय नीति ल्याइने।

**बागवानी विकास कार्यक्रम** (४०-३-२९१/४०-४-२९१)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ४६०३१ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन श्रोत सामाग्री सेवा | श्रोतः श्री ५ को सरकार, वैदेशिक अनुदान के आर २ |

**कार्यक्रमको स्थिति/प्रगति**

फार्मको प्रभाव क्षेत्रका विभिन्न बागवानी जन्य जर्मप्लाज्म संकलन, संरक्षण तथा अनुसन्धानबाट सिफारिस भएका उन्नत स्रोत सामाग्रीहरूको सम्वर्द्धन गरी स्थानीय बीज बृद्धिकर्ताहरू/उद्यमी कृषहरूलाई स्रोत सामग्रीको केन्द्रका रूपमा रही कृषि स्रोत सामाग्री र प्राविधिक सेवा पुर्‍याई बागवानी क्षेत्रको विकास गराउने दृष्टिबाट यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस अन्तर्गत विभिन्न फलफुलका जर्मप्लाजम संकलन तथा सम्वर्द्धन, र माउ वोट व्यवस्थापन, विरूवा उत्पादन र आपूर्ति व्यवस्थापन गर्ने, प्रभाव क्षेत्रमा नर्सरी स्थापना एवं नमूना बगैंचा स्थापना र बगैंचा स्याहार सम्भारमा प्राविधिक टेवा पुर्‍याउने, फार्मको श्रोतको अधिकतम उपयोग गर्ने कार्यहरू गर्ने जस्ता कार्यक्रम नियमित रूपमा सन्चालन हुँदै आएका छन्।

यसबाट आ.व. ०६०।६१ मा ९ लाख ५८ हजार फलफुल विरूवा (निजीक्षेत्र समेत) उत्पादन तथा वितरण, भई २ हजार ९६ हेक्टर फलफूल क्षेत्र विस्तार हुन जानेछ। यस मध्ये सुदुर पश्चिमान्चलमा २ लाख बीस हजार ९८० र मध्य पश्चिमान्चलमा २ लाख ५ हजार ४९६ फलफूल विरूवा वितरण भई क्रमस ७१५ र ९८९ हेक्टर क्षेत्रफल विस्तार हुने अनुमान छ। कफि विरूवा उत्पादन वितरण २,२०,००० संख्यामा भै १०० हेक्टर क्षेत्रफल थप भई क्षेत्रफल विस्तारमा योगदान पुग्ने छ।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ.व. ०६१।६२ मा १२ लाख २४ हजार ६८१ फलफूल विरूवा (निजीक्षेत्र समेत) उत्पादन तथा विरतण हुनेछ। यसबाट थप ३ हजार ४०० हेक्टर क्षेत्रफल विस्तार हुनेछ। यस मध्ये सुदुरपश्चिमान्चलमा ३ लाख २५ हजार र मध्यपश्चिमान्चलमा २ लाख २८ हजार ३८० फलफूल विरूवा वितरणभई क्रमशः ६९९ र ९३५ हेक्टर थप हुने छ। त्यस्तै थप १०० हेक्टर क्षेत्रफलमा कफि खेती विस्तार हुने अनुमान छ। यिनै विस्तार कार्यक्रमलाई प्राविधिक सेवाटेवा पुर्‍याउने कार्यक्रम छ। यसबाट वाली विविधीकरणका साथै फलफूल तथा कफि कृषकहरूको आय तथा रोजगार अवसरहरूको वृद्धि हुन जानेछ।

**अपेक्षित उपलब्धि**

बागवानी फार्महरूबाट फलफूल विरूवा १ लाख ९० हजार उत्पादन तथा विरतण हुने, निजीक्षेत्रबाट वितरण हुने १० लाख ३५ हजार फलफूल बोटविरूवाको अनुगमन गरी एकिन गरिने। थप १०० हेक्टर क्षेत्रफलमा कफि खेती विस्तार हुने।

**आलु तरकारी तथा मसला विकास कार्यक्रम** (४०-३-३००/४०-४-३००)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः ०५८/५९ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १८९०५ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सामाग्री सेवा | श्रोतः श्री ५ को सरकार, वैदेशिक अनुदान डी आर एफ् / जापान |

**कार्यक्रमको स्थिति/प्रगति**

फार्मको प्रभाव क्षेत्रका विभिन्न तरकारी, आलु तथा मसला बालीहरूको जर्मप्लाज्म संकलन तथा संरक्षण र अनुसन्धानबाट सिफारिस भएका उन्नत स्रोत सामाग्रीहरूको सम्वर्द्धन गरी स्थानीय बीज बृद्धिकर्ताहरू/उद्यमी कृषहरूलाई स्रोत सामग्रीको केन्द्रका रूपमा रही सामाग्री र प्राविधिक सेवा पुर्‍याई तरकारी आलु तथा मसला क्षेत्रको

विकास गराउने दृष्टिवाट यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस कार्यक्रमबाट फार्म संचालन गरी तरकारीका विभिन्न जर्मप्लाजम संकलन, सम्वर्द्धन तथा प्रभाव क्षेत्रमा प्राविधिक सेवा परिचालन संम्बन्धि कार्यक्रमहरू नियमित रूपमा सन्चालन भई रहेको छ।

आ.व. ०६०।६१ मा तरकारी बीउ ७५५ मे. टन उत्पादन हुने अनुमान छ। अलैची बालीको कूल क्षेत्रफल १२ हजार ७५७ हेक्टरमध्ये उत्पादनशील क्षेत्रफल ११ हजार २५१ हेक्टरबाट ५ हजार ९८३ मेटन अलैंची उत्पादन हुने अनुमान छ। यसै गरी आलु विंया १२ के.जि. र तरकारी वेर्ना १३ लाख १५ हजार उत्पादन भई वितरण हुने अनुमान छ। उक्त प्राविधिक सेवाहरू यिनै उत्पादन कार्यक्रमलाई सघाउन परिचालन भएका छन्।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा निजीक्षेत्रबाट ८१७ मेटन र सरकारी क्षेत्रबाट ८.१७ मेटन गरी जम्मा ८२५.१७ मेटन तरकारी विउ उत्पादन हुने प्रक्षेपण छ। त्यस्तै अलैची ६ हजार ५०० मेटन उत्पादन हुने प्रक्षेपण छ। यसै गरी आलु बिंया २७ के.जी. र तरकारी बेर्ना १४ लाख ४३ हजार उत्पादन गर्ने लक्ष्य छ। यसै कार्यक्रमलाई सघाउन प्राविधिक सेवा टेवा कार्यक्रमहरू परिचालन गरिनेछन्।

### अपेक्षित उपलब्धि

निजीक्षेत्रबाट उत्पादन हुने ८१७ मेटन तरकारी बीउको अनुगमन गरी एकिन गर्ने, सरकारी फार्महरूबाट ८.१७ मेटन तरकारी बीउ उत्पादन गर्ने। आलु बिंया २७ के.जी. र तरकारी बेर्ना १४ लाख ४३ हजार उत्पादन गर्ने।

### बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम (४०-३-३०१/४०-४-३०१)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः ०५८/५९ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १४०६८ हजार |
| आयोजनाको प्रकृतिः बीउ प्रविधि तथा नियमन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए / पी आर एस् सी |

### कार्यक्रमको स्थिति/प्रगति

बीउ प्रविधिको क्षेत्रमा बीउ प्रमाणिकरण, गुणस्तर नियमन, प्रयोगशाला सेवा सन्चालन, अनुगमन तथा मूल्यांकन गरी विउ प्रवर्द्धन तथा गुणनियन्त्रण सेवाबाट उत्पादन तथा उत्पादकत्व बृद्धिमा टेवा पुऱ्याउने दृष्टिबाट यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस कार्यक्रम अन्तर्गत बीउ विजन समितिको संचालन, बीउ उत्पादन तथा विक्री निकायको निरीक्षण, अनुगमन, क्षेत्रीय तथा केन्द्रीय बीउ विजन प्रयोगशाला संचालन गरी प्रभाव क्षेत्रमा प्राविधिक सेवा एवं बीउ विजन प्रमाणिकरण सेवा संचालन गरी गुणस्तरीय बीउ विजनको प्रयोगमा टेवा पुऱ्याइने कार्यक्रम नियमित रूपमा सन्चालन हुँदै आएको छ।

आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट कृषि बालीका उन्नत बीउ विजनको गुणस्तर सुधार र प्रयोग प्रवर्द्धनमा टेवा पुगेको, बीउ विजन प्रमाणिकरण सेवा प्रभाव क्षेत्रका कृषकले पाएको र बीउ विजन कम्पनीलाई संस्थागत बीउ आपूर्ति सुनिश्चितका लागि टेवा पुगेको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा पनि बीउ विजन तथा गुण नियन्त्रण सम्बन्धी नियमित कार्यक्रमहरू सन्चालन हुनेछन्। साथै विउ विजन नियमन, आयात, निर्यात तथा जातिय रजिष्ट्रेशन कार्यलाई प्रभावकारी रूपमा परिचालन गरिनेछ। बीउ बाली निरीक्षण २२० हेक्टर र ८८५ मेटन बीउ प्रमाणीकरण सेवा उपलव्ध गराइने छन्। क्षेत्रीय विउ विजन प्रयोगशाला बाली विकास कार्यक्रम अन्तर्गत रही ती प्रयोगशालाहरूको कार्यक्रहरूलाई बाली विकास कार्यक्रम (४०-४-३६०) मा समायोजन गरी निरन्तरता दिइनेछ।

### अपेक्षित उपलब्धि

बीउ उत्पादकहरूको बाली निरीक्षण २२० हेक्टर र ८८५ मेटन बीउ प्रमाणीकरण हुने,। क्षेत्रीय विउ विजन प्रयोगशाला सेवा सन्चालन हुने।

### मत्स्य विकास कार्यक्रम (४०-३-३२०/४०-४-३२०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०१८ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ४२६९० हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान के आर २ |

### कार्यक्रमको स्थिति/प्रगति

माछा फार्मको प्रभाव क्षेत्रमा विभिन्न मत्स्य विज संलकन संरक्षण तथा अनुसन्धानबाट सिफारिस भएका उन्नत स्रोत सामाग्रीको सम्वर्द्धन गरी स्थानीय विज बृद्धीकर्ताहरू/उद्यमी कृषकहरूलाई स्रोत सामाग्रीको केन्द्रका रूपमा रही स्रोत सामाग्री तथा प्राविधिक सेवा पुर्‍याई माछा उत्पादन तथा विकासमा टेवा पुर्‍याउने दृष्टिवाट यो कार्यक्रम सन्चालन हुदै आएको छ। यस कार्यक्रमले माछा फार्महरूबाट मत्स्य बीज उत्पादन तथा प्रविधि परिमार्जन गर्ने, माछाको प्रचार प्रसार कार्य व्यवस्थापन गर्ने, तालीम तथा जनचेतना अभिबृद्धि गर्ने, प्राविधिक समन्वय तथा अनुगमन, भौतिक सुविधा सम्वर्द्धन तथा सुधार गर्ने, फार्मको श्रोतको अधिकतम उपयोग गर्ने र फार्मको प्रभाव क्षेत्रमा प्राविधिक सेवा संचालन गर्ने जस्ता कार्यक्रमहरू सन्चालन हुँदै आएका छन्।

आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट माछा ३९९४७ मे. टन उत्पादन स्तर पुग्ने, २ करोड ८ लाख माछा भूरा उत्पादन तथा निजीक्षेत्र समेत गरी ८ करोड १ लाख ४ हजार गोटा विक्री वितरण हुने अनुमान छ। मध्य पश्चिमान्चल र सुदुर पश्चिमान्चलमा मुक्त कमैया तथा अन्य पिछडिएका बर्गहरूलाई समेटेर घोलमा माछा पालन कार्यमा २ हजार ९०० परिवार सम्लग्न भएका छन्। यिनै कार्यक्रमलाई टेवा पुर्‍याउन प्राविधिक सेवा तथा प्रसार कार्यक्रम परिचालन भएका छन्।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा ४२ हजार ४६३ मेटन माछा उत्पादनस्तर पुर्‍याउन ८ करोड ४६ लाख संख्यामा भूरा आवश्यक पर्ने मध्ये सरकारी क्षेत्रबाट २ करोड १७ लाख ८० हजार र बाँकी (निजी ह्याचरीबाट भूरा उत्पादन तथा वितरणको आपूर्ति व्यवस्था मिलाइने गरी कार्यक्रम सन्चालन हुनेछ। साथै निजी स्तरमा सञ्चालित मस्त्य कार्यक्रमका लागि प्राविधिक सेवा टेवा पुर्‍याउन कार्यक्रममा निरन्तरता दिइनेछ। मध्य तथा सुदुर पश्चिमान्चलमा घोलमा माछा पालन कार्यक्रमबाट जिवीकोपार्जनका लागि कमैया तथा पिछडिएका बर्गहरूलाई समेटेर टेवा पुर्‍याउने कार्यक्रम चालु रहनेछ। बाँके र चिसो पानी मत्स्य विकास केन्द्र बेलटारी स्यांजामामा पनि मत्स्य विकास कार्यक्रमहरू सन्चालन गरिने कार्यक्रम छ। यिनै कार्यक्रमहरूलाई प्राविधिक सेवा तथा टेवा परिचालन गरिने कार्यक्रम छ।

### अपेक्षित उपलब्धि

सरकारी फार्महरूबाट माछा भूरा २ करोड १८ लाख उत्पादन भई वितरण हुने। निजी क्षेत्रबाट उत्पादन भई वितरण हुने ६ करोड २८ लाख माछा भूराको अनुगमन गरी एकिन गर्ने। मध्य तथा सुदुर पश्चिमान्चलमा घोलमा माछा पालन कार्यक्रमबाट जिवीकोपार्जनका लागि कमैया तथा पिछडिएका बर्गहरूलाई समेटेर टेवा पुर्‍याउने।

### माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम (४०-३-४००)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** सालवसाली | **कूल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. १२५३६ हजार |
| **आयोजनाको प्रकृतिः** उत्पादन सेवा | **श्रोतः** श्री ५ को सरकार, वैदेशिक ऋण आइ डी ए / पी आर एस् सी |

### कार्यक्रमको स्थिति/प्रगति

माटोको उर्बरातत्व व्यवस्थापनका लागि आवश्यक मलखाद सिफारिस सेवा प्रदान गर्ने र कृषकहरूमा माटोको गुणस्तर सुधार सम्बन्धी चेतना अभिबृद्धी गराई दिगो उत्पादन प्रणाली विकासमा टेवा पुर्‍याउन यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस कार्यक्रम अन्तर्गत माटो सर्वेक्षण तथा परिक्षण कार्यक्रम समन्वय, प्रयोगशालाहरूमा माटो परीक्षण, रसायनिक एवं जैविक मलखाद परिक्षण गरी कृषकहरूमा सेवा पुर्‍याउने र माटो परीक्षण शिवीर संचालन गरी माटोको व्यवस्थापन बारे कृषकहरूमा चेतना अभिबृद्धि गर्ने जस्ता कार्यक्रमहरू नियमीत रूपमा सन्चालन हुँदै आएका छन्। आ.व. ०६०।६१ मा २ हजार ५६९ माटोको नमूना विश्लेषण, २९० रसायनिक मल नमूना विश्लेषण तथा १३१ बटा माटो परीक्षण शिविर संम्पन्न हुने भएको छ। अन्य प्राविधिक सेवाहरू परिचालन भइरहेका छन्।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१/६२ मा २ हजार ७३० वटा माटो नमूना विश्लेषण तथा ११० वटा माटो परिक्षण शिवीर, १९० वटा सुक्ष्मतत्व विश्लेषण, ४० प्याकेट सुक्ष्म जैविक मल उत्पादन, ३६० वटा रसायनिक मल नमूना विश्लेषण गर्ने कार्यक्रमहरू सन्चालन हुनेछन्। यसबाट कृषकहरूलाई माटोको उत्पादन क्षमता बारे जानकारी उपलब्ध हुने तथा मलखाद उपयोग दर सिफारिस हुने र माटो व्यवस्थापन कार्यक्रम समन्वय भएको हुने छ।

### अपेक्षित उपलब्धि

माटो परीक्षण प्रयोगशालाहरूबाट २ हजार ७३० वटा माटो नमूना विश्लेषण हुने, ११० वटा माटो परिक्षण

शिवीर सन्चालन हुने, १९० वटा सुक्ष्मतत्व विश्लेषण हुने, ४० प्याकेट सुक्ष्म जैविक मल उत्पादन हुने र ३६० वटा रसायनिक मल नमूना विश्लेषण हुने।

**बाली संरक्षण कार्यक्रम (४०-३-३४०/४०-४-३४०)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कुल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ७०२०७ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन तथा नियमन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान नर्वे, ऋण आइ डी ए/ पी आर् एस् सी |

**कार्यक्रमको स्थिति/प्रगति**

रोग किराहरूबाट बाली नाली लगाउनु पूर्व तथा लगाएपछि गोडमेल, सिंचाई गर्ने, उत्पादन भित्र्याउने, संचय गर्ने जस्ता विभिन्न चरणमा हुने हानी नोक्सानीबाट बचाई उत्पादन उपलब्धता बृद्धिमा टेवा पुऱ्याउने दृष्टिबाट यो कार्यक्रम सन्चालन भई आएको छ। यस कार्यक्रम अन्तर्गत रोग किरा सर्वेक्षण, बाली संरक्षण सेवा कार्यक्रम समन्वय, प्लाण्ट क्वारेण्टाइन सेवा संचालन, IPM कृषक पाठशाला सेवा संचालन, विषादी पन्जिकरण सेवा सन्चालन, पोष्ट हार्भेष्ट क्षती नियन्त्रण सम्वन्धि प्रविधि परिक्षण सुधार र बाली संरक्षण प्रयोगशाला सेवा संचालन गर्ने जस्ता कार्यक्रमहरू सन्चालन हुदै आएका छन्।

आ.व. ०६०।६१ मा बीउ बिरूवा स्वस्थताको प्रमाण पत्र प्रदान गर्ने, बिरूवाको आयात इजाजत प्रमाण पत्र प्रदान गर्ने, बालि संरक्षणका आकस्मिक सेवा संचालन गर्ने कार्यहरू भई रहेका छन्। बाली तथा वातावरण संरक्षण सम्वन्धि जनचेतना अभिवृद्धि गर्ने र विषादी पन्जिकरण सेवा सन्चालन गर्ने कार्यहरू पनि भई समष्टिमा बाली व्यवस्थापनमा योगदान पुऱ्याउने कार्य भइरहेको छ। साथै कृषक पाठशाला, पोष्ट हार्भेष्ट क्षेती नियन्त्रण सेवा संचालन पनि भएको छ।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ.व. ०६१।६२ मा प्लान्ट क्वारेन्टाइन सेवाहरूको विस्तार गर्न थप ८ नाका (गड्डा चौकी-कन्चनपुर, मलंगवा-सर्लाही, तातोपानी-सिन्धुपाल्चोक, कृष्णनगर-कपिलवस्तु, केरूङ्ग भञ्यांग-रसूवा, लोमांगथान-मुस्ताङ, भण्टाबारी-सुनसरी र भुलाघाट-बैतडी) मा क्वारेन्टाइन इकाइहरू संचालन गर्ने, क्वारेन्टाइन चेक पोष्टको क्षमता विकास गर्ने, दातृ सहयोगमा ३६ जिल्लामा IPM प्रविधि विस्तारका लागि कृषक पाठशाला विस्तार जस्ता थप कार्यक्रमहरू गरी बाली संरक्षण सेवालाई सुदृढ गरिने कार्यक्रम सन्चालन हुनेछ। यसबाट बाली संरक्षण भई उत्पादनमा बृद्धिमा योगदान हुन जाने र कम हानीकारक प्रविधिबाट विषादी व्यवस्थापन भई वातावरणीय सुधारमा टेवा पुग्न जाने छ।

**अपेक्षित उपलब्धि**

प्लान्ट क्वारेन्टाइन सेवाहरूको विस्तार गर्न थप ८ नाकामा क्वारेन्टाइन इकाइहरू संचालन हुने। क्वारेन्टाइन चेक पोष्टको क्षमता विकास गर्ने, दातृ सहयोगमा ३६ जिल्लामा IPM प्रविधि विस्तार हुने।

**कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम (४०-३-४५०/४०-४-४५०)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कुल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १८००४ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन पूर्वाधार तथा बजार सूचना | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए/ पी आर् एस् सी |

**कार्यक्रमको स्थिति/प्रगति**

कृषि उत्पादनको विभिन्न स्थानको बजारकारोबार तथा मूल्य सूचना प्रवाह गर्ने, विभिन्न स्थानको उत्पादन र बचत स्थितिको सूचना प्रवाह गर्ने, कृषि तथ्यांक एवं खेति खर्च अनुगमन एवं आर्थिक विश्लेषणहरू गर्ने कृषि व्यवसाय प्रवर्द्धन कार्यहरू गर्ने, बजार संम्वद्ध पूर्वाधारहरूको विकासमा टेवा पुऱ्याउने, बजार सम्वद्ध अध्ययन विश्लेषण गरी नीति निर्माण तथा कार्यक्रम समन्वयमा टेवा पुऱ्याउने दृष्टिबाट यो कार्यक्रम सन्चालन हुँदै आएकोछ। यस कार्यक्रम अन्तर्गत कृषि व्यवसाय प्रवर्द्धन, कृषि तथ्यांक तथा आर्थिक विश्लेषण, कृषि बजार व्यवस्थापन, बजार सूचना प्रवाह, बजार पूर्वाधार विकास, बजार अनुसन्धान तथा अनुगमन र समन्वय गर्ने कार्यहरू संचालन भई आएका छन्।

आ.व. ०६०।६१ मा यस कार्यक्रम अन्तर्गत कृषि वस्तुहरूको थोक तथा खुद्रा मूल्य सूचना प्रवाह भइरहेको, बालाजुमा अधुरो भवन निर्माण पुरा हुने, बजार विकास निर्देशनालयमा छत सुधार तथा अन्य मर्मत जस्ता भौतिक पूर्वाधार विकास सम्पन्न हुने अनुमान छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा कृषि तथ्यांक एवं खेती खर्च अनुमान, अनुसन्धान र विश्लेषण, बजार सूचना प्रवाह लगायतका कार्यहरूको साथै नवलपरासीको कावासोतीमा केरा संलकन केन्द्रको व्यवस्था गर्ने, धरानमा सेड निर्माण गर्ने, जोमसोम र सिमरौनगढमा कृषि उपज संकलन केन्द्र, कृषि मूल्य संकलन तथा प्रसारण जस्ता कार्यक्रमहरू संचालन हुने र खेती खर्च अध्ययन तथा बजार प्रवर्द्धनमा टेवा पुऱ्याउन कार्यक्रम संचालन हुनेछ।

### अपेक्षित उपलब्धि

कृषि वस्तुहरूको मूल्य तथा बजार सूचना प्रवाह हुने, नवलपरासीको कावासोतीमा केरा संलकन केन्द्रको निर्माण हुने धरानमा बजार सेड निर्माण गर्ने, जोमसोम र सिमरौनगढमा कृषि उपज संकलन केन्द्र स्थापना हुने।

### व्यावसायिक किट विकास कार्यक्रम (४०-३-३५०/४०-४-३५०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ८४९२ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान डी आर एफ / जापान |

### कार्यक्रमको स्थिति/प्रगति

रेशम, मौरी, ब्याक्टेरीया जस्ता व्यावसायिक रूपले आर्थिक महत्व भएका किराहरूको व्यवस्थापन गरी आर्थिक उपयोगमा ल्याउन टेवा पुऱ्याउने कार्यक्रमहरू सन्चालन गराउने दृष्टिबाट यो कार्यक्रम रहि आएको छ। यस अन्तर्गत मौरी, रेशम किरा जस्ता व्यावसायिक किरा उपयोग प्रवर्द्धन र सम्वद्ध तालीम सेवा सन्चालन हुने गरेका छन्। आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट विभिन्न १६ स्थानमा मौरी श्रोत केन्द्रहरूको संरक्षण भएको र मौरी पालकहरूमा प्राविधिक टेवा पुऱ्याई मह उत्पादन २०० मे.टन हुने अनुमान छ। खोपासीमा रेशम किरा संरक्षण तथा व्यवस्थापन भएको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१।६२ मा व्यावसायिक किट सेवा कार्यक्रमहरू संचालन गरी २७० मेटन मह उत्पादन हुने प्रक्षेपण छ। यसका लागि मौरी स्रोत केन्द्रहरूको व्यवस्थापन सेवा र रेशम बीज संरक्षण व्यवस्थापनमा सेवा पुऱ्याइने कार्यक्रम छ। साथै ३ वटा मौरी श्रोत केन्द्र विस्तार र पुराना श्रोत केन्द्रहरूलाई प्राविधिक सेवा विस्तार गरी मह उत्पादनमा टेवा पुऱ्याइने कार्यक्रम छ। यसबाट साना कृषकहरूको अतिरिक्त आय तथा रोजगार अवसर बढ्न गई गरीवी निवारणमा टेवा पुग्ने छ।

### अपेक्षित उपलब्धि

मौरी व्यवस्थापन तालिम १६ जना अगुवा कृषकले र १६ जना प्रा.स., ना.प्रा.सले, प्राप्त गर्ने छन्। मौरी घार निर्माण तालिम १६ जना सिकर्मीले प्राप्त गर्ने छन्। साथै महको गुणस्तर परीक्षण २०० नमूनामा हुने, घार सुधार १५ वटा र मौरी गोला वितरण २० वटा हुनेछ। राजनिकुन्जमा १५० के.जी मह उत्पादन हुनेछ।

### कृषि प्रसार तथा तालीम कार्यक्रम (४०-३-३८१/४०-४-३८१)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. २६६५८ हजार |
| आयोजनाको प्रकृतिः क्षमता विकास | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए/ पी आर् एस् सी |

### कार्यक्रमको स्थिति/प्रगति

कृषि प्रसार सम्वद्ध जनशक्तिको क्षमता विकास गराउने र अगुवा कृषकहरूको तालिम संचालन गरी स्थानीय तहमा कृषि प्रविधि प्रसारको सम्वाहक तयार गर्दै लाने दृष्टिबाट कृषि तालिम कार्यक्रम सन्चालन हुदै आएको छ। यस कार्यक्रम अन्तर्गत अधिकृत, प्राविधिक सहायक तथा अगुवा कृषकहरूको केन्द्र तथा विकास क्षेत्रस्तरमा तालीम कार्यक्रम संचालन गर्ने, तालीम आवश्यकता पहिचान गर्ने, अनुगमन मूल्याङ्कन गर्ने, तालीम सामाग्री अध्यावधिक गर्ने कार्यहरू रहेका छन् । आ.व. ०६०/६१ मा रा.प.द्वि. २०, रा.प.तृ. १००, सहायक स्तर ४५९ तथा अगुवा कृषक १०४१ जनाले तालिम प्राप्त गर्ने अनुमान छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा प्रसार कार्यक्रमहरूको केन्द्रीय समन्वय गर्ने, क्षमता विकास पहिचान गरी तालीम कार्यक्रमलाई आवश्यकतामुखी गराउन लागू गरिएको संरचना अनुरूप कार्यक्रम परिचालन गरिने छ। यसमा प्रसार कार्यक्रमको केन्द्रिय प्राविधिक समन्वय सम्बन्धी कार्यका साथै विभिन्न तहका तालिम कार्यक्रमहरू सन्चालन हुनेछन्। यसबाट अधिकृत ३२० जवान र सहायकस्तर ५६७ जना र अगुवा कृषक ८५४ जनाले तालिम प्राप्त गर्नेछन्। ग्रामीण कृषि कार्यकर्ता तालिम मार्फत ८३ जनाले स्वरोजगार तालिम पाउनेछन्। यसबाट कृषि जनशक्ति क्षमना विकासमा टेवा पुग्नेछ। केन्द्रिय, क्षेत्रीय र जिल्ला स्तरीय कार्यालयहरूबाट सन्चालन गरिने कृषि प्रसार कार्यक्रमहरूको लागि निर्देशिका परिमार्जन तथा प्रकाशन, कृषि प्रसार तरिकाहरूको प्रभावकारीता अध्ययन र प्रतिवेदन तयार गर्ने, कृषि प्रसारमा काम गर्ने गैर सरकारी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको रोष्टर तयार गर्ने, बालिनालीको मौसमी प्रतिवेदन संकलन र रिपोटिङ्ग गर्ने कार्यक्रमहरू सन्चालन हुनेछ।

### अपेक्षित उपलब्धि

विभिन्न तहका तालिम कार्यक्रमहरू सन्चालनबाट अधिकृत ३२० जवान, सहायकस्तर ५६७ जना र अगुवा कृषक ८५४ जनाले तालिम प्राप्त गर्नेछन्। ग्रामीण कृषि कार्यकर्ता तालिम मार्फत ८३ जनाले स्वरोजगार तालिम पाउनेछन। साथै कृषि प्रसार कार्यक्रम निर्देशिका परिमार्जन हुने, कृषि तरिकाको प्रभावकारिता अध्ययन प्रतिवेदन तयार हुने, कृषि प्रसारमा संलग्न सरकारी तथा गैरसरकारी संस्थाहरूको रोष्टर तयार हुने।

### कृषि विकास आयोजना जनकपुर (४०-३-२७०/४०-४-२७०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०२८ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालबसाली | आ.व. ०६१/६२ को बजेटः रू. १५३०० हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान के आर २ |

### आयोजनाको स्थिति/प्रगति

भूमिगत जलको उपयोगका लागि डिप तथा स्यालो ट्यूववेल जडान गरी त्यस्ता ट्यूवेलको प्रभाव क्षेत्रमा सघन कृषि कार्यक्रम सन्चालन गरी कृषकहरूको आय तथा रोजगार बढाउने दृष्टिबाट यो आयोजना शुरू भएको थियो। हाल ट्यूववेल जडान र उपलब्ध फार्म पूर्वाधारको उपयोग गरी उन्नत बिउ तथा बिरूवा वितरण गर्ने कार्य मात्र हुने गरेको छ। यस आयोजना अर्न्तगत डिप ट्युववेल जडान, पम्प हाउस निर्माण, कूलो निर्माण तथा सम्भार र फार्म व्यवस्थापन जस्ता कार्य भैरहेका छन।

यस आयोजनाबाट आ.व. ०६०।६१ मा माग कम भएकोले १ वटा डिप ट्युववेल जडान भै ५० हेक्टरमा थप सिंचाई सुविधा पुग्ने, १० पम्प हाउस जडान हुने, १० वटा कुलो निर्माण हुने र १० मेटन खाद्यान्न बीउ उत्पादन तथा २३ हजार फलफुल बिरूवा उत्पादन तथा वितरण हुने अनुमान छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा डिप ट्यूवेल जडान १, पम्प हाउस जडान ४ पक्की कुलो निर्माण तथा मर्मत ४ मूल बीउ उत्पादन ८ मेटन तथा ६ हजार ७०० विभिन्न फलफूलका बिरूवा उत्पादन तथा वितरण र १ हजार आलंकारिक बिरूवा उत्पादन हुने कार्यक्रम छ। साथै यसको भूमिगत सिंचाई पक्षलाई जलश्रोत मन्त्रालयको सम्बद्ध कार्यक्रमसंग आवद्ध गराउन हस्तान्तरण गराउने व्यवस्था पनि गरिने छ।

### अपेक्षित उपलब्धि

डिप ट्यूवेल जडान १, पम्प हाउस जडान ४ पक्की कुलो निर्माण तथा मर्मत ४ मूल बीउ उत्पादन ८ मेटन तथा ६ हजार ७०० विभिन्न फलफूलका बिरूवा र १ हजार आलंकारिक बिरूवा उत्पादन भई बिक्री वितरण हुने। यसबाट ५० हेक्टरमा सिंचाई सुविधा पुग्ने र उपलब्ध सिंचाई सुविधाको जल उपयोग प्रवर्द्धनमा टेवा पुग्न गई उत्पादन बृद्धिमा सघाउ पुग्नाको साथै बाली विविधिकरणमा टेवा पुग्नेछ।

### दिगो भू-व्यवस्थापन आयोजना (४०-३-४७०/४०-४-४७०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५९/६० | कूल लागतः रू. ४.५ मिलियन (स्वीस फ्रेंक) |
| सम्पन्न हुने मितिः २०६३/६४ | आ.व. ०६१/६२ को बजेटः ३०४६ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः बैदेशिक अनुदान एस डी सी |

### आयोजनाको स्थिति/प्रगति

माटोको उर्वराशक्ति व्यवस्थापनमा स्थानीय प्रविधि र उन्नत प्रविधिको समिश्रण गरी दिगो भूव्यवस्थापनका आधारहरू तयार गर्ने दृष्टिबाट यो आयोजना गत ४ वर्ष देखि सन्चालन हुँदै आएको छ। बर्तमान दोश्रो चरण सन्

२००७ सम्म सन्चालन हुनेछ। यस आयोजना अन्तर्गत माटोको उर्वरा शक्तिको नक्सा तैयार गर्ने, माटो परीक्षण शिवीर संचालन गर्ने, गैर सरकारी संस्था लगायतका विभिन्न संस्थाहरूको उपयोगबाट स्थलगत जैविक मल लगायतका भू-व्यवस्थापन अध्ययन तथा विश्लेषण गराउने कार्यक्रमहरू सन्चालन भईआएका छन्। आ.व. ०६०/६१ मा यस आयोजनाबाट माटो शिवीर संचालन हुने, प्रभावकारी माटो विश्लेषण सेवा संचालन गर्न नक्सा तैयार हुने र माटो विश्लेषणका प्राविधिक आधारहरू तैयार हुने, जैविक मल परीक्षण हुने, गैर सरकारी संस्थाहरूको परिचालन भै जैविक मल लगाएतका स्थानीय मल व्यवस्थापन प्रविधिको प्रवर्द्धन हुनेछ।

### आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा माटो शिवीर, माटो विश्लेषण, माटोको आधार नक्शा, जैविक मल परीक्षण जस्ता कार्यक्रमहरूमा निरन्तरता रहनुको अतिरिक्त केन्द्रीय माटो व्यवस्थापन प्रयोगशालाको भौतिक विकास गरिने कार्यक्रम पनि रहेको छ।

### अपेक्षित उपलब्धि

माटो शिवीर ८८ वटा, माटो व्यवस्थापन तालिम ८ वटा, विश्लेषण ४०० वटा, माटोको नमूना संकलन परीक्षण ३०० संख्यामा र वाग्लुंग जिल्लाको उर्वरा शक्ति नक्शा तयार हुने।

### वाली विकास कार्यक्रम (४०-३-३६०/४०-४-३६०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०४९ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालबसाली | आ.व. ०६१/६२ को बजेटः रू. १६५११ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए / पी आर एस सी |

### कार्यक्रमको स्थिति/प्रगति

जिल्ला स्तरका विभिन्न खाद्यान्न वाली नगदे तथा औद्योगिक बाली व्यवस्थापन सम्वद्ध प्रसार सेवा कार्यक्रमहरूलाई प्राविधिक टेवा पुऱ्याउने र वाली सघनता तथा उत्पादकत्व बृद्धिबाट समष्टिगत उत्पादनमा टेवा पुऱ्याउन यो कार्यक्रम सन्चालनमा रही आएको छ। यस कार्यक्रम अन्तर्गत जिल्लास्तरीय बीज बृद्धि, सिंचाई आवद्ध जल उपयोग व्यवस्थापन कार्यक्रम, खाद्यान्न, नगदे तथा अन्य बालीहरूको प्राविधिक अनुगमन तथा समन्वय संवद्धहरू कार्यक्रम संचालन हुँदै आएका छन्।

आ.व. ०६०/६१ मा यस कार्यक्रमबाट अन फार्म जलव्यवस्थापन कार्यक्रमलाई ९ जिल्लाबाट २० जिल्लामा विस्तार गरी संचालन भएको छ र जिल्लास्तरमा बाली विकास समस्याको अनुगमन तथा सुपरिवेक्षण भै कार्य संचालनमा टेवा पुऱ्याउँदै आएको छ।

### आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा ३० जिल्लाहरूमा सघन वाली विकास कार्यक्रमहरूलाई अन फार्म जल व्यवस्थापन कार्यक्रमको अवधारणा अनुरूप एकीकृत बाली तथा जल व्यवस्थापन कार्यक्रम संचालन गरिने छ। साथै विगतमा बीउ प्रवर्द्धन तथा गुण नियन्त्रण कार्यक्रम अन्तर्गत रहेका क्षेत्रीय बीउ विजन प्रयोगशालाहरू यसै कार्यक्रममा समायोजन गरी संचालन गरिने कार्यक्रम छ।

### अपेक्षित उपलब्धि

खाद्यान्न तथा औद्योगिक वालीहरूको राष्ट्रिय उत्पादन समन्वय र स्थानीय उत्पादन कार्यक्रमहरूमा प्राविधिक सेवा समन्वय हुन गई वाली उत्पादन तथा उत्पादकत्व वृद्धिमा टेवा पुग्न जानेछ।

### कृषि तालीम तथा प्रसार सुधार आयोजना (४०-३-४७१)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०६०/६१ | कूल लागतः रू.६८०९४ हजार |
| सम्पन्न हुने मितिः २०६४/०६५ | आ.व. ०६१/६२ को बजेटः रू. ३२७५ हजार |
| आयोजनाको प्रकृतिः क्षमता विकास | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान के आर २ |

### आयोजनाको स्थिति/प्रगति

सेवा केन्द्र देखि केन्द्रस्तर सम्मको कृषि तालिम तथा प्रसार पद्धतिमा सुधार गर्न पर्ने कुराहरू पहिचान गरी तालीम तथा प्रसार कार्यक्रमलाई प्रभावकारी गराउने दृष्टिबाट यो आयोजना दातृ संस्थाको सहयोगमा शुरू गरिएको छ। यस कार्यक्रम अन्तर्गत तालिम तथा प्रसार पद्धतिमा सुधार गर्न मध्यमान्चल विकास क्षेत्रका सिन्धुपाल्चोक,

मकवानपुर, धादिङ, रसुवा र नुवाकोट गरी ५ जिल्लामा कृषक तथा कृषि प्रसार सम्वद्ध कर्मचारीहरूको क्षमता एवं सिप अभिवृद्धि सम्बन्धी तालिम कार्यक्रम सन्चालन हुनेछ। आ. व.०६०/६१ मा आयोजना क्षेत्रका जिल्लाको वस्तुस्थिति अध्ययन गरी कृषि तालिम तथा प्रसार सुधार सम्बन्धी आवश्यकता पहिचान गर्ने, केन्द्र र जिल्लास्तरमा अयोजना अभिमुखीकरण गोष्ठि संचालन गर्ने, जिल्लास्तरीय कार्यगत योजना तयार गर्न करार सेवामा अध्ययन गराउने र दातृ संस्थावाट वस्तुगत सामाग्रीहरू प्राप्त गर्ने कार्यहरू भएका छन्

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ. व. ०६१/६२ मा अधिकृत स्तर २५ जना तथा प्रा.स./ना.प्रा.स. स्तरको १०६ जनालाई क्षमता अभिबृद्धि तालिम प्रदान गर्ने, १० वटा तालिम तथा प्रदर्शन केन्द्र स्थापना गर्ने, सेवा केन्द्रस्तरमा कृषक गोष्ठि संचालन गर्ने, चौमासिक वुलेटिन प्रकाशित गर्ने र जिल्ला तथा सेवा केन्द्रस्तरीय कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्ने कार्यक्रम रहेको छ। यसबाट स्थानीय कृषि प्रसार तालिम पद्धति विकासमा टेवा पुग्न जाने अपेक्षा गरिएको छ।

**अपेक्षित उपलब्धि**

अधिकृत स्तर २५ जना तथा प्रा.स./ना.प्रा.स. स्तरको १०६ जनाले कृषि प्रसार क्षमता अभिबृद्धि तालिम पाउने, स्थानीय तहमा १० वटा तालिम तथा प्रदर्शन केन्द्र स्थापना हुने र सेवा केन्द्रस्तरमा कृषक गोष्ठि सन्चालन हुने।

**खाद्यान्नबाट संचालित कृषि आयोजनाहरू (खाद्य सुरक्षा टेवा आयोजना) (४०-३-४७२)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०६०/६१ | कूल लागतः ८ हजार मेटन गहुँ सहयोग |
| सम्पन्न हुने मितिः २०६२/२०६३ | आ.व. ०६१/६२ को बजेटः रू. ३४७९२ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः वैदेशिक अनुदान फ्रान्स |

**आयोजनाको स्थिति/प्रगति**

दातृ संस्थाबाट उपलब्ध खाद्यान्न सहयोग परिचालनबाट प्राप्त हुने रकमबाट पिछडिएका क्षेत्रका कृषकहरूको आय आर्जन सम्वद्ध कृषि कार्यक्रम सन्चालन गरी गरिबी निवारणमा टेवा पुऱ्याउने दृष्टिबाट यो आयोजना शुरू गरिएको छ। यस आयोजना अन्तर्गत छानिएका पिछडिएका ३ जिल्लाहरूमा कृषक सहभागितामा छनौट हुने साना आयमूलक र उत्पादन सम्वद्ध क्षमता विकास कार्यक्रम संचालन गरिने लक्ष्य अनुरूप काभ्रे, मुस्ताङ र मकवानपुर जिल्ला छनौट भई ती जिल्लाहरूबाट कार्यक्रम प्रस्तावहरू आव्हान गरी छनौट गर्ने कार्यहरू भएको छ। यस अन्तर्गत काभ्रेमा ३ वटा, मकवानपुरमा २ वटा आयोजनाहरू छनौट भई कार्यान्वयन शुरू हुने अवस्थामा छन्।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ. व. ०६१/६२ मा आ.व. ०६०।६१ मा कार्यान्वयन शुरू भएका आयोजनाहरूको अनुगमन तथा बैतडी जिल्लामा समेत ४ जिल्लाहरूमा ६ वटा कार्यक्रम संचालन गर्ने लक्ष्य छ। यस आयोजनाबाट खाद्य सुरक्षा दृष्टिबाट पछि परेको आयोजना क्षेत्रका ग्रामीण कृषकहरूको आय आर्जन अवस्थामा सुधार आई खाद्य सुरक्षा बढाउने अपेक्षा रहेको छ।

**अपेक्षित उपलब्धि**

कार्यान्वयन शुरू भएका ५ वटा आयोजनाहरूको अनुगमन गरी क्रियासील गराइने, बैतडी जिल्ला समेत ४ जिल्लाहरूमा ६ वटा विभिन्न आयोजना सन्चालन हुने।

**पशु स्वास्थ्य सेवा कार्यक्रम (४०-३-५००/४०-४-५००)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०२० | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १००००० हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, वैदेशिक अनुदान डी आर एफ / जापान |

**कार्यक्रमको स्थिति/प्रगति**

पशु स्वास्थ्य सेवा सम्वद्ध औषधि उत्पादन, खोप व्यवस्थापन, गुणस्तर नियमन, क्वारेन्टाइन सेवा सन्चालन, स्थानीय तहमा प्राविधिक परामर्श जस्ता कार्यहरू सन्चालन गरी जनताको पशु धनको सुरक्षामा टेवा पुऱ्याउने दृष्टिकोणबाट यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस कार्यक्रम अन्तर्गत विभिन्न खोपहरू (Vaccine) उत्पादन गर्ने, खोप कार्यक्रम संचालन गर्ने, रेबिज भ्याक्सीन उत्पादन गर्ने, पैठारी हुने पशु पंक्षी तथा पशु पंक्षी जन्य

पदार्थहरूको निरीक्षण गर्ने, प्रमाणपत्र दिने, क्वारेन्टाइन सेवा व्यवस्थापन गर्ने, पशु रोग निदान गर्ने, प्रयोगशाला संचालन गर्ने, पशु स्वास्थ सम्वन्धि ऐन नियम लागु गर्ने, सूचना प्रवाह तथा कार्यक्रम समन्वय गर्ने कार्यक्रमहरू सन्चालन हुने गरेका छन् । साथै स्थानीय कार्यक्रमहरूलाई पशु स्वास्थ्य सेवाको प्राविधिक परामर्श उपलब्ध गराउने कार्यहरू पनि भैरहेका छन् ।

आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट प्रतिरोधात्मक पशु स्वास्थ सेवा करीव १ करोड ५० लाख पशु इकाईमा पुग्ने, जुनोटिक रोग नियन्त्रण भई करीव ४००० परिवारको जन स्वास्थ्यमा टेवा पुग्ने, १० हजार टिस्युकल्चर भ्याक्सीन र अन्य ४ लाख मात्रामा भ्याक्सीन उत्पादन हुने, मासु जाँच ऐन थप ४ वटा नगरपालीकामा लागु हुने, क्वारेन्टाइन सेवाबाट आयातित रोग नियन्त्रणमा सघाउ पुग्ने अनुमान छ ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१/६२ मा विभिन्न खोपहरू (Vaccine) उत्पादन गर्ने, खोप कार्यक्रम संचालन गर्ने, रेबिज भ्याक्सीन उत्पादन गर्ने, पैठारी हुने पशु पंक्षी तथा पशुपंक्षीजन्य पदार्थहरूको निरीक्षण गर्ने, प्रमाणपत्र दिने, क्वारेन्टाइन सेवा व्यवस्थापन गर्ने, पशु रोग निदान गर्ने, प्रयोगशाला संचालन गर्ने, पशु स्वास्थ सम्वन्धि ऐन नियम लागु गर्ने, सूचना प्रवाह तथा कार्यक्रम समन्वय गर्ने कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ । साथै पशु रोग सम्वन्धी विभिन्न ८७ लाख डोज खोप उत्पादन गर्ने, २० लाख भेडा बाखाहरूलाई भ्याक्सिनेसन गर्ने, जुनोटिक रोग रोकथाम र नियन्त्रणमा टेवा पुऱ्याउने, भेटेनरी जनश्वास्थ्य कार्यालयको प्रभावकारी परिचालन गर्ने कार्यक्रमहरू रहेका छन् । यसबाट पशुधनको सुरक्षा र पशुजन्य उत्पादन र उत्पादकत्वको दीगो वृद्धिका आधारहरू तयार हुँदै जानमा टेवा पुग्नेछ ।

### अपेक्षित उपलब्धि

पैठारी हुने पशु पंक्षी तथा पशुपंक्षीजन्य पदार्थहरूको निरीक्षण गर्ने, प्रमाणपत्र दिने, क्वारेन्टाइन सेवा व्यवस्थापन गर्ने, पशु रोग निदान गर्ने, प्रयोगशाला संचालन गर्ने, पशु स्वास्थ सम्वन्धि ऐन नियम लागु गर्ने, पशु रोग सम्वन्धी विभिन्न खोपहरू ८७ लाख डोज उत्पादन गर्ने, २० लाख भेडा बाखाहरूलाई भ्याक्सिनेसन गर्ने, जुनोटिक रोग रोकथाम र नियन्त्रणमा टेवा पुऱ्याउने ।

## पशु विकास सेवा (गाई, भैसी, बाखा र अन्य समेत) कार्यक्रम (४०-३-५१०/४०-४-५१०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** सालवसाली | **कूल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. ५६१३९ हजार |
| **आयोजनाको प्रकृतिः** उत्पादन सेवा | **श्रोतः** श्री ५ को सरकार, बैदेशिक अनुदान डी आर एफ / जापान |

### कार्यक्रमको स्थिति/प्रगति

कृत्रिम गर्भाधान, उन्नत पशुपालन व्यवस्थापन, पशु आहार तथा पोषण विकास, पशुपंक्षी जन्यवस्तुको गुणस्तर नियमन र बजार प्रवर्द्धन, जातीय श्रोत संरक्षण समन्वय जस्ता उन्नत पशुपालन व्यवस्थापन सेवाहरू सन्चालन गरी पशुहरूको उत्पादकत्व बृद्धि गराउने दृष्टिबाट यो कार्यक्रम सन्चालन हुँदै आएको छ । यस कार्यक्रम अन्तर्गत पशुपंक्षिको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न पशु व्यवस्थापन, पशु आहारा, पशुपंक्षी बजार लगायतका प्राविधिक सेवा उपलब्ध गराउने, दुध तथा दुग्ध पदार्थको गुणस्तर नियन्त्रण, अनुवंशिकी श्रोत संरक्षण र विकास, कृत्रिम गर्भाधान, चरन विकास सम्वद्ध कार्यक्रमहरू संचालन र समन्वय गर्ने जस्ता कार्यक्रमहरू भईरहेका छन् ।

आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट ६० हजार गाई भैसीमा कृत्रिम गर्भाधान हुने, १३८२ उन्नत पशु १ लाख ३२ हजार चल्ला उत्पादन भई वितरण भएको अनुमान छ । बजार लगायतका पशु विकास सेवाको प्राविधिक परामर्श र समन्वय भै रहेको छ । पशु जन्य पदार्थको गुणस्तर नियन्त्रणमा निरन्तरता रहेको छ । गाईमा भ्रुण प्रत्यारोपन गर्ने कार्य शुरू भएको छ । नश्ल सुधार गर्ने कार्यक्रमका लागि ८० वटा राँगा भारतबाट खरिद गरी वितरण हुने अनुमान छ ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा ५०००० गाई भैसीमा कृत्रिम गर्भाधान हुने छ । करिब १५९० कम आय वर्गको परिवारमा बाखा पैंचो कार्यक्रम सम्वद्ध परिवारको स्थिति अनुगमन गर्ने तथा उपलब्ध हुने बाखा नयाँ समूहका १७११ परिवारमा ८ हजार ५५५ बाखा उपलब्ध गराइने छ । यस अतिरिक्त अधिराज्यको ९ जिल्लामा ११ वटा पशु विशेषको नमूना पकेट कार्यक्रम सन्चालन हुनेछन् । साथै १२ हजार लिटर तरल नाइट्रोजन र ६० हजार डोज राँगो साँढेको बीर्य उत्पादन हुने कार्यक्रम छ । पशु विकास सेवाको कार्यक्रमकोसमन्वय र स्थानीय तहलाई प्राविधिक परामर्श उपलब्ध गराई सघाउने कार्यमा प्रभावकारीता ल्याइनेछ ।

### अपेक्षित उपलब्धि

गाई भैंसीमा कृतिम गर्भाधान ५०००० संख्यामा हुने बाखा पैंचो कार्यक्रम सम्वद्ध करिब १५९० कम आय वर्गको परिवारमा अनुगमन गर्ने। पैंचो फिर्तावाट उपलब्ध हुने बाखा नयाँ समूहका १७११ परिवारमा ८ हजार ५५५ बाखा उपलब्ध गराइने । अधिराज्यको ९ जिल्लामा ११ वटा पशु विशेषको नमूना पकेट कार्यक्रम सञ्चालन हुने। १२ हजार लिटर तरल नाइट्रोजन र ६० हजार डोज राँगो साँढेको बीर्य उत्पादन हुने।

### पशुपंक्षी बजार प्रवर्द्धन कार्यक्रम (४०-३-५११)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०६१/६२ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ४००७ हजार |
| आयोजनाको प्रकृतिः बजार पूर्वाधार तथा बजार सूचना सेवा | श्रोतः श्री ५ को सरकार, वैदेशिक अनुदान डी आर एफ / जापान |

### कार्यक्रमको स्थिति/प्रगति

पशु तथा पशुजन्य उत्पादनको बजार प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यले साविकमा पशु विकास सेवा कार्यक्रम अन्तर्गत सञ्चालन हुँदै आएको कार्यक्रमहरूलाई बजार प्रवर्द्धनमा विशेष दृष्टि पुऱ्याउन नयाँ संरचना अनुरूप यस वर्षदेखि छुट्टै कार्यक्रमको रूपमा प्रस्तुत भएको छ।

### आ.ब. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. ब. ०६१/६२ मा यस कार्यक्रम अन्तर्गत बजार तथ्यांक व्यवस्थित गर्ने, पशु हाटबजार तथा मासु पसल सुदृढीकरण गर्ने, पशुवधस्थल निर्माण जस्ता कार्यक्रमहरूमा समन्वय र प्राविधिक सेवा पुऱ्याउने कार्यक्रमहरू सन्चालन हुनेछन्। यसवाट पशुजन्य उत्पादनको बजार प्रवर्द्धन सेवा पुग्न गई कृषकहरूलाई पशु तथा पशुजन्य उत्पादनको बजार अवसर बृद्धि भई उत्पादनमा टेवा पुग्न जानेछ।

### अपेक्षित उपलब्धि

पशुपंक्षी बजार तथ्यांक व्यवस्थित हुने, पशु हाट बजार तथा पशुवधस्थल निर्माण जस्ता कार्यक्रमहरूमा समन्वय र प्राविधिक सेवा पुऱ्याइने। पशुजन्य उत्पादनको बजार प्रवर्द्धन सेवा पुग्न गई कृषकहरूलाई पशु तथा पशुजन्य उत्पादनको बजार अवसर बृद्धि भई उत्पादनमा टेवा पुग्न जानेछ।

### पशु विकास फार्महरू (४०-३-५२०/४०-४-५२०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ३७७६५ हजार |
| आयोजनाको प्रकृतिः श्रोत सामाग्री उत्पादन | श्रोतः श्री ५ को सरकार |

### कार्यक्रमको स्थिति/प्रगति

फार्मको प्रभाव क्षेत्रमा रहेका विभिन्न पशु पंक्षीहरूको जातीय श्रोत पहिचान। विश्लेषण तथा संरक्षण र कृषि अनुसन्धानवाट सिफारिस भएका उन्नत पशुपंक्षीहरू एवं घाँस विउँहरूको श्रोत सम्वर्द्धन गरी स्थानीय नश्ल सुधारकर्ता वा उद्यमी कृषकहरूलाई श्रोत सामग्रीको केन्द्रको रूपमा रही उन्नत नश्ल र प्राविधिक टेवा पुऱ्याउने दृष्टिवाट यी फार्महरू सन्चालन भएका छन्। यी फार्महरूबाट प्रजननका लागि उन्नत पशु पंक्षि उत्पादन गर्ने, उन्नत घाँसको बीउ उत्पादन गर्ने, राइजोवियम उत्पादन गर्ने, प्रभाव क्षेत्रमा प्राविधिक सेवा पुऱ्याउने, फार्मको श्रोतको अधिकतम उपयोग गर्ने जस्ता कार्यक्रमहरू सन्चालन हुदै आएका छन्।

आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट १३८२ वटा उन्नत पशु जनावरहरू र १ लाख ३२ हजार चल्ला उत्पादन भई वितरणका लागि उपलब्ध भएको अनुमान छ। यसै गरी ४१ मे.टन गुणस्तर युक्त घाँसको बीउ उत्पादन हुने अनुमान छ। प्रभाव क्षेत्रका कृषकहरूमा प्राविधिक सेवा पनि उपलब्ध गराइएको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा १२०८ वटा उन्नत पशुहरू र १ लाख ३० हजार वटा चल्लाहरू उत्पादन भई वितरणका लागि उपलब्ध हुनेछन्। यसै गरी गुणस्तरयुक्त घाँसको बीउ ३५ मेटन मेटन उत्पादन हुने लक्ष्य छ। साथै प्रभाव क्षेत्रमा प्राविधिक सेवा पनि उपलब्ध गराइने छन्। यसबाट पशुजन्य पदार्थको उत्पादकत्व बृद्धिका लागि उन्नत नश्लहरूको उत्पादन तथा उन्नत घाँस बिउहरू उपलब्ध हुने भई कृषकहरूको आय तथा रोजगार बृद्धिमा टेवा पुग्न जानेछ।

### अपेक्षित उपलब्धि

पशुजन्य पदार्थको उत्पादकत्व बृद्धिका लागि उन्नत नश्लहरूको उत्पादन तथा उन्नत घाँस बिउहरू उपलब्ध हुने भई कृषकहरूको आय तथा रोजगार बृद्धिमा टेवा पुग्न जाने। १२०८ वटा उन्नत पशुहरू र १ लाख ३० हजार वटा चल्लाहरू उत्पादन भई वितरणका लागि उपलब्ध हुने र गुणस्तरयुक्त घाँसको बीउ ३५ मेटन उत्पादन हुने। प्रभाव क्षेत्रमा प्राविधिक सेवा पनि उपलब्ध गराइने छन्।

### पशु सेवा तालीम कार्यक्रम (४०-३-५७०/४०-४-५७०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १४८७८ हजार |
| आयोजनाको प्रकृतिः क्षमता विकास | श्रोतः श्री ५ को सरकार, वैदेशिक अनुदान डी आर एफ / जापान |

### कार्यक्रमको स्थिति/प्रगति

पशु स्वास्थ्य तथा पशु व्यवस्थापन र पशुजन्य पर्दाथहरूको गुणस्तर नियमन सम्वद्ध क्षेत्रमा जनशक्तिको क्षमता विकास गराउने तथा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता एवं अगुवा कृषकहरूको तालिम संचालन गरी स्थानीय क्षेत्रमा पशु सेवा प्रविधि तयार गर्दै जाने दृष्टिकोणबाट पशु सेवा तालिम कार्यक्रम सन्चालन हुँदै आएको छ। यस अन्तर्गत पशु सेवा तालीम कार्यक्रम समन्वय, पाठ्यक्रम विकास तथा परिमार्जन, तालीम पहिचान, तालीम संचालन, अनुगमन र मूल्याङ्न जस्ता कार्यक्रमहरू सन्चालन हुँदै आएका छन्। आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट थप ४४९ जना कृषकले तालीम प्राप्त गरेको, १८० जना अधिकृतहरूले तालीम पाएको अनुमान छ। पशु सेवा सम्वद्ध ऐन नियम र नियमन सेवा बारे ३२७ पशु उद्यमीले तालीम पाउने र तालीम सामाग्री अद्यावधिक हुनेछ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा क्षमता विकासका लागि विभिन्न तहका तालीम कार्यक्रम सञ्चालनबाट ८० जना अधिकृत, २७३ जना सहायक स्तर र ४०१ जना अगुवा कृषक र ११८ जना पशु उद्यमीहरूले तालिम प्राप्त गर्नेछन्। यसबाट पशु सेवा संवद्ध जनशक्ति र कृषकहरूको क्षमता विकासमा टेवा पुग्न जानेछ। साथै तालिम प्राप्त पशु उद्यमीहरूको लागि स्वरोजगार अवसर उपलब्ध हुनेछ।

### अपेक्षित उपलब्धि

क्षमता विकासका लागि विभिन्न तहका तालीम कार्यक्रम सञ्चालनबाट ८० जना अधिकृत, २७३ जना सहायक स्तर, ४०१ जना अगुवा कृषक र ११८ जना पशु उद्यमीहरूले तालिम प्राप्त गर्ने। पशु सेवा संवद्ध जनशक्ति र कृषकहरूको क्षमता विकासमा टेवा पुग्न जाने।

### सामुदायिक पशु विकास आयोजना (४०-३-५९१/४०-४-५९१)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०६०/०६१ | कूल लागतः ३३ मिलियन अमेरीकी डलर |
| सम्पन्न हुने मितिः २०६६/६७ | आ.ब. ०६१/६२ को बजेटः रू. ९१७२६ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, वैदेशिक ऋण ए डी वी |

### आयोजनाको स्थिति/प्रगति

पशु पंक्षीहरूको उत्पादकत्व बढाई कृषि आर्थिक बृद्धिमा योगदान गराउने र आय तथा रोजगारका अवसर बढाई गरिबी घटाउन टेवा पुऱ्याउने दृष्टिकोणबाट तेश्रो पशु विकास आयोजनाको अनुभव समेत समेटेर सामुदायिक पशु सेवा प्रसार प्रवर्द्धन संवद्ध कार्यक्रमहरू सन्चालन गर्न श्री ५ को सरकारको श्रोतबाट आ. व. ०६०/६१ मा यो आयोजनाको कार्यान्वियन शुरू भएको छ।

आ. व. ०६०/६१ मा तेश्रो पशु विकास आयोजना (४०-४-५८०) अन्तर्गत ३० जनाले वैदेशिक, २५ जनाले स्वदेशमा उच्च तथा मध्यम स्तरको तालीम पाएको, ५०० कमैया र १७०० दलित परिवारले कार्यक्रमबाट बाखा र प्राविधिक सहयोग प्राप्त गरेको, २ वटा प्रयोगशालामा पूर्वाधार निर्माण कार्य सम्पन्न हुने र साझेदारीमा ५ नगर पालिकामा पशु बध स्थल सुधार हुने, २५ वटा मासु पसल सुधार हुने, १० वटा साना डेरी उद्योग सुधार कार्य सम्पन्न हुने छ।

### आ.ब. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. ब. ०६१/६२ मा एशियाली विकास बैंकको ऋण सहयोगमा यस आयोजनाबाट अधिराज्यका विभिन्न २२

जिल्लामा, पशु व्यवस्थापन सेवा, पशु आहारा तथा पोषण सेवा, पशु जन्य बस्तुको बजार प्रवर्द्धन र प्रशोधन टेवा पु¥याउने जस्ता कार्यहरू गर्नेछ। यसै गरी स्थानीय पशु पालन समूह तथा व्यवसायीहरूको संस्थागत विकासमा टेवा, र पशु सेवा क्षेत्रका जनशक्ति क्षमता विकास टेवा सम्बद्ध कार्यक्रमहरू पनि संचालन गर्नेछ। यसका साथै आयोजनाबाट कन्सल्टींग फर्महरूबाट सेवा लिने, २७ जिल्लाहरूको GIS base र सामाजिक मानचित्र तयार गरिने र सघन पशु सेवा कार्यक्रम लागू हुने १४ जिल्लाहरूको बेसलाईन सर्भे गरिने कार्यक्रमहरू पनि रहेका छन्। यस आयोजनाबाट कम्तिमा ४०० मुक्त कमैया परिवार १८०० दलित महिला परिवारहरूमा बाखा पैंचो कार्यक्रम सञ्चालन गरिनेछ। कर्णाली अन्चलका ४ जिल्लाहरूमा समस्या पहिचान अध्ययन गराई निराकरणमा सहयोग पु¥याइनेछ। आयोजना संचालनबाट प्रभाव क्षेत्रका कृषकहरूको आय तथा रोजगार बृद्धिका साथै पशुजन्य उत्पादन तथा उत्पादकत्वमा बृद्धि हुँदै जानेछ।

### अपेक्षित उपलब्धि

आयोजना संचालनबाट प्रभाव क्षेत्रका कृषकहरूको आय तथा रोजगार बृद्धिका साथै पशुजन्य उत्पादन तथा उत्पादकत्वमा वृद्धि हुँदै जाने। अधिराज्यका विभिन्न २२ जिल्लामा पशु व्यवस्थापन सेवा र पशु आहारा तथा पोषण सेवा पुग्ने। पशु जन्य बस्तुको बजार प्रवर्द्धन र प्रशोधन उद्योगमा टेवा पुग्ने। स्थानीय पशु पालन समूह तथा व्यवसायीहरूको संस्थागत विकासमा टेवा पुग्ने। २७ जिल्लाहरूको GIS base र सामाजिक मानचित्र तयार गरिने र सघन पशु सेवा कार्यक्रम लागू हुने १४ जिल्लाहरूको बेसलाईन सर्वे हुने। आयोजनाबाट कम्तिमा ४०० मुक्त कमैया परिवार १८०० दलित महिला परिवारहरू बाखा पैंचो कार्यक्रमबाट लाभान्वित हुने । कर्णाली अन्चलका ४ जिल्लाहरूमा समस्या पहिचान अध्ययन गराई समस्याको निराकरणमा सहयोग पुग्ने।

### पहाडी कबुलियती बन आयोजना (पशु विकास) (४०-३-५५०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५०/५१ | कुल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ४००० हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः बैदेशिक अनुदान डी आर एफ / जापान |

### आयोजनाको स्थिति/प्रगति

गरिब तथा सिमान्त विपन्न कृषकहरूलाई कवुलियतमा हैसियत बिग्रेको वन क्षेत्र उपलब्ध गराई हैसियत सुधार गर्ने र त्यस्तो वन क्षेत्रद्वारा पशु पालन तथा घाँस विकासका माध्यमबाट गरिब बर्गको आय तथा रोजगार प्रवर्द्धन गरी गरिबी घटाउन योगदान गर्ने दृष्टिले यो कार्यक्रम दातृ सहयोगमा सफलता पूर्वक सन्चालन रही आएको थियो। हाल यसलाई श्री ५ को सरकारले आफ्नै श्रोतमा निरन्तरता दिइएको छ। यसको विस्तारका लागि कृषि विकासका लागि अन्तर्राष्ट्रिय कोष (IFAD) बाट आयोजना दस्तावेज तयार भई छलफलको क्रममा रहेको छ। यस कार्यक्रम अन्तर्गत गरीबीको रेखामूनीका कृषक परिवारलाई हैसियत बिग्रेका वन कबुलियती वनका रुपमा उपलब्ध गराई वन व्यवस्थापन सम्बर्द्धन तथा चरन विकास गरी घाँस खेती तथा पशुपालन मार्फत गरिबी घटाउने योगदान गर्ने खालका कार्यक्रमहरू कृषक सहभागितामा छनौट गरी सन्चालन गरिनेछन्। आ.व. ०६०।६१ मा यस आयोजना अन्तगर्त १० जिल्लाका ९०० कृषक समूह, ७३ अन्तर समूह र १८ कबुलियती संस्थाहरूको आय आर्जनमा टेवा पुग्ने, ९०० हेक्टर नाँगो पाखोमा वनको हैसियतमा सुधार गर्ने कार्यमा निरन्तरता रहेको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा दातृ सहयोगको नयाँ कार्यक्रम प्रतिवेदन मूल्यांकन (Appraisal) गर्नमा सहयोग पु¥याउने र जिल्लाका कृषक समूहको पूर्व कार्यक्रमहरूमा निरन्तरता दिन अनुगमन तथा प्राविधिक सेवा परिचालन गर्ने कार्यक्रम छ। यस आयोजना संचालनबाट प्रभाव क्षेत्रका कृषकहरूको आय तथा रोजगार प्रवर्द्धनमा टेवा पुग्ने छ।

### अपेक्षित उपलब्धि :

दातृ सहयोगको नयाँ कार्यक्रम प्रतिवेदन मूल्यांकन (Appraisal) हुन सहयोग पुग्ने। १० जिल्लाका ९०० कृषक समूह, ७३ अन्तर समूह र १८ कबुलियती संस्थाहरूको आय आर्जनमा टेवा पुग्ने तथा ९०० हेक्टर नाँगो पाखोमा वनको हैसियतमा सुधार गर्ने कार्यमा प्राविधिक सेवा निरन्तरता रहने।

### खाद्यपोषण तथा प्रविधि कार्यक्रम (४०-३-३३०/४०-४-३३०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०२७ | कुल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. १९६४४ हजार |
| आयोजनाको प्रकृतिः मूल्य अभिवृद्धि तथा नियमन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान डी आर एफ / जापान |

**कार्यक्रमको स्थिति/प्रगति**

खाद्य प्रशोधन प्रविधि विकास तथा विस्तार, पोषण सुधार र खाद्य गुणस्तर नियमन कार्य गर्ने र खाद्य मूल्य अभिवृद्धि (value add) व्यावसायीकरणमा टेवा पुऱ्याउने कार्यमा सम्वद्ध पक्ष बीचमा समन्वय गरी कार्यक्रमहरू सन्चालन गर्ने दृष्टिकोणबाट यो कार्यक्रम सन्चालन हुँदै आएको छ। यस कार्यक्रम अन्तर्गत खाद्य तथा दाना ऐन नियम कार्यान्वयन गर्ने सन्दर्भमा गुण नियन्त्रण तथा उपभोक्ता ज्ञान विस्तार, खाद्य प्रविधि विकास तथा शिप विकास तालीम उद्यमी व्यवसायी एवं कृषकलाई उपलब्ध गराउने लगायत खाद्य गुणस्तर, खाद्य प्रशोधन, पोषण प्रवर्द्धन सम्वद्ध प्रविधि अध्ययन तथा परिक्षण कार्यक्रमहरू नियमित रूपमा भई आएको छ।

आ.व. ०६०।६१ मा यस कार्यक्रम अन्तर्गत विभिन्न खाद्य वस्तुहरूको गुणस्तर नियमनमा निरन्तरता रहेको, खाद्यमा मिसावट र खाद्य पोषण सम्वन्धि जनचेतना अभिवृद्धि कार्य भइरहेको, WTO को अवधारणा तथा निकासी प्रवर्द्धनका अभिभारा वहन गर्न कोडेक्स राष्ट्रिय समिति गठन सम्बन्धी कार्यविधि निर्माण भएको, ४९५ खाद्य तथा दाना उद्योगको निरीक्षण, ५७५ वटा होटल रेष्टुरेण्टहरूको निरीक्षण गरि आचार संहिता अनुगमन भएको, २२० जनाले खाद्य संरक्षण, प्रशोधन र संचयन सम्बन्धी तालीम पाएको र १५००० खाद्य नमूना परिक्षण गर्ने कार्य लक्ष्य एवं कार्यक्रमहरू पूरा हुने देखिन्छ।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ. व. ०६१/६२ मा गुणनियन्त्रण कार्यक्रम अन्तर्गत खाद्य तथा दान ऐन अन्तर्गत नेपाल अधिराज्याका विभिन्न बजार एवं विक्री थलोबाट ३ हजार ३४० नमूना संकलन गर्ने र चामल, चिज, आइक्रीम, वनस्पति तेल खुवा र पनिरको स्तर निर्धारण गरिने छ। नयाँ सेवा प्रवेश गरेका प्राविधिक सहायकलाई खाद्य निरीक्षण तालीम प्रदान गरिने छ। पेष्टिसाइड रेसिडयु स्कीम तयार गर्ने, चाउ चाउ र वनस्पति ध्यू उद्योगलाई लक्षित गरी उद्योग आचार संहिता निर्माण गर्ने, खाद्य गुणस्तर बारे उत्पादक एवं उपभोक्तालाई टेस्ट किटको परिक्षण प्रदर्शन गराइने र रेडियो टिभि समेतबाट खाद्य स्वच्छता बारे प्रचार प्रसार गराइने छ। साथै २० वटा जिल्लाहरूमा खाद्य निरीक्षण इकाई स्थापना गरिने कार्यक्रम रहेको छ। एस. पि. एस. को Nationl Enquiry Point सम्वन्धी Documentation पनि गरिने छ।

प्रयोगशाला विश्लेषण कार्यक्रम अन्तर्गत व्यवसायी एवं उद्योगीहरूको माग अनुसार करिब १५ हजार नमूना विश्लेषण गरिने छ। ४ प्रमुख भन्सार नाकाहरू काकरभिटा, विरगंज, महेन्द्रनगर र तातोपानीमा स्याटेलाइट फुड ल्याव स्थापना को शुरूवात गरिने छ। खाद्यप्रोद्योगिकरण कार्यक्रम अन्तर्गत स-साना एवं घरेलु तथा मझ्यौला खाद्य उद्योगलाई आवश्यक पर्ने उपयुक्त प्रविधि विकास गरी मूल्य अभिवृद्धिमा टेवा पुऱ्याउने क्रममा तोफुको भण्डारण, तिल तथा भुसे तिलको छोप उत्पादन स्तरीयकरण गर्ने, फलफूल तथा तरकारीको शुन्य शक्ति भण्डार अध्ययन, केरामा आधारित प्रशोधित प्रदार्थ विकास जस्ता कार्यक्रमहरू संचालन गरिने छ। साथै खाद्यान्न मासु सस तथा अचारमा आधारित शीपमुलक तालीम दिई करिव ३०० संभाव्य उद्यमी व्यवसायीहरू विकास गरिने छ।

पोषण कार्यक्रम अन्तर्गत २०० वटा विभिन्न खाद्य वस्तुको पौष्टिक तत्व प्रोफाईल गर्ने, तयार भएको भोजन निर्देशिका प्रचार प्रसारमा ल्याउने साथै आमाहरूलाई बाल आहार सम्बन्धी तालिम दिइने कार्यक्रम पनि रहेको छ।

**अपेक्षित उपलब्धि :**

खाद्य नमूना ३ हजार ३४० संकलन गरी चामल, चिज, आइक्रीम, वनस्पति तेल खुवा र पनिरको स्तर निर्धारण हुने। नयाँ सेवा प्रवेश गरेका प्राविधिक सहायकलाई खाद्य निरीक्षण तालीम २ वटा प्रदान हुने। पेष्टिसाइड रेसिडयु स्कीम तयार हुने। चाउ चाउ र वनस्पति ध्यू उद्योगलाई लक्षित गरी उद्योग आचार संहिता निर्माण हुने। खाद्य गुणस्तर बारे उत्पादक एवं उपभोक्तालाई टेस्ट किटको परिक्षण प्रदर्शन हुने। साथै २० वटा जिल्लाहरूमा खाद्य निरीक्षण इकाई स्थापना हुने। एस. पि. एस. को Nationl Enquiry Point सम्वन्धी Documentation सेवा प्रदान गरिने छ। प्रयोगशाला विश्लेषण कार्यक्रम अन्तर्गत व्यवसायी एवं उद्योगीहरूको माग अनुसार करिव १५ हजार नमूना विश्लेषण हुने। ४ प्रमुख भन्सार नाकाहरूमा स्याटेलाइट फुड ल्याव स्थापना हुने। खाद्यप्रोद्योगिकरण कार्यक्रम अन्तर्गत स-साना एवं घरेलु तथा मझ्यौला खाद्य उद्योगलाई आवश्यक पर्ने उपयुक्त प्रविधि विकास हुने। कृषिजन्य खाद्य प्रौद्योगिकरणमा टेवा पुऱ्याउने क्रममा तोफुको भण्डारण प्रविधि विकास हुने। तिल तथा भुसे तिलको छोपको उत्पादन स्तरीयकरण तथा तरकारीको शुन्य शक्ति भण्डार अध्ययन र केरामा आधारित प्रशोधित प्रदार्थ विकास अध्ययन हुने। खाद्यान्न,मासु,सस तथा अचारमा आधारित शीपमुलक तालीम दिई करिव ३०० जना सम्भाव्य उद्यमी/व्यवसायीहरू विकास हुने। पोषण कार्यक्रम अन्तर्गत २०० वटा विभिन्न खाद्य वस्तुको पौष्टिक तत्व विश्लेषण हुने। साथै यस कार्यक्रमको संचालनबाट खाद्य ऐन नियमको कार्यान्वयन र कृषिजन्य खाद्य प्रौद्योगिकरणको विकास एवं पोषण स्तर सुधारमा योगदान पुग्ने छ।

सहकारी प्रशिक्षण केन्द्र

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| सुरू मितिः २०१९ | कुल लागत :× |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. २०६१/६२ को बजेटः रू.१७६०० हजार |
| आयोजनाको प्रकृतिः क्षमता विकास | स्रोतः श्री ५ को सरकार, वैदेशिक ऋण आइ डी ए/ पी आर एस सी |

कार्यक्रमको स्थिति/प्रगति

सहकारीताको सिद्धान्त र सहकारी आन्दोलनको मर्म अनुरूप सहकारी व्यवसाय प्रवर्द्धनका लागि क्षमता विकास सम्वद्ध तालिम कार्यक्रम संचालन गर्ने तथा अध्ययन अनुसन्धान तथा विश्लेषण गरी तालिमको प्रभावकारीता बढाउने दृष्टिबाट यो केन्द्रको कार्यक्रम सन्चालन हुँदै आएकोछ। यस अन्तर्गत सहकारी प्रशिक्षक प्रशिक्षण, लेखापालन, बजार प्रवर्द्धन सहकारी व्यवस्थापन एवं सचेतन सम्बन्धी तालीम संचालनका साथै अध्ययन अनुसन्धान गरि प्रशिक्षकहरूको क्षमता विकास र तालिम सामाग्री अध्यावधिक गर्ने कार्यक्रमहरू सन्चालन हुने गरको छ। आ.व. ०६०/६१ मा यस आयोजना अन्तर्गतका विभिन्न प्रकारका तालीमबाट करीव ३५०० सहकारी सरोकारवालाहरूको क्षमता विकास भई लाभान्वित भएको अनुमान छ। साथै छात्रावासको विग्रेको सेपटीटैंक ढल प्रणालीमा आवद्ध भै वातावरण सुधार गर्ने कार्य सम्पन्न भएको छ। राष्ट्रिय सहकारी गोष्ठि पनि सम्पन्न भएको छ।

आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा तालीम कार्यक्रमलाई क्षेत्रीयस्तरमा विकेन्द्रीत गर्ने व्यवस्था मिलाई केन्द्रमा प्रशिक्षक प्रशिक्षणमा जोड दिने गरि कार्यक्रम संचालन हुनेछ। यस कार्यक्रम बाट आ. व. ०६१/६२ मा ५४५ केन्द्रस्तरका र २ हजार ७८५ क्षेत्रस्तरका तथा २ हजार २५० जिल्लास्तरका सहकारी सरोकारवालाहरूले तालीम प्राप्त गर्नेछन्। यसबाट सहकारी सरोकारवालाहरूको क्षमता विकास भई ग्रामीण आर्थिक क्रियाकलापहरू प्रवर्द्धन गर्नमा टेवा पुग्नेछ। यस केन्द्रको संचालनबाट सहकारी कर्मीहरूको क्षमता विकास भई सहकारी व्यवसाय प्रवर्द्धनमा योगदान पुग्नेछ।

अपेक्षित उपलब्धि :

केन्द्रस्तरको तालीमबाट ५४५ र क्षेत्रस्तरको तालीमबाट २ हजार ७८५ तथा जिल्लास्तरको तालीम शिवीरबाट २ हजार २५० जना सहकारी सरोकारवालाहरूले तालीम प्राप्त गर्ने।

सहकारी क्षेत्र सुदृढीकरण आयोजना (४०-३-६२०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५७/५८ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. २४०७५ हजार |
| आयोजनाको प्रकृतिः बजार व्यवसाय विकास | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए / पी आर एस सी |

आयोजनाको स्थिति/प्रगति

सहकारी क्षेत्रमा नियमित अनुगमन तथा नियमन कार्यमा आएको शिथिलता हटाई प्रभावकारीता ल्याउने र सहकारी प्रवर्द्धनमा टेवा पुऱ्याउने दृष्टिबाट यो आयोजना/कार्यक्रम शुरू गरिएको छ। यस अन्तर्गत सहकारी प्रवर्द्धन, सहकारी संस्था अनुगमन तथा नियमन व्यवस्था सम्बन्धी कायक्रर्महरू संन्चालन हुनेछन्। आ.व. ०६०।६१ मा यस कार्यक्रमबाट ६० वटा संस्थाहरूको सहकारी व्यवस्थापन अध्ययन गरिएको १२९५ संस्थाहरूको अनुगमन गरी क्रियाशीलताका लागि मार्गदर्शन गरिएको, सहकारी ऐन नियम सम्बन्धी गोष्ठी गरि सुधारका सुझावहरू तैयार गरिएको छ। सहकारी विकास बोर्डको सहकारी विकास कोष मार्फत टेवा पुऱ्याउने गरि भेरि शीत भण्डार स्थापनाको प्रारम्भिक कार्यहरू भएका छन्। अन्तर्राष्ट्रिय कृषि विकास सहकारी संयन्त्रको साधारण सभा नेपालमा आयोजना भएको छ। साथै सहकारीको अन्तर्राष्ट्रिय संगठनमा नेपालको सदस्यताको निरन्तरता रहेको छ।

आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा सहकारी व्यवस्थापनमा सहकारी विकास कोष मार्फत भेरी शीत भण्डारको निर्माणलाई थप टेवा पुऱ्याईने छ। सहकारी नियमन कार्यक्रम अन्तर्गत संस्थाहरूको निरीक्षण अनुगमन गरी प्रभावकारिताको लागि निर्देशित गर्ने, सहकारी क्षेत्रको तथ्यांक अध्यावधिक गर्ने, १०० वटा कृषक समूहलाई सहकारीकरण गर्ने, सुदूर पश्चिमका महिला एवं दलित जनजातिबाट ४० जनालाई सहकारी व्यवसाय सम्बन्धी अन्तरक्रियामा सहभागि गराउने, सहकारी विकास बोर्ड मार्फत ३ वटा सहकारी संस्थालाई सक्षम व्यवसायिक निकायको नमूना सहकारी संस्थाको रूपमा प्रवर्द्धन गर्न कार्यक्रम संचालन हुने छन्। यस आयोजनाको कार्यक्रमहरूबाट सहकारी व्यवसाय प्रवर्द्धनमा टेवा पुग्न जानेछ।

**अपेक्षित उपलब्धि :**

सहकारी व्यवस्थापनमा सहकारी विकास कोष मार्फत भेरी शीत भण्डारको निर्माण हुने । सहकारी नियमन कार्यक्रम सन्चालन हुने । सहकारी क्षेत्रको तथ्यांक अध्यावधिक हुने । १०० वटा कृषक समूहको सहकारीकरण हुने । सुदूर पश्चिमका महिला एवं दलित जनजातिबाट ४० जनाले सहकारी व्यवसाय तालिम पाउने । सहकारी विकास बोर्ड मार्फत ३ वटा सहकारी संस्थालाई सक्षम व्यवसायिक निकायको नमूना सहकारी संस्थाको रूपमा लान ति संस्थाको क्षमता विकास हुने ।

**चिया विकास प्रवर्द्धन (४०-३-७७१)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०४८ | **कूल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालबसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. ३४९६ हजार |
| **आयोजनाको प्रकृतिः** उत्पादन सेवा | **श्रोतः** बैदेशिक ऋण आइ डी ए / पी आर एस सी |

**कार्यक्रमको स्थिति/प्रगति**

चिया खेती तथा चिया उद्योग प्रवर्द्धनमा रहेका समस्या पहिचान, सम्वद्ध सूचना तथा तथ्यांक विश्लेषण र साना कृषकहरूको चिया खेती विस्तारमा टेवा पुऱ्याउने दृष्टिबाट यो कार्यक्रम सन्चालन भएको छ। यस अन्तर्गत चिया कफि संबद्ध समस्या पहिचान, सूचना तथ्यांक संकलन तथा प्रकाशन, साना कृषक चिया प्रवर्द्धन सम्वद्ध कार्यक्रमहरू भएका छन् । आ.व. ०६०।६१ मा यस आयोजना अन्तर्गत चिया कफि संबद्ध समस्या निराकरणमा सूचना तथा तथ्यांक उपलब्ध हुने, १०० साना कृषकहरूमा चिया खेति प्रवर्द्धन टेवा पुग्ने र नुवाकोटमा चिया विस्तार केन्द्र स्थापनाको प्रारम्भिक कार्य सम्पन्न हुने अनुमान छ ।

**आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

आ. व. ०६१/६२ मा चिया कफी सम्बन्धी सूचना तथ्यांक अद्यावधिक गर्ने, साना चिया कृषकहरूको प्रवर्द्धन कार्यहरू गर्ने, नुवाकोट तथा सिन्धुपाल्चोकमा विशेष चिया उत्पादन तथा विस्तार गर्ने, नुवाकोट ककनीमा निर्माणधिन घर पूरा गर्ने, जिल्ला स्तरमा चिया विकास प्रवर्द्धनमा प्राविधिक सेवा पुऱ्याउने जस्ता कार्यक्रमहरू सन्चालन हुनेछन् । यसबाट चिया क्षेत्र विस्तार र कृषकहरूको आय तथा रोजागार प्रवर्द्धनमा टेवा पुग्नेछ ।

**अपेक्षित उपलब्धि**

चिया कफी सम्बन्धी सूचना तथ्यांक अद्यावधिक हुने, साना चिया कृषकहरूको प्रवर्द्धन कार्यहरू गरिने । नुवाकोट तथा सिन्धुपाल्चोकमा विशेष चिया उत्पादन क्षेत्र विस्तार हुने । नुवाकोट ककनीमा निर्माणधिन घर पूरा हुने । जिल्ला स्तरमा चिया विकास प्रवर्द्धनमा प्राविधिक सेवा पुऱ्याउ पुग्ने । यसबाट चिया क्षेत्र विस्तार र कृषकहरूको आय तथा रोजागार प्रवर्द्धनमा टेवा पुग्नेछ ।

**राष्ट्रिय दुग्ध विकास वोर्ड (मिल्क होलिडे बन्द कार्यक्रम) (४०-३-७७३)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०५६/५७ | **कूल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालबसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. ५०० हजार |
| **आयोजनाको प्रकृतिः** उत्पादन सेवा | **श्रोतः** बैदेशिक अनुदान डी आर एफ / जापान |

**कार्यक्रमको स्थिति/प्रगति**

दूध बिदाको समस्या घटाउन दूध प्रशोधन क्षमता स्थानीय स्तरमा बढाउन सहयोग गर्ने दृष्टिबाट यो कार्यक्रम सन्चालन भएको छ। यस अन्तर्गत आ. व. ०६०/६१ मा दूध बजार प्रवर्द्धन गर्न कोहलपुर प्रशोधन प्लान्ट स्थापनामा टेवा पुऱ्याइको छ ।

**आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

आ. ब. ०६१/६२ मा दुध बजार प्रवर्द्धन क्षमता विकास सम्बन्धि अध्ययन, दूध गुणस्तर सुधार, दुग्ध उद्योगहरूको अनुगमन, मिल्को टेष्टर वितरण, क्षमता विकास जस्ता कार्यक्रमहरू आन्तरिक श्रोत समेतबाट सन्चालन हुनेछन् । यसबाट दूध व्यवसाय विकासमा टेवा पुग्ने अपेक्षा रहेको छ ।

**अपेक्षित उपलब्धि**

दुध बजार प्रवर्द्धन क्षमता विकास सम्बन्धि अध्ययन, दूध गुणस्तर सुधार, दुग्ध उद्योगहरूको अनुगमन, मिल्को टेष्टर वितरण, क्षमता विकास जस्ता कार्यक्रमहरू आन्तरिक श्रोत समेतबाट सन्चालन हुनेछन् । यसबाट दूध व्यवसाय विकासमा टेवा पुग्ने अपेक्षा रहेको छ ।

### कृषि अनुसन्धान तथा विकास

कृषि उत्पादन तथा उत्पादकत्व बृद्धिका लागि कृषि प्रविधिहरूको खोजी गर्ने, अध्ययन परीक्षण अनुसन्धान कार्यहरू गरी कृषि पशु प्रसारका लागि प्रविधि सिफारिस गर्ने दृष्टिबाट कृषि अनुसन्धान कार्यक्रमहरू सन्चालन हुँदै आएका छन् । कृषि प्रविधिको विकास कार्य दीर्घकालिन कृषि योजनाले पहिचान गरेको प्रमुख उत्पादन साधनहरू मध्ये महत्वपूर्ण साधनको रूपमा रहेको छ । यस अन्तर्गत निम्न अनुसन्धान कार्यक्रमहरू सन्चालनमा रहेका छन् । आ. व. ०६१/६२ मा ३०९ अनुसन्धान आयोजना संचालन भई कृषि/पशु प्रविधि विकासमा योगदान गर्नेछन् ।

### कृषि अनुसन्धान परिषद् (४०-३-७००)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०४८ | **कुल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. ४८३०० हजार |
| **आयोजनाको प्रकृतिः** अनुसन्धान तथा विकास | **श्रोतः** श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए / पी आर एस सी |

### कार्यक्रमको स्थिति/प्रगति

यस कार्यक्रम अन्तर्गत विभिन्न वालीहरूको प्रविधि तथा प्राविधिक विकास सम्बन्धी अनुसन्धान तथा वाह्य अनुसन्धान र प्रजनन तथा मूल वीउ उत्पादन कार्यक्रमहरू सन्चालन हुँदै आएका छन् । आ.व. ०६०।६१ मा यस कार्यक्रम अन्तर्गत तेल, उखु, जूट वालीहरू, कृषि इन्जिनियरिङ्ग, वीउ प्रविधि, जैविक प्रविधि, कृषि वातावरण, खाद्य अनुसन्धान, कृषि वनस्पति, वाली रोग व्यवस्थापन आदिमा नयाँ प्रविधि विकास सम्बन्धी कार्यहरू सन्चालनमा छन् । प्रजनन तथा मूल बीउ ६५ मे. टन उत्पादन भई प्रसारका लागि उपलब्ध हुने भएका छन् ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा पनि यस कार्यक्रम अर्न्तगत तेल, उखु, जूट वालीहरू, कृषि इन्जिनियरिङ्ग, वीउ प्रविधि, जैविक प्रविधि, कृषि वातावरण, खाद्य अनुसन्धान, कृषि वनस्पति, बाली रोग व्यवस्थापन आदिमा नयाँ प्रविधि विकास सम्बन्धी कार्यहरू सन्चालन गरी प्रविधि विकासमा निरन्तरता रहनेछ । साथै प्रजनन तथा मूल वीउ उत्पादन कार्यक्रमहरू पनि सन्चालन हुनेछन् ।

### अपेक्षित उपलब्धि

कृषि उत्पादकत्व वृद्धिमा योगदान गर्ने प्रविधि विकासमा निरन्तरता रहने ।

### कृषि अनुसन्धान कार्यक्रम (४०-३-७१०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०४८ | **कुल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालवसाली | **आ.व. ०६१/६२ को बजेटः** रू. २१०५०० हजार |
| **आयोजनाको प्रकृतिः** अनुसन्धान तथा विकास | **श्रोतः** श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए / पी आर एस सी |

### कार्यक्रमको स्थिति/प्रगति

यस कार्यक्रम अन्तर्गत प्राथमिकताका विभिन्न खाद्य वाली, पहाडी बाली, व्यावसायिक तथा औद्योगिक वाली, फलफूल मूलतः सुन्तला, स्याउ, तरकारी, घाँसे बाली, मासु, दूध, फुल आदि विभिन्न विषयवस्तु जस्तै माटो विज्ञान, वालि विज्ञान, कीट विज्ञान, पशु प्रजनन, पशु आहारा, पशु स्वास्थ्य, पशु चरन आदिमा अनुसन्धान एवं परिक्षण गर्ने, प्रजनन र मूल वीउ/नश्ल उत्पादन गर्ने कार्यक्रम सन्चालन हुँदै आएका छन् । आ.व. ०६०/६१ मा यस कार्यक्रम अन्तर्गत विभिन्न वालीहरूको नयाँ जातहरूको विकासमा टेवा पुग्ने, विभिन्न विषय वस्तुमा नयाँ प्रविधि सिफारिस हुने, ५०० मे टन मूल वीउ / प्रजनन् वीउ उत्पादन हुने र अनुवांसिकी श्रोत संरक्षणको कार्यक्रमहरू सन्चालन रहेका छन् ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा पनि विभिन्न बालीहरूको नयाँ जातहरूको विकासमा टेवा पुऱ्याउने, विभिन्न विषय वस्तुमा नयाँ प्रविधि सिफारिस गर्ने, मूल वीउ/प्रजनन् वीउ उत्पादन गर्ने र अनुवांसिकी श्रोत संरक्षणको सम्बन्धी कार्यक्रमहरूको सञ्चालनमा निरन्तरता रहने छ ।

### अपेक्षित उपलब्धि

कृषि उत्पादकत्व वृद्धिमा योगदान गर्ने प्रविधि विकास कार्यमा निरन्तरता रहने ।

**प्राकृतिक जलाशय मत्स्य विकास आयोजना (४०-३-७५०)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५९/६० | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ३०००० हजार |
| आयोजनाको प्रकृतिः अनुसन्धान तथा विकास | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान के आर २ |

**आयोजनाको स्थिति/प्रगति**

यस कार्यक्रम अन्तर्गत प्राकृतिक जलाशय एवं ताजापानीमा माछा पालन व्यवस्थापन प्रविधिको अनुसन्धान परीक्षण र प्रजनन तथा मूल बीज उत्पादन सम्बन्धी कार्यक्रम सन्चालन भइरहेको छ। आ.व. ०६०।६१ मा यस कार्यक्रम अन्तर्गत ट्राउट, असला आदि वढी मोल पर्ने माछा श्रोत वीउ उत्पादन भै त्यसको उपलब्धताबाट कृषकको उत्पादन र आयबृद्धिमा योगदान भइरहेको छ। साथै उन्नत जातका माछा भुराहरू ४० लाख उत्पादन भई प्रसारका लागि उपलब्ध भएका छन्।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ. व. ०६१/६२ मा पनि यी कार्यक्रमहरू अन्तर्गत ट्राउट, असला आदि वढी मोल पर्ने माछा श्रोत वीउ उत्पादन गर्ने तिनको व्यवस्थापन प्रविधि पहिचान गर्ने र स्रोत माछा भूरा उत्पादन गरी ह्याचरी तथा उद्यमी कृषकहरूलाई उपलब्धत गराउने जस्ता कार्यक्रमहरूमा निरन्तरता रहने छ। यस आयोजनावाट चिसो पानीमा पाइने बढी मोल जाने माछा उत्पादन प्रविधि विकास हुन जानेछ।

**अपेक्षित उपलब्धि**

चिसो पानीमा पाईने बढी मोल जाने माछा उत्पादन प्रविधि विकासमा निरन्तरता रहने।

**पहाडी मकै अनुसन्धान आयोजना (४०-३-७६१)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०६०/०६१ | कूल लागतः २.७ मिलियन अमेरीकी डलर |
| सम्पन्न हुने मितिः २०६४/०६५ | आ.व. ०६१/६२ को बजेटः रू. २२८८९ हजार |
| आयोजनाको प्रकृतिः अनुसन्धान तथा विकास | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान एस डी सी |

**आयोजनाको स्थिति/प्रगति**

यस आयोजना अन्तर्गत प्रमुख पहाडी खाद्यान्न मकैको उत्पादन तथा उत्पादकत्व बृद्धिकालागि उन्नत प्रविधिको आयात, स्थानीय उपयुक्तता परिक्षण, जातीय सुधार आदि अध्ययन कार्यक्रमहरू सन्चालन भैरहेका छन्। आ.व. ०६०।६१ मा यस कार्यक्रम अन्तर्गत वढी उत्पादकत्व दिने उन्नत मकैको स्थान विशेषमा उपयुक्त जातहरूको पहिचान र व्यवस्थापन प्रविधि विकासमा टेवा पुऱ्याउने कार्य भैरहेको छ।

**आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू**

आ. व. ०६१/६२ मा वढी उत्पादकत्व दिने उन्नत मकैको स्थान विशेषमा उपयुक्त जातहरूको पहिचान र व्यवस्थापन सम्बन्धी प्रविधि विकासमा टेवा पुऱ्याउने र वैज्ञानिक आदानप्रदान सम्बन्धी कार्यमा निरन्तरता रहनेछ।

**अपेक्षित उपलब्धि**

पहाडी क्षेत्रको मूख्य खाद्य बस्तुको रूपमा रहेको मकैको उत्पादन बृद्धिमा टेवा पुग्न गई खाद्य सुरक्षा बृद्धिमा टेवा पुग्न जाने।

**कृषि तथा पशु प्रसार सेवा कार्यक्रमहरू**

उपलब्ध कृषि प्रविधिहरूको प्रयोगबाट कृषकहरूको श्रोत र साधन अनुरूप कृषि उत्पादन वृद्धि गराउने उत्पादित वस्तुको संरक्षण भण्डारण, प्रशोधन तथा बजारमा बिक्री व्यवस्थापनका सम्पूर्ण पक्षहरूमा प्राविधिक सेवा उपलब्ध गराउने, पूर्वाधार विकास सम्वद्ध कार्यक्रमहरूमा टेवा पुऱ्याउने उद्देश्यले कृषि तथा पशु प्रसार सम्वद्ध जिल्ला स्तरीय कार्यक्रमहरू सन्चालन हुँदै आएका छन्। यी कार्यक्रमहरू निम्न अनुसार छन्।

**कर्णाली अञ्चल कृषि विकास कार्यक्रम (जिल्लास्तर) (४०-३-८०१/४०-४-८०१)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५७/५८ | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ७४७९६ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान के आर २ |

### कार्यक्रमको स्थिति/प्रगति

यस आयोजना अन्तर्गत व्यवसायिक फलफूल विकास, तरकारी विकास, आलु विकास, गेडागुडी उत्पादन विकास, संभाव्य खाद्यान्न उत्पादन विकास, कृषि सेवा प्रसार, प्रविधि प्रसार, पशु सेवा कार्यक्रम, चरन विकास दलितमुखी कार्यक्रम प्रवर्द्धन सेवा संचालन जस्ता कार्यक्रमहरू जिल्ला विकास समितिको प्राथमिकता अनुरुप कृषि अनुसन्धान र प्रसारले आवद्धित रुपमा कार्यक्रम संचालन गर्ने व्यवस्था छ। यस कार्यक्रमबाट आ.व. ०६०।६१ मा जिल्ला विकास समितिबाट कार्यक्रम स्वीकृत भै स्याउको क्षेत्रफल बृद्धि, बगैचा व्यवस्थापन सेवा, प्रत्येक जिल्लामा बाह्य अनुसन्धान प्रीक्षण केन्द्रमार्फत स्थानीय राम्रो जात तथा बाह्य उन्नत बीउ बिजनको परीक्षण, उन्नत नश्लको प्रचार प्रसार, जनचेतना अभिवृद्धि, चरन विकास टेवा, मलखाद ढुवानी टेवा जस्ता कार्यक्रमहरू भएका छन्।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा यी कार्यक्रमहरूमा बाह्य अनुगमन केन्द्रमा कृषक समूहमा अन्तरक्रिया मार्फत बालि तथा बागवानी कार्यक्रमहरू संचालन हुने छन्। दीर्घकालिन कृषि योजना जिल्ला तथा राष्ट्रिय कार्यान्वयन आयोजनाबाट हुम्ला जिल्लामा जिल्ला प्रसार उपकोष एवं स्थानीय प्रयास उपकोष मार्फत लक्षित समूहको माग अनुरूप आय तथा रोजगार प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ। जुम्लामा स्थानीय कृषक सहभागिता सेलार स्टोर को निर्माण, सामुदायिक पशु विकास आयोजना अन्तर्गत सहभागितात्मक रूपमा समस्या पहिचान अध्ययन गरि थलो मै समस्या निराकरण कार्यक्रम पनि संचालन गरिनेछ। प्रत्येक जिल्लाले कम्तीमा एक दलित समूहलाई कृषि उत्पादन वा व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने व्यवस्था मिलाउनेछन्।

### अपेक्षित उपलब्धि

यी कार्यक्रमहरूबाट कृषि उत्पादन वृद्धिका साथै कृषकको आय तथा रोजगारमा टेवा पुग्ने।

### बालीविधिकरण आयोजना (जिल्लास्तर) (४०-३-८०४/४०-४-८०४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५८/५९ | कूल लागतः १४.०४ अमेरिकी डलर |
| सम्पन्न हुने मितिः २०६५/६६ | आ.व. ०६१/६२ को बजेटः रू. १४९१६० हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण ए डी बी |

### आयोजनाको स्थिति/प्रगति

यस आयोजना अन्तर्गत सुदूर र मध्य पश्चिमान्चल विकास क्षेत्रका १२ जिल्लाहरूमा तरकारी, मकै, आलु, तेलहन, अदुवा, दलहन, भटमास, सुन्तला र अन्य फलफूल, माछा विकास जस्ता बालीको विकास कार्यक्रमहरू प्रत्येक जिल्लामा कम्तीमा १।१ पकेट करारमा संचालन समेतबाट कृषि प्रसार सेवा उपलब्ध गराउने गरी कार्यक्रमहरू संचालन भइरहेका छन्। आ.व. ०६०।६१ मा यस कार्यक्रम अन्तर्गत दातृ सहयोग प्रतिवद्धता सँग मेल खाने गरी सामाजिक परिचालकको प्रयोग र करार समेतमा पकेट क्षेत्रहरूमा जिल्ला विकास समितिबाट निक्षेपण अनुरुप आ-आफ्नो प्राथमिकता अनुसार कार्यक्रम छनौट गरी प्रविधि प्रसार कार्यहरू भएका छन्।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा पनि जिल्ला विकास समितिबाट यस कार्यक्रम अन्तर्गत दातृ सहयोग प्रतिवद्धता सँग मेल खाने गरी सामाजिक परिचालकको प्रयोग र करार समेतमा पकेट क्षेत्रहरूमा जिल्ला विकास समितिबाट निक्षेपण अनुरुप आ-आफ्नो प्राथमिकता अनुसार कार्यक्रम स्वीकृत गरि उपलब्धि मूलक रूपमा कार्यक्रमहरू संचालन गरिनेछन्। प्रत्येक जिल्लाले कम्तीमा एक दलित समूहलाई कृषि उत्पादन वा व्यवसाय प्रवर्द्धनमा टेवा पुऱ्याउने व्यवस्था मिलाउनेछन्।

### अपेक्षित उपलब्धि

यस आयोजना संचालनबाट कृषकहरूको आय तथा रोजगार बृद्धिका साथै कृषि उत्पादन बृद्धिमा योगदान पुग्ने।

### कृषि प्रसार कार्यक्रम (जिल्लास्तर) (४०-३-८०५)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व. ०६१/६२ को बजेटः रू. ४२४१९६ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण आइ डी ए / पी आर एस सी |

### कार्यक्रमको स्थिति/प्रगति

यस कार्यक्रम अन्तर्गत वाली सघनता तथा उत्पादकत्व बृद्धि, फार्म जल उपयोग व्यवस्थापन, खाद्यान्न वीज बृद्धि, रेशम खेति विकास, नगदेवाली विकास, फलफूल तरकारी, मौरी, आलु मसला वाली विकास सम्बन्धी कार्यहरू, माटो, विउ, वाली संरक्षण, मलखादहरूको प्रविधि प्रसार, बजार सूचना प्रवर्द्धन, दलितमुखी कार्यक्रम प्रवर्द्धन, जिल्लाको कृषि योजना तर्जुमा अनुगमन तथा मूल्यांकन र कार्यक्रम समन्वय गर्ने कार्यहरू गर्ने जस्ता कार्यक्रमहरू सन्चालन हुनेछन्। आ.व. ०६०।६१ मा यस अन्तर्गत जिल्ला विकास समितिबाट निक्षेपण अनुरुप आ-आफ्नो प्राथमिकता अनुसार कार्यक्रम छनौट गरी प्रविधि प्रसार कार्यहरू भएका छन्।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा यस कार्यक्रम अन्तर्गत प्रत्येक जिल्लाले कम्तिमा एक दलित समूह समेतलाई कृषि उत्पादन वा व्यवसायमा सम्लग्न गराउने गरी आ-आफ्ना प्राथमिकता अनुरूप कार्यक्रम स्वीकृत गरि उपलब्धि मूलक रूपमा कार्यक्रम संचालन गर्नेछन्।

### अपेक्षित उपलब्धि

यो कार्यक्रम संचालनबाट कृषि उत्पादन बृद्धिमा टेवा पुग्नुको साथै कृषकहरूको आय तथा रोजगार बृद्धिमा योगदान पुग्ने।

### पशु सेवाप्रसार कार्यक्रम (जिल्लास्तर) (४०-३-८१३/४०-४-८१३)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः सालवसाली | कूल लागतः × |
| सम्पन्न हुने मितिः नखुल्ने | आ.व. ०६१/६२ को बजेटः रू. २२०५६३ हजार |
| आयोजनाको प्रकृतिः सालवसाली/उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक अनुदान डी आर एफ् / जापान |

### कार्यक्रमको स्थिति/प्रगति

यस कार्यक्रम अन्तर्गत चरन, आहारा, पोषण, पशु व्यवस्थापन, कृत्रिम गर्भाधान आदि पशु विकास सेवा, पशु स्वास्थ्य सेवा, पशु बजार सूचना सेवा, पकेट क्षेत्र विस्तार, बाखा कुखुरा प्रवर्द्धन, दलित मुखी कार्यक्रम प्रवर्द्धन सम्बन्धी कार्यक्रमहरू ४८ जिल्लामा सन्चालन हुनेछन्। आ.व. ०६०।६१ मा यस कार्यक्रम अन्तर्गत जिल्ला विकासबाट समितिले निक्षेपण अनुरुप आ-आफ्नो प्राथमिकता अनुसार पशु स्वास्थ्य कार्यक्रम, पशु नश्लसुधार, आहारा बजार विकास तालीम कार्यक्रमहरूका साथै पकेट प्याकेज कार्यक्रममा फलोअप गर्ने जस्ता कार्यहरू भएका छन्।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

आ. व. ०६१/६२ मा निक्षेपीत र नियमन सेवा गरी दुई किसिमको कार्यक्रम उपलब्धिमूलक रूपमा जिल्ला विकास समितिहरूबाट तयार गरी सन्चालन गरिने छ। यसमा प्रत्येक जिल्ला कम्तिमा एक दलित समूह समेतलाई पशु उत्पादन वा व्यवसायमा सम्लग्न गराउने गरी कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाउने छन्।

### अपेक्षित उपलब्धि

यो कार्यक्रम संचालनबाट पशु उत्पादन बृद्धिका साथै कृषकको आय तथा रोजगार बृद्धिमा टेवा पुग्ने।

### सामूदायिक पशु विकास आयोजना (जिल्लास्तर) (४०-३-८१६/४०-४-८१६)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०६०/६१ | कूल लागतः ३३.८ मिलियन अमेरिकी डलर |
| सम्पन्न हुने मितिः २०६६/६७ | आ.व. ०६१/६२ को बजेटः रू. १३१०७३ हजार |
| आयोजनाको प्रकृतिः उत्पादन सेवा | श्रोतः श्री ५ को सरकार, बैदेशिक ऋण ए डी बी |

### आयोजनाको स्थिति/प्रगति

एशियाली विकास बैंकको ऋण सहयोगमा तेस्रो पशु विकास आयोजनाको अनुभवलाई समेटेर अधिराज्यको २२ जिल्लामा जिल्लास्तरमा सहभागितात्मक पद्धति अनुरूप यो कार्यक्रम संचालन गर्न यो आयोजना शुरू भएको छ।

### आ.व. ०६१/६२ को मूख्य मूख्य कार्यक्रमहरू

यस कार्यक्रम अन्तर्गत पशु विकास सेवा कार्यक्रममा चरन, आहारा, पोषण, पशु व्यवस्थापन, कृत्रिम गर्भाधान आदि पशु स्वास्थ्य सेवा, पशु बजार सूचना सेवा, पकेट क्षेत्र विस्तारमा प्रत्येक जिल्लामा कम्तिमा २ वटा नयाँ पकेट क्षेत्र छनौट गरी प्याकेज कार्यक्रम संचालन गरिने, बाखा कुखुरा प्रवर्द्धन, दलितमुखी, मुक्त कमैया र पिछडिएका वर्गका

लागि कार्यक्रमहरू संचालन हुने छन्। यी आयोजना क्षेत्रमा पनि श्री ५ को सरकार र दातृसंस्था बीच भएको सम्झौमा नबाझिने गरी निक्षेपित र नियमन सम्बद्ध गरी २ किसिमका कार्यक्रम जिल्ला विकास समितिहरूबाट तयार गरी सन्चालन गरिने छ।

**अपेक्षित उपलब्धि**

यो आयोजना संचालनबाट पशुजन्य उत्पादन वृद्धिका साथै कृषकहरूको आय तथा रोजगारमा टेवा पुग्न जाने।

**आयोजनागत बजेट तथा प्राथमिकता :**

माथि प्रस्तुत गरिएका प्रमुख कार्यक्रमहरूको कार्यान्वयन गर्न विनियोजित आयोजनागत बजेट तथा प्राथमिकता एवं दशौं योजनाको सम्बद्ध रणनीतिक स्तम्भ संकेत खुलेको विवरण अनुसूची २.१.२ मा दिइएको छ।

अनुसूची २.१.१
प्रमुख कृषि उत्पादन तथा उत्पादन सामाग्रीहरूको
समष्टिगत स्थिति अनुमान र आ.व. २०६१/६२ को प्रक्षेपित लक्ष्य

| | कार्यक्रम | इकाई | ०५९।६० को स्थिति | ०६०।६१ का लक्ष्य | २०६०/६१ को प्रगति अनुमान | २०६१।६२ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| १) | खाद्यान्न बाली | हजार मे.टन | ७३६० | ७५७४ | ७७४४ | ८३०७ |
| | धान | " | ४१२३ | ४३०० | ४४५६ | ४९२३ |
| | मकै | " | १५६९ | १६०० | १५९० | १७४७ |
| | गहुं | " | १३४४ | १३५० | १३८७ | १३०९ |
| | कोदो | " | २८३ | २८९ | २८३ | २९१ |
| | जौ | " | ३२ | ३५ | २८ | ३५ |
| २) | दलहन | " | २५७ | २६२ | २६२ | २७० |
| ३) | नगदे बाली | " | २४८८.४ | २५५६.५ | २४५८.२ | २५६५ |
| | तेलहन | " | १२५ | १३५ | १३३ | १३८ |
| | उखु | " | २३४३ | २३०५ | २३०५ | २४०५ |
| | सूर्ति | " | ३.४ | ४ | ३.३ | ४ |
| | जुट रेशा | " | १७ | १७.५ | १६.९ | १८ |
| ४) | बागवानी | " | | | | |
| | फलफूल | " | ५१९ | ५३२ | ५१० | ५३८ |
| | तरकारी | " | १८०० | १८०० | १८९० | २०२० |
| | आलु | " | १५३१ | १५६० | १६४३ | १६६० |
| ५) | अन्य बाली | मे.टन | २०९६६३ | १६७५८ | १९५०१६ | २१४०६७ |
| | चिया | मेटन | ८११८ | १०००० | ९००० | १०००० |
| | रेशम कोया | " | ३५ | ४० | ४० | ४७ |
| | अलैंची | " | ५८८० | ६३५१ | ६३५७ | ६५०० |
| | कफी | " | १८७ | १६७ | २४० | २५० |
| | मह | " | १८० | २०० | २०० | २७० |
| | अदुवा | " | १४००५६ | | १२३७८५ | १४०००० |
| | लसुन | " | २२६६७ | | २३११४ | २४००० |
| | बेसार | " | २१५९२ | | २१८०३ | २२००० |
| | खुर्सानी | " | १०८६८ | | १०४६७ | ११००० |
| ६) | संस्थागत खाद्यान्न बीउ विक्री | " | २०५३ | ३००० | २४०० | २९५५ |
| ७) | तरकारी बीउ उत्पादन | " | ७१६ | ७५५ | ७५५ | ८१७.१७ |
| | सरकारी क्षेत्र | " | १६ | १६ | १६ | ८.१७ |
| | निजि क्षेत्र | " | ७०० | ७३९ | ७३९ | ८१७ |
| ८) | फलफूल विरुवा उत्पादन वितरण (कफि समेत) | हजार सख्या | ११५४ | १२७० | ९५८ | १२२५ |
| | सरकारी क्षेत्र | " | २२८ | ३०० | २२६ | १९० |

| | कार्यक्रम | इकाई | ०५९।६० को स्थिति | ०६०।६१ का लक्ष्य | २०६०/६१ को प्रगति अनुमान | २०६१।६२ को प्रक्षेपण |
|---|---|---|---|---|---|---|
| | निजी क्षेत्र | " | ९२६ | ९७० | ७३२ | १०३५ |
| ९) | माछा भूरा उत्पादन तथा वितरण | " | ७७००० | ८३७२८ | ८३७२८ | ८४६०० |
| | सरकारी क्षेत्र | " | १८००० | २१२२२८ | २१२२२८ | २१८०० |
| | निजि क्षेत्र | " | ५९००० | ६२५०० | ६२५०० | ६२८०० |
| १०) | दुध तथा दुग्ध पदार्थ उत्पादन | हजार मेटन | ११९६ | १२३५ | १२२५ | १३१५ |
| ११) | मासु उत्पादन | हजार मेटन | २०४ | २१० | २०८ | २२० |
| १२) | फुल उत्पादन | करोड गोटा | ५५.७४ | ५९.६ | ५६.१ | ६४ |
| १३) | माछा | हजार मेटन | ३६.५ | ४० | ४० | ४२ |
| १४) | उन्नत पशु उत्पादन | संख्या | ११००० | २२३८२ | २१३८२ | २१२०८ |
| | सरकारी फार्म | | ८०० | १३८२ | १३८२ | १२०८ |
| | कृत्रिम गर्भाधानबाट | | १०२०० | २१००० | २०००० | २०००० |
| १५) | उन्नत पंक्षी /चल्ला उत्पादन (सरकारी फार्म) | " | ६०००० | १३३००० | १३२००० | १३०००० |
| १६) | रसायनिक मल (पोषक तत्व) | हजार मे.टन. | ८९ | १३२ | ११६ | १५१ |
| | निजी क्षेत्र | प्रतिशत | ६० | ६५ | ८० | ७५ |
| | सरकारी क्षेत्र | " | ४० | ३५ | २० | २५ |
| १७) | कृषि ऋण (कृषि विकास बैंक) (वाणिज्य कर्जा बाहेक) | रु करोड | १०११ | १०५० | १००२ | ११२७ |

अनुसूची २.१.२

आ. व. २०६१/६२ मा कृषि तथा सहकारी क्षेत्रमा संचालन हुने आयोजनागत बजेट, प्राथमिकता तथा रणनीतिक स्तम्भ संकेत

| सि. नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान * | आ.व.२०६१/०६२ को बजेट रू. हजारमा | | | | | | प्राथमिकता संकेत | रणनीतिक स्तम्भ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पूँजीगत तथा सावा भुक्तानी खर्च | श्री ५ को सरकार | बैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| १. | कृषि अनुसन्धान तथा विकास कोष (४०-३-२११) | ६९६० | ५१००० | ५०८७० | १३० | ३००० | २३००० (DFID,DRF/ JAPAN) | २५००० (ADB) | P1 | १ |
| २. | दीर्घकालीन कृषियोजना अनुगमन तथा समन्वय कार्यक्रम (४०-३-२२०) | २०००७ | १५०७९० | १५०७९० | ० | १४१५० | १३६६४० (DFID) | ० | P1 | ४ |
| ३. | विशेष कृषि उत्पादन कार्यक्रम (४०-३-२४१) | ३४१०२ | १३३०० | १३३०० | ० | ३०० | १३००० (KR2) | ० | P1 | १ |
| ४. | बाली विविधिकरण आयोजना (४०-३-२६२/४०-४-२६२) | १०६१६४ | ९२९७९ | ८४०१९ | ८९६० | १४३१३ | २११६५ (JFPR) | ५७५०१ (ADB) | P1 | १ |
| ५. | कृषि विकास आयोजना जनकपुर (४०-३-२७०/४०-४-२७०) | १९८९८ | १५३०० | १३४७० | १८३० | ६०८० | ९२२० (KR2) | ० | P2 | १ |
| ६. | रेशम खेती विकास कार्यक्रम (४०-३-२८०/४०-४-२८०) | ४०३७६ | ४१४०० | ३९९०८ | १४९२ | ९५०० | ३१९०० (KR2) | ० | P1 | १ |
| ७. | बागवानी विकास कार्यक्रम (४०-३-२९१/४०-४-२९१) | ४०६८७ | ४६०३१ | ४५२३८ | ७९३ | ४१५३१ | ४५०० (KR2) | ० | P1 | १ |
| ८. | आलु तरकारी तथा मसला विकास कार्यक्रम (४०-३-३००/४०-४-३००) | १७४२९ | १८९०५ | १८७८० | १२५ | ७९०५ | ११००० (DRF/JAPAN) | ० | P1 | १ |
| ९. | बीउ प्रबंद्धन तथा गुण नियन्त्रण कार्यक्रम (४०-३-३०१/४०-४-३०१) | १५८२७ | १४०६८ | १२८८८ | ११८० | ९५४० | ० | ४५२८ (IDA/PRSC) | P1 | १ |
| १०. | मत्स्य विकास कार्यक्रम (४०-३-३२०/४०-४-३२०) | ४०१९२ | ४२६९० | ३८४२० | ४२७० | १६५९७ | २६०९३ (KR2) | ० | P1 | १ |
| ११. | खाद्य पोषण तथा प्रविधि कार्यक्रम (४०-३-३३०/४०-४-३३०) | ९६१६ | १९६४४ | १५४०४ | ४२४० | ९६४४ | १०००० (DRF/JAPAN) | ० | P1 | १ |

| सि. नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान * | आ.व.२०६१/०६२ को बजेट रू. हजारमा | | | | | | प्राथमिकता संकेत | रणनीतिक स्तम्भ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पूँजीगत तथा सावा भुक्तानी खर्च | श्री ५ को सरकार | बैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| १२. | बाली संरक्षण कार्यक्रम (४०-३-३४०/४०-४-३४०) | २०३२६ | ७०२०७ | ६६७०४ | ३५०३ | २०६८१ | ३२५०० (NORWAY) | १७०२६ (IDA/PRSC) | P1 | १ |
| १३. | व्यावसायिक किट विकास कार्यक्रम (४०-३-३५०/४०-४-३५०) | ८२६४ | ८४९२ | ८४३२ | ६० | ५१०८ | ३३८४ (DRF/JAPAN) | ० | P2 | १ |
| १४. | बाली विकास कार्यक्रम (४०-३-३६०/४०-४-३६०) | ५८३० | १६५११ | १६३७१ | १४० | ७२०० | ० | ९३११ (IDA/PRSC) | P2 | १ |
| १५. | कृषि सूचना तथा संचार केन्द्र (४०-३-३७१) | ९५१७ | १३८१० | १३८१० | ० | १०००० | ० | ३८१० (IDA/PRSC) | P1 | ४ |
| १६. | कृषि प्रसार तथा तालीम कार्यक्रम (४०-३-३८१/४०-४-३८१) | २१९४४ | २६६५८ | २६५९८ | ६० | १७००० | ० | ९६५८ (IDA/PRSC) | P1 | ४ |
| १७. | माटो परीक्षण तथा सुधार सेवा कार्यक्रम (४०-३-४००) | ८५२७ | १२५३६ | १२५३६ | ० | ७२९५ | ० | ५२४१ (IDA/PRSC) | P1 | १ |
| १८. | कृषि व्यवसाय प्रवर्द्धन तथा बजार विकास कार्यक्रम (४०-३-४५०/४०-४-४५०) | १००५२ | १८००४ | १५०१९ | २९८५ | ११५०४ | ० | ६५०० (IDA/PRSC) | P1 | १ |
| १९. | सहकारी खेती, साना सिंचाई तथा मल वीउ ढुवानी कार्यक्रम (४०-३-४६४/४०-४-४६४) | १२२७६७ | १४०००० | ४०००० | १००००० | ४०००० | १००००० (KR2) | ० | P1 | २ |
| २०. | दीगो भू व्यवस्थापन आयोजना (४०-३-४७०/४०-४-४७०) | ४७५४ | ६०४४ | ४१५० | १८९ ४ | ० | ६०४४ (SDC) | ० | P1 | १ |
| २१. | कृषि तालिम तथा प्रसार सुधार आयोजना (४०-३-४७१) | ३२३६ | ३२७५ | ३२७५ | ० | ८०० | २४७५ (KR2) | ० | P1 | ४ |
| २२. | खाद्यान्नबाट संचालित कृषि आयोजनाहरू (खाद्य सुरक्षा टेवा आयोजना) (४०-३-४७२) | १०७६८ | ३४७९२ | ३४७९२ | ० | ० | ३४७९२ (FRANCE) | ० | P1 | १ |
| २५. | पशु पंछी बजार प्रर्वद्धन कार्यक्रम (४०-३-५११) | ० | ४००७ | ४००७ | ० | ३१४३ | ८६४ (DRF/JAPAN) | ० | P1 | १ |
| २३. | पशु स्वास्थ्य सेवा कार्यक्रम (४०-३-५००/४०-४-५००) | ९३२०६ | १००००० | ८७६१२ | १२३८८ | ७०००० | ३०००० (DRF/JAPAN) | ० | P1 | १ |

| सि. नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान * | आ.व.२०६१/०६२ को बजेट रू. हजारमा | | | | | | प्राथमिकता संकेत | रणनीतिक स्तम्भ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पूँजीगत तथा सावा भुक्तानी खर्च | श्री ५ को सरकार | बैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| २४. | पशु विकास सेवा कार्यक्रम (गाई, भैंसी, बाखा र अन्य)(४०-३-५१०/४०-४-५१०) | ३३९१९ | ५६१३९ | ५२८४३ | ३२९६ | २५५१२ | ३०६२७ (DRF/JAPAN) | ० | P1 | १ |
| २६. | पशु विकास फार्महरू (४०-३-५२०/४०-४-५२०) | ३३७८२ | ३७७६५ | ३६८७५ | ८९० | ३७७६५ | ० | ० | P1 | १ |
| २७. | पहाडी कबुलियती वन आयोजना (पशु विकास) (४०-३-५५०) | ५१२४ | ४००० | ४००० | ० | ० | ४००० (DRF/JAPAN) | ० | P1 | १ |
| २८. | पशु सेवा तालीम कार्यक्रम (४०-३-५७०/४०-४-५७०) | १४१७७ | १४८७८ | १४८२३ | ५५ | ८८७८ | ६००० (DRF/JAPAN) | ० | P2 | ४ |
| २९. | सामुदायिक पशु विकास आयोजना (४०-३-५९१/४०-४-५९१) | १९०१२ | ९१७२६ | ७०७०६ | २१०२० | २२६१९ | ० | ६९१०७ (ADB) | P1 | २ |
| ३०. | सहकारी प्रशिक्षण केन्द्र (४०-३-६००/४०-४-६००) | १२५११ | १७६०० | १७३०० | ३०० | ९००० | ० | ८६०० (IDA/PRSC) | P2 | ४ |
| ३१. | सहकारी क्षेत्र सुदृढीकरण आयोजना (४०-३-६२०) | ४९५४ | २४०७५ | २४०७५ | ० | ५५७५ | ० | १८५०० (IDA/PRSC) | P1 | ४ |
| ३२. | नेपाल कृषि अनुसन्धान परिषद (४०-३-७००) | ४८३०० | ४८३०० | ४८३०० | ० | ३८३०० | ० | १०००० (IDA/PRSC) | P2 | १ |
| ३३. | कृषि अनुसन्धान कार्यक्रम (४०-३-७१०) | २०१९६० | २१०५०० | २१०५०० | ० | १५०५०० | ० | ६०००० (IDA/PRSC) | P2 | १ |
| ३४. | प्राकृतिक जलाशय मत्स्य विकास आयोजना (४०-३-७५०) | २६३६६ | ३०००० | ३०००० | ० | २७०० | २७३०० (KR2) | ० | P2 | १ |
| ३५. | पहाडी मर्क अनुसन्धान आयोजना (४०-३-७६१) | १८४७३ | २२४४९ | २२४४९ | ० | १२०० | २१२४९ (SDC) | ० | P1 | १ |
| ३६. | चिया विकास प्रर्वद्धन कार्यक्रम (४०-३-७७१) | ९५२ | ३४९६ | ३४९६ | ० | ० | ० | ३४९६ (IDA/PRSC) | P2 | १ |

| सि. नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान * | आ.व.२०६१/०६२ को बजेट रू. हजारमा | | | | | | प्राथमिकता संकेत | रणनीतिक स्तम्भ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पूँजीगत तथा सावा भुक्तानी खर्च | श्री ५ को सरकार | बैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| ३७. | राष्ट्रिय दुग्ध विकास बोर्ड (मिल्क होलिडे बन्द कार्यक्रम) (४०-३-७७३) | ११००० | ५०० | ५०० | ० | ० | ५०० (DRF/JAPAN) | ० | P2 | १ |
| ३८. | कर्णाली अन्चल कृषि विकास आयोजना (जिल्लास्तर) (४०-३-८०१/४०-४-८०१) | ७१६७६ | ७४७९६ | ७४३०० | ४९६ | ३४७९६ | ४०००० (KR2) | ० | P1 | ३ |
| ३९. | बाली विविधिकरण आयोजना (जिल्लास्तर)(४०-३-८०४/४०-४-८०४) | १०४७१० | १४९१६० | १४८६५० | ५१० | २६०५२ | ० | १२३१०८ (ADB) | P1 | १ |
| ४०. | कृषि प्रसार कार्यक्रम (जिल्लास्तर) (४०-३-८०५) | ३९७८२८ | ४२४१९६ | ४२४१९६ | ० | ३८२४८३ | ० | ४१७१३ (IDA/PRSC) | P1 | १ |
| ४१. | पशु सेवा प्रसार कार्यक्रम (जिल्लास्तर) (४०-३-८१३/४०-४-८१३) | २६५३४६ | २२०५६३ | २१५०७८ | ५४८५ | १७७६६३ | ४२९०० (DRF/JAPAN) | ० | P1 | १ |
| ४२ | सामुदायिक पशु विकास आयोजना (जिल्लास्तर) (४०-३-८१६/४०-४-८१६) | ० | १३१०७३ | १२५९६१ | ५११२ | ८३६५९ | ० | ४७४१४ (ADB) | P1 | १ |
| | कूल जम्मा | १९४०५३९ | २५२१६५९ | २३४०४४५ | १८१२१४ | १३३१९९३ | ६६९१५३ | ५२०५१३ | | |

* आ.व. २०६०/६१मा भएको आयोजना २०६१/६२ मा नरहेको हद सम्म यसको कूल जम्मा अन्यत्र जम्मा सँग नमिल्न सक्छ ।

## २.२ सिंचाइ

कृषि क्षेत्रमा उत्पादन तथा उत्पादकत्व अभिबृद्धि, कृषिमा मौसमी जोखीमको न्यूनिकरण र कृषि क्षेत्रमा रोजगारी बढाउन सिंचाइको विस्तार अनिवार्य छ। कृषिको दीर्घकालिन योजनाले अपेक्षा गरेको उपलब्धि हासिल गर्न पनि सिंचाई विस्तार आवश्यक छ। यस पृष्ठभूमिमा सिंचाइ योग्य जमिनमा बर्षैभरि सिंचाइ सुविधा उपलब्ध गराउन विद्यमान सिंचाइ प्रणालीको व्यवस्थापन सुदृढ गर्नुका साथै आवश्यक थप पुर्वाधारको विकास गर्ने र कृषक सहभागितामुलक अवधारणा अनुरूप विकसित सिंचाइ प्रणालीहरूको दिगो व्यवस्थापन गर्न कृषक उपभोक्ताहरूको संस्थागत विकास गर्ने उद्देश्य अनुरूप चालु आ.व. ०६१/६२ मा सिचाई क्षेत्र तर्फ २५ वटा आयोजनाहरू सञ्चालन गरिने छ। जस मध्ये पहिलो प्राथमिकता प्राप्त आयोजना (P1) को संख्या १२, दोस्रो प्राथमिकता प्राप्त आयोजना (P2) को संख्या १२,तेस्रो प्राथमिकता प्राप्त आयोजना (P3) को संख्या १ रहेको छ। दशौ योजनामा प्रस्तावित मझौला सिंचाई आयोजनाहरूको कार्यान्वयन का साथै सिक्टा आयोजनाको कार्यान्वयन शुरू गरिने छ। यी आयोजनाहरू सञ्चालन गर्न चालु आ.व. मा रू २ अरब १८ करोड १ लाख ५५ हजार बजेट बिनियोजित गरिएकोमा P1 आयोजनाको लागी रू १ अरब ४६ करोड ३९ लाख १० हजार ( ६७%), P2 आयोजनाको लागी रू ६८ करोड १२ लाख ४५ हजार (३१%) र P3 आयोजनाको लागी रू ३ करोड ५० लाख (1:६%) बजेट छुट्याइएको छ। यी आयोजनाहरूबाट यस आ.व. मा निम्न बमोजिमको क्षेत्रफलमा सिंचाई सुविधा बिस्तार हुने अनुमान गरिएको छ।

सिंचाई सुबिधा बिस्तार (हेक्टरमा)

| क्र.सं. | आयोजना | नयां | कृषि कूलो सुधार | जम्मा |
|---|---|---|---|---|
| १ | बागमती सिंचाइ आयोजना | ४९०० | | ४९०० |
| २ | सिंचाइ विकास आयोजना | १३४८ | १००० | २३४८ |
| ३ | बबई सिंचाइ आयोजना | २००० | | २००० |
| ४ | प्रगन्ना सिंचाइ आयोजना | ३०० | ५००० | ५३०० |
| ५ | नयां प्रविधि सिंचाइ आयोजना | २००० | | २००० |
| ६ | सामुदायिक भूमिगत सिंचाइ सेक्टर आयोजना | १२००० | | १२००० |
| ७ | भूमिगत स्यालो टयूबवेल विकास | ४०० | | ४०० |
| ८ | भूमिगत डिप ट्यूबवेल विकास | ८०० | | ८०० |
| | जम्मा | २३७४८ | ६००० | २९७४८ |

आ.व.०६१/६२ मा संचालन गरिने प्रमूख कार्यक्रमहरूको विवरण तल प्रस्तूत गरिएको छ।

### १. आयोजनाको नाम : सिंचाइ व्यवस्थापन हस्तान्तरण आयोजना (४७-३-३१०/४७-४-३१०)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मिति: २०५२ साल | आयोजना सम्पन्न हुने मिति: २०६२ आषाढ मसान्त |
| कुल लागत: रू. १८.४३ मिलियन अमेरिकी डलर | आ.ब.२०६१/६२ को बजेट: रू. २,००,०० हजार |
| आयोजनाको प्रकृति: व्यबस्थापन सुधार | श्रोत : श्री ५ को सरकार, ए.डि.बि र जनश्रमदान |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :**

आयोजना अन्तरगतका ११ गोटा सिंचाइ प्रणालीहरूमा जल उपभोक्ता संस्थाहरू गठन भै निजहरूलाई विभिन्न तालिम आदिका माध्यमबाट निजहरूको जिम्मेवारी वहन गर्न सक्षम बनाइएको छ। ११ गोटा प्रणालीहरूको ३६,००० हेक्टर बराबरको सिंचित क्षेत्रको मर्मत, संचालन र व्यवस्थनपनको जिम्मेवारी सम्बन्धित जल उपभोक्ताहरूलाई हस्तान्तरण गरिएको छ। यर आयोजनामा हाल सम्म रू. ८८ करोड ६५ लाख खर्च भइसकेको छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

चन्द्र नहर,कमला, हर्दिनाथ,वाणगंगा,चौरजहारी सिंचाइ प्रणालीहरूको सूधार तथा सुदृढीकरण सम्बन्धी बाँकि काम पूरा गर्ने र सिंचाइ व्यवस्थापन हस्तान्तरण आयोजनाको दोश्रो चरणको विस्तृत अध्ययन कार्य गर्ने।

**(ग) अपेक्षित उपलब्धि :**

सम्पन्न आयोजनाको व्यबस्थापनमा जनसहभागिता भई सिंचाई सेवाको दीगो व्यबस्थापनमा सहयोग पुग्ने छ।

### २. आयोजनाको नाम : प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम (४७-३-३११/४७-४-३११)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मिति: आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मिति: २०६४ आषाढ मसान्त |
| कूल लागत: रू. ४,००,०० हजार | आ.ब.२०६१/६२ को बजेट: रू. ८०,०० हजार |
| आयोजनाको प्रकृति: संस्थागत विकास | श्रोत : श्री ५ को सरकार र अमेरिकी सहयोग नियोग |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

यस आयोजना अन्तर्गत मर्मत संभार स्तरमा रहेका विभिन्न सिंचाइ प्रणालीहरूमा जल उपभोक्ता संस्था गठन गरिएको छ। जल उपभोक्ता संस्थाहरूलाई सक्षम बनाउने क्रममा तिनीहरूलाई विभिन्न तालिमको व्यवस्था गरिएको छ। सिंचाइ संचार सामाग्री उत्पादन प्रचार, प्रसार र वितरण गरिएको छ। यस अतिरिक्त सिंचाइबाट उत्पादन र उत्पादकत्व बढाउन कृषि कार्यालयसंग समन्वय गरी विभिन्न सिंचाइ प्रणालीहरूमा जल व्यवस्थापन सम्वन्धी कार्यमूलक अनूसन्धान गरिएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

जलउपभोक्ता संस्थाको संस्थागत विकास गर्ने, जलउपभोक्ता संस्थाहरूलाई नहर मर्मत संभार, संचालन र आय आर्जन जस्ता कार्यमूलक तालिम दिने, सिंचाइसंग सम्वन्धित प्रचार प्रसार सामाग्रीको प्रकाशन तथा वितरण गर्ने, सिंचाइसंग सम्वन्धित विभिन्न जलव्यवस्थापन सम्वन्धी कार्यमूलक अनूसन्धान गर्ने र मर्मत संभारमा रहेका सिंचाइ प्रणालीहरूमा भए गरेका कार्यहरूको अनूगमन गर्ने।

(ग) अपेक्षित उपलब्धि

प्रस्तावित कार्यक्रमबाट मर्मत संभार स्तरमा रहेका सिंचाइ प्रणालीहरूमा जल उपभोक्ता संस्था गठन भइ तिनीहरूको क्षमता अभिवृद्धि हुने, कृषि उत्पादकत्व बढाउने कार्यमा सहयोग पुग्ने, र सिंचाइ प्रणालीहरूको कार्यमूलक अनुसन्धान सम्पन्न हुने छ।

३. आयोजनाको नाम : सिंचाइ संस्थागत विकास आयोजना (४७-३-३१२/४७-४-३१२)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. ३,००,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ९०,०० हजार |
| आयोजनाको प्रकृतिः संस्थागत विकास | श्रोत : श्री ५ को सरकार |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

सिंचाइ विभागबाट संचालित कार्यक्रमहरूलाई संस्थागत सपोर्ट उपलब्ध गराइएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

सिंचाइ विभागको भवनको मर्मत संभार गर्ने, विभिन्न कार्यक्रमहरू संचालन गर्न संस्थागत सपोर्ट उपलब्ध गराउने।

(ग) अपेक्षित उपलब्धि :

यस कार्यक्रमबाट सिंचाइ विभागको संस्थागत क्षमता अभिबृद्धि हुने छ।

४. आयोजनाको नाम : नेपाल सिंचाइ सेक्टर आयोजना (४७-३-३१६/४७-४-३१६)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५४/५५ | आयोजना सम्पन्न हुने मितिः २०६३ आषाढ मसान्त |
| कूल लागतः १०३.०२ मिलियन यू.एस.डलर | आ.ब.२०६१/६२ को बजेटः रू. ४,८५,५० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत :श्री ५ को सरकार, विश्व बैंक र जनश्रमदान |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल, सुदुर पश्चिमाञ्चल विकास क्षेत्रका ४० जिल्लाहरूमा ३७२ गोटा सिंचाइ योजनाहरूबाट सतह सिंचाइ तर्फ ४६३१४ हेक्टरमा व्यवस्थित सिंचाइ सूविधा उपलब्ध गराएको र भूमिगत जल सिंचाइतर्फ १९१ गोटा योजनाहरूबाट ५६३५ हेक्टर भूमिमा सिंचाइ सूविधा उपलब्ध गराएको।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

आयोजना अन्तरगत अधूरा रहन गएका सिंचाइ योजनाहरूको बाँकि काम पूरा गर्ने, र नेपाल सिंचाइ सेक्टर आयोजना दोश्रो चरणको तयारी कार्य गर्ने।

(ग) अपेक्षित उपलब्धि :

कृषक उपभोक्ताहरूको मागको आधारमा उनीहरूकै सहभागिता जूटाई विभिन्न जिल्लाका कृषक कुलोहरूको सुदृढीकरण र विकास गरी आयोजना अन्तर्गतको बाँकी काम सम्पन्न हुने र आयोजनाको दोस्रो चरणको तयारी कार्य सम्पन्न हुने।



ग्रि ६०४४

५. आयोजनाको नाम : भूमिगत जल सिंचाइ सेक्टर आयोजना (४७-३-३१७/४७-४-३१७)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.व. २०५४/५५ | आयोजना सम्पन्न हुने मितिः २०६२ आषाढ मसान्त |
| कूल लागतः रू. २,६९,७६,६० हजार | आ.व.२०६१/६२ को बजेटः रू.१५,७४,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत :श्री ५ को सरकार र एशियाली विकास बैंक |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

स्यालो टयूबवेल तर्फ ७१५ गोटा जडान गरिएको छ भने फार्म सडक तर्फ १२ कि.मि निर्माण गरिएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

३००० गोटा स्यालो टयूबवेल तथा १०४ कि.मि. फार्म सडक निर्माण गर्ने र ७० जना कृषकहरूलाई तालिम दिने।

(ग) अपेक्षित उपलब्धि :

सिंचित क्षेत्र वढ्न गई कृषि उत्पादनमा बृद्धि हुने।

६. आयोजनाको नाम : सिंचाइ विकास आयोजना (४७-३-३१८/४७-४-३१८)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.व. २०५४/५५ | आयोजना सम्पन्न हुने मितिः २०६२ आषाढ मसान्त |
| गतः रू. ६२,९१,९६ हजार | आ.व.२०६१/६२ को बजेटः रू. १,४८,१५ हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत :श्री ५ को सरकार, युरोपियन संघ र जनश्रमदान |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

बांके, सूर्खेत, दैलेख र कालीकोट जिल्लामा संचालन भएका १६ गोटा सिंचाइ योजनामध्ये १४ गोटा योजनाहरू सम्पन्न भै १,५०७ हेक्टर कृषि योग्य जमिनमा सिंचाइ सूविधा उपलव्ध भै रहेको।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

बांके जिल्लामा संचालन भै रहेको फत्येपूर सिंचाइ आयोजना र भुमिगत जलबाट सिंचाइ हूने क्षेत्र (हिरमिनिया क्लस्टर) को बांकि निर्माण कार्य पुरा गर्ने।

(ग) अपेक्षित उपलब्धि :

यस कार्यक्रबाट बांके, सूर्खेत, दैलेख र कालीकोट जिल्लाको करीव ४३७३ हेक्टर कृषि योग्य जमिनमा सिंचाइ सूविधा पुग्ने छ।

७. आयोजनाको नाम : सिंचाई संभाव्यता अध्ययन तथा अनुसन्धान कार्यक्रम (४७-३-३१९/४७-४-३१९)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/०६० | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. ८७१४० हजार | आ.व.२०६१/६२ को बजेटः रू. ७१,०० हजार |
| आयोजनाको प्रकृतिः अध्ययन | श्रोत : श्री ५ को सरकार |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

पश्चिम राप्तीको पूर्व संभाव्यता अध्ययन, सप्त गण्डकी को Property Assessment Survey कार्य, मर्चवार डुवान क्षेत्र अध्ययन भएको छ। यस अतिरिक्त अन्य साना सिंचाइ योजनाहरूको अध्ययन सम्पन्न भएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

पांच गोटा Low Height Dam सिंचाइ योजनाहरूको संभाव्यता अध्ययन, ख्रिङ्गेघाट सिंचाइ योजनाको हेडवर्क्सको अध्ययन तथा डिजाइन कार्य, एउटा सिंचाइ गूरूयोजनाको पूनरावलोकन गर्ने र सिंचाई विकास सम्बन्धी कार्यविधि तयार गर्ने कार्य गरिने छ।

(ग) अपेक्षित उपलब्धि :

आयोजना अवधिमा संचाइ विकासको लागि ५० वटा संभाव्य योजनाहरूको पहिचान एवं विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन तयार हुने छन्।

८. आयोजनाको नाम : निर्माण गुणस्तर परीक्षण प्रयोगशाला (४७-३-३२०/४७-४-३२०)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६०/६१ | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू ५ करोड | आ.ब.२०६१/६२ को बजेटः रू. ५०,०० हजार |
| आयोजनाको प्रकृतिः गुणस्तर विकास | श्रोत : श्री ५ को सरकार र जापान सरकार |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

पांचै विकास क्षेत्रमा निर्माण सामाग्री र निर्माण भएका संरचनाहरूको गुणस्तर परीक्षण गर्न प्रयोगशालाको स्थापना गर्ने कार्य भै रहेको छ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

गुणस्तर परीक्षण गर्ने प्रयोगशालाको स्थापना पुरा गरी गुणस्तर परीक्षण गर्ने कार्य शुरू गरिने छ।

(ग) **अपेक्षित उपलब्धि :**

पांचै विकास क्षेत्रमा निर्माण सामाग्री र निर्माण भएका संरचनाहरूको गुणस्तर परीक्षण गर्न प्रयोगशालाको स्थापना भई आयोजनाको गुणस्तरमा वृद्धि हुने छ।

९. **आयोजनाको नाम : यान्त्रिक व्यवस्थापन कार्यक्रम** (४७-३-३२१/४७-४-३२१)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. ९,००,०० हजार | आ.ब.२०६१/६२ को बजेट : रू.२,४८,०० हजार |
| आयोजनाको प्रकृतिः क्षमता अभिवृद्धि | श्रोत : श्री ५ को सरकार |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

यस आ.ब. मा १९ थान हेभी इक्वीपमेन्ट को मर्मत, ४५ थान चालू रहेका मेशिनहरू आकस्मिक तथा साधारण ( Minor) मर्मत गरी संचालन गरिएको छ। हेभी मेशिनहरू १४,८०० घण्टा संचालन गरिएको छ। हेभी मेशिनहरूका मूख्य मूख्य पार्टहरू ७ लट झिकाइ मर्मत कार्य गरिएको छ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

१४ थान हेभी इक्वीपमेन्ट को मर्मत गर्ने, ३३ थान चालू रहेका मेशिनहरू आकस्मिक तथा साधारण ( Minor) मर्मत गर्ने, संचालनमा रहेका हेभी मेशिनहरू १२,५०० घण्टा संचालन गने, हेभी मेशिनहरूका मूख्य मूख्य पार्टहरू निर्माता कम्पनी संग ६ लट आयात गर्ने तथा १० थान गाडीहरूको मर्मत गर्ने।

(ग) **अपेक्षित उपलब्धि :**

सिचाईसँग सम्बन्धित यान्त्रिक उपकरणहरू मर्मत एवं सञ्चालन भई बिभागको कार्यक्षमता र दक्षता बढ्ने छ।

१० **आयोजनाको नामः समुदाय व्यवस्थित सिंचित कृषि सेक्टर आयोजना** (४७-३-३२२/४७-४-३२२)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६१/६२ | आयोजना सम्पन्न हुने मितिः २०६९ आषाढ मसान्त |
| कूल लागतः रू. ४१,०८,२६ हजार | आ.ब.२०६१/६२ को बजेटः रू. २५,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोतः श्री ५ को सरकार, एशियाली विकास बैंक र जनश्रमदान |

(क) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

आयोजनाको लागि कन्सल्टेन्ट नियुक्ति गरी प्रारम्भिक कार्य यसै आर्थिक बर्षबाट शुरू गरिने छ।

(ख) **अपेक्षित उपलब्धि :**

आयोजना सम्पन्न भएपछि साना तथा मझौला कृषक सिंचाइ प्रणालीको सूधार भई सिंचित कृषि क्षेत्रको विकास हुने एवं दिगो व्यवस्थापनको लागि जलउपभोक्ता संस्थाको क्षमता अभिवृद्धि हुने छ।

११. **आयोजनाको नाम : भूमिगत जल अन्वेषण कार्यक्रम** (४७-३-३६०/४७-४-३६०)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. १२,८५,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ३,५०,०० हजार |
| आयोजनाको प्रकृतिः अनुसन्धान | श्रोत : श्री ५ को सरकार र जनश्रमदान |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

यस आ.ब. मा भूमिगत जल मनिटरिड कार्य, भूमिगत जलको क्लस्टर पहिचानको लागि संभाव्यता अध्ययन, हाइड्रो जियोलोजिकल तथा हाइड्रो केमिकल सर्वेक्षण तथा अध्ययन, जियोफिजिकल सर्वेक्षण तथा अध्ययन तथा वाटर बडि सर्वेक्षण भइका छन।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

भूमिगत जल मनिटरिङ कार्य तराईका २० जिल्लामा ४८०० गोटा सञ्चालन हुने, एउटा हाइड्रो जियोलोजिकल तथा हाइड्रो केमिकल सर्वेक्षण तथा अध्ययन कार्य हुने र एउटा जियोफिजिकल सर्वेक्षण तथा अध्ययन कार्य हुने छ।

(ग) अपेक्षित उपलब्धि :

यस आयोजनाको कार्यान्वयन पश्चात भूमिगत जल सिंचाइ कार्यक्रमको विकासमा सहयोग पुग्ने छ।

१२ आयोजनाको नाम : भूमिगत स्यालोटयूववेल सिंचाई आयोजना(४७-३-३६२/४७-४-३६२)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. ९,०८,८० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ९९,५० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार र जनश्रमदान |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

यस आ.ब. सम्ममा३७३८ गोटा स्यालो टयूववेल निर्माण भएका छन।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

१६० गोटा स्यालो टयूववेल निर्माण गर्ने र कृषकहरूलाई तालिम दिने मुख्य कार्यहरू रहेका छन।

(ग) अपेक्षित उपलब्धि :

स्यालो ट्यूववेल निर्माण बाट आयोजना अवधिभरमा १०००० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध हुने छ।

१३. आयोजनाको नाम : भूमिगत डीपटयूववेल सिंचाई आयोजना (४७-३-३६३/४७-४-३६३)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. ७५,००,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ४,५०,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत :श्री ५ को सरकार विश्व बैंक र जनश्रमदान |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

३७ गोटा डीप टयूववेल निर्माण भएका छन्।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

यस आ.ब. मा १० डीप टयूववेल निर्माण गर्ने र कृषकहरूलाई तालिम कार्यक्रम संचालन हुने छन।

(ग) अपेक्षित उपलब्धि :

डीप ट्यूववेल निर्माण गरी आयोजना अवधिभरमा १०,००० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध हुने छ।

१४. आयोजनाको नाम :डीपटयूववेल सिंचाइ कार्यक्रम (४७-३-३६४/४७-४-३६४)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६१/६२ | आयोजना सम्पन्न हुने मितिः २०६३ आषाढ मसान्त |
| कूल लागतः रू. ८,८०,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ४,००,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, भारत सरकार र जनश्रमदान |

(क) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

यसै आ.ब. बाट शुरू हुने यस कार्यक्रम अन्तर्गत ११ डीप टयूववेल प्रणाली निर्माण गर्ने र कृषकहरूलाई तालिम दिइने छ।

(ख) अपेक्षित उपलब्धि :

आयोजना अवधिमा २२ गोटा डीप ट्यूववेल निर्माण भई ८८० हेक्टरमा सिंचाइ सुविधा उपलब्ध हुने छ।

१५. आयोजनाको नाम : मर्मत संभार आयोजना (४७-३-३७०/४७-४-३७०)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. १,००,००,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ३८,६८,२५ हजार |
| आयोजनाको प्रकृतिः मर्मत संभार | श्रोत : श्री ५ को सरकार, जापान, बिश्व बैंक र जनश्रमदान |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

करीब २,८०,७१० हेक्टर कमाण्ड क्षेत्र भएका विभिन्न सिंचाइ प्रणालीहरूको नियमित मर्मत संभार र अन्य कतिपय कृषक व्यवस्थित प्रणालीहरूको मर्मत गरी नहर संचलन तथा दिगो व्यवस्थापनको कार्यहरू हुदै आएका छन।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

मर्मत संभार आयोजना अन्तरगत संचालित सिंचाइ प्रणालीहरूको नियमित मर्मत संभार कार्य, कृषक व्यवस्थित प्रणालीहरूको मर्मत संभार र दिगो व्यवस्थापन कार्यहरू संचालन हुने छन्।

(ग) अपेक्षित उपलब्धि :

सम्पन्न भै सकेका विभिन्न सिंचाइ प्रणालीहरूको आवश्यकता अनूसार मर्मत संभार भई नियमित रूपमा संचालन हुने छन्।

१६ आयोजनाको नाम : बृहद् सरकारी सिंचाई आ. को मर्मत सम्भार सूधार र पूनर्स्थापन (४७-३-३७१/४७-४-३७१)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६१/६२ | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. ६९,८४,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ६,००,०० हजार |
| आयोजनाको प्रकृतिः मर्मत संभार | श्रोत : श्री ५ को सरकार विश्व बैंक र जनश्रमदान |

(क) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

यसै आ.ब. बाट शुरू हुने यस कार्यक्रम अन्तर्गत मुल नहर (३५ कि.मि.), शाखा प्रशाखा नहर (५० कि.मि.), निकास नहर (२० कि.मि.) को जीर्णोद्धार,संरचना एवं गेट निर्माण तथा मर्मत (४० गोटा), सर्भिस रोड मर्मत सुधार (२ कि.मि.) तथा कमाण्ड क्षेत्र बचावट एवं वातावरण संरक्षण (१ कि.मि.) हुने छन्।

(ख) अपेक्षित उपलब्धि :

यस कार्यक्रमबाट वृहद सिंचाइ प्रणालीहरूको दिगो व्यबस्थापन भई सिंचाई सुबिधा विस्तार हुनेछ।

१७. आयोजनाको नाम :वागमती सिंचाई आयोजना (४७-३-४०४/४७-४-४०४)

| आयोजनाको संक्षिप्त विबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०३५/३६ | आयोजना सम्पन्न हुने मितिः २०६२ आषाढ मसान्त |
| कूल लागतः रू. ४,३२ ,००,४० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ३३,८०,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, साउदी विकास कोष, डि.आर.एफ (जापान) तथा यु.एन.डि.पि.को अनूदान र जनश्रमदान |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

हालसम्म वागमती नदीमा व्यारेज (४०३.५ मि. लामो) तथा पूर्वी र पश्चिमी हेडरेगूलेटर निर्माण भएको, ३७००० हेक्टरका लागि करीव २८२ कि.मि. मुल नहर, शाखा नहर तथा प्रशाखा नहर निर्माण गरिएको, ८८९ कि.मि. सेकन्डरी तथा टर्सरी नहर निर्माण गरी करीव २४,००० हे. मा कमाण्ड क्षेत्र विकास गरिएको र करीव २२९ कि.मि. नहर निरीक्षण तथा लिंक सडक निर्माण गरिएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

१२.५कि.मि. मुल नहर तथा प्रशाखा नहर निर्माण, २०.३० कि.मि. सेकण्डरी नहर निर्माण गरी गढैया शाखाको २५०० हे. तथा बगही शाखाको ६००० हे. मा कमाण्ड क्षेत्र विकास सम्पन्न गर्ने, ४१ कि.मि. नहर निरीक्षण सडक तथा संरचनाहरू को सूधार तथा प्रोटेक्सनको काम र करीव १५६ हे. जग्गाको मूआव्जा वितरण गर्ने कामहरू हुने छन्।

(ग) अपेक्षित उपलब्धि

आयोजनाबाट वागमती नदीमा व्यारेज निर्माण भई प्रथम चरण प्रथम खण्डको विकास अन्तरगत सर्लाहीमा १४,००० हे तथा रौतहटमा २३,००० हे को लागि सिंचाइ पुर्वाधार विकास हुने र करीव २९,००० हे मा कमाण्ड क्षेत्र विकास हुने अपेक्षा छ।

१८. आयोजनाको नाम : बबई सिंचाई आयोजना (४७-३-४०९/४७-४-४०९)

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०४५/४६ | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. २,४६,८९,१६ हजार | आ.ब.२०६१/६२ को बजेटः रू. १०,४२,८५ हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार,विश्व बैंक र जनश्रमदान |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

हेडवर्क्स ( वीयर कम ब्रीज ) निर्माण भएको, मुल नहर २८ कि.मि. सम्पन्न भएको र शाखा प्रशाखा नहर १०.७ कि.मि. सम्पन्न भएका छन् ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

मुल नहर निर्माणमा लाइनिङ कार्य (१.४ कि.मि), शाखा प्रशाखा नहर निर्माण (१५ कि.मि.) र (२५ हे.) जग्गा अधिग्रहण गर्ने मुख्य कार्यहरू छन् ।

(ग) **अपेक्षित उपलब्धि :**

आयोजनाबाट बबई नदीमा बांध बांधी १३,२४० हे. जमिनमा भरपर्दो सिंचाइ सुविधा उपलब्ध हुने छ ।

१९. **आयोजनाको नाम : सुनसरी मोरङ सिंचाई आयोजना (तेस्रो चरण) (४७-३-४१२/४७-४-४१२)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५४/५५ | आयोजना सम्पन्न हुने मितिः २०६३ आषाढ मसान्त |
| कूल लागतः रू. ३८,००,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ९,८३,७० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, आइ.डी.ए.र जनश्रमदान |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

यस आयोजना अन्तर्गत हालसम्म करीव ४८,००० हे. सिंचाइ योग्य जमिनमा कमाण्ड क्षेत्र बिकास भएको, कोशी नदीबाट पानी फर्काउन नयां इन्टेक को निर्माण तथा सिल्टको समस्या समाधानको लागि दुई गोटा ड्रेजर जडान भएका र कोशी नदीको कटानबाट महेन्द्रनगर गा.वि.स. तथा चतरा मुल नहर को बचावटको लागि कोशीमा तटबन्ध तथा स्परहरूको निर्माण भएका छन् ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

सिंचाइ प्रणालीको वार्षिक मर्मत तथा संचालन, जिर्ण भएका पूल तथा संरचनाहरूको पूनःस्थापना/पूनः निर्माण, प्रणाली दिगो व्यवस्थापनको कार्य, र सर्वेक्षणको कार्य यस आ.ब. का मुख्य मुख्य कार्यहरू हुन् ।

(ग) **अपेक्षित उपलब्धि :**

योजना अन्तरगत सुन्सरी र मोरङ जिल्लाको गरी ६८००० हे. जमिनमा सालभरि सिंचाइ सुविधा उपलब्ध गराउन निर्माण भएका नहरहरूको मर्मत संभार र संचालन हुने छ ।

२० **आयोजनाको नाम : प्रगन्ना सिंचाई आयोजना (४७-३-४१४/४७-४-४१४)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः पौष २०५५ | आयोजना सम्पन्न हुने मितिः २०६२ आषाढ |
| कूल लागतः रू. ८६,०४,५२ हजार | आ.ब.२०६१/६२ को बजेटः रू. २२,५०,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, कुवेत फण्ड फर अरब इकोनोमिक डेभलपमेन्ट र जनश्रमदान |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

राप्ती नदीको किनारमा तीन स्थानमा Side Intake निर्माण भएको, ३ स्थानमा डाइभर्सन निर्माण भएको, नहरहरू निर्माण ७.८९ कि.मि. (विभिन्न साइजका मूल नहर) भएको, र ६ कि.मि. नदी नियन्त्रण कार्य भएको छ ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

यस आ.ब. मा नदी नियन्त्रण (४ कि.मि.), विभिन्न संरचनाहरू (३४३ गोटा) निर्माण गर्ने, मुल नहर निर्माण ( लाइनिङ समेत) को काम (४.७१ कि.मि.) र कृषि प्रसार सेवा संचालन गरिने छन् ।

(ग) **अपेक्षित उपलब्धि :**

आयोजनाबाट दाङ जिल्लाको देउखुरी उपत्यका भित्रका चौलाही, सोनपुर, सिसनिया र लालमटिहा गा.बि.स. का ५७९९ हे. जग्गामा वर्षैभरी भरपर्दो सिंचाई सुविधा उपलब्ध हुन छ ।

२१ **आयोजनाको नाम : सिक्टा सिंचाई आयोजना (४७-३-४१८/४७-४-४१८)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६९ आषाढ मसान्त |
| कूल लागतः रू. ७,४४,७५,५५ हजार | आ.ब.२०६१/६२ को बजेटः रू. २४,००,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, साउदी फण्ड र जनश्रमदान |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

संभाव्यता अध्ययन कार्य पूरा भएको छ ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

हेडवर्क्स निर्माणको काम शुरू गर्ने, मुल नहर, शाखा तथा प्रशाखा नहरको विस्तृत सर्वेक्षण एवं डिजाइनको काम र वातावरणीय प्रभाव मूल्यांकन अध्ययन कार्य गरिने छ।

(ग) **अपेक्षित उपलब्धि :**

आयोजनाबाट बांके जिल्लाको ३४,००० हे.जमिनमा सिंचाइ सुविधा उपलब्ध भई गरीबी निवारणमा सहयोग पुग्ने छ।

२२. **आयोजनाको नाम : अन्य सिंचाइ आयोजनाहरू (४७-३-४२१/४७-४-४२१)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६०/६१ | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. १५,९६,००,३१ हजार | आ.ब.२०६१/६२ को बजेटः रू. ४,३४,८५ हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, IDA र जनश्रमदान |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

२६ जिल्लामा ५० गोटा सिंचाइ योजनाका निर्माण कार्य शुरू गरिएको छ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

गतः आ.व. मा निर्माण कार्य शुरू गरिएका, तर सम्पन्न नभएका सिंचाइ योजनाहरूलाई सम्पन्न गर्ने तर्फ निरन्तरता दिने र कृषकहरूबाट माग भै आएका नयां योजनाहरूको निर्माण कार्य शुरू गरिने छ।

(ग) **अपेक्षित उपलब्धि :**

विभिन्न जिल्लामा संभाव्य भएका योजनाहरूको निर्माण कार्य मार्फत सिंचित क्षेत्रका बिस्तार हुने छ।

२३ **आयोजनाको नाम : नयां प्रविधिमा आधारित सिंचाइ आयोजना (४७-३-४२७/४७-४-४२७)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६०/६१ | आयोजना सम्पन्न हुने मितिः २०६५ आषाढ मसान्त |
| कूल लागतः रू. ४७,००,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. २,८९,०० हजार आयोजनाको |
| प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, IDA र जनश्रमदान |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

यस आ.व. मा नयां प्रविधिमा आधारित सिंचाइ प्रणालीको मौजुदा स्थितिको अध्ययन गरिएको, यस प्रविधिमा काम गरिरहेका एवं गर्न चाहने NGO/INGO हरूको Data base तयार गरिएको र नमूना योजना तयार गरिएको छ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

Non-Conventional सिंचाइ प्रविधिको विकासकोलागि अध्ययन एवं अनुसन्धान गर्ने, प्रविधि हस्तान्तरण तालिम दिने र कार्यक्रमको प्रचार प्रसार गर्ने र नमूना योजना र अन्य योजनाहरू निर्माण (१३९ हेक्टरमा) गरिने छ।

(ग) **अपेक्षित उपलब्धि :**

नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको विकास गरी आयोजनाबाट १०,००० हे. जमिनमा थप सिंचाइ सूविधा उपलब्ध हुने छ।

२४. **आयोजनाको नाम : मझौला सिंचाइ आयोजनाहरू (४७-३-४२९/४७-४-४२९)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६१/६२ | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. ३०,००,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. २१,६१,७५ हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार, IDA र जनश्रमदान |

(क) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

यस आर्थिक वर्ष देखि शुरू गरिने यस कार्यक्रम अन्तर्गत विभिन्न जिल्लामा पहिचान भै सकेका करिब ५३ मझौला सिंचाइ योजनाहरूको निर्माण कार्य शुरू गरिने छ।

(ख) अपेक्षित उपलब्धि :

विभिन्न जिल्लामा हालसम्म निर्माण कार्य शुरू हुन नसकेका संभाव्य मझौला सिंचाइ योजनाहरूको निर्माण भई कृषि उत्पादनमा वृद्धि हुने छ।

२५. आयोजनाको नामः पिछडिएका जल उपभोक्ता समूहको क्षमता अभिवृद्धि कार्यक्रम (४७-३-४३०/४७-४-४३०)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०६१/६२ | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कूल लागतः रू. २,६१,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू. १,२०,०० हजार |
| आयोजनाको प्रकृतिः क्षमता अभिबृद्धि | श्रोत : श्री ५ को सरकार, जापान सरकार र जनश्रमदान |

(क) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

यस आर्थिक वर्ष देखि शुरू गरिने यस कार्यक्रम अन्तर्गत पुर्वाञ्चल र मध्यमाञ्चल क्षेत्रभित्र विभिन्न उपआयोजनाहरू छनौट गरी जल उपभोक्ता समूहको क्षमता अभिवृद्धि गर्नकोलागि ऋण प्रवाह गर्ने , तालिम दिने र विउविजन वितरण गरिने छ।

(ख) अपेक्षित उपलब्धि :

दोश्रो सिंचाइ सेक्टर आयोजना अन्तरगत निर्मित सिंचाइ योजना क्षेत्रका कमजोर किसानहरूको आय आर्जनमा बृद्धि भई गरीबी निवारणमा टेवा पुग्ने छ।

## सिंचाइ क्षेत्र अन्तर्गत आ.व. २०६१/६२ मा सञ्चालन गरिने कार्यक्रम तथा बजेट

(रु. हजारमा)

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम तथा बजेट संकेत नं. | आ.व. २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | दशौं योजनाको रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| १ | सिंचाइ व्यवस्थापन र हस्तान्तरण आयोजना (४७-३-३१०/४७-४-३१०) | ८३४९६ | २०००० | २९३० | १७०७० | २०००० | ० | ० | P1 | ०१ |
| २ | प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रम (४७-३-३११/४७-४-३११) | ६५३५ | ८००० | ५३३० | २६७० | ५९०० | २१०० | ० | P2 | ०४ |
| ३ | सिंचाइ संस्थागत विकास कार्यक्रम (४७-३-३१२/४७-४-३१२) | १०१३५ | ९००० | ७१५० | १८५० | ९००० | ० | ० | P2 | ०१ |
| ४ | नेपाल सिंचाइ सेक्टर आयोजना (४७-३-३१६/४७-४-३१६) | १८४५७० | ४८५५० | ३२०० | ४५३५० | ३८५५० | ० | १०००० | P1 | ०१ |
| ५ | भूमिगत जल सिंचाइ सेक्टर आयोजना (४७-३-३१७/४७-४-३१७) | ४५३५१ | १५७४०० | ११९०० | १४५५०० | ४४४१३ | ० | ११२९८७ | P1 | ०१ |
| ६ | सिंचाइ विकास आयोजना (४७-३-३१८/४७-४-३१८) | ४३६८१ | १४८१५ | ३७५ | १४४४० | ४८१५ | १०००० | ० | P2 | ०१ |
| ७ | सिंचाइ सम्भाव्यता अध्ययन तथा अनुसन्धान कार्यक्रम (४७-३-३१९/४७-४-३१९) | १०८३२ | ७१०० | ८१० | ६२९० | ७१०० | ० | ० | P2 | ०१ |
| ८ | निर्माण गुणस्तर परीक्षण प्रयोगशाला (४७-३-३२०/४७-४-३२०) | ५९८७ | ५००० | ४०० | ४६०० | २००० | ३००० | ० | P2 | ०१ |
| ९ | यान्त्रिक व्यवस्थापन कार्यक्रम (४७-३-३२१/(४७-४-३२१) | | २४८०० | ६०० | २४२०० | २४८०० | ० | ० | P2 | ०१ |
| १० | समुदाय व्यवस्थित सिंचित कृषि सेक्टर आयोजना | | २५०० | | २५०० | ५०० | ० | २००० | P2 | ०१ |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम तथा बजेट संकेत नं. | आ.व. २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | दशौं योजनाको रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| | (सि.एम.आई.ए.एस.पी.) (४७-३-३२२/(४७-४-३२२) | | | | | | | | | |
| ११ | भूमिगत जल अन्वेषण कार्यक्रम (४७-३-३६०/४७-४-३६०) | २६००० | ३५००० | २६४६५ | ८५३५ | ३५००० | ० | ० | P3 | ०१ |
| १२ | भूमिगत स्यालो ट्यूववेल सिंचाइ आयोजना (४७-३-३६२/(४७-४-(३६२) | २४४१ | ९९५० | ८५० | ९१०० | ९९५० | ० | ० | P1 | ०१ |
| १३ | भूमिगत डीप ट्यूववेल सिंचाइ आयोजना (४७-३-३६३/४७-४-३६३) | ७४४० | ४५००० | ४७५० | ४०२५० | ५००० | ० | ४०००० | P1 | ०१ |
| १४ | डिप ट्यूववेल सिंचाइ आयोजना (४७-३-३६४/४७-४-३६४) | | ४०००० | ८७५ | ३९१२५ | ८७५ | ३९१२५ | ० | P1 | ०१ |
| १५ | मर्मत सम्भार आयोजनाहरू (४७-३-३७०/४७-४-३७०) | २१६४९६ | ३८६८२५ | ७२४१० | ३१४४१५ | ८७८९९ | १६०००० | १३८९२६ | P1 | ०१ |
| १६ | बृहद् सरकरी सिंचाइ योजनाको मर्मत सम्भार सुधार र पुनर्स्थापना (४७-३-३७१/४७-४-३७१) | | ६०००० | | ६०००० | ६५०८ | ० | ५३४९२ | P1 | ०१ |
| १७ | वागमती सिंचाइ आयोजना (४७-३-४०४/४७-४-४०४) | १९०६४१ | ३३८००० | १२०५० | ३२५९५० | ११९११७ | ० | २१८८८३ | P1 | ०१ |
| १८ | बबई सिंचाइ आयोजना (४७-३-४०९/४७-४-४०९) | ७८२३९ | १०४२८५ | ५६३५ | ९८६५० | ४४२८५ | ० | ६०००० | P1 | ०१ |
| १९ | सुनसरी मोरङ्ग सिंचाइ आयोजना ( तेस्रो) (४७-३-४१२/४७-४-४१२) | १०६८०३ | ९८३७० | ११५०५ | ८६८६५ | १८३७० | ० | ८०००० | P2 | ०१ |
| २० | प्रगन्ना सिंचाइ आयोजना (४७-३-४१४/४७-४-४१४) | १०८७२३ | २२५००० | २७९० | २२२२१० | ४५००० | ० | १८०००० | P1 | ०१ |
| २१ | सिक्टा सिंचाइ आयोजना | ८६८३ | २४०००० | ५१२५ | २३४८७५ | ६७९६६ | ० | १७२०३४ | P2 | ०१ |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम तथा बजेट संकेत नं. | आ.व. २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | दशौं योजनाको रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| | (४७-३-४१८/४७-४-४१८) | | | | | | | | | |
| २२ | अन्य सिंचाइ योजनाहरू (४७-३-४२१/४७-४-४२१) | ५३४२९ | ४३४८५ | १८५० | ४१६३५ | ७३३५ | ० | ३६१५० | P2 | ०१ |
| २३ | नयाँ प्रविधिमा आधारित सिंचाइ योजना (४७-३-४२७/४७-४-४२७) | ९९१७ | २८९०० | १६७५ | २७२२५ | १०९०० | ० | १८००० | P1 | ०१ |
| २४ | मझौला सिंचाइ आयोजना (४७-३-४२९/४७-४-४२९) | ० | २१६१७५ | २९४५ | २१३२३० | ९३५१ | ० | २०६८२४ | P2 | ०१ |
| २५ | पिछडिएका जलउपभोक्ता समूहको क्षमता अभिवृद्धि कार्यक्रम (४७-३-४३०/४७-४-४३०) | ० | १२००० | ९५० | ११०५० | ५००० | ७००० | ० | P2 | ०१ |
| | जम्मा | ११९९३९९ | २१८०१५५ | १८२५७० | १९९७५८५ | ६२९६३४ | २२१२२५ | १३२९२९६ | | |

## जल उत्पन्न प्रकोप नियन्त्रण

भूक्षय, बाढी, पहिरो तथा गेग्रान बहाव जस्ता जल उत्पन्न प्रकोपहरूबाट जनधन, कृषियोग्य भूमि तथा बिकासका पूर्वाधारहरूमा बर्षेनी हुने क्षति नियन्त्रण गरी गरिबी निवारण तथा दिगो बिकासमा टेवा पु-याउने उदेश्य अनुरूप चालु आ.ब. ०६१/६२ मा जल उत्पन्न प्रकोप नियन्त्रण तर्फ ५ वटा आयोजनाहरू सञ्चालन गरिने छ। जस मध्ये पहिलो प्राथमिकता प्राप्त आयोजना (P1) को संख्या ३, दोस्रो प्राथमिकता प्राप्त आयोजना (P2) को संख्या २ रहेको छ। चालु आ.ब. मा यस क्षेत्रमा रू ६८ करोड ४७ लाख ५० हजार बिनियोजित गरिएकोमा P1 आयोजनाको लागी रू ५७ करोड ४७ लाख ५० हजार ( ८४%), P2 आयोजनाको लागी रू ११ करोड (१६%) बजेट छुट्याइएको छ।

आ.व.०६१/६२ मा संचालन गरिने प्रमूख कार्यक्रमहरूको विवरण यस प्रकार छ।

१ **आयोजनाको नाम : नदी नियन्त्रण कार्य (४७-३-३४०/४७-४-३४०)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.व. ०५४/५५ | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| कूल लागतः | आ.ब.२०६१/६२ को बजेटः रू ४६,५२,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत : श्री ५ को सरकार र भारत सरकार |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

विभिन्न जिल्लामा ११९ वटा गुरूयोजना बमोजिम र करिब २०० साना नदि नियन्त्रण कार्य गरिएको।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

आपतकालिन नदी नियन्त्रण, बिभिन्न नदीनालाहरूको गुरूयोजना अनुसार तटबन्ध निर्माण गर्ने, नदी नियन्त्रणमा आवश्यक पर्ने सामान खरिद गर्ने आदी।

(ग) **अपेक्षित उपलब्धि :**

आपतकालिन जल उत्पन्न प्रकोप समस्याको निराकरण हुने र धन जनको क्षति रोकिने छ।

२. **आयोजनाको नाम : जल उत्पन्न प्रकोप न्यूनीकरण प्रविधि परियोजना (४७-३-३४१/४७-४-३४१)**

| आयोजनाको संक्षिप्त बिबरण | |
|---|---|
| आयोजना शुरू मितिः आ.ब. २०५६/५७ | आयोजना सम्पन्न हुने मितिः २०६४ आषाढ मसान्त |
| कुल लागतः रू ८९,००,०० हजार | आ.ब.२०६१/६२ को बजेटः रू ५,००,०० हजार |
| आयोजनाको प्रकृतिः निर्माण | श्रोत :श्री ५ को सरकार र जापन सरकार |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगती :**

भूक्षय नियन्त्रणतर्फ काठमाण्डौंको दहचोक र गिरूवारी खोलाको उपल्लो क्षेत्र, पहिरो नियन्त्रण तर्फ ललितपुरको बुंगमतीमा बागमती क्षेत्र र पृथ्वी राजमार्गको नौबीसे र नदी नियन्त्रणतर्फ नवलपरासीको गिरूवारी खोलामा समष्टिगत रूपमा नमूना योजनाको कार्य तथा पुनर्स्थापना कार्य अन्तर्गत विविध क्षेत्रमा नमूना निर्माण कार्य संचालन भइरहेको छ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :**

करिव ३० जवान राजपत्रांकित तथा राजपत्रअनंकित प्राविधिकहरूलाई तालिम दिने, डाटावेश एवं भौगर्भिक सूचना प्रणाली विकास गर्ने, जल उत्पन्न प्रकोप नियन्त्रण सम्वन्धी जनचेतना अभिवृद्धि गर्न पुस्तिका प्रकाशन गर्ने एवं घुम्ती गोष्ठी संचालन गर्ने, भूक्षय, बाढी, पहिरो र नदी नियन्त्रण सम्वन्धी विभिन्न स्थानहरूमा अध्ययन अनुसन्धान गर्ने र भइरहेको निर्माण कार्य पुरा गर्ने।

(ग) **अपेक्षित उपलब्धि :**

यस कार्यक्रमबाट जल उत्पन्न प्रकोप नियन्त्रणका लागि स्थानीय बातावरण सुहाउँदा उपयुक्त प्रविधिको विकास, मानव संसाधन विकासको लागि तालिम, जनचेतना अभिवृद्धि र तथ्यांक व्यवस्थापना जस्ता कार्यको माध्यमबाट जल उत्पन्न प्रकोप न्यूनीकरण गर्ने क्षमतामा अभिवृद्धि हुने छ।

३. आयोजनाको नाम : वागमती नदी नियन्त्रण आयोजना (रौतहट, सर्लाही) (४७-३-३४३/४७-४-३४३)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मिति: आ.ब. २०५८/५९ | आयोजना सम्पन्न हुने मिति: २०६२ आषाढ मसान्त |
| कूल लागत: रू ३९,२६,२० हजार | आ.ब.२०६१/६२ को बजेट: रू १०,५०,०० हजार |
| आयोजनाको प्रकृति: निर्माण | श्रोत : श्री ५ को सरकार र भारत सरकार |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

सर्लाहीतर्फ ९ कि.मी. वाधं, ३ गोटा स्पर र रौतहटतर्फ १५ कि.मी. बाधं र १९ गोटा स्पर निर्माण कार्य गरिएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू

सर्लाही तर्फ १८.२५ कि.मी. बाँध, १५०० मी. रिभेटमेन्ट र ६ वटा ड्रेनेज स्टकचर तथा रौतहट तर्फ ८ कि.मी. बाँध, ४ वटा स्पर, १५ वटा स्टड, ८०० मी. रिभेटमेन्ट र ३ वटा ड्रेनेज स्टकचर निर्माण कार्य गर्ने ।

(ग) अपेक्षित उपलब्धि :

बागमती नदीको महेन्द्रराजमार्ग भन्दा दक्षिण ४२ कि.मी. लम्बाई मध्ये करिव ३५ कि.मी. लम्बाईमा कटान डुबान नियन्त्रण हुने । जसबाट बागमती नदीको डुबानवाट सर्लाही तर्फ महिनाथपुरदेखि नेपाल-भारत सिमानासम्म १६.५ कि.मी. लामो बाँध निर्माणबाट करिव १,३४,००० र रौतहट तर्फ करिव ५४००० जनसंख्या सुरक्षित रहनुको साथै प्रत्येक वर्ष हुने गरेको कटानवाट गाउँघर तथा खेती योग्य हजारौं विघा जग्गा सुरक्षित हुने छ।

४. आयोजनाको नाम: लाल बकैया नदी नियन्त्रण योजना (४७-३-३४५/४७-४-३४५)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मिति: आ.ब. २०५४/५५ | आयोजना सम्पन्न हुने मिति: २०६२ आषाढ मसान्त |
| कूल लागत: रू ६,१४,४४ हजार | आ.ब.२०६१/६२ को बजेट: रू ५०,०० हजार |
| आयोजनाको प्रकृति: निर्माण | श्रोत : श्री ५ को सरकार र भारत सरकार |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगती :

७.११ कि.मी. तटवन्ध, ४.५ कि.मी. भकुवा नदीमा गाईडवन्ध, ६०० मी. रिभेटमेन्ट, ३ गोटा स्टड र २ गोटा ड्रेनेज स्लुइस निर्माण कार्यहरू गरिएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

एउटा ड्रेनेज स्लुइस, एउटा सिंचाईको लागि स्लुइस र २०० मी. बचाउ कार्यको लागि स्ट्रकचर निर्माण कार्य गर्ने।

(ग) अपेक्षित उपलब्धि :

रौतहट जिल्लाका फटुवा, महेश्वर, वलुवा, औरैया, टिकुलिया तथा बन्जरहा गाउँलाई डुबानवाट बचाउन ९.५५ कि.मि. बाँधको निर्माण कार्य हुने छ।

५. आयोजनाको नाम : मुग्लीङ्ग-नारायणघाट रोड कोरीडर जल उत्पन्न प्रकोप न्यूनिकरण तथा वातवरणीय सुधार आयोजना (४७-३-३४९/४७-४-३४९)

| आयोजनाको संक्षिप्त बिवरण | |
|---|---|
| आयोजना शुरू मिति: आ.ब. २०६१/६२ | आयोजना सम्पन्न हुने मिति: २०६४ आषाढ मसान्त |
| कूल लागत: रू ३०,२०,०० हजार | आ.ब.२०६१/६२ को बजेट: रू ५,९५,५० हजार |
| आयोजनाको प्रकृति: निर्माण | श्रोत : श्री ५ को सरकार र जापान सरकार |

(क) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यहरू :

यस आर्थिक वर्ष देखि शुरू गरिने यस ३ वर्षे कार्यक्रम अन्तर्गत आ.व. २०६१।६२ मा विस्तृत सर्भेक्षण गरी केही निर्माण कार्य संचालन गर्ने लक्ष्य रहेको छ।

(ख) अपेक्षित उपलब्धि :

रोड कोरीडोरको दीगो संरक्षण हुने, स्थानीय जनताको सामाजिक एवम् आर्थिक स्तर उक्सिने, पहिरो पिडित जनतालाई सुरक्षा प्रदान हुने, उचित नदी नियन्त्रण भई धनजनको क्षतिमा कमी आउने छ।

जल उत्पन्न प्रकोप नियन्त्रण क्षेत्र अन्तरगत आ.व. २०६१।६२ मा संचालन गरिने कार्यक्रम तथा बजेट

(रू.हजारमा)

| क्र.सं. | ब.शि.नं | आयोजना/कार्यक्रम | २०६१/६२ को बिनियोजन | | | | श्रोत | | | प्राथमिकता क्रम | दशौ योजनाकोरणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०६०/६१ को संशोधित अनुमान | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | | अनुदान | ऋण | | |
| १ | ४७–४–३४०<br>४७–३–३४० | नदी नियन्त्रण | २६५१४८ | ४६५२०० | ४६५० | ४६०५५० | १३५२०० | १५०००० JAPAN | १८०००० IDA | P1 | ०१ |
| २ | ४७–४–३४१<br>४७–३–३४१ | जल उत्पन्न प्रकोप नियन्त्रण प्रविधि परियोजना | १२०२८५ | ५०००० | ३९५० | ४६०५० | ४०००० | ० | १०००० IDA | P1 | ०१ |
| ३ | ४७–४–३४३<br>४७–३–३४३ | बागमती नदी नियन्त्रण आयोजना (रौतहट, सर्लाही) | ० | १०५००० | ५०० | १०४५०० | ९५०० | ९५५०० INDIA | ० | P2 | ०१ |
| ४ | ४७–४–३४५<br>४७–३–३४५ | लाल बकैया नदी नियन्त्रण आयोजना | ५४४१ | ५००० | ० | ५००० | ५०० | ४५०० INDIA | ० | P2 | ०१ |
| ५ | ४७–४–३४९<br>४७–३–३४९ | मुग्लिङ नारायणगढ जल उत्पन्न प्रकोप नियन्त्रण आयोजना | ० | ५९५५० | २१९० | ५७३६० | ३५५० | ५६००० JAPAN | ० | P1 | ०१ |
| जम्मा | | | ३९०८७४ | ६८४७५० | ११२९० | ६७३४६० | १८८७५० | ३०६००० | १९०००० | | |

## २.३ वन तथा भू-संरक्षण

प्राकृतिक रूपमा रहेको वन श्रोत नै देशको महत्वपूर्ण सम्पदा हो । बढदो वन अतिक्रमण, अव्यवस्थित भू उपयोग, परम्परागत कृषि प्रणाली, प्राकृतिक श्रोत माथिको बढ्दो निर्भरता र अन्य विविध कारणले गर्दा वन श्रोतको संरक्षण र विकास चुनौतिपूर्ण रहेको छ । परिणाम स्वरूप वातावरणीय असन्तुलन बढ्नुको साथै कृषि उत्पादनमा समेत कमि आउने स्थिति देखा पर्न थालेको छ । तसर्थ प्राकृतिक वातावरण र विकास बीच सन्तुलन कायम रहने गरी वन श्रोतको व्यवस्थापन र सदुपयोग गर्न वन क्षेत्रका कार्यक्रमहरूलाई भूमिको उत्पादकत्व वृद्धिका साथै उत्पादनशील, रोजगारीमूलक एवं गरिवी निवारणमुखी वनाउने तथा वन क्षेत्रको व्यवस्थापन कार्यलाई आधुनिकीरण गर्दै लैजान निजी क्षेत्रको संलग्नतालाई बढवा दिदै जाने उद्देश्य लिइएको छ। यी उद्देश्य परिपूर्तिका लागि जनहसभागिताको माध्यमबाट वन क्षेत्रको विकास एवं व्यवस्थापन गर्न महिला, गरीव तथा पिछडिएका वर्गको समेत सहभागिता जुटाई यस क्षेत्रवाट सामाजिक विकासको अभियानमा समेत महत्वपूर्ण भूमिका खेल्नु पर्ने आवश्यकता भएको दशौं योजनाले उल्लेख गरेको छ ।यीनै आवश्यकता अनुरूप सामुदायिक वन व्यवस्थापनलाई निरन्तरता दिने, दिगो वन व्यवस्थापन द्वारा वन पैदावारहरू उत्पादन गरी जनसमुदायको आवश्यकता परिपूर्ति गर्ने, मध्यवर्ति क्षेत्रमा बसोवास गर्ने जनसमूदायको सहभागितामा सामुदायिक विकास, प्राकृतिक श्रोत व्यवस्थापन र आय आर्जनका कार्यक्रमहरू संचालन गर्ने आदि कार्यक्रमहरू रहेका छन् । भू तथा जलाधार संरक्षण गरी जमिनको उत्पादकत्वमा अभिबृद्धि गर्नेका साथै वाढी पैह्रो रोकथाम कार्यलाई निरन्तरता दिइनुका अतिरिक्त निरपेक्ष गरिवीको रेखामुनी रहेका समूहलाई कवुलियति वन उपलब्ध गराउने एवं देशमा विद्यमान बहुमूल्य जडिवुटीको उचित संरक्षण गर्दै अनुसन्धानको सहयोगमा वन श्रोत र जनस्तरमा जडिवुटीको खेती विस्तार गर्ने कार्यमा जोड दिइएको छ । वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गतका क्षेत्रगत उद्देश्य तथा नीतिहरू कार्यान्वयन गराउन योगदान गर्ने गरी आ.व. ०६१/६२ मा संचालन हुने आयोजनाहरू तथा कार्यक्रमहरू जम्मा ३४ रहेका छन । तिनको प्राथमिकता र बजेट वर्गीकरण निम्नानुसार छ ।

**प्राथमिकता र बजेट सारांशः**

| प्राथमिकता | आयोजना संख्या | बजेट (रू. हजारमा) | प्रतिशत |
|---|---|---|---|
| पहिलो | १६ | ४४०१३४ | ६५.६ |
| दोस्रो | १२ | १९१२१० | २८.५ |
| तेस्रो | ६ | ४००६१ | ५.९ |
| जम्मा | ३४ | ६७१४०५ | १०० |

१. **आयोजनाको नामः वन अनुसन्धान तथा सर्भेक्षण आयोजना (५९-३-२००/५९-४-२००)**

| **आयोजनाको संक्षिप्त विवरणः** | |
|---|---|
| **आयोजना शुरू मितिः** x | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागतः** x | **आ.व. २०६१/६२ को बजेटः** रू.१९८२८ हजार |
| **आयोजनाको प्रकृतिः** अनुसन्धान | **स्रोतः श्री ५ को सरकारको ऋण** (ADB-PSM) |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

देशको तराई तथा पहाडी भेगको प्रतिनिधित्व हुने ठाउँहरूमा वन अनुसन्धानका कार्यहरू संचालन भै अनुसन्धानवाट प्राप्त नतिजाहरूलाई क्रमवद्ध रूपमा प्रकाशन गरी सम्वन्धित निकाय, संस्था, व्यक्ति तथा जनसमुदायहरूमा उपलब्ध गराइएको छ । यसमा प्राकृतिक वन व्यवस्थापन, वृक्षारोपण वन व्यवस्थापन, कृषि वन र जडिबुटी प्रवर्द्धन लगायतका क्षेत्रहरूको समुचित संवर्द्धन र सदुपयोग गर्दै आय आर्जन र रोजगारीका अवसरहरू प्रदान गर्ने किसिमका प्रविधिहरूको विकास गरी लक्षित वर्गलाई सेवा तथा जानकारी पुऱ्याउँदै आइरहेको छ । यसको साथै जिल्ला स्तरको वन स्रोत सर्वेक्षण एवं वन क्षेत्रको तथ्याङ्क अद्यावधिक गर्ने कार्य नयाँ सेटलाइट डाटा, नक्शा र हवाई फोटो प्रविधिको प्रयोगबाट भैरहेको छ ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः**

बार्षिक योजना तर्जुमा गोष्ठी (५० जना) बनको जानकारी प्रकाशन, फरेष्ट क्रसर म्याप, हवाई चित्रण रिप्रिण्ट गर्ने, स्याटलाईट इमेज तथा हवाई फोटोको आधारमा राष्ट्रिय स्तरको वन सम्पदाको नक्सा तयार गर्ने कार्यक्रम रहेको छ ।

**(ग) अपेक्षित उपलब्धिः**

वन सम्पदाको नक्सा तयार भै यसबाट योजना तर्जुमामा सहयोग पुग्ने ।

२. **आयोजनाको नामः जडीबुटी विकास आयोजना कार्यक्रम ((५९-४-२३०)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना शुरू मितिः २०६१श्रावण | आयोजना सम्पन्न हुने मितिः |
| कूल लागत: x | आ.व. २०६१/६२ को बजेट: रू.५००० हजार |
| आयोजनाको प्रकृतिःउत्पादन प्रवर्द्धन | स्रोत: श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगतिः**

श्री ५ को मध्य-पश्चिमाञ्चल विकास क्षेत्रमा वि. सं. २०६० सालमा भएको भ्रमणको क्रममा निर्देशनमा परेको कार्यक्रम ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

श्री ५ को मध्यपश्चिमान्चल क्षेत्रमा भ्रमणको क्रममा निर्देशनमा परेका विभिन्न जडिबुटी विकास कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि :**

स्थानीय जनताको आय आर्जनमा सहयोग पुग्ने ।

३. **आयोजनाको नाम: जैविक विविधता कार्यक्रम (५९-३-२६०/५९-४-२६०)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना शुरू मितिः x | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| कूल लागत: x | आ.व. २०६१/६२ को बजेट: रू.१०७९१ हजार |
| आयोजनाको प्रकृतिः जैविक विविधता संरक्षण | स्रोत: UNEP (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यस कार्यक्रम अन्तर्गत जैविक विविधताको उपादेयता र यसको संरक्षणको आवश्यकता बारे जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरू रहे अनुरूप विश्वका विभिन्न राष्ट्रहरूले जस्तै नेपालले पनि प्रत्येक बर्ष मे २२ मा अन्तर्राष्ट्रिय जैविक विविधता दिवस मनाउँदै आएको छ। यसको साथै यस कार्यक्रम अन्तर्गत नेपाल अधिराज्यका सामुदायिक वनहरूमध्ये यस्ता कार्यमा उत्कृष्ट कार्य गरेका ३ बटा सामुदायिक वन उपभोक्ता समूहलाई सर्वमान्य गणेशमानसिंह वन पुरस्कार वितरण गर्दै आइरहेको छ । यसका अतिरिक्त जैविक विविधता कार्यक्रम अन्तर्गत वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत संचालित बार्षिक कार्यक्रमहरूमा प्रभावकारिता ल्याउन कार्यक्रमहरूको अनुगमन, मूल्यांकन गर्ने कार्य भएका छन् ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

जैविक विविधताको उपादेयता, यसको संरक्षणको आवश्यकता र यसबाट वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव बारे जनचेतना अभिवृद्धि गर्नको लागि UNEP को अनुदान सहयोगमा राष्ट्रिय जैविक सुरक्षा फ्रेमवर्क तयारी, जैविक सुरक्षा गोष्ठी, अन्तर्राष्ट्रिय पर्वतीय दिवस मनाउने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि :**

जैविक विविधता संरक्षणमा जनचेतना अभिवृद्धि हुने ।

४. **आयोजनाको नाम: वन तालीम केन्द्र ((५९-३-२८०/५९-४-२८०)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना शुरू मितिः जुलाई २००४ | आयोजना सम्पन्न हुने मितिः जुलाई २००५ |
| कूल लागत: x | आ.व. २०६१/६२ को बजेट: रू.१८०८२ हजार |
| आयोजनाको प्रकृतिः कार्य क्षमता वृद्धि | स्रोत: DANIDA (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

वन सेवामा कार्यरत प्राविधिक एवं अप्राविधिक जनशक्तिको कार्य क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुरूप यस कार्यक्रम अन्तर्गत वन श्रोत सर्वेक्षण तालीम, गैरकाष्ठ वन पैदावार तालीम, लेखा अभिलेख आदि तालीमहरू संचालन हुदै आएका छन् । विभिन्न सेवाकालिन तालीमहरू संचालन गर्न अधिकृत स्तरका कर्मचारीहरूको निमित्त केन्द्रमा एक तालीम शाखा रहेको छ भने सहायक स्तरका कर्मचारीहरूको लागि पाँच वटै विकास क्षेत्रमा क्षेत्रीय तालीम केन्द्रको व्यवस्था गरिएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:

केन्द्रवाट हुने तालीमहरूमा न्याय प्रशासन तालीम १८ जना, जेण्डर इक्वीटी तालीम १५ जना, मानविय व्यवस्थापन तालीम १५ जना, वन ऐन सम्वन्धी म्यानुयल तयार गर्ने, गणेशमान सिंह वन संरक्षण पुरस्कार, वितरण, क्षेत्रीय तालीम केन्द्रबाट वन रक्षक, रेन्जर, उपभोक्ता समूह आदिलाई समेत विभिन्न किसिमका तालीम सञ्चालन गरिने छ।

(ग) अपेक्षित उपलब्धि :

वन क्षेत्र अन्तर्गतका कर्मचारीहरूको क्षमता अभिवृद्धि हुने।

५. **आयोजनाको नाम: वन व्यवस्थापन कार्य योजना ((५९-३-३०१/५९-४-३०१)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शुरू मितिः** x | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागत:** x | **आ.व. २०६१/६२ को बजेट:** रू. १४५७६ हजार |
| **आयोजनाको प्रकृतिः** वनको वैज्ञानिक व्यवस्थापन**स्रोतः** श्री ५ को सरकार | |

(क) आ.व. २०६०/६१ को प्रगति :

यस कार्यक्रम अन्तर्गत वनको वैज्ञानिक व्यवस्थापन गरी संरक्षण, संबर्धन, सदुपयोगका साथै वनको हैसियतमा सुधार ल्याउन तराई तथा भित्री मधेश क्षेत्रका विभिन्न १२ जिल्लाहरूमा यो कार्यक्रम संचालन हुँदै आइरहेको छ। दशौं योजनाले वन जंगलको व्यवस्थापनमा Collaborative Forest Management Approach राखी यसबाट वनको दिगो व्यवस्थापन गरी वातावरण संरक्षण हुने, ढलापडा, सुखड, खडा रूखको संकलन तथा बिक्री वितरण गरी वन पैदावारको सततः आपूर्ति सहित रोजगारी एवं राजश्व अभिवृद्धि गर्नमा टेवा पुऱ्याएको छ। यसतर्फ आ.व.२०६०/६१ मा ३४ हेक्टरमा पुनरूत्थान संरक्षण, २५,००० क्यू.फीट ढलापडा काठ संकलन नथा घाट गद्दी, ७ वटा सामुदायिक वन हस्तान्तरण, ९ जिल्लामा अग्नि संरक्षण, १२ जिल्लामा अतिक्रमण तथा चोरी निकासी नियन्त्रण गर्ने लक्ष्य रहेकोमा यसतर्फ अपेक्षित प्रगति भएको देखिन्छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:

तराईका १२ जिल्लामा सिल्भीकल्चरल अपरेशन ३४ हेक्टर, ढलापडा रूख संकलन ३५००० क्यु. फि. काठ, ४० चट्टा दाउरा, अग्नि नियन्त्रण कार्य योजना कार्यान्वयन ३ जिल्ला, जंगली हात्ती नियन्त्रण (झापा) र ८ वटा सामुदायिक वन हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ।

(ग) अपेक्षित उपलब्धि:

वन पैदावारको सदुपयोग र वन संरक्षण हुने।

६. **आयोजनाको नाम: राष्ट्रिय तथा कवुलियती वन विकास कार्यक्रम ((५९-३-३१०/५९-४-३१०)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शुरू मितिः** X | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागत:** X | **आ.व. २०६१/६२ को बजेट:** रू.५३८२ हजार |
| **आयोजनाको प्रकृतिः** वनजन्य पैदावार आपूर्ति प्रभावकारी वनाउने **स्रोतः** श्री ५ को सरकार | |

(क) आ.व. २०६०/६१ को प्रगति :

यस कार्यक्रम अन्तर्गत क) राष्ट्रिय वन विकास कार्यक्रम र ख) कवुलियति वन विकास कार्यक्रमका भागहरू रहेका छन्। राष्ट्रिय वनलाई बैज्ञानिक रूपले व्यवस्थापन गरी सर्वसाधारणको दैनिक आवश्यकताका वन जन्य पैदावार आपूर्तिमा प्रभावकारी बनाउने उद्देश्यले यो कार्यक्रम श्री ५ को सरकारको श्रोतबाट तराई र भित्री मधेश क्षेत्रका २७ जिल्लाहरूमा संचालन हुदै आईरहेको छ। यस कार्यक्रम अन्तर्गत विरूवा उत्पादन, सरकारी वनमा वृक्षारोपण, वन सीमाना सीमांकन अग्नी संरक्षण, अतिक्रमण तथा चोरी नियन्त्रण जस्ता कार्यहरू संचालन हुँदै आईरहेका छन्। देशमा छरिएर रहेका, हैसियत बिग्रीएका राष्ट्रिय वन क्षेत्रमा सहभागितामूलक कार्यक्रम संचालन गरी राजस्वको केही अंश स्थानीय स्तरमा छुट्याई बाँकी रकम राजस्वको रूपमा दाखिला गरिने कानूनी प्रावधान तयार गरिने कार्यक्रम छ। यस अतिरिक्त यस कार्यक्रम अन्तर्गत कवुलियति वन विकास कार्यक्रम तर्फ उद्योग संघ संस्था आदिलाई निश्चित अवधिको लागि राष्ट्रिय वन कवुलियतिमा दिने कार्यक्रमहरू विगत वर्षहरूमा भएका छन्।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

राष्ट्रिय तथा कबुलियति बन विकास कार्यक्रमलाई निरन्तरता दिई नर्सरी मर्मत ५ वटा, बिरूवा उत्पादन २२९००० गोटा, तारवार निर्माण ६ कि. मि., अग्नि संरक्षण ८ जिल्ला, हलेसी महादेव संरक्षण गर्ने आदि कार्यक्रम संचालन गरिने छन् ।

(ग) **अपेक्षित उपलब्धि:**

बन व्यवस्थापन तथा बन संरक्षणमा सहयोग पुग्ने ।

७. **आयोजनाको नाम: सामुदायिक बन विकास कार्यक्रम (केन्द्र) ((५९-३-३११/५९-४-३११)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शुरू मिति:**सन् २००४ | **आयोजना सम्पन्न हुने मिति:** सन् २००५ (Extension to bridging Phase) |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:** ६२७३ हजार |
| **आयोजनाको प्रकृति:** जनचेतना जागरन | **स्रोत :** DANIDA (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यो कार्यक्रम केन्द्रिय स्तरमा डेनिडाको अनुदान सहयोगमा संचालित कार्यक्रम हो । यस कार्यक्रम अन्तर्गत ३,२५,००० (अनुमानित) गोटा बिरूवा उत्पादन तथा वितरण गर्ने कार्य भएका छन् भने समारोह-बृक्षारोपण, क्यालेण्डर तथा डायरी प्रकाशन तथा वितरण, सामुदायिक बन बुलेटिन प्रकाशन गर्ने आदि कार्यक्रमहरू संचालन भएका छन् ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

बिरूवा उत्पादन तथा वितरण ३५०,००० गोटा, क्यालेण्डर प्रकाशन र वितरण ४०,००० वटा, डायरी वितरण ५००० गोटा, श्रव्यदृश्य कार्यक्रम संचालन गरिने छ ।

(ग) **अपेक्षित उपलब्धि:**

सामुदायिक बन सम्बन्धी प्रचार प्रसारमा सहयोग पुग्न जाने ।

८. **आयोजनाको नाम: पहाडी कबुलियती बन तथा चरन विकास आयोजना (५९-३-३१४/५९-४-३१४)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शुरू मिति:** X | **आयोजना सम्पन्न हुने मिति:** सालबसाली |
| **कूल लागत:** X | **आ.व. २०६१/६२ को बजेट:** रू.२४२०५ हजार |
| **आयोजनाको प्रकृति:** गरिबी निवारणमुखि | **स्रोत:** श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति:

गरिबीका रेखामुनीका समुदायहरूको जीवनस्तर उकास्ने र हैसियत बिग्रेको बन क्षेत्रको पुनः स्थापना गरी वातावरणीय अवस्थामा सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम २६ वटा पहाडी जिल्लामा संचालन भैरहेको छ । यो कार्यक्रम आ. व. २०५९/६० सम्म ईफ्याड को ऋण सहयोगमा (१० जिल्लामा) संचालनमा रहेकोमा हाल २६ जिल्लामा नै श्री ५ को सरकारको श्रोतबाट नै कार्यक्रम संचालन भई रहेको छ । गरिबीका रेखामुनीका समुदायहरूलाई कबुलियति बन समूह गठन गरी बन व्यवस्थापन र उपयोग गर्न हैसियत बिग्रीएको बन ४० वर्षसम्मको लागि कबुलियतिमा दिने प्रावधान भए अनुरूप त्यस कार्यक्रमबाट एकातर्फ गरिबी निवारण गर्नमा टेवा पुऱ्याउदै आएको छ भने अर्को तर्फ हैसियत बिग्रेको बन पुनर्स्थापना भई वातावरणीय अवस्थामा केही सुधार भएको छ । यस कार्यक्रम अन्तर्गत आ. ब. २०६०/६१ मा १८५ कबुलियति बन क्षेत्र तथा समूह पहिचान र गठन, ९२५ संख्या परिवार लाभान्वित, ७४० कबुलियति बन कार्ययोजना तयारी र क्षेत्र हस्तान्तरण, ७७४ पटक गोष्ठी/तालीम कार्यक्रमहरू लक्ष्य अनुसार पुरा हुने अनुमान छ ।

(ख) **आ.व. २०६१/६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यक्रमहरू :**

यस कार्यक्रमलाई निरन्तरता दिई अधिराज्यका २६ पहाडी जिल्लाहरूमा २२८ कि.मी. बन सिमांकन गर्ने, २६ पटक जिल्ला स्तरीय योजना तर्जुमा गोष्ठी गर्ने, कबुलियती बन कार्ययोजना तयारी, अनुगमन गर्ने, बन व्यवस्थापन, नर्सरी व्यवस्थापन र गैर काष्ठ बन पैदावार आदि तालीम संचालन गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि :**

हैसियत बिग्रेको बन पुनस्थापना भई वातावरण सन्तुलनमा सहयोग पुग्ने र गरीबीका रेखामुनी रहेका जनताको आय आर्जन बृद्धि भई जीवन स्तरमा सुधार आउने ।

९. **आयोजनाको नाम: वन सम्वर्द्धन तथा वृक्ष सुधार केन्द्र (५९-३-३३०/५९-४-३३०)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शरू मिति:**सन् २००४ | **आयोजना सम्पन्न हुने मिति:** सन् २००५ |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:** रू. १७३६७ हजार |
| **आयोजनाको प्रकृति:** रूख प्रजाति संरक्षण | **स्रोत:** DANIDA (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यो कार्यक्रम ल्ब्ह्क्ब्ए को प्राविधिक सहयोगमा संचालित छ। ग्रामिण अर्थतन्त्र एवं राष्ट्रिय वन कार्यक्रममा महत्वपूर्ण ठानिएका रूख प्रजातिहरूको संरक्षण तथा अनुवांशिक सुधार गर्ने, उपभोक्ताहरूको विउको मागलाई सरल र सुलभ तरिकाले आपूर्ति गर्ने तथा उपयुक्त वन संवर्धन व्यवस्थापन प्रविधि विकास गरी स्थानिय स्तरमा उपलब्ध गराउने यस इकाईका मुख्य उद्देश्य अनुरूप कार्यक्रमहरू पांचवटै विकास क्षेत्रमा संचालित छ। १२०० के.जी. विउ संकलन एवं वितरण, १२ वटा सिड स्टैण्ड पहिचान दर्ता, १२ वटा सिड स्टैण्ड व्यवस्थापन, २० सिल्भीकल्चर प्रवर्द्धन स्थल स्थापना, ३६ वटा सिल्भीकल्चर प्रवर्द्धन स्थल व्यवस्थापन गर्ने लक्ष्य रहेकोमा यस तर्फ अपेक्षित प्रगति भएको देखिन्छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

विउ संकलन तथा वितरण ४२०० के.जी., वन वनस्पतिको संरक्षण व्यवस्थापन ८४ हेक्टर, जिल्ला वन नक्सा तयारी १८ वटा, वृक्ष सुधार कार्यान्वयन सम्वन्धी २० वटा कार्य गर्ने लक्ष्य रहेको छ।

(ग) **अपेक्षित उपलब्धि :**

समूहहरूको गुणात्मक सुधारमा सहयोग पुग्ने।

१०. **आयोजनाको नाम: चुरिया वन विकास कार्यक्रम (५९-३-३४०/५९-४-३४०)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शुरू मिति:** २०६१ श्रावण | **आयोजना सम्पन्न हुने मिति:** २०६१ पौष सम्म |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:** रू.२००० हजार |
| **आयोजनाको प्रकृति:**वन व्यवस्थापन | स्रोत: GTZ (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

GTZ को सहयोगमा सिरहा, सप्तरी, उदयपुर जिल्लामा संचालन हुने विभिन्न कार्यक्रममा वजेट निकासा नभएकोले उक्त कार्यक्रम बार्षिक कार्यक्रमबाट हटाउने गरी संशोधन भएको।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

उपभोक्ता समूह गठन ५ वटा, वन कार्य योजना तैयारी तथा हस्तांन्तरण ५ वटा, कार्य योजना समिक्षा र अध्यावधिक १० पट लगायत विभिन्न किसिमका तालीमहरू सन्चालन गर्ने।

(ग) **अपेक्षित उपलब्धि :**

स्थानीय स्तरमा सामुदायिक वन सम्बन्धी ज्ञान बृद्धि हुने।

११. **आयोजनाको नाम: प्रचार प्रसार कार्यक्रम (५९-३-३५०/५९-४-३५०)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शुरू मिति:**सन् २००४ | **आयोजना सम्पन्न हुने मिति:** सन् २००५ |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:** रू. ३८२५ हजार |
| **आयोजनाको प्रकृति:** प्रचारमुखी | **स्रोत:** DANIDA (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

वन व्यवस्थापन जनचेतना अभिवृद्धि गर्न श्रव्य दृश्य कार्यक्रम लगायत व्रोसर, पम्पलेट, पुस्तक, पुस्तिका, रेडियो स्पट प्रसारण, कल्पवृक्ष पुस्तिका प्रकाशन तथा वितरण भएका छन्।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

वन वाटिका कार्यक्रम उत्पादन प्रसारण ५३ वटा, रेडियो स्पट प्रसारण १७ वटा, टेली स्पट प्रसारण ४ वटा एवं कल्प वृक्ष पत्रिका प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धि :**

जनमानसमा वन संरक्षणमा र प्रचार प्रसारबाट तत्सम्बन्धी ज्ञान अभिबृद्धि हुने।

१२. **आयोजनाको नाम: रेसुंगा टिकौली तालीम केन्द्र (५९-३-३५१/५९-४-३५१)**

| **आयोजनाको संक्षिप्त विवरण:** | |
|---|---|
| **आयोजना शुरू मिति:** X | **आयोजना सम्पन्न हुने मिति:** सालवसाली |
| **कूल लागत:** X | **आ.व. २०६१/६२ को बजेट:** रू. ७३९ हजार |
| **आयोजनाको प्रकृति:** वन्यजन्तु चोरी निकासी नियन्त्रण। | **स्रोत:** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यो कार्यक्रम श्री ५ को सरकारको श्रोतबाट गुल्मी र चितवन जिल्लामा संचालित छ। गुल्मीको रेसुङ्गामा पार्क निर्माण सुधार, वन संरक्षण गोष्ठी, प्रचार प्रसार सामाग्री वितरण जस्ता कार्यहरू सन्चालन भइरहेका छन् भने सशस्त्र वन रक्षक तालीम केन्द्र, टिकौली (चितवन)बाट बाघको छाला प्रशोधन, गैडाको खाग, खुर, कस्तुरीको विना संरक्षण गर्ने एवं राइफल पेस्तोल मर्मत तथा सुधार गर्ने आदि कार्य भैरहेका छन्।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

रेसुंगामा पार्क निर्माण, संरक्षण, सम्भार ३४०० हेक्टर, आवश्यकतानुसार बाघको छाला, गैंडाको खाग, कस्तुरीको विना आदि सुरक्षित र चोरी निकासी नियन्त्रण, वन अतिक्रमण नियन्त्रण गर्ने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धि :**

वन्य जन्तुका आखेटोपहारहरूको संरक्षण हुने।

१३. **आयोजनाको नाम: तराई तथा सिवालीक क्षेत्रको लागि जैविक विविधता कार्यक्रम (BISEP-ST) (५९-३-३५२/५९-४-३५२)**

| **आयोजनाको संक्षिप्त विवरण:** | |
|---|---|
| **आयोजना शुरू मिति:**२००२ | **आयोजना सम्पन्न हुने मिति:** सन् २००९ |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:**रू.८५७८० हजार |
| **आयोजनाको प्रकृति:** जैविक विविधता संरक्षण | **स्रोत:** SNV (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

तराई तथा सिवालिकमा रहेको वन क्षेत्रको समग्र विकास गरी समतामूलक आर्थिक विकासको लागि वन क्षेत्रबाट टेवा पुऱ्याउने मुख्य उद्देश्यका साथ कार्यक्रमको शुरूवात नेदरल्याण्ड सरकारको सहयोगमा भएको हो। यी कार्यक्रमहरू ८ जिल्लामा संचालित छन्। यो आयोजना वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गतका वन, भू तथा जलाधार संरक्षण, राष्ट्रिय निकुन्ज तथा वन्य जन्तु संरक्षण र वनस्पति विभागहरू द्वारा संचालन हुँदै आइरहेका छन्। वन स्रोतको दिगो उपयोग र समानुपातिक वितरणको लागि वन व्यवस्थापन नमूनाहरूको विकास गरी यसबाट प्राप्त हुने नतिजालाई क्रमिक रूपमा अन्य क्षेत्रहरूमा पनि लागु गर्दै जाने र तराईका चक्ला वनलाई विभिन्न सरोकारवालाहरूको संलग्नतामा साझेदारी वन व्यवस्थापन (Collaborative Forest Management) प्रणालीबाट व्यवस्थापन कार्य अगाडी बढाइने अभिप्राय लिएको छ। यसबाहेक जंगलमा रहेको ढलापढा, सुखड, खडा रूखहरूको संकलन तथा बिक्री वितरण गरी वन पैदावारको सतत: आपूर्ति तथा रोजगारी एवं राजश्वमा समेत अभिवृद्धि हुने अपेक्षा लिएको छ।

यस कार्यक्रमबाट चुरे क्षेत्रको व्यवस्थापन भै तराई क्षेत्रको कृषि उत्पादन, सिंचाई तथा भूमिगत जल भण्डारमा पर्न सक्ने नकारात्मक असर घटाउन भू तथा जलाधार संरक्षणका कार्यक्रमहरू उपभोक्ता समूहको सक्रिय सहभागितामा संचालन भएका छन्।

मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम अन्तर्गत वासस्थान संरक्षण, दह, पोखरी सुधार तथा मर्मत, भौतिक पूर्वाधार निर्माण तथा सुधार कार्यक्रमहरू, वनस्पति सर्वेक्षण, जैविक विविधता क्षेत्रको पहिचान, कृषक समूहलाई जडीबुटी खेती सम्बन्धी तालीम दिई जनचेतना अभिवृद्धि, डकुमेन्टेसन तथा निर्माण तथा सुधार कार्यक्रमहरू समेत संचालन भएका छन्।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

- विभिन्न किसिमको गोष्ठी ११९ वटा, विभिन्न किसिमको तालीम ८६ वटा, अग्नि रेखा निर्माण १५ कि. मि., १२५,००० गोटा विरूवा उत्पादन गर्ने ।
- वनस्पति संरक्षण तथा तथ्यांक संकलन, जडिवुटी विरूवा उत्पादन तथा वितरण जर्मप्लाजम संरक्षण, जडिवुटी प्रदर्शनी प्लटको स्थापना ।
- उपजलाधार योजना तर्जुमा, वायोइन्जिनियरिङ्ग खहरे नियन्त्रण, विकासका पूर्वाधार संरक्षण, समूह परिचालन तथा सशक्तिकरण, समूह व्यवस्थापन तालीम, भू संरक्षण दिवस समारोह ।
- संरक्षण शिक्षा, वासस्थान संरक्षण सुधार, निकुन्ज व्यवस्थापन लगायत भौतिक पूर्वाधार निर्माण आदि ।

(ग) **अपेक्षित उपलब्धि :**

वन, जधालार, वन्यजन्तु र वनस्पति संरक्षणमा विशेष सहयोग पुग्ने ।

१४. **आयोजना नाम: बनस्पति विकास कार्यक्रम (५९-३-५००/५९-४-५००)**

| | |
|---|---|
| **आयोजनाको संक्षिप्त विवरण:** | |
| **आयोजना शुरू मितिः** x | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागतः** x | **आ.व. २०६१/६२ को बजेटः** रू.६५०० हजार |
| **आयोजनाको प्रकृतिः** वनस्पति संरक्षण **स्रोतः** श्री ५ को सरकार | |

(क) आ.व. २०६०/६१ को प्रगति :

वनस्पति विकासको सम्भाव्यता पहिचान, संस्थागत विकास कार्यको लागि यस अन्तर्गत विभिन्न कार्यक्रमहरू रहेका छन् । यो कार्यक्रमबाट वनस्पतिहरूको संरक्षण, सम्वर्द्धन, जैविक प्रविधि विकासका लागि प्रोटोकल तयार हुने छ । जैविक प्रविधि प्रयोग गरी आर्थिक महत्वका उन्नत जातका बोट विरूवाहरू वृहत मात्रामा उत्पादन गर्न अनुसन्धानात्मक कार्यक्रम संचालन गरिएको छ । नेपाल अधिराज्यको विभिन्न ३ स्थानबाट रानी खन्यू, पाखनवेद जातिका विरूवाहरू संकलन गरी टिस्यूकल्चर माध्यमबाट उत्पादन गरी यी विरूवाहरूको फिल्ड परिक्षण गर्ने व्यवस्था भएको छ । आ.व. २०६०/६१ मा ११ वटा वानस्पतिक अध्ययन अनुसन्धान तथा सेवा, ५ किसिमका बैज्ञानिक प्रकाशन, ३ स्थानमा अनुसन्धान तथा विश्लेषण कार्यक्रम, १५,००० गोटा विरूवा उत्पादन, २ प्रजाति विरूवा उत्पादन प्रविधि विकास, १० प्रजाति जर्म प्लाज्म संकलन/संरक्षण आदि (अनुमानित) कार्यहरू संचालन भएका छन् ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

हर्वेरियममा वनस्पतिको नमुना संरक्षण, सर्वेक्षण, गुणस्तर निर्धारण तथा प्रमाणीकरण, टिस्यु कल्चर (रानी खन्यू र पाखनवेदको) बाट विरूवा उत्पादन गर्ने, तालीम गोष्ठी संचालन तथा कार्यक्रम अनुगमन, फ्यासिकल ९ँवकष्अभि० प्रकाशन ।

(ग) **अपेक्षित उपलब्धि :**

वनस्पतिमा आधारित उत्पादनको गुणस्तर नियन्त्रण र उपयोगमा विशेष सहयोग पुग्ने ।

१५. **आयोजनाको नाम: जलाधार व्यवस्थापन आयोजना (५९-३-६१०/५९-४-६१०)**

| | |
|---|---|
| आयोजनाको संक्षिप्त विवरण: | |
| **आयोजना शुरू मितिः** x | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागतः** x | **आ.व. २०६१/६२ को बजेटः** रू. ३५१० हजार |
| **आयोजनाको प्रकृतिः** जलाधार संरक्षण | **स्रोतः** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

श्री ५ को सरकारको स्रोतबाट सञ्चालन हुदै आइरहेको यस कार्यक्रमबाट भू-क्षय, बाढी पैह्रो जस्ता प्राकृतिक प्रकोपका असर न्यून गर्न अधिराज्यका ५५ जिल्लामा भू तथा जलाधार व्यवस्थापन आयोजना कार्यान्वयनमा रहेको छ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

मेट डाटा कम्पाइलेशन, प्रदर्शन स्थल व्यवस्थापन १ गोटा, संरक्षण दिवस/प्रदर्शन ३ पटक , प्रचार सामग्री पुन

प्रकाशन १० हजार प्रति, माटो र पानी विश्लेषण २ स्थान ।

(ग) **अपेक्षित उपलब्धि :**

जलाधार व्यवस्थापनको लागि सहयोग पुग्ने ।

१६. **आयोजनाको नाम: बाग्मती जलाधार आयोजना (५९-३-६२०/५९-४-६२०)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| **आयोजना शुरू मिति:** x | **आयोजना सम्पन्न हुने मिति:** सालवसाली |
| **कूल लागत:** x | **आ.व. २०६१/६२ को बजेट:** रू. ११९३० हजार |
| **आयोजनाको प्रकृति:**प्राकृतिक प्रकोप रोकथाम | **स्रोत:** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यो आयोजना EU को अनुदान अवधि समाप्त भए तापनी प्राप्त उपलब्धिलाई निरन्तरता दिइने गरी आन्तरिक श्रोतबाट मध्यमाञ्चल विकास क्षेत्रका पाँच जिल्लामा संचालन भैरहेको छ। उप-जलाधार योजना तर्जुमा, पहिरो रोकथाम, खहरे नियन्त्रण, गल्छी नियन्त्रण, गोरेटो सुधार, पानी मुहान संरक्षण, विद्यालय संरक्षण शिक्षा जस्ता कार्यक्रमहरू सञ्चालन भएका छन् ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

प्राकृतिक प्रकोपको रोकथाम अन्तर्गत पहिरो रोकथाम, खहरे रोकथाम, गल्छी नियन्त्रण, संरक्षण पोखरी संरक्षण गर्ने १८ गोटा, पूर्वाधार संरक्षण, गोरटो, कुलो, खोला र सडक, पाखो संरक्षण, भूमि उत्पादकत्व संरक्षण ७६ हेक्टर जस्ता कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको छ।

(ग) **अपेक्षित उपलब्धि:**

५ वटा आयोजना जिल्लाहरूमा भू तथा जलाधार व्यवस्थापन कार्यहरू सञ्चालन भई स्थानीय जनताले रोजगारीका अवसर पाउने ।

१७. **आयोजनाको नाम: दिगो भू व्यवस्थापन कार्यक्रम (५९-३-६५०/५९-४-६५०)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| **आयोजना शुरू मिति:** x | **आयोजना सम्पन्न हुने मिति:** |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:** रू.७४५ हजार |
| **आयोजनाको प्रकृति:**भूमि उत्पादकत्व संरक्षण | **स्रोत:** स्वीस सरकार (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

स्वीस सरकारको अनुदान सहयोगमा १८ गोटा भू-उपयोग विकास तथा सामुदायिक संरक्षण योजना, १०५ वटा प्राकृतिक प्रकोप रोकथाम, ६३.५ कि.मी. विकासका पूर्वाधार संरक्षण, ५३८.५ हेक्टर भूमि उत्पादकत्व संरक्षण, ६९ स्थानमा सामुदायिक भू संरक्षण, २९८९ व्यक्तिलाई उपभोक्ता समूह तालीम/भ्रमण आदि कार्यहरू गर्ने लक्ष्य रहेकोमा लक्ष्य बमोजिम प्रगति हुने अनुमान छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

दोलखा, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, डोटी र सुर्खेत जिल्लामा १२८ जनालाई तरकारी खेती र माटो व्यवस्थापन तालीम दिने , अन्य तालीम १२८ जना, नर्सरी स्थापना १ वटा, पोखरी संरक्षण ३ वटा, माटो नमूना संकलन ३० वटा गर्ने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धि:**

भू संरक्षण सम्बन्धी ज्ञान अभिबृद्धि हुने ।

१८. **आयोजनाको नाम: बन्य जन्तु आरक्ष आयोजना (५९-३-७१०/५९-४-७१०)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| **आयोजना शुरू मिति:** x | **आयोजना सम्पन्न हुने मिति:** सालवसाली |
| **कूल लागत:** x | **आ.व. २०६१/६२ को बजेट:** रू. १८३७२ हजार |
| **आयोजनाको प्रकृति:**आरक्ष संरक्षण | **स्रोत:** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

महत्वपूर्ण बन्यजन्तुका बासस्थान सुधार र दुर्लभ बन्यजन्तुलाई जोगाई राख्न सिमावर्ती क्षेत्रका जनता, स्कुले विद्यार्थी, आम जनता आदिका लागि बन्य जन्तु संरक्षण सम्बन्धी जन चेतना जगाउने उद्देश्यले ३९ पटक संरक्षण शिक्षा, ६ स्थानमा बासस्थान संरक्षण सुधार, ४ स्थानमा प्रजाति संरक्षण, ४ वटा धार्मिक स्थल संरक्षण, १ स्थानमा पर्यटन विकास, ३० वटा भौतिक पूर्वाधार निर्माण तथा सुधार गर्ने लक्ष्य रहेकोमा यस तर्फ अपेक्षित प्रगति भएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः**

गैंडा स्थानान्तरण १० वटा, चोरी सिकारी नियन्त्रण १ स्थान, मचान मर्मत २ वटा, काठे पुल मर्मत ३ वटा, ७ वटा काञ्जिहाउस मर्मत, काञ्जिहाउस निर्माण १ वटा गर्ने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धि**

४ वटा वन्यजन्तु आरक्षमा वन्यजन्तु संरक्षणमा योगदान पुग्ने

१९. **आयोजनाको नामः राष्ट्रिय निकुन्ज आयोजना (५९-३-७२०/५९-४-७२०)**

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| **आयोजना शुरू मितिः** x | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागतः** x | **आ.व. २०६१/६२ को बजेटः** रू.७१२७२ हजार |
| **आयोजनाको प्रकृतिः** प्रजाति संरक्षण | स्रोतः श्री ५ को सरकारको ऋण (ADB-PSM) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

हाल नेपालमा भएका ९ वटा राष्ट्रिय निकुञ्जहरूमा वासस्थान संरक्षण सुधार अन्तर्गत सिमसार क्षेत्र व्यवस्थापन, अग्नि नियन्त्रण कार्यक्रम, चरिचरण व्यवस्थापनको साथै १४ पटक संरक्षण शिक्षा, २१ स्थानमा वासस्थान संरक्षण सुधार तथा अनुसन्धान, ५ वटा धार्मिक स्थल संरक्षण, ४२ वटा भौतिक पूर्वाधार निर्माण तथा सुधार गर्ने कार्यक्रम रहेकोमा यस तर्फ अपेक्षित प्रगति भएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः**

समन्वय गोष्ठी ३ पटक, घाँसे मैदान व्यवस्थापन ५० हेक्टर, गोही संरक्षण १ स्थान, कछुवा संरक्षण १ स्थान, पाँच पाण्डव मन्दिर संरक्षण (चितवन, माडी), मचानं, डुगा र शौचालय निर्माण गरिने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धि**

९ वटा राष्ट्रियनिकुन्जहरूका वन्यजन्तु संरक्षणमा योगदान पुग्ने।

२०. **आयोजनाको नामः सामुदायिक वन विकास कार्यक्रम (जिल्लास्तर) (५९-३-८०१/५९-४-८०१)**

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| **आयोजना शुरू मितिः** जुलाई २००४ | **आयोजना सम्पन्न हुने मितिः** २००५ जुलाई |
| **कूल लागतः** | **आ.व. २०६१/६२ को बजेटः** रू. ४५१६७ हजार |
| **आयोजनाको प्रकृतिः** वन व्यवस्थापन | **स्रोतः** DANIDA (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

बन उपभोक्ता समूह ३०३ गोटा गठन भएको, ३३७ हेक्टर बनमा वृक्षारोपण गरिएको, ३४२ गोटा वन कार्ययोजना तयारी गर्ने कार्य भएका छन् भने १०७८ वटा वन कार्य योजना पुनरावलोकन, १८३ गोटा सा. वं. निरीक्षण तथा अनुगमन, १२८७ पटक तालीम/गोष्ठी/अध्ययन भ्रमण गर्ने कार्य भएको छ। यस अतिरिक्त १०४,४०० गोटा उपभोक्ता समुहबाट र ६,४७,००० गोटा विरूवा उत्पादन जिल्ला वन कार्यालयबाट भएका छन्। (यी तथ्यांक चालु आ.व.को दोस्रो चौमासिकसम्मको प्रगतिको आधारमा अनुमान गरिएका हुन्)।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

अधिराज्यका ३८ पहाडी जिल्लाहरुमा जनसहभागिताको माध्यमबाट वनको व्यवस्थापन गरी दैनिक वन जन्य पैदावार आपूर्ति गर्ने उद्देश्य अनुरूप २१५ वटा सामुदायिक वन समूह गठन, २२२ वटा वन कार्य योजना तयारी, ६०६९ वटा सामुदायिक वन निरीक्षण, २०८ पटक सामुदायिक वन व्यवस्थापन तालीम संचालन गरिने छन्।

(ग) **अपेक्षित उपलब्धिः**

३८ पहाडी जिल्लाहरूमा सामुदायिक वन व्यवस्थापन कार्य जारी रहने।

२१. **आयोजनाको नामः जिविकोपार्जनको लागि बन कार्यक्रम (५९-३-८०२/५९-४-८०२)**

**आयोजनाको संक्षिप्त विवरणः**

| | |
|---|---|
| **आयोजना शुरू मितिः** सन २००२ | **आयोजना सम्पन्न हुने मितिः** सन २००८ |
| **कूल लागतः** | **आ.व. २०६१/६२ को बजेटः** रू.७०७१४ हजार |
| **आयोजनाको प्रकृतिः** वन व्यवस्थापन | **स्रोतः** DFID (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

वन उपभोक्ता समुहहरू गठन गरी व्यवस्थापन कार्य गर्न यो कार्यक्रम डीएफआईडी को अनुदान सहयोगमा १२ वटा जिल्लाहरूमा संचालित छन्। यो कार्यक्रमबाट वन उपभोक्ता समुहलाई अनुदान रकम उपलब्ध गराउने व्यवस्था भै उपभोक्ता समुहबाट सामुदायिक बन व्यवस्थापन गर्ने कार्य हुँदै आएको छ। यस अतिरिक्त, महिला तथा दलित वर्गको सहभागिता अभिवृद्धि गर्न र सशक्त बनाउने उद्देश्यले तालीम, गोष्ठी, अध्ययन भ्रमण जस्ता कार्यहरू भएका छन्। यसबाट गरिबी न्यूनिकरणमा विशेष योगदान पुगेको छ। तापनि यो कार्यक्रम जनसहभागिता जुटाई संचालन गर्नु पर्ने भएकोले हालको असहज परिस्थितिको कारणले गर्दा उपभोक्ता समूह गठन, सामुदायिक वन कार्ययोजना तयारी जस्ता कार्यहरूमा लक्ष्य अनुरूप प्रगति हुन नसकेको देखिन्छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

११२ वटा उपभोक्ता समूह गठन, २५५८ वटा सार्वजनिक वन निरीक्षण तथा अनुगमन, महिला तथा दलित सशक्तिकरण (उपभोक्ता समूह) १३ गोटा, विभिन्न वन व्यवस्थापन तालीम आदि संचालन गर्ने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धिः**

विपन्न वर्गहरूको समेत सहभागितामा सामुदायिक वन व्यवस्थापन कार्यहरू हुँदै जाने।

२२. **आयोजनाको नामः दोलखा-रामेछाप सामुदायिक वन विकास आयोजना**

**(ओखलढुंगा समेत) (५९-३-८०३/५९-४-८०३)**

**आयोजनाको संक्षिप्त विवरणः**

| | |
|---|---|
| **आयोजना शुरू मितिः** सन् १९९१/९२ | **आयोजना सम्पन्न हुने मितिः** |
| **कूल लागतः** | **आ.व. २०६१/६२ को बजेटः** रू २६१८९ हजार |
| **आयोजनाको प्रकृतिः** वन व्यवस्थापन | **स्रोतः** स्वीस सरकार (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

स्वीस सरकारको अनुदान सहयोगमा ३ जिल्लाहरूमा सामुदायिक वन व्यवस्थापन गर्न ५५ वटा सामुदायिक बन उपभोक्ता समुह गठन, ५५ वटा सा. व. का. यो. तयार गर्ने लक्ष्य रहेकोमा हालको असहज राजनीतिक परिस्थितिले गर्दा जिल्लामा जनसहभागिता जुटाउन नसकिएकोले लक्ष्य अनुरूप प्रगति हुन सकेन।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

सामुदायिक वन कार्यक्रमहरूमा गैससहरू, महिला एवं दलितहरू समेतको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले ५४ वटा वन उपभोक्ता समूह गठन, वन कार्ययोजना पुनरावलोकन तथा नविकरण ५८ वटा सामुदायिक वन उपभोक्ता समुह कार्यशैली सुदृढिकरण ३ पटक गर्ने कार्यक्रमहरू रहेका छन्।

(ग) **अपेक्षित उपलब्धि**

२३. **अयोजनाको नामः सिन्धु काभ्रे वन विकास कार्यक्रम (५९-३-८०४/५९-४-८०४)**

**आयोजनाको संक्षिप्त विवरणः**

| | |
|---|---|
| **आयोजना शुरू मितिः** सन् २००२ | **आयोजना सम्पन्न हुने मितिः**सन् २००४ |
| **कूल लागतः** | **आ.व. २०६१/६२ को बजेटः** रू.१९०९३ हजार |
| **आयोजनाको प्रकृतिः** वन व्यवस्थापन | **स्रोतः** AUSAID (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

अष्ट्रेलियन सरकारको सहयोगमा सिन्धुपाल्चोक तथा काभ्रेपलाञ्चोक जिल्लाहरूमा सामुदायिक वन उपभोक्ता समुह गठन गरी व्यवस्थापन कार्य गर्न उपभोक्ता समुहलाई अनुदान रकम उपलब्ध गराउने व्यवस्था भै २१ वटा सामुदायिक वन उपभोक्ता समुह गठन, २६ वटा सा. ब. का. यो. तयारी गर्ने लक्ष्य भए अनुरूप यसमा अपेक्षित प्रगति भएको देखिन्छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः

उपभोक्ता समूह गठन २० वटा, वन कार्ययोजना तयारी तथा हस्तान्तरण २० वटा, वन कार्ययोजना नवीकरण २१ वटा एवं अन्तर्राष्ट्रिय पर्वतीय वर्ष मनाउने कार्यक्रम रहेको छ।

(ग) अपेक्षित उपलब्धिः

सामुदायिक वन व्यवस्थापन कार्यहरूमा सुधार हुँदै जाने।

२४. आयोजनाको नामः प्राकृतिक श्रोत व्यवस्थापन सुशासन कार्यक्रम

(वातावरण तथा वन उद्यम कार्यक्रम, वन) (SAGUN) (५९-३-६०८/५९-४-६०८)

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना शुरू मितिःसन् २००२ | आयोजना सम्पन्न हुने मितिः सन् २००७ |
| कूल लागतः ८८ मिलियन अमेरिकी डलर | आ.व. २०६१/६२ को बजेटः रू. ३७७२ हजार |
| आयोजनाको प्रकृतिः वन व्यवस्थापन | स्रोतः USAID (अनुदान) |

(क) आ.व. २०६०/६१ को प्रगति :

यो कार्यक्रम USAID को अनुदान सहयोगमा संचालित कार्यक्रम हो। यस कार्यक्रम अन्तर्गत वन विभागबाट बांके, वर्दिया, कैलाली र धादिंगमा वन उपभोक्ता समूह गठन, विभिन्न तालीम संचालन, अध्ययन भ्रमण जस्ता कार्य गर्ने लक्ष्य रहेकोमा बजेट निकासा नभएकोले प्रगति हुन नसकेको।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः

उपभोक्ता समूह गठन २३ वटा, विभिन्न तालीम २२ वटा, गोष्ठी २२ वटा, २ पटक अध्ययन भ्रमण गर्ने कार्यक्रम रहेको छ।

(ग) अपेक्षित उपलब्धि

सामुदायिक वन विकास कार्यक्रम सन्चालनमा सहयोग पुग्ने।

२५. आयोजनाको नामः जिल्ला भू-संरक्षण कार्यक्रम (५९-३-८१०/५९-४-८१०)

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना शुरू मितिः x | आयोजना सम्पन्न हुने मितिः सालवसाली |
| कूल लागतः x | आ.व. २०६१/६२ को बजेटः रू.: ६१३८२ हजार |
| आयोजनाको प्रकृतिः भूमि उत्पादकत्व संरक्षण | स्रोतः श्री ५ को सरकारको ऋण (ADB-PSM) |

(क) आ.व. २०६०/६१ को प्रगति :

हालसम्म यस कार्यक्रममा खासगरी कार्यालय संचालनको लागि प्रशासनिक कार्य हुँदै आईरहेको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः

उप जलाधार योजना २ वटा, विकासका पूर्वाधार संरक्षण १६ कि. मि., भूमि उत्पादकत्व संरक्षण १०४ हेक्टर, विरूवा उत्पादन ५९०,००० गोटा, पानी मुहान संरक्षण १९ वटा, १६ वटा आयमूलक कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेको छ।

(ग) अपेक्षित उपलब्धि

जलाधार संरक्षण र स्थानीय समूहहरूको आय आर्जनमा सुधार हुने।

२६. आयोजनाको नामः चुरे भू तथा जलाधार संरक्षण कार्यक्रम (५९-३-८१२/५९-४-८१२)

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना शुरू मितिः २०६१ श्रावण | आयोजना सम्पन्न हुने मितिः ०६१ पौष |
| कूल लागतः | आ.व. २०६१/६२ को बजेटः रू.१६०० हजार |
| आयोजनाको प्रकृतिःजलाधार संरक्षण | स्रोतः GTZ (अनुदान) |

(क) आ.व. २०६०/६१ को प्रगति :

GTZ को सहयोगमा सिरहा, सप्तरी र उदयपुर जिल्लामा भू उपयोग विकास, सामुदायिक एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम, समूह परिचालन आदि गर्ने कार्यक्रम रहेकोमा यस तर्फ अपेक्षित प्रगति भएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

२.५ कि.मी. सिंचाई कूलो संरक्षण, १ कि.मी. नदी किनारा संरक्षण, २० हेक्टर भूमि उत्पादकत्व संरक्षण, भू तथा जलाधार संरक्षण, उपभोक्ता समूहलाई लैङ्गिक सचेतिकरण तालीम ३ पटक, विद्यालय संरक्षण शिक्षा १० पटक, प्रचार प्रसार सामग्री वितरण ५०० प्रति, फोटो प्वाइन्ट अनुगमन १० स्थान आदि रहेका छन ।

(ग) **अपेक्षित उपलब्धि:**

सिवालिक क्षेत्रको संरक्षण भई भू संरक्षणमा क्षमता अभिबृद्धि हुने ।

२७. **आयोजनाको नाम: सिन्धु-काभ्रे भू-संरक्षण आयोजना (५९-३-८१३/५९-४-८१३)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| **आयोजना सुरू मितिः** सन् २००२ | **आयोजना सम्पन्न हुने मितिः**सन् २००४ |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:** रू.७३३१ हजार |
| **आयोजनाको प्रकृतिः** भूमि उत्पादकत्व संरक्षण | **स्रोत:** AUSAID (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

अष्ट्रेलियन सरकारको सहयोगमा सिन्धुपाल्चोक तथा काभ्रेपलाञ्चोक जिल्लामा भू उपयोग विकास, प्राकृतिक प्रकोप रोकथाम, विकास पूर्वाधार संरक्षण, भूमि उत्पादकत्व संरक्षण, समूह परिचालन तथा सशक्तिकरण, सामुदायिक भू संरक्षण, विरूवा उत्पादन, क्षती ग्रस्त भूमि पुर्नउत्थान आदि कार्यहरूमा अपेक्षित प्रगति भएको छ ।

ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

प्राकृतिक प्रकोप रोकथाम १६ वटा, पूर्वाधार संरक्षण ६ कि.मी., भूमि उत्पादकत्व संरक्षण ४५ हेक्टर, बिरूवा उत्पादन (समूहबाट) ६०,००० गोटा, च्याउ खेती तालीम २० जना, मौरीपालन तालीम १६ जना, विद्यालय संरक्षण शिक्षा ४ पटक प्रदान गर्ने कार्यक्रम रहेको छ। ।

(ग) **अपेक्षित उपलब्धि :**

स्थानीय सामूदायिक वन व्यवस्थापन र आयआर्जनमा सहयोग पुग्ने ।

२८. **आयोजनाको नाम: प्राकृतिक श्रोत व्यवस्थापन सेक्टर कार्यक्रम (५९-३-८१७/५९-४-८१७)**

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| **आयोजना शुरू मितिः** जुलाई २००४ | **आयोजना सम्पन्न हुने मितिः** जुलाई २००५ |
| **कूल लागत:** | **आ.व. २०६१/६२ को बजेट:** रू.५०७९६ हजार |
| **आयोजनाको प्रकृतिः** प्राकृतिक प्रकोप रोकथाम, जलाधार व्यवस्थापन | **स्रोत:** DANIDA (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यो कार्यक्रम NARMSAP (DANIDA) को अनुदान सहयोगमा संचालित छ। स्थानीय जनसमुदायलाई संगठित तुल्याई सशक्त एवं सक्षम बनाउन विभिन्न उप-जलाधार योजना तर्जुमा, प्राकृतिक प्रकोप रोकथाम, विद्यालयमा संरक्षण शिक्षा, स्थानीय निकायको एकीकृत कार्यक्रममा टेवा, नर्सरी निर्माण आदि जस्ता कार्यक्रम संचालन गरी जलाधार श्रोत व्यवस्थापनमा सघाउ पु-याउन सञ्चालित यो कार्यक्रमले उल्लेखनिय उपलब्धि हासिल गरेको छ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरु:**

वन संरक्षण सम्बन्धी जन चेतना जगाउने किसिमका प्रतियोगिता, बैठक, अध्ययन भ्रमण, समुदायलाई सामुदायिक वन हस्तान्तरण गरी त्यसको व्यवस्थापन सम्बन्धी कार्य अन्तर्गत नर्सरी संचालन, विरूवा उत्पादन तथा वितरण, तालीम आदि कार्यक्रमहरू संचालन गर्ने लक्ष्य रहे अनुरूप उप जलाधार योजना तर्जुम १ वटा, सामुदायिक विकास योजना, सामुदायिक विकास पुनर्योजना २२० वटा, कार्यालयहरूको वार्षिक योजना १४ वटा, बिरूवा उत्पादन २३०,००० गोटा, प्रचार सामग्री उत्पादन वितरण ७००० वटा संचालन गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि:**

भू तथा जलाधार संरक्षण सामुदायिक विकासमा योगदान पुग्ने ।

२९. **आयोजनाको नाम: सामुदायिक विकास तथा वन/जलाधार संरक्षण आयोजना (५९-३-८२१/५९-४-८२१)**

| आयोजनाको संक्षिप्त विवरण: |
|---|

| | |
|---|---|
| आयोजना शुरू मितिः सन् १९९४ | आयोजना सम्पन्न हुने मितिः |
| कूल लागतः | आ.व. २०६१/६२ को बजेटः रू.२४९२४ हजार |
| आयोजनाको प्रकृतिःसामुदायिक जलाधार व्यवस्थापन । स्रोतः JICA, KRII (अनुदान) | |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

जाइकाको अनुदान सहयोगबाट संचालित यस कार्यक्रम अन्तर्गत प्राकृतिक भू-उपयोग विकास, प्राकृतिक प्रकोप रोकथाम, विकासका पूर्वाधार संरक्षण प्रदर्शन, आयमूलक कार्यक्रम, सामुदायिक श्रोत व्यवस्थापन योजना आदि कार्यहरू भएका छन् ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः**

प्राकृतिक प्रकोप रोकथाम ३२ वटा, विकासका पूर्वाधार संरक्षण ११ कि. मि., बिरूवा उत्पादन १४०००० गोटा, आयमुलक कार्यक्रम १७ समूह, प्रचार प्रसार सामाग्री उत्पादन वितरण ६००० प्रति, भूमि उत्पादकत्व संरक्षण ६५ हेक्टर गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि :**

भू तथा जलाधार संरक्षणमा सहयोग पुग्ने ।

३०. **आयोजनाको नामः चुरे जलाधार व्यवस्थापन आयोजना (सर्लाही र महोत्तरी) (५९-३-८२२/५९-४-८२२)**

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना शुरू मितिः | आयोजना सम्पन्न हुने मितिः |
| कूल लागतः | आ.व. २०६१/६२ को बजेटः रू. १६७९० हजार |
| आयोजनाको प्रकृतिः सामुदायिक जलाधार व्यवस्थापन । स्रोतः CARE Nepal (अनुदान) | |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

CARE को सहयोगमा संचालनमा रहेको छ । चुरे क्षेत्रको संवेदनशील भौगर्भिक बनौट र यसमा परेको चापबाट पर्ने नकारात्मक असरलाई दृष्टिगत गरी यस कार्यक्रम अन्तर्गत भू तथा जलाधार संरक्षण कार्यक्रम, सामुदायिक व्यवस्थापन कार्यक्रम, संस्थागत सशक्तिकरण कार्यक्रम, कार्यमूलक अनुसन्धान कार्यक्रम आदि संचालन गर्ने लक्ष्य रहेकोमा यो आयोजनाको अपेक्षित प्रगति भएको पाइन्छ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः**

वन व्यवस्थापन कार्यक्रम, सामुदायिक वन सुशासन आंकलन र कार्य योजना तयारी १० समूह, चुरे संरक्षण सरोकार सचेतता गोष्ठी र चरिचरण, अग्नि नियन्त्रण सचेतता गोष्ठी, दलित तथा महिला जागरण गोष्ठी आदि संचालन गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धिः**

भू तथा जलाधार संरक्षणमा र सरोकार वालाहरूको क्षमता अभिवृद्धि हुने ।

३१. **आयोजनाको नामः जिविकोपार्जनको लागि भू-संरक्षण कार्यक्रम (५९-३-८२३/५९-४-८२३)**

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना शुरू मितिः २०६१ श्रावण | आयोजना सम्पन्न हुने मितिः |
| कूल लागतः | आ.व. २०६१/६२ को बजेटः रू.३८५४ हजार |
| आयोजनाको प्रकृतिः जलाधार संरक्षण | स्रोतः DFID (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

आ.व. २०६१/६२ देखि यो कार्यक्रम DFID को सहयोगमा संचालन हुने ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः**

खोला किनारा संरक्षण ६ कि. मि., वृक्षारोपण २१ हेक्टर, सार्वजनिक जग्गा व्यवस्थापन २० हेक्टर, ६ वटा पोखरी मर्मत सुधार गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि**

भू तथा जलाधार संरक्षणमा सहयोग पुग्ने ।

३२. **आयोजनाको नामः प्राकृतिक श्रोत व्यवस्थापन सुशासन कार्यक्रम**

**(वातावरण तथा वन उद्यम कार्यक्रम, राष्ट्रिय निकुञ्ज)** (५९-४-८३०)

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| **आयोजना शुरू मितिः** २००२ | **आयोजना सम्पन्न हुने मितिः** २००७ |
| **कूल लागतः** ८८ मिलियन अमेरिकी डलर | **आ.व. २०६१/६२ को बजेटः** रू.१७१६ हजार |
| **आयोजनाको प्रकृतिः** वातावरण संरक्षण | **स्रोतः** USAID (अनुदान) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

ग्ब्क्ष को सहयोगमा डोल्पा र वर्दिया जिल्लामा विभिन्न कार्यक्रम गर्ने लक्ष्य रहेकोमा वजेट निकासा नभई कुनै कार्यक्रम सम्पन्न हुन सकेन ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

नर्सरी स्थापना २ वटा, विरूवा उत्पादन र वितरण ५०,००० गोटा, वृक्षारोपण १० हेक्टर, गुम्बा २ र मन्दिर १ मर्मत गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि :**

संरक्षित क्षेत्रहरूमा वन संरक्षण र सस्कृति संरक्षणमा सहयोग पुग्न जाने ।

३३. **आयोजनाको नामः उद्यान विकास आयोजना** (५९-३-८३२/५९-४-८३२)

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| **आयोजना शुरू मितिः** X | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागतः** X | **आ.व. २०६१/६२ को बजेटः** रू.८१०० हजार |
| **आयोजनाको प्रकृतिः**उद्यान प्रवर्द्धन | **स्रोतः** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

सिंहदरवार, माइपोखरी, बृन्दावन, दामन आदि स्थलमा उद्यान संरचना सम्वर्द्धन, सुदृढीकरण तथा व्यवस्थापन, फूल विरूवा उत्पादन, वनस्पति दिवस पुष्प प्रदर्शनी कार्यमा अपेक्षित प्रगति भएको छ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यहरुः**

नर्सरी तथा विरूवा व्यवस्थापन ११ स्थान, ल्याण्ड स्केप २८ गोटा, २८ किसिमका ८७०० वटा फूल विरूवा उत्पादन, ३ वटा ग्रीन हाउस मर्मत गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि**

ल्याण्ड स्केपको शोभा वढाउने सम्वन्धी क्षमता अभिवृद्धि हुने ।

३४ **आयोजनाको नामः जडीबुटी प्रवर्द्धन आयोजना** (५९-३-८३४/५९-४-८३४)

| आयोजनाको संक्षिप्त विवरणः | |
|---|---|
| **आयोजना शुरू मितिः** x | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कूल लागतः** x | **आ.व. २०६१/६२ को बजेटः** रू.४६०० हजार |
| **आयोजनाको प्रकृतिः**जडिबुटी संरक्षण, प्रवर्द्धन | **स्रोतः** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

काठमाडौं (गोदावरी), धनुषा, मकवानपुर आदि जिल्लाहरूमा व्यवस्थापन तथा सुदृढीकरण, प्रकाशन, जडीबुटी सर्वेक्षण तथा तथ्याङ्क संकलन, प्रविधि विस्तार आदि कार्यहरूमा अपेक्षित प्रगति भएको छ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

डोमेस्टीकेशन र जर्म प्लाजम संरक्षण, जडिबुटी खेती २७ जात, जडिबुटी नर्सरी व्यवस्थापन गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धिः**

जडिबुटी संरक्षण भई आर्थिक विकास योगदानमा पुग्ने ।

आ. ब. २०६१/६२ मा वन तथा भू-संरक्षण क्षेत्रमा संचालन हुने आयोजनागत बजेट प्राथमिकता तथा रणनीतिक स्तम्भ संकेत

| सि.नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता नं. | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | वैदेशिक | | | |
| | | | कूल जम्मा | चालु खर्च | पूँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | अनुदान | ऋण | | |
| १ | वन अनुसन्धान तथा सर्वेक्षण आयोजना (५९-३-२०० /५९-४-२००) | १६०५० | १९८२८ | १२७३८ | ७०९० | ९८२८ | ० | १०००० (ABD-PSM) | P2 | ०१ |
| २ | जडिबुटी विकास कार्यक्रम (नयाँ) (५९-४-२३०) | ० | ५००० | ० | ५००० | ५००० | ० | ० | P1 | ०१ |
| ३ | जैविक विविधता कार्यक्रम (५९-३-२६०/५९-४-२६०) | ५८६४ | १०७९१ | १०१२४ | ६६७ | ४४७५ | ६३१६ (UNEP) | ० | P2 | ०१ |
| ४ | वन तालीम केन्द्र (५९-३-२८०/५९-४-२८० | १७२७८ | १८०८२ | १७९४७ | १३५ | ३३१७ | १४७६५ (DANIDA) | ० | P2 | ०४ |
| ५ | वन व्यवस्थापन कार्य योजना (५९-३-३०१/ ५९-४-३०१) | ३०५७ | १४५७६ | ११३४५ | ३२३१ | १४५७६ | ० | ० | P2 | ०१ |
| ६ | राष्ट्रिय तथा कबुलियति वन विकास कार्यक्रम (५९-३-३१०/ ५९-४-३१०) | १५९८७ | ५३८२ | १२६२ | ४१२० | ५३८२ | ० | ० | P1 | ०१ |
| ७ | सामुदायिक वन विकास कार्यक्रम (केन्द्र) (५९-३-३११/ ५९-४-३११) | ५११९ | ६२७३ | २४५२ | ३८२१ | २६२३ | ३६५० (DANIDA) | | P2 | ०२ |
| ८ | पहाडी कबुलियती वन तथा चरन विकास आयोजना (५९-३-३१४/ ५९-४-३१४) | १३४०५ | २४२०५ | ३६५० | २०५५५ | २४२०५ | ० | | P1 | ०१ |
| ९ | वन सम्वर्द्धन तथा वृक्ष सुधार केन्द्र (५९-३-३३०/ ५९-४-३३०) | १५५६० | १७३६७ | ४१८६ | १३१८१ | ४१८६ | १३१८१ (DANIDA) | ० | P3 | ०१ |
| १० | चुरिया वन विकास कार्यक्रम (५९-३-३४०/ ५९-४-३४०) | ३३६६ | २००० | ७०० | १३०० | ० | २००० (GTZ) | ० | P3 | ०१ |

| सि.नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता नं. | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पुँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| ११ | प्रचार प्रसार कार्यक्रम (५९-३-३५०/ ५९-४-३५०) | ३७७१ | ३८२५ | १५६ | ३६६९ | १५२५ | २३०० (DANIDA) | ० | P3 | ०४ |
| १२ | रेसुंगा तथा टिकौलि तालीम केन्द्र (५९-३-३५१/ ५९-४-३५१) | ७२८ | ७३९ | १०१ | ६३८ | ७३९ | ० | ० | P3 | ०४ |
| १३ | तराइ तथा शिवालिक क्षेत्रका लागि जैविक विविधता कार्यक्रम (५९-३-३५२/ ५९-४-३५२) | ४०८१८ | ८५७८० | १४२२५ | ७१५५५ | ० | ८५७८० (SNV) | ० | P1 | ०१ |
| १४ | वनस्पति विकास कार्यक्रम (५९-३-५००/ ५९-४-५००) | ६३४७ | ६५०० | ४६२ | ६०३८ | ६५०० | ० | ० | P1 | ०१ |
| १५ | जलाधार व्यवस्थापन आयोजना (५९-३-६१०/ ५९-४-६१०) | ३२५७ | ३५१० | १४९७ | २०१३ | ३५१० | ० | ० | P2 | ०१ |
| १६ | बागमती जलाधार आयोजना (५९-३-६२०/ ५९-४-६२०) | १५८२२ | १११३० | ७१३० | ४००० | १११३० | ० | ० | P3 | ०१ |
| १७ | दिगो भू-व्यवस्थापन आयोजना (५९-३- ६५०/ ५९-४-६५०) | ६३७ | ७४५ | ३३ | ७१२ | ० | ७४५ (SDC) | ० | P1 | ०१ |
| १८ | वन्य जन्तु आरक्ष आयोजना | १४८५८ | १८३७२ | १५६९२ | २६८० | १८३७२ | ० | ० | P2 | ०१ |
| १९ | राष्ट्रिय निकुञ्ज आयोजना (५९-३-७२०/ ५९-४-७२०) | ६११५९ | ७१२७२ | ५९७१८ | ११५५४ | ६१२७२ | ० | १०००० (ADB-PSM) | P1 | ०१ |
| २० | सामुदायिक वन विकास कार्यक्रम ३८ जिल्ला (५९-३-८०१/ ५९-४-८०१) | ४३७९५ | ४५१६७ | १८६१७ | २६५५० | २६८९ | ४२४७८ (DANIDA) | ० | P1 | ०२ |
| २१ | जीविकोपार्जनको लागि वन कार्यक्रम (१२ जिल्ला) (५९-३-८०२/ ५९-४-८०२) | ५२८३२ | ७०७१४ | ४४२९५ | २६४१९ | ३८०२० | ३२६९४ (DFID | ० | P1 | ०३ |

| सि.नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता नं. | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पूँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| २२ | दोलखा रामेछाप सामुदायिक वन विकास आयोजना ओखलढुङ्गा समेत (नेपाल स्विस सामुदायिक वन परियोजना ) (५९-३-८०३/ ५९-४-८०३) | २३८१४ | २६१८९ | १९२०९ | ६९८० | १६७६९ | ९४२० (SDC) | ० | P1 | ०२ |
| २३ | सिन्धु काभ्रे वन विकास आयोजना (५९-३-८०४/ ५९-४-८०४) | १६८१४ | १९०९३ | १६५५८ | २५३५ | १४९९३ | ४१०० (AUSAID) | ० | P1 | ०१ |
| २४ | प्राकृतिक श्रोत व्यवस्थापन सुशासन कार्यक्रम (वातावरण तथा वन उद्यम कार्यक्रम, वन) (५९-३-८०६/ ५९-४-८०६) | १७०७ | ३७७२ | ११६० | २६१२ | ० | ३७७२ (USAID) | ० | P2 | ०१ |
| २५ | जिल्ला भू संरक्षण कार्यक्रम (५९-३-८१०/ ५९-४-८१०) | ३३५५४ | ६१३८२ | ३९३६२ | २२०२० | ५१३८२ | ० | १०००० (ADB-PSM | P2 | ०१ |
| २६ | चुरे भू तथा जलाधार संरक्षण कार्यक्रम (५९-३-८१२/ ५९-४-८१२) | ३४७२ | १६०० | ५२५ | १०७५ | ० | १६०० (GTZ) | ० | P2 | ०१ |
| २७ | सिन्धु काभ्रे भू-संरक्षण आयोजना (५९-३-८१३/ ५९-४-८१३) | ५०८७ | ७३३१ | ३९२८ | ३४०३ | ३९६८ | ३३६३ (AUSAID) | ० | P1 | ०१ |
| २८ | प्राकृतिक श्रोत व्यवस्थापन सेक्टर कार्यक्रम (५९-३-८१७/ ५९-४-८१७) | ४५७६८ | ५०७९६ | २०५५० | ३०२४६ | २४७५० | २६०४६ (DANIDA) | ० | P1 | ०१ |
| २९ | सामुदायिक विकास तथा वन - जलाधार संरक्षण आयोजना (५९-३-८२१/ ५९-४-८२१) | २०७७४ | २४९२४ | ७०१४ | १७९१० | ३०८६ | २१८३८ (JICA-KRII) | ० | P2 | ०२ |

| सि.नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता नं. | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पूँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| ३० | चुरे जलाधार व्यवस्थापन आयोजना ( सर्लाही महोत्तरी) (५९-३-८२२/ ५९-४-८२२) | ११९१३ | १६७९० | ३०३० | १३७६० | ३३९५ | १३३९५ (CARE Nepal) | ० | P1 | ०१ |
| ३१ | जिविकोपार्जनको लागि भू संरक्षण कार्यक्रम (नयाँ) (५९-३-८२३/ ५९-४-८२३) | ० | ३८५४ | ५२५ | ३३२९ | ५ | ३८४९ (DFID) | ० | P1 | ०१ |
| ३२ | प्राकृतिक श्रोत व्यवस्थापन सुशासन कार्यक्रम (वातावरण तथा वन उद्यम कार्यक्रम, रा.नि.) (५९-४-८३०) | ८६२ | १७१६ | ० | १७१६ | ० | १७१६ (USAID) | ० | P1 | ०१ |
| ३३ | उद्यान विकास आयोजना (५९-३-८३२/ ५९-४-८३२) | ५१३१ | ८१०० | ४५१ | ७६४९ | ८१०० | ० | ० | P2 | ०१ |
| ३४ | जडीबुटी प्रवर्द्धन आयोजना (५९-३-८३४/ ५९-४-८३४) | ४६६५ | ४६०० | ५८० | ४०२० | ४६०० | ० | ० | P3 | ०१ |
| | कूल जम्मा | ५१४०७ | ६७४०५ | ३३९२२२ | ३३२१८३ | ३४८५८७ | २९२८१८ | ३०००० | | |

## २.४ भूमिसुधार तथा व्यवस्था

भूमिसुधार तथा व्यवस्था क्षेत्रमा रहेको दशौं योजनाको क्षेत्रगत उद्देश्य तथा नीतिहरूको कार्यान्वयन गराउने क्रममा आ.व. २०६१/६२ मा भूमि सुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत जम्मा ९ वटा कार्यक्रमहरू संचालन हुने छन्। ती मध्ये पहिलो प्राथमिकताक्रममा ५ वटा र दोस्रो प्राथमिकतामा ४ वटा कार्यक्रमहरू रहेका छन्। आ.व. २०६१।०६२ मा संचालन हुने आयोजनाको प्राथमिकता अनुसारको संख्या र बजेट स्थिति निम्न अनुसार छ।

**प्राथमिकता र बजेट सारांशः**

| प्राथमिकता | आयोजना संख्या | बजेट (रू. हजार) | प्रतिशत |
|---|---|---|---|
| पहिलो | ५ | १३६४५० | ४१ |
| दोस्रो | ४ | २००२०२ | ५९ |
| जम्मा | ९ | ३३६६५२ | १०० |

**आयोजनागत मुख्य मुख्य कार्यक्रमहरू**

आ.व. २०६१/०६२ मा संचालन हुने आयोजना तथा कार्यक्रमहरूको प्रमुख कार्यक्रहरू र अपेक्षित उपलब्धिहरू निम्न अनुसार रहेका छन्।

**भूमिसुधार कार्यक्रम तथा मुक्त कमैया पुनर्स्थापन** (५५-३-२६०/५५-४-२६०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| **शुरू मितिः** २०५१।५२ | **कूल लागतः** × |
| **सम्पन्न हुने मितिः** सालवसाली | **आ.व.०६१।६२ को बजेटः** रू. ६०६३० हजार |
| **कार्यक्रमको प्रकृतिः** भूमिसधार तथा लक्षित समूह क्षमता विकास | **स्रोतः** श्री ५ को सरकार |

**कार्यक्रमको स्थिति/प्रगति**

मुक्त कमैयाहरूको पुनर्स्थापन गराउन वसोवास व्यवस्था र विभिन्न शीप मूलक तालीम मार्फत उनीहरूको आय तथा रोजगार क्षमता विकास गराउने दृष्टिबाट यो कार्यक्रम संचालन हुदै आएको छ। हालसम्म करिब १३ हजार मुक्त कमैया परिवारहरूलाई जग्गा उपलब्ध गरी वसोवासको व्यवस्था गरेको छ। आ.व. ०५९।६० मा ८०३ मुक्त कमैया समूह पुनः संरचना तथा घुम्ती कोष परिचालन भएको र ३० वटा तालिम सन्चालन भई ३६८ जनाले सीपमूलक तालिम प्राप्त गरेका छन्। आ.व.०६०।०६१ मा छुट लगतवाट यकिन भएका समेत करीव १० हजार मुक्त कमैया परिवारलाई परिचय पत्र वितरण गरिएको, करिव ६ सय ४८ पुराना मुक्त कमैया परिवारलाई पुनर्स्थापनाको लागि उपयुक्त जग्गाको खोज तथा सट्टा भर्ना गरिएको, १०० परिवारका महिला सदस्यलाई ९ महिने सिलाई बुनाई तालीम दिएको, समूह व्यवस्थापन तथा बचत कोष परिचालन गर्ने काम करिव ४०० समूहमा भएको छ। साथै १०० वटा समूहलाई प्रोत्साहन पुरस्कार दिएको छ।

**आ.व. ०६१।६२ को मुख्य मुख्य कार्यक्रमहरू**

आ.व.०६१।६२ मा ८०० मुक्त कमैया परिवारको पुनर्स्थापनाको लागि उपयुक्त जग्गाको खोज र सट्टा भर्ना मिलान, १३ वटा सीपमूलक तालीम संचालन, ५ जिल्लामा समूह व्यवस्थापन तथा कोष परिचालन गर्ने र त्यसको अनुगमन गर्ने जस्ता कार्यक्रमहरू संचालन गरिनेछ। यसबाट मुक्त कमैयाहरूको रोजगार अवसरका लागि क्षमता विकास हुन जानेछ।

भूमिसुधार कार्यक्रम तर्फ सार्वजनिक तथा नदी उकास जग्गाको लगत लिई व्यवस्थापन गरिने गरिनेछ। भूमि बैंकको व्यवस्था र द्वैध स्वामित्व फरफारकमा तिव्रता ल्याउने सम्बन्धी कार्यक्रमहरू सन्चालन हुने छन्। यसका लागि उक्त रू. ६०६३० हजार मध्ये रू. ५ करोड छुट्याएको छ।

**अपेक्षित उपलब्धिः**

मुक्त कमैया ८०० परिवारको जग्गाको सट्टा-पट्टा मिलान गरी वसोवासको व्यवस्था हुने तथा रोजगारका लागि १३ वटा शीप मूलक तालीमको संचालन हुने र ५ जिल्लामा समूह व्यवस्थापन तथा कोष परिचालन हुने। मुक्त कमैया परिवारको वसोवास तथा आय आर्जनका लागि रोजगारका अवसरहरू उपलब्ध हुने।

भूमिसुधार तर्फ सार्वजनिक तथा नदी उकासको जग्गाको लगत तयार हुने, भूमि बैंकको स्थापना तथा द्वैध स्वामित्व फरफारकमा गतिशिलता आउनेछ।

## मालपोत अभिलेख सुरक्षा तथा सुदृढिकरण कार्यक्रम (५५-३-२२०/५५-४-२२०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५६/५७ | कूल लागतः X |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व.०६१।६२ को बजेटः रू.१९५०० हजार |
| कार्यक्रमको प्रकृतिः भूमि प्रशासन सेवा | स्रोतः श्री ५ को सरकार |

### कार्यक्रमको स्थिति/प्रगति

जनसाधारणको सम्पत्तिको रूपमा रहेको भू-स्वामित्वको रेकर्डहरूको सुरक्षाको प्रत्याभूति दिन अभिलेखहरूको मर्मत तथा सम्वर्द्धन गर्न भौतिक सुविधा विकास गर्दै लान आवश्यक भएकोले मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम सन्चालन भएको छ। यस कार्यक्रम अन्तर्गत आ.व. ०६०।६१ मा भवन निर्माण तर्फ ५ वटा जिल्लामा निर्माणाधिन भवनहरूको निर्माण सम्पन्न हुने अनुमान छ। ६ जिल्लाको मालपोत कार्यालयहरू (मा.पो.का) को भवन मर्मत कार्य संपन्न भएको छ। ८ वटा मा.पो.का.हरूको श्रेस्ता व्यवस्थापन तथा सुधार भएको छ र १६ वटा मा.पो.का.हरूमा फर्निचरको व्यवस्था भएको छ। त्यसै गरी विभिन्न कार्यालयहरूमा जग्गाको न्यूनतम मूल्य निर्धारण अध्ययन गरी जग्गाको न्यूनतम मूल्याङ्कनलाई अध्यावधिक र वास्तविकता तर्फ लैजाने कार्य सुरू भएको छ।

### आ.व. ०६१/६२ को मुख्यमुख्य कार्यक्रमहरू

आ.ब.०६१।६२ मा भूमि सम्वन्धी ऐनको पाँचौ संशोधनबाट भएको हदवन्दी सम्बन्धी व्यवस्थाबाट प्राप्त र जफत हुने जग्गा सम्वन्धित गाउँ विकास समति वा नगरपालिकाका मुक्त कमैया भूमिहीन, दलित, आदिवासी र जनजातीलाई प्राथकिताका आधारमा वितरण गर्न लगत तयार गर्ने कार्य शुरू गर्ने र मोही लागेको जग्गामा आ-आफ्नो हक हिस्सा छुट्याई बाँडफाँड गर्ने कार्यक्रम चालु रहनेछ। मालपोत कार्यालयहरूको २ वटा अधुरो भवन निर्माण पुरा गर्ने, ६ वटा कार्यालय भवन मर्मत गरिने र १ वटा नयाँ भवन निर्माण सुरू गरिने छ र विध्वंसात्मक कृयाकलापबाट क्षतिग्रस्त ५ वटा कार्यालय पुनर्स्थापना हुने तथा १० जिल्लामा मालपोत तथा भूमि सुधार कार्यालयको श्रेस्ता तथा अभिलेख व्यवस्थित हुनेछ। यसबाट भूमिमा रहेको दोहोरो नियन्त्रण हट्दै जाने श्रम र सीप हुनेहरूको पहुँचमा भूमि उपलब्ध गराउने कार्यमा सरलता आउने, जनसाधारणको सम्पत्तिको नाममा रहेको भूस्वामित्वका रेकर्डहरू सुव्यवस्थित रहने र भूमि प्रशासन सेवाहरूमा सरलता आइ सुशासनमा टेवा पुग्न जाने छ।

### अपेक्षित उपलब्धिः

मा. पो. का. हरूको पुनर्स्थापना ५ वटा र १ वटा नयाँ भवन निर्माणको शुरू र १० जिल्लामा मालपोत कार्यालयहरूको श्रेस्ता तथा अभिलेख व्यवस्थित हुने। यसबाट भू-स्वामित्वका रेकर्डहरू व्यवस्थित र सुरक्षीत हुने।

## राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार आयोजना (५५-३-३१२/५५-४-३१२)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५५।५६ | कूल लागतः रू.३३६६८९ हजार |
| सम्पन्न हुने मिति २०६१।६२ (इ.सी.तर्फको सहयोग कार्यक्रम | आ.व.०६१/६२ को बजेटः रू.३३०३० हजार |
| आयोजनाको प्रकृतिः GIS पूर्वाधार | स्रोतः श्री ५ को सरकार /इ.यू. |

### आयोजनाको स्थिति /प्रगति

राष्ट्रिय जनगणनाका तथ्यांकहरू र भूमि श्रोत सम्बन्धी तथ्यांकहरूलाई जि.आई.एस. प्रविधिमा व्यवस्थित गरी राष्ट्रिय स्तरमा तथ्यांक श्रोतको विकास गर्न र जि.आई.एस. प्रविधि प्रयोग गर्न विभिन्न निकायहरूलाई राष्ट्रिय सूचना तथा जानकारी श्रोत केन्द्रका रूपमा विकसित गराउने र यसमा राष्ट्रिय क्षमता विकास गर्ने दृष्टिबाट यस कार्यक्रममा दातृ सहयोगमा परिचालन भएको हो। दातृ सहयोग अवधि सन् २००५ मा समाप्त भए पछि यो कार्यक्रम नियमित कार्यक्रमको रूपमा संचालन हुनेछ। यस आयोजना अन्तर्गत हाल सम्ममा भौगोलिक नाम संकलन तर्फ ४६ जिल्लाको काम पूरा भएको छ। EC तर्फको आयोजनको समष्टिगत कार्य योजना (Global work plan) तथा वार्षिक कार्ययोजना (Annual work plan) र प्राविधिक आवश्यकताहरूको पहिचान (Technical Needs Assessment) तयारी कार्य पुरा भईसकेको छ। त्यसै गरी थेमेटिक नक्सा तर्फ हाल सम्म ८० वटा पुरा हुने अनुमान छ। उपकरण व्यवस्था कार्यहरू चालु रहेका छन्।

### आ.व. ०६१/६२ को मुख्यमुख्य कार्यक्रमहरू

आ.ब.०६१।६२ मा यस कार्यक्रम अन्तरगत १५ जिल्लाको भौगोलिक नाम कम्पाईलेसन गर्ने, जि.आई.एस. सिस्टम विकास गर्ने, जनसंख्या एटलास प्रकाशन भौगोलिक नाम कम्पाईलेसन, ग्लोवल म्याप डाटा अद्यावधिक तथा नक्सा जनरलाइजेशन सुधार गर्ने, सामाजिक आर्थिक एटलास नक्सा तयार गर्ने कार्यहरू संचालन गरिनेछ। यसबाट राष्ट्रिय भौगोलिक सूचना प्रणालीका आधारहरू निर्धारण हुदै जानेछन्।

### अपेक्षित उपलब्धिः

भौगोलिक नाम कम्पाईलेसन १५ जिल्ला, सामाजिक, आर्थिक एटलास १० थान तयार हुने। जि.आई.एस. सिस्टम

विकास हुने, जनसंख्या एटलास प्रकाशन, ग्लोवल म्याप डाटा अद्यावधिक तथा नक्सा जनरलाइजेशन सुधार हुने ।

**राष्ट्रिय भू उपयोग आयोजना (५५-३-२५५/५५-४-२५५)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५७ | कूल लागत : X |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व.०६१।६२ को बजेटः रू. १००४५ हजार |
| आयोजनाको प्रकृतिः भू-उपयोग प्रवर्द्धन | स्रोतः श्री ५ को सरकार |

**आयोजनाको स्थिति/प्रगति**

उपयुक्त भू-उपयोग प्रणालीको माध्यमबाट दिगो विकासमा टेवा पुऱ्याउन र राष्ट्रिय भू-उपयोग परिषद्लाई प्राविधिक रूपले सघाउन यो कार्यक्रम सन्चालन भएको हो । दशौं योजनाले लक्षित गरे अनुरूप ७५ जिल्लाको भू–उपयोग नक्शा र निर्देशिकाहरू तयार गर्ने सन्दर्भमा यस कार्यक्रम अन्तर्गत आ.व.०६०।६१ सम्ममा विभिन्न निकायहरूबाट तयार गरेका डाटाहरू संकलन तथा अध्ययन गर्ने कार्य १४ जिल्लामा पूरा भएको छ भने १४ जिल्लामा १:५०००० मानको भू-उपयोग नक्शा अध्यावधिक गर्ने कार्य भएको छ । त्यसै गरी जिल्ला स्तरीय जि.आई.एस. डाटा वेस र जिल्ला प्रोफाइल तयार गर्ने काम, जिल्ला स्तरीय ाविलम ग्कभ श्यलष्लन :वउक तयार गर्ने कार्य पनि १४ जिल्लामा पूरा भएको छ ।

**आ.व. ०६१।६२ को मुख्य मुख्य कार्यक्रमहरू**

यस कार्यक्रम अन्तर्गत करिव ८ वटा जिल्लामा १:५०००० मान नापको भू(उपयोग नक्सा अद्यावधिक गर्ने तथा ८ जिल्लामा जिल्लास्तरीय जि.आई.एस. डाटावेस र जिल्ला प्रोफाईल तयार गर्ने र जिल्लास्तरीय भू-उपयोग नक्सा तयार गर्ने कार्यक्रम पनि रहेकोछ । साथै राष्ट्रिय भू(उपयोग परिषद्को सचिवालय व्यवस्थापन समेतको कार्य गरिने छ । यस कार्यक्रमबाट राष्ट्रिय भू–उपयोग व्यवस्थापनका आधारहरू तैयार गर्न टेवा पुग्नेछ ।

**अपेक्षित उपलब्धिः**

८ जिल्लामा जिल्लास्तरीय GIS Data Base र ८ जिल्लाको जिल्ला प्रोफाईल तयार हुने । १: ५०,००० मानको भू–उपभोग नक्सा ८ जिल्लामा तयार हुने ।

**भू सूचना तथा अभिलेख कार्यक्रम** (५५-३-२१०/५५-४-२१०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५७/५८ | कूल लागत : X |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व.०६१।६२ को बजेटः रू.१३२४५ हजार |
| कार्यक्रमको प्रकृतिः भू-सूचना | स्रोतः श्री ५ को सरकार |

**कार्यक्रमको स्थिति/प्रगति**

भूमि व्यवस्थापन संग सम्वन्धित क्रियाकलापहरूलाई भू–सूचना प्रविधिको माध्यमद्वारा कम्प्यूटरमा आधारित भू–सूचना प्रणालीमा आवद्ध गरी सर्वसाधारण जनतालाई एकद्वार प्रणालीवाट जग्गा प्रशासन सेवा उपलव्ध गराउने उद्देश्यबाट यो कार्यक्रम संचालन भएको छ । यस कार्यक्रम अन्तर्गत आ.व.०६०।६१ सम्ममा मालपोत र नापी कार्यालय भक्तपुर र चावहिलमा श्रेस्ता र नक्सा कम्प्यूटराईज गर्ने काम सम्पन्न भएको छ । फिल्डवुक स्क्यानिङ्ग १ लाख पाना पूरा हुनेछ । त्यसै गरी नक्शा स्क्यानिङ्ग १२ जिल्ला र एमोनिया प्रिन्ट तर्फ १० वटा जिल्लामा काम पूरा हुनेछ ।

**आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

आ.व. ०६१।६२ मा थप २ वटा मालपोत कार्यालयहरू कलंकी र डिल्लीवजारमा कम्प्यूटरमा डाटा इन्ट्री गर्न सुरू गरिने छ । यसका साथै फिल्डवुक स्क्यानिङ्ग, नक्सा स्क्यानिङ्ग, केन्द्रीय अभिलेख व्यवस्थापन र जनशक्ति विकासको कार्यक्रम पनि संचालन गरिने छ । यस कार्यक्रमवाट कम्प्यूटरमा आधारित भूमि प्रशासन सेवा संचालनका आधारहरू तयार हुँदै जाने छन् ।

**अपेक्षित उपलब्धिः**

मा.पो.का.डिल्लीवजार र कलंकीमा भू-सूचना प्रणाली विकास तथा विस्तार हुने । फिल्ड बुक स्क्यानिङ १ लाख पाना, १० जिल्लामा कित्ता नापी नक्साको एमोनिया प्रिण्टीङ र नक्सा स्क्यानिङ कार्य हुने । यसबाट कम्प्युटरमा आधारित जग्गा प्रशासन सेवा उपलब्ध हुने छ ।

**कित्ता नापी (नापी शाखा सुदृढिकरण समेत) कार्यक्रम** (५५-३-३३०/५५-४-३३०)

**कित्ता नापीः**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०२१ साल | कूल लागत : X |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व.०६१।६२ को बजेटः रू १२७२०० हजार |
| कार्यक्रमको प्रकृतिः नाप नक्शा | स्रोतः श्री ५ को सरकार |

### कार्यक्रमको स्थिति/प्रगति

भू–स्वामित्वको रेकर्डहरू अध्यावधिक गरि जग्गा प्रशासनलाई व्यवस्थित गर्न कित्ता नापी कार्यक्रम सन्चालन हुँदै आएको छ। दशौं योजना अवधीमा २५०००० हेक्टर नापी गर्ने लक्ष्यमा आ.व. ०६०।६१ सम्ममा ४७४१९ हेक्टर नापी हुने अनुमान छ। साथै नक्सा ट्रेस गरी नक्शा अध्यावधिक गर्ने कार्यमा निरन्तरता रहेको छ।

### आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा यस कार्यक्रम अन्तर्गत विभिन्न जिल्लाहरूमा ३५ हजार हेक्टरमा पुनः नापी कार्य गर्ने कार्यक्रम रहेको छ। यो कार्यक्रमबाट भूमिश्रोत तथा भूस्वामित्व सम्वन्धी तथ्याङ्कहरू अध्यावधिक गर्न टेवा पुग्नेछ।

## नापी शाखा सुदृढिकरण

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०५८/५९ | कूल लागत : × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व.०६१।६२ को बजेटः रू. ५२०० हजार |
| कार्यक्रमको प्रकृतिः नाप नक्शा | स्रोतः श्री ५ को सरकार |

### कार्यक्रमको स्थिति/प्रगति

जिल्ला स्तरमा सार्वजनिक संपत्तीको रूपमा रहेको भूस्वामित्वका नक्सा एवं रेकर्डहरू सुरक्षित र सुव्यवस्थित गर्न नापी शाखा सुदृढीकरण कार्यक्रम संचालन हुँदै आएको छ। आ.व. २०५९।६० मा ५ वटा नापी कार्यालयहरूको भौतिक अवस्था सुधार र ५ वटा नापी कार्यालयहरूको अभिलेख सुधार कार्य भएको छ। आ.व. ०६०।६१ मा पनि १० वटा नापी शाखाको भौतिक अवस्था सुधार र १० वटा शाखामा अभिलेख सुधार कार्य पूरा हुने अनुमान छ।

### आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

आ.व.०६१।६२ मा नापी कार्यालय उदयपुरको भवन निर्माण पूरा गर्ने, १० वटा नापी शाखाको अभिलेख सुधार तथा १० वटा नापी शाखाको भौतिक अवस्था सुधार गरिनेछ। यसका साथै ९०० थान नक्सा ट्रेस गर्ने, ५० थान नक्सा अध्यावधिक गर्ने तथा २५०० सीट कित्ता नक्सा तयार गर्ने आदि कार्यक्रम रहेको छ। यस कार्यक्रमबाट नाप नक्साहरू सुरक्षित एवं व्यवस्थित गरी छिटो छरितो सेवा प्रदान गर्न टेवा पुग्ने छ। यस कार्यक्रमको लागि कित्ता नापी कार्यक्रमको कूल मध्येबाट रू. ५२ लाख छुट्याईएको छ।

### अपेक्षित उपलब्धिः

३५ हजार हेक्टरमा पुनः नापी कार्य हुने, ३ हजार सिट कित्ता नक्सा तयार हुने। नापी शाखा उदयपुरको भवन निर्माण सम्पन्न हुने। ९०० थान नक्सा ट्रेस ५० सीट नक्सा अद्यावधित हुने र १० वटा नापी शाखाको अभिलेख सुधार हुने।

## खगोल तथा भू मापन कार्यक्रम (५५-३-३५०/५५-४-३५०)

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०२६/२७ | कूल लागत : × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व.०६१।६२ को बजेटः रू.३१०४० हजार |
| कार्यक्रमको प्रकृतिः नाप नक्शा पूर्वाधार | स्रोतः श्री ५ को सरकार |

### कार्यक्रमको स्थिति/प्रगति

कित्ता नापी कार्यक्रमलाई आधारविन्दुहरू स्थापित गरी टेवा पुऱ्याउन खगोल तथा भू-मापन कार्यक्रम संचालन भइ आएको छ। यस कार्यक्रम अन्तर्गत आ.व. ०५९/६० मा नियन्त्रण विन्दु स्थापना २८, ट्रिग सिट उत्पादन २९४, जि.पि.यस. सर्वेक्षण ७७ विन्दु र मेजर ट्रभर्स २३४ विन्दु तथा समतल नापी ७७ कि.मी. भएको छ। आ.व. ०६०।०६१ मा ट्रिगसिट उत्पादन ३००, थपथाप विन्दु १५०, मेजर ट्राभर्स स्थापना सर्वेक्षण ६७६ र उच्च दर्जा नियन्त्रण विन्दु सर्वेक्षण ५ वटा पूरा भएको छ। साथै समतल नापी कार्य पनि भएको छ

### आ.व. ०६१।६२ को मुख्य मुख्य कार्यक्रमहरू

आ.व. ०६१।६२ मा यस कार्यक्रम अन्तर्गत कित्ता नापीका लागि ट्रिग सिट उत्पादन गर्ने, थपथाप विन्दू स्थापना गर्ने, जि.पि.एस. विन्दू सर्भेक्षण गर्ने, नगरकोट वेधशाला मर्मत सम्भार आदि कार्यक्रम सन्चालन गरिनेछ। यसबाट कित्ता नापीलाई नियन्त्रण विन्दुहरू स्थापित गर्न टेवा पुग्नुको साथै खगोलीय सूचना तथा आधार रेखाहरू उपलव्ध भई नापी कार्यक्रमलाई वैज्ञानिकता प्रदान गर्न टेवा पुग्नेछ।

### अपेक्षित उपलब्धिः

कित्ता नापीका लागि ४०० ट्रिग सिट उत्पादन, थपथाप विन्दु ५०० स्थापना गर्ने, जि.पी.एस. विन्दु १०० सर्भेक्षण, नगरकोट वेधशाला क्षेत्रको स्थलरूप नक्सा तयार गर्ने।

**स्थलरूप नापी (भूमि श्रोत) कार्यक्रम (५५-३-३४०/५५-४-३४०)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०३०/३१ | कूल लागत : × |
| सम्पन्न हुने मितिःसालवसाली | आ.व.०६१।६२ को बजेटः रू.२४८०० हजार |
| कार्यक्रमको प्रकृतिः नाप नक्शा | स्रोतः श्री ५ को सरकार |

**कार्यक्रमको स्थिति/प्रगति**

देशको स्थलरूप नापी गरी सुरक्षा एवं विकास निर्माणका लागि विभिन्न नक्शाहरू उत्पादन गर्ने र उपलव्ध गराउने कार्यका लागि स्थलरूप नापी कार्यक्रम सञ्चालन हुँदै आएको छ। आ.व. २०५९।/६० मा नक्सा पुन छपाई १० सिट लुम्बिनीको नक्सा अद्यावधिक २ सिट, काठमाडौंको पर्यटन नक्सा १ सिट तयार भएको छ। साथै नक्सा विक्री कार्यहरू पनि भएको छ। यस कार्यक्रम अन्तर्गत आ.व.०६०।६१ मा लुम्बिनी अञ्चलको अद्यावधिक नक्सा तैयार गर्ने काम ४ सिट भएको छ। नक्सा पुन छपाई १२ सिट तैयार भएको छ। नापी विभाग परिसरको पूर्वाधार विकास गर्ने काम भएको छ।

**आ.व.०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

आ.व. ०६१।६२ मा यस कार्यक्रम अन्तर्गत ९ सिट नक्सा पुनः छपाई गर्ने ५ सिट लुम्विनी नक्सा अद्यावधिक गर्ने र नापी विभाग परिसरको सुरक्षार्थ कम्पाउण्ड वाल र सुरक्षापोष्ट निर्माण कार्य शुरू गर्ने कार्यक्रमहरू संचालन हुने छन्। यसबाट विकास निर्माण, शान्ती सुरक्षा, नीति निर्माण आदिका लागि आवश्यक आधारभूत नक्साहरू उपलब्ध हुनेछन्।

**अपेक्षित उपलब्धिः**

९ सिट नक्सा छपाई (अध्यावधिक) गर्ने, १: २५००० मानको ५ सिट लुम्विनी नक्सा अद्यावधिक हुने र नापी विभाग परिसरको सुरक्षार्थ क्म्पाउण्ड वाल र सुरक्षा पोष्ट निर्माण हुने।

**भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (५५-३-३२०/५५-४-३२०)**

| कार्यक्रमको संक्षिप्त विवरण | |
|---|---|
| शुरू मितिः २०२६ | कूल लागत : × |
| सम्पन्न हुने मितिः सालवसाली | आ.व.०६१।६२ को बजेटः रू १७१६२ हजार |
| कार्यक्रमको प्रकृतिः नाप नक्शा | स्रोतः श्री ५ को सरकार |

**कार्यक्रमको स्थिति/प्रगति**

नापी तालीम केन्द्रको रूपमा शुरू भएको यो कार्यक्रम हाल आएर नापी लगायत संपूर्ण भूमि व्यवस्थापन क्षेत्रको क्षमता विकास तथा जनशक्ति तयार गर्ने दृष्टिबाट भूमि व्यवस्थापन प्रशिक्षण कार्यक्रमको रूपमा संचालन हुँदै आएको छ। यस कार्यक्रम अन्तर्गत आ.व. २०५९।६० मा जुनियर नापी ४० जवानले सिनियर नापी १८ जनाले र भूमिव्यवस्थापन तालिम १४ जनाले प्राप्त गरेका छन्। आ.व. ०६०।६१ मा जुनियर नापी तालीम ५३ जानलाई, सिनियर नापी तालिम २३ जवानलाई दिएको छ। यसै गरी भूमि व्यवस्था सम्वन्धी विशेष तालिमका साथै २० महिलाहरूको लागि आधारभूत नापी तालीम पनि संचालन भएकोछ।

**आ.व. ०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

आ.व.०६१।६२ मा नापी सम्वन्धी जनशक्ति उत्पादन गर्न जुनियर नापी तालीम ५० जनाको, महिलाहरूको आधारभूत नापी तालीम २० जनाको, भूसूचना तालीम १० जनाको लागि संचालन हुनेछ। यसबाट भूमि व्यवस्थापन क्षेत्रको जनसाधन विकासमा योगदान हुन जानेछ।

**अपेक्षित उपलब्धिः**

नापीको लागि आवश्यक जनशक्ति तयार गर्न जुनियर नापी तर्फ ५० जना, महिलाहरूको नापी तालीम २० जना, १० जनाको लागि भू-सूचना सम्वन्धी विशेष तालीम संचालन हुने।

**४. आयोजनागत बजेट तथा प्राथमिकता :**

माथि प्रस्तुत गरिएका प्रमुख कार्यक्रमहरूको कार्यान्वयन गर्न विनियोजित आयोजनागत बजेट तथा प्राथमिकता एवं दशौं योजनाको सम्वद्ध रणनीतिक स्तम्भ संकेत खुलेको विवरण अनुसूची २.४.१ मा दिइएको छ।

अनुसूची २.४.१

आ. व. २०६१/६२ मा भूमि सुधार तथा व्यवस्था क्षेत्रमा संचालन हुने आयोजनागत बजेट, प्राथमिकता तथा रणनीतिक स्तम्भ संकेत

| सि. नं. | आयोजना/ कार्यक्रमको नाम तथा बजेट उप-शीर्षक | आ.व. २०६०/६१ को संशोधित अनुमान ८ | आ.व.२०६१/०६२ को बजेट रू. हजारमा | | | | | | प्राथमिकता संकेत | रणनीतिक स्तम्भ संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पूजीगत तथा सावा भुक्तानी खर्च | श्री ५ को सरकार | बैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| १. | भूमिसुधार कार्यक्रम तथा मुक्त कमैया पुर्नस्थापन (५५-३-२६०/५५-४-२६०) | ९७८८ | ६०६३० | ६०१७० | ४६० | ६०६३० | ० | ० | P1 | ३ |
| २. | मालपोत अभिलेख सुरक्षा तथा सुदृढीकरण कार्यक्रम (५५-३-२२०/५५-४-२२०) | २३२४८ | १९५०० | ७००० | १२५०० | १९५०० | ० | ० | P1 | ४ |
| ३. | राष्ट्रिय भौगोलिक सूचना पूर्वाधार कार्यक्रम (५५-३-३१२/५५-४-३१२) | २७४४६ | ३३०३० | २८७० | ३०१६० | ३३३० | २९७०० (EU) | ० | P1 | ४ |
| ४. | राष्ट्रिय भू उपयोग आयोजना (५५-३-२५५/५५-४-२५५) | १००२८ | १००४५ | ९७४५ | ३०० | १००४५ | ० | ० | P1 | ४ |
| ५. | भू सूचना तथा अभिलेख कार्यक्रम (५५-३-२१०/५५-४-२१०) | १४४२५ | १३२४५ | ११३१८ | १९२७ | १३२४५ | ० | ० | P1 | ४ |
| ६. | कित्ता नापी कार्यक्रम (नापी शाखा सुदृढीकरण समेत) (५५-३-३३०/५५-४-३३०) | ११०५६८ | १२७२०० | ११०९७५ | १६२२५ | १२७२०० | ० | ० | P2 | ४ |
| ७. | खगोल तथा भू-मापन (५५-३-३५०/५५-४-३५०) | ३३५७० | ३१०४० | २७७७० | ३२७० | ३१०४० | ० | ० | P2 | ४ |
| ८. | स्थलरूप नापी (भूमि श्रोत) कार्यक्रम (५५-३-३४०/५५-४-३४०) | २२८२५ | २४८०० | २०१०० | ४७०० | २४८०० | ० | ० | P2 | ४ |
| ९. | भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र (५५-३-३२०/५५-४-३२०) | ११०३० | १७१६२ | १५४१२ | १७५० | १७१६२ | ० | ० | P2 | ४ |
| | कूल जम्मा | २७०९२८ | ३३६६५२ | २६५३६० | ७१२९२ | ३०६९५२ | २९७०० | ० | | |

## ३. यातायात तथा सञ्चार

### ३.१ सडक यातायात

नेपालको क्षेत्रगत एकीकरण र आर्थिक एवं सामाजिक विकासमा सडक यातायातको महत्वपूर्ण योगदान रहने हुँदा सडक निर्माणको कार्यलाई विशेष जोड दिइएको छ। हालसम्म नेपालमा विभिन्नस्तरको करिब १६,९५० कि.मि. सडक निर्माण हुनुका साथै ६० वटा जिल्ला सदरमुकामसम्म सडक यातायात पुगेको छ। आ.ब. ०६०/६१ मा कालोपत्रे सडक २० कि.मि., खण्डास्मित सडक ३० कि.मि. र माटे सडक ८० कि.मि. गरी जम्मा १३० कि.मि. सडक निर्माण गर्ने लक्ष्य रहेकोमा देशमा विद्यमान असहज परिस्थितिको कारणले सडक निर्माणको कार्य सुचारू रूपले संचालन हुन नसकी दोस्रो चौमासिकसम्ममा कालोपत्रे सडक ११.०१ कि.मि. खण्डास्मित २.३ कि.मि. र माटे सडक ९.५० कि.मि. गरी जम्मा २२.८१ कि.मि. सडक मात्र निर्माण हुन सकेको देखिन्छ। त्यसैगरी आ.ब. ०६०/६१ को दोस्रो चौमासिकसम्ममा ४७ कि.मि.सडकको स्तरोन्नति, २७ कि.मि.सडकको पुनःस्थापना, ३७ कि.मि.सडकको आवधिक मर्मत सम्भार भएको छ।

०६१/६२ मा ११ कि.मि. कालोपत्रे, ३६ कि.मि. खण्डास्मित र ८२ कि.मि. माटे सडक निर्माण गर्ने लक्ष्य रहेको छ। सोही अवधिमा ३३५ कि.मि. सडकको पुनःस्थापना गर्ने, १५ कि.मि. सडकको स्तरोन्नति गर्ने, ३९५ कि.मि. सडकको आवधिक मर्मत र विभिन्न ठाउँमा गरी १०६४ कि.मि.सडकको Performance Based Management Contract अन्तर्गत मर्मत सम्भारको काम सम्पन्न गर्ने लक्ष्य रहेको छ।

पुल निर्माणतर्फ हालसम्म अधिराज्यभरमा करिब १२०० वटा पुलहरू निर्माण भइसकेका छन। निर्माणाधिन १२६ वटा पुलहरूमध्ये आ.ब. ०६०/६१ मा ३० वटा पुल सम्पन्न गर्ने लक्ष्य रहेकोमा ३१ वटा पुल सम्पन्न भएका छन्। पुल निर्माणको काम खर्चिलो हुँदाहुँदै पनि यसको सम्पूर्ण लागत श्री ५ को सरकारले व्यहोर्नु परिरहेको छ। आ.ब.०६१/६२ मा ९५ वटा पुलहरूको निर्माण कार्य चालु रहने कार्यक्रम छ। जसमध्ये ३० वटा पुलको निर्माण कार्य आ.ब. ०६१/६२ मा पूरा गरिने लक्ष्य रहेको छ।

आ.ब. ०६१/६२ मा सडक यातायाततर्फ कुल ४९ वटा आयोजनाहरूका लागि रू. ५ अर्ब ३१ करोड २८ लाख ४० हजार बजेट बिनियोजन गरिएको छ। यसमध्ये पहिलो प्राथमिकतामा परेका २३ वटा आयोजनाहरूका लागि रू. ३ अर्ब ३४ करोड ९५ लाख ४० हजार (६३.१ प्रतिशत), दोस्रो प्राथमिकतामा परेका २३ आयोजनाहरूका लागि रू. १ अर्ब ६३ करोड ७० लाख (३०.८ प्रतिशत) र तेस्रो प्राथमिकतामा परेका ३ वटा आयोजनाहरूका लागि रू. ३२ करोड ६३ लाख (६.१ प्रतिशत) बजेट बिनियोजन भएको छ।

सडक यातायात सम्बन्धी मुख्य आयोजनाहरूलाई निम्न शीर्षकहरूमा विभाजित गरिएको छ।

**१. विश्वेश्वर प्रसाद कोइराला राजमार्ग (धुलिखेल-सिन्धुली-बर्दिवास) (४८-३-२०२/४८-४-२०२)**

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५२/५३ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६५/६६ (अनुमानित) |
| **कुल लागतः-** रू. ११ अर्ब | **आ.ब. २०६१/६२ को बजेटः-** रू. २४ करोड ३५ लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/जापान/जापान-एन.पी.जी. |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

कुल लम्बाई १५८ कि. मि हुने यो सडक जापान सरकारको अनुदान सहयोगमा निर्माणाधिन Turn Key Project हो। यो सडकलाई चार खण्डमा विभाजन गरी चरणवद्ध रूपमा निर्माण कार्य भइरहेको छ। प्रथम खण्डमा बर्दिवासदेखि सिन्धुली बजार (३७ कि.मि.), धुलिखेल-नेपालथोक खण्डको ५१ कि.मि. र सिन्धुली-खुर्कोट खण्डको जम्मा ३९ कि.मि. मध्ये १२ कि.मि. निर्माण गरी हालसम्म १०० कि.मि. सडकमा यातायात चालु भइसकेको छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

यस सडकको तेस्रो खण्ड खुर्कोट-नेपालथोक (३२ कि.मि.) सडक निर्माणको लागि वातावरणीय अध्ययन ९५८० तथा ट्र्याक खोल्ने कार्य शुरू गर्ने, सिन्धुलीदेखि खुर्कोटसम्म १२ कि.मि. नयाँ निर्माण गर्ने र धुलिखेल नेपालथोक ५१ कि.मि. सडकको मर्मत गर्ने कार्यक्रम रहेको छ।

**(ग) अपेक्षित उपलब्धिः-**

वातावरणीय अध्ययन ९५८० तथा ट्र्याक खोल्ने कार्य शुरू हुने र थप १२ कि.मि. सडक निर्माण हुने।

**२. राप्ती राजमार्ग (सल्यान - मुसीकोट खण्ड) (४८-४-२०३)**

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५५/५६ | **सम्पन्न हुने मितिः-** एकिन नभएको। |
| **कुल लागतः-** रू. ५८,७१,९६,५००/- | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ४ करोड |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः

सल्यान जिल्लाको शीतलपाटीबाट शुरू भई रूकुम जिल्लाको सदरमुकाम मुसिकोट खलङ्गा पुग्ने यो सडक सल्यान र रूकुम जिल्लामा पर्दछ। शीतलपाटीदेखि बाँगेलाकुरी ४२ कि.मि. खण्ड २०५६ साल अगावै सडक विभागद्वारा निर्माण गरिएको, ४२ कि.मि. देखि झुलनेटा (५६ कि.मि.) सम्म शाही नेपाली सेनाद्वारा निर्माण गरिएको र झुलनेटादेखि मुसिकोट-खलङ्गा (८६ कि.मि.) सम्म निर्माणाधिन अवस्थामा रहेको छ। यस सडकको कुल लम्बाई ८६ कि.मि. मध्ये ५६ कि.मि. (माटेस्तर) सम्म सार्वजनिक यातायात संचालन भइसकेको छ। ६८ कि.मि. (माटेस्तर) सम्म बस तथा ट्रक सेवा संचालन गर्न सकिने र ८६ कि.मि सम्म ट्र्याक्टर तथा जिप संचालन गर्न सकिने भएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.व. २०६१/६२ को अन्त्यसम्ममा सार्वजनिक यातायात सेवा रूकुम जिल्ला सदरमुकाम खलङ्गासम्म पुऱ्याउने यस सडक खण्डमा २ वटा ठूला पुल निर्माण गर्नुपर्नेमा बैरागी ठाँटीको साँख खोलामा बेलीवृज निर्माण गरी सवस्ट्रक्चर सहित लञ्चिङ्ग गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धिः-

रूकुम जिल्लाको सदरमुकामसम्म सडक पुग्ने।

३. महाकाली राजमार्ग (वैतडी-दार्चुला खण्ड) (४८-३-२०५/४८-४-२०५)

| | |
|---|---|
| **शुरू मितिः-** आ.व. २०४१/४२ | **सम्पन्न हुने मितिः-** एकिन नभएको। |
| **कुल लागतः-** रू. १ अर्ब १० करोड। | **आ.ब. २०६१/६२ को बजेटः-** रू. १० करोड ३२ लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-

वैतडी जिल्लाको सतवाँझबाट शुरू भई दार्चुलासम्म पुग्ने महाकाली राजमार्गको वैतडी - दार्चुला खण्डको कुल लम्बाई १२६ कि.मि. रहेको छ। हाल ९३ कि.मि.सम्म आवागमन खुला रही १११ कि.मि. सम्म ट्याक खोल्ने काम भएको छ र चमेलिया पुलको निर्माण सम्पन्न भैसकेको छ। आ.ब. ०६०/६१ सम्म विश्व बैंकको ऋण सहयोगमा आर.एम.डि.पि. अन्तर्गत निर्माण भइरहेकोमा यस आ.व. देखि विश्व बैंकको सहयोग उपलब्ध नहुने हुँदा श्री ५ को सरकारको स्रोतबाट सञ्चालन हुने यो राजमार्गको बाँकी खण्ड १११ कि.मि. देखि १२६ कि.मि. सम्म नै ठेक्का व्यवस्था भइसकेको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.व. ०६१/६२ सम्म जिल्ला सदरमुकामसम्म मोटर बाटो पुऱ्याउने लक्ष्य रहेको छ। साथै यस सडकमा पर्ने दुई वटा पुलहरू, ढिक गाड र जमाडि गाडमा पुल निर्माण कार्य शुरू गरिनेछ।

(ग) अपेक्षित उपलब्धिः-

दार्चुलाको जिल्ला सदरमुकामसम्म मोटर बाटो पुग्ने।

४. कान्ति राजपथ (४८-४-२०६)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५५/५६ | **सम्पन्न हुने मितिः-**आ.व.२०६४/६५ (अनुमानित) |
| **कुल लागतः-** रू. १ अर्ब २७ करोड | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ५० लाख। |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | **स्रोतः-** श्री ५ को सरकार |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-

ललितपुर जिल्लाको टिकाभैरवदेखि मकवानपुर जिल्लाको हटौंडालाई जोड्ने यस सडकको कुल लम्बाई ९३ कि.मि.मध्ये मकवानपुर जिल्लामा पर्ने ४२ कि.मि. र ललितपुर जिल्लामा पर्ने ३० कि.मि. गरी जम्मा ७२ कि.मि. मा यातायात संचालन भएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

यसको स्तरोन्नतिका लागि सर्भे डिजाइनको काम पूरा भैसकेको छ। चालु आ.ब. ०६१/६२ मा सडकलाई चालु हालतमा राख्न स्तरोन्नतिको कार्य गरिने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धिः-

७२ कि.मि. सडकमा यातायात चालु हालतमा रहने।

## ५. केन्द्रीयस्तरका विभिन्न क्रमानुगत सडक आयोजनाहरु (४८-३-२४९/४८-४-२४९)

| | |
|---|---|
| **शुरु मितिः-** एकिन नभएको | **सम्पन्न हुने मितिः-** एकिन नभएको |
| **कुल लागतः-** एकिन नभएको | **आ.ब. २०६१/६२ को बजेटः-** रु.२९ करोड ६३ लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) **आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

यस अन्तर्गत आ.ब. २०६०/६१ मा २९९ वटा आयोजनाहरू संचालन गरिएका थिए । यस कार्यक्रम अन्तर्गत नयाँ सडक निर्माण, सडकको स्तरोन्नति तथा सडक कालोपत्रे गर्ने जस्ता कार्यक्रमहरू संचालन भएका छन । यी आयोजनाहरू संचालन गर्ने क्रममा जिल्लास्तरमा उपभोक्ता समिति मार्फत समेत संचालन गर्ने कार्य भएको छ ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरुः-**

यस अन्तर्गत नयाँ सडकको निर्माण, सडकको स्तरोन्नति, सडक कालोपत्रे गर्ने जस्ता कार्यक्रमहरू संचालन गर्ने लक्ष्य रहेको छ । यी कार्यक्रम संचालन गर्दा जिल्लास्तरमा उपभोक्ता समिति समेतको परिचालन गरी संचालन गरिनेछ ।

(ग) **अपेक्षित उपलब्धिः-**

खासगरी ग्रामीण क्षेत्रका व्यापारिक केन्द्र, हाट बजार, नयाँ वस्ती आदिमा यातायात सर्वसुलभ हुन गई आर्थिक गतिविधि विस्तारमा टेवा पुग्ने ।

## ६. बसन्तपुर - तेह्रथुम - आठराई (४८-३-२५२/४८-४-२५२)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०४४/४५ | **सम्पन्न हुने मितिः-**आ.ब.२०६३/६४ (अनुमानित) |
| **कुल लागतः-** रू. १७ करोड | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ८० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

कुल लम्बाई २६ कि.मि. रहेको यस सडकको ट्रयाक खोल्ने कार्य आ.ब. ०५१/५२ मा नै सम्पन्न भएको हो । कल्भर्ट तथा साइड ड्रेनहरू निर्माण गरी आ.ब. ०६०/६१ को अन्त्यसम्ममा ० देखि ६ कि. मि. सम्म ग्राभेल पूरा भैसकेको छ ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.ब. ०६१/६२ देखि यस सडक ग्रामीण पहुँच कार्यक्रम (RAP) अन्तर्गत बेलायत सरकारको अनुदान सहयोगमा पूरै सडकको स्तरोन्नति गरिने कार्यक्रम छ ।

**(ग) अपेक्षित उपलब्धिः-**

बसन्तपुरदेखि तेह्रथुमसम्म यातायात चालु हुने ।

## ७. नारदमुनि थुलुङ मार्ग (हिले-लेगुवाघाट-भोजपुर) (४८-३-२५५/४८-४-२५५)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५२/५३ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६४/६५ (अनुमानित) |
| **कुल लागतः-** रू. १ अर्ब | **आ.ब. २०६१/६२ को बजेटः-** रू. १२ करोड ५० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | **स्रोतः-** श्री ५ को सरकार/बेलायत-DFID |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

आ.ब. २०५२/५३ मा शाही नेपाली सेनाद्वारा संचालन गरिएको यस सडक आ.ब. २०५८/५९ देखि ग्रामीण पहुँच कार्यक्रम अन्तर्गत संचालन भइरहेको छ । कुल लम्बाई ९३ कि.मि. हुने अनुमान गरिएको यस सडकले धनकुटा जिल्लाको हिलेबाट भोजपुर जिल्लाको सदरमुकाम जोड्नेछ । लेगुवाघाटको अरूण नदीमा फेरी (Ferry) जडान भइसकेको छ । उक्त सडकको हालसम्म २६ कि.मि. ट्रयाक खुलेको छ । हिले-लेगुवाघाट खण्डको स्तरोन्नति र लेगुवाघाट - भोजपुर खण्डको सडक निर्माण कार्य बेलायत सरकारको अनुदान सहयोगमा शुरू गर्नका लागि DFID संग सम्झौता भैसकेको छ ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.ब. ०६१/६२ मा लेगुवाघाट - भोजपुर खण्डको विस्तृत डिजाइनको काम पूरा गरी निर्माण कार्य शुरू हुनुका साथै हिले लेगुवाघाटको स्तरोन्नतिको कार्य पनि गरिनेछ ।

**(ग) अपेक्षित उपलब्धिः-**

लेगुवाघाट - भोजपुर खण्डको विस्तृत डिजाइनको काम पूरा गरी निर्माण कार्य शुरू हुनका साथै हिलें लेगुवाघाटको

स्तरोन्नतिको कार्य हुने ।

८. कटारी – ओखलढुंगा (४८-४-२५८)

| | |
|---|---|
| **शुरू मितिः**- आ.ब. २०४९/५० | **सम्पन्न हुने मितिः**- आ.ब. २०६२/६३ (अनुमानित) |
| **कुल लागतः**- रू. ७३ करोड । | **आ.ब. २०६१/६२ को बजेटः**- रू. ३ करोड |
| **आयोजनाको प्रकृतिः**- भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | **स्रोतः**- श्री ५ को सरकार/IDA-PRSC |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

उदयपुर जिल्लाको कटारी बजारदेखि ओखलढुङ्गा जिल्लाको सदरमुकाम रमाइलोडाँडासम्म पुग्ने यो सडक उदयपुर जिल्ला र ओखलढुङ्गा जिल्लामा पर्दछ। यस सडकको कुल लम्बाई ८८ कि.मि.मध्ये १० कि.मि. ग्राभेल र ६२ कि.मि. माटेस्तर तथा १६ कि.मि. निर्माणाधिन रहेको छ। यो सडकको पहिलो खण्ड ० कि.मि. देखि २.५ कि.मि.सम्म सडक विभाग र २.५ कि.मि.देखि ८८ कि.मि.सम्म शाही नेपाली सेनाद्वारा निर्माणाधिन रहेको छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.ब. २०६१/६२ को अन्त्यसम्ममा ८८ कि.मि. माटेस्तरको सडक निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको छ। यस सडकमा २ वटा पुलहरू निर्माण गर्नुपर्नेमा सुनकोशी पुल निर्माण भइरहेको छ। यसै आ.ब.देखि मिर्चैया-कटारी-सुनकोशी खण्डको जम्मा ७२ कि.मि. सडक आर.एम.डी.पी. अन्तर्गत स्तरोन्नतिको कार्य शुरू गरिने कार्यक्रम छ।

**(ग) अपेक्षित उपलब्धिः-**

कटारीदेखि ओखलढुङ्गासम्मको ८८ कि.मि. माटेस्तरको सडक निर्माण हुने ।

९. पुष्पलाल मार्ग (नयाँ पुल-खिम्ती-मन्थली-रामेछाप सडक) (४८-४-२६१)

| | |
|---|---|
| **शुरू मितिः**- आ.ब. २०५५/५६ | **सम्पन्न हुने मितिः**- आ.ब. २०६३/६४ (अनुमानित) |
| **कुल लागतः**- रू. ३४ करोड | **आ.ब. २०६१/६२ को बजेटः**- रू. ६० लाख |
| **आयोजनाको प्रकृतिः**- भौतिक पूर्वाधार निर्माण | **स्रोतः**- श्री ५ को सरकार |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

दोलखा जिल्लाको खिम्ती (किर्ने) बाट रामेछाप जिल्लाको सदरमुकाम मन्थली हुँदै रामेछाप पुग्ने यस सडकको कुल लम्बाई २९ कि.मि. छ। आ.ब. ०५५/५६ मा रामेछाप सदरमुकामसम्म कच्ची सडक खोल्ने कार्य सम्पन्न भएको छ। आ.ब. ०६०/६१ मा थप पुल पुलेसा, टेवापर्खाल आदि बनाउने कार्यहरू भइरहेको छ। यसै क्रममा खिम्ती र खहरे खोलामा पुल निर्माण भैसकेको छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.ब. ०६१/६२ मा पुल पुलेसाहरू र स्ट्रक्चरको निर्माण काम चालु राखिनेछ।

**(ग) अपेक्षित उपलब्धिः-**

बाह्रै महिना यातायातका साधन संचालन हुने ।

१०. गल्छी – देवीघाट (पुलहरू समेत) (४८-४-२६३)

| | |
|---|---|
| **शुरू मितिः**- आ.ब. २०४२/४३ | **सम्पन्न हुने मितिः**- आ.ब. २०६४/६५ (अनुमानित) |
| **कुल लागतः**- रू. ३३ करोड ४७ लाख | **आ.ब. २०६१/६२ को बजेटः**- रू. १ करोड २५ लाख |
| **आयोजनाको प्रकृतिः**- भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | **स्रोतः**- श्री ५ को सरकार/IDA-PRSC |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

आ.ब. २०५३/५४ देखि ट्रयाक खुलिसकेको यस सडकमा आ.ब. २०६०/६१ मा ढुङ्गा माटोको काम, पुलेसा, टेवापर्खाल, नाली आदि निर्माण तथा मर्मत कार्य गरी हिउँदमा आवागमन चालु राखिएको छ। कोल्फु खोलामा पुल निर्माण सम्पन्न भएको छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.ब. ०६१/६२ मा तादि खोलामा पुल निर्माण कार्य चालु गर्नुका साथै २.५ कि.मि. खण्डासमित, ५ थान कल्भर्ट निर्माण र ५०० घ.मि. टेवापर्खालको कार्य गरी स्तरोन्नति गरिनेछ।

(ग) अपेक्षित उपलब्धि:-

तादि खोलामा पुल निर्माण कार्य चालु गर्नुका साथै २.५ कि.मि. खण्डास्मित, ५ थान कल्भर्ट निर्माण र ५०० घ.मि. टेवापर्खालको कार्य हुनेछ ।

११. बाग्लुङ - बेनी - जोमसोम (४८-४-२७०)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५०/५१ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६५/६६ (अनुमानित) |
| **कुल लागतः-** रू. ५६ करोड ४४ लाख | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ३ करोड ५० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगति:-

बाग्लुङ्ग जिल्लाको सदरमुकाम बाग्लुङ्गदेखि म्याग्दीको सदरमुकाम बेनी हुँदै मुस्ताङ्गको सदरमुकाम जोमसोम जोड्ने यो सडक बाग्लुङ्ग, म्याग्दी र मुस्ताङ्ग जिल्लामा पर्दछ। यस सडकको कुल लम्बाई ६० कि.मि. (अनुमानित) मध्ये २८ कि.मि. माटेस्तरको ट्रकेवल बाटो निर्माण भैसकेको छ। यो सडक पहिलो खण्ड ० देखि १६ कि.मि. खण्ड सडक विभागद्वारा र १६ देखि ३१ कि.मि. शाही नेपाली सेनाद्वारा निर्माण भइरहेको छ। आ.ब. २०६०/६१ को अन्त्यसम्ममा ३१ कि.मि. सम्म निर्माण कार्य सम्पन्न गर्ने अनुमान छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. २०६१/६२ मा ३५ कि.मि. सम्म माटेस्तरको ट्रकेवल बाटो निर्माण गर्ने र ३७ कि.मि. सम्म ट्र्याक खोल्ने लक्ष्य रहेको छ। यस सडकमा तीन वटा पुलहरू निर्माण गर्नुपर्नेमा म्याग्दी खोलामा पुल निर्माण भइरहेको र २०६१ साल मंसिरभित्र सो पुल निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ। बाँकी २ वटा पुलहरू आ.ब. २०६३/६४ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि:-

यस सडकको ३७ कि.मि. सम्म ट्र्याक खुल्ने ।

१२. छिन्चु - जाजरकोट (४८-४-२७२)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०४८/४९ | **सम्पन्न हुने मितिः-** एकिन नभएको । |
| **कुल लागतः-** रू.४६,९७,३३,००० | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ३ करोड |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगति:-

सुर्खेत जिल्लाको छिन्चुबाट शुरू भई जाजरकोट जिल्लाको सदरमुकाम खलङ्गासम्म जोड्ने छिन्चु - जाजरकोट सडकको कुल लम्बाई १०७ कि.मि. छ। हाल ६२ कि.मि. सम्म बस चल्ने र ६६ कि.मि. सम्म जीप चल्ने गरी यातायात खुलिसकेको छ। ६६ देखि ८६ कि.मि. सम्म कडा चट्टान भएको र हालको विषम परिस्थितिको कारणले बिष्फोटक पदार्थ प्रयोग हुन नसकी काम शुरू नै हुन सकेको छैन। ८६ देखि ९६ कि.मि सम्म ट्र्याक खुलिसकेको र ९६ देखि १०७ सम्म कुनै पनि काम हुन सकेको छैन।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. ०६१/६२ मा खुलिसकेको सडकलाई मर्मत सम्भार गरी यातायात चालु राख्ने, बाँकी खण्डमा थप ३ कि.मि. कच्ची सडक निर्माण र १२०० घ.मि. टेवापर्खालको कार्य गरिनेछ।

(ग) अपेक्षित उपलब्धि:-

खुलिसकेको ६६ कि.मि. सम्मको सडक मर्मत सम्भार भई यातायात संचालन हुने र थप ३ कि.मि. कच्ची सडक निर्माण हुने।

१३. सुर्खेत - रानीमत्ता - दैलेख (४८-४-२७३)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५०/५१ | **सम्पन्न हुने मितिः-** एकिन नभएको । |
| **कुल लागतः-** करिब रू. ३० करोड । | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ६० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगति:-

कुल लम्बाई ६७ कि.मि. भएको यस सडकको सम्पूर्ण भागको ट्र्याक खोल्ने काम सम्पन्न भई यातायात संचालन भइरहेको छ। आ.ब. ०६०/०६१ मा सडक सुधारको काम गरी खण्डास्मितको कामका साथै लोहोरे खोलामा पुल निर्माणको काम

शुरू गरिएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. ०६१/६२ मा टेवापर्खाल, पुलेसा र ३ कि.मि. खण्डास्मितको थप कार्यका साथै लोहरे खोलामा पुल निर्माणको काम चालु रहनेछ र मटेला खोलामा पुल निर्माण कार्य शुरू गरिने कार्यक्रम रहेको छ।

(ग) अपेक्षित उपलब्धि:-

थप ३ कि.मि. खण्डास्मित सडक निर्माण हुने ।

१४. जय पृथ्वीबहादुर सिंह मार्ग (खोड्पे - बझाङ) (४८-३-२७५/४८-४-२७५)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०३८/३९ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६४/६५ (अनुमानित) |
| **कुल लागतः-** रू. ८७ करोड ४८ लाख। | **आ.ब. २०६१/६२ को बजेटः-** रू. २ करोड |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-

डडेलधुरा - बैतडी सडकको खोड्पेबाट बझाङ्ग जिल्लाको सदरमुकाम चैनपुरसम्म पुग्ने यस सडकको कुल लम्बाई १०८ कि.मि. हुने अनुमान छ। आ.ब. ०६०/६१ मा बझाङ्गको सदरमुकाम चैनपुरसम्म नै सडक खुल्ने लक्ष्य राखिएकोमा असुरक्षाको कारणले सो हुन सकेन।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. ०६१/६२ मा सदरमुकाम चैनपुरसम्म ट्याक खोल्ने, टेवापर्खाल २००० घ.मि. र पाइप कल्भर्ट १ थान निर्माण गरिने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि:-

बझाङको सदरमुकाम चैनपुरसम्म ट्याक खुल्ने, टेवापर्खाल २००० घ.मि. र पाइप कल्भर्ट १ थान निर्माण हुने।

१५. साँफेबगर- मार्तडी (४८-३-२७७/४८-४-२७७)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५३/५४ | **सम्पन्न हुने मितिः-** एकिन नभएको। |
| **कुल लागतः-** रू. ७१ करोड। | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ३ करोड |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-

अछाम जिल्लाको साँफेबगरदेखि बाजुरा जिल्लाको सदरमुकाम मार्तडीसम्म कुल ५७ कि.मि लम्बाई रहेको यस सडकको १३ कि.मि. सडक ट्र्याक खुलिसकेको छ। आ.ब. ०५९/६० देखि विश्व बैंकको ऋण सहयोगमा आर.एम.डी.पी. अन्तर्गत संचालन भइरहेकोमा आ.ब. ०६०/६१ को अन्त्यदेखि यस सडकमा विश्व बैंकको सहयोग नरहने भएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. ०६१/६२ मा ० देखि १३ कि.मि. सम्म ग्रेड, मोड सुधार आदि काम गरी यातायात संचालन गरिने तथा थप ३ कि.मि. नयाँ ट्र्याक खोल्ने कार्य गरिनेछ।

(ग) अपेक्षित उपलब्धि:-

१३ कि.मि. सम्म यातायात संचालन भई थप ३ कि.मि. नयाँ ट्र्याक खुल्ने।

१६. साँफेबगर- मंगलसेन (४८-४-२७८)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५२/५३ | **सम्पन्न हुने मितिः-** एकिन नभएको। |
| **कुल लागतः-** रू. ३१ करोड ११ लाख। | **आ.ब. २०६१/६२ को बजेटः-** रू. १ करोड ४० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/ADB-PSM |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-

अछाम जिल्लाको साँफेबगरबाट शुरू भई सदरमुकाम मंगलसेन जोड्ने यस सडकको कुल लम्बाई ३७ कि.मि रहेको छ। यस सडक हाल आएर विश्व बैंकको ऋण सहयोगमा संचालन भई मंगलसेनसम्म पूरै माटे सडक तयार भइसकेको छ। आ.ब. २०६१/६२ देखि विश्व बैंकको ऋण सहयोग नरहने भएको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. ०६१/६२ मा यसमा थप सुधारको काम र स्ट्रक्चरहरू निर्माण गरिने र साँफेबगरको बुढीगङ्गा पुल निर्माण कार्य चालु राखिनेछ ।

(ग) अपेक्षित उपलब्धि:-

अछामको सदरमुकाम मंगलसेनसम्मको माटेस्तरको सडक थप सुधार तथा स्ट्रक्चरहरू निर्माण हुने ।

१७. दशरथ चन्द मार्ग (सतबाँझ - बैतडी - झुलाघाट) (४८-४-२८०)

| | |
|---|---|
| **शुरू मिति:-** आ.ब. २०४१/४२ | **सम्पन्न हुने मिति:-** एकिन नभएको । |
| **कुल लागत:-** रू. २१ करोड । | **आ.ब. २०६१/६२ को बजेट:-** रू. ७० लाख |
| **आयोजनाको प्रकृति:-** भौतिक पूर्वाधार निर्माण | **स्रोत:-** श्री ५ को सरकार/ADB-GRP |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगति:-

यस सडकको कुल लम्बाई ३७ कि. मि. रहेको छ। आ. ब. ०५९/६० मा यस सडकको निर्माण कच्ची स्तरमा पूरा भएको छ ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. ०६१/६२ मा ११५० घ.मि. टेवापर्खाल र २ कि.मि. खण्डास्मितको काम गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि:-

११५० घ.मि. टेवापर्खाल र २ कि.मि. खण्डास्मित सडक निर्माण हुने ।

१८. हुलाकी सडकहरू (४८-४-२९९)

महेन्द्र राजमार्ग निर्माण हुनु अघि देशको पूर्व पश्चिम क्षेत्रमा (तराई) आवागमनको लागि महत्वपूर्ण सेवा पुऱ्याइरहेको ऐतिहासिक हुलाकी सडकहरूको मर्मत सुधार एवं स्तरोन्नति गरी निर्माण गर्दै जाने नीति लिइएको छ। सोही नीतिलाई निरन्तरता दिँदै आ.ब. ०६१/६२ मा पनि हुलाकी सडकहरूको मर्मत सुधारको काम गरिनेछ। भारत सरकारले यो सडक र यसलाई जोड्ने सडकहरूको स्तरोन्नति गर्ने प्रतिबद्धता जाहेर गरेकोले निकट भविष्यमा नै यस सडकको केही खण्डहरू भारत सरकारको सहयोगमा निर्माण तथा स्तरोन्नति हुने अपेक्षा गरिएको छ। चालु आ.ब.मा यस कार्यको लागि श्री ५ को सरकारको रू. २० लाख र बम्द्य को ऋण रू. १ करोड ३० लाख गरी जम्मा रू. १ करोड ५० लाख बिनियोजन गरिएको छ ।

१९. तल्लो ढुंगेश्वर - सातखम्वा - डल्लु - पिपलकोट - दैलेख (४८-४-३५८)

| | |
|---|---|
| **शुरू मिति:-** आ.ब. २०५२/५३ | **सम्पन्न हुने मिति:-** आ.ब. २०६३/६४ (अनुमानित) |
| **कुल लागत:-** रू. ११ करोड ९१ लाख । | **आ.ब. २०६१/६२ को बजेट:-** रू. ७० लाख |
| **आयोजनाको प्रकृति:-** भौतिक पूर्वाधार निर्माण | **स्रोत:-** श्री ५ को सरकार |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगति:-

सुर्खेत जुम्ला सडकको तल्लो ढुंगेश्वरकोटदेखि दैलेख जिल्लाको सातखम्वा, डल्लु पिपलकोट जोड्ने यो सडकको कुल लम्बाई ३३ कि.मि.मध्ये २१ कि.मि.सम्म ट्र्याक खुलेको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. २०६१/६२ मा यस सडकको थप १ कि.मि. कच्ची सडक, टेवापर्खाल १२०० घ.मि.र पाइप कल्भर्ट ४ वटा निर्माण गर्ने लक्ष्य रहेको छ ।

(ग) अपेक्षित उपलब्धि:-

थप १ कि.मि. कच्ची सडक, टेवा पर्खाल १२०० घ.मि. र पाइप कल्भर्ट ४ वटा निर्माण हुने ।

२०. देवस्थल - कनैडाँडा - चौरजहारी - डोल्पा सडक (४८-४-३६४)

| | |
|---|---|
| **शुरू मिति:-** आ.ब. २०५४/५५ | **सम्पन्न हुने मिति:-** आ.ब. २०६३/६४ (अनुमानित) |
| **कुल लागत:-** रू. १९,५४,६६,००० | **आ.ब. २०६१/६२ को बजेट:-** रू. १ करोड ३० लाख |
| **आयोजनाको प्रकृति:-** भौतिक पूर्वाधार निर्माण | **स्रोत:-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगति:-

यो सडक शुरूमा सडक विभागद्वारा आ.ब. २०५४/५५ मा शुरू गरी आ.ब. २०५८/५९ देखि शाही नेपाली सेनाद्वारा निर्माण कार्य भइरहेको छ। यस सडक निर्माणमा श्री ५ को सरकार र ए.डी.बी.को आर्थिक सहयोग रहेको छ। सल्यान जिल्लाको सल्लीबजारबाट शुरू भई रूकुम जिल्लाको चौरजहारी हुँदै डोल्पा जिल्लासम्म पुग्ने यो सडकको कुल लम्बाई एकिन भैसकेको छैन। ८.५ कि.मि. (माटेस्तर) सम्म पाइलट ट्र्याक आंशिक रूपमा खोल्नुका साथै ५ कि.मि. (राउचे) सम्म ट्र्याक्टर तथा जिप संचालन भइरहेको छ। यो सडकको सल्लीबजारदेखि राउचे (० देखि ५ कि.मि.) खण्ड सडक विभागद्वारा निर्माण गरिएको र राउचेदेखि अगाडीको १३ कि.मि.सम्म शाही नेपाली सेनाद्वारा निर्माणाधिन छ। यस सडक खण्डमा एउटा ठूलो पुल निर्माण गर्नुपर्नेछ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. २०६१/६२ को अन्त्यसम्ममा १३ कि.मि. भित्र स्ट्रक्चर तथा सडक चौडा गरी जिप तथा ट्र्याक्टर सेवा संचालन गर्ने लक्ष्य रहेको छ। आ.ब. २०६३/६४ मा पाइलट ट्र्याक रूकुम जिल्लाको चौरजहारी पुऱ्याउने लक्ष्य रहेको छ।

ग) अपेक्षित उपलब्धि:-

१३ कि.मि. सम्म स्ट्रक्चर तथा सडक चौडा गरी जिप तथा ट्र्याक्टर सेवा संचालन हुने।

## २१. त्रिशुली - स्याप्रुवेसी - रसुवागढी (४८-४-३७५)

नुवाकोटको त्रिशुलीबाट धुन्चे हुँदै स्याप्रुवेसीदेखि रसुवागढीसम्म पुग्ने यस सडकको कुल लम्बाई ८४ कि.मि. हुने अनुमान छ। त्रिशुलीबाट धुन्चेसम्मको ५० कि.मि. सडक खण्डास्मित स्तरमा निर्माण भइसकेको र धुन्चेदेखि स्याप्रुवेसीसम्मको १४ कि.मि. सडक माटेस्तरमा निर्माण भएको छ। आ.ब. ०६०/६१ मा त्रिशुली - धुन्चे-स्याप्रुवेसीसम्म टेवापर्खाल, पुलेसाको काम र स्याप्रुवेसीदेखि रसुवागढीसम्म चिनिया पक्षबाट सम्भाव्यता अध्ययन भई सो क्षेत्रको विस्तृत नक्शा समेत तयार भएको छ। आ.ब. ०६०/६१ मा यस सडकलाई चिनिया सहयोगबाट निर्माण गरिने सहमति अनुसार चिनिया प्राविधिकहरूबाट Turn Key Basis मा आ.ब. ०६१/६२ देखि निर्माण गरिनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको ५० लाख र चीन सरकारको अनुदान १ करोड गरी रू. १ करोड ५० लाख बिनियोजन गरिएको छ।

## २२. टनकपुर लिंक रोड (४८-४-३७६)

कञ्चनपुर जिल्लाको महेन्द्रनगरदेखि टनकपुरसम्म पुग्ने यो सडक त्राचल प्थथ एचयवभअत को रूपमा भारत सरकारको सहयोगमा निर्माण हुँदैछ। यस सडकको कुल लम्बाई १४ कि.मि. छ। विस्तृत सर्भेक्षण र डिजाइनको काम पूरा भैसकेको छ। आ.ब. ०६०/६१ मा भारत सरकारसंग सम्झौता भई निर्माण कार्य शुरू गर्ने क्रममा रहेको छ। यस सडकको लागि मुआब्जा दिने काम ०६१/६२ मा सम्पन्न हुनेछ। यस कार्यको लागि चालु आ.ब. मा श्री ५ को सरकारको २० लाख र भारत सरकारको अनुदान १ करोड गरी जम्मा रू. १ करोड २० लाख बिनियोजन गरिएको छ।

## २३. मुसीकोट - बुर्तीवाङ (४८-४-३८६)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५६/५७ | **सम्पन्न हुने मितिः-** एकिन नभएको। |
| **कुल लागतः-** एकिन नभएको | **आ.ब. २०६१/६२ को बजेटः-** रू. २ करोड १० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-

मुसिकोट बुर्तिवाङ्ग सडक शाही नेपाली सेनाद्वारा निर्माणाधिन छ। आयोजनाको विस्तृत सर्भे तथा डिजाइनको कार्य हालसम्म सम्पन्न हुन सकेको छैन। रूकुम जिल्लाको शीतल पोखरीबाट शुरू भई बाग्लुङ्ग जिल्लाको बुर्तिवाङ्गसम्म पुग्ने यो सडक रूकुम र बाग्लुङ्ग जिल्लामा पर्दछ। यस सडकको कुल लम्बाई १४५ कि.मि.मध्ये ४ कि.मि. (माटेस्तर) सम्म सडक चौडा गरिएको, १५ कि.मि.सम्म पाइलट ट्र्याक खुलेको छ। साँख गा.वि.स.को कुनिवाङ्ग (४ कि.मि.) देखि चिहान डाँडा (१० कि.मि.) सम्म निर्माणाधिन अवस्थामा रहेको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:-

आ.ब. २०६१/६२ को अन्त्यसम्ममा घोरखानी (१९ कि.मि.) सम्म पाइलट ट्र्याक पुऱ्याउने लक्ष्य राखिएको छ।

ग) अपेक्षित उपलब्धि:-

१९ कि.मि. सम्म पाइलट ट्र्याक खुल्ने।

## २४. काठमाण्डौ उपत्यका सडक निर्माण तथा सुधार (४८-४-५००)

काठमाण्डौं उपत्यकाभित्रका ३ जिल्लाका ५ वटै नगरपालिका र गाउँ विकास समितिका केही सडकहरूको मर्मत, सुधार र स्तारोन्नति हुने गरेकोमा आ.ब. ०६१/६२ देखि उपत्यकाभित्रका चालु सडकहरूको मर्मत, सुधार, स्तरोन्नति, नयाँ निर्माण गर्ने लक्ष्य रहेको छ। यस अन्तर्गत करिब १५ कि.मि. स्तरोन्नति र १५० कि.मि. मर्मत सम्भार गर्ने लक्ष्य रहेको

छ। यस कार्यको लागि चालु आ.व. मा श्री ५ को सरकारको १ करोड ५ लाख र IDA-PRSC को ऋण १० करोड ५७ लाख गरी जम्मा रू. ११ करोड ६२ लाख बिनियोजन गरिएको छ।

## २५. विभिन्न सडक मर्मत तथा निर्माण सुधार (४८-४-५५५)

यस कार्यक्रम अन्तर्गत अधिराज्यभरका विभिन्न राजमार्ग तथा सहायक मार्गहरूको योजनावद्ध रूपमा नियमित तथा आवधिक मर्मत सम्भार गर्ने कार्यहरू आ.ब. ०६१/६२ मा पनि जारी रहनेछन्। राजमार्ग तथा सहायक राजमार्गलाई सुरक्षित र भरपर्दो सेवायोग्य रूपमा निरन्तरता कायम गर्नु यस कार्यक्रमको लक्ष्य रहेको छ। चालु आ.ब.मा श्री ५ को सरकारको ९ करोड ५० लाख, जापानी अनुदान ९म्ञ०० ३० करोड ५० लाख र [illegible] को ऋण ४ करोड गरी जम्मा रू. ४४ करोड विनियोजन गरिएको छ।

## २६. रोड मेन्टिनेन्स एण्ड डेभलपमेण्ट प्रोजेक्ट (RMDP) (४८-३-५५७/४८-४-५५७)

विश्व वैंकको ऋण सहयोगमा संचालित यस आयोजना अन्तर्गत श्री ५ को सरकारको रू. १२ करोड र IDA को ऋण ६५ करोड ४० लाख गरी एकमुष्ट रूपमा रू. ७७ करोड ४० लाख बजेट (४८-३-५५७/४८-४-५५७ (RMDP) मा) बिनियोजन गरिएको छ। साथै बजेट शीर्षक नं. ४८-३-२०४/४८-४-२०४ (कर्णाली राजमार्ग) मा श्री ५ को सरकारको रू.७ करोड ४० लाख र RMDP (IDA) अन्तर्गतको रू. ३८ करोड ६० लाख समेत गरी जम्मा ४६ करोड बिनियोजन गरिएको छ। अतः दुवै बजेट शीर्षकमा गरी रू. ६५ करोड ४० लाख र रू. ३८ करोड ६० लाख गरी जम्मा विश्व बैंक (IDA) को ऋण अन्तर्गत रू. १ अर्व ४ करोड बिनियोजन हुने देखिन्छ। RMDP अन्तर्गत निम्न कार्यक्रमहरू संचालन गरिनेछन् :

- **कर्णाली राजमार्ग (सुर्खेत-जुम्ला खण्ड तथा पान्तडी-मान्मा समेत) (४८-३-२०४/४८-४-२०४)**

| | |
|---|---|
| **शुरू मितिः-** आ.व. २०४८/४९ | **सम्पन्न हुने मितिः-** एकिन नभएको। |
| **कुल लागतः-** रू. १,९३,४८,००,०००।- | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ४६ करोड |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-** सुर्खेतबाट शुरू भई जुम्ला जिल्लाको सदरमुकाम जुम्ला खलङ्गा पुग्ने यो सडकको कुल लम्बाई २२१ कि.मि. छ। कुल लम्बाई २२१ कि.मि.मध्ये ११२ कि.मि.सम्म सार्वजनिक यातायात संचालन भैसकेको, १३२ कि.मि. (माटेस्तर) सम्म सडक विभागद्वारा आ.ब. २०६०/६१ मा निर्माण कार्य भइरहेको साथै यसै आ.ब.मा शाही नेपाली सेनाबाट १३२ कि.मि. देखि १५२ कि.मि.(माटेस्तर) सम्म निर्माणाधिन अवस्थामा रहेको छ। हाल ११२ देखि १८५ कि.मि. सडक शाही नेपाली सेनाद्वारा र कि.मि. २२१ जुम्ला सदरमुकामबाट कि.मि. १८५ सम्म (CBO) जनश्रम परिचालन गरी निर्माण गरिने भएको छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-** आ.व. २०६१/६२ को अन्त्यसम्ममा १३२ कि.मि.सम्म सार्वजनिक यातायात सेवा संचालन गर्ने लक्ष्य राखिएको छ। यस सडक खण्डमा साना तथा ठूला गरी ४१ वटा पुल निर्माण गर्नुपर्नेमा तिला नदीमा बेलिवृज निर्माण गरी सवस्ट्रक्चर सहित लञ्चिङ्ग गर्ने लक्ष्य रहेको छ।

**ग) अपेक्षित उपलब्धिः-** १३२ कि.मि.सम्म सार्वजनिक यातायात सेवा संचालन हुने।

**गोरूसिंगे- सन्धिखर्क (४८-३-५८१/४८-४-५८१)**

| | |
|---|---|
| **शुरू मितिः-** आ.व. २०५७/५८ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६१/६२ |
| **कुल लागतः-** रू. १ अर्व ९३ करोड ४८ लाख | **आ.ब. २०६१/६२ को बजेटः- एकमुष्टबाट** |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नति | **स्रोतः-** श्री ५ को सरकार/IDA |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

महेन्द्र राजमार्गको गोरूसिङ्गेबाट पत्थरकोट हुँदै सन्धिखर्कसम्म जोडिने गोरूसिङ्गे सन्धिखर्क सडकको कुल लम्बाई ६८ कि.मि. छ। यो सडक माटेस्तरमा निर्माण भइसकेको छ र यस सडकमा पर्ने पुलहरूको निर्माण पूरा भैसकेको छ। पत्थरकोटबाट सन्धिखर्कसम्मको पूरै खण्ड आ.ब. २०६०/६१ को अन्त्यसम्ममा स्तरोन्नति भई १३ कि.मि. कालोपत्रे स्तरको सडक तयार हुने अनुमान छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.व. ०६१/६२ मा यो सडकको पूरै खण्डमा कालोपत्र गरिनेछ।

**ग) अपेक्षित उपलब्धिः-**

कालोपत्रे गर्न बाँकी ५५ कि.मि. सडकमा कालोपत्रे हुने।

- सिलगढी-साँफेबगर सडकको २५ कि.मि. कालोपत्रे र बाँकी खण्डको पुनः खण्डास्मित गरी पुनःस्थापना तथा

स्तरोन्नति गर्ने कार्य आ.ब. ०६१/६२ मा चालु रहनेछ ।

- तानसेन-रिडी-तम्घास सडकको जम्मा ७५ कि.मि.लम्बाई रहेकोमा आ.ब. २०६१/६२ मा यसका पूरै खण्डलाई खण्डस्मितबाट कालोपत्रेमा स्तरोन्नति गरिने लक्ष्य रहेको छ ।
- कटारी ओखलढुंगा सडकको मिर्चैया - कटारी - सुनकोशी खण्डको जम्मा ७२ कि.मि. हालको माटेस्तरको सडकलाई खण्डास्मितमा स्तरोन्नति गरी कालोपत्रे सिल गर्ने कार्यक्रम रहेको छ ।
- महाकाली राजमार्गको डडेलधुरा-पाटन-सतबाँफ सडकको जम्मा ५४ कि.मि. सडक खण्डलाई खण्डास्मितमा स्तरोन्नति गरी कालोपत्रे सिल गर्ने कार्यक्रम रहेको छ ।

त्यस्तै यस आयोजना अन्तर्गत आ.ब. ०६१/६२ मा लमही-रिहार खोला (१८ कि.मि.), रिहार- शिव खोला (१९ कि.मि.), शिव खोला-खैरे खोला (३५ कि.मि.), खैरे खोला-कोहलपुर (३५ कि.मि.), स्याउले-सिलगढी (६५ कि.मि.), नारायणी पुल-बुटवल (११४ कि.मि.) र मोहना पुल-अत्तरिया (१५ कि.मि.) गरी करिब ३०१ कि.मि. राजमार्ग तथा सहायक मार्गहरूको आवधिक मर्मत सम्भार तथा करिब १३४ कि.मि. रिकरेण्ट मर्मत सम्भार गर्ने लक्ष्य रहेको छ ।

## २७. बेसीशहर - चामे सडक (४८-४-५७९)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५०/५१ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६४/६५ (अनुमानित) |
| **कुल लागतः-** रू. १,०५,१७,३७,०००।- | **आ.ब. २०६१/६२ को बजेटः-** रू. २ करोड १० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

लमजुङ जिल्लाको सदरमुकाम बेसीशहर, खुदी, ताल हुँदै मनाङ जिल्लाको सदरमुकाम चामे जोड्ने यो सडक लमजुङ र मनाङ जिल्ला पर्दछ । यस सडकको कुल लम्बाई ६५ कि.मि.मध्ये १० कि.मि. (माटेस्तर) सम्म सार्वजनिक यातायात र १२ कि.मि.सम्म ट्याक्टर तथा जिप संचालन भएका छन् । यो सडक पहिलो खण्ड ० देखि ९ कि.मि.सम्म सडक विभागद्वारा र २०५७/५८ देखि शाही नेपाली सेनालाई हस्तान्तरण भएपछि यस सडकमा ९ देखि १७ कि.मि. सम्म निर्माण कार्य सेनाबाट भएको छ । साथै ० देखि ९ कि.मि.सम्मको सडक चौडा तथा स्ट्रक्चरको काम समेत गर्दै आएको छ ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.ब. २०६१/६२ को अन्त्यसम्ममा २० कि.मि. सम्म पाइलट ट्याक र १७ कि.मि. सम्म मोटरेबल बाटो पुऱ्याउने लक्ष्य रहेको छ । यस सडकमा तीन वटा ठूला पुल निर्माण गर्नुपर्ने देखिएको तर हालसम्म एउटा पनि पुल निर्माण भएको छैन । आ.ब. २०६१/६२ मा खुदी खोलामा बेलिवृज निर्माणको कार्य शुरू गरिनेछ ।

**(ग) अपेक्षित उपलब्धिः-**

२० कि.मि. सम्म पाइलट ट्र्याक खुल्ने र १७ कि.मि. सम्म मोटरेबल बाटो पुग्ने ।

## २८. चकचके - लिवाङ सडक (पुलहरू तथा अन्य सडक) (४८-४-५८२)

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५२/५३ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६४/६५ (अनुमानित) |
| **कुल लागतः-** | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ७० लाख |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण | **स्रोतः-** श्री ५ को सरकार/IDA-PRSC |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

प्यूठान जिल्लाको चकचकेदेखि रोल्पा जिल्लाको सदरमुकामलाई जोड्ने यस सडकको कुल लम्बाई ६८ कि. मि. सम्म नै ट्र्याक खोलिसकिएको छ ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ. व. ०६१/६२ मा खण्डास्मित ३ कि.मि., पाइप कल्भर्ट ३ वटा र टेवापर्खाल १३०० घ.मि. निर्माण कार्य गर्ने तथा यस खण्डमा पर्ने पुलको निर्माण शुरू गरिनेछ ।

**(ग) अपेक्षित उपलब्धिः-**

खण्डास्मित ३ कि.मि.सडक, पाइप कल्भर्ट ३ वटा र टेवापर्खाल १३०० घ.मि. निर्माण हुने ।

## २९. सडक सञ्जाल विकास योजना - चौथो सडक सुधार (आर.एन.डी.पी.) (४८-३-५८४/४८-४-५८४)

सडक विस्तारका माध्यमबाट देशको सन्तुलित विकास गर्ने श्री ५ को सरकारको नीतिलाई सहयोग पुग्ने गरी सडक सञ्जाल विकास कार्यक्रम (RNDP) आ.ब. ०६०/६१ देखि एशियाली विकास बैंक (ADB), बेलायत सरकारको

अन्तर्राष्ट्रिय विकास विभाग (DFID) र श्री ५ को सरकारको त्रिपक्षीय लगानीमा शुरू भएको छ।

सडक सञ्जालको मर्मत तथा सुधार गरी मालसामानको ढुवानी तथा आवत जावतमा सरलता ल्याई आय आर्जन, रोजगारीका अवसर तथा शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरूको सहज पहुँच पुऱ्याउने, सडकसंग सम्वन्धित निकायहरूको कार्यान्वयनको पक्षमा प्रभावकारिता र मर्मत क्षमतामा अभिवृद्धि गराउने तथा निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने, सडक सुरक्षा र एक्सल लोड नियन्त्रणमा सुधार ल्याउने तथा सहभागितामूलक पद्धतिबाट सडकसंग समुदायको पहुँच पुऱ्याई गरिबी न्यूनीकरणमा सहयोग पुऱ्याउने अपेक्षा राखिएको छ।

आ. ब. २०६१/०६२ देखि शुरू भई ०६४/६५ सम्ममा समाप्त भइसक्ने यस आयोजना अन्तर्गत निम्न कार्य गर्ने लक्ष्य छ।

मोरङ्ग जिल्लाको बेलबारीदेखि सिरहा जिल्लाको चौहरवासम्म महेन्द्र राजमार्गको १४० कि.मि. सडकमध्ये चालु आ.ब.मा ४.५ कि.मि. सडक सुदृढीकरण गरी स्तरीय बनाइनेछ। बसन्तपुर खांदवारी (९६ कि.मि.) फिडर रोड निर्माण स्थानीय जनताको सहभागितामा सञ्चालन गर्ने। सडकहरूको मर्मत सम्भारतर्फ पौवा - भञ्ज्याङ्ग फिदिम (नाली ५ कि.मि.), दमक - गौरीगञ्ज (रिसिलिङ्ग १० कि.मि.; नाली ४ कि.मि. र पाइप कल्भर्ट ३ वटा, विराटनगर - रंगेली बरदा - उर्लाबारी (रिसिलिङ्ग २ कि.मि.र पाइप कल्भर्ट १० वटा), हिले - बसन्तपुर (रिसिलिङ्ग १ कि.मि., नाली ६ कि.मि. र पाइप कल्भर्ट १० वटा), दोलालघाट - चौतारा (रिसिलिङ्ग ६ कि.मि., नाली ३ कि.मि. र पाइप कल्भर्ट १ वटा गर्ने तथा हेटौडा नारायणघाट (७७ कि.मि.), कोहलपुर कर्णाली (७६ कि.मि.) र कर्णाली - अत्तरीयादेखि १५ कि.मि. पूर्व - गड्डा चौकी (६४ कि.मि.) सडकहरूको एभचायकवलअभ ढवकभम :बष्लतभलबलअभ का आधारमा नियमित तथा आवधिक मर्मत गर्ने।

यस कार्यक्रमको लागि परामर्शदाताको नियुक्ति भई आ.ब. ०६०/६१ देखि आफ्नो कार्य शुरू गरेको छ। यस कार्यक्रमको विस्तृत सर्वेक्षण र डिजाइन कार्य अन्तिम चरणमा छ। आ.ब.०६१/६२ मा यस कार्यक्रमको सम्पूर्ण कार्यहरूको ठेक्कापट्टा गरी निर्माण कार्य शुरू गर्ने लक्ष्य राखिएको छ। चालु आ.ब.मा श्री ५ को सरकारको २३ करोड ३८ लाख ४० हजार, बेलायत सरकारको अनुदान १५ करोड ५ लाख ५० हजार र एशियाली विकास बैंकको ऋण ५० करोड ९४ लाख ५० हजार गरी जम्मा रू. ८९ करोड ३८ लाख ४० हजार बिनियोजन गरिएको छ। हालसम्म छुट्टै शीर्षकमा रहेको वसन्तपुर-चैनपुर खांदवारी सडकलाई आ.ब.०६१/६२ को मध्यदेखि सडक सञ्जाल विकास आयोजना ९च्ल्ए० अन्तर्गत समावेश गरी कार्यान्वयन गरिने कार्यक्रम रहेकोमा सोको विस्तृत विवरण निम्नानुसार छ।

- **बसन्तपुर - चैनपुर खाँदवारी (४८-३-२५४/४८-४-२५४)**

| | |
|---|---|
| **शुरू मितिः-** आ.ब. २०५१/५२ | **सम्पन्न हुने मितिः-** आ.ब. २०६४/६५ (अनुमानित) |
| **कुल लागतः-** रू. १ अर्ब ३१ करोड | **आ.ब. २०६१/६२ को बजेटः-** रू. ७ करोड |
| **आयोजनाको प्रकृतिः-** भौतिक पूर्वाधार निर्माण तथा मर्मत सुधार | **स्रोतः-** श्री ५ को सरकार/बेलायत/ए.डी.बी. |

**(क) आ.ब. २०६०/६१ सम्मको प्रगतिः-**

तेह्रथुम जिल्लाको बसन्तपुरबाट संखुवासभा जिल्लाको सदरमुकाम खांदवारी जोडिने यस सडकको कुल लम्बाई ९६ कि.मि. छ। आ.ब. ०६०/६१ सम्ममा ५३ कि.मि. सम्म निर्माण कार्य सम्पन्न भैसकेको छ। जसमध्ये ४८ कि.मि. सम्म यातायात संचालन भैसकेको छ।

**(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः-**

आ.ब. ०६१/६२ को मध्यतिर यस सडकलाई एशियाली विकास बैंक र बेलायत सरकारको सहयोगमा संचालन हुने सडक सञ्जाल विकास आयोजना (RNDP) अर्न्तगत समावेश गरी १० कि.मि. सडक निर्माण तथा मर्मत सुधारको कार्य गरिनेछ।

**ग) अपेक्षित उपलब्धिः-**

यातायात संचालन भैसकेको सडकको मर्मत सम्भार हुने तथा थप १० कि.मि. सडक निर्माण हुने।

## ३०. पुल निर्माण कार्यक्रम (४८-४-६५०)

अधिराज्यका विभिन्न सडकहरूमा निर्माणाधिन ९५ वटा पुलहरूमध्ये आ.ब. ०६१/६२ मा ३० वटा पुलहरूको निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको छ भने अन्य निर्माणाधिन पुलहरू सम्पन्न गर्न विशेष जोड दिइनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको ९ करोड १० लाख, जापानी अनुदान २० करोड ५० लाख र व्म्द्य(एक को ऋण ४७ करोड १० लाख गरी जम्मा रू. ७६ करोड ७० लाख विनियोजन गरिएको छ।

## ३१. पुल पुलेसा संरक्षण तथा मर्मत सम्भार (४८-४-६६०)

देशका विभिन्न स्थानमा निर्माण भएका पुलहरूको मर्मत सम्भार तथा संरक्षण गर्न समावेश गरिएको यस कार्यक्रमबाट प्राथमिकता निर्धारण गरी आवश्यक देखिएका पुल पुलेसाहरूको मर्मत सम्भार गरिनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको ४० लाख र IDA-PRSC को ऋण २ करोड २० लाख गरी रू. २ करोड ६० लाख बिनियोजन गरिएको छ।

### ३२. सडक तथा पुलहरूको विस्तृत सम्भाव्यता अध्ययन (४८-४-६६१)

यस कार्यक्रम अन्तर्गत विभिन्न सडक तथा पुलहरूको प्राविधिक अध्ययन र डिजाइनको काम गरिनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको ८० लाख बिनियोजन गरिएको छ।

### ३३. मुआब्जा (४८-४-६६४)

राजमार्ग तथा सहायक मार्ग निर्माणको क्रममा दिनुपर्ने मुआब्जा प्रदान गर्ने कार्य आ.ब. ०६१/६२ मा पनि जारी राखिनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको २ करोड बिनियोजन गरिएको छ।

### ३४. मेशीन मर्मत तथा सम्भार (४८-३-६७०/४८-४-६७०)

सडक निर्माणमा प्रयोग भइरहेका मेशीन औजारहरूको मर्मत सम्भार गरी चालु अवस्थामा राख्न सडक विभागसंग भएका सडक निर्माणमा प्रयोग हुने मेशीन औजारहरूको मर्मत सम्भार गर्ने कार्यलाई आ. ब. ०६१/६२ मा पनि निरन्तरता दिइनेछ। यसको लागि आवश्यक स्पेयर पार्टहरू खरिद गर्ने कार्यक्रम पनि रहेको छ। चालु आ.ब.मा श्री ५ को सरकारको २५ लाख र क्ष्म्वएच्क्त्र को ऋण १ करोड ४५ लाख गरी रू. १ करोड ७० लाख बिनियोजन गरिएको छ।

### ३५. यान्त्रिक उपकरण खरिद (४८-४-६७१)

सडक तथा पुलहरू निर्माणको लागि आवश्यक थप यान्त्रिक उपकरणहरू खरिद गर्ने कार्यक्रम आ.ब. ०६१/६२ मा पनि संचालन गरिनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको ३५ लाख र जापानी अनुदान (DRF) ४० लाख गरी जम्मा रू. ७५ लाख बिनियोजन गरिएको छ।

### ३६. सडक यातायात सुरक्षा, अतिक्रमण नियन्त्रण तथा सीमा सुरक्षा (४८-४-६७३)

यस कार्यक्रम अन्तर्गत काठमाडौं उपत्यका तथा अधिराज्यका अन्य राजमार्ग तथा सहायक मार्गहरूमा सडक अतिक्रमण हटाई सडक सीमाको सुरक्षा गर्ने कार्यहरू पर्दछन्। आ.ब. ०६१/६२ मा राजमार्ग र सहायक मार्गहरूको सडक सीमा सुरक्षा कार्यलाई निरन्तरता दिइनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको ७० लाख बिनियोजन गरिएको छ।

### ३७. योजना, कार्यक्रम, अनुगमन, मूल्यांकन, भू-वातावरण अध्ययन तथा अन्य कार्यक्रमहरू -(४८-४-६८१)

यस कार्य अन्तर्गत योजना तर्जुमा, सडक आयोजनाहरूको अनुगमन तथा मूल्यांकन लगायत महत्वपूर्ण सडक आयोजनाहरूको भू-वातावरण विषयको अध्ययन पनि गरिनेछ। साथै सडक विभाग अन्तर्गतका विभिन्न युनिटहरूको सुदृढीकरण तथा सुधारका कार्यहरू विभिन्न युनिटहरू मार्फत सञ्चालन गरिनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको ५० लाख बिनियोजन गरिएको छ।

### ३८. सडक बोर्ड नेपाल (४८-३-६९५/४८-४-६९५)

आ.ब. २०६०/६१ देखि संचालनमा आएको सडक बोर्ड अन्तर्गत सडक बोर्ड कोष खडा गरी सडकहरूको नियमित मर्मत सम्भार गर्न विभिन्न स्रोतहरूबाट प्राप्त रकम एकै ठाउँमा संकलन गरी प्राथमिकताका आधारमा मर्मत सुधार गर्ने उद्देश्य रहेको छ। आ.ब. २०६०/६१ देखि नै सडक बोर्ड कोषलाई कार्यान्वयनमा ल्याई सडक मर्मत सम्भारका लागि सो कोष मार्फत स्रोत संकलन तथा परिचालन गरी मर्मत सम्भारको कार्यमा उपभोक्ताको सहभागिता जुटाउने कार्यलाई प्रभावकारी रूपमा अगाडि बढाइएको छ। आ.ब. २०६१/६२ मा नेपाल अधिराज्यभरी रहेका करिब ४००० कि.मि. सडकहरूमा मुख्यत: नियमित, पटके र आकस्मिक सडक मर्मत कार्य गरी संचालन योग्य बनाउनेछ। चालु आ.ब.मा श्री ५ को सरकारको १२ करोड र क्ष्म्वएच्क्त्र को ऋण २४ करोड २८ लाख गरी रू. ३६ करोड २८ लाख बिनियोजन गरिएको छ।

सडक क्षेत्र अन्तर्गत आ.व. २०६१/६२ मा संचालन गरिने कार्यक्रम तथा बजेट

(रू.हजारमा)

| सि.नं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमको नाम | ०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को बजेट बिनियोजन | | | स्रोत | | | | प्राथमिकता संकेत | रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल जम्मा | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | बैदेशिक अनुदान | बैदेशिक ऋण | बैदेशिक जम्मा | | |
| १ | ४८-३-२०२/४८-४-२०२ | बिश्वेश्वर प्रसाद कोइराला मार्ग (बनेपा - सिन्धुली - बर्दिबास) | ११६८३७६ | २४३५०० | ८००० | २३५५०० | २३५०० | २२०००० Japan/ Japan-NPG | | २२०००० | P1 | १ |
| २ | ४८-४-२०३ | राप्ती राजमार्ग (सल्यान - मुसिकोट खण्ड) | १८००४ | ४०००० | ० | ४०००० | ५००० | | ३५००० IDA-PRSC | ३५००० | P1 | १ |
| ३ | ४८-३-२०४/४८-४-२०४ | कर्णाली राजमार्ग (सुर्खेत - जुम्ला खण्ड), पान्तडी मान्मा सडक समेत | ११०४९४ | ४६०००० | २१०० | ४५७९०० | ७४००० | | ३८६००० IDA-PRSC | ३८६००० | P1 | १ |
| ४ | ४८-३-२०५/४८-४-२०५ | महाकाली राजमार्ग (बैतडी - दार्चुला खण्ड) | ८६३७८ | १०३२०० | ४२६८ | ९८९३२ | २३७१४ | | ७९४८६ IDA-PRSC | ७९४८६ | P1 | १ |
| ५ | ४८-४-२०६ | कान्ति राजपथ | ५००० | ५००० | ० | ५००० | ५००० | | | | P2 | १ |
| ६ | ४८-३-२४९/४८-४-२४९ | केन्द्रीय स्तरका बिभिन्न क्रमानुगत सडक आयोजनाहरू | १६४८७९ | २९६३०० | २९००० | २६७३०० | ७२००० | | २२४३०० IDA-PRSC | २२४३०० | P3 | १ |
| ७ | ४८-४-२५० | इलाम - माइपोखरी - सन्दकपुर | ४००० | ५००० | ० | ५००० | २००० | | ३००० IDA-PRSC | ३००० | P2 | २ |
| ८ | ४८-३-२५२/४८-४-२५२ | वसन्तपुर - तेह्रथुम - आठराई | ६५०२ | ८००० | ० | ८००० | ४००० | | ४००० | ४००० | P2 | २ |

| सि.नं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमको नाम | ०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को बजेट बिनियोजन | | | स्रोत | | | | प्रायमिकता संकेत | रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल जम्मा | चालु खर्च | पुँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | | अनुदान | ऋण | जम्मा | | |
| | | | | | | | | | IDA-PRSC | | | |
| ९ | ४८-३-२५५/४८-४-२५५ | नारदमुनी - थुलुङ्ग मार्ग (हिले - लेगुवाघाट भोजपुर) | ६३२८२ | १२५००० | ३४९२ | १२१५०८ | ४५००० | ८०००० UK-DFID | | ८०००० | P1 | २ |
| १० | ४८-४-२५८ | कटारी - ओखलढुङ्गा | ३२२०५ | ३०००० | ० | ३०००० | ३००० | | २७००० IDA-PRSC | २७००० | P1 | १ |
| ११ | ४८-४-२६१ | पुष्पलाल मार्ग (नयाँ पुल - खिम्ती - मन्थली - रामेछाप सडक) | ४८५७ | ६००० | ० | ६००० | ६००० | | | | P2 | २ |
| १२ | ४८-४-२६२ | चक्रपथ-टोखा-फ्कोर-छहरे-गुर्जेभन्ज्याङ्ग-छहरे-तलाखु तथा छहरे पुल समेत | १३५८१ | २०००० | ० | २०००० | ३००० | | १७००० IDA-PRSC | १७००० | P2 | २ |
| १३ | ४८-४-२६३ | गल्छी - देवीघाट (पुलहरू समेत) | ९४८८ | १२५०० | ० | १२५०० | ३००० | | ९५०० IDA-PRSC | ९५०० | P2 | २ |
| १४ | ४८-४-२६४ | गणेशमान सिंह मार्ग (थानकोट - चित्लाङ्ग) | ० | १०००० | ० | १०००० | १००० | | ९००० IDA-PRSC | ९००० | P2 | १ |
| १५ | ४८-४-२७० | बाग्लुङ्ग - बेनी - जोमसोम | २३३९० | ३५००० | ० | ३५००० | ३००० | | ३२००० IDA-PRSC | ३२००० | P1 | १ |
| १६ | ४८-४-२७२ | छिञ्चु - जाजरकोट | ७८४८६ | ३०००० | २२९० | २७७१० | ३००० | | २७००० IDA-PRSC | २७००० | P1 | १ |
| १७ | ४८-४-२७३ | सुर्खेत - रानीमत्ता - दैलेख | ७८७६ | ६००० | ० | ६००० | २००० | | ४००० IDA- | ४००० | P1 | १ |

| सि.नं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमको नाम | ०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को बजेट बिनियोजन | | | स्रोत | | | | प्राथमिकता संकेत | रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल जम्मा | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | ऋण | जम्मा | | |
| | | | | | | | | | PRSC | | | |
| १८ | ४८-३-२७५/४८-४-२७५ | जयपृथ्वी बहादुर सिंह मार्ग ( खोड्पे - बझाङ) | ११९७३ | २०००० | ३००० | १७००० | ३००० | | १७००० IDA-PRSC | १७००० | P1 | २ |
| १९ | ४८-३-२७७/४८-४-२७७ | साँफेबगर - मार्तडी | ३०४४१ | ३०००० | ४१७० | २५८३० | ५००० | | २५००० IDA-PRSC | २५००० | P1 | १ |
| २० | ४८-४-२७८ | साँफेबगर - मङ्गलसेन | ७८८० | १४००० | ० | १४००० | ५००० | | ९००० ADB-PSM | ९००० | P1 | १ |
| २१ | ४८-४-२८० | दशरथचन्द मार्ग (सतबाँझ - बैतडी - झुलाघाट) | १०००० | ७००० | ० | ७००० | २००० | | ५००० ADB-GRP | ५००० | P2 | २ |
| २२ | ४८-४-२८२ | गगटे - लब्धु - समुन्द्रटार - गल्फुभन्ज्याङ सडक (दोर्खु पुलसमेत) | ९९०० | १०००० | ० | १०००० | ३००० | | ७००० IDA-PRSC | ७००० | P3 | २ |
| २३ | ४८-४-२९९ | हुलाकी सडक | ७९३४ | १५००० | ० | १५००० | २००० | | १३००० ADB-GRP | १३००० | P2 | २ |
| २४ | ४८-४-३०२ | दमक - चिसापानी सडक | ७२०० | ६००० | ० | ६००० | ६००० | | | | P2 | २ |
| २५ | ४८-४-३१५ | चतरा - गाइघाट - कटारी | ४००० | ५००० | ० | ५००० | २००० | ३००० Japan-DRF | | ३००० | P2 | २ |
| २६ | ४८-४-३५८ | तल्लो डुङ्गेश्वर - सातखम्वा - दुल्लु - पिपलकोट - दैलेख | ७५०० | ७००० | ० | ७००० | ७००० | | | | P2 | २ |
| २७ | ४८-४-३६३ | कालाकाटी - गढवा - सिक्टा | ४९३१ | ५००० | ० | ५००० | ५००० | | | | P2 | २ |
| २८ | ४८-४-३६४ | देवस्थल कनैडाँडा - चौरजहारी - डोल्पा | ९९२१ | १३००० | ० | १३००० | २००० | | ११००० | ११००० | P2 | २ |

| सि.नं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमको नाम | ०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को बजेट बिनियोजन | | | स्रोत | | | | प्राथमिकता संकेत | रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल जम्मा | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | ऋण | जम्मा | | |
| | | | | | | | | | IDA-PRSC | | | |
| २९ | ४८-४-३६८ | गुमी - पाटीहाल्ना चौर ( सुर्खेत) | ३९४५ | ५००० | ० | ५००० | ५००० | | | | P2 | २ |
| ३० | ४८-४-३७५ | त्रिशुली - स्याप्रुवेशी - रसुवागढी | ११६५ | १५००० | ० | १५००० | ५००० | १०००० China | | १०००० | P1 | २ |
| ३१ | ४८-४-३७६ | टनकपुर लिङ्करोड | ० | १२००० | ० | १२००० | २००० | १०००० | | १०००० | P1 | १ |
| ३२ | ४८-४-३८६ | मुसिकोट - बुर्तिवाङ्ग | १२८४३ | २१००० | ० | २१००० | ४००० | | १७००० IDA-PRSC | १७००० | P2 | २ |
| ३३ | ४८-४-५०० | काठमाण्डौ उपत्यका सडक निर्माण तथा सुधार | ४५४८१ | ११६२०० | ० | ११६२०० | १०५०० | | १०५७०० IDA-PRSC | १०५७०० | P2 | १ |
| ३४ | ४८-३-५०३/४८-४-५०३ | काठमाडौं उपत्यका सडक बिस्तार आयोजना (क) गौशाला पशुपती क्षेत्र चावहिल (ख) कलङ्की चोक बिस्तार (ग) कमलपोखरी - गौशाला (घ) कोटेश्वर - सूर्यबिनायक | ० | २००००० | २५०० | १९७५०० | ८००० | | १९२००० IDA-PRSC | १९२००० | P2 | १ |
| ३५ | ४८-४-५५५ | विभिन्न सडक मर्मत तथा निर्माण सुधार | २८०००० | ४४०००० | ० | ४४०००० | ९५००० | ३०५००० Japan-DRF | ४०००० IDA-PRSC | ३४५००० | P1 | १ |
| ३६ | ४८-३-५५७/४८-४-५५७ | रोड मेन्टेनेन्स एण्ड डेभलपमेन्ट प्रोजेक्ट | ६०२३१७ | ७७४००० | ९५८५ | ७६४४१५ | १२०००० | | ६५४००० IDA | ६५४००० | P1 | १ |
| ३७ | ४८-३-५७५/४८-४-५७५ | अरनिको राजमार्ग मर्मत तथा सुधार आयोजना | ० | २०००० | ० | २०००० | ५००० | | १५००० | १५००० | P1 | १ |

| सि.नं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमको नाम | ०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को बजेट विनियोजन | | | स्रोत | | | | प्राथमिकता संकेत | रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल जम्मा | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | | अनुदान | ऋण | जम्मा | | |
| | | | | | | | | | IDA-PRSC | | | |
| ३८ | ४८-४-५७९ | वेसीशहर - चामे | १६२०५ | २१००० | ० | २१००० | ५००० | | १६००० IDA-PRSC | १६००० | P1 | १ |
| ३९ | ४८-४-५८२ | चकचके - लिवाङ्ग सडक ( पुलहरू तथा अन्य सडक) | १२००० | ७००० | ० | ७००० | ३००० | | ४००० IDA-PRSC | ४००० | P2 | २ |
| ४० | ४८-३-५८४/४८-४-५८४ | सडक सञ्जाल बिकास आयोजना - चौथो सडक सुधार | ८७३८५ | ८९३८४० | १४१९० | ८७९६५० | २३३८४० | १५०५५० UK-DFID | ५०९४५० ADB | ६६०००० | P1 | १ |
| ४१ | ४८-४-६५० | पुल निर्माण कार्यक्रम | ३८५००० | ७६७००० | ० | ७६७००० | ९१००० | २०५००० Japan-DRF | ४७१००० ADB-PSM | ६७६००० | P2 | १ |
| ४२ | ४८-४-६६० | पुल पुलेसा संरक्षण तथा मर्मत सम्भार | १४६२७ | २६००० | ० | २६००० | ४००० | | २२००० IDA-PRSC | २२००० | P2 | २ |
| ४३ | ४८-४-६६१ | सडक तथा पुलहरूको विस्तृत सम्भाव्यता अध्ययन | ४९१३ | ८००० | ० | ८००० | ८००० | | | | P1 | १ |
| ४४ | ४८-४-६६४ | मुआब्जा | १०५८०० | २०००० | ० | २०००० | २०००० | | | | P3 | १ |
| ४५ | ४८-३-६७०/४८-४-६७० | मेशीन मर्मत तथा सम्भार | ८५३० | १७००० | ० | १७००० | २५०० | | १४५०० IDA-PRSC | १४५०० | P1 | २ |
| ४६ | ४८-४-६७१ | यान्त्रिक उपकरण खरिद | ६४४८१ | ७५०० | ० | ७५०० | ३५०० | ४००० Japan-DRF | | ४००० | P2 | १ |
| ४७ | ४८-४-६७३ | सडक यातायात सुरक्षा,अतिक्रमण नियन्त्रण | ३३२५ | ७००० | ० | ७००० | ७००० | | | | P1 | ४ |

| सि.नं. | ब.उ.शी.नं. | आयोजना/कार्यक्रमको नाम | ०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को बजेट विनियोजन | | | स्रोत | | | | | प्राथमिकता संकेत | रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कुल जम्मा | चालु खर्च | पुँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | | |
| | | | | | | | | अनुदान | ऋण | जम्मा | | | |
| | | तथा सिमा सुरक्षा | | | | | | | | | | | |
| ४८ | ४८-४-६८१ | योजना, कार्यक्रम, अनुगमन, मूल्यांकन, भू-बातावरण अध्ययन तथा अन्य कार्यक्रमहरू | ४००० | ५००० | ० | ५००० | ५००० | | | | | P1 | ४ |
| ४९ | ४८-३-६९५/४८-४-६९५ | सडक बोर्ड | १००००० | ३६२८०० | १४८०० | ३४८००० | १२०००० | | २४२८०० IDA-PRSC | २४२८०० | | P2 | १ |
| | | जम्मा | ३७४४०९५ | ५३१२८४० | ९७३९५ | ५२१५४४५ | १०७७५५४ | ९८७५५० | ३२४७७३६ | ४२३५२८६ | | | |

## ३.२ सूचना तथा सञ्चार

सूचना तथा सञ्चार क्षेत्रमा भएको द्रुततर विकासले विश्वको सामाजिक तथा आर्थिक संरचनामा युगान्तकारी परिवर्तन ल्याएको छ। नेपालमा सूचना तथा सञ्चार प्रविधिको विकास र उपयोगको स्तर सिमित भए तापनि यसले राष्ट्रको सामाजिक तथा आर्थिक विकासमा गतिशीलता ल्याई बजार विविधीकरण गर्दै उच्च आर्थिक वृद्धि हासिल गर्न महत्वपूर्ण योगदान पुऱ्याउन सक्ने कुरा स्पष्ट भैसकेको छ।

श्री ५ को सरकारले लिएको आर्थिक उदारीकरणको नीति अनुरुप दूरसञ्चार क्षेत्रलाई उदार र प्रतिस्पर्धी बनाउँदै जाने अवधारणा लिई सोसम्बन्धी नीतिगत तथा कानूनी व्यवस्था गरी नियामक निकायका रुपमा नेपाल दूरसञ्चार प्राधिकरणको स्थापना गरिएपछि दूरसञ्चार सेवाहरुलाई क्रमशः निजी क्षेत्रको सहभागितामा सञ्चालन गराउन प्रारम्भ भैसकेको छ। सन् २००४ देखि अन्तर्देशीय र अन्तर्राष्ट्रिय दूरसञ्चार सेवा लगायतका सम्पूर्ण दूरसञ्चार सेवा प्रतिस्पर्धात्मक रुपमा सञ्चालन गर्ने नीतिगत प्रतिबद्धताअनुरुप तदनुकूल दूरसञ्चार नीति, २०६० श्री ५ सरकारले कार्यान्वयनमा ल्याएको छ।

आ.व. ०६१।६२ मा संचालन गरिने कार्यक्रमहरूको संख्या तथा बजेट प्राथमिकता क्रमका आधारमा निम्न अनुसार रहेको छ।

| आयोजना प्राथमिकता क्रम | संख्या | बजेट (हजारमा) | प्रतिशत |
|---|---|---|---|
| प्राथमिकता क्रम १ मा परेका | ६ | १,३०,१६,२६ | ९८.१ |
| प्राथमिकता क्रम २ मा परेका | ५ | २,५६,१० | १.९ |
| प्राथमिकता क्रम ३ मा परेका | ० | ०.० | ०.० |
| जम्मा | ११ | १,३२,७२,३६ | १००.० |

### १. सुरक्षण मुद्रण आयोजना : (६७-३-३००), (६७-४-३००)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५६।५७ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू.१,१०,०० हजार |
| **आयोजनाको प्रकृति :** सेवा/निर्माण | **श्रोत :** श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

सुरक्षण मुद्रण सम्बन्धी विभिन्न कार्यहरू स्वदेशमै मुद्रण गर्न सक्ने गरी सुरक्षण मुद्रणालयको विकास एवं विस्तार कार्य अन्तर्गत आ.व. ०६०।६१ मा सुरक्षण मुद्रण भवनमा स्यानिटरी, विद्युत्, सुरक्षण उपकरण जडान र जनशक्ति विकास सम्बन्धी कार्यहरू सम्पन्न भएको छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

सुरक्षण मुद्रण सम्बन्धी यन्त्र उपकरणहरू -अफसेट प्रेसका पार्टपुर्जा तथा आवश्यकता अनुसार अन्य उपकरणहरू) आपूर्ति गर्ने, जनशक्ति तयार गर्ने तथा कम्प्युटर खरिद कार्य सम्पन्न गरिनेछ।

**(ग) अपेक्षित उपलब्धि :**

सुरक्षण मुद्रण सम्बन्धी कार्य देश भित्रै सम्पन्न भई विदेशी मुद्राको बचत हुने र मुद्रित सामग्रीको उत्पादन लागत कम भई उत्पादकत्व बढ्नेछ।

### २. संचार सुदृढीकरण आयोजना : (६७-३-४१०), (६७-४-४१०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५६।५७ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागतः** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू.३,७०,०० हजार |
| **आयोजनाको प्रकृति :** उत्पादन/निर्माण | **श्रोत :** श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

सूचना तथा संचार मन्त्रालयको आफ्नै भवन निर्माण गरी फ्रिक्वेन्सी अनुगमनका उपकरण जडान गर्ने र मन्त्रालयबाट संपादन हुने नियमित कार्यलाई प्रभावकारी बनाउन नीतिगत अनुगमन तथा कार्यक्रम अनुगमन एवं मूल्यांकनको कार्य सम्पन्न गरेको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

भवन निर्माण कार्यलाई निरन्तरता दिने, सूचना तथा संचार क्षेत्रको परिचय पुस्तक, भिडीयो निर्माण, विकास आयोजना/कार्यक्रमको सुपरिवेक्षण अनुगमन तथा नीतिगत अध्ययन आदि कार्य गरिनेछन् ।

(ग) **अपेक्षित उपलब्धि :**

मन्त्रालयको आफ्नै भवन निर्माण सम्पन्न हुने, सूचना तथा संचार क्षेत्रको परिचय पुस्तक तथा भिडीयोको निर्माणबाट सूचना संप्रेषण तथा अनुगमन तथा मूल्यांकनबाट मातहतका आयोजना कार्यान्वयनमा प्रभावकारीता वृद्धि हुनेछ ।

३. **राष्ट्रिय समाचार समिति सुदृढीकरण आयोजना :** (६७-४-४२०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५४।५५ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू.१५,०० हजार |
| आयोजनाको प्रकृति : सेवा/उत्पादन | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

सूचना संकलन, सम्पादन र वितरणको लागि स्थापित राष्ट्रिय समाचार समितिले आधुनिक प्रविधिको प्रयोग गरी सेवालाई सुदृढ र प्रभावकारी बनाउन कम्प्यूटर मार्फत समाचार आदान प्रदान गर्ने कार्यलाई व्यवस्थित गर्न स्थापित नेटवर्क चालु राख्न नयाँ उपकरण खरिद कार्य सम्पन्न भएको छ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

कम्प्यूटर नेटवर्कबाट समाचार आदान प्रदान गर्ने र स्थापित कम्प्यूटर नेटवर्कलाई निरन्तरता दिन नयाँ प्रविधिका थप उपकरण (कम्प्यूटर तथा नेटवर्कका सामानहरू) खरिद गर्ने कार्य गरिनेछ ।

(ग) **अपेक्षित उपलब्धि :**

कम्प्यूटर नेटवर्क संचालनबाट समाचार संप्रेषण भई सूचना प्रवाहमा तिव्रता एवं गतिशीलता आउनेछ ।

४. **प्रेस सूचना सुदृढीकरण :** (६७-३-४३०), (६७-४-४३०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५४।५५ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू.५१,१० हजार |
| आयोजनाको प्रकृति : सेवा/उत्पादन | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

फोटो शाखा सुदृढीकरण, पत्रकार प्रशिक्षण तथा तालिम र अन्तरक्रिया जस्ता विभिन्न कार्यहरू संचालन गरिएका छन् ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

सूचना संप्रेषणकक्ष र सभाकक्ष सुदृढीकरण, पत्रकार अन्तरक्रिया तथा प्रशिक्षण, कर्मचारी प्रशिक्षण, सूचना सामग्री प्रकाशन तथा वितरण र सार्क सूचना केन्द्रको स्थापना गरिने कार्यहरू रहेका छन् ।

(ग) **अपेक्षित उपलब्धि :**

सूचना संप्रेषण कक्ष र सभाकक्ष सुदृढीकरण भई पत्रकारीता क्षेत्रको विकास भई जनसमक्ष स्पष्ट, निष्पक्ष एवं प्रभावकारी समाचार प्रवाहित हुनेछ ।

५. **दूरसञ्चार क्षेत्र सुधार आयोजना :** (६७-३-४५०), (६७-४-४५०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : १ मे २००२ | आयोजना सम्पन्न हुने मिति : १ मार्च २००७ |
| कूल लागत : रू. १,८९,७७,१५ हजार | आ.व. २०६१/६२ को बजेट : रू.९६,४६,२६ हजार |
| आयोजनाको प्रकृति : उत्पादन | श्रोत : श्री ५ को सरकार/IDA |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

दूरसञ्चार क्षेत्रलाई उदार र प्रतिस्पर्धी बनाई निजी क्षेत्रको सहभागिता समेत जुटाई यस क्षेत्रमा सबैको पहुँच सुलभ

बनाउने उद्देश्यका साथ दूरसञ्चार नीति, २०६० तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकिएको छ। पूर्वान्चल विकास क्षेत्रका टेलिफोन सेवा पुग्न बांकी ५३४ गा.वि.स हरूमा निजी क्षेत्रको सहभागितामा कम्तीमा दुई लाइन टेलिफोन सेवा पुऱ्याउने कार्यको लागि नेपाल दूरसञ्चार प्राधिकरणबाट कार्यारम्भ भईसकेको छ। यसको साथै परामर्शसेवातर्फ सूचना तथा संचार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरणमा गरी हालसम्म २ विषयमा परामर्श सेवा प्राप्तिको लागि छनौट प्रक्रिया अन्तिम चरणमा पुगेको छ ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

पूर्वाञ्चलका ५३४ गाविसमा ग्रामीण दूरसंचार सेवा पुऱ्याउन अनुदान दिने, सूचना तथा संचार प्रविधि केन्द्रको स्थापना, जनशक्ति विकास, स्पेक्ट्रम म्यानेजमेन्ट तथा मनिटरिङ्ग उपकरण खरिद, स्पेक्ट्रम अनुगमन केन्द्र स्थापनाको लागि जग्गा प्राप्ती जस्ता कार्य गरिनेछन् ।

**(ग) अपेक्षित उपलब्धि :**

पूर्वाञ्चलका ५३४ गाविसमा ग्रामीण दूर संचार सेवाको उपलब्धता, सूचना तथा प्रविधिको विकास एवं स्पेक्ट्रम अनुगमन केन्द्रको स्थापनाबाट संचार क्षेत्रको प्रभावकारी समन्वय तथा विकास हुँदै जानेछ ।

## ६. प्रेस काउन्सील सुदृढीकरण (मिडीया विकास कोष समेत) : (६७-४-४६०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५४।५५ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू.३०,०० हजार |
| **आयोजनाको प्रकृति :** उत्पादन/अनुसन्धान | **श्रोत :** श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

पत्रकारिता जगतको प्रतिस्पर्धात्मक विकास हुने वातावरण बनाउन सरकारी र निजी क्षेत्रको संलग्नतामा प्रेस काउन्सीलको सुदृढीकरण गर्न पत्रकारिता सम्वन्धी अध्ययन अनुसन्धान, पत्रकारिता सुरक्षण तथा मिडीया विकास कोष सम्बन्धी कार्यहरू सम्पन्न भएका छन् ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

पत्र पत्रिका सम्बन्धी अध्ययन तथा अनुसन्धान कार्यक्रम, सि.डी.रोममा पत्र-पत्रिका सुरक्षण तथा प्रकाशन र मिडीया विकास कोष तथा भवन निर्माण सम्बन्धी कार्यहरू संचालन गरिनेछन् ।

**(ग) अपेक्षित उपलब्धि :**

पत्र पत्रिका अध्ययन तथा अनुसन्धानबाट यस क्षेत्रका कमी कमजोरी तथा सबल पक्षको पहिचान हुनेछ। पत्र पत्रिकाको सुरक्षण कार्यबाट यस सम्बन्धी अध्ययन तथा अनुसन्धानमा योगदान पुग्नेछ ।

## ७. रेडियो प्रसार सेवा विकास समिति : (६७-३-४७०), (६७-४-४७०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५५।५६ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू.५,००,०० हजार |
| **आयोजनाको प्रकृति :** सेवा | **श्रोत :** श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

राष्ट्रिय प्रशारण संस्थाको रूपमा रहेको रेडियो नेपालको प्रशारण सेवा अधिराज्यभर पुऱ्याई राष्ट्रको विकासमा अनुकूल जनमत एवं सहभागिता वृद्धि गर्न रेडियो नेपालको मौजुदा प्रशारण प्रणालीमा सुधार र थप रिले केन्द्र स्थापनाद्वारा अधिराज्यभर प्रशारण सेवा विस्तार गर्न हुम्ला, दाङ र ईलाममा एफ.एम.रिले केन्द्र स्थापना कार्य पुरा भएको छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

मौजुदा रेडियो प्रशारण प्रणालीको सुधार गर्न आवश्यक पर्ने उपकरण खरिद तथा जडान गर्ने तथा बारा र रूपन्देहीमा क्षतीग्रस्त एफ.एम.रिले केन्द्रलाई मर्मत संभार गरी पुनः संचालन गरिने कार्यक्रम रहेको छ ।

**(ग) अपेक्षित उपलब्धि :**

रेडियो प्रशारण प्रणालीको सुधारबाट रेडियो नेपालको प्रशारण क्षमतामा विस्तार भई यसको पहुँच अधिराज्यका अधिकांश क्षेत्रमा तथा छिमेकी मुलुकहरूमा समेत पुग्नेछ ।

८. **हुलाक सुदृढीकरण आयोजना :** (६७-३-५१०), (६७-४-५१०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५४।५५ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू.१,००,०० हजार |
| **आयोजनाको प्रकृति :** सेवा सुदृढीकरण | **श्रोत :** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

हुलाक सेवाको पूर्वाधार विकास र संस्थागत क्षमता अभिवृद्धि एवं सेवको सुदृढीकरण र प्रभावकारीताको लागि सार्वजनिक निर्माण सुधार तथा विस्तार सम्बन्धी कार्य सम्पन्न भएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

हुलाक सेवा सचेतना कार्यक्रम, कार्यशाला र तालिम, परामर्श तथा अन्य सेवा, सार्वजनिक निर्माण सुधार, अनुगमन सुपरिवेक्षण कार्यक्रम, जग्गा खरिद, सफ्टवेयर निर्माण आदि कार्य संचालन गरिनेछन्।

(ग) **अपेक्षित उपलब्धि :**

हुलाक कार्यालयहरूको मर्मत सुधार, अनुगमन तथा मूल्यांकन र तालिम कार्यबाट कार्यालयको पर्यावरण सुदृढ भई हुलाक सेवाको गुणस्तरमा वृद्धि हुनेछ।

९. **चक्रकोष (हुलाक) :** (६७-३-५५०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५४।५५ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू.५० लाख |
| **आयोजनाको प्रकृति :** सेवा | **श्रोत :** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

हुलाक सेवा विभागले संचालन गर्दै आएको धनादेश सेवालाई थप मित्र राष्ट्रहरूमा विस्तार गरी सेवाको प्रभावकारीता अभिवृद्धि गर्न र धनादेश भुक्तानीलाई दिगो र भरपर्दो बनाउनकालागि चक्रकोषमा रू. ५० लाख वृद्धि गरिएको छ। यो सेवा हाल भारत, कतार, जोर्डन र थाईल्याण्डसंग संचालित रहेको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

हुलाकको धनादेश भुक्तानी चक्रकोषमा रू. ५० लाख रकम वृद्धि गरी धनादेश सेवा संचालनका लागि थप राष्ट्रहरूसंग सहमति तथा संझौताको प्रक्रियालाई अन्तिमरूप दिई यो सेवा संचालन गरिनेछ। यसरी थप हुने राष्ट्रहरूमा संयुक्त राज्य अमेरिका, हङकङ (चिन), सिङ्गापुर, मलेशिया, साउदी अरेबिया, संयुक्त अरब ईमिरेट्स, दक्षिण कोरिया र जापान रहेका छन्।

(ग) **अपेक्षित उपलब्धि :**

हाल धनादेश सेवा संचालित चार मुलुकका अलावा थप मुलुकसंगको सेवा आदान प्रदानबाट त्यस्ता मुलुकमा बस्ने नेपालीहरूलाई आफ्नो आम्दानी नेपाल पठाउन सजिलो पर्नेछ।

१० **पूर्वपश्चिम राजमार्ग अप्टिकल फाईबर आयोजना :** (८७-४-५२०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५९ श्रावण १ गते | **आयोजना सम्पन्न हुने मिति :** २०६२ आषाढ मसान्त |
| **कूल लागत :** रू. १,३४,४०,०० हजार | **आ.व. २०६१/६२ को बजेट :** रू.२०,५०,०० हजार |
| **आयोजनाको प्रकृति :** निर्माण | **श्रोत :** भारत |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

दूरसंचारको आधारभूत सेवाको लागि पूर्वाधार मानिएको Information Super Highway तयार गर्न भारत सरकारको रू. ६० करोड अनुदान सहयोगमा Turn Key Project को रूपमा संचालित यस आयोजनाबाट उपकरण आपूर्ति तथा अप्टिकल फाईबर बिछ्याउने कार्य करिब ९० प्रतिशत पुरा भएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

पूर्व पश्चिम राजमार्गको बाँकी भागमा अप्टिकल फाईबर उपकरण जडान, भवन निर्माण एवं सेल्टर निर्माण कार्यहरू रहेका

छन् ।

(ग) अपेक्षित उपलब्धि :

प्रस्तुत आयोजना पूरा भएपछि ईन्टरनेट, ईमेल सेवा छिटो छरितो हुने र सूचना प्रविधिका अन्य क्षेत्रमा तिव्रता तथा गतिशीलता आई समग्र आर्थिक विकासमा योगदान पुग्नेछ ।

११. नेपाल टेलिभिजन : (८७-४-५२१)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५५।५६ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कुल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू.३,५०,०० हजार |
| आयोजनाको प्रकृति : सेवा/निर्माण | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

नेपाल टेलिभिजनको प्रशारण पहुँच अधिराज्यभर विस्तार गरी सूचनामूलक एवं शिक्षामूलक र मनोरन्जन प्रदान कार्यक्रमद्वारा आर्थिक तथा सामाजिक क्रियाकलापमा जनताको सहभागिता वृद्धि गर्न नेपाल टेलिभिजनले जुनसुकै ठाउँबाट पनि प्रत्यक्ष प्रशारण गर्ने क्षमता अभिवृद्धिका लागि Digital Satelite News Gathering (DSNG) उपकरणको आपूर्ति कार्य सम्पन्न भएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

स्याटेलाईट प्रविधिद्वारा प्रशारण सिग्नल विश्वभर विस्तार गर्दै लैजान अर्थ स्टेशन स्थापना गर्ने तथा अधिराज्यभर प्रशारण सिगनल निशुल्करूपमा पुऱ्याउने क्रममा बैतडी, रामेछाप, नाम्चेबजार, मुस्ताङ्ग, हुम्ला, दैलेख, सल्यान र बाग्लुङ्ग गरी ८ स्थानमा Low Power Transmiter (LPT) को स्थापना गरी प्रशारण पहुँचलाई विस्तार गर्ने कार्य रहेको छ ।

(ग) अपेक्षित उपलब्धि :

अधिराज्यका थप ८ जिल्लामा प्रशारण सिग्नल सहजरूपमा उपलब्ध हुने र अन्तर्राष्ट्रियरूपमा ५० भन्दा बढी मुलुकमा नेपाल टेलिभिजनको पहुँच पुग्न जाने र नेपाल सम्बन्धी सूचनाहरूको प्रचार प्रसार भई राष्ट्रिय प्रतिष्ठामा अभिवृद्धि हुनेछ ।

## सूचना तथा संचार क्षेत्र अन्तरगत आ.व. २०६१।६२ मा संचालन गरिने कार्यक्रम तथा बजेट

(रू.हजारमा)

| क्र.सं. | आयोजना/कार्यक्रम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | श्रोत | | | प्राथमिकता क्रम | रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पुँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| १ | सुरक्षण मुद्रण आयोजना ६७-४-३००/६७-४-३०० | १९८५६ | ११००० | ५५० | १०४५० | ११००० | ० | ० | P2 | ०२ |
| २ | संचार सुदृढीकरण आयोजना ६७-३-४१०/६७-४-४१० | २०७११ | ३७००० | १६७५ | ३५३२५ | ३७००० | ० | ० | P1 | ०४ |
| ३ | राष्ट्रिय समाचार समिति सुदृढीकरण आयोजना ६७-४-४२० | १०८७ | १५०० | ० | १५०० | १५०० | ० | ० | P2 | ०४ |
| ४ | प्रेस सूचना सुदृढीकरण ६७-३-४३०/६७-४-४३० | ६१०६ | ५११० | १९९५ | ३११५ | ५११० | ० | ० | P2 | ०४ |
| ५ | दूर संचार क्षेत्र सुधार आयोजना ६७-३-४५०/६७-४-४५० | ४५६४०० | ९६४६२६ | १०१२१५ | ८६३४११ | २७२४४ | ० | ९३७३८२ IDA | P1 | ०१ |
| ६ | प्रेस काउन्सील (मिडीया विकास कोष समेत) ६७-४-४६० | ११८२ | ३००० | ० | ३००० | ३००० | ० | ० | P2 | ०४ |
| ७ | रेडियो प्रसार सेवा विकास समिति ६७-३-४७०/६७-४-४७० | २३४४४ | ५०००० | ३०००० | २०००० | ५०००० | ० | ० | P1 | ०४ |
| ८ | हुलाक सुदृढीकरण आयोजना ६७-३-५१०/६७-४-५१० | ८५२० | १०००० | ३८०० | ६२०० | १०००० | ० | ० | P1 | ०४ |
| ९ | चक्र कोष (हुलाक) ६७-३-५५० | ४८३१ | ५००० | ५००० | ० | ५००० | ० | ० | P2 | ०१ |
| १० | पूर्व पश्चिम राजमार्ग अप्टिकल फाईबर आयोजना ८७-४-५२० | ५६०००० | २०५००० | ० | २०५००० | ० | २०५००० INDIA | ० | P1 | ०१ |
| ११ | नेपाल टेलिभिजन ८७-४-५२१ | २४०५० | ३५००० | ० | ३५००० | ३५००० | ० | ० | P1 | ०१ |
| | जम्मा | ११२६९८७ | १३२७२३६ | १४४२३५ | ११८३००१ | १८४८५४ | २०५००० | ९३७३८२ | | |

# ४. उद्योग, खानी, विद्युत् तथा अन्य आर्थिक

## ४.१ उद्योग तथा खानी

औधोगिक विकासको माध्यमवाट उत्पादन तथा आय बृद्धि, रोजगारी श्रृजना, निर्यात तथा विदेशी मुद्रा आर्जन बृद्धि र गरिवी निवारणमा योगदान पुऱ्याउने उद्धेश्य राखी श्री ५ को सरकारले उधोग क्षेत्रको विकासलाई प्राथमिकता प्रदान गर्दै आएको छ ।

नेपालका खनिज, पेट्रोलियम पद्धार्थ लगायतका प्राकृतिक श्रोत साधनको उत्खनन र विकास कार्यका लागि विगत वर्षहरू देखि नै विविध विकास कार्यक्रमहरू संचालन गरिदैं आएको छ । साथै उधोग, व्यवसायमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न उधोग, व्यापार, लगानी सम्वन्धी ऐन, कानुन एवं नीतिहरूलाई उदार तथा लगानीमैत्री बनाउने प्रयास भैरहेको छ भने नीजि क्षेत्रको प्रतिस्पर्धात्मक क्षमता विकासको लागि विभिन्न प्रयासहरू हुदै आएका छन् । घरेलु तथा साना उधोग प्रवर्द्धन कार्यक्रम अन्तर्गत जिल्लास्थित कार्यालयहरूवाट शीपविकास तालीम र उधमशिलता विकास प्रशिक्षण प्रदान गरी रोजगार र स्वरोजगारका अवसरहरू श्रृजना गरीएका छन ।

आ. व. २०६१।६२ मा उधोग तथा खानी क्षेत्रमा संचालित नियमित कार्य प्रकृतिको औधोगिक तथ्यांक प्रणाली सुधार तथा अनुगमन आयोजनालाई साधारण बजेट तर्फ स्थानान्तरण गरिएको छ ।

आ. व. २०६१।६२ मा उधोग तथा खानी क्षेत्रमा संचालन हुने प्राथमिकताक्रम अनुसारको विकास कार्यक्रम/आयोजनाहरूका संख्या तथा विनियोजित बजेटको विवरण यस प्रकार छ ।

रू. हजारमा

| प्राथमिकता | आयोजना संख्या | आ. व. २०६१।६२ को वजेट | कुल बजेटको प्रतिशत |
|---|---|---|---|
| P1 | ५ | २१७२७९ | ५२.५ |
| P2 | ७ | १९६१८० | ४७.५ |
| P3 | | | |
| जम्मा: | १२ | ४१३४५९ | १००.० |

आ.व. २०६१/६२ मा उधोग तथा खानी क्षेत्रमा निम्न कार्यक्रम/आयोजनाहरू संचालन गरिने छन् ।

### १. वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (३८-३-२५२/३८-४-२५२)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना सुरू मिति :** वि.सं. २०५६ आश्विन
**कुल लागत :** रू.१,७७,४,०० हजार
**श्रोत :** श्री ५ को सरकारको रू. २०,०० हजार र डेनीस सरकारको अनुदान रू. १६,००,०० हजार

**आयोजना संपन्न हुने मिति :** वि.सं. २०६२ आषाढ (संसोधित)
**आ.व.२०६१/६२ को वजेट :** रू. १६,२०,०० हजार
**आयोजनाको प्रकृति :** वातावरण संरक्षण र विकास

**(क) आ.व.२०६०/६१ को प्रगति**

डेनिस सरकारको अनुदान सहयोगमा संचालित यस आयोजना अन्तर्गत वातावरणिय व्यवस्थापन प्रतिष्ठान स्थापना भइ वातावरण सम्वन्धि तालीम संचालन, उद्योगहरूमा स्वच्छ उत्पादन (वालाजु तथा हेटौडा औद्योगिक क्षेत्रमा), काठमाण्डौ उपत्यकाको वायूको गुणस्तर सुधार, हेटौडा औद्योगिक क्षेत्रमा प्रदुषित पानी उपचार संयत्र संचालन जस्ता कार्यहरू संपादन भएका छन् । साथै यस आयोजनावाट उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालयको संस्थागत सुदृढिकरणको कार्य पनि संचालन भएको छ ।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

यस आयोजना अन्तरगत वातावरण व्यवस्थापन प्रतिष्ठान, उद्योगहरूमा स्वच्छ उत्पादन कार्यक्रम (६० उद्योग), ऊर्जा अडिट कार्य (१०० वटा), हेटौडा औद्योगिक क्षेत्रमा प्रदुषित पानी उपचार संयत्र निर्माण र संचालन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालयको संस्थागत सुदृढिकरण, काठमाण्डौ उपत्यकाको वायुको गुणस्तर व्यवस्थापन सम्वन्धी कार्यहरू संचालन गरिनेछ ।

**(ग) अपेक्षित उपलब्धि**

यस आयोजनावाट वातावरण सम्वन्धी जनचेतना अभिवृद्धि, वालाजु तथा हेटौडा औद्योगिक क्षेत्रमा स्वच्छ उत्पादन

लागु हुने, हेटौडा औद्योगिक क्षेत्रमा प्रदुषित पानी उपचार संयत्र संचालनमा आउने, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, जनसंख्या तथा वातावरण मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालयको संस्थागत सुधार भई वातावरण र औधोगिक विकासको पारस्पिरिक सम्वन्ध सुदृढ हुने अपेक्षा गरिएको छ।

### २. खनिज अन्वेषण तथा विकास आयोजना (३८-३-३०१/३८-४-३०१)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** वि. सं. २०३३ | **आयोजना संपन्न हुने मिति :** सालवसाली |
| **आ.व.२०६१/६२ को वजेट :** रू.२०,२५ हजार | **आयोजनाको प्रकृति :** अन्वेषण तथा विकास |
| **श्रोत :** श्री ५ को सरकारको रू. १२,०० हजार र Japan DRF (अनुदान) रू. ८,२५ हजार | |

**(क) आ.व.२०६०/६१ को प्रगति**

देश भित्र सम्भावित खनिज पदार्थहरूको अन्वेषण, उत्खनन गर्ने र खनिजजन्य उद्योगहरूको प्रवर्द्धन गरी मूलुकका औद्योगिकिरण र आर्थिक विकासमा टेवा पुर्‍याउने उद्धेश्यवाट खानी तथा भूगर्भ विभाग अन्तरगत यो आयोजना संचालन भै रहेको छ।

आ.व. २०६०/६१ मा यस आयोजनावाट खानीहरूको वातावरणीय अनुगमन (अधिराज्यभर), सल्यान र धनकुटामा खानीजन्य उद्योग प्रवर्द्धन, मकवानपुर लगायतका जिल्लाहरूमा पोलिष्ट/डाईमेन्सनस्टोन अन्वेषण, काठमाडौं ग्यासवेल संचालन, मर्मत तथा अनुगमन कार्य सम्पादन भएका छन्।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

यस आयोजना अन्तरगत खानीहरूको वातावरणीय अनुगमन (अधिराज्यभर), उदयपुर, वैतडी र रोल्पामाखानीजन्य उधोग (सिमेन्ट, ग्रेड चुनढुंङ्गा) प्रवर्द्धन, पोलिस्ड/डाइमेन्सनस्टोन अन्वेषण (मकवानपुर, काभ्रे, ललितपुर, उदयपुर, सिन्धुली), काठमाडौं ग्याँसवेल संचालन जस्ता कार्यहरू संचालन गरिनेछ।

**(ग) अपेक्षित उपलब्धि**

यस आयोजनावाट खनिज पदार्थहरूको अन्वेषण, उत्खनन र खनिजजन्य उद्योगहरूको प्रवर्द्धन भई आयात प्रतिस्थापनमा समेत सहयोग पुग्न जानेछ।

### ३. पेट्रोलियम अन्वेषण परियोजना (३८-३-३०२/३८-४-३०२)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति : वि. सं. २०३९ जेठ** | **आयोजना संपन्न हुने मिति :** सालवसाली |
| **आ.व.२०६१/६२ को वजेट : रू.४८,७० हजार** | **आयोजनाको प्रकृति :** अन्वेषण र विकास |
| **श्रोत :** श्री ५ को सरकारको रू. २७,७० हजार र Netherlands Shell Co. (अनुदान) रू. २१,०० हजार | |

**(क) आ.व.२०६०/६१ को प्रगति**

नेपाल अधिराज्यभर रहेका पेट्रोलियम पदार्थहरूको अन्वेषण र प्रवर्द्धन गर्ने उद्धेश्यवाट संचालित यस आयोजनाले ग्राभिटी सर्वेक्षण, जियोलजिकल सेक्सन मेजरमेन्ट, पेट्रोजियोलजिकल स्याम्पलिङ्ग, नक्सा प्रकाशन गर्ने कार्य संपादन गरको छ। यस आयोजनावाट आ.व. २०६०/६१ मा ८० ला.कि.मि. ग्राभिटी सर्वेक्षण, ४० कि.मि. जियोलोजिकल सेक्सन मेजरमेन्ट, ४० कि.मि. पेट्रोजियोकेमिकल स्याम्पलिङ्ग, ५००० व.कि.मि. नक्सा प्रकाशन गर्ने कार्य संचालन भएको छ।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

यस आयोजना अन्तरगत ग्राभिटी सर्वेक्षण/डाटा प्रोसेसिङ्ग (४० ला. कि. मि.), जियोलजिकल सेक्सन मेजरमेन्ट ( ४० कि. मि.), नक्सा प्रकाशन/तालीम (५००० व. कि. मि.), प्रवर्द्धन मनिटरिङ्ग कार्यहरू संचालन गरिने छन।

**(ग) अपेक्षित उपलब्धि**

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक प्रतिफल हासिल भै नेपालमा रहेका विभिन्न प्रकारका पेट्रोलियम पदार्थहरूको अन्वेषण, उत्पादन र प्रवर्द्धन हुने अपेक्षा गरिएको छ।

## ४. भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना (३८-३-३०४/३८-४-३०४)

**आयोजनाको संक्षिप्त विवरण**

आयोजना सुरू मिति : वि. सं. २०३३
आ.व.२०६१/६२ को बजेट :रू. १९,०१ हजार
श्रोत : श्री ५ को सरकारको रू. १०,५१ हजार
र Japan DRF (अनुदान)
रू. ८,५० हजार

आयोजना संपन्न हुने मिति : सालबसाली
आयोजनाको प्रकृति : अनुसन्धान मूलक

### (क) आ.व.२०६०/६१ को प्रगति

भू-वैज्ञानिक सर्वेक्षण र अनुसन्धान गरी भौतिक पूर्वाधार निर्माण र शहरी क्षेत्रको विकास तथा निर्माण कार्यमा सहयोग पुऱ्याई भूगर्भिय जोखिम कम गराउने उद्धेश्यवाट खानी तथा भूगर्भ विभाग अन्तरगत यो आयोजना संचालन भै रहेको छ। आ.व. २०६०/६१ मा यस आयोजनावाट भौगर्भिक नक्सा प्रकाशन, भैरहवा र लुम्बिनिमा भू-इन्जिनियरिंग तथा भू-वातावरणीय अन्वेषण, आकस्मिक भौगर्भिक अध्ययन कार्य सम्पादन भएका छन्।

### (ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस आयोजना अन्तर्गत भौगर्भिक रंगिन नक्सा प्रकाशन (२ सिट), भौगर्भिक सेक्सन एनुअल रिपोर्ट प्रकाशन, इन्जिनियरिङ्ग जियोलोजी (१०० ब.कि.मि), शहरी तथा वातावरणीय जियोलोजी (१०० ब.कि.मि), जियोहजार्ड एसेसमेन्ट (१०० ब.कि.मि), रिमोट सेन्सिङ्ग तथा न्ध्क, जियोटेक्निकल ल्याव संचालन तथा संभार कार्यहरू संपादन गरिनेछ।

### (ग) अपेक्षित उपलब्धि

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक प्रतिफल प्राप्त भै भूगर्भिय जोखिम न्यून गराई भौतिक पूर्वाधार निर्माण, शहरी क्षेत्रको विकासमा सहयोग पुग्न जाने अपेक्षा गरिएको छ।

## ५. राष्ट्रिय भूकम्प मापन केन्द्र संचालन आयोजना (३८-३-३०५/३८-४-३०५)

**आयोजनाको संक्षिप्त विवरण**

आयोजना सुरू मिति : वि. सं. २०३५ कार्तिक
आ.व.२०६१/६२ को बजेट : रू. ३३, ६४ हजार
श्रोत : श्री ५ को सरकारको रू. २५,५४ हजार
र Japan DRF (अनुदान)
रू. ८,१० हजार

आयोजना संपन्न हुने मिति : सालबसाली
आयोजनाको प्रकृति : अनुसन्धान तथा विकास

### (क) आ.व.२०६०/६१ को प्रगति

यस आयोजनाले भूकम्पका श्रोतहरू पहिचान तथा प्रकोपको विस्तृत मूल्यांकन गरी भूकम्पवाट हुने धनजनको क्षतिलाई न्यून गराउन सिस्मिक हजार्ड नक्शा प्रकाशन गर्ने लगायतका विभिन्न कार्यहरू संपादन गर्दै आएको छ। यस आयोजना संचालनमा वि. सं. २०३५ देखि नै फ्रान्स सरकारको म्बभ वाट प्राविधिक सहयोग प्राप्त हुँदै आएको छ। आ.व. २०६१/६२ मा यस आयोजनावाट काठमाडौंमा राष्ट्रिय भूकम्प मापन केन्द्र संचालन, विरेन्द्रनगरमा भूकम्पमापन केन्द्र संचालन र कैलालीमा प्यालियो सिस्मिसिटी प्रारम्भिक अध्ययन कार्य संचालन भएको छ।

### (ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस आयोजना अन्तरगत काठमाडौंमा राष्ट्रिय भूकम्प मापन केन्द्र संचालन (३२८५ स्टेशन दिन), विरेन्द्रनगर भूकम्प मापन केन्द्र संचालन (२१९० स्टेशन दिन) र कैलालीमा प्यालियो सिस्मिसिटी प्रारम्भिक अध्ययन कार्य। ५० व.कि.मि.) संचालन गरिनेछ।

### (ग) अपेक्षित उपलब्धि

यस आयोजनावाट भूकम्पका श्रोतहरू पहिचान, मूल्यांकन भई भूकम्पवाट हुने धनजनको क्षतिलाई न्यून गराउन मद्दत पुग्न जाने अपेक्षा गरिएको छ। साथै यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक उपलब्धि हासिल भै भुकम्पीय दृष्टिकोणवाट आवास क्षेत्र, औधोगिक क्षेत्र, शहरी क्षेत्रको सुरक्षित विकास र विस्तार गर्न महत्वपूर्ण सुचना प्राप्त हुन जाने अपेक्षा गरिएको छ।

## ६. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (३८-३-४०४/३८-४-४०४)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५३ कार्तिक १९ | **आयोजना संपन्न हुने मिति :** सालवसाली |
| **आ.व.२०६१/६२ को वजेट :**रू. १,११,४५ हजार । | **आयोजनाको प्रकृति :** सेवा मूलक |
| **श्रोत :** श्री ५ को सरकार | |

### (क) आ.व.२०६०/६१ को प्रगति

यस आयोजनाले औद्योगिक विकासका लागि उद्यमशिलता विकास, तालीम, प्रशिक्षक प्रशिक्षण, लघु व्यवसाय विस्तार तथा विकास, औद्योगिक प्रविधि विकास सम्बन्धी कार्यहरू संचालन गर्दै आएको छ । यस प्रतिष्ठान अन्तरगत चितवन, कास्की र बाँकेमा रहेका कार्यालयहरूवाट समेत विभिन्न उधमशिल तालीम कार्यक्रमहरू संचालन गरी आएका छन् । आ.व. २०६०/६१ मा यस आयोजनावाट नयाँ व्यवसाय सिर्जना तालिम, प्रशिक्षक प्रशिक्षण तालिम, लघु व्यवसाय सिर्जना कार्यक्रम, व्यवसायिक संभाव्यता तथा सामाजिक आर्थिक अध्ययन, मेटल उद्योगको उत्पादकत्व बृद्धि तालिम, प्रविधि सूचना संकलन तथा वितरण कार्यहरू सम्पादन भएका छन् ।

### (ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस आयोजनावाट आ.व. २०६१/६२ मा लघु व्यवसाय श्रृजना कार्यक्रम (२१० जना), प्रशिक्षक प्रशिक्षण तालीम (१०० जना), साना, घरेलु तथा लघु व्यवसायीलाई परामर्श शेवा (७५ वटा), व्यवसाय व्यवस्थापन कार्यक्रम (१० वटा), जनशक्ति विकास कार्यक्रम (४ जना), लैंगिक समानता सम्बन्धी कार्यक्रम (२ वटा), औद्योगिक प्रविधि प्रदर्शन अवलोकन अध्ययन भ्रमण (१ पटक), लघु तथा साना उद्योगहरूको लागि प्रविधि सुधार कार्यक्रम (३ वटा) जस्ता कार्यहरू संचालन हुनेछन् । साथै यस आ.व.मा नारायणघाट, चितवनमा प्रतिष्ठानको कार्यालय भवन निर्माण गर्ने कार्यक्रम रहेको छ ।

### (ग) अपेक्षित उपलब्धि

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक प्रतिफल हासिल भै लघु व्यवसाय श्रृजना, प्रशिक्षक प्रशिक्षण तालीम, साना घरेलु तथा लघु व्यवसायीलाई परामर्श शेवा तथा प्रविधि सुधार, जनशक्ति विकास कार्यक्रम संचालन गरी मुलकको दिगो औधोगिक बिकासमा टेवा पुग्न जाने अपेक्षा गरिएको छ ।

## ७. घरेलु तथा साना उद्योग विकास समिति, केन्द्र (३८-३-४०६/३८-४-४०६)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** वि. सं. २०४९ | **आयोजना संपन्न हुने मिति :** सालवसाली |
| **आ.व.२०६१/६२ को वजेट :**रू. २,२०,९२ हजार | **आयोजनाको प्रकृति :** सेवामूलक |
| **श्रोत:** श्री ५ को सरकार | |

### (क) आ.व.२०६०/६१ को प्रगति

घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन र विकासका लागि शीप विकास तालीम, व्यवसाय तालीम तथा उद्यमशिलता विकास तालीम प्रदान गर्न (४८ जिल्लामा) स्थापित यस केन्द्रले सालवसाली रूपमा बिभिन्न प्रशिक्षण तथा परामर्श सेवा सम्वन्धी कार्यहरू संचालन गर्दै आएको छ । आ.व. २०६०/६१ मा यस आयोजनाले घरेलु तथा साना उद्योग संचालन गर्न प्राविधिक र परामर्श सेवा प्रदान, तालीम कार्यक्रमको अनुगमन मूल्यांकन, राष्ट्रिय स्तरको औद्योगिक प्रर्दशनी संचालन, ओद्योगिक भ्रमण, वस्तु विकास तथा प्रशिक्षण, होटल व्यवस्थापन तालिम, मोटरसाईकल तालिम, रिफ्रेसर तालीम, महिला उद्यमी विकास तालिम आदि कार्यहरू संपादन गरेको छ ।

### (ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस केन्द्र अन्तर्गत परामर्श तथा प्रवर्द्धन सेवा (३० पटक), अनुगमन/अन्तरक्रिया/अध्ययन, औद्योगिक प्रदर्शनी तथा उत्कृष्ट उद्यमी पुरस्कार (१ पटक), ४८ जिल्लाका कार्यालय प्रमुखलाई गोष्ठी/अन्तरक्रिया कार्यक्रम (२ पटक), औद्योगिक भवन, रेडियो टिभि कार्यक्रम, बजारयोग्य बस्तुको नमूना संकलन, विकास तथा वितरण, वस्तु विकास तथा प्रशिक्षण (ढाका,बाँस निगालो), सहभागितामूलक तालीम (१५० जना), जिल्लास्थित समिति कार्यालयमरूवाट माग भए बमोजिमका विविध तालीम (१८० जना), रिफ्रेसर तालीम (५० जना), महिला उद्यमी विकास कार्यक्रम संचालन गरिनेछ ।

### (ग) अपेक्षित उपलब्धि

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक उपलब्धि हासिल भै घरेलु तथा साना उधोगको विकास, रोजगार तथा स्वरोजगारका अवसरहरूको सिर्जना भई गरिबि निवारणमा टेवा पुग्न जानेछ ।

८. घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र (३८-३-४०७)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना सुरू मिति : आ. व. २०४९/५०**
**आ.व.२०६१/६२ को वजेट :** रू १,८६,०० हजार
**श्रोत:** श्री ५ को सरकारको रू.१,१५,०० हजार
र Japan DRF (अनुदान)
रू. ७१,०० हजार

**आयोजना संपन्न हुने मिति :** सालवसाली
**आयोजनाको प्रकृति :** सेवामूलक

(क) **आ.व.२०६०/६१ को प्रगति**

घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्रवाट विगत वर्षहरू देखि साधारण र उच्च स्तरीय सीप विकास तालीम प्रदान गर्दै आएको छ। हाते कागज तालीम, तयारी पोशाक तालीम, सेरामिक्स तालीम तथा छालावस्तु प्रवर्द्धन तालीम यस केन्द्रका मुख्य तालीम कार्यक्रमहरू हुन। आ.व. ०६०/६१ मा यस आयोजनाबाट सीप विकास तालिम, सहभागितामूलक सीप विकास तालिम, उद्यमशिलता विकास तालिम, जनसंख्या तालिम, हाते कागज तालिम, छालावस्तु तालिम, सेरामिक्स तालिम, तयारी पोशाक सिलाई तालिम कार्यक्रम संचालन गरिएको छ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

आ.व. २०६१/६२ मा घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र अन्तरगत सीप विकास तालीम : साधारण र एडभान्स (४८५ जना), सहभागितामूलक सीप विकास तालीम (६०० जना) उद्यमशिलता विकास तालीम (१५० जना), हाते कागज सम्वन्धी तालीम (१०० जना), छालावस्तु प्रवर्द्धन तालीम (७० जना), तयारी पोसाक सम्बन्धी तालीम (२०० जना), सेरामिक्स प्रवर्द्धन तालीम (८० जना), मेला प्रदर्शनी (२ पटक), जस्ता कार्यहरू संचालित हुनेछन्।

(ग) **अपेक्षित उपलब्धि**

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक प्रतिफल हांसिल भै घरेलु तथा साना उधोगको विकास, रोजगार तथा स्वरोजगारका अवसरहरूको सिर्जना र आय आर्जनमा वृद्धि भै गरिवी निवारणमा सहयोग पुग्न जानेछ।

९. नेपाल गुणस्तर तथा नापतौल आयोजना (३८-३-५००/३८-४-५००)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना सुरू मिति :** वि. स. २०४४
**आ.व.२०६१/६२ को वजेट** रू. १,०८,७५ हजार।
**श्रोत:** श्री ५ को सरकार

**आयोजना संपन्न हुने मिति :** सालवसाली
**आयोजनाको प्रकृति :** सेवामूलक

(क) **आ.व.२०६०/६१ को प्रगति**

राष्ट्रिय गुणस्तर निर्धारण तथा कार्यान्वयन गरी औद्योगिक उत्पादनमा प्रतिस्पर्धात्मक क्षमता वृद्धि गर्नुका साथै उपभोक्ता हित संरक्षण गर्ने उद्धेश्यवाट नेपाल गुणस्तर तथा नापतौल आयोजना नेपाल गुणस्तर तथा नापतौल विभागवाट सालवसाली रूपमा संचालन हुँदै आएको छ। आ.व.२०६०/६१ मा यस आयोजनाबाट राष्ट्रिय गुणस्तर निर्धारण, गुणस्तर निरिक्षण तथा प्रमाणिकरण, प्रयोगशाला प्रमाणिकरण तथा प्रोफिसियन्सि टेस्टिङ्ग, केन्द्र तथा बुटवल, विरगंज स्थित प्रयोगशालाको लागि उपकरण खरिद, औद्योगिक तथा नापतौल सेवा, औद्योगिक प्रदुषण अनुगमन सम्वन्धी कार्यहरू सम्पादन भएका छन्।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

यस आयोजना अन्तरगत आ.व. २०६१/६२ मा राष्ट्रिय गुणस्तर तर्जुमा, पुनः निरिक्षण तथा निर्धारण (१३० वटा), गुणस्तर निरिक्षण तथा प्रमाणिकरण, प्रयोगशाला प्रमाणिकरण तथा प्रोफिसियन्सी टेस्टिङ्ग, उपकरण खरिद (केन्द्र तथा भैरहवा, वीरगन्ज स्थित प्रयोगशालाहरूको लागि), रासायनिक तथा भौतिक जाँच विश्लेषण (१००० नमूना), विश्लेषण सेवा (६०० वटा), औद्योगिक तथा नापतौल सेवा (१५० पटक), गुणस्तर प्रमाण चिन्हको प्रवर्द्धन (१७५ पटक), औद्योगिक प्रदुषण अनुगमन तथा मूल्यांकन (६० पटक), तालीम कार्यक्रम (३ पटक) जस्ता कार्यहरू संपादन हुनेछन्।

(ग) **अपेक्षित उपलब्धि**

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक प्रतिफल हांसिल भै गुणस्तरिय औद्योगिक तथा उपभोग्य वस्तुको उत्पादन तथा प्रमाणिकरण हुन गै प्रतिस्पर्धात्मक क्षमता वृद्धि, निर्यात वृद्धि हुन जानेछ। साथै यस आयोजनाले

उपभोक्तालाई गुणस्तरिय वस्तुको उपलब्धतामा सुनिश्चितता प्रदान गर्नेछ ।

## १०. घरेलु तथा साना उद्योग विकास समिति (४८ जिल्ला) (३८-३-८०१/३८-४-८०१)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०४९/५० | आयोजना संपन्न हुने मिति : सालवसाली |
| आ.व.२०६१/६२ को वजेट : रू. ६,७९,७१ हजार | आयोजनाको प्रकृति : सेवामूलक |
| श्रोत: श्री ५ को सरकार | |

(क) **आ.व.२०६०/६१ को प्रगति**

घरेलु तथा साना उद्योग विकास समिति अन्तरगतका अधिराज्यका ४८ जिल्लास्थित कार्यालयहरूवाट घरेलु तथा साना उद्योगको स्थापना, प्रवर्द्धन र विकासका लागि सीप विकास तालीम, उद्यमशिलता विकास तालीम, परामर्श सेवा प्रदान गरेको छ ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

यस आयोजनावाट प्रवर्द्धन तथा परामर्श सेवा (५४०० पटक), अनुगमन तथा अध्ययन (६० पटक), औद्योगिक प्रदर्शनी तथा उत्कृष्ट पुरस्कार (९ पटक), कार्यक्रम कार्यान्वयन गोष्ठी (४८ वटा), सीप विकास तालीम (१५३० वटा), उद्यमशिलता विकास तालीम (४४० जना), एन. जि. ओ. सहभागिता तालीम (१२३० जना), व्यवस्थापन तालीम (४० जना) कार्यक्रम संचालन हुनेछन् ।

(ग) **अपेक्षित उपलब्धि**

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक प्रतिफल हासिल भै घरेलु तथा साना उधोगको विकाश, रोजगार तथा स्वरोजगारका अवसरहरूको सिर्जना, आय आर्जन भई गरिबि निवारणमा सहयोग पुग्न जानेछ ।

## ११. घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम (२७ जिल्ला, विभाग) (३८-३-८०२/३८-४-८०२)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०४९/५० | आयोजना संपन्न हुने मिति : सालवसाली |
| आ.व.२०६१/६२ को वजेट :रू. ७,३६,१६ हजार | आयोजनाको प्रकृति : सेवामूलक |
| श्रोत: श्री ५ को सरकार | |

(क) **आ.व.२०६०/६१ को प्रगति**

घरेलु तथा साना उद्योगको प्रवर्द्धन र विकास वाट रोजगारी र स्वरोजगारीको अवसर श्रृजना गरी गरीवी निवारणमा टेवा पुर्‍याउने उदेश्यले घरेलु तथा साना उद्योग विभाग अन्तरगतका २७ वटा जिल्लास्थित कार्यालयहरूवाट घरेलु उद्योगको स्थापना र विकासका लागि विभिन्न सीपविकास तालीम, उद्यमशिलता विकास तालीम, परामर्श सेवा आदि कार्यहरू सालवसाली रूपमा संचालन गर्दै आएको छ ।

आ.व.२०६०/६१ मा यस आयोजनावाट सिप विकास तालिम, उद्यमशिलता विकास तालिम, प्रशिक्षार्थि अनुगमन, प्राविधिक परामर्श सेवा, मेला प्र्दशनीमा सहभागिता, कर्जा प्रवाह अनुगमन, भवन निर्माण आदि कार्यहरू सम्पादन भएका छन् ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

यस आयोजना अन्तरगत सीप विकास तालीम (१-२ महिने, छोटो अवधि र विशेष कार्यक्रम) (४८६० जना), उद्यमशिलता विकास तालीम (१८९० जना), प्रशिक्षार्थी अनुगमन (३३७५ जना), प्राविधिक परामर्श सेवा (४०५० जना), तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमताका उद्योगहरूको पहिचान (२७ जिल्ला), तालीमको बजारमाग/घरधुरी सर्वेक्षण (२७ जिल्ला), घरेलु तथा साना उद्योग प्रवर्द्धन कार्यक्रम (५ जिल्ला), औद्योगिक तथ्यांक पुस्तक प्रकाशन, निर्यात मूलक उद्योगका उद्यमीहरूको अन्तरक्रिया गोष्ठी (४ जिल्ला), कर्जा प्रवाह कार्यक्रम (२७० जना), भवन निर्माण (५ जिल्ला), प्रशिक्षार्थी स्वदेश भ्रमण (८१० जना), काठमाडौंमा On line Service, हस्तकला ग्रामलाई अनुदान (ललितपुर, भक्तपुर, पाल्पा) प्रदान गर्ने कार्यहरू संचालन गरिनेछ ।

(ग) **अपेक्षित उपलब्धि**

यस आयोजनावाट माथि उल्लेखित परिमाणात्मक प्रतिफल हासिल भै घरेलु तथा साना उद्योगको प्रवर्द्धन, रोजगारी र स्वरोजगारीको अवसर श्रृजना भै गरीवी निवारणमा टेवा पुग्न जानेछ ।

## १२. लघु उधम विकाश कार्यक्रम (दोश्रो चरण) (३८-३-४०९)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** वि. सं. २०६० पौष | **आयोजना संपन्न हुने मिति :** वि. सं. २०६३ पौष |
| **कुल लागत :** रू.२७, ६५,२५ हजार | **आ.व.२०६१/६२ को वजेट :** रू. ३,५०,०० हजार। |
| **श्रोतः** UNDP (अनुदान) | **आयोजनाको प्रकृति :** सेवामूलक |

**(क) आ.व.२०६०/६१ को प्रगति**

UNDP / DFID को अनुदान सहयोगवाट संचालित यस कार्यक्रमको पहिलो चरण १५ जुन १९९८ प्रारम्भ भै ३० जुन २००३ मा सम्पन्न भयो। पहिलो चरणको कार्यक्रम नवलपरासी, नुवाकोट, पर्वत, सुन्सरी, तेह्रथुम, धनुषा, वैतडी, डडेलधुरा, प्यूठान र दांग समेत १० जिल्लाहरूमा संचालन भई जम्मा ६६९० लघु उद्यम व्यवसाय स्थापना हुनुको साथै ८२५३ जना व्यक्तिले रोजगार पाएका छन।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

यस कार्यक्रमको दोश्रो चरण आ.व. २०६०/६१ मा प्रारम्भ भएको र कार्य क्षेत्र पहिलो चरणमा नपरेका १० जिल्लाहरू: दार्चुला, कैलाली, बाँके, वर्दिया, म्याग्दी, सिन्धुपाल्चोक, रामेछाप, सिन्धुली, रसुवा र उदयपुरमा संचालन हुने छ। यस आयोजनावाट नयाँलघु उद्योगहरू स्थापना गर्ने, स्थापना भई सकेका लघु उद्योगहरूलाइ दिगो बनाउने, लघु उद्योगहरूको संस्थागत विकास गर्न सहयोग पुऱ्याउने, महिला लघु उद्यमीहरू विकास गर्ने, लघु उद्यम विकासमा कार्यरत संस्थाहरूको समन्वय गर्ने र लघु उद्यम विकास कार्यक्रम मोडल विस्तार गरी गरिवी निवारणमा सहयोग पुऱ्याउने कार्यहरू संचालन गरिने छन्। यो कार्यक्रम UNDP बाट संचालन हुनेछ।

**(ग) अपेक्षित उपलव्धि**

यस आयोजनावाट ग्रामिण क्षेत्रमा खेतिपातीको अतिरिक्त लघु उधमको विकासद्धारा रोजगारीको अवसर श्रृजना भै कम आय भएका परिवारको गरिवी घटाउन सहयोग पुग्न जानेछ।

## उद्योग तथा खानी क्षेत्रको आ.व. २०६१/६२ को वार्षिक विकास कार्यक्रम र बजेट

(रू. हजारमा)

| सि. नं. | आयोजना/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. व. २०६१/६२ को विनियोजित बजेट | | | स्रोत | | | प्राथमिकता संकेत | दशौं योजनाको रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु खर्च | पूंजिगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| १ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम (३८-३-२५२/३८-४-२५२) | १६०७८९ | १६२००० | ११२९७५ | ४९०२५ | २००० | १६०००० DANIS | | P2 | ०२ |
| २ | खनिज अन्वेषण तथा विकास आयोजना (३८-३-३०१/३८-४-३०१) | १४७५ | २०२५ | ६९५ | १३३० | १२०० | ८२५ Japan DRF | | P2 | ०१ |
| ३ | पेट्रोलियम अन्वेषण परियोजना (३८-३-३०२/३८-४-३०२) | ३९९८ | ४८७० | ४५२० | ३५० | २७७० | २१०० Netherlands Shell Co. | | P2 | ०१ |
| ४ | भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना (३८-३-३०४/३८-४-३०४) | १५५३ | १९०१ | १२६१ | ६४० | १०५१ | ८५० Japan DRF | | P2 | ०१ |
| ५ | राष्ट्रिय भूकम्प मापन केन्द्र संचालन आयोजना (३८-३-३०५/३८-४-३०५) | ३४५० | ३३६४ | १६२० | १७४४ | २५५४ | ८१० Japan DRF | | P2 | ०४ |
| ६ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (३८-३-४०४/३८-४-४०४) | ८३७३ | १११४५ | ८६५० | २४९५ | १११४५ | | | P2 | ०४ |
| ७. | घरेलु तथा साना उद्योग विकास समिति, केन्द्र (३८-३-४०६/३८-४-४०६) | १७०९३ | २२०९२ | २०५२८ | १५६४ | २२०९२ | | | P1 | ०१ |
| ८. | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र (३८-३-४०७) | १४०५० | १८६०० | १८६०० | | ११५०० | ७१०० Japan DRF | | P1 | ०४ |
| ९. | नेपाल गुणस्तर तथा नापतौल आयोजना (३८-३-५००/३८-४-५००) | १०४०० | १०८७५ | ४८४१ | ६०३४ | १०८७५ | | | P2 | ०४ |

| सि. नं. | आयोजना/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. व. २०६१/६२ को विनियोजित बजेट | | | स्रोत | | | प्राथमिकता संकेत | दशौं योजनाको रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | श्री ५ को | वैदेशिक | | | |
| | | | जम्मा | चालु खर्च | पूंजिगत खर्च | सरकार | अनुदान | ऋूण | | |
| १०. | घरेलु तथा साना उद्योग विकास समिति (४८ जिल्ला) (३८-३-८०१/३८-४-८०१) | ६५३७४ | ६७९७१ | ६५२५८ | २७१३ | ६७९७१ | | | P1 | ०१ |
| ११. | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (२७ जिल्ला) (३८-३-८०२/३८-४-८०२) | ७०७९७ | ७३६१६ | ७१६६६ | १९५० | ७३६१६ | | | P1 | ०१ |
| १२ | लघु उद्यम विकास कार्यक्रम (३८-३-४०९) | | ३५००० | ३५००० | | | ३५००० UNDP | | P1 | ०१ |
| | जम्मा : | ३५७३५२ | ४१३४५९ | ३४५६१४ | ६७८४५ | २०६७७४ | २०६६८५ | | | |

# ४.२ विद्युत् तथा अन्य ऊर्जा

देशको समग्र विकासमा विद्युत क्षेत्रको महत्वपूर्ण भुमिका रहने तथ्यलाई आत्मसात गर्दै दशौं पञ्चवर्षिय योजना र मध्यमकालिन खर्च संरचनालाई आधार मानी आ. व. २०६१/६२ को बार्षिक कार्यक्रम तर्जुमा गरिएको छ । यस आ. व.मा विद्युत् क्षेत्र अन्तरगत २९ वटा आयोजनाहरू सञ्चालित छन् । जसमध्ये पहिलो प्राथमिकता ($P_1$) अन्तरगत १८ वटा आयोजनाहरूमा ८७.८%, दोश्रो प्राथमिकता ($P_2$) अन्तरगत ७ वटा आयोजनाहरूमा ११.०% र तेश्रो प्राथमिकता ($P_3$) अन्तरगत ४ वटा आयोजनाहरूमा १.२% रकम विनियोजन गरिएको छ ।

विद्युत् क्षेत्रको चालु आ. व.को लक्ष्य र प्रगति तथा आगामी आ. व.को लक्ष्य निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

आ. व. २०६०/६१ को भौतिक लक्ष्य र प्रगति तथा आ. व. २०६१/६२ को भौतिक लक्ष्य

| सि नं. | विवरण | इकाई | आ. व. २०६०/६१ को | | २०६१/६२ को लक्ष्य |
|---|---|---|---|---|---|
| | | | लक्ष्य | प्रगती | |
| १ | विद्युत उत्पादन खरिद | गेगावाट/घण्टा | २९८६ | २३८७ | २६०४ |
| २ | विद्युत विक्री | " | १९०६ | १८०६ | १९८९ |
| ३ | विद्युत चुहावट रोकथाम | प्रतिशत | २२ | २२ | २१ |
| ४ | क्षमताको उपयोग | " | ५० | ५० | ५० |
| ५ | ग्राहक संख्या थप | हजार | १२० | ७१ | १०९ |
| ६ | पिकलोड | मेगावाट | ५०७ | ५१५ | ५५७ |

विद्युत क्षेत्र अन्तरगत सञ्चालित आयोजनाहरूको संक्षिप्त विवरणहरू यसप्रकार छन् ।

## नेपाल विद्युत प्राधिकरणबाट संचालन हुने विकास कार्यक्रमहरू

### १. कालीगण्डकी (ए) ज. वि. आयोजना : (८७-४-६०१)

**आयोजनाको संक्षिप्त विवरण:**

| | |
|---|---|
| आयोजना सुरू मिति : आ.व. २०४९।५० | आयोजना सम्पन्न हुने मिति : आ.व. २०६३।६४ |
| कूल लागत : रू. २०,३८,५५,८३ हजार | आ.व. २०६१/६२ को बजेट : रू. २८,५०,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/जे. वि. आई. सी. जापान |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
१४४ मे. वा. विद्युत् उत्पादन भई केन्द्रीय प्रशारण मा जोडिएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
ठेकेदारको भुक्तानी सम्बन्धी विवादलाई टुङ्गो लगाइ बाँकी बक्यौता रकमको भुक्तानी गरिने । विद्युत केन्द्रको दिगो र भरपर्दो सञ्चालनको लागि JBIC को ऋण सहयोगमा विद्युत केन्द्र स्पेयर पार्ट्स उपलब्धि, टर्बाइन मर्मत, टर्बाइन ओभरहलिङ र जडान, तालीम कार्य सञ्चालन गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :
विद्युत केन्द्रको दिगो र भरपर्दो सञ्चालनमा सहयोग पुग्ने छ ।

## २. मध्य मर्स्याङ्दी ज. वि. आयोजना : (८७-४-६०३)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६४।६५ |
| कूल लागत : रू. १३,६५,००,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. २,५५,००,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/के.यफ.डब्लु. जर्मनी |

**(क) आ.व. २०६०/६१ सम्मको प्रगति :**
सिभिल निर्माण कार्य र हाइड्रो तथा इलेक्ट्रो मेकानिकल कार्य भैरहेकोछ भने सुरूङ ५२०० मीटर मध्ये १६०० मी. खनिसकिएको छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**
यस आ.व.मा १५०० मी. सुरूङ खनिनेछ। बाँध, स्पिलवे, डिसान्डर, पावर हाउसको लागि माटो खन्ने तथा कन्क्रिटिङ गर्ने कार्य जारी रहनेछ। इलेक्ट्रो-मेकानिकल कार्य तर्फ विभिन्न उपकरणहरू उत्पादकबाट उत्पादन गर्ने कार्य जारी रहनेछ भने केही उपकरणहरू उपलब्धी र जडान पनि गरिनेछ।

**(ग) अपेक्षित उपलब्धि :**
थप १५०० मी. सुरूङ तयार हुनेछ। अन्य सिभिल तथा मेकानिकल कार्यमा प्रगति हुनेछ।

## ३. मध्य मर्स्याङ्दी ज. वि. परियोजना – छरछिमेक सहयोग कार्यक्रम : (८७-४-६११)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०६०।६१ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६४।६५ |
| कूल लागत : रू. १९,३०,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ८,००,०० हजार |
| आयोजनाको प्रकृति : सेवामुलक | श्रोत : श्री ५ को सरकार/के.यफ.डब्लु. जर्मनी |

**(क) आ.व. २०६०/६१ सम्मको प्रगति :**
स्थानीय विद्यालयहरूलाई जनचेतना जगाउन श्रव्यदृष्य सामग्री उपलब्ध गराईएको।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**
छिमेकका गा.वि.स.हरूका ४ वटा प्राथमिक, ३ वटा निम्न माध्यमिक, ५ वटा माध्यमिक र २ वटा उच्च शिक्षाका विद्यालय तथा क्याम्पसहरूमा शैक्षिक भवनहरू निर्माण गरिनेछन्। साथै विभिन्न गा.वि.स. हरूमा हरित सडक निर्माण गरिनेछ।

**(ग) अपेक्षित उपलब्धि :**
मध्य मर्स्याङ्दी ज. वि. परियोजनाको छरछिमेकमा रहेका जनसमुदायको आर्थिक सामाजिक विकासमा सहयोग पुग्नेछ।

४. चामेलियागाड जलविद्युत : (८७-४-७६७)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६४।६५ |
| कूल लागत : रू. ६,३८,५९,०४ हजार | आ.व. २०६१/६२ को बजेट : रू. ९०,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
प्रवेश मार्ग, टेष्ट अडिट, भवन निर्माण, जग्गा प्राप्ती जस्ता कार्य भैरहेकोछ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
२ वटा पुल निर्माण कार्य पूरा गरिने, आयोजनाको इ.पि.आर. अनुसारको वातावरणीय अध्ययन र १३२ केभी प्रसारण लाइनको वातावरणीय अध्ययन कार्य सम्पन्न गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :
२ वटा पुल निर्माण हुने र वातावरणीय अध्ययन प्रतिवेदन तयार हुनेछ।

५. साना जलविद्युत् आयोजना हेल्दुङ (हुम्ला) : (८७-४-६०४)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६२।६३ |
| कूल लागत : रू. १२,८५,२३ हजार | आ.व. २०६१/६२ को बजेट : रू. ५,००,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
सिभिल कार्य तथा हाइड्रो तथा इलेक्ट्रो-मेकानिकल कार्यको ठेक्का पट्टा भै निर्माण कार्य शुरू भएको, सिभिल निर्माण तर्फ डिसेल्टिङ बेसिन, मुख्य नहर, फोर वे, पावर हाउसको निर्माण कार्य सम्पन्न भै सकेकोछ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
इन्टेक स्ट्रक्चर, स्पिल वे, पेनस्टक पाइप, टेलरेस क्यानल, मेशीन फाउण्डेशनको कार्य सम्पन्न गरिनेछ। इलेक्ट्रो-मेकानिकल कार्य तर्फ विद्युत उत्पादन उपकरणको उपलब्धी गरिनेछ भने प्रशारण र वितरण लाइनका उपकरण उपलब्धी कार्य जारी रहनेछ।

(ग) अपेक्षित उपलब्धि :
आयोजनाको स्थिति इन्टेक स्ट्रक्चर, स्पिल वे, पेनस्टक पाइप, टेलरेस क्यानल, मेशीन फाउण्डेशन तयार हुनेछ।

६. गमगाड सा. ज. वि. (मुगु) : (८७-४-७३२)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. १६,१०,२९ हजार | आ.व. २०६१/६२ को बजेट : रू. १,५०,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
सिभिल तथा हाइड्रो तथा इलेक्ट्रो-मेकानिकल कार्यको ठेक्का पट्टा भै निर्माण कार्य शुरू भएकोछ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
मुख्य नहर को निर्माण कार्य चालु रहनुका साथै इन्टेक स्ट्रक्चर, ग्राभेल ट्र्याकको निर्माण कार्य शुरू गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :
मुख्य नहर, इन्टेक स्ट्रक्चर, ग्राभेल ट्र्याकका निर्माण कार्यमा प्रगति हुनेछ।

## ७. भार प्रेषण केन्द्र विस्तार आयोजना : (८७-४-७५४)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६१।६२ |
| कूल लागत : रू. १,६९,३८,२६ हजार | आ.व. २०६१/६२ को बजेट : रू. ३,३३,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/ के.यफ.डब्लु. जर्मनी |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
भार प्रेषण विस्तार सम्वन्धी अधिकाँश कार्य पूरा भएकोछ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
यस आ.व.मा स्पेयर पार्ट्स उपलब्धि, जडान पछिको मर्मत कार्य, टेली सर्भिस कार्य सम्पन्न गरी आयोजना सम्पन्न गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :
आयोजना सम्पन्न भई विद्युत वितरणमा सुधार हुनेछ।

## ८. थानकोट-चापागाउँ-भक्तपुर १३२ केभी : (८७-४-६५९)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५५।५६ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. १,३०,४८,८५ हजार | आ.व. २०६१/६२ को बजेट : रू. ८,८७,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/ए.डि.वि./ओ.इ.पि.सी. |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
प्रारम्भिक र विस्तृत अध्ययन कार्य तथा वातावरण सम्बन्धी अध्ययन कार्य पूरा भई एप्रोच रोड निर्माण, प्रसारण लाइन तथा सवस्टेशन निर्माणको लागि ठेक्का पट्टा व्यवस्था कार्य चालु रहेकोछ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
एप्रोच रोड निर्माण, प्रसारण लाइन तथा सवस्टेशन निर्माणको लागि ठेक्का पट्टा व्यवस्था कार्य पूरा गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :
एप्रोच रोड निर्माण हुने र ठेक्का पट्टा व्यवस्था कार्य पूरा हुनेछ।

९. **१३२ केभी तथा अन्य प्रशारण लाइन विस्तार : (८७-४-६५५)**

यस अन्तरगत ३ वटा कार्यक्रमहरू रहेका छन् ।

(क) बुटवल-सुनौली १३२ केभी (विद्युत आयात निर्यात लिन्क)

(ख) ढल्केबर-भित्तामोड १३२ केभी (विद्युत आयात निर्यात लिन्क)

ग) परवानीपुर-विरगञ्ज १३२ केभी (विद्युत आयात निर्यात लिन्क)

**आयोजनाको संक्षिप्त विवरण:**

| | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५६।५७ | **आयोजना सम्पन्न हुने मिति :** आ. व. २०६३।६४ |
| कूल लागत : रू. ९८,६७,८५ हजार | **आ.व. २०६१/६२ को बजेट :** रू. ३,०४,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | **श्रोत :** श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ सम्मको प्रगति :**

३ वटै आयोजनाहरूको प्रारम्भिक र विस्तृत सर्भे कार्य तथा ठेक्का पट्टा व्यवस्था कार्य सम्पन्न भएको र वातावरणीय अध्ययन कार्य जारी रहेकोछ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

ढल्केबर-भित्तामोड १३२ केभी तथा परवानीपुर-विरगञ्ज १३२ केभी आयोजनाहरूको ठेक्का पट्टा व्यवस्था तथा वातावरणीय अध्ययन कार्य पूरा गरिनेछ । बुटवल-सुनौली १३२ केभी आयोजनाको भने निर्माण सामाग्री उपलब्धी, टावरको जग निर्माण, सवस्टेशन बे निर्माण, जग्गा अधिग्रहण शुरू गरिनेछ भने वातावरण अध्ययन, वातावरण सुधार, प्रसारण लाइनको राइटअफवेमा पर्ने जंगल कटानी कार्य पूरा गरिनेछ ।

(ग) **अपेक्षित उपलब्धि :**

ढल्केबर-भित्तामोड १३२ केभी तथा परवानीपुर-विरगञ्ज १३२ केभी आयोजनाहरूको ठेक्का पट्टा व्यवस्था तथा वातावरणीय अध्ययन कार्य पूरा हुनेछ ।

१०. **प्रसारण प्रणाली विकास : (८७-४-७५५)**

यस अन्तरगत ४ वटा कार्यक्रमहरू रहेका छन् ।

(क) हेटौडा-ढल्केबर तथा बुटवल-बर्दघाट १३२ केभी प्रशारण लाइन दोस्रो सर्किट

(ख) खिम्ती-ढल्केबर २२० केभी प्र.ला.

(ग) के-३ सवस्टेशन आयोजना (६६।११ केभी)

(घ) हेटौडा-बर्दघाट २२० केभी प्रशारण लाइन आयोजना

**आयोजनाको संक्षिप्त विवरण:**

| | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५५।५६ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. ६,३५,१७,५० हजार | आ.व. २०६१/६२ को बजेट : रू. २५,६४,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/आइ.डि.ए./जाइका |

(क) **आ.व. २०६०/६१ सम्मको प्रगति :**

प्रारम्भिक तथा वातावरणीय प्रभाव मूल्यांकन अध्ययन कार्य, आयोजना निर्माण कार्यको ठेक्का सम्झौता समेत सम्पन्न भै निर्माण कार्य प्रारम्भ भैसकेकोछ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

वैदेशिक सल्लाहकारको छनौट तथा नियुक्तिको चालु कार्य पूरा गरी डिजाइन कार्य आ.व. २०६१।६२ भित्र पूरा गरिने तथा हेटौडा-ढल्केबर तथा बुटवल-बर्दघाट १३२ केभी प्रशारण लाइन दोस्रो सर्किट आयोजना र के-३ सवस्टेशन आयोजना (६६।११ केभी) आयोजना सम्पन्न गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :
हेटौडा-ढल्केवर तथा बुटवल-बर्दघाट १३२ केभी प्रशारण लाइन दोस्रो सर्किट र के-३ सवस्टेशन आयोजना (६६।११ केभी) सम्पन्न हुनेछ ।

११. **अन्य ३३ केभी प्र.ला. तथा सवस्टेशन आयोजनाहरू :** (८७-४-६७०)

यस अन्तरगत ९ वटा कार्यक्रमहरू रहेका छन् ।

(क) बुइपा-ओखलढुंगा ३३ केभी प्र.ला.
(ख) सितलपाटी-मुसिकोट (रूकुम) ३३ केभी प्र.ला.
(ग) इलाम-फिदिम-ताप्लेजुङ ३३ केभी प्र.ला.
(घ) छिन्चु-राकम-जाजरकोट ३३ केभी
(ङ) जिरीखिम्ती (तेह्रथुम) सवस्टेशन निर्माण
(च) )रसुवाघाट (खोटाङ) सवस्टेशन निर्माण
(छ घोराही-होलेरी (रोल्पा) ३३ केभी
(ज) उदीपुर-बेशीशहर-मनाङ ३३ केभी
(झ) डडेलधुरा-बैतडी ३३ केभी

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५५।५६ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. १,०१,०१,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ६,००,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
सामान उपलब्धिको साथै, जडान, सवस्टेशन निर्माण कार्य जारी रहेकोछ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
सामान उपलब्धिको साथै, जडान, सवस्टेशन निर्माण कार्य जारी रहनेछ ।

(ग) अपेक्षित उपलब्धि :
जिरीखिम्ती(तेह्रथुम) सवस्टेशन निर्माण आयोजना र डडेलधुरा-बैतडी ३३ केभी प्र. ला. आयोजना सम्पन्न हुनेछन ।

१२. **सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण :** (८७-४-७२०)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०४७।४८ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : यकिन नहुने | आ.व. २०६१/६२ को बजेट : रू. ५५,००,०० हजार |
| आयोजनाको प्रकृति : ग्रामिण पुर्वाधार विकास | श्रोत : श्री ५ को सरकार/ आइ.डि.ए.–पि.आर.यस.सी. |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
जनताको मांग अनुसार विद्युतीकरण नभएका ग्रामीण स्थानहरूमा विद्युतीकरण गर्दै लगिने नीति अनुरूप वितरण लाइनहरू विस्तार गरी ट्रान्सफर्मरहरू जडान गरी विद्युतीकरण विस्तार गरिएको र हालसम्म १० लाख ६१ हजार ग्राहकहरूले सुविधा उपभोग गरेका छन् ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
अन्य ग्रा. वि. अन्तरगत नयाँ १ लाख ९ हजार ग्राहकहरूले विद्युत सेवा प्राप्त गर्नेछन् । सामुदायिक ग्रा. वि. अन्तरगत ३३, ११ केभी लाइन निर्माण (२३५ कि.मि.), ४००/२३० भोल्ट लाइन निर्माण (७८३ कि.मि.), ट्रान्सफर्मर जडान (१८८ गोटा) हुनेछन् ।

(ग) अपेक्षित उपलब्धि :
नयाँ १ लाख ९ हजार ग्राहकहरूलाई विद्युत सेवा प्राप्त हुने ।

## १३. कैलाली, कन्चनपुर ग्रामीण विद्युतीकरण : (८७-४-७२२)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५६।५७ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६२।६३ |
| कूल लागत : रू. १,३७,३६,४९ हजार | आ.व. २०६१/६२ को बजेट : रू. ११,००,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/DANIDA |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
सवस्टेशन विस्तार, १४८ कि.मि. हाइटेन्सन लाइन र २७४ कि. मि. लोटेन्सन लाइन निर्माण कार्य तथा ११२ थान ट्रान्सफर्मएर जडान गर्ने कार्य समाप्त भएको ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
९० कि.मि. हाइटेन्सन लाइन, ३२० कि. मि. लोटेन्सन लाइन निर्माण कार्य तथा ५८ थान ट्रान्सफर्मएर जडान गर्ने कार्य सम्पन्न गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :
जिल्लाका ग्रामिण स्तरसम्म विद्युत सेवा विस्तार हुनेछ ।

## १४. ग्रामीण विद्युतीकरण तथा वितरण प्रणाली सुधार आयोजना : (८७-४-७१२)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५५।५६ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. ४,१०,४९,१६ हजार | आ.व. २०६१/६२ को बजेट : रू. ७०,२५,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/ ए.डि.वि. |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
प्रसारण तथा वितरण लाइनको सामान उपलब्धी को लागि ठेक्का सम्झौता भएकोछ भने सवस्टेशन निर्माण तथा विस्तार, प्रसारण तथा वितरण लाइन निर्माणको लागि टेण्डर तयारीको कार्य भएकोछ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
यस आ.व.मा प्रसारण तथा वितरण लाइनको सामान उपलब्धी को कार्य जारी रहनेछ भने सवस्टेशन निर्माण तथा विस्तार, प्रसारण तथा वितरण लाइन निर्माणको लागि ठेक्का सम्झौता गरी निर्माण कार्य शुरू गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि : ठेक्का सम्झौता हुने र निर्माण कार्य शुरू हुने ।

## १५. वितरण प्रणाली विकास : (८७-४-७५७)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५४।५५ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. ८५,९०,९८ हजार | आ.व. २०६१/६२ को बजेट : रू. १०,६०,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार/ आइ.डि.ए |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
संभाव्यता र विस्तृत अध्ययन तथा वातावरण अध्ययनको कार्य सम्पन्न भएकोछ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
सामान उपलब्धी कार्यको लागि ठेक्का सम्झौता गरी उपलब्धी तथा निर्माण कार्य शुरू गरिनेछ। साथै यस अन्तरगत नेविप्रा संस्थागत वित्तीय सुदृढीकरण आयोजना पनि सञ्चालन गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :
ठेक्का पट्टा सम्पन्न भई निर्माण कार्य शुरू हुनेछ।

## १६. सिन्धु, दोलखा वितरण लाइन विस्तार : (८७-४-७१३)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५६।५७ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. २७,००,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ३,००,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
१ सवस्टेशन , ८५ कि.मि. हाइटेन्सन लाइन र १७० लोटेन्सन लाइन निर्माण कार्य समाप्त भएकोछ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
१ सवस्टेशन निर्माण कार्य चालु रहने छ भने २५ कि.मि. हाइटेन्सन लाइन, ५० कि.मि. लोटेन्सन लाइन निर्माण कार्य सम्पन्न गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :
जिल्लाका ग्रामिण स्तरसम्म विद्युत लाइन विस्तार हुनेछ।

## १७. जलाशययुक्त आयोजनाहरूको छनौट तथा संभाव्यता अध्ययन : (८७-४-७६८)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५६।५७ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. २६,१०,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ७५,०० हजार |
| आयोजनाको प्रकृति : अध्ययन | श्रोत : श्री ५ को सरकार |

### (क) आ.व. २०६०/६१ सम्मको प्रगति:
माथिल्लो सेतीको Upgraded Feasibility Study जारी रहेकोछ ।

### (ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
Upgraded Feasibility Study जारी राख्ने, सेती त्रिशुली आयोजनाको संभाव्यता अध्ययन सम्पन्न तथा उत्तरगंगा र नलस्याउगाड आयोजनाको संभाव्यता अध्ययन शुरू गरिने ।

### (ग) अपेक्षित उपलब्धि :
सेती त्रिशुली आयोजनाको संभाव्यता अध्ययन सम्पन्न हुनेछ ।

## १८. मझौला तथा ठूला जलविद्युत अध्ययन : (८७-४-७७६)
यस अन्तरगत २ वटा परियोजनाहरू रहेका छन् (क. माथिल्लो तामाकोशी जलविद्युत परियोजना, ख. माथिल्लो मोदी (ए) जलविद्युत र अन्य)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०६०।६१ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. ६७,२०,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ५,७५,०० हजार |
| आयोजनाको प्रकृति : अध्ययन | श्रोत : श्री ५ को सरकार/ नोराड नर्वे |

### (क) आ.व. २०६०/६१ सम्मको प्रगति :
माथिल्लो तामाकोशीको फिल्ड सर्भेक्षण, संभाव्यता अध्ययन, वातावरण अध्ययन जारी रहेकोछ भने मोदी (ए) को संभाव्यता अध्ययन पनि जारी रहेकोछ ।

### (ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
माथिल्लो तामाकोशीको फिल्ड सर्भेक्षण, संभाव्यता अध्ययन, वातावरण अध्ययन जारी रहने छ भने आयोजना प्रवेश मार्गको लागि जग्गा अधिग्रहण, डिजाइन कार्य सम्पन्न गरी निर्माणको लागि ठेक्का सम्झौता गरी निर्माण शुरू गरिनेछ । माथिल्लो मोदी (ए)को संभाव्यता अध्ययन जारी रहनेछ भने लिखु-४ वा तमोर मध्ये एक आयोजनाको थप अध्ययन कार्य शुरू गरिनेछ

### (ग) अपेक्षित उपलब्धि :
विभिन्न अध्ययन प्रतिवेदन तयार भई विद्युत् क्षेत्रमा लगानीका आयोजनाहरूको स्पष्ट महिचान हुनेछ ।

१९. कम्प्युटराइज्ड विलिङ : (८७-४-७६३)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५८।५९ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. ११,८५,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ४,१२,०० हजार |
| आयोजनाको प्रकृति : सेवामुलक | श्रोत : श्री ५ को सरकार/ ए.डि.वि. |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
ने.वि.प्रा.का १५ वटा शाखामा कम्प्युटराज्ड विलिङ लागु गर्ने टेण्डर प्रकृयामा छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
ने.वि.प्रा.का १५ वटा शाखामा कम्प्युटराज्ड विलिङ लागु गर्न टेण्डर गरी ठेकेदार छनौट, पूर्वाधार कार्य, हार्डवेयर सफ्टवेयर जडान कार्य शुरू गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :
ठेकेदार छनौट भई कार्य थालनी हुनेछ ।

२०. ग्रामीण विद्युतीकरण, वितरण तथा प्रशारण आयोजना व्यवस्थापन : (८७-४-६६१)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५६।५७ | आयोजना सम्पन्न हुने मिति : आ. व: २०६४।६५ |
| कूल लागत : रू. १०,०७,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ३,७५,०० हजार |
| आयोजनाको प्रकृति : व्यवस्थापन सुधार | श्रोत : श्री ५ को सरकार/ ए.डि.वि. |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
वितरण नाफा केन्द अध्ययन, स्थिर सम्पत्ति भौतिक परीक्षण एवं पुनर्मूल्यांकन, ग्रा.वि., प्रसारण र वितरण आयोजनाको समन्वय सम्बन्धी कार्यहरू भएकोछ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
वितरण नाफा केन्द अध्ययन, स्थिर सम्पत्ति भौतिक परीक्षण एवं पुनर्मूल्यांकन, ग्रा.वि., प्रसारण र वितरण आयोजनाको समन्वय सम्बन्धी कार्यहरू गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :
ने. वि. प्रा.को संस्थागत क्षमतामा वृद्धि हुनेछ ।

## विद्युत विकास विभागबाट संचालन हुने विकास कार्यक्रमहरू

### १. विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन : (४७-४-५५० र ४७-४-५५०)

**आयोजनाको संक्षिप्त विवरण:**

| | |
|---|---|
| आयोजना सुरू मिति सन् २००२ जनवरी | आयोजना सम्पन्न हुने मिति : सन् २००६ डिसेम्बर |
| कूल लागत : रू. ८३,८४,३० हजार | आ.व. २०६१/६२ को बजेट : रू. १०,०४,४० हजार |
| आयोजनाको प्रकृति : अध्ययन र सेवा | श्रोत : श्री ५ को सरकार/यु.यस.ए.आइ.डि. अमेरीका |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
जलविद्युत आयोजनाहरूको पहिचान गर्ने कार्य अन्तर्गत माया खोला र खारे खोला जलविद्युत आयोजनाहरूको संभाव्यता अध्ययन भइरहेकोछ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
निजी क्षेत्रलाई अनुमतिपत्र प्रदान गर्ने सन्दर्भमा वातावरणीय अध्ययन सम्बन्धी एकद्वार नीति कार्यान्वयन गर्न प्रतिवेदन तयार गरिनेछ र विद्युत विकासमा सहकारी संस्थाको सहभागिता सम्बन्धी प्रतिवेदन पनि तयार गरिनेछ । जलविद्युत आयोजनाहरूको पहिचान गर्ने कार्य अन्तर्गत माया खोला र खारे खोला जलविद्युत आयोजनाहरूको संभाव्यता अध्ययन कार्य अघि बढाईनेछ र अन्य दुई आयोजनाहरूको थप अध्ययन गरिनेछ । BOOT प्रक्रिया अन्तर्गत जलविद्युत आयोजनाहरूको विकासको लागि निजी क्षेत्रबाट प्रस्ताव माग गरिनेछ । आ.व. २०६१।६२ मा पनि निजी क्षेत्रको लगानी अभिबृद्धि गर्न तयार गरिएका विभिन्न किसिमका दस्तावेजका आधारमा कार्य अघि बढाईनेछ ।

(ग) अपेक्षित उपलब्धि :
जलविद्युत विकासमा निजी लगानी आकर्षित हुनेछ ।

### २. साना जलविद्युत आयोजना अध्ययन : (४७-३-५५५ र ४७-४-५५५)

**आयोजनाको संक्षिप्त विवरण:**

| | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५७।५८ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. २७,७७,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू ४,७६,३० हजार |
| आयोजनाको प्रकृति : अध्ययन | श्रोत : श्री ५ को सरकार/नोराड नर्वे |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
साना जलविद्युत अध्ययन सम्बन्धी कार्य जारी रहेकोछ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
१ देखि १० मे.वा. क्षमताका साना जलविद्युत आयोजनाहरूको विभिन्न स्तरका अध्ययन कार्य जारी रहने छ । सिटी र मेवा खोला साना जलविद्युत आयोजनाको अध्ययन कार्य आगामी आ.व. मा सम्पन्न गरिनेछ । नर्वे सरकारको अनुदान सहयोगमा दशवटा र सरकारी श्रोतबाट दुईवटा साना जलविद्युत आयोजनाहरूको अध्ययन कार्य शुरू हुनेछ ।

(ग) अपेक्षित उपलब्धि :
साना जलविद्युत आयोजनाको अध्ययन कार्य सम्पन्न भई लगानीका लागि संभाव्य आयोजनाहरूको छनौट सहज हुनेछ ।

## ३. जलविद्युत आयोजना सम्बन्धी मापदण्ड एवं विद्युत निरीक्षण तथा अनुगमन : (४७-३-५६६ र ४७-४-५६६)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५७/५८ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३/६४ |
| कूल लागत : रू. १,९०,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ४७,०५ हजार |
| आयोजनाको प्रकृति : निरीक्षण–अनुगमन | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
आयोजनाहरूको विभिन्न पक्षको अध्ययन गरी सर्भेक्षण, उत्पादन, वितरण तथा सुरक्षा सम्बन्धी मापदण्ड र निर्देशिका तयार गर्ने कार्य जारीछ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
Head Works Design सम्बन्धी निर्देशिकाको अन्तिम प्रतिवेदन आ.व. 2061/62 भित्र प्राप्त हुने र कन्भेयन्स सम्बन्धी निर्देशिका तयार गर्ने कार्यको Inception Report तयार गर्ने लक्ष्य राखिएको छ । जलविद्युत विकास नीति 2058, विद्युत ऐन, 2049, विद्युत नियमावली, 2050 तथा वातावरण संरक्षण लगायतका अन्य ऐन, नियमहरूलाई मध्यनजर राखी विद्युत विकास विभागले गर्नु पर्ने भनि निर्दिष्ट गरिएका कार्यहरू सुचारू रूपले गर्न, गराउनको लागि आगामी आ.व. 061/62 देखि विद्युत निरीक्षण तथा योजना अनुगमनको कार्य समेन यस कार्यक्रममा समावेश गरिएको छ ।

विद्युत निरीक्षण तथा योजना अनुगमन कार्य अन्तर्गत विशेष गरी निम्न उल्लेखित कार्यहरू गरिनेछ ।

क) विद्युत उत्पादन, प्रशारण एवं वितरणको लागि प्रदान गरिएको अनुमतिपत्रमा उल्लेखित शर्तहरू पालना गराउने ।

ख) निजी तथा सार्वजनिक क्षेत्रका विद्युत उद्यमीले जलविद्युत आयोजना निर्माण गर्दा नियमानुसार पाउने सुविधा प्रदान गर्ने गराउने तथा निर्माणाधीन आयोजनाहरूको कार्य प्रगनि एवं वातावरणीय प्रभाव मुल्याकंनमा औल्याईएका कार्यहरूको अनुगमन एवं मुल्याकंन गर्ने ।

ग) विद्युत उत्पादन, प्रशारण एवं वितरणमा प्रयोग हुने विद्युत उपकरणहरू एवं आयोजनाको संरचनाहरूको सुरक्षासंग सम्वन्धित पक्षको निरीक्षण तथा अनुगमन गर्ने ।

(ग) अपेक्षित उपलब्धि :
विभिन्न निर्देशिकाको एवं विद्युत् सम्बन्धी मापदण्ड तयारभइ प्रभावकारी अनुगमन मूल्याङ्न हुनेछ ।

## ४. बहुउद्देश्यीय आयोजना अध्ययन (भेरी बबई) : (४७-३-५५२ र ४७-४-५५२)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५६।५७ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. ३१,२८,५४ हजार | आ.व. २०६१/६२ को बजेट : रू. १,२८,०० हजार |
| आयोजनाको प्रकृति : अध्ययन | श्रोत : श्री ५ को सरकार / जाइका |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
जापान सरकारको सहयोगमा संचालन भएको संभाव्यता अध्ययन कार्य रोकिएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
जापान सरकारको सहयोगमा संचालन भएको संभाव्यता अध्ययनको बांकी कार्य पुनः शुरू गर्ने सम्बन्धमा जापानी दुतावासका अधिकारीहरू संग छलफल भएको र आयोजनास्थलको सुरक्षा स्थिति सन्तोषजनक भएमा बांकी रहेको अध्ययन कार्य संचालन गरिने छ।

बबई नदीमा प्राप्त हुने थप पानीबाट बांके तथा बर्दिया जिल्लाहरूको कृषी योग्य जमिनमा सिंचाइ सुविधा पुऱ्याउने उदेश्य रहेको यस आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदन तयार गर्ने प्रमूख कार्य रहेकोमा आ. व. २०६१/६२ मा टोपोग्राफिकल सर्वे र हाइड्रोलोजिकल डाटा संकलन कार्य पुनः शुरू भइ अध्ययनको दोस्रो चरणको कार्य प्रारम्भ गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :
आयोजना सम्पन्न भएमा बबई नदीमा प्राप्त हुने थप पानीबाट बांके तथा बर्दिया जिल्लाहरूको कृषी योग्य जमिनमा सिंचाई सुविधा पुग्नेछ।

## ५. विद्युत विकास कोष : (४७-३-५८६ र ४७-४-५८६)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति : सन् २००४ | आयोजना सम्पन्न हुने मिति : सन् २००९ |
| कूल लागत : रू. २,८५,११,५६ हजार | आ.व. २०६१/६२ को बजेट : रू १५,२५,०० हजार |
| आयोजनाको प्रकृति : सेवा | श्रोत : श्री ५ को सरकार/ आइ.डि.ए |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
नेपाल अधिराज्य भित्रका साना तथा मझौला जलविद्युत आयोजनाहरूको विकास, निर्माण संचालन तथा संभार गर्ने कार्य निजी क्षेत्रको प्रत्यक्ष संलग्नतामा गर्न विद्युत विकास कोष स्थापना भएको छ। कोष प्रशासकको नियुक्ती पनि भइसकेको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
दुई महिना भित्रमा Operation Manual तयार गरी ऋण प्रवाह गर्ने कार्य शुरू गरिनेछ। साथै Participatory Credit Institution सम्बन्धी Certification Criteria तयार गर्नुका साथै ऋण उपलब्ध हुने आधारपत्र तयार गरी ऋण उपलब्ध गराइने छ।

(ग) अपेक्षित उपलब्धि : Participatory Credit Institution सम्बन्धी Certification Criteria तयार हुनेछ।

## ६. सप्तकोशी बहुउदेश्यीय आयोजना : (४७-३-५५३ र ४७-४-५५३)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५७।५८ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : रू. ३५,००,००,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ५,२४,७३ हजार |
| आयोजनाको प्रकृति : अध्ययन/निर्माण | श्रोत : श्री ५ को सरकार/भारत सरकार |

**(क) आ.व. २०६०/६१ सम्मको प्रगति :**
सप्तकोशी बहुउदेश्यीय तथा सुनकोशी कमला डाइभर्सन आयोजनाको विस्तृत अध्ययन जारी छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**
यस आयोजना अन्तरगत आ. व. २०६१/६२ मा सप्तकोशी बहुउदेश्यीय तथा सुनकोशी कमला डाइभर्सन आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार गर्ने कार्य गरिने छ।

**(ग) अपेक्षित उपलब्धि :**
सुनकोशी कमला डाइभर्सन आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन तयार हुने छ।

## ७. पञ्चेश्वर बहुउदेश्यीय आयोजना : (४७-३-५५४ र ४७-४-५५४)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०४४।४५ | आयोजना सम्पन्न हुने मिति : आ. व. २०६३।६४ |
| कूल लागत : एकिन नभएको | आ.व. २०६१/६२ को बजेट : रू. ८५,६० हजार |
| आयोजनाको प्रकृति : अध्ययन | श्रोत : श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ सम्मको प्रगति :**
अध्ययन कार्य अघि बढ्न सकेको छैन।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**
नेपाल भारत संयुक्त विस्तृत आयोजना अध्ययन प्रतिवेदन तयार गर्ने, वातावरणीय प्रभाव मुल्याकन तथा पुनर्वास अध्ययन कार्य, मर्मत र तथ्यांक संकलन कार्यहरू गरिने छ।

**(ग) अपेक्षित उपलब्धि :**
महाकाली नदीको एकीकृत विकास सम्बन्धी अध्ययन प्रतिवेदन तयार हुनेछ।

## जल तथा शक्ति आयोगबाट संचालन हुने विकास कार्यक्रमहरू

१. जलश्रोत रणनीति दोश्रो चरण अन्तरगत राष्ट्रिय जल योजना तयार गर्ने : (४७–३–२१० र ४७–४–२१०)

| आयोजनाको संक्षिप्त विवरण: | |
|---|---|
| आयोजना सुरू मिति सन २००३ | आयोजना सम्पन्न हुने मिति : सन २००५ |
| कूल लागत : २,७८,५० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ८८,०० हजार |
| आयोजनाको प्रकृति : अध्ययन अनुसन्धान | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :
जलश्रोत रणनीति दोश्रो चरण कार्यक्रम पुरा भएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :
राष्ट्रिय जल योजना पुरा गर्ने, जल योजना प्रतिवेदनलाइ नेपालीमा तयार गर्ने, नदी बेसिनहरूको अध्ययन गर्ने तथा डकुमेन्टशनको कार्य गर्ने ।

(ग) अपेक्षित उपलब्धि :
राष्ट्रिय जल योजना तयार भई जलश्रोतको विकासमा स्पष्ट मार्गनिर्देशन प्राप्त हुनेछ ।

## आर्थिक वर्ष २०६१/६२ मा सञ्चालन गरिने विद्युत् आयोजनाहरू र बजेट

(रू.हजारमा)

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम बजेट शीर्षक नं. | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन: जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्रोत: श्री ५ को सरकार | वैदेशिक: अनुदान | वैदेशिक: ऋण | प्राथमिकता क्रम | दशौं योजना रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | **नेपाल विद्युत् प्राधिकरण अन्तर्गत संचालित आयोजनाहरू** | | | | | | | | | |
| १ | काली गण्डकी (ए) ज.वि.आ. ८७-४-६०१ | २४४३७५ | २८५००० | ० | २८५००० | १५००० | ० | २७०००० जे.वि.आइ.सी. | P1 | ०१ |
| २ | मध्य मर्स्याङ्दी ज.वि.आ. ८७-४-६०३ | ३०९०००० | २५५०००० | ० | २५५०००० | १५०००० | २४००००० के.यफ.डब्लु. | ० | P1 | ०१ |
| ३ | साना जलविद्युत् आयोजना हेल्दुङ्ग ८७-४-६०४ | ३७०९६ | ५०००० | ० | ५०००० | ५०००० | ० | ० | P1 | ०२ |
| ४ | मध्य मर्स्याङ्दी ज.वि.आ.– छरछिमेक सहयोग कार्यक्रम ८७-४-६११ | १३८८८५ | ८०००० | ० | ८०००० | ० | ८०००० के.यफ.डब्लु. | ० | P2 | ०१ |
| ५ | १३२ के.भी. तथा अन्य प्रशारण लाइन विस्तार ८७-४-६५५ | २३४७८ | ३०४०० | ० | ३०४०० | १२२०० | ३६०० आइ.डि.ए | १४६०० ए.डि.वि./ ओ.इ.पि.सी. | P1 | ०१ |
| ६ | थानकोट-चापागाउँ-भक्तपुर १३२ के.भी. ८७-४-६५९ | ५४२९८ | ८८७०० | ० | ८८७०० | ५००० | ० | ८३७०० ए.डि.वि./ ओ.इ.पि.सी. | P2 | ०१ |
| ७ | ग्रामीण विद्युत् वितरण प्रशारण आयोजना ८७-४-६६१ | ८७५० | ३७५०० | ० | ३७५०० | २५०० | ० | ३५००० ए.डि.वि. | P1 | ०२ |
| ८ | अन्य ३३ के.भी. तथा सबस्टेशन आयोजनाहरू ८७-४-६७० | ५८१५१ | ६०००० | ० | ६०००० | ६०००० | ० | ० | P2 | ०१ |
| ९ | ग्रमीण विद्युतीकरण तथा वितरण सुदृढीकरण आयोजना ८७-४-७१२ | ११३५९२ | ७०२५०० | ० | ७०२५०० | ५२५०० | ० | ६५०००० ए.डि.वि. | P1 | ०२ |
| १० | सिन्धु दोलखा वितरण लाइन विस्तार ८७-४-७१३ | ६६५०० | ३०००० | ० | ३०००० | ३०००० | ० | ० | P1 | ०२ |
| ११ | सामुदायिक तथा अन्य ग्रामीण विद्युतीकरण ८७-४-७२० | ४९४७९६ | ५५०००० | ० | ५५०००० | ५००००० | ० | ५०००० आइ.डि.ए.– पि.आर.यस.सी. | P1 | ०२ |
| १२ | कैलाली कन्चनपुर ग्रामीण विद्युतीकरण ८७-४-७२२ | २०८००० | ११०००० | ० | ११०००० | १०००० | १००००० डानिडा | ० | P1 | ०२ |

| क्र.सं. | आयोजना/कार्यक्रमको नाम बजेट शीर्षक नं. | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन |  |  | स्रोत |  |  | प्राथमिकता क्रम | दशौं योजना रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण |  |  |
| १३ | गमगाड सा. ज. वि. (मुगु) ८७-४-७३२ | १४०६३ | १५००० | ० | १५००० | १५००० | ० | ० | P1 | ०२ |
| १४ | भार प्रेषण केन्द्र विस्तार ८७-४-७५४ | ३७९२९० | ३३३०० | ० | ३३३०० | ३३०० | ३०००० के.यफ.डब्लु. | ० | P1 | ०१ |
| १५ | प्रशारण प्रणाली विकास आयोजना ८७-४-७५५ | २०८६०८ | २५६४०० | ० | २५६४०० | ३३३०० | २२३१०० जाइका/ आइ.डि.ए | ० | P2 | ०१ |
| १६ | वितरण प्रणाली विकास आयोजना ८७-४-७५७ | १९६४९ | १०६००० | ० | १०६००० | ६००० | २०००० आइ.डि.ए | ८०००० आइ.डि.ए | P1 | ०१ |
| १७ | कम्प्युटराइज बिलिङ्ग ८७-४-७६३ | ७४७० | ४१२०० | ० | ४१२०० | १२०० | ० | ४०००० ए.डि.बि | P3 | ०४ |
| १८ | चमेलीया गाड विस्तृत अध्ययन ८७-४-७६७ | ३७४४ | ९००० | ० | ९००० | ९००० | ० | ० | P3 | ०१ |
| १९ | जलाशययुक्त आयोजनाहरूको छनौट तथा संभाव्यता अध्ययन ८७-४-७६८ | २९०६ | ७५०० | ० | ७५०० | ७५०० | ० | ० | P3 | ०१ |
| २० | ठूला तथा मझौला जलविद्युत अध्ययन ८७-४-७७६ | ८९६३६ | ५७५०० | ० | ५७५०० | २७५०० | ३०००० नोराड | ० | P2 | ०१ |
|  | नेपाल विद्युत प्राधिकरणको जम्मा | ५२५५२८७ | ५१००००० |  | ५१००००० | ९९०००० | २८८६७०० | १२२३३०० |  |  |
|  | **विद्युत विकास विभाग अन्तर्गत सञ्चालित आयोजनाहरू** |  |  |  |  |  |  |  |  |  |
| २१ | विद्युत विकासमा निजी क्षेत्रको प्रवर्द्धन ४७-३-५५०/४७-४-५५० | ८०५७७ | १००४४० | ४४० | १००००० | ४४० | १००००० यु.यस.ए.आइ.डि. | ० | P1 | ०१ |
| २२ | बहुउद्देश्यीय आयोजना अध्ययन ४७-३-५५२/४७-४-५५२ | ११२४१ | १२८०० | १२८०० | ० | ३०० | १२५०० जाइका | ० | P1 | ०१ |
| २३ | सप्तकोशी बहुउद्देश्यीय आयोजना ४७-३-५५३/४७-४-५५३ | ४६५५ | ५२४७३ | २१२३ | ५०३५० | २४७३ | ५०००० भारत सरकार | ० | P2 | ०१ |
| २४ | पंचेश्वर बहुउद्देश्यीय आयोजना ४७-३-५५४/४७-४-५५४ | १८९१० | ८५६० | २०६० | ६५०० | ८५६० | ० | ० | P3 | ०१ |
| २५ | साना जलविद्युत आयोजना अध्ययन ४७-३-५५५/४७-४-५५५ | २७०८५ | ४७६३० | ३३० | ४७३०० | १७६३० | ३०००० नोराड | ० | P1 | ०१ |
| २६ | जलविद्युत आयोजना सम्बन्धी मापदण्ड ४७-३-५६६/४७-४-५६६ | २९५० | ४७०५ | ६९५ | ४०१० | ४७०५ | ० | ० | P1 | ०४ |

| क.सं. | आयोजना/कार्यक्रमको नाम बजेट शीर्षक नं. | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | दशौं योजना रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| २७ | विद्युत् विकास कोष<br>४७-३-५८६/४७-४-५८६ | ७४८५ | १५२५०० | १९०० | १५०६०० | २५०० | ३७३७५<br>आइ.डि.ए | ११२६२५<br>आइ.डि.ए | P1 | ०१ |
| | विद्युत् विकास विभागको जम्मा | १५२९०३ | ३७९१०८ | २०३४८ | ३५८७६० | ३६६०८ | २२९८७५ | ११२६२५ | | |
| | **जलशक्ति आयोगको सचिवालय अन्तर्गत संचालित आयोजनाहरू** | | | | | | | | | |
| २८ | जलशक्ति आयोग<br>४७-३-२००/४७-४-२०० | ६२४० | ९१६६ | ९१६६ | ० | ९१६६ | ० | ० | P2 | ०४ |
| २९ | जलस्रोत रणनीति दोस्रो चरण कार्यक्रम<br>४७-३-२१०/४७-४-२१० | ९६५० | ८८०० | ६०० | ८२०० | ८८०० | ० | ० | P1 | ०१ |
| | जलशक्ति आयोगको सचिवालयको जम्मा | १५८९० | १७९६६ | ९७६६ | ८२०० | १७९६६ | ० | ० | | |

# ४.३ अन्य आर्थिक सेवा

## ४.३.१ संस्कृति तथा पर्यटन

**पर्यटन**

पर्यटन उद्योगबाट उच्च आर्थिक वृद्धि, क्षेत्रीय सन्तुलन र गरिवी निवारण तथा ग्रामिण विकासमा प्रत्यक्ष प्रभाव पर्ने देखिन्छ। पर्यटन उद्योगवाट विदेशी मुद्रा आर्जन गरी भुक्तानि सन्तुलन कायम राख्नुका साथै विश्व सम्वन्ध विकासमा समेत सहयोग पुग्न जाने देखिन्छ । धार्मिक, ऐतिहासिक, साहसिक पर्यटन तथा पदयात्राका अनेकन सम्भावना रहनुका कारण छिमेकी एशियाली मुलुकहरूमा पर्यटन विधामा प्राथमिकता साथ प्रचार प्रसार हुन सकेमा पर्यटन उद्योग दिगो रूपमा विकास हुन सक्ने देखिन्छ।

पर्यटन क्षेत्रको पूर्वाधार विकासको लागि सन् २००४ को उत्तरार्ध तर्फ इको टुरिजम आयोजना एशियाली विकास वैंकसंग ऋण सम्झौता भई संचालन हुने साथै छिमेकी मुलुकहरूमा पर्यटन प्रवर्धनका लागि क्षेत्रिय पर्यटन कार्यक्रम र संस्थागत विकासका लागि डकुमेन्टेशन, अनुसन्धान, तालीम तथा ग्रामिण पर्यटनको संस्थागत विकासका लागि ग्रामिण गरिवि निवारणका लागि पर्यटन जस्तो कार्यक्रम संचालन गरिनेछ। साथै अन्तराष्ट्रिय सर्म्पक कार्यक्रम यस आ.व. देखि हटाइएको छ।

आ. व. २०६१।६२ मा पर्यटन क्षेत्रमा संचालन हुने प्राथमिकताक्रम अनुसारको विकास कार्यक्रम/आयोजनाहरूका संख्या तथा विनियोजित वजेटको विवरण यस प्रकार छ।

रू हजारमा

| प्राथमिकता | आयोजना संख्या | आ. व. २०६१।६२ को वजेट | कुल बजेटको प्रतिशत |
|---|---|---|---|
| P1 | ३ | ९३५०० | ७६.८ |
| P2 | ३ | १९९०० | १६.४ |
| P3 | १ | ८३०० | ६.८ |
| जम्मा | ७ | १२१७०० | १००.० |

आ.व. २०६१/६२ मा पर्यटन क्षेत्र तर्फ निम्न कार्यक्रमहरू संचालन गरिने छन्।

१. **क्षेत्रीय पर्यटन प्रवर्द्धन कार्यक्रम (४९-३-२८४):**

| **आयोजनाको संक्षिप्त विवरण** | |
|---|---|
| **आयोजना सुरू मिति :** २०६०/६१ | **आयोजना सम्पन्न हुने मिति :** २०६१।६२ |
| **कुल लागत :** x | **आ.व.२०६१/६२ को वजेट :** रू. २,२५,०० हजार |
| **आयोजनाको प्रकृति :** पर्यटन प्रवर्द्धन | **श्रोत :** श्री ५ को सरकार रू.१,२५,०० हजार, एडीवी जीआरपी रू.१,००,०० हजार |

(क) **आ.व.२०६०/६१ को प्रगति**

नेपाल पर्यटन वोर्डद्वारा संचालित यस कार्यक्रम क्षेत्रिय रूपमा पर्यटन प्रवर्द्धनका लागि भारत, चीन, बंगलादेश, मलेसिया, थाइलाण्ड र सिंगापुर आदि देशहरूमा व्यापक प्रचार प्रसार गरिनुका साथै भारत तथा चीनमा विषेश कार्यक्रम सहित मेला तथा पत्राकार सम्मेलन जनसम्पर्क अधिकृत नियुक्त गरिएको वेभ मार्केटिङ्ग, विज्ञापन तथा होडिङ्ग वोर्ड स्थापना जस्ता कार्यक्रमहरू सम्पन्न गरिएको छ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

एशियाली मुलुकमा व्यापक प्रचार प्रसारका माध्यमवाट पर्यटकको संख्या, बसाइ दिन तथा वैदेशिक मुद्रा आर्जन बृद्धि गर्ने तथा पर्यटक उद्योगलाई स्थाईत्व प्रदान गर्नका लागि, भारत, चीन, मलेसिया,थाइल्याड, सिंङ्गापुर, आदी देशमा मेला, प्रेशकन्फरेन्स, टुर अपरेटर मिट, परिचयात्मक भ्रमण, मिडिया म्याम्नेनिङ्ग जनसर्म्पक अधिकारी नियुक्ति लगायत Pro-Poor का लागि पर्यटन मार्फत कार्यक्रमहरू यस आ.व. मा संचालन गरिने छन्।

(ग) **अपेक्षित उपलब्धि**

भारत, चीन, मलेसिया, थाइल्याण्ड, सिंङ्गापुर आदि स्थानमा प्रेस सम्मेलन, पत्राकार भेला तथा ग्रामिण विकासको लागि तालिम कार्यक्रम संचालन गरि धार्मिक तथा अन्य पर्यटकहरूको संख्या, वसाई बढ्न जानुका साथै नयाँ पर्यटकिय स्थलको वारेमा प्रचार प्रसार हुन गई वैदेशिक मुद्रा आर्जन श्रम तथा रोजगारी बढ्ने अपेक्षा गरिएको छ।

२. इको टुरिजम आयोजना (४९-३-२८३):

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : आ.व. २०६०/६१ | आयोजना संपन्न हुने मिति : X |
| कुल लागत : X | आ.व.२०६१/६२ को वजेट : रू. १०,०० हजार |
| | श्रोत : श्री ५ को सरकार/ए.डि.बि. |
| आयोजनाको प्रकृति : पर्यटन पूर्वाधार निर्माण, ग्रामीण पर्यटन प्रवर्द्धन | |

(क) आ.व.२०६०/६१ को प्रगति

आयोजनाको लक्ष्य अनुसार एशियाली विकास बैंकसंग सम्झौता हुन नसकेर पछि सम्झौता हुने आधारमा आयोजना निर्देशनालय ९एक्ष्र० कार्यालय काठमाडौंमा स्थापना गरिएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस आयोजनावाट हुम्ला, डोल्पा, मकालु, वरूण तथा कंचनजग्गा क्षेत्रको वातावरण सुधारको कार्यक्रमहरू संचालन हुने छन। पूर्वाधार विकास तर्फ सिमिकोट, सुर्खेत, तुम्लिङ्टार तथा ताप्लेजुङ्गका विमानस्थलको सुधार कार्य हुनेछ। समग्रमा एशियाली विकास वैंकको ऋृण सहयोगमा यसै वर्ष संचालन शुरू गर्ने यस आयोजनाको लागि परियोजना कार्यालय संचालन र अन्य प्रारम्भिक कार्यहरू हुने छन्। यस आयोजनाले आयोजना संचालन पूर्व आयोजनाले लक्ष्य गरेको स्थान तथा क्षेत्रको वातावरण प्रभाव मूल्यांकन अध्ययन कार्य गरि सकेको छ।

(ग) अपेक्षित उपलब्धि

देशमा पर्यटकिय स्थलको पूर्वाधार विकास साथै पर्वतिय क्षेत्रको वातावरण सुधार तथा विकास गर्नु यस आयोजनाको उदेश्य रहेको छ। यस आयोजनावाट पर्वतीय क्षेत्रको वातावरण प्रभाव मूल्यांकन दुर्गमस्थानका विमानस्थलको भौतिक पूर्वाधार र नयाँ ग्रामिण पर्यटनको विकासका साथै पूर्वाधार विकास हुन गै ग्रामिण पर्यटनको वृद्धिवाट ग्रामिण गरीवी निवारणमा सहयोग पुग्न जाने देखिन्छ।

३. डकुमेन्टेशन अनुसन्धान तालीम योजना ४९-४-२५०/४९-३-२५०

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : २०५३/५४ | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| आयोजनाको कूल लागत : x | आ.व.२०६१/६२ को वजेट : रू. ८३,०० हजार |
| आयोजनाको प्रकृति : अध्ययन अनुसन्धान | श्रोत : श्री ५ को सरकारः रू. ६३,०० हजार |
| | डी.आर.एफ.जापान रू. २०,०० हजार |

(क) आ.व.२०६०/६१ को प्रगति

पर्यटनकिय सम्वन्धी तथ्यांक प्रकाशित गरिएको कम्प्यूटर तथा GIS सम्वन्धि तालिम दिइएको, ड्रिमल्याण्ड र हेलिस्कीडको अध्ययन पूरा भएको छ भने, पन्चासे तथा स्वर्गद्वारी क्षेत्रको अध्ययन तारागाउँ विकास समिति मार्फत गराइएको छ मन्त्रालय सुढिकरणको लागि कम्प्यूटर तथा यू.पि.एस. खरिद गरिएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस आयोजना अन्तर्गत हेलम्बु क्षेत्रको ग्रामिण पर्यटन अध्ययन, पर्यटन सम्वन्धी तथ्यांक सूचना सर्भेक्षण, जनशक्ति विकास, BOOT अन्तरगत गरिने कार्यको पूर्वाधार विकास, वैकल्पीक अन्तरराष्ट्रिय विमानस्थल वारे अध्ययन, विभिन्न २ मुलुकसंग हवाई संभौता, WTO/CAS तथा अन्तराष्ट्रिय मेलामा भाग लिने जस्ता कार्यक्रमहरू रहेका छन्।

(ग) अपेक्षित उपलब्धि

यस आयोजनाबाट पर्यटन क्षेत्रको विस्तारका लागि पूर्वाधार तयारी जनशक्ति विकास र सम्भाव्यता भएका स्थानहरूका लागि पर्यटन कार्यक्रम तर्जुमा गर्नमा सघाउ पुग्नेछ।

४. पर्यटकिय, धार्मिक, सांस्कृतिक सम्पदा संरक्षण आयोजना ४९-४-२८०/४९-३-२८०

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : २०४९/५० | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| आयोजनाको कुल लागत : x | आ.व.२०६१/६२ को वजेट : रू. ३०,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण, जिर्णोद्वार | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति

पर्यटकिय पुरातात्विक तथा ऐतिहासिक हिसावले महत्व राख्ने सम्वेदनशिल, , धार्मिक स्थलको संरक्षण सम्वंद्धन गर्ने उदेश्य अनुसार टेकू दोभान, त्रिपुरेश्वर, शंखमूल क्षेत्रका मन्दिर, पाटी तथा घाट जिर्णोद्धार गरिएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

पुरातात्विक तथा पर्यटकीय क्षेत्रको हिसावले अति सम्वेदन शिल क्षेत्रमा रहेको त्रिपुरेश्वर महादेव मन्दिर क्षेत्रको उत्तर लंग सत्तलको गत आ.व. देखि संचालित पुन निर्माण कार्यसम्पन्न गरीनुका साथै ग्रामिण पर्यटक विकास तर्फ पंचासे क्षेत्रको विकास कार्य संचालन गरिनेछ।

ग) अपेक्षित उपलब्धि

पुरातात्विक तथा पर्यटकिय महत्व रहेको त्रिपुरेश्वर महादेव मन्दिर क्षेत्रको सत्तल जिर्णोद्धार पुरा हुने र नयाँ पर्यटकीय स्थान पन्चासेमा पर्यटन पूर्वाधार विकासको कार्य हुने अपेक्षा गरिएको छ।

## ५. पर्वतीय पर्यटन तथा पर्यटन उद्योग व्यवस्थापन ४९-३-२८१

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५७/५८ | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| कूल लागत : x | आ.व.२०६१/६२ को वजेट : रू. ५५,०० हजार |
| आयोजनाको प्रकृति : सेवामुलक | श्रोतः श्री ५ को सरकार रू २५,०० हजार<br>जापान, डी.आर.एफ. रू.३०,०० हजार |

(क) आ.व.२०६०/६१ को प्रगति

नेपालको पर्यटनको मूख्य आर्कषण रहेको पर्वतिय क्षेत्रको पर्यटन विकास तथा व्यवस्थापनको कार्य गरिनुका साथै, हिमशिखरहरूको नक्शा तयार गर्ने, मौसमी बुलेटिन प्रसारण गर्ने, पर्वतारोहिलाई सम्मान गर्ने, हिमाल सफा गर्ने आदि कार्य भएका छन्।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस अन्तरगत कान्जीरोवा हिमाल अन्तरगत रारा ताल देखि फोक्सुन्दो तालसम्मको टोपो ग्राफिक नक्सा तयार गर्ने, पर्वतारोहण सम्वन्धि मौसमी बुलेटिन प्रकाशन, पुस्तक प्रकाशन, डाटा अपडेट ऐन नियम तर्जूमा, पर्वतारोहण सम्वन्धी अन्तरराष्ट्रिय पर्यटन सम्वन्ध विस्तार, हिमाल सफाई आदी विकास कार्यक्रमहरू संचालन गरिने छन्।

(ग) अपेक्षित उपलब्धि

कान्जिरोवा हिमालको टोपो ग्राफी नक्शा तयार हुने मौसमी बुलेटिन प्रकाशित गरिने पर्यटन सम्वन्धी ऐन नियम तर्जुमा तथा नयाँ पर्यटकीय स्थलको विकास हुने अपेक्षा गरिएको छ।

## ६. नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान :४९-४-२६०/४९-३-२६०

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०४६/४७ | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| कुल लागत :x | आ.व.२०६१/६२ को वजेट : रू. १,१४,०० हजार |
| आयोजनाको प्रकृति : पर्यटकीय जनशक्ति उत्पादन | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति

पर्यटन विकासको लागि अति आवश्यक टूरिष्ट गाइड, ट्राभल टुर अपरेटर हाउसकिपिङ्ग, कूक बारमेन र अन्य जनशक्ति उत्पादन गरि आन्तरिक रोजगारीका साथै विदेशमा समेत नेपाली श्रमिकहरूलाई रोजगारीका अवसरहरू प्रदान गरिएको छ। प्रतिष्ठान स्व आर्जनबाट आत्मनिर्भर हुँदै गएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

हाल संचालित ३ वर्षे व्याचलर इन ट्राभल एण्ड टुरिजम मेनेजमेन्ट (BTTM) कोर्ष ६० जना प्रशिक्षार्थीहरूबाट संचालित भैरहेकोमा यस वर्ष प्रथम पटक उक्त कोर्ष पुरा गर्नेछन्। वैदेशिक रोजगारीका लागि छोटो अवधिको ६० जनालाई तालीम, तथा १५० जनालाई विभिन्न विषयमा पर्यटकीय क्षेत्रमा घुम्ती तालीम दिने कार्यक्रम छ।

(ग) अपेक्षित उपलब्धि

३ वर्षे व्याचलर इन ट्राभल एण्ड टुरिजम मेनेजमेन्ट (BTTM) कोर्ष ६० जना प्रशिक्षार्थीहरूले पुरा गर्ने र छोटो अवधिका पर्यटन सम्वन्धी तालिम १५० लाई प्राप्त हुने छ। साथै पर्यटकिय क्षेत्रमा आवश्यक पर्ने उच्च मध्यम तथा तल्लो स्तरको जनशक्ति विकास गर्ने अपेक्षा गरिएको छ।

**७. ग्रामीण गरिवि निवारणका लागि पर्यटन :४९-३-२८५**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति** : सेप्टेम्बर २००१ | **आयोजना संपन्न हुने मिति** : सेप्टेम्बर २००६ |
| **कुल लागत** : रू. ४,५६,८७,०० यू.एस डलर | **आ.व.२०६१/६२ को वजेट** : रू. ७,००,०० हजार |
| **आयोजनाको प्रकृति** : ग्रामीण पर्यटन प्रवर्द्धन | **श्रोत** :यु.एन.डी.पी., डि.एफ.आई.डि.रू. ७,००,०० हजार |

**(क) आ.व.२०६०/६१ को प्रगति**

दिगो पर्यटन विकासको माध्यमवाट अति गरिव, विग्रदो वातावरण सुधार तथा अति गरिव ग्रामिण समुदाय तथा गरिव महिला वर्ग सम्म कार्यक्रम पुऱ्याइ नीति निर्माण तथा दिगो पर्यटन वारे जानकारी उपलब्ध गराउन नेपालमा दिगो पर्यटन विकास गर्ने, दिगो पर्यटन सम्वन्धि नीति तथा कार्यनीतिमा व्यापकता ल्याई समन्वय गर्ने रहेको छ। डोल्पा, रूपन्देही, चितवन, रसुवा, सोलुखुम्बु तथा ताप्लेजुङ्ग गरि ६ वटा जिल्लाका ४८ गा.वि.स.मा २८३३७ घर परिवार समेटेको छ।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

यो कार्यक्रम चौथो वर्षमा संचालित भएपछि मात्र श्री ५ को सरकारको बजेटमा समावेश भएको हो। जनचेतना अभिवृद्धि संस्थागत विकास तथा आवश्यकीय पर्यटकीय ग्रामीण गरिवी सम्वन्धी पर्यटन नीति निर्माणमा सहयोग पुऱ्याउने रहेको छ।

**(ग) अपेक्षित उपलब्धि**

आयोजना संचालन गरिएका ६ वटा जिल्लाका ४८ गा.वि.स.मा दिगो पर्यटन विकास सम्वन्धि संस्थागत विकासका लागि अति गरिव महिला तथा ग्रामिण जनताको जन चेतना अभिवृदि हुने अपेक्षा गरिएको छ।

## संस्कृति

विभिन्न जात जाती जनजाती तथा समुदायहरूको समन्वय स्थलको रूपमा रहेको ऐतिहासिक, धार्मिक वस्तुकला, मूर्ति कला साथै चित्रकलाका अतिरिक्त ऐतिहासिक पुरातात्विक वस्तु तथा विश्व सम्पदा सूचिमा रहेको सात स्थान समेत यस अधिराज्यमा रहदा आफ्नै अलौकिक महत्व रहन गएको छ। वौद्ध तथा हिन्दु धर्मको पावन भूमि नेपाल विश्वमा एक मात्र हिन्दु अधिराज्य हुनुका साथै साँस्कृतिक सम्पदामा त्यतिकै सम्पन्न छ। सांस्कृतिक सम्पदालाई पर्यटकीय तथा धार्मिक पर्यटनको रूपमा विकास गर्न सके गरीवी निवारणमा टेवा पुग्न जाने समेत देखिन्छ।

आ. व. २०६१।६२ मा संस्कृति क्षेत्रमा संचालन हुने प्राथमिकताक्रम अनुसारको विकास कार्यक्रम/आयोजनाहरूका संख्या तथा विनियोजित वजेटको विवरण यस प्रकार छ।

रू हजारमा

| प्राथमिकता | आयोजना संख्या | आ. व. २०६१।६२ को वजेट | कुल बजेटको प्रतिशत |
|---|---|---|---|
| P1 | ४ | १५६२०० | ५७.८७ |
| P2 | ३ | ४२५०० | १५.७५ |
| P3 | ३ | ७१२०० | २६.३८ |
| जम्मा | १० | २६९९०० | १००.० |

आ.व. २०६१/६२ मा संस्कृति क्षेत्र तर्फ निम्न आयोजनाहरू संचालन गरिनेछन्।

**१. विश्व सम्पदा क्षेत्र संरक्षण आयोजना ४९-४-५६७/४९-४-५६७**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति** : आ.व. २०५८/५९ | **आयोजना सम्पन्न हुने मिति** :सालवसाली |
| **कुल लागत** :x | **आ.व.२०६१/६२ को वजेट** : रू. ८७०० हजार |

| | |
|---|---|
| आयोजनाको प्रकृति : संरक्षण | श्रोत : श्री ५ को सरकार रू ३७,०० हजार<br>जापान डि.आर.एफ. रू ५०,०० हजार |

(क) आ.व.२०६०/६१ को प्रगति

विश्व सम्पदा सूचीमा परेका ७ महत्वपूर्ण स्थानहरू हनुमान ढोका दरवार, पाटन दरवार, भक्तपुर दरवार, पशुपतिनाथ, वौद्धनाथ, चाँगुनारायण मन्दिर र स्वयम्भू क्षेत्रको विश्व सम्पदा सूचीको मापदण्ड अनुसार संरक्षण र सम्वर्द्धन कार्य यस आयोजनावाट भईरहेको छ ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

प्रत्येक वर्ष विश्व सम्पदा क्षेत्रको वातावरण सुधार तथा विश्व सम्पदा सूचिको मापदण्ड अनुरूप वनाउन, स्मारक क्षेत्र भित्रका घर, मठ मन्दिर दरवारका नाप नक्सा तयार गरि विवरण तयार गर्ने र मोहोडा सुधार, पाटन दरवारको दक्षिण पूर्वि लंगको जिर्णोद्धार, ५५ झयाले दरवार जिर्णोद्धार, चाँगुनारायण अमात्य सत्तल जिर्णोद्धार, पुरातात्विक मापदण्ड अनुसार सुधार गर्ने कार्यक्रम रहेको छ

(ग) अपेक्षित उपलब्धि

विश्व सम्पदा सूचीमा सुचिकृत भएका नेपालका सम्पदाहरूको विश्व मापदण्ड अनुसार संरक्षण सम्वर्दन भई विश्व सम्पदा क्षेत्रको विकास हुने अपेक्षा गरिएको छ ।

## २. पुरातात्विक स्थल संरक्षण आयोजना ४९-४-५६०/४९-३-५६०

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति** : आ.व. २०४६/४७ | **आयोजना सम्पन्न हुने मिति:** सालवसाली |
| **कुल लागत** :x | **आ.व.२०६१/६२ को वजेट** : रू.२,२५,०० हजार |
| **आयोजनाको प्रकृति** : संरक्षण तथा मर्मत | **श्रोत** श्री ५ को सरकार रू. १,७५,०० हजार<br>जापान डि.आर.एफ. रू. ५०,०० हजार |

(क) आ.व.२०६०/६१ को प्रगति

पुरातात्विक ऐतिहासिक तथा धार्मिक रूपले महत्व पूर्ण रहेका स्थान, मन्दिर, पाटिपौवा तथा दरवार आदिको उत्खनन् जिर्णोद्धार तथा संरक्षणको कार्य यस आयोजनावाट संचालित छन् ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:

यस आयोजना अन्तरगत अधिराज्यभरिका धार्मिक, ऐतिहासिक, मठ मन्दिर तथा देवालयको संरक्षण सम्वर्धन तथा संग्रहालयको विकास गर्ने कार्यक्रमहरू रहेका छन् । पुरातात्विक अभिलेख संरक्षण, माइक्रो फिल्म तयार गर्ने, पुरातात्विक वस्तु संरक्षणका लागि रसायन शाला, मुद्रा संग्रहालय, क्षेत्रिय संग्रहालय भवनहरू विस्तार हस्तलिखित गन्थ संरक्षण साथै अधिराज्य भरि विभिन्न स्थानमा रहेका देवस्थल, पाटी-पौवा जिर्णोद्धार गर्ने कार्यक्रम रहेको छ ।

(ग) अपेक्षित उपलब्धि

पुरातात्विक ऐतिहासिक तथा धार्मिक स्थलहरूको उत्खनन् संरक्षण सम्वर्द्धन तथा जिर्णोद्धारका कार्य सम्पन्न भई सम्पदाको संरक्षण तथा जिर्णोद्धार कार्यमा जनसहभागिता समेत परिचालन गरिने अपेक्षा गरिएको छ ।

## ३. पशुपति क्षेत्र विकास कोष ४९-४-६८५

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति** : २०५८ | **आयोजना संपन्न हुने मिति** : २०६८ |
| **कुल लागत** : रू. २,०३,००,०० हजार | **आ.व.२०६१/६२ को वजेट** : रू.८,५०,०० हजार |
| **आयोजनाको प्रकृति** :संरक्षण तथा सम्वर्द्धन | **श्रोत** : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति

विश्वसम्पदा क्षेत्रमा समेत सूचिकृत रहेको हिन्दू अधिराज्य नेपालका आराध्यदेव पशुपतिनाथ क्षेत्रको विकास गुरू योजना अनुरूप संरक्षण, सर्म्वधन तथा विकास गरि धार्मिक पर्यटन क्षेत्रको रूपमा विकास गर्ने उदेश्य रहेको छ । गुरू योजना अन्तरगत पशुपति क्षेत्रको Core Area को जग्गा अधिग्रहण गरि घर टहरा भत्काई पुरातात्विक महत्वका मठ मन्दिर तथा सत्तलहरू जिर्णोद्धार तथा सुधारका कार्यक्रमहरू संचालन भैरहेका छन् ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

यस आ.व.मा B12 क्षेत्रको जग्गा अधिग्रहण, सदावर्त सत्तल जिर्णोद्धार, किरियापुत्री स्थलको सुधार, कोर क्षेत्रको वातावरण सम्वर्द्धन कार्य तथा खानेपानी व्यवस्था मुख्य रहेका छन् ।

ग) अपेक्षित उपलब्धि

गुरू योजना अनुसार पशुपति क्षेत्रको विकास गरि धार्मिक पर्यटनको विकासका साथै विश्व सम्पदा क्षेत्रमा सूचिकृत रहेको यो क्षेत्रको संरक्षण र विकास हुने जग्गा अधिग्रहण पछि दाताहरूवाट निर्माण कार्यमा सहयोग पुग्न सक्ने अपेक्षा गरिएको छ ।

## ४. लुम्बिनि विकास कोष ४९-४-६८६/४९-३-६८६

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** २०४२/४३ | **आयोजना संपन्न हुने मिति :** |
| **कुल लागत :** रू. ४,००,०० हजार | **आ.व.२०६१/६२ को वजेट :** रू.४,००,०० हजार |
| **आयोजनाको प्रकृति :** संरक्षण सम्वर्द्धन | **श्रोत :** श्री ५ को सरकार रू २,२५,०० हजार |
| | जापान डि.आर.एफ. रू. १,५०,०० हजार |

(क) **आ.व.२०६०/६१ को प्रगति**

विश्वसम्पदा क्षेत्रमा समेत सूचिकृत रहेको यो क्षेत्र गुरू योजना अनुसार पवित्र बौद्ध तीर्थ स्थलको रूपमा विकास गरि धार्मिक पर्यटकिय क्षेत्र बनाउने उदेश्य रहेकोमा यस वर्ष मायादेवी मन्दिर निर्माण कार्य सम्पन्न भई सर्कुलर पोखरीको केहि भागको कार्य र अन्य निर्माण कार्यहरू भइरहेका छन् ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

गत वर्ष देखि संचालनमा रहेका संकुलर पोखरीको उत्तर तर्फ र पश्चिम तर्फको कार्य पुरा गर्ने, पेरीफेरी परखाल, नदी नियन्त्रण, देवदह क्षेत्र उत्खन्न् संरक्षण, गौतमबुद्ध शान्ति पुरस्कार, कुदान स्तुप र पोखरी सरसफाइ अन्तराष्ट्रिय गौतमवुद्ध शान्ति पुरस्कार, विश्व बौद्ध सम्मेलन आयोजना मुख्य कार्य रहेका छन् ।

(ग) **अपेक्षित उपलब्धि**

गुरू योजना अनुसार लुम्विनि क्षेत्रको संरक्षण भई धार्मिक पर्यटनमा बृद्धि हुने अपेक्षा गरिएको छ ।

## ५. राष्ट्रिय प्रतिभा स्मारक कोष ४९-४-६८१/४९-३-६८१

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५३/५४ | **आयोजना सम्पन्न हुने मिति** सालबसाली |
| **कुल लागत :** x | **आ.व.२०६१/६२ को वजेट :** रू.१,००,०० हजार |
| **आयोजनाको प्रकृति :** प्रतिभा सम्मान | **श्रोत :** श्री ५ को सरकार |

(क) **आ.व.२०६०/६१ को प्रगति**

राष्ट्रिय विभूतीहरूको नाममा संचालित संस्थाहरूलाई कोषको कार्यविधि अनुरूप अनुदान प्रदान गरिएको छ ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

कोष अन्तरगत प्रतिभा स्मारक कोषको कार्यविधि अनुरूप विभिन्न राष्ट्रिय विभूतिको नाउँमा संचालित कोष तथा संघ संस्थालाई अनुदान वितरण गर्ने कार्यक्रम रहेकोछ ।

ग) **अपेक्षित उपलब्धि**

राष्ट्रिय विभूतिहरूको नाउँमा खोलिएका संस्था, स्मारक स्थल, प्रतिमास्थलहरूको संरक्षण भै राष्ट्रिय विभूतीहरूको योगदान चिरस्थाई रहने र यी संस्थाहरूबाट संचालन हुने कार्यक्रमहरूबाट सामाजिक परिचालन चेतना अभिवृद्धि र अध्ययन अनुसन्धान कार्य विस्तार हुने अपेक्षा गरिएको छ ।

## ६. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद ४९-४-६१०/४९-३-६१०

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५५/५६ | **आयोजना सम्पन्न मिति:** सालबसाली |
| **कुल लागत :** x | **आ.व.२०६१/६२ को वजेट :** रू.८०,०० हजार |
| | **श्रोत :** श्री ५ को सरकार |
| **आयोजनाको प्रकृति :** संरक्षण | |

आ.व.२०६०/६१ को प्रगति

(क) हिन्दु धर्मको आस्था केन्द्र जनकपुर क्षेत्र तथा जनकनन्दीनी सीताको जन्मस्थल रहेको जनकपुर क्षेत्रको संरक्षण सम्वंधन कार्य भै रहेको छ।

आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

(ख) राम जानकी मन्दिर, दशरथ मन्दिर संरक्षण साथै त्यस क्षेत्रमा रहेका ताल, तलैया, परिक्रमा पथको सुधार जस्ता कार्यक्रम रहेको छन्।

अपेक्षित उपलब्धि

(ग) बृहत्तर जनकपुर क्षेत्रको गुरू योजना अनुरूप विकास हुने अपेक्षा गरिएको छ।

७. साँस्कृतिक संस्थान ४९-४-६८७/४९-३-६८७

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : आ.व. २०५३/५४ | आयोजना सम्पन्न हुने मितिः सालवसाली |
| कुल लागत :x | आ.व.२०६१/६२ को वजेट : रू.२,८५,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण तथा संस्कृतिक सम्वर्द्धन | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति

साँस्कृतिक संस्थानलाई व्यावसायिक रूपमा संचालन गरी मुलुकको संस्कृति तथा कलाको विकास गरि चलचित्र संस्थानको रानीपोखरी स्थित भवन सपिङ्ग कम्प्लेक्स सहित नाचघर निर्माणको जमीनस्तर सम्मनको कार्य समाप्त भएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

जमल रानीपोखरी स्थीत राष्ट्रिय नाचघरलाई सपिङ्ग कम्प्लेक्स सहित राष्ट्रिय नाचघर निर्माणको लागि ऋण लगानी स्वरूप हालसम्म रू. ६ करोड ३९ लाख ऋण लगानी भैसकेको र यस आ. व. मा रू. १ करोड ८४ लाख ऋण लगानि ऋण लगानी गरि उक्त नाचघर निर्माण गर्ने कार्यक्रम रहेको छ। सांस्कृतिक संस्थानलाई सवैको साझा संस्था सांस्कृतिक प्रतिष्ठानको रूपमा विकसित गर्ने कार्यको थालनी गरिनेछ।

(ग) अपेक्षित उपलब्धि

सांस्कृति संस्थानको नाचघर निर्माण पछि साँस्कृतिक संस्थान स्व आर्जनमा वाच्न सक्ने अपेक्षा गरिएको छ।

८. गोरखा दरवार क्षेत्र संरक्षण परियोजना ४९-४-५६६/४९-३-५६६

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : आ.व. २०४१/४२ | आयोजना संपन्न हुने मिति :आ.व. २०६१/६२ |
| कुल लागत : X | आ.व.२०६१/६२ को वजेट : रू.७०,०० हजार |
| आयोजनाको प्रकृति : निर्माण | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति

राष्ट्रिय एकताको प्रतिकको रूपमा रहेको गोरखादरवार ऐतिहासिक, धार्मिक तथा पुरातात्विक महत्वको दरवार क्षेत्रलाई संरक्षण तथा समवद्धन गर्ने कार्य विगत ४ वर्ष देखि संचालन हुँदै आइरहेको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

यस अन्तरगत तल्लो कोटको कोटघर संरक्षण, महादेव मन्दिर परलाङ्को चौतारो जीर्णोद्धार, पाटी धारा संरक्षण, शाहवंशका राजाहरूका ९ वटा तैलचित्र तयार गर्ने ११ पानी चित्र वनाउने र पार्क संरक्षण कार्य रहेका छन्।

ग) अपेक्षित उपलब्धि

गुरूयोजना अनुरूप धार्मिक तथा ऐतिहासिक स्थल गोरखा दरवार क्षेत्रको संरक्षण हुने र यस आ.व. वाट जिर्णोद्धार कार्य सम्पन्न हुने अपेक्षा गरिएको छ।

९. राजकीय प्रज्ञा प्रतिष्ठान ४९-४-६८८/४९-३-६८८

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : २०५३/५४ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कुल लागत :x | आ.व.२०६१/६२ को वजेट : रू. ३,२७,०० हजार |
| आयोजनाको प्रकृति : अनुसन्धान एवं विकास | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व.२०६०/६१ को प्रगति**

राष्ट्रको भाषा भाषिका साहित्यकला तथा स्रष्टाको विकासको नियमित कार्यहरू रहेका छन् ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

यस प्रतिष्ठानले समेतेको विभिन्न क्षेत्रको विकासका लागि भाषा, साहित्य, साँस्कृतिक तथा समाजशास्त्र कला कौशल संगित नाट्यको विकास लगायत, पृथ्वि जयन्ती व्यूत्पतिकोष प्रकाशन, लघु विश्वकोष तथा अन्य ग्रन्थ प्रकाशन कार्यक्रम रहेको छन् । भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धनमा अनवरत कार्यरत प्रतिभाहरूलाई प्रोत्साहित गर्ने कार्यक्रम पनि शुरू गरिनेछ ।

(ग) **अपेक्षित उपलब्धि**

भाषा, साहित्य, कला, संस्कृति तथा स्रष्टाको विकास हुने र राष्ट्र निर्माणमा टेवा पुग्ने अपेक्षा गरिएको छ ।

## १०. संस्कृति प्रवर्द्धन कार्यक्रम ४९-४-५९०/४९-३-५९०

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** आ.व. २०५५/५६ | **आयोजना सम्पन्न हुने मितिः** सालबसाली |
| **कुल लागत :** x | **आ.व.२०६१/६२ को वजेट :** रू.२,७५,०० हजार |
| **आयोजनाको प्रकृति :** संरक्षण | **श्रोत : श्री ५ को सरकार** रू. १,७५,०० हजार<br>जापान डि.आर.एफ. रू. १,००,०० हजार |

(क) **आ.व.२०६०/६१ को प्रगति**

देशको मौलिक संस्कृति, साँस्कृतिक सम्पदा प्रवर्द्धन, प्रतिलिपि अधिकार, सांस्कृतिक आदान प्रदान तथा श्री ५ को सरकारद्धारा गठित, ५ वटा समितिलाई अनुदान दिने र श्री ५ को सरकार सदस्य रहेका ICCROM, UNESCO, World Heritage Center General Assembly संस्थाहरूमा भाग लिने कार्य भएको छ ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

सास्कृतिक संरक्षण तर्फ ३ वटा मुलुकसंग सांस्कृतिक सम्झौता गर्ने, पूर्वाञ्चल विकास क्षेत्रको Intangible Culture Heritage को विवरण तयार गर्ने, साँस्कृतिक सम्झौता भएका मुलुकसंग सांस्कृतिक आदान प्रदान, परम्परागत रितिरिवाजको संरक्षण, श्री ५ को सरकारद्धारा गठित बुढानिलकण्ठ, बौद्धनाथ, मनकामना, हलेसी महादेव स्थान र पाथीभरा समितिलाई अनुदान, स्व महाकवि लक्ष्मिप्रसादको कवि कुञ्ज खरिद, वि.पि. कोइराला संग्रहालय विकास महाशाखा सुदृढिकरण आदि कार्य संचालन गरिने छन् । प्रतिलिपि अधिकार अन्तरगत ऐन नियम प्रकाशन रोयल्टी संकलन सस्था स्थापना, प्रतिलिपि सम्वन्धि चेतना अभिवृद्धि, Born Convention सम्वन्धी कार्यहरू गर्ने र प्रतिलिपि अधिकार सम्वन्धि नयां कार्यालय स्थापना भएकाले कार्यालयको भौतिक सुधार कार्यक्रमहरू समेत रहेका छन् ।

ग) **अपेक्षित उपलब्धि**

सांस्कृतिक आदान प्रदानद्धारा संस्कृतिक सम्वन्धको विस्तार, Intangible Culture Heritage को संरक्षण तथा श्री ५ को सरकार गठित समितिको संचालनमा सहयोग पुग्ने कवि कुन्जको विकास र प्रतिलिपि अधिकार सम्वन्धि ऐन नियमको तर्जुमा हुनेछ ।

## संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको २०६१/६२ को वार्षिक विकास कार्यक्रम र बजेट

पर्यटन

(रू. हजारमा)

| सि. नं. | आयोजनाको/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. व. २०६१/६२ को विनियोजित बजेट | | | स्रोत | | | प्राथमिकता संकेत | दशौं योजनाको रणनीति संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु खर्च | पूंजिगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| १ | क्षेत्रिय पर्यटन प्रवर्द्धन (४९-३-२८४) | २०००० | २२५०० | २२५०० | | १२५०० | | १०००० ADB, GRP | P1 | ०१ |
| २ | पर्वतिय पर्यटन तथा पर्यटन उद्योग व्यवस्थापन (४९-३-२८१) | ५०२३ | ५५०० | ५५०० | | २५०० | ३००० Japan DRF | | P2 | ०४ |
| ३ | डकुमेन्टेशन अनुसन्धान तालिम (४९-३-२५०/४९-४-२५०) | ३३५६ | ८३०० | ७७०० | ६०० | ६३०० | २००० Japan DRF | | P3 | ०४ |
| ४ | नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान (४९-३-२६०/४९-४-२६०) | २६०० | ११४०० | ११००० | ४०० | ११४०० | | | P2 | ०४ |
| ५ | पर्यटकीय धार्मिक संपदा संरक्षण (४९-३-२८०/४९-४-२८०) | ७९०४ | ३००० | ३३० | २६७० | ३००० | | | P2 | ०२ |
| ६ | इको टूरिज्म आयोजना (४९-३-२८३) | ७२०० | १००० | १००० | | १००० | | | P1 | ०२ |
| ७. | ग्रामिण गरिबी निवारणका लागि पर्यटन (४९-३-२८५) | | ७०००० | ७०००० | | | ७०००० UNDP | | P1 | ०१ |
| | जम्मा | ४६०८३ | १२१७०० | ११८०३० | ३६७० | ३६७०० | ७५००० | १०००० | | |

## संस्कृति,पर्यटन तथा नागरिक उड्डयन क्षेत्रको २०६१/६२ को वार्षिक विकास कार्यक्रम र बजेट

संस्कृति

(रू. हजारमा)

| सि. नं. | आयोजनाको/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. ब. २०६१/६२ को विनियोजित बजेट | | | स्रोत | | | प्रायमिकता संकेत | दशौं योजनाको रणनीति संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु खर्च | पूंजिगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| १ | विश्व सम्पदा क्षेत्र संरक्षणं (४९-३-५६७/४९-४-५६७) | १४०९४ | ८७०० | १५५० | ७१५० | ३७०० | ५००० Japan DRF | | P1 | ०२ |
| २ | पुरातात्विक स्थल संरक्षण (४९-३-५६०/४९-४-५६०) | २१५०७ | २२५०० | ४८६३ | १७६३७ | १७५०० | ५००० Japan DRF | | P1 | ०२ |
| ३ | गोरखा दरवार क्षेत्र संरक्षण (४९-३-५६६/४९-४-५६६) | ७८२१ | ७००० | १४०० | ५६०० | ७००० | | | P2 | ०२ |
| ४ | नेपाल राजकीय प्रज्ञाप्रतिस्ठान (४९-३-६८८/४९-४-६८८) | ६७७० | ३२७०० | ३११०० | १६०० | ३२७०० | | | P3 | ०२ |
| ५ | राष्ट्रिय प्रतिभास्मारक कोष (४९-३-६८१) | ६७३६ | १०००० | १०००० | | १०००० | | | P3 | ०२ |
| ६ | सांस्कृतिक संस्थान (४९-३-६८७/४९-४-६८७) | १४१३४ | २८५०० | १०१०० | १८४०० | २८५०० | | | P3 | ०२ |
| ७. | संस्कृति प्रवर्द्धन कार्यक्रम (४९-३-५९०/४९-४-५९०) | २६७०७ | २७५०० | १२०७० | १५४३० | १७५०० | १०००० Japan DRF | | P2 | ०२ |
| ८. | पशुपति क्षेत्र विकास कोष(४९-४-६८५) | ६३८०० | ८५००० | | ८५००० | ८५००० | | | P1 | ०२ |
| ९. | लुम्बिनि विकास कोष (४९-३-६८६/४९-४-६८६) | २९९०३ | ४०००० | १५६०० | २४४०० | २५००० | १५००० Japan DRF | | P1 | ०२ |
| १०. | बृहत्तर जनकपुर क्षेत्र विकास (४९-३-६१०/४९-४-६१०) | ४३७६ | ८००० | ४५०० | ३५०० | ८००० | | | P2 | ०२ |
| | जम्मा | १९५८४८ | २६९९०० | ९११८३ | १७८७१७ | २३४९०० | ३५००० | | | |

## ४.३.२ वाणिज्य

व्यापार क्षेत्रमा श्री ५ को सरकारले पूर्वाधार निर्माण, निर्यात प्रवर्द्धन, विशेष आर्थिक क्षेत्र, निर्यात प्रशोधन क्षेत्र जस्ता विभिन्न कार्यक्रमहरू संचालन गर्दै आएको छ।

यसै क्रममा हालै नेपाल विश्व व्यापार संगठन (WTO), दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (SAFTA), BIMST-EC जस्ता बहुपक्षिय तथा क्षेत्रीय व्यापार संगठनसंग आवद्ध भएको छ। यी संगठनहरूको सदस्यताले मुलुकमा धेरै अवसरहरू र चुनौतीहरू निम्त्याएको छ। नेपालको मुख्य चुनौती स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमताको विकास, उत्पादकत्व वृद्धि एवं निर्यात योग्य वस्तुहरूको प्रवर्द्धन गर्नु रहेको छ। साथै उद्योग, वाणिज्य, वैदेशिक लगानी, श्रम सम्बन्धी ऐन, नीतिहरूलाइ अझ उदार र लगानी मैत्री बनाउनुका साथै विश्व व्यापार संगठनको सदस्यता प्राप्त गर्दा गरिएका प्रतिवद्धताहरूको क्रमश: कार्यान्वयन गर्नु त्यत्तिकै महत्वपूर्ण छन्।

व्यापार तथा वाणिज्य क्षेत्रमा संञ्चालन गरिदै आएको नेपाल मल्टिमोडल ट्रान्जिट एण्ड ट्रेड फेसिलिटेसन आयोजना संपन्न भएको छ। यस आर्थिक वर्षमा हालै नेपाल सदस्य भएको WTO, SAFTA, BIMST-EC बाट अधिकतम लाभ लिने उदेश्यले ती संस्थाहरू सम्बन्धी प्रचार प्रसार, ऐन, नियम पुनरावलोकन, तर्जुमा आदि कार्यहरू संचालन गरिनेछ।

आ. व. २०६१।६२ मा वाणिज्य क्षेत्रमा संचालन हुने प्राथमिकताक्रम अनुसारका विकास कार्यक्रम/आयोजनाहरूको संख्या तथा विनियोजित वजेटको संक्षिप्त विवरण यस प्रकार छ।

रू. हजारमा

| प्राथमिकता | आयोजना संख्या | आ. व. २०६१।६२ को वजेट | कुल वजेटको प्रतिशत |
|---|---|---|---|
| P1 | २ | ४४९२५ | ५१.८ |
| P2 | १ | २७२०० | ३१.३ |
| P3 | १ | १४६४० | १६.९ |
| जम्मा: | ४ | ८६७६५ | १००.० |

आ.व. २०६१/६२ मा वाणिज्य क्षेत्रमा निम्न कार्यक्रम/आयोजनाहरू संचालन गरिने छन्।

### १. विशेष आर्थिक क्षेत्र आयोजना (निर्यात प्रशोधन क्षेत्र समेत) (३८-३-६५३/३८-४-६५३)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना सुरू मितिः** आ.व. २०५६/५७, निर्यात प्रशोधन क्षेत्र (EPZ)
आ.व. २०६०/६१, **विशेष आर्थिक क्षेत्र** (SEZ)

**आयोजना संपन्न हुने मिति :** x

**कुल लागत :** x

**आ.व.२०६१/६२ को वजेट :** रू.३,९९,२५ हजार

**आयोजनाको प्रकृति :** प्रवर्द्धनात्मक

**श्रोत:** श्री ५ को सरकारको रू. ९९,२५ हजार
र IDA, PRSC (ऋण) रू. ३,००,०० हजार

(क) **आ.व.२०६०/६१ को प्रगति**

निर्यात प्रवर्द्धन गर्ने उद्धश्यले निर्यात प्रशोधन क्षेत्र आयोजना (भ्एश) आ. व. २०५६/५७ देखि संचालित छ। यस आयोजना अन्तरगत विराटनगर, भैरहवा र विरगन्जमा निर्मित सुख्खा वन्दरगाह नजिकै करमुक्त निर्यात प्रशोधन क्षेत्र आयोजना स्थापना गर्ने मुख्य लक्ष्य रहेको छ। यस आयोजनाबाट हालसम्म निर्यात प्रशोधन क्षेत्रको लागि भैरहवामा ५२ विगाह जमिन अधिग्रहण भई २३०० मी. पर्खाल निर्माण भै सकेको छ।

साथै आ. व. २०६०/६१ देखि निर्यात प्रवर्द्धन गर्ने, वैदेशिक लगानी आकर्षित गर्ने प्रमुख लक्ष्य लिई विरगंज, काभ्रेको पाँचखाल तथा नुवाकोटको रातमाटे, जिलिङ, देवघाट क्षेत्रमा विशेष आर्थिक क्षेत्र (क्ष्ह) स्थापना गर्न प्रारम्भिक कार्यको शुरूवात गरिएको छ। आ. व. २०६०/६१ मा विशेष आर्थिक क्षेत्र (क्ष्ह) कानूनको अन्तिम मस्यौदा तयार भएको छ भने विशेष आर्थिक क्षेत्र काभ्रेको पाँचखाल र नुवाकोटको देविघाट जिलिङ क्षेत्रमा क्ष्ह स्थापनाको लागि चीन सरकार समक्ष सहयोगको लागि प्रस्ताव तयार गर्ने कार्य प्रारम्भ भएको छ।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू**

यस आयोजना अन्तर्गत विशेष आर्थिक क्षेत्र (SEZ) का लागि संभाव्यता अध्ययन कार्य, भैरहवाको EPZ का लागि पूर्वाधार अध्ययन कार्य (उद्योग स्थापनाका लागि आव्हान गर्ने), वातावरण प्रभाव मूल्यांकन कार्य, जग्गा विकास कार्य (१५ विगाह), ड्रेनेज निर्माण कार्य (३००० र.मीटर), आन्तरिक ग्राभेल सडक निर्माण (३ कि.मि.) तथा कार्यालय भवन निर्माण कार्य संचालन गरिने छन्।

**(ग) अपेक्षित उपलब्धि**

यस आयोजनावाट विशेष आर्थिक क्षेत्र (SEZ) र भैरहवामा निर्यात प्रशोधन क्षेत्र (EPZ) को स्थापना र संचालन भै उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन, वैदेशिक लगानीमा वृद्धि हुन गै मुलुकको आर्थिक विकासमा महत्वपुर्ण टेवा पुग्न जानेछ।

## २. निर्यात प्रवर्द्धन कोष (३८-३-६५०)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** आ. व. २०५१/५२ | **आयोजना संपन्न हुने मिति :** सालवसाली |
| **आ.व.२०६१/६२ को वजेट : रू. १,४६,४० हजार** | **श्रोत:** श्री ५ को सरकारको रू. ५५,०० हजार |
| **आयोजनाको प्रकृति :** प्रवर्द्धन तथा विकास | र Japan DRF (अनुदान)रू. ९१,४० हजार |

**(क) आ.व.२०६०/६१ को प्रगति**

यस कोषले नेपालको निर्यात व्यापार प्रवर्द्धन गर्न स्वदेश तथा विदेशमा विभिन्न औद्योगिक र कृषिजन्य वस्तुको प्रदर्शनी तथा व्यापार मेला आयोजना गर्दै आएको छ।

आ.व.२०६०/६१ मा यस आयोजनावाट हल्याण्डमा ृत्जभ ल्वतगचवा एचयमगअत भ्हउ द्दण्ण्द्ध मा सहभागिता, नारायणगढमा कृषि मेला-२०६० आयोजना, राष्ट्रिय औद्योगिक प्रदर्शनी २०६० आयोजना, चितवनमा कट फ्लावर सम्वन्धी तालिम संचालन, मोरङ्को विराटनगर र काभ्रेपलान्चोकमा क्रमश औद्योगिक जन्य र कृषि जन्य वस्तुको व्यापार मेला संचालनका कार्य सम्पन्न भएका छन्।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

निर्यात प्रवर्द्धन कोष अन्तरगत केन्द्रिय स्तरको १/१ वटा औधोगिक र कृषि तथा वन जन्य व्यापार मेलाको आयोजना गर्ने, जिल्लास्तरको औधोगिक वस्तुको २ र कृषि तथा वन जन्य वस्तुको ३ वटा मेलाको आयोजना गर्ने, वहुमुल्य पत्थर (Precious Stone) को अध्ययन र स्थान छनौट गर्ने, निर्यातको लागि वैकल्पिक पारवहनको सम्भाव्यता अध्ययन गर्ने (विरगन्ज वाट मुम्वईको ज्वालापोर्ट तथा कांकरभिट्टावाट वंगलादेशको सोहन र सिंहवाग), जडिवुटीको उत्पादन तथा संरक्षण तथा प्रवर्द्धन सम्वन्धी क्षेत्रिय गोष्ठी आयोजना गर्ने, घरेलु तथा साना उधोगको IPR विषयक गोष्ठी आयोजना गर्ने, २ वटा अन्तरराष्ट्रिय व्यापार मेलामा सहभागिता तथा सहयोग गर्ने, पत्थर कटिङ तालीम (२० जना), अन्तरराष्ट्रिय व्यापार मेला सहभागिता प्रभावकारी वनाउने नालीम (१५ जना), निर्यानकर्ता ८ जना र आयातकर्ता ७ जनालाई प्रोत्साहन पुरष्कार प्रदान गर्ने, निर्यात प्रवर्द्धन सम्वन्धी प्रकाशन र प्रचार प्रसार (२ प्रकारका पुस्तिका प्रकाशन) र अनुगमन तथा मूल्यांकन सम्वन्धी कार्यहरू गरिनेछन्।

**(ग) अपेक्षित उपलब्धि**

यस आयोजनावाट माथि उल्लेखित प्रतिफल हासिल भै तुलनात्मक लाभ भएका निर्यातयोग्य वस्तुको उत्पादन, व्यापार तथा पारवहनको सहजीकरण, निर्यातयोग्य वस्तुको प्रचार प्रसारवाट निर्यात वृद्धि हुन जानेछ।

## ३. व्यापार सूचना तथा निर्यात सहयोग आयोजना (वहुपक्षिय तथा क्षेत्रिय व्यापार सुदृढिकरण समेत) (३८-३-६५६/३८-४-६५६)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मिति :** आ. व. २०५७/५८ | **आयोजना संपन्न हुने मिति :** x |
| **आ.व.२०६१/६२ को वजेट :** रू. २,७२,०० हजार | **आयोजनाको प्रकृति :** प्रवर्द्धनात्मक तथा सेवामूलक |
| **श्रोत:** श्री ५ को सरकारको रू. २,२२,०० हजार र IDA, PRSC (ऋण) रू. ५०,०० हजार | |

(क) आ.व.२०६०/६१ को प्रगति

यस आयोजनाले निर्यात व्यापारलाई प्रवर्द्धन गर्न निर्यात कर्ताहरूलाई आवश्यक व्यापार सूचना उपलब्ध गराउन, परामर्श सेवा प्रदान गर्ने, वेभसाइट विकास, सफ्टवेयर निर्माण, कन्सेप्ट डिजाईन कार्यहरू सम्पादन गरेको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू

आ.व. २०६१/६२ मा **व्यापार सूचना तथा निर्यात सहयोग** कम्पोनेन्ट अर्न्तगत व्यापार सूचना पद्धती विकास, परामर्श सेवा, पोर्टल सफ्टवेयर निर्माण, वेभसाईट अपडेट, होस्टिङ्ग, कम्प्यूटर एक्सेसरिज खरिद, ई-कमर्श पद्धती विकास, कार्यक्रम पत्रिका छपाई प्रकाशन, उत्पादकत्व वृद्धि व्यवस्थापन सम्वन्धि कार्यहरू गरिनेछन्।

**बहुपक्षिय तथा क्षेत्रिय व्यापार सुदृढिकरण** कम्पोनेन्ट अर्न्तगत नेपाल हालैका वर्षमा WTO, SAFTA, BIMST-EC जस्ता बहुपक्षिय तथा क्षेत्रिय व्यापार संगठनको सदस्य भएवाट घरेलु तथा साना उद्योग व्यवसायले अधिकतम लाभ उठाउने गरि प्रविधि विकास, क्षमता विकास, बजार पहुँच अभिवृद्धिका कार्यक्रमहरू संचालन गरिनेछ। यस आयोजनावाट साना तथा मझौला उद्योगहरूको संस्थागत क्षमता विकासको कार्य समेत गरिनेछ। घरेलु तथा साना उद्योग व्यवसायसंग सम्वन्धित छाता संगठनहरू संग समन्वय गरी रू. २ करोडको एक कोषको माध्यमवाट यो कार्यक्रम संचालन गरिने छ।

साथै आ.व.२०६१/६२ मा WTO सम्वन्धी जनचेतना अभिबृद्धि कार्यक्रम, WTO को सदस्यता प्राप्तिका क्रममा गरीएका प्रतिवद्धता कार्यान्वयन गर्ने (नीति, ऐन कानून संसोधन, पुनरावलोकन, निर्माण), WTO संग सम्वन्धीत विषयमा नेपालले अपनाउनु पर्ने रणनीति तथा लिनु पर्ने अडान सम्वन्धी दस्तावेज तयार गर्न विशेषज्ञवाट अध्ययन तथा अनुसन्धान गराउने, WTO लाई नियमित रूपमा गर्नु पर्ने Notification को लागि प्राविधिक दस्तावेज तयार गराउने , SAFTA, BIMST-EC कार्यान्वयनका लागि अध्ययन गराउने, क्षेत्रिय वैठकहरूमा भाग लिने जस्ता कार्यक्रमहरू पनि यस आयोजनावाट संचालन गरिनेछ।

(ग) अपेक्षित उपलब्धि

यस आयोजनावाट व्यवसायिक प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि, घरेलु तथा साना उद्योग व्यवसायको प्रतिस्पर्धात्मक क्षमता विकास, वैदेशिक लगानीमा वृद्धि, उद्योग तथा व्यापार क्षेत्रका ऐन, नीतिहरू लगानीमैत्री एवं अन्तराष्ट्रिय कानुनसंग सामन्जस्यपूर्ण हुन गै मुलकको निर्यात व्यापार अभिवृद्धि र आर्थिक बृद्धिदर उच्च हुन जाने अपेक्षा गरिएको छ।

## ४. विश्व व्यापार संगठनका लागि क्षमता अभिबृद्धि कार्यक्रम (३८-३-२०४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति :वि. सं. २०५४ साल (Nepal's Accession to WTO को नामवाट) | आयोजना सम्पन्न हुने मितिः x |
| कुल लागत : x | आ.व.२०६१/६२ को वजेटः रू.५०,०० हजार |
| श्रोतः UNDP (अनुदान) | आयोजनाको प्रकृति : क्षमता विकास |

(क) आ.व.२०६०/६१ को प्रगति

UNDP को अनुदान सहयोगवाट Nepal's Accession to WTO को नामवाट उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालय अर्न्तगत संचालन हुदै आएको यस आयोजनाको नाम विश्व व्यापार संगठनका लागि क्षमता अभिवृद्धि कार्यक्रम मा परिणत भै हालै नेपाल सदस्य भएको विश्व व्यापार संगठन ९ध्ट्व० वाट अधिकतम लाभ लिन क्षमता अभिवद्धि कार्यक्रममा केन्द्रित रहेको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरूः

WTO का अल्प विकशित सदस्य मुलुकहरूलाई विकशित सदस्य राष्ट्रहरूवाट व्यापार तथा निर्यात बृद्धि गर्न संस्थागत क्षमता विकासको लागि प्राविधिक सहयोग उपलब्ध हुन सक्ने प्रावधान रहेको छ। यस कार्यक्रमबाट व्यापार सम्विन्ध ऐन, नियम, नीति तर्जुमा र संशोधन गर्न सहयोग गर्ने, जनशक्ति विकास गर्ने आदि कार्यहरू सम्पादन हुनेछ। यो कार्यक्रम ग्ल्मए बाट संचालन हुनेछ।

(ग) अपेक्षित उपलब्धि

यस आयोजनावाट उत्पादन, लगानी, निर्यात तथा नेपालको प्रतिस्पर्धात्मक क्षमतामा वृद्धि भै नेपाललाई ध्ट्ड बाट अधिकतम लाभ प्राप्त हुने जानेछ।

## बाणिज्य क्षेत्रको आ.व. २०६१/६२ को वार्षिक विकास कार्यक्रम र बजेट

(रू. हजारमा)

| सि. नं. | आयोजनाको/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. व. २०६१/६२ को विनियोजित बजेट | | | स्रोत | | | प्राथमिकता संकेत | दशौं योजनाको रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | जम्मा | चालु खर्च | पूंजिगत खर्च | | अनुदान | ऋण | | |
| १ | विशेष आर्थिक क्षेत्र आयोजना ( निर्यात प्रशोधन क्षेत्र समेत) (३८-३-६५३/३८-४-६५३) | ३५९६६ | ३९९२५ | ३२२९ | ३६६९६ | ९९२५ | | ३०००० IDA, PRSC | P1 | ०१ |
| २ | निर्यात प्रवर्द्धन कोष (३८-३-६५०) | १००३४ | १४६४० | १४६४० | | ५५०० | ९१४० Japan DRF | | P3 | ०१ |
| ३ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना ( बहुपक्षिय तथा क्षेत्रिय व्यापार सुदृढिकरण समेत) (३८-३-६५६/३८-४-६५६) | २०९० | २७२०० | २७०८५ | ११५ | २२२०० . | | ५००० IDA, PRSC | P2 | ०४ |
| ४ | विश्वव्यापार संगठनका लागि क्षमता अभिबृद्धि कार्यक्रम (३८-३-२०४) | | ५००० | ५००० | | | ५००० UNDP | | P1 | ०१ |
| | जम्मा : | ४८०९० | ८६७६५ | ४९९५४ | ३६८११ | ३७६२५ | १४१४० | ३५००० | | |

## ४.३.३ आपूर्ति

स्थानिय उपभोग्य सामानको उत्पादन तथा वितरण नीजी क्षेत्रवाटै गराउने र खाधान्न लगायतका स्थानीयस्तरका उपभोग्य वस्तुहरू स्थानीय स्तरमा नै उत्पादन गर्न स्थानिय उत्पादक/ कृषकलाई प्रोत्साहन गर्ने सरकारको नीति अनुसार विगतमा सरकारले दिंदै आएको मुल्य तथा ढुवानी अनुदानलाई हटाउदै आएको छ। तापनि खाधान्न अभाव हुने अधिराज्यका केही दुर्गम तथा आंशिक दुर्गम जिल्लाहरूमा नीजि क्षेत्रवाट माग अनुसारको आपूर्ति व्यवस्था सुनिश्चित हुन नसक्ने भएकोले श्री ५ को सरकारले ती दुर्गम स्थानहरूमा खाधान्न ढुवानीको लागि ढुवानी अनुदानलाई निरन्तरता दिंदै आएको छ। साथै अधिराज्यका दुर्गम स्थानहरूमा आयोडिनयुक्त नुन ढुवानीको लागि समेत अनुदान उपलब्ध गराउदै आएको छ। यसैले आ. व. २०६१।६२ मा पनि खाधान्न ढुवानी तथा नुन ढुवानी अनुदानका कार्यक्रमहरूलाई निरन्तरता दिईनेछ।

आ. व. २०६१।६२ मा आपूर्ति क्षेत्रमा संचालन हुने प्राथमिकताक्रम अनुसारका विकास कार्यक्रम/आयोजनाहरूको संख्या तथा विनियोजित वजेटको संक्षिप्त विवरण यस प्रकार छ।

रू हजारमा

| प्राथमिकता | आयोजना संख्या | आ. व. २०६१।६२ को वजेट | कुल बजेटको प्रतिशत |
|---|---|---|---|
| P1 | २ | २६६२७५ | १००.० |
| जम्मा : | २ | २६६२७५ | १००.० |

आ.व. २०६१/६२ मा आपूर्ति क्षेत्रमा निम्न कार्यक्रम/आयोजनाहरू संचालन गरिने छन्।

### १. नेपाल खाद्य संस्थान (३८-३-६१०)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना सुरू मिति :** आ. व. २०४९/५०
**आयोजना संपन्न हुने मिति :** सालवसाली
**आ.व.२०६१/६२ को वजेट :** रू. २१,१२,७५ हजार
**आयोजनाको प्रकृति :** खाद्य सुरक्षा
**श्रोत:** श्री ५ को सरकारको रू. ८,००,०० हजार
र Japan DRF (अनुदान) रू. १३,१२,७५ हजार

**(क) आ.व.२०६०/६१ को प्रगति**

खाद्यान्न अभाव हुने हिमाली तथा पहाडी भेगका ३० दुर्गम जिल्लाहरूमा नेपाल खाद्य संस्थानवाट खाद्यान्न ढुवानी गर्न ढुवानी अनुदानको लागि श्री ५ को सरकारले अनुदान उपलब्ध गराउँदै आएको छ। आ.व. २०६०/६१ मा (२०६० आषाढ तेश्रो हप्ता सम्म) नेपाल खाद्य संस्थानवाट ३० दुर्गम जिल्लाहरूमा ४,९९० मे. टन खाद्यान्न ढुवानी भएको छ।

**(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

आ.व. २०६१/६२ मा अधिराज्यका ३० दुर्गम जिल्लाहरूमा ६,५२० मे.टन खाद्यान्न ढुवानी गर्न नेपाल खाद्य संस्थानलाई ढुवानी अनुदान उपलव्ध हुनेछ।

**(ग) अपेक्षित उपलब्धि**

खाद्यान्न अभाव हुने हिमाली तथा पहाडी भेगका दुर्गम जिल्लाहरूमा सुलभ रूपमा खाधान्न आपुर्ति भै खाद्य सुरक्षा हुने र जनतालाई राहत पुग्न जानेछ।

### २. कण्ठरोग नियन्त्रण आयोजना (३८-३-६१३)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना सुरू मिति:** आ. व. २०४९/५०
**आयोजना संपन्न हुने मिति :** सालवसाली
**आ.व.२०६१/६२ को वजेट :** रू.५,५०,०० हजार
**आयोजनाको प्रकृति :** सेवामूलक
**श्रोत:** श्री ५ को सरकारको रू. २,००,०० हजार,
IDA, PRSC (ऋण) रू. १,५०,०० हजार र
भारत सरकारको (अनुदान) रू. २,००,०० हजार

**(क) आ.व.२०६०/६१ को प्रगति**

दुर्गम तथा आंशिक दुर्गम जिल्लामा जनताहरूको लागि आयोडिनको कमिवाट उपन्न हुने रोगहरूको उन्मूलन गर्न

साल्ट ट्रेडिङ कर्पोरेशनवाट आयोडिन युक्त नून ढुवानी गर्नको लागि विगत वर्षहरू देखि श्री ५ को सरकारले नून ढुवानी अनुदान उपलब्ध गराउँदै आएको छ।

आ.व. २०६०/६१ मा यस आयोजनावाट जेठ मसान्त सम्म जम्मा १७,२८० क्विन्टल नून ढुवानी भएको छ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

यस आयोजना अन्तर्गत अधिराज्यका २२ दुर्गम तथा आंशिक दुर्गम जिल्लाहरूमा साल्ट ट्रेडिङ कर्पोरेशनलाई ढुवानी अनुदान उपलब्ध गराई जम्मा २१,७०० क्वीन्टल नून ढुवानी गर्ने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धि**

आयोडिनयुक्त नुनको आपूर्तिवाट आयोडिनको कमिवाट लाग्ने रोगको रोकथाम हुन गै जनस्वास्थ्मा सुधार हुन जानेछ।

## आपुर्ति क्षेत्रको आ.व. २०६१/६२ को वार्षिक विकास कार्यक्रम र बजेट

(रू. हजारमा)

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. व. २०६१/६२ को विनियोजित बजेट | | | श्रोत | | | प्राथमिकता संकेत | दशौं योजनाको रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु खर्च | पूंजिगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| १ | नेपाल खाद्य संस्थान (३८-३-६१०) | १८८९०० | २११२७५ | २११२७५ | | ८०००० | १३१२७५ Japan DRF | | P1 | ०३ |
| २ | कण्ठरोग नियन्त्रण आयोजना (३८-३-६१३) | ५०००० | ५५००० | ५५००० | | २०००० | २०००० भारत | १५००० IDA, PRSC | P1 | ०३ |
| | जम्मा | २३८९०० | २६६२७५ | २६६२७५ | | १००००० | १५१२७५ | १५००० | | |

## ४.३.४ श्रम तथा मजदुर कल्याण

आन्तरिक द्वन्द, औद्योगिक गतिविधिमा आएको शिथिलता, बृहद विकास आयोजनाको संचालनमा आशातित वृद्धि नहुनु आदि कारण वर्षेनि श्रम बजारमा थपिने २ लाख भन्दा बढि श्रम शक्तिको व्यवस्थापन ठूलो चुनौतीको रूपमा रहेको छ।

वैदेशिक श्रम बजार तुलनात्मक रूपमा आकर्षक र रोजगारीको ठूलो श्रोत भएकोले वर्षेनि थप भै रहेको श्रम शक्तिलाई वैदेशिक रोजगारीको लागि परिचालन गर्न वैदेशिक श्रम बजारको माग अनुसार शिपयुक्त र दक्ष जनशक्ति उत्पादन गर्नु अपरिहार्य भएको छ। श्री ५ को सरकारले राष्ट्रिय र अन्तरराष्ट्रिय श्रम बजारमा माग अनुसार जनशक्ति पूर्ति गर्न व्यवसायिक र शिपविकास कार्यक्रमहरू संचालन गर्दै आएको छ। विगतमा २ वटा व्यवसायिक तालीम केन्द्र र १४ वटा शिप विकास तालीम केन्द्रहरू संचालन भै रहेकोमा आ.व. २०६१-६२ देखि तिनीहरूलाई एकिकृत गरी उपयुक्त १० स्थानमा केन्द्र संचालन गर्ने कार्यक्रम रहेको छ। अन्तरराष्ट्रिय श्रम संगठनको सहयोगमा १२,००० निकृष्ट बालश्रम निवारण गर्ने कार्यक्रम रहेको छ। श्रमिकहरूको स्वास्थ्य सुधार लगायत सामाजिक सुरक्षा प्रदान गर्न कार्यक्रम संचालन गरिने छ। वेरोजगार तथा अर्ध वेरोजगार व्यक्तिहरूलाई रोजगारी तथा स्वरोजगारीमा संलग्न गराइ आयमूलक अवसरहरूमा संलग्न गराउन रोजगार प्रवर्द्धन आयोग अन्तर्गत यूवा स्वरोजगार तथा रोजगारमूलक प्रशिक्षण कार्यक्रम संचालन गरिने कार्यक्रम राखिएको छ।

आ.व. २०६०/६१ को पौष मसान्त सम्म सवारी चालक अनुमति पत्र प्रहरी कार्यालयहरूबाट वितरण भै रहेकोमा २०६० साल माघ १ गते बाट यातायात व्यवस्था कानून अनुसार अधिराज्यमा रहेका १२ अन्चल यातायात व्यवस्था कार्यालयबाट सो वितरण कार्य शुरू गरिएको छ। हाल सम्म वितरण भएका चालक अनुमति पत्रलाई व्यवस्थित गरी अधिराज्य व्यापि कम्प्यूटर संजाल तयार गरी सुव्यवस्थित र अध्यावधिक गरिनेछ।

आ. व. २०६१।६२ मा श्रम तथा यातायात व्यवस्था क्षेत्रमा संचालन हुने विकास कार्यक्रम/आयोजनाहरूको संख्या तथा विनियोजित बजेटको संक्षिप्त विवरण यस प्रकार छ।

रू हजारमा

| प्राथमिकता | आयोजना संख्या | आ. व. २०६१।६२ को बजेट | कुल बजेटको प्रतिशत |
|---|---|---|---|
| P1 | ५ | ११४८९७ | ७०.० |
| P3 | २ | ४८७०७ | ३०.० |
| जम्मा | ७ | १६३६०४ | १००.० |

आ.व. २०६१/६२ मा श्रम तथा यातायात क्षेत्र तर्फ निम्न आयोजनाहरू संचालन गरिनेछन्।

### १ व्यवसायजन्य स्वास्थ्य र सुरक्षा सम्वन्धि आयोजना (७१-३-२३०/७१-४-२३०)

**कार्यक्रमको संक्षिप्त विवरणः**

| | |
|---|---|
| **आयोजना सुरु मितिः** २०५२ | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कुल लागत :** | **आ.व. २०६१/६२ को बजेटः** रू.४१८२ हजार |
| **आयोजनाको प्रकृति :** सेवामूलक | **स्रोतः** श्री ५ को सरकार |

(क) २०६०/६१ को प्रगतिः

औद्योगिक प्रतिस्थानहरूमा हुन सक्ने संभावित औद्योगिक दुर्घटनाबाट बच्न र बचाउन र प्रतिष्ठानहरूमा धुलो, धुवा, प्रकाश, ध्वनी प्रदुषण आदिको अन्तरराष्ट्रिय मापदण्ड अनुरूप स्तर कायम गराइ मजदुर श्रमिकहरूको स्वास्थ्य र सुरक्षा अभिबृद्धि गर्न कारखाना निरिक्षण गरि ५० वटा प्रतिस्थानहरूबाट हानीकारक तत्वको नमुना संकलन र १५ किसिमका पुस्तक १५००० प्रति तयार गरि प्रचार प्रसार र विभिन्न गोष्ठीहरू आयोजना गरिएका छन्।

(ख) आ.व.२०६१/६२ मा संपादन हुने मुख्य क्रियाकलापहरू :

यस आयोजनाबाट आ.व. २०६१-६२ मा ५० वटा औद्योगिक कार्यस्थलमा हानीकारक पदार्थ/ तत्वको नमुना संकलन गरी विश्लेषण गर्ने, राष्ट्रिय सुरक्षा तथा स्वास्थ्य सम्वन्धि कार्यक्रम, नीति निर्माताहरूका लागि त्रिपक्षिय गोष्ठि, व्यवसायिक सुरक्षा तथा स्वास्थ्य सम्वन्धि बृत्तचित्र निर्माण गर्ने, राष्ट्रिय सुरक्षा पुरस्कार वितरण, स्वास्थ्य तथा सुरक्षा सम्वन्धि प्रचार प्रसार र मानव संशाधन विकास कार्यक्रम संचालन गरिने छन।

(ग) अपेक्षित उपलब्धि
कारखानामा काम गर्ने श्रमिकहरूको स्वास्थ्य र सुरक्षामा सुधार आइ उत्पादकत्व वृद्धि हुनेछ।

२. व्यवसायिक तथा शिप विकास तालीम केन्द्र (१०) (७१-३-३२०/७१-४-३२०)

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरु मितिः आ.व. २०३३/३४ | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| कुल लागत : | आ.व. २०६१/६२ को बजेटः रू. ४७९६५ हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | स्रोतः श्री ५ को सरकार |

(क) २०६०/६१ को प्रगति :
श्रम बजारका माग अनुसार दक्ष जनशक्ति उपलब्ध गराउने उदेश्य अनुसार यस कार्यक्रमबाट रोजगार मूलक मेकानिक्स, प्लम्बर,वेल्डींङ विद्युत जडान जस्ता विषयहरूमा जम्मा ३५०० जनालाई तालिम दिइएका छन् ।

(ख) आ.व.२०६१/६२ मा संपादन हुने मुख्य क्रियाकलापहरू :
स्वदेशी तथा विदेशी श्रम बजारको माग अनुसार विभिन्न १६ किसिमका तालीमहरू संचालन गरी जम्मा ४००० जना सिपयुक्त जनशक्ति उत्पादन गरिनेछ। साविकमा सबै प्रशिक्षार्थीहरूलाई तालिम भत्ता वितरण भई आएकोमा आ.व. २०६१/६२ देखि अल्पकालिन तथा ६ महिने प्रशिक्षणमा आदिवासी, दलित, जनजाति र महिला प्रशिक्षार्थिलाई मात्र तालिम भत्ता दिने कार्यक्रम छ। यस आ.व. देखि व्यावसायिक तालिम केन्द्र २ र सिप विकास तालिम केन्द्र १४ लाई एकिकृत गरि १० मात्र तालिम केन्द्रहरू झापा, इटहरी, जनकपुर, हेटौडा, पोखरा, बुटवल, धनगढी, नेपालगन्ज, महेन्द्रनगर, काठमाडौंमा व्यवसायिक तालिम संचालन हुनेछन्। साथै वैदेशिक रोजगारी प्रवर्द्धन गर्न तिनवटा विकास क्षेत्रमा थप तालिम केन्द्रहरू संचालन हुनेछन्।

(ग) अपेक्षित उपलब्धि
करीव ४००० जनाले व्यावसायिक तथा सीप विकास तालिम प्राप्त गरी वैतनिक, स्वरोजगार तथा वैदेशिक रोजगार प्राप्त गरी आय आर्जन गरी गरीवि घटाउन सघाउ पुग्नेछ।

३. यातायात व्यवस्था सुदृढीकरण आयोजना :(७१-३-२२५/७१-४-२२५)

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरु मितिः आ.व. २०५७/५८ | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| कुल लागत : रू. ५६६८७ | आ.व. २०६१/६२ को बजेटः रू. २२८०० हजार |
| आयोजनाको प्रकृति : सुशासन | स्रोतः श्री ५ को सरकार |

(क) २०६०/६१ को प्रगति :
दिन प्रतिदिन बृद्धि हुदै गएको र अव्यवस्थित अवस्थामा रहेको यातायात प्रणालीलाई सुरक्षित र भरपर्दो गरी सुचारू रूपमा संचालन गर्ने तथा सवारी तथ्यांकलाई वैज्ञानिक रूपमा व्यवस्थित गर्ने यस आयोजनाको लक्ष रहेको छ। आ.व.२०६०/६१ देखि सवारी चालक अनुमति पत्र वितरण अंचल यातायात व्यवस्था कार्यालयबाट भएको छ। यातायात व्यवस्था विभागको भवनको भुइतल्ला निर्माण कार्य भएको र १२ वटै अंचल कार्यालयको तथ्यांङ्कलाई कम्प्यूटर संजालबाट सर्वत्र उपलब्ध हुने गरी मिलाउने र हाल सम्मको सवारी साधन चालक अनुमति पत्रको तथ्यांङ्क समेत अध्यावधिक गर्ने कार्यहरू भई रहेको छ।

(ख) आ.व.२०६१/६२ मा संचालन हुने मुख्य कृयाकलापहरू :
यस आयोजना अन्तर्गत २ लाख सवारी साधन VRS (Vehicle Recording System) को अभिलेख र१० लाख सवारी साधन अनुमति पत्र अभिलेख कम्प्यूटर ईन्ट्रि गर्ने, सवारीको प्राथमिक कागजात ४५०००० फाइल स्केनिङ गर्ने, भवन निर्माण तर्फ पहिलो तल्लाको छत ढलान, कोठा पार्टिसन गर्ने, झ्याल ढोका जडान गर्ने र यातायात व्यवस्थापन गर्न अनुमती पत्र सेक्यूरिटी लोगो र लजिष्टिक सपोर्ट प्रदान गर्ने कार्यक्रम संचालन गरिने छ।

(ग) अपेक्षित उपलब्धि
यातायात व्यवस्था विभाग र अंचल कार्यालयहरू कम्प्यूटर नेटवकिंङद्वारा एक आपसमा सूचना प्रणालीमा आवद्ध हुने र यातायात कार्यालयहरूको कार्यक्षमता बृद्धि हुनेछ। सडक यातायात दुर्घटनामा कमि आउने छ। काठमाडौं लगायत अन्य शहरी क्षेत्रहरूमा वैज्ञानिक सवारी अनुमति पत्र वितरण प्रणालीद्वारा नागरिकहरू लाभान्वित हुनेछन्।

४. रोजगार विनिमय सेवा आयोजना (७१-३-४००)

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरू मितिः आ.व. २०४९/५० | आयोजना सम्पन्न हुने मितिः सालवसाली |
| कुल लागत : | आ.व. २०६१/६२ को बजेटः रू. २५०० हजार |
| आयोजनाको प्रकृति : रोजगार प्रवर्द्धन | स्रोतः श्री ५ को सरकार |

(क) २०६०/६१ को प्रगति :

श्रम बजार सूचना संकलन, प्रशिक्षकहरूलाई सीप अभिबृद्धि तालिम, वेरोजगारहरूको नाम दर्ता, बजारको माग अनुसार तालिम प्रदान गर्ने पाठयक्रम निर्माण र परिमार्जन कार्यरत कर्मचारीहरूको क्षमता अभिबृद्धिका लागि कम्प्यूटर तालिम प्रदान गरिएको छ।

(ख) आ.व.२०६१/६२ मा संचालन हुने मुख्य कृयाकलापहरू :

आयोजनाबाट अधिराज्यका विभिन्न ५ जिल्लाको श्रम बजार सम्वन्धि सूचना संकलन गर्ने, रोजगारदाताहरू र वेरोजगारहरूलाई आवश्यक सूचना र परामर्श सेवा प्रदान गर्ने, श्रम प्रशासनसंग सम्वद्ध कर्मचारीहरूका लागि श्रम प्रशासन सम्वन्धि तालीम कार्यक्रम आयोजना गरिने छ। विभिन्न ५ विषयका पाठ्यक्रम निर्माण र परिमार्जन गर्ने लगायतका कार्यक्रमहरू रहेका छन्।

(ग) अपेक्षित उपलब्धि

श्रम बजार सम्वन्धी सूचना प्राप्त गरि तालिम लिने प्रशिक्षार्थिहरू र वेरोजगारहरूलाई रोजगारी हासिल हुनेछ।

५. ऊनी गलैचा बालश्रम निवारण तथा बालश्रम सुधार आयोजना (७१-३-२००/७१-४-२००)

यस आयोजना अन्तर्गत निम्न दुइ कार्यक्रमहरू रहेका छन्।

(क) ऊनी गलैचामा वालश्रम निवारण तथा वालश्रम सुधार कार्यक्रम

(ख) निकृष्ट वालश्रम निवारणका लागि समयबद्ध कार्यक्रम

(क) ऊनी गलैंचामा बालश्रम निवारण कार्यक्रम

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरू मितिः आ.व. २०५२/५३ | आयोजना सम्पन्न हुने मितिः सालवसाली |
| कुल लागत : | आ.व. २०६१/६२ को बजेटः रू. २६०० हजार |
| आयोजनाको प्रकृति : वाल अधिकार संरक्षण | स्रोतः श्री ५ को सरकार |

(क) २०६०/६१ को प्रगति :

ऊनी गलैचा कारखानाहरूमा बाल श्रम निवारणका लागि निरीक्षण, दिवा शिशु स्याहार केन्द्रको अनुगमन वालश्रम निवारण सम्वन्धमा प्रचार प्रसार र औद्योगिक सम्वन्ध सुमधुर वनाउन गोष्ठीहरू आयोजना गरिएका छन्।

(ख) आ.व. २०६१/६२ मा सम्पादन हुने मुख्य क्रियाकलापहरू :

यस आयोजनावाट बालश्रम निरीक्षण अनुगमन तथा रोजगार सूचना संचालन वाल वालिका विकास तथा पुनस्थापना कोषमा अनुदान दिवा शिशु स्याहार केन्द्रको निरिक्षण अनुगमन, वालश्रम निवारण सम्वन्धि कार्यक्रम वारे प्रचार प्रसार एवम प्रोत्साहन कार्यक्रम र औद्योगिक सम्वन्ध गोष्ठि संचालन गर्ने कार्यक्रम रहेको छ।

(ग) अपेक्षित उपलब्धि

ऊनी गलैचा कारखानाहरूमा वालश्रम कानून प्रभावकारी रूपमा कार्यान्वयन भइ वालश्रम मुक्त निकासी जन्य वस्तुहरू उत्पादन भइ अन्तरराष्ट्रिय बजारमा नेपाली वस्तुहरूको निर्यात बृद्धि हुने।

(ख) निकृष्ट वालश्रम निवारणका लागि समयबद्ध कार्यक्रम

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरू मितिःसन् २००२ जनवरी | आयोजना सम्पन्न हुने मितिः सन् २००८ डिसेम्वर |
| कुल लागत : अमेरिकी डलर ९५ लाख | आ.व. २०६१/६२ को बजेटः रू. ४३६०७ हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | स्रोतः अन्तर्राष्ट्रिय श्रम संगठन |

(क) २०६०/६१ को प्रगति :

अन्तरराष्ट्रिय श्रम संगठन (ILO) ले निकृष्ट बालश्रम निवारण गर्ने उदेश्य लिइ पहिलो पटक एल सालभाडोर, तान्जानिया र नेपालमा यस Time Bound कार्यक्रम शुरूवात गरिएको छ। नेपालवाट अन्तरराष्ट्रिय श्रम संगठन

कन्भेन्शन नं. १८२ अनुमोदन गरि सकेकोले निकृष्ट बाल श्रम निवारण कार्यक्रममा पूर्ण सहभागिता जनाई संचालन भै रहेको छ । विभिन्न स्थानिय निकायहरू जिल्ला विकास समितिहरू महानगरपालिका, नगरपालिकाहरू, उद्योग वाणिज्य महासंघ विभिन्न गैर सरकारी संस्थाहरू मार्फत अन्तरराष्ट्रिय श्रम संगठन नेपाल स्थित कार्यालयको अनुदान सहयोगमा वालश्रम निवारणको लागि चेतना अभिबृद्धि होटल र घरेलु कामदार भइ काम गर्ने बाल वालिकाहरूलाई शिक्षा, वाल वालिका अभिभाकहरूलाई सहयोग आदि कार्य भएका छन् ।

(ख) **आ.व.२०६१/६२ मा संपादन हुने मुख्य क्रियाकलापहरू :**

अन्तरराष्ट्रिय श्रम संगठन तथा संयुक्त राज्य अमेरिका (श्रम विभाग) समेतको वैदेशिक अनुदान सहयोगमा यस आयोजनावाट सचेतना कार्यक्रम, समाजिक परिचालन, पाठशाला शिक्षा जोखिममा रहेका परिवारको आर्थिक शसक्तिकरण, व्यवसायीक शिक्षा, र बालवालिका पुनर्स्थापना कार्यक्रमको माध्यमवाट १२००० (बाह्र हजार) वालश्रम उन्मूलन गर्ने कार्यक्रम राखिएको छ ।

(ग) **अपेक्षित उपलब्धि**

निकृष्ट प्रकतिका १२००० जना वालश्रम उन्मुलन हुने छन् ।

## ६. वैदेशिक रोजगार प्रवर्धन कार्यक्रमः (७१-३-४१०)

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरू मितिःआ.व. २०५२/५३ | आयोजना सम्पन्न हुने मितिः सालवसाली |
| कुल लागत : | आ.व. २०६१/६२ को बजेटः रू. ६५० हजार |
| आयोजनाको प्रकृति : अनुसन्धानमुलक | स्रोतः श्री ५ को सरकार |

(क) **२०६०/६१ को प्रगति**

आ.व. २०६०/६१ मा वैदेशिक रोजगार व्यवस्थापन तथा सूचना केन्द्रको स्थापना भै सूचना संकलन र संग्रह भै रहेको छ । वैदेशिक रोजगार चेतनाको कार्यक्रममा होर्डिङ वोर्ड १३ वटा पूनर लेखन र २ वटा नयाँ लेखन गरिएको र वैदेशिक रोजगार विषय सूचना मुलक पुस्तिका १००० पुस्तक छपाई प्रचार प्रसार गरिएको छ । साथै विदेशी श्रम बजार प्रवर्द्धनका लागि नेपाली उच्चस्तरिय प्रतिनिधिमण्डलवाट कोरिया र मलेसिया मुलक भ्रमण गरिएको छ ।

(ख) **आ.ब. २०६१/६२ मा सम्पादन हुने मुख्य मुख्य कृयाकलापहरू :** बैदेशिक रोजगार चेतना अभिबृद्धि गर्न ३ हजार थान पुस्तिका छपाई गर्ने र संचार माध्यमवाट प्रचार प्रसार गर्ने र एक पटक उच्चस्तरीय प्रतिनिधि मण्डलले रोजगार प्रवर्धनको सम्भावना अध्ययन भ्रमण गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि**

नेपाली युवाहरूलाई वैदेशिक रोजगारी प्राप्त हुने र वैदेशिक रोजगारीवाट प्राप्त हुने विप्रेषनवाट (Remittance) मुलकको भुक्तानी सन्तुलन कायम गर्न सहयोग पुग्नेछ ।

## ७. यूवा स्वरोजगार तथा रोजगार मूलक प्रशिक्षण कार्यक्रम (७१-३-४२०/७१-४-४२०)

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरू मितिः२०५५ श्रावण | आयोजना सम्पन्न हुने मितिः सालवसाली |
| कुल लागत : | आ.व. २०६१/६२ को बजेटः रू. ३९३०० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | स्रोतः श्री ५ को सरकार |

(क) **२०६०/६१ को प्रगति :**

यूवा स्वरोजगार कार्यक्रम अन्तर्गत वैदेशिक रोजगार ऋूण कार्यक्रम रोजगारका विभिन्न पक्षको अध्ययन, वैदेशिक रोजगार गतिविधि विषय प्रकाशन, रेडियो प्रसारण वेभसाईट संचालन र रोजगारमुलक प्रशिक्षण कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीका लागि व्यवसायिक मुलक शिपविकास तालिम, संचालन र व्यवशायिक सीप र पेशागत सम्वर्द्धन सम्वन्धी तालिम कार्यक्रम अन्तर्गत दलित महिला तथा जनजातिहरूलाई ४ हप्ते गार्डेनर हस्तकला उडकार्भिङ तालिम, सहभागितात्मक तालिम अन्तर्गत ४ हप्ते वेटर, वेट्रेस तालिम प्रदान गरिएका छन् ।

(ख) **आ.व.२०६१/६२ मा संपादन हुने मुख्य क्रियाकलापहरू :**

यस कार्यक्रम अन्तर्गत रोजगार प्रवर्धन गतिविधि प्रकाशन सूचना विस्तार एवम संस्थागत सम्वन्ध विस्तार सम्वन्धि कार्यहरू, श्रम वजार सूचना सम्वन्धि रेडियो कार्यक्रम, रोजगार प्रवर्धन विषय राष्ट्रिय र क्षेत्रीय अन्तरक्रिया कार्यक्रम संचालन र वैदेशिक रोजगार ऋूण कार्यक्रम अन्तर्गत आर्थिक तथा सामाजिक रूपले पिछडिएका विपन्न जनजाति, विस्थापितं, मुक्त कमैया, दलितलाई प्राथमिकता दिई अगुवा बैंक मार्फत १४००

जना यूवा यूवतीलाई वैदेशिक रोजगार ऋृण उपलव्ध गराउन ऋण प्रत्याभूती कोषमा रकम वृद्धि गरिने र ५०० जनालाई शिप विकास सम्वन्धि विशेष रोजगार तालिम दिने र अध्ययन अनुसन्धान कार्यक्रम राखिएको छ। साथै यस कार्यक्रम अन्तर्गत सहभागितात्मक वैदेशिक रोजगार शिप विकास तालीम कार्यक्रम १००० युवाहरूलाई प्रदान गर्न सिपमूलक तालीम दिने ५ निकायहरूको क्षमता विकास सम्वन्धि कार्यहरू संचालन गरिने छन्।

(ग) **अपेक्षित उपलब्धि**

वैदेशिक रोजगार ऋृण १४०० जनाले र विशेष रोजगार ऋृण ५०० जनाले र सहभागितात्मक वैदेशिक रोजगार सीपमुलक तालिम १००० जनाले प्राप्त गर्ने र वेरोजगार युवाहरूले स्वरोजगारी र स्वदेश तथा विदेशमा रोजगारीका अवसरहरू पाउने छन्।

श्रम तथा यातायात व्यवस्था क्षेत्र आ.व. २०६१/६२ को वार्षिक विकास कार्यक्रम र बजेट

| स. नं. | शीर्षक उपशीर्षक आयोजना/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. व. २०६१/६२ को विनियोजित बजेट | | | स्रोत | | | प्राथमिकता संकेत | रणनीति संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु खर्च | पूंजिगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| १. | व्यावशायजन्य स्वास्थ र सुरक्षा आयोजना ७१-३-२३०/७१-४-२३० | ३७३० | ४१८२ | ४०३२ | १५० | ४१८२ | ० | ० | P1 | ०२ |
| २. | व्यावसायिक तथा सीप विकास तालिम कार्यक्रम ७१-३-३२०/७१-४-३२० | ४५५६० | ४७९६५ | | ४७९६५ | | | | | ०१ |
| ३. | यातायात व्यवस्था सुदृढीकरण आयोजना ७१-३-२२५/७१-४-२२५ | १३३३३ | २२८०० | ४६४८० | ६३२० | २२८०० | ० | ० | P1 | ०४ |
| ४. | रोजगार विनिमय सेवा आयोजना ७१-३-४०० | २५६४ | २५०० | २५०० | ० | २५०० | ० | ० | P3 | ०४ |
| ५. | उनी गलैंचा बालश्रम निवारण तथा बालश्रम सुधार आयोजना ७१-३-२००/७१-४-२०० | २१०९ | ४६२०७ | ४५७०७ | ५०० | २६०० | ४३६०७ (ILO) | ० | P3 | ०३ |
| ६. | बैदेशिक रोजगार प्रवर्द्धन कार्यक्रम ७१-३-४१० | १२०१ | ६५० | ६५० | ० | ६५० | ० | ० | P1 | ०१ |
| ७. | युवा स्वरोजगार तथा रोजगार प्रशिक्षण कार्यक्रम ७१-३-४२०/७१-४-४२० | | ३९३०० | ३८५७५ | ७२५ | ३९३०० | ० | ० | P1 | ०१ |
| | जम्मा | | १६३६०४ | १५४७५९ | ८८४५ | ११९९९७ | ४३६०७ | ० | | |

# ४.३.५ विज्ञान तथा प्रविधि (हावापानी समेत)

राष्ट्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने सबल माध्यमका रूपमा विज्ञान तथा प्रविधि क्षेत्रलाई उपयोग गर्दै आर्थिक वृद्धि एवं गरिबी निवारणमा सक्रिय योगदान पुर्‍याउने अवधारणा अनुरूप आ.व. २०६१/६२ को कार्यक्रम तर्जुमा गरिएको छ। यस आ.व. मा सरकारी कार्यालयहरूमा इन्टरनेट र इन्ट्रानेटको स्थापना गरी सरकारी सूचना प्रणालीलाई सुदृढ, पारदर्शी एवं भरपर्दो सेवा प्रदान गर्ने गरी कार्यक्रम तर्जुमा गरिएको छ। विज्ञान तथा प्रविधिको विकास र विस्तारका लागि संस्थागत, कानूनी एवं नीतिगत प्रबन्ध गर्ने र राष्ट्रिय विधि विज्ञान प्रयोगशालाको सुदृढीकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। राष्ट्रिय विद्युत् प्रणालीबाट विद्युत् आपूर्ति हुन नसक्ने स्थानमा घरायसी तथा संस्थागत व्यवसायिकताका लागि निजी क्षेत्रको समेत सहभागितामा विद्युत् तथा ऊर्जा उपलब्ध गराउन एवं उपयोग गर्ने गरी नविकरणीय तथा वैकल्पिक ऊर्जा सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरिएका छन्। जल तथा मौसम विज्ञान सेवालाई विकास र विस्तार गरी अझ बढी गुणस्तरीय र भरपर्दो बनाउन संस्थागत क्षमता अभिवृद्धि गर्ने अवधारणालाई मध्य नजर राखिएको छ।

आ.व. ०६१।६२ मा संचालन गरिने कार्यक्रमहरूको संख्या तथा बजेट प्राथमिकता क्रमका आधारमा निम्न अनुसार रहेको छ।

| आयोजना प्राथमिकता क्रम | संख्या | बजेट (हजारमा) | प्रतिशत |
|---|---|---|---|
| प्राथमिकता क्रम १ मा परेका | १३ | ९५,२२,६३ | ९५.१ |
| प्राथमिकता क्रम २ मा परेका | ५ | ४,८७,९५ | ४.९ |
| जम्मा | १८ | १००१०५८ | १००.० |

१. **नीति निर्माण तथा संस्थागत सुदृढीकरण : (६१-३-२००), (६१-४-२००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५२ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू. २,३०,०० हजार |
| **आयोजनाको प्रकृति :** सेवा | **श्रोत :** श्री ५ को सरकार/JAPAN (DRF) |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

सन्धि सम्झौता तथा कार्यान्वयन, नीति निर्माण तथा परिमार्जन, प्रविधि हस्तान्तरण तथा ग्रामीण विकास, परमाणु प्रविधि सम्बन्धी कार्य, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, राष्ट्रिय सूचना प्रविधि केन्द्र सम्बन्धी कार्यहरू संचालित छन्।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

भिस्याट संचालन सुपर कम्प्यूटर जडान गरि क्षमता विस्तार, विज्ञान तथा प्रविधि सम्बन्धी Programme of Cooperation को कार्यान्वयन, DNA प्रयोगशालाको विकास र संचालन, प्रविधि हस्तान्तरण तथा ग्रामीण प्रविधि, विकास, परमाणु प्रविधि (विकिरण) सम्बन्धी अध्ययन, अनुसन्धान, पुस्तकालय विकास, मानव संसाधनको विकासको लागि अध्ययन तथा तालिम, विद्युतीय सुशासनको गुरू योजना तयारी र संजालको प्रारम्भीक कार्य प्रारम्भ, राष्ट्रिय सूचना बैंकको लागि सरभर, सफ्टवेयर, ब्याकअप स्टोरेज खरिद, नमूनाको लागि कुनै दुई सरकारी कार्यालयका कम्प्यूटरीकृत नमूना अभिलेखीकरणको प्रारम्भिक कार्य शुरू, वेभसाईट विकास, सूचना बैंक स्थापना, ग्रामीण सामूदायिक सूचना केन्द्रको व्यवस्थापन कार्यहरू संचालन गरिनेछन्।

(ग) **अपेक्षित उपलब्धि :**

उपर्युक्त कार्यहरूको संचालनबाट DNA प्रयोगशाला सुदृढीकरण हुने, ग्रामीण प्रविधिको पहिचान, विकास तथा हस्तान्तरण हुने, परमाणु प्रविधि सम्बन्धी Radiation Map Radiotherapy & Food Security Radiation Level Monitoring प्रतिवेदन तयार हुने, सूचना बैंकको विकास, सूचना प्रविधि सम्बन्धी दक्ष जनशक्ति तयार हुने र ग्रामीण सामुदायिक सूचना केन्द्रहरूबाट ग्रामीण जनता लाभान्वित हुनेछन्।

२. **जल विज्ञान कार्यक्रम :(६१-३-२०१), (६१-४-२०१)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०१८ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू. १,८७,४५ हजार |
| **आयोजनाको प्रकृति :** सेवा/अनुसन्धान | **श्रोत :** श्री ५ को सरकार/ JAPAN (DRF) |

(क) आ.व. २०६०/६१ को प्रगति :

नेपालका प्रमुख नदी तथा तालहरूको जल स्थिति, जल प्रवाह तथा थिग्रने प्रवाह मापनको कार्य नियमित रूपमा हुने गरेको ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

१५४ वटा जलस्थिति तथा थिग्रेनी केन्द्र संचालन, ११० नदी स्थानमा जल प्रवाह मापन तथा सर्वे, १० नदी स्थानमा थिग्रेनी प्रवाह मापन तथा विश्लेषण, गोसाई कुण्ड ताल अध्ययन, तराईका ९० नदीको न्यून जल प्रवाहको तथ्याङ्क संकलन, प्रशोधन तथा प्रकाशन, १ केन्द्रमा डाटालगर सिष्टम स्थापना, तार मार्ग, तथा गेज हाउसको निर्माण, १५ जनालाई अब्जरभर र ८७ जनालाई टेक्निसियन प्रोफेसनल तालिम दिइनेछ । आवश्यक मेसिनरी औजारहरू गेज पाता ३०० थान, केवल कार ५, केवल १०० मिटर, श्यामरा, कम्प्यूटर, करेन्ट मिटर तथा रेकर्डका स्पेयर पार्टसको खरिद गरिने लक्ष्य राखिएको छ ।

(ग) अपेक्षित उपलब्धि :

उपर्युक्त कार्यहरूको संचालनबाट १५४ वटा जल स्थिति तथा थिग्रेनी केन्द्र संचालन भई सूचना प्राप्त हुने, तराईका ९० वटा नदीको न्यून जल प्रवाह सम्बन्धी तथ्यांक प्राप्त हुने र १५ जना अब्जरभर तथा ८७ जना जनशक्तिले टेक्निसियन प्रोफेसनल तालिम प्राप्त गर्नेछन् ।

३. हावापानी विज्ञान कार्यक्रम : (६१-३-२०२), (६१-४-२०२)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०२२ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. १,७७,०८ हजार |
| आयोजनाको प्रकृति : सेवा/अनुसन्धान | श्रोत : श्री ५ को सरकार/ JAPAN (DRF) |

(क) आ.व. २०६०/६१ को प्रगति :

कृषिजन्य उत्पादन वृद्धि, सौर्य शक्ति एवं वायू ऊर्जाको संभाव्यता तथा हावापानी सम्बन्धी अध्ययन अनुसन्धान तथा तथ्यांक पुस्तिका प्रकाशन, आ.व. ०५९।६० सम्म अधिराज्यभर २८२ वटा हावापानी केन्द्र संचालनमा रहेकोमा आ.व. ०६०।६१ देखि NISP अन्तरगतका थप १६० वर्षा मापक केन्द्र समेत गरी ४४२ केन्द्रको संचालन, सन् २००१ सम्मको अधिराज्य भरिका सम्पूर्ण मौसमी तथ्याङ्क पुस्तिका प्रकाशन तथा सन् १९९४ देखि प्रारम्भ भएको वायू प्रदुषण सम्बन्धी तथ्याङ्क संकलन तथा अनुगमन कार्यको निरन्तरता रहेको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

४४२ वटा हावापानी केन्द्र संचालन, २१ स्वचालित मौसमी केन्द्र संचालन, वायू प्रदुषण केन्द्र संचालन, केन्द्रहरूको मर्मत सुधार, विभिन्न प्रकारको मनसुन हावापानी सम्बन्धी विषयको विवरण, प्रतिवेदन, तथ्याङ्कहरूको प्रकाशन, मेसिनरी औजारहरूको आपूर्ति, वैज्ञानिक अध्ययन, ईन्स्याट डाटा संकलन केन्द्रको स्थापना कार्यको प्रारम्भ र निर्माण सुधार कार्यहरू गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि :

४४२ वटा हावापानी केन्द्र तथा २१ स्वचालित मौसमी केन्द्र संचालनबाट हावापानी विज्ञान सम्बन्धी सूचनाको उपलब्धता र हावापानी केन्द्रहरूको सुदृढीकरण हुनेछ ।

४. मौसम पूर्वानुमान कार्यक्रम : (६१-३-२०३), (६१-४-२०३)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०२५ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. ५५,०० हजार |
| आयोजनाको प्रकृति : सेवा | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

जनसाधारण, पर्यटक, पर्वतारोही तथा हवाई यातायातको लागि मौसमी सूचना उपलब्ध गराउँदै आएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

जनसाधारणको लागि दैनिक २ पटक मौसम पूर्वानुमान, दैनिक १ पटक मौसमबारे विशेष सूचनाहरू संचार माध्यमबाट प्रवाहित गर्ने, हिमाली पदयात्री तथा पर्वतारोहणका लागि दैनिक १ पटक विशेष मौसम पूर्वानुमान सेवा उपलब्ध गराउने तथा हवाई उडानको लागि वार्षिक ६ हजार वटा मौसमी सूचना तथा पूर्वानुमान गर्ने कार्यहरू रहेको छन् ।

(ग) अपेक्षित उपलब्धि :

उपर्युक्त कार्यहरूको संचालनबाट मौसम पूर्वानुमानका लागि सूचना प्राप्त हुने र पूर्व सूचना कार्यबाट सर्वसाधारण, हवाई उडान, पर्वतारोही, पदयात्रीहरू लाभान्वित हुनेछन् ।

५. हिमनदी तथा हिमजल विज्ञान परियोजना : (६१-३-२०४), (६१-४-२०४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०४४ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व.२०६१/६२ को बजेट : रू. २०,९५ हजार |
| आयोजनाको प्रकृति : सेवा/अनुसन्धान | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

नेपालका उच्च हिमाली क्षेत्रमा रहेका ६ वटा हिमजल विज्ञान केन्द्रहरूको संचालन, मर्मत, तथ्यांक प्रशोधन तथा प्रकाशन, खतराजन्य हिमतालहरूको पहिचान तथा अनुगमन, जल प्रवाह पहिचान, खुम्बु, लाम्टांग, अन्नपूर्ण मकालु, कान्जीरोवा (डोल्पा) तथा हुम्लामा स्थापना भएका केन्द्रहरूबाट तथ्यांक संकलन तथा प्रशोधन गर्ने काम लक्ष्य बमोजिम भैरहेको, सन् २००२ सम्मको तथ्यांक पुस्तिका प्रकाशन कार्य अन्तिम चरणमा पुगेको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

६ वटा हिमजल विज्ञान केन्द्रहरूको संचालन संभार, थुलागि हिमतालको दानो खोलामा जलमापन कार्य, मादी खोलाको हेडवाटर क्षेत्रमा पर्ने हिमतालको प्रारम्भिक सर्वेक्षण, उपकरण खरिद र तथ्याङ्क पुस्तिका प्रकाशन जस्ता कार्यहरू सम्पन्न गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि :

हिमनदी तथा हिमजल सम्बन्धी महत्वपूर्ण सूचना उपलब्धता भई खतराजन्य हिम तालको पहिचान हुने र यसबाट हुने नोक्सानी न्यून गर्न मद्दत पुग्नेछ ।

६. बाढी भविष्यवाणी : (६१-३-२०५), (६१-४-२०५)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०४५ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. ५७,०० हजार |
| आयोजनाको प्रकृति : सेवा/अनुसन्धान | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

३६ वटा जलस्थिति तथा वर्षा मापन केन्द्र तथा २९ वटा संचार तालिम केन्द्रहरूको संचालन तथा नविकरण सुधार तथा जलस्थिति तथा वर्षा सम्बन्धी तालिम दिने, Station Inventory तयार गर्ने, तथ्याङ्क प्रशोधन गरी प्रकाशन गर्ने तथा Regional Hydrology को Upgrade गरी पुस्तिका प्रकाशन गर्ने जस्ता कार्य सम्पन्न भएका छन् ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

३६ वटा जलमापन तथा वर्षा केन्द्रको संचालन र नवीकरण सुधार, राप्ती नदीको कुसुममा गेज हाउस निर्माण गर्ने, २० संचार केन्द्र एवं ऐन्टेना संचालन तथा नवीकरण सुधार, नेपालको जलवायू सम्बन्धी दैवीप्रकोपहरूको विवरणात्मक सूची तयार गर्ने र उपकरणको आपूर्ति गर्ने जस्ता कार्यहरू गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि :

नदीनाला तथा खोलाको जलस्थिति सम्बन्धी सूचना उपलब्ध भई बाढीको भरपर्दो भविष्यवाणी हुने र जनधनको क्षतिमा न्यूनता आउने छ ।

७. च्छो रोल्पा विष्फोटन पूर्व संकेत तथा न्यूनीकरण : (६१-३-२०६), (६१-४-२०६)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५५ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. २८,०० हजार |
| आयोजनाको प्रकृति : अनुसन्धान | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

१५ कि.वा. क्षमताको लघु जलविद्युत्‌को निर्माण कार्य सम्पन्न भएको र हाल तल्लो नदिय क्षेत्रमा २७ वाट पूर्व संकेत प्रणालीको निरन्तर अनुगमन भइरहेको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

१८ वटा पूर्व संकेत प्रणाली केन्द्रहरूको मर्मत संभार र संचालन, च्छो रोल्पामा निर्मित संरचनाहरूको मर्मत संभार तथा संचालन, १५ किलोवाटको माईक्रो हाईड्रो पावर प्लान्टको मर्मत संभार तथा संचालन जस्ता कार्यहरूलाई नियमितता प्रदान गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

च्छो रोल्पा हिमताल सम्बन्धी सूचनाहरूको नियमित उपलब्धता भई क्षति न्युनीकरण हुने, १५ कि.वा. विद्युत् मर्मत सुधार गरी पूनः उत्पादन हुने र संरचनाको सुदृढीकरण हुनेछ।

## ८. नेपाल राजकिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान : (६१-३-२१०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०३९ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. २,९०,०० हजार |
| आयोजनाको प्रकृति : सेवा/अनुसन्धान | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

विज्ञान तथा प्रविधिको अनुसन्धान र विकास प्रवर्द्धन तथा प्रचार, संयुक्त अनुसन्धान तथा विज्ञान प्रविधि सम्बन्धी अन्तर्राष्ट्रिय सम्बन्धका नियमित कार्यहरू सम्पन्न गर्न जैविक प्रविधि, अन्तरिक्ष प्रविधि, वैकल्पिक ऊर्जा, उच्च धरातलिय विज्ञान, जैविक विविधता, बौद्धिक सम्पत्ति अधिकार, औषधि जन्य बोट बिरूवा र काठमाडौं उपत्यकाको पानीको Arsenic विषयमा अनुसन्धान एवं विकास कार्य संचालन भएका छन्।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

विज्ञान तथा प्रविधिको अनुसन्धान र विकास प्रवर्द्धन तथा प्रचार, संयुक्त अनुसन्धान तथा विज्ञान प्रविधि सम्बन्धी अन्तर्राष्ट्रिय सम्बन्धका नियमित कार्यहरू सम्पन्न गर्न जैविक प्रविधि, अन्तरिक्ष प्रविधि, वैकल्पिक ऊर्जा, उच्च धरातलिय विज्ञान, जैविक विविधता, बौद्धिक सम्पत्ति अधिकार, औषधि जन्य बोट बिरूवा र काठमाडौं उपत्यकाको पानीको Arsenic विषयमा अनुसन्धान एवं विकास कार्य संचालन गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि :

विज्ञान तथा प्रविधिको अनुसन्धान र विकास प्रवर्द्धन तथा प्रचार, संयुक्त अनुसन्धान तथा विज्ञान प्रविधि सम्बन्धी अन्तर्राष्ट्रिय सम्बन्धका नियमित कार्यहरू सम्पन्न गर्न जैविक प्रविधि, अन्तरिक्ष प्रविधि, वैकल्पिक ऊर्जा, उच्च धरातलिय विज्ञान, जैविक विविधता, बौद्धिक सम्पत्ति अधिकार, औषधि जन्य बोट बिरूवा र काठमाडौं उपत्यकाको पानीको Arsenic विषयमा अनुसन्धान एवं विकास सम्बन्धी अध्ययन अनुसन्धान भई प्रतिवेदन प्राप्त हुनेछ।

## ९. वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र : (६१-३-२२०), (६१-४-२२०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५३ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. १४,५०,०० हजार |
| आयोजनाको प्रकृति : सेवा/अनुसन्धान | श्रोत : श्री ५ को सरकार/NORAD/DANIDA/SNV |

(क) आ.व. २०६०/६१ को प्रगति :

बायोग्यास उपभोक्ता सर्वेक्षण, बायोग्यास जडानमा लघुवित्त संस्थाहरूको भूमिका र बायोग्यासको आर्थिक सामाजिक अध्ययन गरी ३ वटा अध्ययन गरिएको, लघु जलविद्युत् सम्बन्धी ८ वटा तालिम, ६४ वटा सोलार ड्रायर कुकर वितरण, ४ वटा सौर्य ऊर्जा सम्बन्धी अध्ययन अनुसन्धान, ४ जिल्लामा वायु ऊर्जा सम्बन्धी तथ्यांक संकलन कार्य भैरहेको, व्यवस्थापन सूचना प्रणालीमा लघु जलविद्युत् तथा सौर्य ऊर्जा सम्बन्धी तथ्यांकहरू कम्प्यूटराईज्ड गर्ने कार्यहरू भैरहेको, १५ जिल्लाहरूमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रचार प्रसार, सुधारिएको चुलो सम्बन्धी ३ वटा तालिम, नवीकरणीय ऊर्जा सम्बन्धी एउटा तालिम, ३ वटा वैकल्पिक ऊर्जाको अध्ययन तथा अनुसन्धान र ४ वटा कार्यशाला र सेमिनार सम्पन्न भएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

२ वटा बायोग्यास अध्ययन, १०० वटा सोलार ड्रायर कुकर वितरण, २ वटा सौर्य ऊर्जा अध्ययन अनुसन्धान, ४

जिल्लामा बायु ऊर्जा तथ्यांक संकलन तथा परामर्श सेवा, वैकल्पिक ऊर्जा प्रविधि सम्वन्धी १० जिल्लामा प्रचार प्रसार, ३ वटा सुधारिएको चुलो सम्बन्धी तालिम, ४ वटा वैकल्पिक ऊर्जाको अध्ययन तथा अनुसन्धान, ३ वटा वैकल्पिक ऊर्जा सम्बन्धी तालिम, वैकल्पिक ऊर्जा प्रविधिमा संलग्न संस्थाहरूको ईन्भेन्टरी तयार, सुधारिएको चुलो, लघु जलविद्युत्, सुधारिएको पानीघट्ट केन्द्रको संस्थागत सुदृढीकरण तथा सौर्य ऊर्जा कार्यक्रम संचालन गरिनेछन् ।

(ग) **अपेक्षित उपलब्धि :**

वायोग्यांस अध्ययन, सौर्य ऊर्जा अध्ययन अनुसन्धान, वायु उर्जा सम्वन्धी सूचना, वैकल्पिक ऊर्जा अध्ययन अनुसन्धानबाट पहिचान भई भविष्यमा कार्यक्रम सुदृढ एवं प्रभावकारी हुन मद्दत पुग्नेछ ।

### १०. जैविक ग्यास उत्पादन कार्यक्रम : (६१-४-२२१)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २००३ जुन २४ | **आयोजना सम्पन्न हुने मिति :** २००९ डिसेम्बर ३० |
| **कूल लागत :** रू. १४,५१,९०८ हजार | **आ.व. २०६१/६२ को बजेट :** रू. २१,३९,०० हजार |
| **आयोजनाको प्रकृति :** उत्पादन | **श्रोत :** श्री ५ को सरकार/SNV/KFW |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

६५ जिल्लाहरूमा १८ हजार गोबरग्यास प्लान्टहरू निर्माण गर्ने लक्ष्य रहेकोमा २०६१ जेष्ठ मसान्तसम्म ६४२३ वटा मात्र निर्माण भएकोछ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

६५ जिल्लामा २४ हजार गोबरग्यास प्लान्ट निर्माण गर्ने, २४ हजार उपभोक्ताहरूलाई गोबरग्यास प्रविधि सम्वन्धी तालिम दिने, ४ वटा अध्ययन तथा अनुसन्धान गर्ने, गुणस्तर नियन्त्रण, अनुगमन तथा मूल्यांकन कार्य गर्ने, गोवरग्यास लेदो मलको प्रवर्द्धन तथा विकास गर्ने, गोबरग्यासमा संलग्न संस्थाहरूको क्षमता विकास गर्ने, र गोबरग्यास प्लान्ट सम्बन्धी प्रतिवेदन तयार गर्ने कार्यहरू गरिनेछन् ।

(ग) **अपेक्षित उपलब्धि :**

६५ जिल्लामा २४ हजार उपभोक्ता गोबरग्यांस प्लान्टको उपयोगबाट अन्य ऊर्जा खपतमा कमी तथा बालबालिका एवं महिलाको स्वास्थ्य स्थितिमा सुधार हुने तथा गोवरग्यांस लेदो मलको प्रयोगबाट कृषि क्षेत्रको उत्पादकत्व वृद्धि हुनेछ ।

### ११. लघु जलविद्युत् तथा वैकल्पिक ऊर्जा कार्यक्रम : (६१-३-२२२), (६१-४-२२२)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २०५३ | **आयोजना सम्पन्न हुने मिति :** सालबसाली |
| **कूल लागत :** खुलाउन नसकिने | **आ.व. २०६१/६२ को बजेट :** रू. २१,६६,२५ हजार |
| **आयोजनाको प्रकृति :** उत्पादन | **श्रोत :** श्री ५ को सरकार/DANIDA/SNV/NORAD |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

लघु जलविद्युत् आयोजनावाट ५६२ कि.वा. विद्युत् उत्पादन, १५११४ वटा सौर्य प्रणालीको जडान र ११८ वटा सुधारिएको पानी घट्ट जडान भएकोछ ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

२५ जिल्लामा १२०० किलोवाट लघु जलविद्युत् स्थापना तथा उत्पादन गर्ने, ७३ जिल्लाहरूमा १२ हजार वटा घरेलु सौर्य विद्युत् प्रणाली जडान गर्ने, ८ जिल्लामा १ हजार वटा पानी घट्टा जडान गर्ने कार्यहरू गरिनेछन् ।

(ग) **अपेक्षित उपलब्धि :**

राष्ट्रिय ग्रीडबाट विद्युत् नपुगेका २५ जिल्लामा १२०० कि.वा. लघु जलविद्युत् उत्पादन तथा वितरण हुने एवं १२ हजार घर परिवार घरेलु सौर्य विद्युत् प्रणालीबाट लाभान्वित हुने र एक हजार संख्यामा पानीघट्टको जडान हुनेछ ।

### १२. विद्युत् विकास कोष – सामुदायिक लघु जलविद्युत् ग्रामीण विद्युतीकरण कार्यक्रम : (६१-३-२२३), (६१-४-२२३)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** २००३ जुलाई ९ | **आयोजना सम्पन्न हुने मिति :** २००८ डिसेम्बर ३१ |
| **कूल लागत :** रू. ५४,७५,९६ हजार | **आ.व. २०६१/६२ को बजेट :** रू. १६,१०,८४ हजार |
| **आयोजनाको प्रकृति :** उत्पादन | **श्रोत :** श्री ५ को सरकार/ UNDP /IDA |

(क) आ.व. २०६०/६१ को प्रगति :

नेपालका २५ दुर्गम जिल्लाहरूमा सामुदायिक लघु जलविद्युत् मार्फत विद्युत् सेवा उपलब्ध गराई घरायसी विद्युत् तथा आय आर्जनको माध्यमबाट गरिबी निवारण गर्ने वातावरण तथा प्राकृतिक स्रोत साधनको संरक्षण गर्ने तथा समुदायलाई सशक्तिकरण गर्ने उद्देश्य अनुरूप विश्व बैंक तथा यू..एन.डि.पी. को अनुदान सहयोगमा यो कार्यक्रम संचालित छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

२५ जिल्लाहरूमा लघु जलविद्युत् आयोजनाबाट १३७७ किलोवाट विद्युत् उत्पादन गर्ने, समुदाय परिचालन तथा तालिम संचालन, वातावरण तथा प्राकृतिक स्रोत साधन सम्बन्धी क्रियाकलापहरू, अध्ययन अनुसन्धान तालिम तथा क्षमता अभिवृद्धि क्रियाकलाप गर्ने लक्ष्यहरू रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

२५ जिल्लामा १३७७ लघु जलविद्युत् उत्पादन तथा वितरण भई ग्रामीण ऊर्जाको परम्परागत स्रोत माथिको निरन्तरता कम हुने ।

## १३. ग्रामीण ऊर्जा विकास कार्यक्रम : (६१-३-२२४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २००२ अप्रिल १ | आयोजना सम्पन्न हुने मिति : २००६ जुलाई १६ |
| कूल लागत : रू. ८,१०,३० हजार | आ.व. २०६१/६२ को बजेट : रू. २,४७,०१ हजार |
| आयोजनाको प्रकृति : उत्पादन | श्रोत : UNDP |

(क) आ.व. २०६०/६१ को प्रगति :

१० जिल्लामा २७० कि.वा. लघु जलविद्युत् आयोजनाको विस्तृत संभाव्यता अध्ययन, १५ जिल्लामा लघु जलविद्युत् आयोजना स्थापनाको लागि समुदाय परिचालन, लघु जलविद्युत् आयोजना स्थापना तथा दीगो संचालनका लागि पूर्व संभाव्यता अध्ययन, विस्तृत सर्भेक्षण अध्ययन, जोखिममा परेका समुदाय सम्बन्धी योजना निर्देशिका तयार, वातावरण प्रभाव मूल्यांकन निर्देशिका तथा वित्तिय व्यवस्थापन निर्देशिका तयार, ग्रामीण ऊर्जा विकास कार्यक्रम संचालित २५ जिल्लाका जिविस सभापतिहरूलाई अभिमूखीकरण तालिम र दोलखामा ३० कि.वा., प्यूठानमा २४ कि.वा. र बाजूरामा २० कि.वा. लघु जलविद्युत् आयोजना स्थापना गरिएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

ग्रामीण ऊर्जा विकास कार्यक्रम संचालन गर्ने जिविस महासंघ तथा गाविस महासंघहरूलाई संस्थागत विकास एवं मानव संसाधन विकासको लागि तालिम संचालन गर्न अनुदान दिइनेछ ।

(ग) अपेक्षित उपलब्धि :

ग्रामीण ऊर्जा विकासका लागि जिविस महासंघ एवं गाविस महासंघको संस्थागत विकास तथा जनशक्तिको दक्षतामा अभिवृद्धि हुनेछ ।

## १४. ग्रामीण ऊर्जा विकास कार्यक्रम वि.सि.पि.आर., टि.टि.एफ. : (६१-३-२२५)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २००३ मे १ | आयोजना सम्पन्न हुने मिति : २००५ अप्रिल ३० |
| कूल लागत : रू. १,०९,५० हजार | आ.व. २०६१/६२ को बजेट : रू. ४०,०० हजार |
| आयोजनाको प्रकृति : सेवा/उत्पादन | श्रोत : UNDP |

(क) आ.व. २०६०/६१ को प्रगति :

काभ्रेपलान्चोक जिल्लाको चौरी गाविसमा १ वटा लघु जलविद्युत् आयोजनाको पूर्व संभाव्यता अध्ययन, जनजाती तथा दलित विद्यार्थीहरूको लागि प्राथमिक विद्यालयको निर्माण, ६०० घर परिवारलाई द्वन्द कम गर्न व्यवस्थापनको लागि संगठनमा आवद्धता, सुधारिएको चुलो तथा लघु जलविद्युत् सम्बन्धी तालिम, Micro Water Shed को व्यवस्थापन र लघु जलविद्युत आयोजना स्थापना गर्न विस्तृत सर्भेक्षण अध्ययन कार्य भएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

काभ्रेपलान्चोक जिल्लाको चौरी गाविसमा समुदायस्तरमा द्वन्दलाई कम गर्न सहयोग गर्ने, Micro Water Shed व्यवस्थापन गर्ने जनजाती तथा दलित विद्यार्थीहरूलाई सहयोग गर्ने, सिंचाइ तथा खानेपानी आयोजना निर्माणमा सहयोग गर्ने र २९ कि.वा. क्षमताको लघु जलविद्युत् आयोजना स्थापना गर्ने ।

(ग) अपेक्षित उपलब्धि :

काभ्रे जिल्लाको चौरी गाविसमा द्वन्दको प्रभाव कम हुने प्राकृतिक स्रोतको संरक्षणबाट सिंचाइ, खानेपानी तथा २९ कि.वा. बराबर विद्युत् सेवा उपलब्ध हुनेछ।

१५. ग्रामीण ऊर्जा विकास कार्यक्रम वि.सि.पि.आर., क्यु.आई.पि./ट्र्याक : (६१-३-२२६)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २००३ जुलाई १ | आयोजना सम्पन्न हुने मिति : २००५ जुन ३० |
| कूल लागत : रू. ७३,०० हजार | आ.व. २०६१/६२ को बजेट : रू. १०,०० हजार |
| आयोजनाको प्रकृति : सेवा/उत्पादन | श्रोत : UNDP |

(क) आ.व. २०६०/६१ को प्रगति :

द्वन्द प्रभावित अछाम र दैलेख जिल्लाका गाविसहरूमा लघु जलविद्युत् आयोजना स्थापना गर्न समुदायको परिचालन र वानाटोली गाविसमा १५ कि.वा.लघु जलविद्युत् आयोजनाको विस्तृत संभाव्यता अध्ययन गरिएको छ।

ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

द्वन्द प्रभावित अछाम र दैलेख जिल्लाका गाविसहरूमा सिंचाइ तथा खानेपानी आयोजना निर्माणमा सहयोग गर्ने, ३० कि.वा. बराबरको लघु जलविद्युत् आयोजना स्थापना गर्ने र समुदायस्तरमा द्वन्दलाई कम सहयोग गर्ने कार्य गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

अछाम र दैलेख जिल्लाका गाविसहरूमा द्वन्दको प्रभाव कम हुने प्राकृतिक स्रोतको संरक्षणबाट सिंचाइ, खानेपानी तथा ३० कि.वा. बराबर विद्युत् सेवा उपलब्ध हुनेछ।

१६. सूचना प्रविधि पार्क आयोजना - उच्च स्तरिय सूचना प्रविधि आयोग समेत : (६१-३-२३०), (६१-४-२३०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५२ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. ३,७०,०० हजार |
| आयोजनाको प्रकृति : उत्पादन/अनुसन्धान | श्रोत : श्री ५ को सरकार/ Japan (DRF) |

(क) आ.व. २०६०/६१ को प्रगति :

आ.ब. ०६०।६१ मा स्थापित सूचना प्रविधि उच्चस्तरीय आयोगबाट सरकारी सेवा प्रवाहमा दक्षता, समता, लागत प्रभावकारिता एवं गुणस्तरीयता कायम गरी सेवा प्रवाह गर्न नीति निर्माण, संस्थागत विकास जस्ता कार्यहरू भएका छन्। सूचना प्रविधि पार्क तर्फ विभिन्न पूर्वाधारको विकास अन्तरगत भवन निर्माण सम्पन्न भई मेसिनरी तथा औजार जडान, कम्पाउण्ड वालको निर्माण भई यस्को Business Plan तयारीको चरणमा रहेको छ।

(ख) आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

सूचना प्रविधि उच्चस्तरीय आयोगतर्फ श्री ५ को सरकारको लेखा प्रणालीको सफ्टवेयर विकास एवं व्यवस्थापन गर्ने, शहरी चालक अनुमति पत्र, सवारी धनी प्रमाण पत्र, नागरिकता, राहदानी तथा लालपुर्जाको स्मार्ट कार्डको लागि सफ्टवेयरको निर्माण गर्ने, दुईवटा ग्रामीण सामुदायिक सूचना केन्द्रको स्थापना र निर्माणाधीन सूचना केन्द्रको संचालन, कम्प्यूटर तालिम स्तरीकरण, सूचना प्रविधि सुदृढीकरण, भवन मर्मत, उपकरणको आपूर्ति आदि। सूचना प्रविधि पार्कतर्फ जग्गा विकास, बगैंचा निर्माण तथा पानी व्यवस्थापन, हाइटेन्सन लाईन रिलोकेसन, सूचना प्रविधि पार्क संचालन, सूचना प्रविधि शहर विकास, Communication Gateway संचालन आदि कार्य संचालन गरिनेछन्।

(ग) अपेक्षित उपलब्धि :

सूचना प्रविधिको सुदृढीकरण एवं विकासको सन्दर्भमा विभिन्न सफ्टवेयरको विकास, जनशक्ति विकास तथा सूचना प्रविधि पार्क संचालन भई यसतर्फको विकास द्रुत गतिले अघि बढ्ने छ।

१७. बी.पी. कोईराला प्लानेटोरियम : (६१-३-२४०), (६१-४-२४०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०५९ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : खुलाउन नसकिने | आ.व. २०६१/६२ को बजेट : रू. ९२,०० हजार |
| आयोजनाको प्रकृति : उत्पादन/अनुसन्धान | श्रोत : श्री ५ को सरकार/ Japan (DRF) |

आ.व. २०६०/६१ को प्रगति :

(क) राष्ट्रमा खगोल विज्ञान तथा ब्रम्हाण्ड विज्ञानको अध्ययन तथा अनुसन्धान कार्यलाई अग्रमामी बनाउनुका साथै जनमानसमा भएको सार्थक ज्ञानलाई प्रभावित गर्ने वेधशाला निर्माण कार्य प्रारम्भ, विज्ञान पत्रिका प्रकाशन, विज्ञान प्रदर्शनी जस्ता कार्य सम्पन्न भएका छन् ।

आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

(ख) वेधशाला स्थापनाका लागि भवनको निर्माण र डोम खरिद गर्ने, सो को लागि उपकरण खरिद गर्ने, सौर्य मण्डल-तारा मण्डलको अध्ययन एवं स्काई म्याप क्यालेण्डर तयार गर्ने, वर्कशप, विद्यालयमा एस्ट्रोनोमी - स्ट्रोफिजिक्स सम्बन्धी तालिम आदि कार्य गरिनेछन् ।

अपेक्षित उपलब्धि :

(ग) वेधशालाको स्थापना हुने, स्काईम्याप क्यालेण्डर तयार हुने र माध्यमिक तहका विद्यार्थीहरूले स्ट्रोनोमी, स्ट्रोफिजिक्सका विषयमा जानकारी प्राप्त गर्नेछन् ।

१८. **नविकरणीय ऊर्जा विकास कार्यक्रम : (६१-३-२६०), (६१-४-२६०)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरु मिति : २००३ अप्रील १५ | **आयोजना सम्पन्न हुने मिति :** २००८ डिसेम्बर ३१ |
| कूल लागत : रू. १,४१,०७,५० हजार | **आ.व. २०६१/६२ को बजेट :** रू. ८,४०,०० हजार |
| आयोजनाको प्रकृति : उत्पादन | **श्रोत :** श्री ५ को सरकार/ European Union |

(क) आ.व. २०६०/६१ को प्रगति :

ग्रामीण क्षेत्रमा नवीकरणीय ऊर्जा खासगरी सामुदायिक सौर्य ऊर्जा मार्फत आय आर्जन, ग्रामीण क्षेत्रको दीगो विकास तथा सामाजिक सेवाको माध्यमबाट गरिबी घटाउने उद्देश्य अनुरूप यूरोपेली आयोगको अनुदान सहयोगमा यो कार्यक्रम संचालित छ । यस कार्यक्रमको लागि यूरोपेली आयोगबाट परामर्शदाताको छनौट भएको तर आयोजना प्रमुखको नियुक्ति नभएको हुँदा हालसम्म कार्यक्रम संचालन हुन सकेको छैन् ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

८ जिल्लामा ५० वटा सौर्य पम्प मार्फत खानेपानी तथा थोपा सिंचाइ आयोजना, ५० वटा संस्थागत सौर्य विद्युत् प्रणाली, ५० वटा सौर्य कुकर तथा सोलार थर्माल जडान गर्ने, अध्ययन तथा अनुसन्धान, तालिम तथा प्रदर्शनी र अनुगमन तथा मूल्यांकन कार्यहरू गरिनेछन् ।

(ग) **अपेक्षित उपलब्धि :**

८ जिल्लाका ५० सौर्य विद्युत् प्रणालीद्वारा दूर्गम जिल्लाका जनताले, स्वास्थ्य, शिक्षा, खानेपानी तथा थोपा सिंचाइको सुविधा प्राप्त गर्ने ।

## विज्ञान तथा प्रविधि क्षेत्र अन्तरगत आ.व. २०६१।६२ मा संचालन गरिने कार्यक्रम तथा बजेट

(रु.हजारमा)

| क्र.सं. | आयोजना/कार्यक्रम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन |  |  | श्रोत |  |  | प्राथमिकता क्रम | रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  |  | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक |  |  |  |
|  |  |  |  |  |  |  | अनुदान | ऋण |  |  |
| १ | नीति निर्माण तथा संस्थागत सुदृढीकरण ६१-३-२००/६१-४-२०० | ३१५५७ | २३००० | १९६०० | ३४०० | १३००० | १०००० Japan (DRF) | ० | P1 | ०४ |
| २ | जल विज्ञान कार्यक्रम ६१-३-२०१/६१-४-२०१ | १६५१८ | १८७४५ | १११५५ | ७५९० | १६२४५ | २५०० Japan (DRF) | ० | P1 | ०२ |
| ३ | हावापानी विज्ञान कार्यक्रम ६१-३-२०२/६१-४-२०२ | १५५७७ | १७७०८ | ११३५८ | ६३५० | १५७०८ | २००० Japan (DRF) | ० | P1 | ०२ |
| ४ | मौसम पूर्वानुमान कार्यक्रम ६१-३-२०३/६१-४-२०३ | ४५०५ | ५५०० | २६५० | २८५० | ५५०० | ० | ० | P1 | ०२ |
| ५ | हिम नदी तथा हिम जल विज्ञान परियोजना ६१-३-२०४/६१-४-२०४ | १६९४ | २०९५ | १११९ | ९७६ | २०९५ | ० | ० | P2 | ०२ |
| ६ | बाढी भविष्यवाणी ६१-३-२०५/६१-४-२०५ | ३१३९ | ५७०० | २७०० | ३००० | ५७०० | ० | ० | P2 | ०२ |
| ७ | च्छोरोल्पा विष्फोटन पूर्व संकेत तथा न्यूनीकरण ६१-३-२०६/६१-४-२०६ | ३५६५ | २८०० | ९९० | १८१० | २८०० | ० | ० | P2 | ०२ |
| ८ | नेपाल राजकिय विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान ६१-३-२१० | २६५०० | २९००० | २९००० | ० | २९००० | ० | ० | P2 | ०२ |
| ९ | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र ६१-३-२२०/६१-४-२२० | ११३७७३ | १४५००० | २२८१० | १२२१९० | २४७१० | १२०२९० NORAD/DANIDA/ SNV | ० | P1 | ०२ |
| १० | जैविकग्यास उत्पादन कार्यक्रम ६१-४-२२१ | ९०९०४ | २१३९०० | ० | २१३९०० | ३५४६० | १७८४४० SNV/KFW | ० | P1 | ०२ |
| ११ | लघु जल विद्युत तथा वैकल्पिक ऊर्जा कार्यक्रम ६१-३-२२२/६१-४-२२२ | १४७३३८ | २१६६२५ | ६८०० | २०९८२५ | २१९९५ | १९४६३० DANIDA/SNV/NO RAD | ० | P1 | ०२ |
| १२ | विद्युत् विकास कोष सामुदायिक लघु जलविद्युत् ग्रामीण विद्युतीकरण कार्यक्रम ६१-३-२२३/६१-४-२२३ | ० | १६१०८४ | ११३९४ | १४९६९० | ३७८७ | ५०६२८ UNDP/IDA | १०६६६९ UNDP/ID A | P1 | ०२ |
| १३ | ग्रामीण ऊर्जा विकास कार्यक्रम ६१-३-२२४ | ० | २४७०१ | २४७०१ | ० | ० | २४७०१ UNDP | ० | P1 | ०१ |
| १४ | ग्रामीण ऊर्जा विकास कार्यक्रम वि.सि.पि.,आर.टि.टि.एफ. ६१-३-२२५ | ० | ४००० | ४००० | ० | ० | ४००० UNDP | ० | P1 | ०१ |
| १५ | ग्रामीण ऊर्जा विकास कार्यक्रम वि.सि.पि.आर., | ० | १००० | १००० | ० | ० | १००० | ० | P1 | ०१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | क्यू.आई.पि./ट्याक ६१-३-२२६ | | | | | | UNDP | | | |
| १६ | सूचना प्रविधि पार्क आयोजना उच्च स्तरिय सूचना प्रविधि आयोग समेत ६१-३-२३०/६१-४-२३० | ३८६२२ | ३७००० | १८०८० | १८९२० | १७००० | २०००० Japan (DRF) | ० | P1 | ०२ |
| १७ | वि.पी.कोईराला प्लानेटोरियम ६१-३-२४०/६१-४-२४० | ८८३४ | ९२०० | २९०० | ६३०० | ३२०० | ६००० Japan (DRF) | ० | P2 | ०२ |
| १८न | वीकरणीय ऊर्जा विकास कार्यक्रम ६१-३-२६०/६१-४-२६० | २७११८ | ८४००० | ४००० | ८०००० | ४००० | ८०००० EU | ० | P1 | ०२ |
| | जम्मा | ५२९६४४ | १००१०५८ | १७४२५७ | ८२६८०१ | २००२०० | ६९४१८९ | १०६६६९ | | |

## ४.३.६ अन्य आर्थिक

मूलुकको समग्र आर्थिक विकासको लागि बैंकिंग तथा वित्तीय क्षेत्र तथा राजश्व र आर्थिक प्रशासन क्षेत्रले पुऱ्याउने महत्वपूर्ण योगदानलाई दृष्टिगत गरी बैंक र वित्तीय क्षेत्र अन्तर्गत वित्तीय प्रणालीमा संरचनात्मक सुधार, लेखा प्रणाली र लेखा परिक्षणको स्तर बृद्धि, सूचना र प्रविधिको उपयोग र विकास, संस्थागत सुदृढीकरण तथा कानुनी र न्यायीक संयन्त्रको यथोचित व्यवस्था जस्ता कार्यक्रमहरू एवम् राजश्व र आर्थिक प्रशासन क्षेत्रको सुधार गर्ने जस्ता विविध कार्यक्रमहरू तथा आयोजनाहरूलाई आ.ब. २०६१/६२ मा पनि निरन्तरता दिइएको छ ।

आ.ब. २०६१/६२ मा सञ्चालन गरिने कार्यक्रमहरूको संख्या, बजेट र कूल बजेटमा प्राथमिकताक्रम अनुसारको बजेट प्रतिशत निम्नानुसार छन् :

रू हजारमा

| प्राथमिकता | आयोजनाको संख्या | आ.ब. २०६१/६२ को वजेट | कूल बजेटमा प्रतिशत |
|---|---|---|---|
| P1 | ९ | १९४८२९८ | ५९.४८ |
| P2 | ६ | १३२७०७० | ४०.५२ |
| जम्मा | १५ | ३२७५३६८ | १०० |

### (क) बैंकिंग तथा वित्तीय क्षेत्र

बैंकिंग तथा वित्तीयक्षेत्र अन्तर्गत विशेष गरी कृषि विकास बैंक लगायत नेपाल बैंक लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक तथा विभिन्न बैंकिंग संस्थाहरूको संलग्नतामा गरिबी निवारण, कृषि विकास, आयमूलक तालिम कार्यक्रम आदि क्षेत्रहरूमा अनुदान, ऋण लगानी तथा संस्थागत सुधार कार्यक्रमहरू संचालन गर्ने लक्ष्य रहेको छ । यस क्षेत्र अन्तर्गत निम्न आयोजनाहरू रहेका छन् ।

**१. आयोजनाको नामः कृषि विकास बैंक, विविध (३५-३-३१०/३५-४-३१०)**

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना शुरू भएको मितिः** आ.ब. २०५५/५६
**आयोजना सम्पन्न हुने मितिः** सालवसाली
**आ.ब. २०६१/६२ को बजेटः** रू. १२००० हजार
**स्रोतः** श्री ५ को सरकार
**आयोजनाको प्रकृतिः** कृषि उत्पादन बढाउने ।

**(क) आयोजनाको हालसम्मको प्रगतिः**

देशमा कृषि उत्पादकत्व बृद्धि तथा कृषि विकासका लागि आवश्यक आयोजनाहरूको संचालन जस्तै कृषक समूह गठन गरी तालिम सञ्चालन गर्ने, साना किसान विकास आयोजनालाई संस्थागत तथा हस्तान्तरण गर्दै लैजाने आदि कार्य भैरहेकोछ । यस अन्तर्गत १५९ वटा साना किसान विकास आयोजना समुदायमा हस्तान्तरण भइ सकेकोछ ।

**(ख) आ.ब. २०६१/६२ मा सञ्चालन हुने मुख्य क्रियाकलापहरू:-**

- साना किसान विकास आयोजनाअन्तर्गत गा.वि.स.स्तरमा साना किसानहरूको संस्था बनाउने र यी कार्यक्रमको व्यवस्थापन र संचालनसम्वन्धी तालिम प्रदान गर्ने ।
- ३६ वटा साना किसान विकास आयोजनाहरूको व्यवस्थापन साना किसानहरूको समुदायलाई हस्तान्तरण गर्ने ।
- चिया खेतीतर्फका कृषकलाई चिया उत्पादन तथा प्रशोधनसम्बन्धी तालिम प्रदान गर्ने ।

**(ग) अपेक्षित उपलब्धिः**

साना किसान विकास आयोजनाहरूको गाउँस्तरमा नै व्यवस्थापन गर्ने क्षमतामा अभिवृद्धि हुनेछ ।

**२. आयोजनाको नामः कृषि विकास बैंक, शेयर लगानी (८७-३-२०१/८७-४-२०१)**

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना शुरू भएको मितिः** २०२४/२५
**आयोजना सम्पन्न हुने मितिः** सालबसाली
**आ.ब. २०६१/६२ को बजेटः** रू.१००००० हजार
**स्रोतः** श्री ५ को सरकार
**आयोजनाको प्रकृतिः** क्षमता अभिवृद्धि गर्ने ।

(क) आयोजनाको हालसम्मको प्रगतिः
कृषि विकास बैंकको वित्तीय क्षमता र व्यावसायिकतामा वृद्धि हुँदै गएकोछ ।

(ख) आ.ब. २०६१/६२ मा सञ्चालन हुने मुख्य क्रियाकलापहरू:
बैंकको पुँजी वृद्धिका लागि शेयर लगानी गर्ने ।

(ग) अपेक्षित उपलब्धिः
कृषि विकास बैंकको वित्तीय क्षमता सुदृढ हुन गइ बैंक व्यावसायिक रूपमा सञ्चालन हुनेछ ।

३. **आयोजनाको नामः शितघर निर्माण (व्याज अनुदान) (३५-३-४७२/३५-४-४७२)**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना शुरू भएको मितिः** २०५५/५६ | **आयोजना सम्पन्न हुने मितिः** सालबसाली |
| **आ.ब. २०६१/६२ को बजेटः** रू.२१५७० हजार | **स्रोतः** श्री ५ को सरकार |
| **आयोजनाको प्रकृतिः** सेवा प्रदान | |

(क) **आयोजनाको हालसम्मको प्रगतिः** तरकारी, फलफुल तथा उच्च मुल्य बालीको उचित भण्डारण तथा बजार व्यवस्थापनका लागि विगतका बर्षहरूमा अधिराज्यका विभिन्न ठाउँहरू ३८ हजार ९ सय मेट्रिक टन क्षमताका कोल्ड स्टोरेजहरूको निर्माण भै सञ्चालनमा रहेका छन् । साथै आ.व. २०६०/६१ मा थप १५००० मेट्रिक टन क्षमताको कोल्ड स्टोरेजहरूको निर्माण भएको छ ।

(ख) **आ.ब. २०६१/६२ मा सञ्चालन हुने मुख्य क्रियाकलापहरू:**
- कृषि बजारलाई बढी प्रतिस्पर्धी एवं अनुकूल बनाउन तरकारी, फलफूल तथा उच्च मूल्य बालीको बजार विस्तार गर्ने ।
- कूल २५००० मे.टन क्षमताका १७ वटा कोल्डस्टोरहरू व्याज अनुदान प्रदान गरी सञ्चालन गर्ने ।

(ग) **अपेक्षित उपलब्धिः** तरकारी, फलफूल तथा उच्च मूल्य बालीको भण्डारण र बिक्री प्रबर्द्धन हुनेछ ।

४. **आयोजनाको नामः पशु विमा (कर्जा सुरक्षण समेत) (३५-३-४१०/३५-४-४१०)**

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना शुरू भएको मितिः** आ.ब. २०४४/४५ ( निक्षेप विमा तथा कर्जा सुरक्षण निगम प्रा.लि)
आ.ब. २०५२/५३ (कृषि विकास बैंक)

| | |
|---|---|
| **आयोजना सम्पन्न हुने मितिः** सालबसाली | **आ.ब. २०६१/६२ को बजेटः** रू १५००० हजार |
| | **स्रोतः** श्री ५ को सरकार |

**आयोजनाको प्रकृतिः** व्यवसायिक जोखीम न्युनीकरण हुने ।

(क) **आयोजनाको हालसम्मको प्रगतिः**
कृषकहरूको पशुधन सुरक्षण गर्न र पशुधन मृत्युबाट कृषकलाई हुने नोक्सानीबाट राहत दिन यस कार्यक्रमलाई सालबसाली रूपमा सञ्चालन गरिएकोछ ।

(ख) **आ.ब. २०६१/६२ मा सञ्चालन हुने मुख्य क्रियाकलापहरू**
- ५००० पशुहरूको विमा तथा सुरक्षण गर्ने ।
- निक्षेप विमा तथा कर्जा सुरक्षण निगम प्रा.लि.बाट बीमा संचालन गर्ने ।
- पंक्षी बीमा शुरू गर्ने ।
- नगद बाली बीमा प्रथा शुरू गर्ने ।

(ग) **अपेक्षित उपलब्धिः**
कृषक तथा पंक्षी पालकलाई पशु पंक्षी मृत्यु तथा बाली नोक्सानीबाट हुने आर्थिक नोक्सानीबाट संरक्षण भइ कृषिमा व्यवसायिक विस्तार हुनेछ ।

## (ख) अन्य बैंकिंग तथा वित्तीय क्षेत्र

बैंकिंग तथा वित्तीय क्षेत्रको कार्यदक्षता अभिवृद्धिका लागि संस्थागत सुदृढीकरण गर्ने, आर्थिक गतिविधि द्रुततर गर्न तथा

परिणाममुखि वनाउन, देशमा संगठित पूंजि बजारको विकास र विस्तार गर्न, सार्वजनिक संस्थानहरूको सुधार तथा निजीकरण गर्न, कानुनी तथा न्यायिक व्यवस्थापनको सुदृढीकरण गर्न यस क्षेत्र अन्तर्गत निम्न आयोजनाहरू संचालनमा ल्याइनेछ ।

### १. आयोजनाको नाम: संगठित तथा वित्तीय सुशासन आयोजना (३५-३-४७४/३५-४-४७४)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजनाको शुरू मितिः** आ.ब. २०५७/५८ | **आयोजना सम्पन्न हुने मितिः** २०६३ आषाढ मसान्त |
| **कूल लागतः** रू १०३८७२९ हजार | **आ.ब. २०६१/६२ को बजेटः** रू १२४३२५ हजार |
| **आयोजनाको प्रकृतिः** संस्थागत सुदृढिकरण | **स्रोतः** श्री ५ को सरकारको रू ४ लाख र ADB को ऋण रू १२ करोड ३९ लाख |

**(क) आयोजनाको हालसम्मको प्रगतिः**

संगठित सुशासन तथा पूंजि बजारको लागि धितोपत्र बोर्डको संस्थागत सुदृढीकरण गर्ने, नेपाल स्टक एक्सचेन्जको क्षमता वृद्धि गर्ने, केन्द्रीय निक्षेप प्रणालीको स्थापना गर्ने, कम्पनी रजिष्ट्रारको कार्यालयको क्षमता वृद्धि गर्ने तथा कानुन लागु गर्ने संयन्त्र र न्यायिक क्षमतामा सुधार गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठान गठन गर्ने र वाणिज्य इजलासको स्थापना गर्ने कार्यहरू भइ रहेका छन् ।

**(ख) आ.ब. २०६१/६२ मा सञ्चालन हुने मुख्य क्रियाकलापहरूः**

- संगठित सुशासन तथा पूंजि वजारको लागि धितोपत्र बोर्डको संस्थागत सुदृढीकरण गर्ने ।
- नेपाल स्टक एक्सचेन्जको क्षमता वृद्धि गर्ने ।
- केन्द्रीय निक्षेप प्रणालीको स्थापना गर्ने ।
- कम्पनी रजिष्ट्रारको कार्यालयको क्षमता वृद्धि गर्ने ।
- कानुन लागु गर्ने संयन्त्र र न्यायिक क्षमतामा सुधार गर्न राष्ट्रिय न्यायिक प्रतिष्ठान गठन गर्ने ।
- वाणिज्य इजलासको स्थापना गर्ने ।

**(ग) अपेक्षित उपलब्धिः**

पुंजी बजारको क्षमता वृद्धि तथा सुदृढ हुने, केन्द्रीय निक्षेप प्रणालीको स्थापना हुने, राष्ट्रिय न्यायीक प्रतिष्ठान स्थापना हुने, कानुनी सूचना केन्द्र स्थापना हुने र सुरक्षित कारोवारको अभिलेखन हुनेछ ।

### २.. आयोजनाको नाम: वित्तीय क्षेत्र सुधार कार्यक्रम (९५-३-९७३/९५-४-९७३)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजनाको शुरू मितिः** आ.ब. २०५९/६० | **आयोजना सम्पन्न हुने मितिः** आ.ब. २०६३/६४ |
| **कूल लागतः** रू २४६१४७९ हजार | **आ.ब. २०६१/६२ को बजेटः** रू ६०८९९६ हजार |

**स्रोतः** श्री ५ को सरकारको रू. १४ करोड ३१ लाख,, IDA को ऋण रू. २७ करोड ९५ लाख र DFID को अनुदान सहयोग रू. १८ करोड ६४ लाख
**आयोजनाको प्रकृतिः** संस्थागत क्षमता सुदृढीकरण

**(क) आयोजनाको हालसम्मको प्रगतिः**

राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको व्यवस्थापन करारमा दिने कार्य र नेपाल राष्ट्र बैंकका पुनर्संरचनासम्बन्धी कार्यका लागि परामर्शदाताहरूको नियुक्ती गर्ने कार्य सम्पन्न भएको छ भने वित्तीय क्षेत्र सुधारका लागि बैंक तथा वित्तीय संस्थाहरूलाई क्रमशः १० वटा र १३ वटा निर्देशनहरू जारी गरिएको छ । नेपाल बैंक लिमिटेड सञ्चालन मुनाफामा पुगेको छ भने राष्ट्रिय वाणिज्य बैंकको नगद घाटाको स्थितिमा उल्लेख्य सुधार भएको छ । यस अतिरिक्त यी बैंकहरूको व्यवस्थापन सुधार संतोषप्रद ढंगले अघि बढिरहेकोछ ।

**(ख) आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरूः-**

- नेपाल राष्ट्र बैंकको पुनसंरचना गर्ने ।
- राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको व्यवस्थापन करारमा दिने ।

**(ग) अपेक्षित उपलब्धिः**

नेपाल राष्ट्र बैंकको संस्थागत क्षमता अभिबृद्धि हुने र राष्ट्रिय बाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको वित्तीय तथा

संस्थागत क्षमता अभिवृद्धि भइ सवल रूपमा सञ्चालन हुनेछन् ।

## ३. आयोजनाको नामः ग्रामीण लघु वित्त आयोजना (८७-३-२२०/८७-४-२२०)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजनाको शुरू मितिः** आ.व. २०५५/५६ | **आयोजना सम्पन्न हुने मितिः** २०६२ आषाढ मसान्त |
| **कुल लागतः** रू २०७३१५० हजार | **आ.ब. २०६१/६२ को बजेटः** रू २०४५०० हजार |

**स्रोतः** श्री ५ को सरकारको २ करोड ५२ लाख, ADB को ऋण रू. १६ करोड ९३ लाख र जापान सरकारको अनुदान रू. १ करोड
**आयोजनाको प्रकृतिः** सेवा प्रदान गरी गरिवी न्युनीकरण गर्ने ।

(क) **आयोजनाको हालसम्मको प्रगतिः** आयोजनाको लागि आवश्यक भौतिक संरचना निर्माण तथा संस्थागत विकास गर्न २ वटा गाडी सहित अन्य उपकरणको व्यवस्था भएको तथा लघु वित्त संस्थाहरूको क्षमता अभिबृद्धिका लागि करिव ८५,००० ग्राहकलाई र २६०० कर्मचारीलाई तालिम प्रदान गर्नुका साथै विपन्न वर्गलाई ऋण प्रदान गर्न थोक ऋण कार्यक्रम सञ्चलन गरिएको छ ।

(ख) **आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- लक्षित विपन्न बर्गमा लघु कर्जा प्रवाह गर्ने ।
- कर्मचारी र ग्राहकलाई विभिन्न प्रकारका तालिम उपलब्ध गर्ने ।
- राष्ट्रिय अन्तर्राष्ट्रिय परामर्शदाताहरूको सेवा उपलब्ध गराउने ।
- आयोजनाको प्रभावकारी संचालनका लागि परिवहन, मेशिनरी र औजार खरिद गर्ने ।
- सामुदायिक पशु विकास कर्जा प्रवाह गर्ने ।
- गरिवी न्यूनीकरण कोष संचालन गर्ने ।

(ग) **अपेक्षित उपलब्धिः** ग्रामीण क्षेत्रको कृषक-व्यवसायी वर्गमा लघु वित्त संस्था मार्फत लघु उद्यमका लागि थप संस्थागत कर्जा प्रवाह हुनेछ ।

## ४. आयोजनाको नामः सामुदायिक भूमिगत जल सिंचाई सेक्टर (३५-३-४७५/३५-४-४७५)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजनाको शुरू मितिः** आ.व. २०५४/५५ | **आयोजना सम्पन्न हुने मितिः** २०६४ आषाढ मसान्त |
| **कुल लागतः** रू २६९७६६० हजार | **आ.ब. २०६१/६२ को बजेटः** रू ९९००० हजार |

**स्रोतः** श्री ५ को सरकारको रू. ४३ लाख ५० हजार र ADB को ऋण रू. ९ करोड ४६ लाख ५० हजार
**आयोजनाको प्रकृतिः** सिंचाइ सेवा प्रदान गर्ने ।

(क) **आयोजनाको हालसम्मको प्रगतिः**

१५००० स्यालो ट्युववेल जडान गरी करिव ६० हजार हेक्टर जमिनमा सिंचाइ पुऱ्याउने तथा बाली उत्पादन कर्जा प्रदानद्वारा १ लाख १० हजार सीमान्त कृषक परिवार लाभान्वित हुने र कृषि वजार विकास तथा विस्तार गर्ने उद्देश्य अनुसार २९५४ वटा सामुदायिक र व्यक्तिगत स्यालो ट्युबवेलहरूको निर्माण सम्पन्न भएको, १६००० घरपरिवार लाभान्वित भएको र ११५०० हेक्टर जमिनमा सिंचाइ सुविधा पुगेको छ ।

(ख) **आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- १५०००सामुहिक र ५५०० व्यक्तिगत स्यालो ट्यूवेल तथा पम्प जडान गरिने ।
- कृषि उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्ने ।

(ग) **अपेक्षित उपलब्धिः**

थप सिंचाइ सुविधा उपलब्ध भई किसान वर्गको कृषि तथा तरकारी बालीको उत्पादनमा बृद्धि हुन गइ आयमा बृद्धि हुनेछ ।

## ५. आयोजनाको नामः सार्वजनिक संस्थान सुधार कार्यक्रम (९५-३-९७५/९५-४-९७५)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना शुरू भएको मिति:** आ.व. २०४७/४८
**आ.ब. २०६१/६२ को बजेट:** रू १०१०००० हजार
**आयोजना सम्पन्न हुने मिति:** सालबसाली
**स्रोत:** श्री ५ को सरकारको रू. ३६ करोड, एशियाली विकास बैंक (ADB) को ऋण रू. ६० करोड र DFID को अनुदान रू. ५ करोड

**आयोजनाको प्रकृति:** व्यवस्थापकीय क्षमता सुधार गर्ने ।

**(क) आयोजनाको हालसम्मको प्रगति:**

गत आ.व.सम्म २४ वटा सार्वजनिक संस्थानहरूको निजिकरण वा लिक्विडेशन गरिसकेको र थप १ वटा संस्थानको सम्पत्ति विक्रि (Asset Sale) भैसकेको तथा ८ वटा अन्य सार्वजनिक संस्थानहरूको निजिकरण प्रक्रिया शुरू भैसकेको छ ।

**(ख) आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- श्री ५ को सरकारको स्वामित्वमा रहेका संस्थानहरूको व्यवस्थापकीय क्षमता र संरचनात्मक सुधार गर्ने ।
- निजीकरण गर्नु पर्ने संस्थानहरूलाई निजीकरण गर्न आवश्यक पर्ने वित्तीय दायित्व व्यहोर्ने ।

**(ग) अपेक्षित उपलब्धि:**

श्री ५ को सरकारको सार्वजनिक संस्थानहरूमाथिको दायित्व कम हुने र आर्थिक क्रियाकलापमा निजी क्षेत्रको संलग्नता बढ्नेछ ।

## ६. आयोजनाको नाम: शेयर लगानी, विविध (८७-३-२००/८७-४-२००)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना शुरू भएको मिति:** आ.व. २०४७/४८
**आयोजना सम्पन्न हुने मिति:** सालबसाली
**आ.ब. २०६१/६२ को बजेट:** रू १७०००० हजार
**स्रोत:** श्री ५ को सरकारको रू ७ करोड र IDA को ऋण रू १० करोड
**आयोजनाको प्रकृति:** वित्तीय सेवा प्रदान

**(ख) आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- ग्रामीण स्वावलम्वन कोषमा रू २ करोड थप गरी लघु कर्जा प्रवाह विस्तार गर्ने ।
- सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापनामा रू १५ करोड शेयर समावेश भइ कम्पनीको स्थापनाद्वारा वित्तीय संस्थाहरूको सम्पत्तिको व्यवस्थापनमा सहयोग गर्ने ।

**(ग) अपेक्षित उपलब्धि:**

सम्पत्ति व्यवस्थापन कम्पनीको स्थापना हुनेछ र ग्रामीण स्वावलम्वन कोषको वित्तीय सवलिकरणमार्फत लघु कर्जाको क्षेत्रमा थप साधन उपलव्ध हुनेछ ।

अन्य आर्थिक क्षेत्र अन्तर्गत आ.व. २०६१/६२ को कार्यक्रम तथा बजेट

(क) बैंकिङ्ग तथा वित्तीय क्षेत्र

(रू. हजारमा)

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को अनुमान | | | | बैदेशिक | | | प्राथमिकता | दशौं योजनाको रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पुँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | अनुदान | ऋण | जम्मा | | |
| १. | कृषि विकास बैंक विविध (३५-३-३१०/३५-४-३१०) | १०८०० | १२००० | ० | १२००० | १२००० | ० | ० | ० | P1 | १ |
| २ | कृषि विकास बैंक शेयर लगानी (८७-३-२०१/८७-४-२०१) | २२५०० | १००००० | ० | १००००० | ० | ० | १००००० (ADB) | १००००० | P2 | १ |
| ३. | शित घर निर्माण (व्याज अनुदान) (३५-३-४७२/३५-४-४७२) | २७००० | २१५७० | ० | २१५७० | २१५७० | ० | ० | ० | P2 | १ |
| ४. | पशु विमा कर्जा सुरक्षण समेत (३५-३-४१०/३५-४-४१०) | ७००० | १५५०० | ० | १५५०० | १५५०० | ० | ० | ० | P1 | १ |

(ख) अन्य बैंकिङ्ग तथा वित्तीय क्षेत्र

(रू. हजारमा)

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को अनुमान | | | | बैदेशिक | | | प्राथमिकता | दशौं योजनाको रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पुँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | अनुदान | ऋण | जम्मा | | |
| १. | संगठित तथा वित्तिय सुशासन आयोजना (३५-३-४७४/३५-४-४७४) | ७४९९५ | १२४३२५ | ० | १२४३२५ | ४०० | ० | १२३९२५ (ADB) | १२३९२५ | P1 | ४ |
| २. | वित्तिय क्षेत्र सुधार कार्यक्रम (९५-३-९७३/९५-४-९७३) | ६१४००० | ६०८९९६ | १४३११४ | ४६५८८२ | १४३११४ | १८६३५३ (DFID) | २७९५२९ (IDA) | ४६५८८२ | P1 | १ |
| ३. | ग्रामिण लघु वित्त आयोजना (८७-३-२२०/८७-४-२२०) | १३२९३० | २०४५०० | ० | २०४५०० | २५२०० | १०००० (Japan-JFPR) | १६९३०० (ADB) | १७९३०० | P1 | ३ |
| ४. | शेयर लगानी विविध (८७-३-२००/८७-४-२००) | ५०००० | १७०००० | ० | १७०००० | ७०००० | ० | १००००० (IDA-PRSC) | १००००० | P2 | १ |
| ५. | सार्वजनिक संस्थान सुधार कार्यक्रम (९५-३-९७५/९५-४-९७५) | १०८०००० | १०१०००० | ८६०००० | १५०००० | ३६०००० | ५०००० (DFID) | ६००००० (ADB-PSM) | ६५०००० | P2 | १ |
| ६. | सामुदायिक भूमिगत जल सिंचाई सेक्टर (३५-३-४७५/३५-४-४७५) | ३९०५० | ९९००० | ० | ९९००० | ४३५० | ० | ९४६५० (ADB) | ९४६५० | P1 | २ |

# ५. सामाजिक सेवा

## ५.१ शिक्षा तथा खेलकुद

मुलुकको चौतर्फी विकास र गरिबी निवारण गर्नका लागि शिक्षा क्षेत्रको अग्रणी भूमिका रहेको हुन्छ। दशौं योजनामा गुणस्तरयुक्त शिक्षाको विकास र विस्तार गर्ने तथा गुणस्तरीय प्राथमिक शिक्षालाई सर्वसुलभ बनाउने, गरिबी उन्मूलनका निम्ति आर्थिक तथा सामाजिक विकास गर्न शिक्षालाई सशक्त माध्यमको रूपमा उपयोग गर्ने, सबैको लागि शिक्षाको सन्दर्भमा महिला तथा अपाङ्गको लागि शिक्षाको अवसरहरूमा पहुँच बढाउन विशेष व्यवस्था गर्ने उद्देश्यहरू तथा साक्षरता अभिवृद्धि गर्ने र अनौपचारिक शिक्षालाई जीवनोपयोगी बनाउने, प्राथमिक देखि माध्यमिक तहसम्मको शिक्षा सञ्चालनको जिम्मेवारी क्रमशः जनस्तरमा दिई शिक्षाको गुणस्तर सुधार गर्ने, उच्च शिक्षामा लागत आपूरणको सिद्धान्त अनुसार यसको गुणस्तर र विविधीकरणमा जोड दिने, विशेष सिकाई आवश्यकता भएका वर्गका लागि एकीकृत शिक्षा पद्धतिको विकास गर्ने आदि रणनीतिहरू उल्लेख गरिएका छन्।

यसैगरी दशौं योजनामा खेलकुद क्षेत्रतर्फ देशमा आवश्यक पर्ने सक्षम, सबल र अनुशासित जनशक्ति तयार पार्न युवापरिचालन तथा खेलकुद विकास गर्ने उद्देश्य रहेको छ भने स्थानीयस्तरदेखि नै खेलकुद विकासका कार्यक्रममा जोड दिंदै युवाहरूलाइ सामुदायिक परिचालन गर्ने रणनीति लिइएको छ। यस मन्त्रालय अन्तर्गत आगामी आ.व. २०६१।०६२ मा जम्मा १८ वटा आयोजना/कार्यक्रमहरू संचालन गरिनेछन्। यी मध्ये ७ वटा पहिलो प्राथमिकतामा, ७ वटा दोश्रो प्राथमिकतामा र ४ वटा तेस्रो प्राथमिकतामा परेका छन्। दशौं योजनाले लक्षित गरेको उद्देश्य, नीति तथा लक्ष्यहरूलाई दृष्टिगत गरी आगामी आ.व. २०६१।०६२ मा निम्न बमोजिमका आयोजना/कार्यक्रमहरू सञ्चालन हुनेछन्।

### १. सबैका लागि शिक्षा (ब.शि.नं. ६५-३-४१७/६५-४-४१७)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | आ.ब.२०६१।६२ |
| आयोजना समाप्त हुने मिति | सन् २०१५ |
| आयोजनाको प्रकृति | प्राथमिक शिक्षा |
| कुल अनुमानित लागत | रू.३९५.३ अरव |
| आ.ब. २०६१/६२ को कूल बजेट | रू.२,८४,०९,४१,०००|- |
| स्रोत | रू.८,१५,००,०००|- |
| श्री ५ को सरकार | रू.१,४५,५२,४०,०००|- |
| अनुदान (जाइका, युनिसेफ, फिनल्याण्ड, डानिडा,नर्वे) | रू.१,३०,४२,०१,०००|- |
| ऋण (विश्व बैंक) | |

सन् २००० को अप्रिलमा सेनेगलको डकारमा विश्व शिक्षा मञ्चको बैठकमा नेपालले पनि सन् २०१५ सम्ममा सबैका लागि शिक्षा पुऱ्याउने प्रतिवद्धतामा सहमति जनाए अनुरूप सबैका लागि शिक्षा अभियानलाई शैक्षिक विकासको मूल रणनीतिको रूपमा ग्रहण गरेको छ। सोही अनुरूप सबैका लागि शिक्षाका लक्ष्यहरूलाई आफ्नो शैक्षिक विकासको लक्ष्यको रूपमा अंगीकार गरेको छ। यस कार्यक्रम अन्तर्गत दलित र पिछडिएका छात्रछात्राहरूलाई छात्रवृत्ति, स्कूलको भर्नादरमा वृद्धि, विद्यालयको भौतिक सुधार, बाल विकासको अभिवृद्धि, समाहित शिक्षा र गुणस्तरीय शिक्षाको अभिवृद्धि आदि मुख्य कार्यक्रम रहेका छन्। सन् २०१५ सम्म सबैका लागि शिक्षा पुर्याउने प्रतिवद्धता अनुरूप ६ वर्ष भन्दा माथि क्रमशः सन् २००५ सम्ममा ६५ प्रतिशत र सन् २०१५ सम्ममा ९० प्रतिशत तथा १५ वर्ष भन्दा माथि क्रमशः सन् २००५ सम्ममा ५८ प्रतिशत र सन् २०१५ सम्ममा ७५ प्रतिशत साक्षरता पुर्याउने लक्ष्य रहेको छ।

**आ.व. २०६१।०६२ मा सम्पादन गरिने मुख्य मुख्य कार्यहरू**

**सबैका लागि शिक्षा (केन्द्र स्तर)**

- यस कार्यक्रम अन्तर्गत इलाम, परासी, अर्घाखाँची, पाल्पा, गुल्मी, तनहुँ, बाग्लुङ्ग, प्यूठान, सल्यान, जाजरकोट, डोटी, बझाङ्ग र बैतडी जिल्लाहरूमा १००० वटा नयाँ कक्षा कोठाहरू निर्माण गरिनेछ।
- चितवन, बारा, झापा, मकवानपुर, सप्तरी, उदयपुर, परासी, बर्दिया, रौतहट, कैलाली र रूपन्देही गरी ११ जिल्लाका विद्यालयहरूको खानेपानीमा आर्सेनिक परीक्षण र ५० वटा आर्सेनिक बाटर ट्रिटमेण्ट प्लाण्ट जडान गर्ने।
- ७६५०० प्रति अनौपचारिक प्राथमिक शिक्षा कार्यक्रमको पाठ्यक्रम तथा पाठ्यपुस्तक छपाई र वितरण गर्ने।
- कक्षा १ देखि ३ सम्मका पाठ्यपुस्तकहरूको विकास, परिमार्जन, परीक्षण तथा वितरण गर्ने।

- खाम, राई, गुरूङ्ग, शेर्पा, राईवान्तवा, मगर, चाम्लिङ्ग र मागको आधारमा एउटा गरी जम्मा ८ वटा मातृभाषामा २५००० प्रति पाठ्यपुस्तक प्रकाशन गरिनेछ। साथै चाम्लिङ्ग, वान्तवा, मैथिली, भोजपुरी, लिम्बु, अवधि, थारू र मगर भाषाका पाठ्यपुस्तक पुनः परिमार्जन गरिनेछ।
- महिला शिक्षा प्रथम, द्वितियको ११५९५९ सेट पाठ्य सामाग्री व्यवस्थापन गर्ने।
- बाल शिक्षाको ६१००० सेट पाठ्य सामाग्री उत्पादन गर्ने।

**सवैका लागि शिक्षा (जिल्ला स्तर)**

- १००० नयाँ वालविकास केन्द्रको स्थापना र संचालन गर्ने।
- जनसहभागिता जुटाई ११५०० पुराना वालविकास केन्द्र र पूर्व प्राथमिक कक्षा संचालन तथा विकास गर्ने।
- प्राथमिक विद्यालयहरूमध्ये कक्षा १ देखि ५ सम्म ९० प्रतिशत रिटेन्सन गराउने ११८ गाउँ विकास समिति/गाउँ शिक्षा समितिलाई रू.१०,००० ले पुरस्कृत गर्ने।
- ७५ जिल्लामा शारिरीक अपांग विद्यार्थीहरूका लागि अन्य शैक्षिक क्रियाकलाप कार्यक्रम गर्ने।
- महिला साक्षरता र घर आँगन पुस्तक प्रदान गरी सीपमूलक तरकारी खेती र सिलाई बुनाईको माध्यमबाट सहयोगी कार्यकताद्वारा दैनिक २.३० घण्टाको दरले ६ महिनाको साक्षरता कक्षा सञ्चालन गरी १०१९३९ जना महिलालाई साक्षर बनाइने छ।
- विद्यालयले बनाएको योजना अनुसार छनौट गरी ७५७६ विद्यालयमा भौतिक सुधार योजना लागु गरिनेछ।
- ४०८९९ शिक्षकलाई पुनर्ताजगी तालीम दिइनेछ।

**निःशुल्क पाठ्यपुस्तक**

- ३३ लाख विद्यार्थीहरूलाई निःशुल्क पाठ्यपुस्तक वितरण गर्न रू.२८ करोड २७ लाखको व्यवस्था गरिएको छ।

**छात्रवृत्ति**

- १ लाख १६ हजार विद्यालय वाहिर भएका तथा अपांग वालवालिकाहरूका लागि छात्रवृत्ति वितरण गर्न रू. ५ करोड ८३ लाखको व्यवस्था गरिएको छ।
- ५ लाख ५९ हजार सबै दलित वालवालिकाहरूका लागि छात्रवृत्ति दिन रू. १४ करोड ६ लाख ३५ हजारको व्यवस्था गरिएको छ।
- ६ लाख ३५ हजार सबै छात्राहरूलाई छात्रवृत्ति दिन रू.१५ करोड ८८ लाखको व्यवस्था गरिएको छ।

**महिला शिक्षा**

- ४१८ जना स्रोत व्यक्तिलाई तलब भत्ता वितरण गरिनेछ।

**सामुदायिक प्राथमिक विद्यालय सहयोग कार्यक्रम**

समुदायको अग्रसरतामा सञ्चालित सार्वजनिक प्राथमिक विद्यालयको सुसञ्चालनमा मद्दत पुऱ्याउन र गुणस्तर सुधार्ने यस कार्यक्रम अन्तर्गत आगामी आ.व.मा निम्न वमोजिम कार्य गरिनेछ-

- अनुदान नपाउने सामुदायिक प्राथमिक विद्यालयलाई १ शिक्षकको तलव वरावरको ५००० शिक्षकलाई रकम सहयोग दिइनेछ।
- छात्राहरूको राष्ट्रिय भर्नादर कम रहेका जिल्लाहरू मध्ये न्यून दर रहेका २० वटा जिल्लाहरूमा छात्राहरूको भर्नादर कूल विद्यार्थी संख्याको ५० प्रतिशत भन्दा माथि पुर्याउने र शैक्षिक वर्ष भरीनै सो अनुपात कायम गर्ने ७०० विद्यालयहरूलाई नियमित अनुदानको २५ प्रतिशत थप अनुदान प्रदान गरिनेछ।
- दलित तथा जनजाति विद्यार्थीहरूको भर्नादर कूल विद्यार्थी संख्याको ३० प्रतिशत भन्दा बढी पुर्याउने र शैक्षिक वर्षभरी नै सो अनुपात कायम गर्ने सुदूर पश्चिमाञ्चल र मध्य पश्चिमाञ्चलका ५०० विद्यालयहरूलाई नियमित अनुदानको २५ प्रतिशत थप अनुदान प्रदान गरिनेछ।
- सार्वजनिक विद्यालयहरूमध्ये स्वीकृत मापदण्डका आधारमा प्रवेशिका परीक्षामा ५० प्रतिशत भन्दा बढी सफलता प्राप्त गर्ने २५ विद्यालयहरूलाई प्रति विद्यालय रू.४ लाख एकमुष्ट थप अनुदान प्रदान गरिनेछ।
- २००० वटा समुदायमा हस्तान्तरण हुने विद्यालयहरूका लागि अनुदान दिइनेछ।

अपेक्षित उपलब्धि

१७३२ नयाँ कक्षा कोठाको निर्माणबाट विद्यालयको भौतिक सुधारमा सहयोग पुग्ने, ८ भाषाको २५००० प्रति पाठ्य पुस्तकको प्रकाशनबाट मातृ भाषाको विकासमा टेवा पुग्ने, १०१९३९ महिला साक्षर हुन गई साक्षरता दरमा वृद्धि हुने र सबै दलित, छात्रा र अन्य गरी १३ लाख १० हजार जनाले छात्रवृत्ति प्राप्त गरी भर्नादर लगायतमा सकारात्मक प्रभाव पर्ने ।

२ प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्(ब.शि.नं. ६५-३-४५०/६५-४-४५०)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | वि.सं. २०४५।११।१२ |
| आयोजना समाप्त हुने मिति | सालबसाली |
| आयोजनाको प्रकृति | प्राविधिक शिक्षा तथा रोजगारमूलक |
| कुल अनुमानित लागत | सालबसाली |
| आ.व. २०६१/६२ को कूल वजेट | रू.१३ करोड ८१ लख |
| स्रोत | रू.१२,७०,००,०००।- |
| श्री ५ को सरकार | रू.३१,००,०००।- |
| अनुदान (स्वीस) | रू.८०,००,०००।- |
| ऋण (ए.डि.बी.) | |

प्राविधिक शिक्षालाई व्यावसायिकमूलक बनाउँदै लगी दक्ष तथा अर्ध दक्ष जनशक्ति तयार पारी मुलुकको आवश्यकता अनुरूप क्रमशः रोजगारीको अवसर प्रदान गर्दै लैजानु परिषदको उद्देश्य रहेको छ ।

आयोजनाको स्थिति

सीपयुक्त विषयमा लामो र छोटो अवधिको तालीम प्रदान गर्ने, तालीम प्रदान गर्ने संस्थाहरूको सुपरिवेक्षण र नियन्त्रण गर्ने तथा सीप परीक्षण सम्बन्धी कार्यहरू गरि रहेको । १५ जिल्लाहरूमा एनेक्स कार्यक्रम संचालन भइरहेको ।

आ.ब.२०६०।६१ को प्रगति

५०० जना अ.न.मी.हरूलाई तालिम दिने कार्य भइरहेको, १००० जनाको सीप परीक्षण परीक्षा सञ्चालन गरिएको, करिब ५००० जनालाई लामो छोटो आदि तालिम दिइएको ।

आ.ब. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू

१००० जनालाई सीप परीक्षण परीक्षा संचालन, वैदेशिक रोजगारीमा जाने जनशक्तिको आवश्यकता अध्ययन, परिषद् अन्तर्गत संचालित १७ वटा तथा निजी क्षेत्रका प्राविधिक शिक्षालय सुपरिवेक्षण तथा मनिटरिङ, १५ वटा शिक्षालयहरूमा एनेक्स कार्यक्रम संचालन, परिषद अन्तर्गतका १० विभिन्न प्राविधिक शिक्षालयहरूमा विद्युत, इलेक्ट्रोनिक्स, निर्माण, अटोमोवाइल, कृषि, स्वास्थ्य, सामान्य चिकित्सा आदि विषयमा नियमित प्रशिक्षण, ७ वटा प्राविधिक शिक्षालयहरूमा सामुदायिक सेवा, धवलागिरी प्राविधिक शिक्षालयमा १२ जनालाई १ वर्षे लज होटेल व्यवस्थापन तालिम, १२ जनालाई ६ महिने फण्ट अफिस म्यानेजमेण्ट तालिम, पोखरा पर्यटन केन्द्रमा ३० जनालाई ६ महिने कुकिङ्ग/वेकिङ्ग तालिम, १६ जनालाई ६ महिने फण्ट अफिस अपरेशन तालिम, भेरी प्राविधिक शिक्षालयमा २४ जनालाई ३ वर्षे डिप्लोमा कोर्ष, विभिन्न प्राविधिक शिक्षालयहरूमा १ हप्तादेखि महिना दिनसम्मका वंगुर, ब्रोइलर कुखुरा, च्याउ खेती, चिया खेती, पशु स्वास्थ्य, वायरिङ्ग आदि विषयमा छोटो अवधिको तालिम कार्यक्रमहरू ।

अपेक्षित उपलब्धि

विभिन्न किसिमको लामो र छोटो अवधिको तालिम कार्यक्रमबाट प्राविधिक जनशक्तिको उत्पादनमा सहयोग पुग्ने ।

३. विद्यालय हस्तान्तरण कार्यक्रम (ब.शि.नं. ६५-३-४१२)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | सन् २००३ |
| आयोजना समाप्त हुने मिति | सन् २००६ |
| आयोजनाको प्रकृति | व्यवस्थापन सुदृढीकरण |
| कुल अनुमानित लागत | रू. ४० करोड ४० लाख ४० हजार |
| आ.ब. २०६१/६२ को कूल वजेट | रू. १५ करोड ८८ लाख ७१ हजार |
| स्रोत | रू.५४,९४,०००।- |
| श्री ५ को सरकार | रू.१५,३३,७७,०००।- |
| ऋण (विश्व बैंक) | |

स्थानीय जनसमुदायको संलग्नतामा विद्यालयहरूको व्यवस्थापन तथा शैक्षिक गतिविधिको अनुगमन गर्ने कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले सञ्चालित ।

**आयोजनाको स्थिति**

आ.व.२०६०।६१ मा १००० वटा विद्यालय हस्तान्तरण गर्ने लक्ष्य रहेको ।

**आ.व. २०६०।६१ को प्रगति**

जेठ मसान्तसम्ममा ८१८ वटा विद्यालय हस्तान्तरण भइसकेको र ती विद्यालयहरूलाई प्रति रू.१ लाखको दरले अनुदान दिइएको ।

**आ.व. २०६१।०६२ मा सम्पादन हुने मुख्य कार्यहरू**

आगामी आ.व.मा यस कार्यक्रम अन्तर्गत ५०० र सबैका लागि शिक्षा कार्यक्रम अन्तर्गत १५०० गरी कूल २००० विद्यालयहरू समुदायलाई हस्तान्तरण गर्ने । प्राथमिक विद्यालयतहमा भर्ना नभएका परिवारको पहिलो छोरा वा छोरीलाई पहिलो वर्ष रू.५००।- र दोस्रो वर्षबाट रू.२५०।- छात्रवृत्ति दिने, निम्न माध्यमिक विद्यालय र माध्यमिक विद्यालयको कुनै पनि तहमा भर्ना नभएका परिवारको पहिलो छोरा वा छोरीलाई क्रमशः रू.७००।- र रू.१०००।- छात्रवृत्ति दिने । यस्तो छात्रबृत्तिबाट हस्तान्तरित विद्यालयका १४,००० विद्यार्थीहरू लाभान्वित हुने ।

**अपेक्षित उपलब्धि**

हस्तान्तरित विद्यालयका १४००० विद्यार्थीहरूलाई वितरण गरिने विभिन्न छात्रवृत्तिबाट विद्यार्थी भर्नादर र शैक्षिक गुणस्तरमा सघाउ पुग्ने ।

## ४. माध्यमिक शिक्षा सहयोग कार्यक्रम (वं.शि.नं. ६५-३-४३०/६५-४-४३०)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | सन् २००३ |
| आयोजना समाप्त हुने मिति | सन् २००७ |
| आयोजनाको प्रकृति | माध्यमकि शिक्षा |
| कुल अनुमानित लागत | ७४मि. अमेरिकी डलर |
| आ.व. २०६१/६२ को कूल वजेट | रू. १ अर्व २५ करोड २७ लाख ७० हजार |
| स्रोत | रू.८,३३,५४,०००।- |
| श्री ५ को सरकार | रू.५४,००,१८,०००।- |
| अनुदान (डानिडा) | रू.६२,९३,९८,०००।- |
| ऋण (विश्व बैंक) | |

गुणस्तरयुक्त शिक्षाको लागि आवश्यक शिक्षकहरूलाई तालिम प्रदान गर्नु, दुर्गम जिल्लाहरूमा माध्यमिक विद्यालयहरूको सुधार तथा पुनस्थापना गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ ।

**आयोजनाको स्थिति**

निम्न माध्यमिक तथा माध्यमिक तहका शिक्षक तालिमको लागि अनिवार्य विषयहरूको पाठ्यक्रम तयार गरिएको ।

**आ.व. २०६०।६१ को प्रगति**

कक्षा १ देखि १२ सम्मको वर्तमान पाठ्यक्रमको तुलनात्मक अध्ययन गरिएको, डोटी र हुम्ला जिल्लाका सम्पूर्ण मा.वि.हरूको द्रुत सर्भेक्षण कार्य सम्पन्न भएको, २००० शिक्षकहरूलाई विद्यमान प्याकेज अनुसार तालिम दिइएको ।

**आ.व. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू**

सघन कार्यक्रम लागु भएका १० जिल्लामध्ये हुम्ला, डोटी, बैतडी, जुम्ला, कैलाली र रूपन्देही गरी ६ जिल्लाका प्रति जिल्ला १५ वटा विद्यालयका दरले ९० वटा विद्यालयहरूको निर्माण तथा पुनस्थापना, ५ वटा हिमाली छात्रावासको निर्माण, सघन कार्यक्रम लागु भएका १० जिल्ला र बाँकी ६५ जिल्ला गरी ७५ जिल्लामा ३३७७० लक्षित समूहका छात्रछात्रालाई छात्रवृत्ति प्रदान, कक्षा ६ देखि १० सम्मका १५०० ब्रेल पुस्तकको उत्पादन तथा वितरण, ५ वटा क्षेत्रीय शिक्षा भवनको निर्माण, ६५ जिल्लामा विद्यालय सुधार योजना तालिम संचालन । ५०००० जना) र सूचना प्रविधि तथा उपकरणको विकास र विस्तार गरिनेछ ।

**अपेक्षित उपलब्धि**

सहजै देखिने भर्नादरमा एवं नि.मा.वि. र मा.वि. तहमा विद्यार्थीको उत्तीर्ण अनुपातमा वृद्धि हुने ।

५. अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान (ब.शि.नं. ६५-३-६००)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | आ.ब. २०५५।५६ |
| आयोजना समाप्त हुने मिति | सालबसाली |
| आयोजनाको प्रकृति | साक्षरता अभिवृद्धि |
| कुल अनुमानित लागत | सालबसाली |
| आ.ब. २०६१/६२ को कूल वजेट | रू. १२ करोड ४ लाख |
| स्रोत | |
| श्री ५ को सरकार | रू.११,००,००,०००।- |
| अनुदान (युएनएफपिए) | रू.१,०४,००,०००।- |

देशबाट निरक्षरता उन्मुलन गर्दै लगी साक्षरता दर वढाउदै लैजाने र नवसाक्षर, वीचैमा विद्यालय छाड्नेहरू र पेशागत उन्नति खोज्नेहरूलाई निरन्तर शिक्षाको अवसर प्रदान गर्नु यस कार्यक्रमको उद्देश्य रहेको छ।

आयोजनाको स्थिति

राष्टिय साक्षरता वढाउने अभियान अन्तर्गत जिल्लामा अनौपचारिक शिक्षा संयोजकको व्यवस्थापकीय कार्यशाला तालीम संचालन,गा.वि.स,न.पा. तथा अन्य संघसंस्थाको माग बमोजिम साक्षरोत्तर कक्षाको पुस्तक वितरण, साक्षरोत्तर शिक्षाको पाठ्यपुस्तक र तालीम सामाग्रीको परिमार्जन, आयमूलक कार्यक्रम संचालन, दलित तथा पिछडिएका लाई प्रोत्साहन गर्ने कार्यक्रम तथा सघनरूपमा अनौपचारिक प्रौढ शिक्षा कार्यक्रम संचालन भइरहेको ।

आ.ब. २०६०।६१ को प्रगति

निःशुल्क वितरणका लागि पाठ्यसामाग्रीको छपाई कार्य सम्पन्न गरी गा.वि.स., न.पा. तथा अन्य संघ संस्थाको माग वमोजिम १०००० सेट प्रौढ र ३३०० सेट बाल कक्षाको पुस्तक निःशुल्क वितरण गरिएको र साक्षरता अभियान विस्तार गर्न पारिवारीक साक्षरता सर्भेक्षणको कार्य गरिएको ।

आ.ब. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू

१२ जिल्लामा ६ महिनाको प्रौढ साक्षरता कक्षा सञ्चालन गरी झण्डै १,६०,००० निरक्षरहरूलाई साक्षर बनाउने र १२ जिल्लामा ३ महिनाको साक्षरता कक्षा सञ्चालन गरी २६,७४५ जना नवसाक्षरलाई साक्षरोत्तर शिक्षा प्रदान गर्ने ।

अपेक्षित उपलब्धि

प्रौढ साक्षरता कक्षाको सञ्चालनबाट झण्डै १,६०,००० निरक्षर साक्षर हुनं गई साक्षरता दरमा वृद्धि हुँदै जान मद्दत पुग्ने ।

६. शिक्षक शिक्षण आयोजना (ब.शि.नं.६५-३-४२१/६५-४-४२१)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | सन् २००२ |
| आयोजना समाप्त हुने मिति | सन् २००७ |
| आयोजनाको प्रकृति | क्षमता अभिवृद्धि |
| कुल अनुमानित लागत | २५.९ मिलियन यु.एस. डलर |
| आ.ब. २०६१/६२ को कूल वजेट | रू.३६.करोड ३० लाख ३१ हजार |
| स्रोत | |
| श्री ५ को सरकार | रू.९,१८,६०,०००।- |
| ऋण (विश्व बैंक) | रू.२७,११,७१,०००।- |

शिक्षकहरूको लागि सेवाकालिन, पूर्व सेवाकालिन तथा पूनर्ताजगी तालिम कार्यक्रम संचालनका साथै दूर शिक्षाबाट समेत तालीम प्रदान गरी शिक्षकहरूको वृत्तिविकास एवम क्षमता तथा शिक्षाको गुणस्तरमा वृद्धि गर्ने यस आयोजनाको उद्देश्य रहेको छ।

आयोजनाको स्थिति

शिक्षकहरूलाई पूर्वसेवाकालीन तथा सेवाकालीन छोटो तथा लामो अवधिको तालीम संचालन, तालीम सामाग्री परीक्षणको तथ्यांक विश्लेषण गर्ने कार्य भइरहेको ।

आ.ब. २०६०।६१ को प्रगति

लक्ष्य अनुरूप शिक्षकलाई तालिम दिने कार्य भईरहेको, २८० जनालाई प्रशिक्षक तालिम दिइएको, प्रशिक्षक प्रशिक्षण तालिम अन्तर्गत ७५० जनालाई दोस्रो चरणको तालिम, १३५ जनालाई पूर्व सेवाकालीन तालिम दिइएको ।

आ.ब. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू

१/१ वटा वहुउद्देश्यीय केन्द्र र छात्रावास भवन निर्माण, ९ वटा केन्द्रमा १२००० जना प्राथमिक शिक्षकहरूलाई

२.५ महिने सेवाकालीन तालिम, ११५ राजपत्रांकित कर्मचारीको सेमिनार/तालिम आदि कार्यक्रम गरिनेछ।

**अपेक्षित उपलब्धि**

वार्षिक १२००० शिक्षकहरूलाई दिइने लक्ष्य रहेको तालिमद्वारा शैक्षिक गुणस्तरमा वृद्धि हुने ।

## ७. शिक्षाको लागि खाद्यान्न कार्यक्रम - पौष्टिक आहार कार्यक्रम (व.शि.नं. ६५-३-६२०/६५-४-६२०)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | सन् २००२ |
| आयोजना समाप्त हुने मिति | सन् २००६ |
| आयोजनाको प्रकृति | प्राथमिक शिक्षामा पहुँच अभिवृद्धि |
| कुल अनुमानित लागत | रू.३ अर्ब ५३ करोड ३१ लख १३ हजार |
| आ.ब. २०६१/६२ को कूल वजेट | रू.६६ करोड ४ लाख ३२ हजार |
| स्रोत | |
| श्री ५ को सरकार | रू.११,००,००,०००।- |
| अनुदान (डब्लु.एफ.पी.) | रू.५५,०४,३२,०००।- |

विश्व खाद्य कार्यक्रम (WFP) को Global Food for Education Initative (GFEI) अन्तर्गतका Food for Eucation (WFP) कार्यक्रम अनुरूप प्राप्त हुने बस्तुगत सहयोग एवं श्री ५ को सरकारको व्यवस्थापकीय जिम्मेवारीमा सञ्चालित यो कार्यक्रम डोटी, डडेलधुरा, बैतडी, अछाम, बझाङ्ग, बाजुरा, दार्चुला, जाजरकोट, सल्यान, सुर्खेत, दैलेख, रूकुम, प्यूठान, धनुषा, पर्सा, रूपन्देही, रामेछाप, उदयपुर, रसुवा, नुवाकोट र मकवानपुर गरी २१ जिल्लामा लागू भएको छ ।

**आयोजनाको स्थिति**

स्कुलका विद्यार्थीहरूको भर्नादर तथा उपस्थितिमा वृद्धि (विशेष गरी छात्राहरूको) हुनु र मातृशिशु स्वास्थ्य स्याहार कार्यक्रम अन्तर्गत गर्भवती तथा सुत्केरी महिलाहरूलाई प्रति महिला ७ के.जी.का दरले Nutrimix प्रदान गरिरहेको ।

**आ.ब. २०६०।६१ को प्रगति**

जेष्ठ मसान्तसम्ममा २२५३ विद्यालयका २,८४,७६९ विद्यार्थीलाई पौष्टिक आहार वितरण गरिएको ।

**आ.व. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू**

४१६४ विद्यालयका ४ लाख ५० हजार विद्यार्थीलाई १४१६० मे.टन खाद्यान्न वितरण, २१ जिल्लाका १५४६३ जनालाई मातृ शिशु स्वास्थ्य स्याहार सेवा प्रदान गरिनेछ ।

**अपेक्षित उपलब्धि**

कक्षामा हाजिरी वढाउने र हाफटाइम पछि कक्षा छोडने प्रवृत्तिमा कमी आउने तथा विद्यार्थीको भर्ना र स्कुल उपस्थितिको दरमा वृद्धि हुने ।

## ८. राष्ट्रिय खेलकूद परिषद- रंगशालासमेत (व.शि.नं. ६५-३-६९१)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | वि.सं. २०२१ |
| आयोजना समाप्त हुने मिति | सालबसाली |
| आयोजनाको प्रकृति | खेलकूद विकास |
| कुल अनुमानित लागत | सालबसाली |
| आ.ब. २०६१/६२ को कूल वजेट | रू.३ करोड |
| स्रोत | श्री ५ को सरकार |

खेलकूदको माध्यमबाट स्वस्थ, सक्षम र दक्ष जनशक्ति तयार गर्ने । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा गौरव वढाउन सवल र सक्षम खेलाडी उत्पादन गर्ने ।

**आयोजनाको स्थिति**

वृहद राष्ट्रिय खेलकूदको तयारी, स्पोर्टस एकेडेमी संचालन, विशेष खेलकूद परियोजना सञ्चालन, दशरथ रंगशाला मर्मत संभार तथा ओलम्पिक र सार्क मुलुकहरूको साथै अन्य खेलकूद आयोजनाहरूमा सक्रिय रूपमा खेलाडीहरूलाई भाग लिन लगाइएको ।

**आ.ब. २०६०।६१ को प्रगति**

१५ खेलको राष्ट्रिय प्रतियोगिता सम्पन्न भएको, प्रशिक्षण र प्रतियोगिताको लागि भलिवल, फुटबल, क्रिकेट आदि खेल सामाग्रीको वितरण गरिएको ।

**आ.व. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू**

वृहत् राष्ट्रिय खेलकूदको तयारी २१ खेलको, स्पोर्टस एकडेमी सञ्चालन २ पटक, २५१ जनालाई प्रशिक्षण दिने र

२५ जनालाई विशेष खेलकूद प्रशिक्षण दिने तथा रंगशाला निर्माण, मर्मत सुधार गरिनेछ। यसका अतिरिक्त दशरथ रंगशालाको खेल मैदान सुधार तथा दुर्व्यसनीहरूको पुनर्स्थापनका लागि पुनर्स्थापन गृह सञ्चालन गरिनेछ ।

अपेक्षित उपलब्धि

विभिन्न प्रतियोगिता/प्रशिक्षणद्वारा खेलाडीको स्तरमा वृद्धि हुने ।

## ९. उच्च माध्यमिक शिक्षा परिषद (व.शि.नं.६५-३-४४०)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | वि.सं. २०४६ |
| आयोजना समाप्त हुने मिति | सालबसाली |
| आयोजनाको प्रकृति | उच्च शिक्षा |
| कुल अनुमानित लागत | सालबसाली |
| आ.व. २०६१/६२ को कूल वजेट | रू. १० करोड २० लाख |
| स्रोत | श्री ५ को सरकार |

विश्वविद्यालयमा रहेको प्रवीणता प्रमाण पत्र तहलाई क्रमशः हटाउँदै लगि उच्च शिक्षामा गुणस्तर बढाउँदै लैजाने उद्देश्यले परिषद्को स्थापना भएको ।

आयोजनाको स्थिति

उच्च माध्यमिक विद्यालयका शिक्षकहरूलाई अनुदान दिइए अनुसार शिक्षाको गुणस्तरमा वृद्धि हुँदै आएको ।

आ.व. २०६०।६१ को प्रगति

३९९ सार्वजनिक उच्च माध्यमिक विद्यालयहरूलाई १ शिक्षक बराबर तलब अनुदान दिइएको ।

आ.व. २०६१।०६२ मा सम्पादन हुने मुख्य कार्य

४३६ वटा सार्वजनिक उच्च माध्यमिक विद्यालयहरूलाई २ शिक्षक बराबर तलब अनुदान दिने ।

अपेक्षित उपलब्धि

उच्च शिक्षाको गुणस्तरमा वृद्धि भई योग्य विद्यार्थीको उत्पादनमा सहयोग पुग्न जाने ।

## १०. भौतिक सुविधा विस्तार आयोजना (व.शि.नं. ६५-३-४१५/६५-४-४१५)

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | आ.व.२०६०।६१ |
| आयोजना समाप्त हुने मिति | आ.व. २०६२।६३ |
| आयोजनाको प्रकृति | भौतिक सुधार |
| कुल अनुमानित लागत | रू.१ अर्ब ९० करोड १३ लाख २२ हजार |
| आ.व. २०६१/६२ को कूल वजेट | रू.४६ करोड ७७ लाख १२ हजार |
| स्रोत | |
| श्री ५ को सरकार | रू.५,३१,२१,०००।- |
| अनुदान (जाइका) | रू.४१,४५,९१,०००।- |

जापान सरकारको सहयोगमा विभिन्न विद्यालयहरूको लागि आवश्यक न्यूनतम कक्षा कोठा, खानेपानी, शौचालय आदिको समुचित व्यवस्था गरी विद्यालयको भौतिक सुविधामा विस्तार गरिने ।

आयोजनाको स्थिति

१२ वटा जिल्लाका विभिन्न विद्यालयहरूमा नयाँ कक्षा कोठा निर्माण तथा फर्निचरको व्यवस्था, खानेपानी तथा शौचालय निर्माण र स्रोत केन्द्र तथा फर्निचरको व्यवस्था गरिएको ।

आ.व. २०६०।६१ को प्रगति

कैलाली, वर्दिया, सिन्धुपालचोक, कपिलवस्तु, दाङ्ग, नुवाकोट जिल्लाहरूको विद्यालयमा नयाँ कक्षा कोठा निर्माण, खानेपानीको व्यवस्था तथा शौचालय निर्माणका कार्यहरू भएको ।

आ.व. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू

सिन्धुली, काभ्रे, सिन्धुपाल्चोक, सप्तरी, धादिङ्ग, मकवानपुर, बारा, नुवाकोट, डडेलधुरा, कैलाली, गोरखा र स्याङ्जा गरी १२ जिल्लाका विद्यालयहरूमा ७३२ नयाँ कक्षा कोठा निर्माण तथा फर्निचरको व्यवस्था, १३५ विद्यालयमा खानेपानीको व्यवस्था र ३२१ शौचालय निर्माण गरिनेछ ।

अपेक्षित उपलब्धि

विद्यालयको भौतिक सुधारबाट विद्यार्थीको पठन पाठनमा सकारात्मक प्रभाव पर्न जाने ।

११. **मनमोहन पोलिटेक्निक प्रतिष्ठान (व.शि.नं. ६५-४-४७१)**

| | |
|---|---|
| आयोजना शुरू भएको मिति | आ.व. २०६०।६१ |
| आयोजना समाप्त हुने मिति | आ.व. २०६२।६३ |
| आयोजनाको प्रकृति | प्राविधिक शिक्षा तथा रोजगारीमूलक |
| कुल अनुमानित लागत | करिब रू. ३० करोड |
| आ.ब. २०६१/६२ को कूल वजेट | रू ७ करोड |
| स्रोत | |
| श्री ५ को सरकार | रू.३०,००,०००।- |
| अनुदान (भारत) | रू.६,७०,००,०००।- |

भारत सरकारद्वारा टर्न की आधारमा निर्माण भई मेकानिकल, इलेक्ट्रोनिक्स र इलेक्ट्रिकल इञ्जिनियरिङ्गमा डिप्लोमाका साथै इलेक्ट्रिसियन, प्लम्बिङ्ग, कार्पेण्टर आदि विषयमा तालिम प्रदान गर्ने उद्देश्यले सञ्चालन हुन लागेको।

**आयोजनाको स्थिति**

सुनसरी जिल्लाको हात्तिमुडा गा.वि.स.मा निर्माण कार्य भईरहेको।

**आ.व. २०६१।०६२ मा सम्पादन हुने मुख्य मुख्य कार्यहरू**

विजुली, पानी, सडक र भवनका निर्माण कार्य हुने।

**अपेक्षित उपलब्धि**

प्राविधिक जनशक्तिको उत्पादनमा सहयोग पुग्न जाने।

**१२. विविध**

**(क) जनसंख्या शिक्षा कार्यक्रम (व.शि.नं ६५-३-६३०)**

पाठ्यक्रममा प्रजनन स्वास्थ्य सम्बन्धी विषयबस्तुहरू समावेश गर्ने, पाठ्यक्रम परिमार्जन गर्ने र तालिम सञ्चालन गर्ने तथा किशोर किशोरीलाई प्रजनन् स्वास्थ्य र जीवनोपयोगी शिक्षा सम्बन्धी चेतना जगाउने उद्देश्यले UNFPA को अनुदानमा सञ्चालन भएको यस कार्यक्रमको लागि श्री ५ को सरकारको रू.३० हजार र अनुदान रकम रू.६१ लाख ४९ हजार गरी आ.ब. २०६१।६२ मा जम्मा रू.६१ लाख ७९ हजार रकम छुटयाइएको छ।

**(ख) बुढानिलकण्ठ स्कूल (व.शि.नं ६५-४-६८१)**

विज्ञान प्रयोगशालालाई समयानुकूल बनाउदै लैजान औजार तथा उपकरण खरिद कार्यका लागि आ.ब. २०६१।६२ मा रू.३ लाख ७५ हजार रकम छुटयाइएको छ।

**(ग) खेलकूद तथा युवा क्रियाकलाप कार्यक्रम (व.शि.नं ६५-३-६९९)**

यस कार्यक्रमका लागि आ.ब. २०६१।६२ मा रू.२५ लाख ५० हजार विनियोजन गरी युवा पत्रिका प्रकाशन, युवा महोत्वसव कार्यक्रम तथा श्री ५ युवराजाधिराज सरकारको शुभ जन्मोत्वसवमा २८ जिल्लामा विद्यालयस्तरीय छात्र-छात्रा फुटबल प्रतियोगिता सञ्चालन गरिनेछन्।

**(घ) सबैका लागि शिक्षा - शिशु विकास कार्यक्रम (व.शि.नं ६५-३-४१६)**

युनिसेफले महिला शिक्षा, अनौपचारिक शिक्षा र विकासका लागि बस्तुगत सहायताका रूपमा आ.ब. २०६१।६२ मा रू.१ करोड ५० लाख अनुदान रकम प्रदान गर्ने भएको छ।

**(ङ) उत्पिडित, दलित, र शहिदका छोराछोरीलाई छात्रवृत्ति कार्यक्रम- बालिका शिक्षा कोषसमेत (व.शि.नं ६५-३-८१०)**

श्री ५ को सरकारले शहीद भनी निर्णय गरेका वि.स. २०४७ अगाडीका शहीदका छोराछोरीलाई छात्रवृत्ति दिन रू. ६ लाख १२ हजारको व्यवस्था आ.ब. २०६१।६२ मा गरेको छ। यस कार्यक्रमबाट गत आ.ब.मा १७ जना शहीदका छोराछोरी लाभान्वित भएका थिए। यसैगरी रू. ७ करोडको अन्य कार्यक्रम शिक्षा तथा खेलकूद मन्त्रालयले महिला, वालबालिका तथा समाज कल्याण मन्त्रालयसँग समन्वय गरी सञ्चालन गरिनेछ। दुवै कार्यक्रमको लागि कूल वजेट रू. ७ करोड ६ लाख १२ हजार रहेको छ।

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजीगत खर्च | जम्मा रकम | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | वैदेशिक जम्मा | | |
| १ | विद्यालय हस्तान्तरण तथा प्रोत्साहन कार्यक्रम (६५-३-४१२) | ८३७५० | १५८८७१ | ० | १५८८७१ | ५४९४ | ० | १५३३७७ IDA | १५३३७७ | १ | २ |
| | सबैको लागि शिक्षा कार्यक्रम (६५-३, ४१७/६५-४-४१७) | ० | ९१००० | ९८८०० | १८९८०० | १७५०० | १२०५७४ JICA, UNICEF, FINLANDDANIDA, NORWAY | ५१७२६ IDA | १७२३०० | १ | २ |
| ३ | भौतिक सुविधा विस्तार आयोजना (६५-३-४१५/६५-४-४१५) | १५८०२५ | ६०८८ | ४६१६२४ | ४६७७१२ | ५३१२१ | ४१४५९१ JICA | ० | ४१४५९१ | २ | २ |
| ४ | सबैका लागि शिक्षा - शिशु विकास कार्यक्रम (६५-३-४१६) | ० | १५००० | ० | १५००० | ० | १५००० UNICEF | ० | १५००० | २ | २ |
| ५ | शिक्षक शिक्षण आयोजना | ११९७८७ | ३०३११५ | ५९९१६ | ३६३०३१ | ९१८६० | ० | २७११७१ ADB | २७११७१ | १ | २ |
| ६ | माध्यमिक शिक्षा सहयोग कार्यक्रम (६५-३-४३०/६५-४-४३०) | ६६१२१ | ३०४४२५ | १८३४५ | ३२२७७० | २०२५५ | १४३८०३ DANIDA | १५८७१२ ADB | ३०२५१५ | १ | २ |
| ७ | उच्च माध्यमिक शिक्षा (६५-३-४४०) | ४०००० | १०२००० | ० | १०२००० | १०२००० | ० | ० | ० | २ | २ |
| ८ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद - विशेष कार्यक्रम समेत (६५-३-४५०/६५-४-४५०) | १६०८०७ | १३८१०० | ० | १३८१०० | १२७००० | ३१०० SWISS | ८००० ADB | ११९०० | २ | २ |

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०।६१ को संशाधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजीगत खर्च | जम्मा रकम | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | | ऋण | जम्मा | | |
| ९ | मनमोहन पोलिकटेक्निक प्रतिष्ठान (६५-४-४७१) | ६३२०३ | ० | ७०००० | ७०००० | ३००० | ६७००० INDIA | | ० | ६७००० | २ | २ |
| १० | अनौपचारिक शिक्षा तथा राष्ट्रिय साक्षरता अभियान (६५-३-६००) | ६८९०२ | १२०४०० | ० | १२०४०० | ११०००० | १०४०० UNFPA | | ० | १०४०० | १ | २ |
| ११ | शिक्षाको लागि खाद्यान्न कार्यक्रम -प्राथमिक विद्यालय पौष्टिक आहार (६५-३-६२०/६५-४-६२०) | ३९५००० | ६५८८३२ | १६०० | ६६०४३२ | ११०००० | ५५०४३२ WFP | | ० | ५५०४३२ | २ | ३ |
| १२ | जनसंख्या शिक्षा (६५-३-६३०) | ५३७१ | ६१७९ | ० | ६१७९ | ३० | ६१४९ UNFPA | | ० | ६१४९ | ३ | २ |
| १३ | बुढानिलकण्ठ स्कूल (६५-४-६८१) | ३७५ | ० | ३७५ | ३७५ | ३७५ | ० | | ० | ० | ३ | २ |
| १४ | राष्ट्रिय खेलकूद परिषद - रंगशाला समेत (६५-३-६९१) | ५०२२५ | ३०००० | ० | ३०००० | ३०००० | ० | | ० | ० | ३ | २ |
| १५ | खेलकूद तथा युवा क्रियाकलाप कार्यक्रम (६५-३-६९९) | २५१५ | २५५० | ० | २५५० | २५५० | ० | | ० | ० | ३ | ३ |
| | जम्मा | | | | २६४७२२० | ६७३१८५ | १३३१०८९ | | ६८२९८६ | १९७४०३५ | | |
| | जिल्लास्तर | | | | | | | | | | | |

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०।६१ को संशाधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजीगत खर्च | जम्मा रकम | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | जम्मा | | |
| १ | सबैका लागि शिक्षा कार्यक्रम (६५-३-८०४/६५-४-८०४) | ० | २३३६७११ | ३१४४३० | २६५११४१ | ६४००० | १३३४६६६ FINLANDDANIDA,NORWAY | १२५२४७५ IDA | २५८७१४१ | १ | २ |
| २ | माध्यमिक शिक्षा सहयोग कार्यक्रम (६५-३-८३०/६५-४-८३०) | ० | ७०१८७६ | २२८१२४ | ९३०००० | ६३०९९ | ३९६२१५ DANIDA | ४७०६८६ ADB | ८६६९०१ | १ | २ |
| ३ | उत्पिडित, दलित र सहिदका छोराछोरीलाई छात्रावृत्ति कार्यक्रम-बालिका शिक्षा कोष समेत (६५-३-८१०) | ८९१ | ७०६१२ | ० | ७०६१२ | ७०६१२ | ० | ० | ० | २ | ३ |
| | जम्मा | | | | ३६५१७५३ | १९७७११ | १७३०८८१ | १७२३१६१ | ३४५४०४२ | | |
| | कुल जम्मा | | ५०४५७५९ | १२५३२१४ | ६२९८९७३ | ८७०८९६ | ३०६१९३० | २३६६१४७ | ५४२८०७७ | | |

## ५.२ स्वास्थ्य

सामाजिक क्षेत्रको विकाश गरेरमात्र मानव विकाश संभव हुने यथार्थलाई ध्यानमा राखी नेपाल अधिराज्यभरका जनतालाई आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउनु राष्ट्रको प्रमुख दायित्व हो। यसको लागि उपचारात्मक, प्रतिकारात्मक, प्रवर्द्धनात्मक र पुनर्स्थापनात्मक स्वास्थ्य सेवाहरूको साथै वढ्दो जनसंख्यामा कमी ल्याउन प्रभावकारी प्रजनन् स्वास्थ्य एवं परिवार नियोजन सेवाहरू सक्षम, सुलभ र प्रभाबकारी रूपमा ग्रामीण र पिछडिएका क्षेत्र र वर्गमा पुऱ्याउनु परेको छ। यसै तथ्यलाई दृष्टिगत गरी अत्यावश्यक स्वास्थ्य सेवामा पहुंच नपुगेका दुर्गम तथा ग्रामीण समुदायका जनतालाई सर्वसुलभ रूपमा स्वास्थ्य सेवा प्रदान गर्न विभिन्न कार्यक्रमहरू संचालन गरिँदै आएको छ। यसका अतिरिक्त विशिष्ट सेवाको पहुंचमा सर्वसुलभता कायम गर्दै लैजाने उद्देश्य अनुरूप आ.व. २०६१।६२ मा तयार गरिएको मध्यकालीन खर्च संरचना, यस क्षेत्रका विभिन्न मध्यमकालीन र दीर्घकालीन योजनाहरू, नीति एवं रणनीति तथा दशौं योजनाको उद्देश्य, नीति, बजेटसंग तारतम्य मिलाई निम्नानुसारका कार्यक्रमहरू संचालन गरिनेछ।

**पहिलो प्राथमिकता (पी १) मा परेका आयोजनाहरू**

१. **परिवार नियोजन तथा मातृ शिशु एवं महिला स्वास्थ्य स्वयं सेविका कार्यक्रम** (७०-३-४५१/७०-४-४५१)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०२५।<br>कुल लागतः X.<br>आयोजनाको प्रकृतिः जनसंख्या व्यवस्थापन तथा प्रजनन स्वास्थ्य। | आयोजना सम्पन्न हुने मितिः सालबसाली।<br>आ.व. २०६१/६२ को बजेटः रू. ११,३९,०७,०००।<br>स्रोतः श्री ५ को सरकारः १६३६०,०००<br>वैदशिकः अनुदानः ४३८५७,००० UNFPA, WHO, DFID, USAID ऋणः ५३६९०,००० IDA |

जनसंख्या वृद्धिवाट पर्न सक्ने नकारात्मक असरलाई कम गरी जनसाधारणको स्वास्थ्य स्थितिमा सुधार ल्याउने उद्देश्यले यो कार्यक्रम अधिराज्यभर संचालन गरिएको छ। केन्द्रीयस्तर र जिल्लास्तरको एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गतसमेत कार्यक्रम संचालन भएको छ।

**(क) आव. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा ६५,१४५ जनाको स्थायी बन्ध्याकरण, तालीम प्राप्त स्वास्थ्यकर्मीबाट प्रसुति सेवा ७६,६२२, परिवार नियोजन प्रयोगकर्ता १७,६८,४४० जना, सुत्केरी सामग्री ४४,४४२ थान खरीद आदि कार्यहरू सम्पन्न भएका छन्।

**(ख) आव. २०६१/६२ का मुख्य मुख्य कार्यहरूः**

२० लाख जनतालाई परिवार नियोजनसम्बन्धी सहयोग उपलब्ध गराउने, ४,४०० सेट नरप्लान्ट खरीद तथा वितरण गर्ने, १० जिल्लामा Basic Essential Obstetric Care को विस्तार र सुदृढीकरण गर्ने, १२०० प्याकेट सुरक्षित मातृत्व कार्यक्रम प्याकेज छपाइ गर्ने, Comprehensive EmergencyObstetric Care किट वितरण ५०० थान, Birth Preparedness Package म्यानुअल छपाई २०००० सेट, आदि प्रमुख लक्ष्य रहेका छन्।

**(ग) अपेक्षित उपलब्धिः**

- परिवार नियोजन सेवाको माग तथा प्रयोगबाट कूल प्रजनन दर घटाइने।
- सुरक्षित मातृत्व सेवाको पहुंचमा बृद्धि गरी, अत्यावश्यकीय सुत्केरी सेवा जनस्तर सम्म पुयाई मातृ तथा शिशु मृत्यु दर घटाइने।
- आधारभूत स्वास्थ्य सेवाको प्रवर्धनमा स्थानीय महिलाहरू संलग्न हुनेछन्।

२. **विस्तारीत खोप एवं राष्ट्रिय पोलियो खोप कार्यक्रम** (७०-३-४७०/७०-४-४७०)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०३४/३५।<br>कुल लागतः X.<br>आयोजनाको प्रकृतिः शिशु स्वास्थ्य। | आयोजना सम्पन्न हुने मितिः सालबसाली।<br>आ.व. २०६१/६२ को बजेटः रू. ९१,७३,७६,०००।<br>स्रोतः श्री ५ को सरकारः ६८४१६,०००<br>वैदशिकः अनुदानः ८४८९६०,००० UNICEF, WHO,GAVI, JICA |

वाल तथा मातृ मृत्युदर कम गराई स्वास्थ्य सेवाको विस्तार तथा विभिन्न प्रकारका खोप कार्यक्रम संचालन गर्ने उद्देश्यले यो कार्यक्रम शुरू गरिएको हो । पोलियो, लहरे खोकी, दादुरा, धनुष्टंकार, भ्यागुते रोगवाट वचाउन विभिन खोप कार्यक्रम अभियानको रूपमा संचालन गरिदै आएको छ ।

(क) आव २०६०।६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा ३३,६०,००० जना पाँच वर्ष मुनिका वालवालिकाहरूलाई पोलियो खुवाइएको, पोलियो भ्याक्सिन ६,००,००० भायल तथा ८०,००० एम्पल बी.सी.जी. भ्याक्सिन खरिद, २,२५,५०० भायल हेपटाइटिस बी भ्यक्सिन खरिद, आदि कार्यहरू सम्पन्न भएका छन् ।

(ख) आव २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

५ वर्ष सम्मका ४२,५०,००० जना वालवालिकालाई २ पटक पोलियो थोपा खुवाउने, बी.सी.जी. २,३२,७३६ भायल, डी.पी.टी ३,१५,७०२ भायल, टी.टी. विरूद्धको भ्याक्सीन ३२,५०० भायल खरीद गर्ने, हेपाटाईटिस विरूद्धको खोप दिने नियमित कार्यक्रमहरू संचालन गरिनुका साथै यस वर्ष अधिराज्यका नौ महीना देखि - १५ वर्ष उमेर समूहको ९३,००,००० जनालाई दादुरा नियन्त्रणका लागि अधिराज्यव्यापी अभियानको रूपमा खोप कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको छ ।

(ग) अपेक्षित उपलब्धिः

सन् २००० सम्ममा पोलियो रोग उन्मूलन गर्ने लक्ष्य राखिएकोमा सो मा संशोधन भई सन् २००५ सम्ममा उन्मूलन गर्ने लक्ष्य पूरा हुने एवं यस वर्ष नेपाल अधिराज्यभरका ९ महिनादेखि १५ वर्ष उमेर समूहका ९३,००,००० जना बालबालिकालाई दादुराको खोप दिई सो रोग नियन्त्रणमा ल्याइने ।

### ३. झाडा पखाला एवं श्वास प्रश्वास रोग नियन्त्रण तथा पोषण कार्यक्रम (७०-३-४७२/७०-४-४७२)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०३६/३७ ।<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः बालस्वास्थ्य र पोषण । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ४,७५,९१,०००।<br>स्रोतः श्री ५ को सरकारः ८९०७,०००<br>वैदशिकः अनुदानः ३८६८४,००० Canada, UNICEF, WFP, WHO, USAID |

पाँच वर्षमुनिका वालवालिकाहरूमा झाडा पखाला रोगवाट हुने मृत्यदर कम गर्ने, श्वास-प्रश्वास रोगको उपचार गरी वाल मृत्युदर घटाउने तथा कुपोषणको कारणवाट हुने रोगको रोकथाम तथा उपचार गर्ने उद्देश्यवाट यो कार्यक्रम संचालन गरिएको छ ।

(क) आव २०६०।६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा आमाको परामर्शकार्ड छपाई ८,००० प्रति, ३,००० ए.आर आइ साउण्ड टाइमर खरिद, ५०० गोटा साल्टर स्केल खरिद, ५,००० गोटा वच्चाको पाखुरा नाप्ने टेप खरिद, १००० प्रती पोषण सामग्री छपाइ, ६० लाख ट्यावलेट अवलेण्डाजोल खरीद तथा प्रचार प्रसार र सुपरीवेक्षण आदि कार्यहरू सम्पन्न भएका छन् ।

(ख) आव २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

१० हजार प्रति आमाको लागि परामर्श कार्ड छपाइ, ३० लाख ट्यावलेट Cortim खरीद, ४००० थान ARI Sound Timer खरीद, ५० हजार थान वच्चाको पाखुरा नाप्ने टेप खरीद, ५ करोड ट्यावलेट आइरन चक्की खरीद, १ करोड क्याप्सुल भिटामिन 'ए' चक्की खरीद, सुपरीवेक्षण, आदि कार्यहरू गर्ने लक्ष्य रहेको छ ।

(ग) अपेक्षित उपलब्धिः

उपचारात्मक तथा प्रतिकारात्मक रोग नियन्त्रणको उपाय अपनाई पाँच वर्षमुनिका वालवालिकाहरूमा झाडा पखाला एवं स्वास प्रश्वास रोग नियन्त्रणमा ल्याई मृत्युदरमा कमी ल्याइने ।

### ४. इपिडेमियोलोजी, औलो, कालाजार नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन (७०-३-५१०/७०-४-५१०)

| | |
|---|---|
| आयोजना शुरू मितिः X । <br> कुल लागतः X । <br> आयोजनाको प्रकृतिः महामारी रोग नियन्त्रण । | आयोजना सम्पन्न हुने मितिः सालबसाली । <br> आ.व. २०६१/६२ को बजेटः रू. २८,३३,२१,००० । <br> स्रोतः श्री ५ को सरकारः ६५९१०,००० <br> वैदशिकः अनुदानः १२२८६४,००० WHO, DFID, Global Fund <br> ऋणः ९४५४७,००० IDA |

अधिराज्यमा फैलिने महामारी रोगहरूको अनुसन्धान तथा नियन्त्रण गर्ने उद्देश्यले यो कार्यक्रम संचालन भएको छ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा बहुला जनावरको टोकाइमा प्रयोग हुने ५% बी.पी.एल. ARV ३००५०० मि.लि. निःशुल्क आपूर्ति व्यवस्था, विषालु सर्पदंशको प्रतिविषको निशुल्क आपूर्ति व्यवस्था ८२६० भायल, सर्पको टोकाइ व्यवस्थापन सम्वन्धि ४४ जनालाई तालिम आदि कार्यहरू सम्पन्न भएका छन् ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

आकस्मिक रोग निदान र नियन्त्रणका लागि तीन पटक औषधि खरीद गर्ने, रेविज रोगको रोकथामका लागि ५% बी.पी.एल. ARV ५ लाख मि.लि. खरिद, १८ पटंक एकिकृत सुपरीवेक्षण सर्भिलेन्स गर्ने, जुनोटिक रोग नियन्त्रण कार्यक्रमका लागि २० हजार जनालाई BPL-ARV उपलव्ध गराउने, १२० जना स्वास्थ्यकर्मीहरूलाई सर्पको टोकाइ व्यवस्थापन तालीम, १०० जनालाई ARV उपलव्ध गराउने, औलोको महामारी हुने संभावित क्षेत्रमा २ पटक स्प्रेइङ गर्ने तथा २ लाख ५० हजार जनालाई जे.ई. विरूद्ध भ्याक्सीन दिने, ४८ हजार थान लामो समयसम्म असर गर्ने कीटनाशक झुल खरीद गरी विरतण गर्ने आदि कार्यक्रमहरू रहेका छन् ।

**(ग) अपेक्षित उपलब्धिः**

सर्पदंश, रेविज, कालाजार, मलेरिया जस्ता महामारीको रूपमा फैलिने रोगको रोकथाम भई स्वास्थ्य सिथिमा सुधार हुने ।

### ५. कुष्ठरोग नियन्त्रण कार्यक्रम (७०-३-५१२/७०-४-५१२)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०१९ माघ । <br> कुल लागतः X . <br> आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली । <br> आ.व. २०६१/६२ को बजेटः रू. १,३३,०५,००० <br> स्रोतः श्री ५ को सरकारः २३१६,००० <br> वैदशिकः अनुदानः १०९८९,००० UNFPA, Netherlands |

विश्व स्वास्थ्य संघको सभाले सन् २००० सम्ममा कुष्ठरोग निवारण गर्ने लक्ष्य तय गरे अनुरूप कुष्ठरोग निवारण कार्यक्रम संचालन गरीदै आएको र सो लक्ष्यमा पुग्न नसक्ने देशहरूका लागि विश्व स्वास्थ्य संगठनले सन् २००५ सम्ममा यो रोग निवारण गर्ने लक्ष्य राखे अनुरूप नेपालले पनि राष्ट्रिय तहमा प्रति १० हजार जनसंख्यामा १ वा सो भन्दा कम रोगीको संख्या गराउने लक्ष्य अनुरूप कार्यक्रमहरू तय गरिएका छन् । २०६० फाल्गुण सम्ममा रोगीको संख्या प्रति १० हजारमा २.४ रहेको छ ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा ११८ पटक सुपरिवेक्षण र अनुगमन, स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत १४००० प्रति पोष्टर, लिफलेट छपाई गरी वितरण, रेडियो टेलिभिजनवाट प्रचार प्रसार ७० पटक आदि कार्यहरू सम्पन्न भएका छन् ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

५०,००० प्रति लिफलेट छपाई वितरण गर्ने, १४,००० प्रति पोष्टर छपाई, रेडियो टेलिभिजन प्रशारण, औषधि खरीद, १८० पटक सुपरिवेक्षण, आदि कार्यक्रम संचालन गरिने छन् ।

(ग) अपेक्षित उपलब्धि:

विश्व स्वास्थ्य संघको २००५ सम्ममा कुष्ठरोग निवारण गर्ने लक्ष्य अनुरूप हाल नेपालमा प्रति १०,००० मा २.४ कुष्ठरोगी रहेकोमा सो संख्यालाई १ वा त्यसभन्दा कममा झार्ने ।

### ६. क्षयरोग नियन्त्रण कार्यक्रम (७०-३-४०१/७०-४-४०१)

| | |
|---|---|
| आयोजना शुरू मितिः२०२२ ।<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. १०,७६,६०,०००<br>स्रोतः श्री ५ को सरकारः २४९०५,०००<br>वैदशिक अनुदानः ८२७५५,००० WHO, Norway |

क्षयरोगीहरू पत्ता लगाई उपचार गर्ने र क्षयरोगलाई नियन्त्रण गर्ने उद्देश्यले वि.सं. २०२२ सालदेखि संचालित यस कार्यक्रम अधिराज्यका ७५ वटै जिल्लामा संचालन भएको छ। ७५ वटै जिल्लामा डट्स कार्यक्रम समेत संचालन भएको छ ।

(क) आव २०६०।६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा रोग निदान तथा उपचार अन्तर्गत २०२३२जनाको रोग निदान तथा उपचार, १४२८९ जनालाई अभिमुखीकरण तालीम प्रदान, १९९६ पटक सुपरभिजन, आदि कार्यक्रमहरू सम्पन्न भएका छन् ।

(ख) आव २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

३३६९४ जना शंकास्पद विरामीको रोग निदान तथा उपार, औषधि तथा ल्याव सामाग्री खरीद, १८३०० जनालाई क्षयरोगसम्वन्धि अभिमुखीकरण र तालीम प्रदान गर्ने, ३३५१ पटक सुपरीवेक्षण गर्ने र ८६० पटक अनुगमन मुल्यांकन गर्ने, विश्व क्षयरोग दिवस मनाउने, आदि लक्ष्य रहेको छ ।

(ग) अपेक्षित उपलब्धिः

क्षयरोगसम्बन्धी सेवामा व्यापकता ल्याई (उपचारात्मक तथा जन चेतना सम्बन्धी) क्षयरोगीहरूको संख्यामा उल्लेख्य रूपमा कमी ल्याइने ।

### ७. औषधि तथा उपकरण आपूर्ति (७०-३-६१०/७०-४-६१०)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू.३६,५१,३३,०००।<br>स्रोतः श्री ५ को सरकारः १०००००,०००<br>वैदशिकः अनुदानः १९३८३९,००० Germany, DFID<br>ऋणः ७१२९४,००० IDA |

नेपाल अधिराज्यका स्वास्थ्य संस्थाहरूलाई औषधि र औजार उपकरण उपलब्ध गराउने उद्देश्यले यो कार्यक्रम संचालन हुदै आएको छ । स्वास्थ्य संस्थाहरूलाई परिवार नियोजनका साधनहरू, औषधि, औजार उपकरण खरीद गरी उपलब्ध गराउने कार्यहरू यस कार्यक्रमवाट हुदै आएको छ ।

(क) आ.व. २०६०।६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा वायोमिडिकल उपकरणहरू, मेसिनहरू र ढुवानी साधनहरूको मर्मत गर्ने कार्य भएको छ ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

औषधि र परिवार नियोजनका साधन खरीद गर्ने, औषधि र औजार उपकरण रिप्याकीङ्ग गरी विभिन्न स्वास्थ्य संस्थालाई उपलब्ध गराउने, एल. एम. आई. एस. फारम छपाई तथा वितरण (१५००० थान), वायोमेडिकल उपकरण

मेसिन औजारहरू मर्मत गर्ने जस्ता कार्यहरू गरिनेछ ।

**(ग) अपेक्षित उपलब्धिः**

स्वास्थ्य संस्थाहरूलाई समयमानै औषधि र औजार उपकरणहरू उपलब्ध गराई ती संस्थाहरूको सेवालाई प्रभावकारी बनाउने ।

## ८. राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार कार्यक्रम (७०-३-६५०/७०-४-६५०)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०५१/५२ ।<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ३,८९,८६,०००<br>स्रोतः श्री ५ को सरकारः १५९८३,०००<br>वैदशिकः अनुदानः २३००३,००० UNFPA, WHO, USAID |

स्वास्थ्य सम्बन्धी जनचेतना वढाई जनताको स्वास्थ्य स्थितिमा सुधार ल्याउने उद्देश्यवाट यो कार्यक्रम संचालन गरिएको छ। केन्द्रीयस्तर र जिल्लास्तरीय आयोजनाको रूपमा संचालित यस कार्यक्रममा विभिन्न प्रकारका पत्र पत्रिका प्रकाशन गरी वितरण गर्ने, रेडियो र टेलिभिजनवाट प्रचार प्रसार गर्ने, टेलिफिल्म तथा भिडियो सामाग्री उत्पादन गरी प्रशारण गर्ने कार्यक्रमहरू संचालन हुँदै आएका छन् ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा २५ लाख प्रति शैक्षिक सामाग्री विकास गरी वितरण भएको, रेडियो कार्यक्रम ६९ पटक, रेडियो विज्ञापन १३१५ पटक, टि.भि. विज्ञापन ४२० पटक प्रसारण भएको, ५ पटक स्वास्थ्य दिवस मनाईएको छ ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

विभिन्न प्रकारका १,००,००० पोष्टर, पाम्पलेट छपाइ र वितरण, रेडियो कार्यक्रम १५६ पटक, टी.भी बाट बाल स्वास्थ्य, दादुरा अभियानसम्बन्धी विज्ञापन २६४ पटक, ६ पटक स्वास्थ्य दिवस सम्बन्धी प्रचार प्रसार गर्ने जस्ता कार्यक्रम रहेका छन् ।

**(ग) अपेक्षित उपलब्धि :**

स्वास्थ्यसंग सम्बन्धित विषयमा जनचेतना अभिवृद्धि भई स्वास्थ्य स्थितिमा सुधार हुने ।

## ९. राष्ट्रिय स्वास्थ्य तालीम कार्यक्रम (७०-३-६६०)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०५०/५१ ।<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ६,९०,४१,०००<br>स्रोतः श्री ५ को सरकारः ९७३५,०००<br>वैदशिकः अनुदानः ३६८०६,००० GTZ, UNFPA, UNICEF, DFID, USAID<br>ऋणः २२५००,००० IDA |

स्वास्थ्य सेवालाई बढी प्रभावकारी ढंगवाट कार्यान्वयन एवं सेवा प्रदान गर्ने उद्देश्य पूर्तिका लागि स्वास्थ्यकर्मी एवं अन्य सम्बन्धित व्यक्तिः हरूलाई तालीम दिने उद्देश्यवाट २०५० साल देखि राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रले विभिन्न तालीम कार्यक्रम संचालन गर्दै आएको छ भने क्षेत्रीय स्तरमा क्षेत्रीय तालीम केन्द्र मार्फत कार्यक्रम संचालन हुँदैआएको छ। यो कार्यक्रम केन्द्रीयस्तर र जिल्लास्तरमा रहेको छ। तालीम कार्यक्रम अधिराज्यभरका स्वास्थ्यकर्मीलाई दिइने र जुन क्षेत्रमा उपयुक्त हुन्छ सोही क्षेत्रवाट कार्यक्रम संचालन हुने भएकोले लक्ष्य र प्रगति केन्द्र र जिल्लाको एकमुष्ट रूपमा समावेश गरिएको छ ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा ८०० स्वास्थ्यकर्मीलाई प्रजनन् स्वास्थ्य तालिम दिएको, ६० जनालाई सेवा प्रवेश अभिमुखीकरण तालिम, २०१ जना स्वास्थ्यकर्मीलाई आपूर्ति व्यवस्थापन तालीम, ४९१ जनालाई स्तरवृद्धि

तालीम, आदि कार्यक्रमहरू सम्पन्न भएका छन् ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:

७५० मा.शि.का. लाई अ.न.मी. तालीम, तालीम प्रविधि सुदृढीकरण, ५९० जनालाई प्रजनन् स्वास्थ्य, ६३२ जनालाई परिवार नियोजन, २०० जनालाई सेवा प्रवेश, ८९५ जनालाई आधारभूत व्यवस्थापन बिषयमा तालिम उपलब्ध गराउने, बायोमेडिकल उपकरण मर्मत तालिम, उप स्वास्थ्य चौकी व्यवस्थापन अभिमुखीकरण तथा तालीम सूचना अनुगमन इकाईको स्थापना गर्ने आदि कार्यक्रमहरू रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि:

अ.न.मी. तालिम ७५० जनालाई र महिला स्वास्थ्य स्वयं सेविका आधारभूत तालिम उपलब्ध गराउने लगायतका कार्यक्रमहरू सञ्चालन गरी स्वास्थ्यकर्मीहरूको शिप तथा क्षमतामा अभिवृद्धि हुने ।

## १०. परोपकार श्री ५ इन्द्रराज्यलक्ष्मी देवी प्रसुति गृह (७०-३-३०४/७०-४-३०४)

| | |
|---|---|
| आयोजना शुरू मितिः X . | आयोजना सम्पन्न हुने मितिः सालबसाली । |
| कुल लागत: X . | आ.व. २०६१/६२ को बजेटः रू. ६,६०,००,००० |
| आयोजनाको प्रकृतिः प्रजनन स्वास्थ्य । | स्रोतः श्री ५ को सरकार |

प्रसुती सेवा तथा स्त्रीरोग सम्बन्धी विशेषज्ञ सेवा उपलब्ध गराउने उद्देश्यवाट स्थापना भएको यस अस्पतालवाट विभिन्न प्रसुति तथा स्त्री रोगका सेवा प्रदान गर्दै आएको छ ।

(क) आ.व. २०६०/६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा इर्मजेन्सी युनिटमा लिफ्ट निर्माण कार्य, ओ.पी.डी क्षमता विस्तार, विभिन्न उपकरण खरीद तथा ३६९ जनालाई पोष्ट एवर्सन केयर प्रदान गर्ने कार्य भएको छ ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:

विभिन्न प्रकारका भौतिक पूर्वाधार निर्माण, प्रसूतीसम्बन्धि अध्ययन अनुसन्धान, औषधि र अक्सिजन खरिद, ४५० जनालाई पोष्ट एवर्सन केयर, १२०० जनालाई कम्प्रिहेन्सिब एबोर्शन केयर, स्त्री रोग उपचार कार्य , सुडेनी तालीम, आदि कार्यक्रमहरू संचालन गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि:

१६५० जनालाई प्रशुति सेवा तथा पोष्ट कम्प्रिहेन्सिव एवोर्शन केयर लगायतका कार्यक्रमहरूबाट प्रजनन स्वास्थ्य सेवा जनतामा पुऱ्याउने ।

## ११. शुक्रराज ट्रपिकल तथा सरूवा रोग अस्पताल (७०-३-३०३/७०-४-३०३)

| | |
|---|---|
| आयोजना शुरू मितिः .सं. १९९० । | आयोजना सम्पन्न हुने मितिः सालबसाली । |
| कुल लागत: X . | आ.व. २०६१/६२ को बजेटः रू. ६२,१०,००० । |
| आयोजनाको प्रकृतिः सरूवा रोग स्वास्थ्य सेवा । | स्रोतः श्री ५ को सरकारः ३७१०,००० |
| | वैदशिकः अनुदानः १०००,००० DFID |
| | ऋणः १५००,००० IDA |

सरूवा रोग रोकथाम तथा ट्रपिकल रोगको रोकथाम तथा नियन्त्रण, उपचार र अनुसन्धान गर्ने उद्देश्यवाट यो अस्पताल संचालन भएको छ ।

(क) आ.व. २०६०/६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा डाक्टर क्वार्टरमाथि तला थप्ने, फर्निचर खरिद, औषधि खरिद आदि कार्यहरू भएका छन् ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:

अस्पतालका लागि आवश्यक विभिन्न औषधि खरीद गर्ने, ओ.पी.डी. भवनमा तला थप गर्ने, फर्निचर खरीद जस्ता

कार्यहरू गरिने छन् ।

(ग) अपेक्षित उपलब्धि:

सरूवा रोग नियन्त्रण र रोकथाम गर्न सघाउ पुऱ्याई यसबाट हुने मृत्युदरमा कमी आउने ।

## १२. राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण कार्यक्रम (७०-३-४०२/७०-४-४०२)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागत: X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. १६,९०,४२,००० ।<br>स्रोतः श्री ५ को सरकारः ४७६४,०००<br>वैदशिकः अनुदान: १६४२७८,००० WHO, Golobal Fund |

विगत केही वर्षदेखि महामारीको रूपमा फैलिएको विश्वव्यापी एड्स तथा यौनरोग नियन्त्रण गर्ने उद्देश्यले यो कार्यक्रम शुरू गरिएको छ, ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा एडस समाचार छपाइ वितरण ६,७२५ पटक, २२ वटा संस्थालाई औषधि वितरण, १५ विद्यालयमा एच.आई.भी. तथा यौन रोग सम्वन्धि कक्षा संचालन, १०० जना लाइ एच.आई.भी. सम्बन्धि तालीम, आदि कार्यहरू भएका छन् ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

रक्त नमूना संकलन तथा परीक्षण गर्ने, ५० जनालाई एआरटी औषधि वितरण, ५० वटा संस्थालाई यौनरोग उपचारको लागि औषधि वितरण, दस जिल्लामा ४५० जनालाई HIV/AIDS सम्बन्धी care and support सेवा प्रदान गर्ने, एडस सम्वन्धि प्रचार प्रसार, स्वास्थ्यकर्मीलाई अभिमुखीकरण तालीम, ८ जिल्लामा HIV/AIDS अनुक्रिया, आदि कार्यहरू गर्ने लक्ष्य रहेका छन् ।

**(ग) अपेक्षित उपलब्धि:**

एच.आई.भी. एडस रोग सम्बन्धी व्यापक जनचेतना ल्याई तत्सम्बन्धी विभिन्न कार्यक्रमहरूमार्फत प्रतिकारात्मक र उपचारात्मक विधि अपनाई यो रोगलाई महामारी रूपमा फैलनबाट जोगाउने । साथै यो रोगबाट पीडित उपचार भई सहज जिवनयापन गर्न सक्ने ।

## १३. एच आई भी एड्स नियन्त्रण सहयोग कार्यक्रम (७०-३-४०३)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०६१ ।<br>कुल लागत: X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ६०,००,००० ।<br>स्रोतः श्री ५ को सरकारः X<br>वैदशिकः अनुदानः ६०००,००० UNDP |

मुलुकमा एच. आई. भी. /एड्स को गंभीर समस्यालाई दृष्टिगत गरी यू. एन. डी. पी. को सहयोगमा यस वर्षबाट सन्चालित यस कार्यक्रमको मुख्य उद्देश्य यस कार्यसंग सम्बद्ध सरकारी तथा गैरसरकारी संस्थाहरूको क्षमता विकास तथा विस्तर एवं समन्वयका लागि आवश्यक सहयोग गर्नु रहेको छ ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

यस कार्यसंग सम्वद्ध सरकारी तथा गैरसरकारी संस्थाहरूको क्षमता विकास तथा विस्तार एवं समन्वयका लागि आवश्यक तालीम, गोष्ठी एवं अध्ययन भ्रमण गर्ने कार्यक्रम रहेको छ ।

**(ग) अपेक्षित उपलब्धि:**

विभिन्न निकाय र संस्थाहरूबाट संचालित एच. आई. भी. / एड्ससम्बन्धि कार्यक्रमहरूलाई राष्ट्रिय मूल उद्देश्य र अन्तरराष्ट्रिय प्रतिबद्धताहरूसंग तादात्म्य राखी चलाउन सहजकारी भूमिका खेली स्पष्ट दिशाबोध दिनेछ ।

## १४. कीटजन्य रोग नियन्त्रण, अनुसन्धान तथा तालीम केन्द्र (७०-३-६६१)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य अनुसन्धान । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. २,००,००,००० ।<br>स्रोतः श्री ५ को सरकारः १००००,०००<br>वैदशिकः अनुदानः ४०००,००० DFID<br>ऋणः ६०००,००० IDA |

नेपालमा औलोको प्रकोप महामारीको रूपमा फैलिन सक्ने र जापानीज इन्सेफलाईटिस, कालाजार जस्ता भयानक संक्रमण रोगहरूको नियन्त्रण गर्ने क्रममा शसक्त तालीम केन्द्रको महसुस गरी यो कार्यक्रम शुरू गरिएको छ ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा पूर्व सचेतना प्रणाली (Early Warning Reporting System (EWARS)) टोलीका लागि अभिमुखीकरण तालीम १५ जनालाई, कालाजार रोगको निदानमा प्रयोग गरिने टेस्ट किट वितरण, स्वास्थ्यकर्मीहरूलाई मलेरिया सम्वन्धि तालीम आदि कार्यहरू सम्पन्न भएका छन् ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

दुई जिल्लामा औलो रोग उपचारमा प्रयोग गरीने औषधिको प्रभावकारीता अध्ययन, कालाजारसम्वन्धि अनुसन्धान, कीटनासक औषधिको प्रभावकारीताको अध्ययन,४ जिल्लामा जापानीज इन्सेफलाईटिस रोग सम्बन्धी अध्ययन रगत संकलन तथा परीक्षण, ४८३ जनालाई स्वास्थ्यकर्मीलाई कीटजन्य रोग बारेको तालीम, २ जिल्लामा गर्भावस्थामा कीटजन्य रोग लागेमा त्यसबाट उत्पन्न हुने जटीलता र प्रतिफल अध्ययन, हात्तीपाइले रोगको अध्ययन गर्ने, आदि कार्यक्रमहरू रहेका छन् ।

**(ग) अपेक्षित उपलब्धिः**

मलेरिया, हात्तीपाइले, जापानिज इन्सेफलाइटिस, काजालार लगायतका किटजण्य रोगहरू फैलन नदिई नियन्त्रणमा ल्याइने ।

## १५. स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रम (७०-३-७७० / ७०-४-७७०)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागत: X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सुरक्षा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ९,२०,१०,००० ।<br>स्रोतः श्री ५ को सरकारः २९३००,०००<br>वैदशिकः अनुदानः २५२०४,००० DFID<br>ऋणः ३७५०६,००० IDA |

स्वास्थ्य क्षेत्रमा सामाजिक सुरक्षाको भावना जागृत गराउने तथा विभिन्न राहत कार्यक्रम संचालन गर्ने उद्देश्यबाट यो कार्यक्रम शुरू गरिएकोछ ।

(क) आ.व. २०६०।६१ को प्रगतिः

आ.व. २०६०।६१ देखि शुरू भएको यस कार्यक्रम अन्तर्गत प्रथम आठ महिनामा सामाजिक स्वास्थ्य वीमा कार्यक्रम, १२ स्थानमा विशेषज्ञ सहितको घुम्ती स्वास्थ्य शिविर आदि कार्यक्रम सम्पन्न भएका छन् ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

चार जिल्लामा सामुदायीक स्वास्थ्य वीमा कार्यक्रम संचालन गर्ने, १२ जिल्लामा सामुदायीक औषधि कार्यक्रम सम्बन्धि संस्था सुदृढीकरण तथा अनुदानको व्यवस्था गर्ने स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको कार्यान्वयनका लागि विभिन्न कार्यक्रमहरू संचालन गर्ने, स्वास्थ्य वीमा सम्बन्धी कार्यक्रमहरू र २० जिल्लामा घुम्ती स्वास्थ्य शिविर संचालन गर्ने, घुम्ती स्वास्थ्य शिविरका लागि उपकरणहरू खरीद गर्ने, आदि कार्यक्रमहरू रहेका छन् ।

(ग) अपेक्षित उपलब्धिः

निम्न आय भएका समुदायमा औषधि उपचारको सुलभ सुविधा पुऱ्याउने व्यवस्था गरिनेछ ।

**दोस्रो प्रायमिकता (पी २) मा परेका आयोजनाहरू**

**१६. अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली** (७०-३-६२०/७०-४-६२०)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागत: X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य पूर्वाधार । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ३७,४४,३५,००० ।<br>स्रोतः श्री ५ को सरकारः ९९९६०,०००<br>वैदशिकः अनुदानः १२८०५३,००० UNFPA, WHO,DFID<br>ऋणः १४६४२२,००० IDA |

जनतालाई स्वास्थ्य सेवा सर्वसुलभ वनाई उनीहरूको स्वास्थ्य स्थितिमा सुधार ल्याउन विभिन्न स्वास्थ्य संस्थाहरूको स्थापना तथा पूर्वाधार विकास गर्ने र स्वास्थ्यसम्बन्धी सूचना अद्यावधिक गर्ने उद्देश्यले यो कार्यक्रम शुरू गरिएको हो। यसअन्तरगत अधिराज्यका स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधार तयार गर्ने, नयां स्वास्थ्य सस्थाहरूको संचालन गर्ने, स्वास्थ्य क्षेत्रको सूचना अद्यावधिक गर्ने कार्यहरू सालवसाली रूपमा संचालन हुँदै आएका छन् ।

(क) आ.व. २०६०।६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा ७५ जिल्लामा जिल्लास्तरीय समीक्षा गोष्ठी सम्पन्न भएको, ५ क्षेत्रमा क्षेत्रीय गोष्ठी सम्पन्न भएको, १८४७४ पटक एकीकृत सुपरीवेक्षण भएको, अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, जनस्वास्थ्य कार्यालयको निर्माण तथा मर्मत कार्य सुचारू रहेका छन् ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

आ.व २०६१।६२ मा विकेन्द्रीकरण सम्बन्धी व्यवस्थापन गर्ने, स्वास्थ्य संस्था दर्ताका लागि अनुगमन र सुपरभिजन गर्ने, २५वटा प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गर्ने, ४ वटा (डोल्पा, मुगु, कालीकोट र रोल्पामा) जिल्ला अस्पताल संचालन गर्ने, सुर्खेत क्षेत्रीय अस्पताल निर्माण तथा संचालन गर्ने, कोशी, सगरमाथा र जनकपुर अंचल अस्पतालको निर्माण सुधार गर्ने, तथा सुपरीवेक्षण गर्ने, वार्षिक समीक्षा तथा जिल्लास्तरीय समीक्षा कार्य गर्ने लक्ष्य रहेका छन् । साथै यस आयोजना अन्तर्गत गणेशमान सिह ENT Head and Neck Centre स्थापनार्थ सहयोग गर्ने कार्यक्रम पनि रहेको छ ।

(ग) अपेक्षित उपलब्धिः

अस्पतालहरूको अवस्थालाई राम्रो हालतमा राखी जनतालाई स्वास्थ्य सेवा उपलब्ध गराउन सक्षम बनाउने ।

**१७. नेपाल आँखा अस्पताल** (७०-३-३०५/७०-४-३०५)

| | |
|---|---|
| आयोजना शुरू मितिः वि. सं. २०३१ ।<br>कुल लागत: X . | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. १,५८,००,००० . |

| | |
|---|---|
| आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | स्रोतः श्री ५ को सरकारः ९०००,०००<br>वैदशिकः अनुदानः २७२०,००० DFID<br>ऋणः ४०८०,००० IDA |

नेपालमा स्तरीय आंखा उपचार सेवा उपलब्ध गराउने उद्देश्यले २०३१ सालदेखि आंखा अस्पतालवाट कार्यक्रम संचालन हुदै आएको छ।

(क) आ.व. २०६०।६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा २५ नेत्र सहायकलाई तालीम, १४ वटा आंखा शिविर संचालन तथा अस्पतालवाट वहिरंग सेवा र शल्यकृया समेत गर्ने कार्य सम्पन्न भएको छ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

वहिरंग सेवा प्रदान एवं आँखाको शल्यकृया गर्ने, ५० जना नेत्र सहायकलाई तालीम दिने, २० वटा आँखा शिविर संचालन गर्ने र ६ जनालाई अल्पकालीन प्रशिक्षण दिने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धिः

विभिन्न कार्यक्रमहरू सञ्चालन गरी आँखाको उपचार देशभित्रै सुलभ र प्रभावकारी तरिकाले हुने।

## १८. विविध कार्यक्रम (आयुर्वेद विभाग) (७०-३-७५६/७०-४-७५६)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः आयुर्वेद चिकित्सा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ४,५६,८८,००० .<br>स्रोतः श्री ५ को सरकारः ४३२००,०००<br>वैदशिकः अनुदानः २४८८,००० WHO |

आयुर्वेदिक पद्धतिको समयानुकूल विकास गरी यसको माध्यमवाट जन स्वास्थ्यमा सुधार ल्याउने उद्देश्यबाट आयुर्वेद सम्बन्धी विविध कार्यक्रमहरू संचालन गरीदै आएका छन्। यस उद्देश्य परिपूर्तिका लागि आयुर्वेद विभाग, आयुर्वेद चिकित्सालय नरदेवी, क्षेत्रीय चिकित्सालय दाङ्ग, १४ वटा अंचल आयुर्वेद औषधालय, ५५ वटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र, २१६ वटा आयुर्वेद औषधालय तथा सिंहदरवार वैद्यखान समेत कार्यरत रहेका छन्।

(क) आ.व. २०६०।६१ को प्रगतिः

केन्द्र स्तरीय कार्यक्रम अन्तर्गत आ.व २०६०।६१ को प्रथम आठ महिनामा आयुर्वेद संस्थाको लागि रू. १ करोड ५९ लाख ५० हजारको औषधि गरिएको, ५० पटक निरिक्षण अनुगमन गरिएको, नेपाल आयुर्वेद भैषज्य संहिता निर्माण भएको तथा प्रचार प्रसार कार्य भएको छ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

आ.व. २०६१।६२ मा ६ वटा जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र र पश्चिमान्चल क्षेत्रीय आयुर्वेद चिकित्सालयको स्थापना गर्ने, २८५ वटा स्वास्थ्य संस्थाको लागिं औषधी र फर्निचरको व्यवस्था गर्ने, ९० जना प्राविधिकलाई तालीम दिने, ५० पटक सुपरीवेक्षण अनुगमन गर्ने लक्ष्य रहेको।

(ग) अपेक्षित उपलब्धिः

आयुर्वेद अस्पतालहरू स्थापना र सुदृढ भई जनतालाई आयुर्वेद सेवा उपलब्ध गराउने।

## १९. आयुर्वेद चिकित्सालय, नरदेवी (७०-३-७५५/७०-४-७५५)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः आयुर्वेद चिकित्सा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ८०,००,०००<br>स्रोतः श्री ५ को सरकार |

काठमाडौंको एक मात्र आयुर्वेदिक अस्पतालको रूपमा संचालित यस अस्पतालवाट औषधि निर्माण तथा विरामीको परीक्षण हुदै आएका छन्।

(क) आ.व. २०६०।६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा ६५ जनालाई तालीम दिईएको, ५००० के.जी औषधि निर्माण तथा विरामीको परीक्षण कार्यहरू सम्पन्न भएका छन्।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:**

६५ जना कविराज, वैद्य, नर्स, औषधि कटुवालाई तालिम दिने, ६००० के.जी. औषधि तयारी गर्ने तथा निर्माण कार्य गर्ने लक्ष्य रहेको छ।

**(ग) अपेक्षित उपलब्धि:**

यस चिकित्सालयको सुदृढीकरण गरी एवं आयुर्वेद स्वास्थ्यकर्मीहरूलाई तालिम दिई आयुर्वेद सेवा उपलब्ध गराउने तथा स्वास्थ्य उपचारमा सुविधा हुने।

## २०. राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला सेवा कार्यक्रम (७०-३-६८०/७०-४-६८०)

| | |
|---|---|
| आयोजना शुरू मितिः X.<br>कुल लागतः X.<br>आयोजनाको प्रकृतिः स्वास्थ्य अनुसन्धान। | आयोजना सम्पन्न हुने मितिः सालबसाली।<br>आ.व. २०६१/६२ को बजेटः रू. ३,६३,९२,०००.<br>स्रोतः श्री ५ को सरकारः ७४००,०००<br>वैदशिकः अनुदानः १५५५२,००० WHO, DFID<br>ऋणः १३४४०,००० IDA |

स्वास्थ्य प्रयोगशाला सेवाहरूलाई बढी विश्वसनीय र भरपर्दो बनाई प्रयोगशाला सेवाको विस्तार गर्दै जाने उद्देश्य अनुरूप संचालित यस कार्यक्रममा व्याक्टोरोलोजी सेवा तथा बायोकेमेष्ट्रि सेवा स्थापना गर्ने, प्राथमिक स्वास्थ्य केन्द्रमा प्रयोगशाला स्थापना गर्ने, सेवाकालीन तथा अन्य तालीमजस्ता कार्यक्रम संचालन गर्ने गरिंदै आएको छ।

**(क) आ.व. २०६०।६१ को प्रगति:**

गत आ.व. को प्रथम आठ महिनासम्ममा व्याक्टोरोलोजी सेवा, बायोकेमेष्ट्रि सेवा स्थापना गर्ने, प्राथमिक स्वास्थ्य केन्द्रमा प्रयोगशाला स्थापना गर्ने, सेवाकालीन तथा अन्य तालीम कार्यक्रम संचालन, आदि कार्यहरू गरिएको छ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:**

१० स्थानमा व्याक्टेरियोलोजी सेवाको स्थापना तथा सुदृढीकरण, १२ स्थानमा बायोकेमेष्ट्रि सेवाको स्थापना र विस्तार, २५ वटा प्रा.स्वा.के.मा प्रयोगशाला सेवाको स्थापना तथा विभिन्न तालीम तथा गोष्ठि गर्ने लक्ष्य रहेको छ।

**(ग) अपेक्षित उपलब्धि:**

जनस्वास्थ्य प्रयोगशालाहरूलाई सुदृढ तथा व्यवस्थित गरी व्याक्टेरियोलोजी, बायोकेमेष्ट्रि र प्राथमिक स्वास्थ्य केन्द्रहरूमा समेत प्रयोगशाला सेवा उपलब्ध गराउने।

## २१. कान्ति बाल अस्पताल (७०-३-३०२/७०-४-३०२)

| | |
|---|---|
| आयोजना शुरू मितिः X.<br>कुल लागतः X.<br>आयोजनाको प्रकृतिः बालस्वास्थ्य। | आयोजना सम्पन्न हुने मितिः सालबसाली।<br>आ.व. २०६१/६२ को बजेटः रू. ६,३५,००,०००।<br>स्रोतः श्री ५ को सरकार |

नेपालको एकमात्र सबै भन्दा ठूलो यो बाल अस्पताल रेफरल अस्पतालको रूपमा रहेको छ। हाल ३०० शैया संचालनमा रहेको यस अस्पतालको क्षमता ५०० शैयामा पुऱ्याउने र सोही अनुसार भौतिक पूर्वाधार विकास गर्दै लैजाने लक्ष्य अनुसार कार्यक्रम संचालन हुदै आएको छ।

**(क) आ.व. २०६०।६१ को प्रगति:**

गत आ.व. को प्रथम आठ महिनासम्ममा मा भवन निर्माण विस्तार, औषधि खरीद आदि कार्यहरू गरिएको छ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:**

आ.व २०६१।६२ मा भवन निर्माण, पानीको व्यवस्था गर्न १ वटा ओभरहेड टंक निर्मण गर्ने, औषधि, मेशिनरी औजार खरीद गरी अस्पतालको सेवालाई विस्तार गर्ने, अस्पतालबाट निस्कने फोहर पानी प्रशोधन गर्ने प्रविधिको संभाव्यता अध्ययन गर्ने, आदि लक्ष्य रहेको छ।

**(ग) अपेक्षित उपलब्धि:**

बालबालिकाहरूको स्वास्थ्य स्थितिमा सुधार आई बालमृत्यु दरमा कमी आउने।

## २२. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत) (७०-३-३०१/७०-४-३०१)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा र अध्ययन । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ३१,३५,००,००० ।<br>स्रोतः श्री ५ को सरकारः १९८५००,०००<br>वैदेशिक अनुदानः ११५०००,००० भारत, जापान |

नेपालको सबैभन्दा पुरानो र ठूलो यो अस्पताल सर्व साधारणलाई स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यबाट स्थापना भएको हो । गत वर्षदेखि देशको आवश्यकता अनुरूप दक्ष जनशक्ति उत्पादन गर्ने समेत लक्ष्य लिई कार्यक्रम संचालन हुँदै आइरहेको छ । यस अस्पतालमा वार्षिक ३ लाख भन्दा बढी रोगीहरू उपचारका लागि आउने र यस मध्ये करीब ६० प्रतिशतले निःशुल्क उपचार प्राप्त गर्ने गर्दछन ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा अस्पतालको सेवा विस्तारका लागि विभिन्न उपकरणहरू खरीद, PG कोर्ष संचालन तथा नर्सिङ्ग प्रविणता प्रमाण पत्र तहको कक्षा संचालन भएको छ ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

विभिन्न प्रकारका उपकरणहरू खरीद गरी सेवाको स्तरलाई अझ उच्च बनाइने, डाक्टरहरूको लागि पोष्ट ग्राजुएट कोर्ष संचालन कार्यलाई निरन्तरता दिइने छ र नर्सिङ्ग कोर्षमा स्नातक तहसम्म संचालन गरीनेछ । यसैगरी विभिन्न निर्माण कार्यहरू गरी विशेषज्ञ सेवा उपलब्ध गराउने उद्देश्य रहेको छ ।

**(ग) अपेक्षित उपलब्धिः**

आवश्यक औषधि उपकरण उपलब्ध भई यस अस्पतालद्वारा गुणस्तरी एवं प्रभावकारी चिकित्सा सेवा उपलब्ध गराउने तथा नेपालमा पोष्ट ग्रायजुयट चिकित्सकहरू उत्पादन भई स्वास्थ्य सेवा सुदृढीकरणमा टेवा पुग्ने ।

## २३. बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (७०-३-३३०)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा र अध्ययन । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. २४,९५,००,००० ।<br>स्रोतः श्री ५ को सरकारः २१७५००,०००<br>वैदेशिकः अनुदानः ३२०००,००० भारत |

स्वास्थ्य सम्बन्धी दक्ष जनशक्तिः उत्पादन गर्ने र जनतालाई साधारण तथा विशेष स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यबाट यो प्रतिष्ठानको स्थापना भएको हो ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व.को प्रथम आठ महिनासम्ममा एम.बी.बी.एस., बी.एस्सी नर्सिङ्ग, पी.जी.कोर्ष, एलाइड हेल्थ कोर्ष, नर्सिङ्ग सर्टिफिकेट कोर्ष, समुदायमा आधारित स्वास्थ्य सेवा प्रदान, विभिन्न निर्माण कार्य आदि भएका छन् ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

आव २०६१।६२ मा २५४ जना एम.बी.बी.एस, ३५ जना बी.एस्सी नर्सिङ्ग कोर्ष, ११४ जना पी.जी. कोर्ष, १६० जना बी.डी.एम कोर्ष संचालन गर्ने, २० पटक समुदायमा आधारीत शैक्षिक कार्यक्रम गर्ने, अस्पताल सेवा संचालनका लागि औषधि सरसामान खरीद गर्ने, भौतिक पूर्वाधार निर्माण कार्य गर्ने लक्ष्य रहेको छ ।

**(ग) अपेक्षित उपलब्धिः**

विभिन्न स्तरका चिकित्सा जनशक्ति (एम.बि.बि.एस., नर्स आदि) उत्पादन गर्ने तथा आवश्यक स्वास्थ्य सेवा उपलब्ध हुने ।

## २४. बी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल (७०-३-३०६)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ६५,५०,००० ।<br>स्रोतः श्री ५ को सरकार |

क्यान्सर रोगको उपचार गर्ने तथा क्यान्सर रोग नियन्त्रण सम्बन्धी कार्यक्रम संचालन गर्ने उद्देश्यले अधिराज्यको एक मात्र क्यान्सर रोग रिफ रल अस्पतालको रूपमा संचालन हुँदै आएको छ ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा दक्ष जनशक्ति विकास गर्ने, मेशीनरी औजार उपकरण खरीद गर्ने तथा भौतिक पूर्वाधार निर्माण गर्ने आदि कार्यहरू गरिएको छ।

(ख) आ.ब. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:

आ.व. २०६१।६२ मा पनि अस्पताल संचालनका साथै आवश्यक जनशक्ति तयार गर्ने, क्यान्सर रोग रोकथामका लागि Poilot Programme संचालन गरी तथ्यांक संकलन गर्ने, आवश्यक अनुसन्धान गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि:

नेपालभित्रै क्यान्सर रोगीहरूलाई सुलभ र गुणस्तरीय चिकित्सा सेवा उपलब्ध गराउने।

## २५. शहीद गंगालाल हृदयरोग केन्द्र (७०-३-३२१/७०-४-३२१)

| | |
|---|---|
| आयोजना शुरू मितिः X.<br>कुल लागत: X.<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा। | आयोजना सम्पन्न हुने मितिः सालबसाली।<br>आ.व. २०६१/६२ को बजेट: रू. ३,४०,००,०००।<br>स्रोत: श्री ५ को सरकार |

श्री ५ को सरकारको विशेषज्ञ सेवा उपलब्ध गराउने नीति अनुरूप हृदयरोग सम्बन्धी उपचारका लागि यो केन्द्रको स्थापना भई कार्यक्रम संचालन हुँदै आएको छ।

(क) आ.ब. २०६०।६१ को प्रगति:

गत आ.व. को प्रथम आठ महिनासम्ममा मा २० हजार जनाको रोग परीक्षण, ३१३ जनाको शल्यकृया, ५०० जनाको एन्जीयोग्राफी, १ वटा प्रतिकारात्मक सेवा र पूर्वाधार निर्माण कार्य सम्पन्न भएको छ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरु

३०,००० जना मुटुरोगीको परीक्षण गर्ने, ५०० जनाको शल्यकृया गर्ने, ३०० जनाको एन्जीयोग्राफी गर्ने, २ वटा प्रतिकारात्मक सेवा गर्ने, अनुसन्धान र पूर्वाधार निर्माण गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि:

मुटुका रोगीहरूलाई न्यूनतम सेवा शुल्कमा स्तरीय एवं सुलभ चिकित्सा सेवा उपलब्ध गराउने।

## २६. मनमोहन कार्डियोभस्कुलर केन्द्र – शिक्षण अस्पताल (७०-३-३०७)

| | |
|---|---|
| आयोजना शुरू मितिः २०६१।<br>कुल लागत: X.<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा। | आयोजना सम्पन्न हुने मितिः सालबसाली।<br>आ.व. २०६१/६२ को बजेट: रू. १,००,००,०००।<br>स्रोत: श्री ५ को सरकार |

स्वास्थ्य क्षेत्रमा विशेषज्ञ सेवा उपलब्ध गराउने नीतिअनुरूप हृदयरोगसम्बन्धी उपचारका लागि यो केन्द्रको स्थापना गरी यस वर्षदेखि शिक्षण अस्पतालअन्तरगत सन्चालनमा ल्याइनेछ।

(क) आव २०६०।६१ को प्रगति:

यसै आ.व.मा मात्र सन्चालनमा आएको।

(ख) आव २०६१/६२ का मुख्य मुख्य कार्यहरू:

शिक्षण अस्पतालअन्तरगत सन्चालनमा आउने यो केन्द्रको निर्माण र स्थापनाका कार्यहरू गरिनेछ।

(ग) अपेक्षित उपलब्धि:

हृदयरोगको केन्द्र स्थापना गरी मुटुका रोगीहरूलाई न्यूनतम सेवा शुल्कमा स्तरीय एवं सुलभ चिकित्सा सेवा उपलब्ध गराउने।

## २७. नेपाल स्वास्थ्य अनुसन्धान परिषद् (७०-३-७६५)

| | |
|---|---|
| आयोजना शुरू मितिः X.<br>कुल लागत: X.<br>आयोजनाको प्रकृतिः स्वास्थ्य अनुसन्धान। | आयोजना सम्पन्न हुने मितिः सालबसाली।<br>आ.व. २०६१/६२ को बजेट: रू. १,२५,००,०००।<br>स्रोत: श्री ५ को सरकार: २५००,०००<br>वैदशिक: अनुदान: ४०००,००० DFID<br>ऋण: ६०००,००० IDA |

स्वास्थ्य सेवालाई भरपर्दो एवं प्रभावकारी बनाउन विभिन्न प्रकारका स्वास्थ्य सम्बन्धी अध्ययन अनुसन्धान गरी नीति तर्जुमा कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम शुरू गरिएको छ।

(क) आ.व. २०६०/६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा विभिन्न रोगसम्बन्धी अध्ययन अनुसन्धान, सोधकार्य, तालीम गोष्ठी संचालन भएका छन्।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

तीन जिल्लामा अत्यावश्यक स्वास्थ्य केयर सर्भिस डेलीभरी अध्ययन गर्ने, ५० जनालाई प्रशिक्षक प्रशिक्षण दिने, आर्सेनिकबाट स्वास्थ्यमा पर्ने प्रभाव अध्ययन गर्ने, स्वास्थ्य कर कोषबाट उपलब्ध गराइएको रकमको अध्ययन गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धिः

स्वास्थ्य क्षेत्रमा आवश्यक अनुसन्धान एवं तालिम कार्यक्रमहरू चलाई रोग सम्बन्धी जानकारीमा बृद्धि गराइने।

## २८. नेपाल नेत्रज्योती संघ (७०-३-७६३)

| | |
|---|---|
| आयोजना शुरू मितिः X. | आयोजना सम्पन्न हुने मितिः सालबसाली। |
| कुल लागतः X. | आ.व. २०६१/६२ को बजेटः रू. २०,००,०००। |
| आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा। | स्रोतः श्री ५ को सरकार |

आँखा स्वास्थ्य सेवा पुऱ्याउने जनचेतना जगाउने आंखामा लाग्ने रोगको उपचार सम्बन्धी विभिन्न कृयाकलाप संचालन गर्ने उद्देश्यले यो कार्यक्रम शुरू गरिएको छ।

(क) आ.व. २०६०/६१ को प्रगतिः

११ स्थानमा नेत्रदान शिविर संचालन, विभिन्न तालीम तथा प्रचार प्रसार गर्ने कार्यहरू गरिएका छन्।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

आ.व. २०६१।६२ मा १० वटा नेत्रदान शिविर संचालन गर्ने, आँखा स्वास्थ्य शिक्षा अन्तर्गत ६ वटा धामी झाँक्री तालीम संचालन गर्ने, ५० वटा भिटामीन ए कार्यक्रम, १२ वटा समुदायमा आँखा जाँच कार्यक्रम आदि गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धिः

आँखा स्वास्थ्य सेवा र त्यस सम्बन्धी जनचेतना जगाउने कार्य पुग्ने।

## तेस्रो प्राथमिकता (पी ३) मा परेका आयोजनाहरू

## २९. सिंहदरवार वैद्यखाना विकास समिति (७०-३-७५८/७०-४-७५८)

| | |
|---|---|
| आयोजना शुरू मितिः X. | आयोजना सम्पन्न हुने मितिः सालबसाली। |
| कुल लागतः X. | आ.व. २०६१/६२ को बजेटः रू. १,२३,३०,०००। |
| आयोजनाको प्रकृतिः आयुर्वेद चिकित्सा। | स्रोतः श्री ५ को सरकार |

नेपालमा उत्पादित जडीवुटीलाई प्रशोधन गरी प्रभावकारी रूपमा औषधि निर्माण तथा विक्रि वितरण तथा निर्यात समेत गर्ने उद्देश्यले स्थापित यो वैद्यखानाले विभिन्न प्रकारका औषधि निर्माण गरी विक्रि वितरणसमेत गर्दै आएको छ।

(क) आ.व. २०६०/६१ को प्रगतिः

गत आ.व. को प्रथम आठ महिनासम्ममा विभिन्न प्रकारका औषधि निर्माण गरी विक्रि वितरण गरेको छ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः

जडीवुटी स्टोर, तयारी औषधि स्टोर एवं गुणस्तर नियन्त्रण भवन निर्माण तथा विभिन्न प्रकारका औषधि निर्माण तथा विक्रि वितरण गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धिः

आयुर्वेद औषधिहरू स्तरीय र सुलभ तरीकाले उपलब्ध हुने।

### ३०. औषधि व्यवस्था विभाग (७०-३-६९०/७०-४-६९०)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः औषधि गुणस्तर . | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ३,९८,००,००० ।<br>स्रोतः श्री ५ को सरकारः ९८००,०००<br>वैदेशिक अनुदानः १८०००,००० WHO, DFID<br>ऋणः १२०००,००० IDA |

स्तरहीन नक्कली औषधिको विक्रि वितरणमा नियन्त्रण गर्ने, औषधिको स्तरीयता कायम गराउने तथा औषधिकोस्तर र मूल्य समेत अनुगमन गर्ने तथा औषधि अनुसन्धान सम्बन्धी कार्य गर्ने उद्देश्यवाट औषधि व्यवस्था विभागको स्थापना भएको छ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा औषधिको उचित प्रयोग बारे प्रचार प्रसार गर्ने, वुलेटीन प्रकाशन गर्ने, औषधि उद्योगको निरीक्षण गर्ने, औषधि पसलको निरीक्षण गर्ने जस्ता कार्यहरू सम्पन्न भएका छन् ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

औषधिको उचित प्रयोगवारे जानकारी गराउने ४५ पटक, उद्योग निरीक्षण ९५ पटक, गुणस्तर ठम्याउन पसल निरीक्षण १२५० पटक, आधुनिक तथा आयुर्वेदिक औषधिको विश्लेषण, प्रयोगशाला उपकरण खरीद, औषधि उद्योगको निरीक्षण २४ पटक गर्ने तथा अनुगमन मूल्यांकन गर्नेजस्ता कार्यक्रमहरू रहेका छन् ।

**(ग) अपेक्षित उपलब्धिः**

औषधि एवं स्वास्थ्य संस्थाहरूको गुणस्तर कायम गर्न मद्दत पुऱ्याउने ।

### ३१. वी.पी. कोइराला नेत्र अध्ययन केन्द (७०-३-७६२/७०-४-७६२)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ७०,००,००० ।<br>स्रोतः श्री ५ को सरकार |

नेत्र चिकित्सा विज्ञानमा विकसित नयां प्रविधि अनुरूप नेत्र चिकित्सकको माध्यमवाट उपचार सेवा पुऱ्याउने उद्देश्यवाट यो कार्यक्रम शुरू गरिएको छ ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा शैक्षिक उपकरण खरीद गर्ने, र विभिन्न स्थानमा आंखा शिविर संचालन सम्पन्न भएका छन् ।

**(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरूः**

अनुदान रकमवाट ३ सेट मेशीनरी औजार उपकरण खरीद गरिने लक्ष्य रहेको छ ।

**(ग) अपेक्षित उपलब्धिः**

स्तरीय नेत्र सेवा उपलब्ध गराउने ।

### ३२. अनुगमन मूल्यांकन तथा योजना सुदृढीकरण (७०-३-७६८/७०-४-७६८)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा अनुगमन । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ११,५४,१७,००० ।<br>स्रोतः श्री ५ को सरकारः ९३५०,०००<br>वैदेशिक अनुदानः ५०५६३,००० GTZ, WHO, DFID<br>ऋणः ५५५०४,००० IDA |

मन्त्रालय र अन्तरगतका कार्यक्रमहरूको अनुगमन तथा सुदृढीकरण गर्ने, नेटवर्किङ्ग विकास, आर्थिक व्यवस्थापन सम्बन्धी गोष्ठी तालीम संचालन गर्ने उद्देश्यले यो आयोजना संचालन गरिएको छ। अनुगमन, मूल्यांकन तथा योजना सुदृढीकरण गर्ने उद्देश्यले यो कार्यक्रम मन्त्रालयवाटै संचालन हुँदै आएको छ ।

**(क) आ.व. २०६०।६१ को प्रगतिः**

गत आ.व. को प्रथम आठ महिनासम्ममा अनुगमन तथा सुदृढीकरण, आर्थिक व्यवस्थापन सम्बन्धी गोष्ठी तालीम संचालन

आदि भएका छन् ।

(ख) आ.ब. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:

अनुगमन मूल्यांकन गर्ने, मन्त्रालयको भौतिक पूर्वाधार विकास गर्ने, मानव संसाधन विकास कार्यहरू गर्ने, राष्ट्रिय स्वास्थ्य लेखा तर्जुमा गर्ने, पशुपति होमियोप्याथी औषधालय सुदृढ गर्ने, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम कार्यहरू संचालन गर्ने, विभिन्न स्वास्थ्यसँग सम्बन्धित साथी, सेफ मदर हुड नेटवर्क, नेपाल हृदय रोग प्रतिष्ठान, नेपाल रेडक्रस सोसाइटी, नेपाल वेलफर सोसाइटी लगायत अन्य गैरसरकारी संस्थाहरूको कार्यक्रमको आधारमा अनुदान उपलब्ध गराउने, आदि लक्ष्य रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि:

अनुगमन, मूल्यांकन कार्य सुदृढ भइ स्वास्थ्य क्षेत्र सुधारका लागि सहयोग पुग्ने र मानव संशाधनका विकासका नीतिगत सुधार हुने ।

### ३३. स्वास्थ्य कर कोष कार्यक्रम (७०-३-७०१)

| | |
|---|---|
| आयोजना शुरू मिति: X .<br>कुल लागत: X .<br>आयोजनाको प्रकृति: स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मिति: सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेट: रू. २२,००,००,००० ।<br>स्रोत: श्री ५ को सरकार |

स्वास्थ्यको लागि हानिकारक मदीरा तथा सूर्तिजन्य पदार्थमा लागेको कर रकम क्यान्सर, मुटुरोग रोकथाममा खर्च गर्ने नीतिअनुरूप सोही कार्यक्रममा उपयोग गरीदै आएको छ ।

(क) आ.ब. २०६०।६१ को प्रगति:

आ.व २०६०।६१ मा यस कोषबाट वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, शहीद गंगालाल हृदयरोग केन्द्र, भक्तपुर क्यान्सर अस्पताल र राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्रका कार्यक्रमहरूमा खर्च गरिएको छ ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:

वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, शहीद गंगालाल हृदयरोग केन्द्र, भक्तपुर क्यान्सर अस्पताल र राष्ट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार केन्द्रका कार्यक्रमहरू संचालन गरिने छन् ।

(ग) अपेक्षित उपलब्धि:

क्यान्सर, मुटुको रोग लगायतका धुम्रपान जन्य रोग नियन्त्रण गर्ने अस्पताल सञ्चालनमा सहयोग पुऱ्याउने ।

### जिल्लास्तरीय आयोजनाहरू:

१) **ग्रामीण स्वास्थ्य विकास परियोजना (रामेछाप र दोलखा)** (७०-३-८०५/७०-४-८०५)

| | |
|---|---|
| आयोजना शुरू मिति: X .<br>कुल लागत: X .<br>आयोजनाको प्रकृति: स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मिति: सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेट: रू. २,५३,४२,००० ।<br>स्रोत: श्री ५ को सरकार: २८४,०००<br>वैदशिक: अनुदान: २५०५८,००० GTZ, SDC |

स्विस सरकारको सहयोगमा दोलखा र रामेछाप जिल्लामा स्वास्थ्य सम्बन्धी विविध कार्यक्रम संचालन गर्ने उद्देश्यले यो कार्यक्रम शुरू गरिएको छ ।

(क) आ.व. २०६०।६१ को प्रगति:

आ.व. २०६०।६१ मा स्वास्थ्य प्रदशनीमा सहयोग, परियोजना समीक्षा, ३० मा.वि. मा प्रजनन स्वास्थ्य शिक्षा, विभिन्न प्रकारका तालीम, गोष्ठी संचालन, सुपरीवेक्षण आदि कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको छ ।

(ख) आ.व. २०६१/६२ बजेटका मुख्य मुख्य कार्यहरू:

स्वास्थ्य प्रदर्शनीमा सहयोग, १५ मा.वि. मा प्रजनन स्वास्थ्य शिक्षा, विभिन्न प्रकारका तालीम, गोष्ठी संचालन, सुपरीवेक्षण आदि कार्यक्रम संचालन गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि:

रामेछाप र दोलखा जिल्लामा मातृ शिशु स्वास्थ्यमा सुधार हुने ।

२) **क्षयरोग नियन्त्रण कार्यक्रम** (७०-३-८०१)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ८५,९४,०००।<br>स्रोतः श्री ५ को सरकार |

यो कार्यक्रम केन्द्रीय र जिल्लास्तरको रूपमा संचालन भएको छ। कार्यक्रमहरू केन्द्रीय स्तरमा नै उल्लेख गरी सकिएको छ। ७५ रै जिल्लामा यो कार्यक्रम संचालन भएको र केन्द्रीयस्तरवाट समन्वयात्मक कार्यक्रम संचालन हुने अन्य कार्यक्रम जिल्लास्तरवाटै संचालन हुने गरेको छ।

३) **राष्ट्रिय तालीम कार्यक्रम** (७०-३-८१६)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः जनशक्ति विकास । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ६,३७,१८,००० ।<br>स्रोतः श्री ५ को सरकारः १२४४२,०००<br>वैदशिकः अनुदानः ४२८७६,००० UNFPA, UNICEF, DFID, USAID<br>ऋणः ८४००,००० IDA |

यो कार्यक्रम केन्द्रीय र जिल्लास्तरमा रहेको छ। केन्द्रीयस्तरवाट समन्वयात्मक कार्यक्रम र कुनै खास क्षेत्र वा जिल्लामा संचालन नहुने तालीम कार्यक्रम केन्द्रवाट हुने र क्षेत्रीय तालीम केन्द्रवाट सम्पन्न हुने कार्यक्रमलाई जिल्ला स्तरीय कार्यक्रमको रूपमा राखिएका छन्। कार्यक्रमको एकमुष्ट लक्ष्य प्रगती विवरण केन्द्रीय कार्यक्रममा नै समावेश भएको छ।

४) **राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र** (७०-३-८१५)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः जनचेतनामूलक । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. २,७५,१९,०००<br>स्रोतः श्री ५ को सरकारः १७४७५,०००<br>वैदशिकः अनुदानः ५६०२,००० UNFPA, DFID<br>ऋणः ४४४२,००० IDA |

यो कार्यक्रम केन्द्रीय स्तरमा र जिल्लास्तरीय आयोजनाको रूपमा संचालन भएको छ। सम्पूर्ण कार्यक्रमको एकमुष्ट लक्ष्य प्रगती केन्द्रीयस्तरको कार्यक्रममा नै उल्लेख गरीएको छ।

**५. एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम** (७०-३-८५५/७०-४-८५५)

| | |
|---|---|
| आयोजना शुरू मितिः X .<br>कुल लागतः X .<br>आयोजनाको प्रकृतिः स्थानीय स्वास्थ्य सेवा । | आयोजना सम्पन्न हुने मितिः सालबसाली ।<br>आ.व. २०६१/६२ को बजेटः रू. ३४,३२,९५,००० .<br>स्रोतः श्री ५ को सरकारः १८३४३३,०००<br>वैदशिकः अनुदानः १२९८६२,००० UNFPA, UNICEF, DFID, USAID GAVI, Golbal Fund<br>ऋणः ३००००,००० IDA |

विभिन्न जिल्लामा संचालन हुने स्वास्थ्य सम्वन्धी कृयाकलापलाई एकीकृत रूपमा संचालन गर्ने उद्देश्य अनुरूप केन्द्रीय स्तरमा संचालन भएका विभिन्न कार्यक्रमलाई जिल्लास्तरमा राखिएको छ। आ.व. २०६०।६१ मा यस कार्यक्रम अन्तर्गत परीवार नियोजन तथा मातृ शिशु सम्वन्धी कार्यक्रम, व्यवस्थापन सूचना, औलो कालाजार नियन्त्रण कार्यक्रम कुष्ठरोग नियन्त्रण कार्यक्रम, विस्तारीत खोप एवं पोलियो उन्मूलन कार्यक्रम, झाडा पखाला, श्वास प्रश्वास रोग नियन्त्रण र पोषण कार्यक्रमलाई जिल्लास्तरीय कार्यक्रमको रूपमा संचालन गरीएको छ। आ.व. २०६१।६२ मा पनि उल्लेखित कार्यक्रमलाई जिल्लास्तरीय कार्यक्रमको रूपमा संचालन गरीने छ।

रु. हजारमा

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजीगत खर्च | कुल जम्मा | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | वै. जम्मा | | |
| १ | स्वास्थ्य सामाजिक सुरक्षा कार्यक्रम (७०-३-७७०/७०-४-७७०) | २२५५५ | ५३०१० | ३९००० | ९२०१० | २९३०० | २५२०४ DFID | ३७५०६ IDA | ६२७१० | ०१ | ०२ |
| २ | सरूवा रोग अस्पताल (७०-३-३०३/७०-४-३०३) | ५८७० | २९४५ | ३२६५ | ६२१० | ३७१० | १००० DFID | १५०० IDA | २५०० | ०१ | ०२ |
| ३ | परोपकार श्री ५ इन्द्रराज्य लक्ष्मी देवी प्रसुति गृह (७०-३-३०४/७०-४-३०४ | ३३००० | ४०२०० | २५८०० | ६६००० | ६६००० | ० | ० | ० | ०१ | ०२ |
| ४ | मनमोहन कार्डियो भस्कुलर केन्द्र शिक्षण असपताल (७०-४-३०७) | ० | ० | १०००० | १०००० | १०००० | ० | ० | ० | ०१ | ०२ |
| ५ | क्षयरोग नियन्त्रण कार्यक्रम (७०-३-४०१/७०-४-४०१) | ७२२८७ | १०६८४५ | ८१५ | १०७६६० | २४९०५ | ८२७५५ WHO, Norway | ० | ८२७५५ | ०१ | ०२ |
| ६ | एड्स तथा यौनरोग नियन्त्रण (७०-३-४०२/७०-४-४०२) | ० | १६२६४२ | ६४०० | १६९०४२ | ४७६४ | १६४२७८ WHO, Golobal Fund | ० | | ०१ | ०२ |
| ७ | एच आई भी एड्स नियन्त्रण सहयोग कार्यक्रम (७०-३-४०३) | ० | ६००० | ० | ६००० | ० | ६००० UNDP | ० | ६००० | ०१ | ०२ |
| ८ | परिवार नियोजन तथा मातृ शिशु एवं महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम (७०-३-४५१/७०-४-४५१) | १८०३८ | ३६६१७ | ७७२९० | ११३९०७ | १६३६० | ४३८५७ UNFPA, WHO, DFID, USAID | ५३६९० IDA | ९७५४७ | ०१ | ०२ |

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजीगत खर्च | कुल जम्मा | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | वै. जम्मा | | |
| ९ | विस्तारित खोप एवं राष्ट्रिय पोलियो कार्यक्रम (७०-३-४७०/७०-४-४७०) | २०४७२४ | ७३७०१६ | १८०३६० | ९१७३७६ | ६८४१६ | ८४८९६० UNICEF, WHO, GAVI, JICA | ० | ८४८९६० | ०१ | ०२ |
| १० | झाडा पखाला, श्वास प्रश्वास तथा पोषण कार्यक्रम (७०-३-४७२/७०-४-४७२ | २८०९६ | ४३१२१ | ४४७० | ४७५९१ | ८९०७ | ३८६८४ Canada, UNICEF, WFP, WHO, USAID | ० | ३८६८४ | ०१ | ०२ |
| ११ | इपिडेमिलोलोजी,औलो,कालाजार नियन्त्रण तथा प्राकृतिक प्रकोप व्यवस्थापन (७०-३-५१०/७०-४-५१०) | १३१५०२ | २६९३१४ | १४००७ | २८३३२१ | ६५९१० | १२२८६४ WHO, DFID, Global Fund | ९४५४७ IDA | २१७४११ | ०१ | ०२ |
| १२ | कुष्ठरोग नियन्त्रण कार्यक्रम (७०-३-५१२/७०-४-५१२) | ५९६८ | १३२८२ | २३ | १३३०५ | २३१६ | १०९८९ UNFPA, Netherlands | ० | १०९८९ | ०१ | ०२ |
| १३ | औषधि उपकरण आपूर्ति (७०-३-६१०/७०-४-६१०) | २३८००९ | २७३५५३ | ९१५८० | ३६५१३३ | १००००० | १९३८३९ Germany, DFID | ७१२९४ IDA | २६५१३३ | ०१ | ०२ |
| १४ | राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र (७०-३-६५०/७०-४-६५०) | २५८७४ | ३८९८६ | ० | ३८९८६ | १५९८३ | २३००३ UNFPA, WHO, USAID | ० | २३००३ | ०१ | ०४ |
| १५ | राष्ट्रिय स्वास्थ्य तालीम कार्यक्रम (७०-३-६६०) | २४५०६९ | ६९०४१ | ० | ६९०४१ | ९७३५ | ३६८०६ GTZ, UNFPA, UNICEF, DFID, USAID | २२५०० IDA | ५९३०६ | ०१ | ०२ |

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजीगत खर्च | कुल जम्मा | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | वै. जम्मा | | |
| १६ | कीटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालीम केन्द्र (७०-३-६६१) | २०११२ | २०००० | ० | २०००० | १०००० | ४००० DFID | ६००० IDA | १०००० | ०१ | ०२ |
| १७ | चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान (वीर अस्पताल समेत) (७०-३-३०१/७०-४-३०१ | २७१३६१ | १४१३१५ | १७२१८५ | ३१३५०० | १९८५०० | ११५००० भारत, जापान | ० | ११५००० | ०२ | ०२ |
| १८ | कान्ति वाल अस्पताल (७०-३-३०२/७०-४-३०२ | ३१४४० | ४७६०० | १५९०० | ६३५०० | ६३५०० | ० | ० | ० | ०२ | ०२ |
| १९ | नेपाल आंखा अस्पताल (७०-३-३०५/७०-४-३०५ | १३०२५ | ८३०० | ७५०० | १५८०० | ९००० | २७२० DFID | ४०८० IDA | ६८०० | ०२ | ०२ |
| २० | वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल (७०-३-३०६) | ६३०० | ६५५० | ० | ६५५० | ६५५० | ० | ० | ० | ०२ | ०२ |
| २१ | शहिद गंगालाल राष्ट्रिय हृदय केन्द्र (७०-३-३२१/७०-४-३२१) | ३४००० | ९००० | २५००० | ३४००० | ३४००० | ० | ० | ० | ०२ | ०२ |
| २२ | वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान (७०-३-३३०) | २६५००० | २४९५०० | ० | २४९५०० | २१७५०० | ३२००० भारत | ० | ३२००० | ०२ | ०२ |
| २३ | अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली (७०-३-६२०/७०-४-६२०) | ६८६१९ | ८२५०५ | २९१९३० | ३७४४३५ | ९९९६० | १२८०५३ UNFPA, WHO, DFID | १४६४२२ IDA | २७४४७५ | ०२ | ०२ |
| २४ | स्वास्थ्य प्रयोगशाला सेवा (७०-३-६८०/७०-४-६८०) | ८९७६ | १४२३२ | २२१६० | ३६३९२ | ७४०० | १५५५२ WHO, DFID | १३४४० IDA | २८९९२ | ०२ | ०२ |
| २५ | आयुर्वेद चिकित्सालय नरदेवी (७०-३-७५५/७०-४-७५५) | ५२९९ | ३९०० | ४१०० | ८००० | ८००० | ० | ० | ० | ०२ | ०२ |

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पुँजीगत खर्च | कुल जम्मा | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | वै. जम्मा | | |
| २६ | विविध कार्यक्रम आयुर्वेद विभाग (७०-३-७५६/७०-४-७५६) | २४११७ | २७४४३ | १८२४५ | ४५६८८ | ४३२०० | २४८८ WHO | ० | २४८८ | ०२ | ०२ |
| २७ | नेपाल नेत्रज्योती संघ (७०-३-७६३) | १८०० | २००० | ० | २००० | २००० | ० | ० | ० | ०२ | ०२ |
| २८ | स्वास्थ्य अनुसन्धान परिषद् (७०-३-७६५) | २५०० | १२५०० | ० | १२५०० | २५०० | ४००० DFID | ६००० IDA | १०००० | ०२ | ०२ |
| २९ | स्वास्थ्यकर कोष (७०-३-७०१) | २२०००० | २२०००० | ० | २२०००० | २२०००० | ० | ० | ० | ०३ | ०२ |
| ३० | औषधि व्यवस्था (७०-३-६९०/७०-४-६९० | १०४९६ | २२३३७ | १७४६३ | ३९८०० | ९८०० | १८००० WHO, DFID | १२००० IDA | ३०००० | ०३ | ०२ |
| ३१ | सिहदरवार वैद्यखाना विकास समिति (७०-३-७५८/७०-४-७५८) | २३००० | २३३० | १०००० | १२३३० | १२३३० | ० | ० | ० | ०३ | ०२ |
| ३२ | बी.पी. कोइराला आंखा उपचार केन्द (७०-३-७६२/७०-४-७६२) | ६७७० | ० | ७००० | ७००० | ७००० | ० | ० | ० | ०३ | ०२ |
| ३३ | अनुगमन, मूल्यांकन तथा योजना सुदृढीकरण (७०-३-७६८/७०-४-७६८) | ११३५३ | ११०१७७ | ५२४० | ११५४१७ | ९३५० | ५०५६३ GTZ, WHO, DFID | ५५५०४ IDA | १०६०६७ | ०३ | ०४ |
| | केन्द्रस्तरीय जम्मा | २०५५१५२ | २८३२२६१ | १०४९७३३ | ३८८१९९४ | १३८६८९६ | ११७०६१५ | ५२४४८३ | २३३०८२० | | |
| | | | | | | | | | | | |
| | क्षयरोग नियन्त्रण (७०-३-८०१) | ७७४६ | ८५९४ | ० | ८५९४ | ८५९४ | ० | ० | ० | ०१ | ०२ |
| | एकिकृत जिल्ला स्वास्थ्य कार्यक्रम (७०-३-८५५/७०-४-८५५) | २४४४१७ | २७६३९९ | ६६८९६ | ३४३२९५ | १८३४३३ | १२९८६२ UNFPA, UNICEF, DFID, USAID GAVI, Golbal Fund | ३०००० IDA | १५९८६२ | ०१ | ०२ |

| सि.नं | कार्यक्रम । आयोजनाको नाम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | | प्राथमिकता | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु खर्च | पूँजीगत खर्च | कुल जम्मा | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | वै. जम्मा | | |
| | राष्ट्रिय तालीम कार्यक्रम (७०-३-८१६) | ३८६७८ | ६३७१८ | ० | ६३७१८ | १२४४२ | ४२८७६ UNFPA, UNICEF, DFID, USAID | ८४०० IDA | ५१२७६ | ०१ | ०२ |
| | ग्रामीण स्वास्थ्य विकास परियोजना दोलखा, रामेछाप (७०-३-८०५/७०-४-८०५) | २८३४७ | २५३०२ | ४० | २५३४२ | २८४ | २५०५८ GTZ, SDC | ० | २५०५८ | ०१ | ०२ |
| | राट्रिय स्वास्थ्य शिक्षा सूचना तथा संचार सेवा (७०-३-८१५) | १९८८६ | २७५१९ | ० | २७५१९ | १७४७५ | ५६०२ UNFPA, DFID | ४४४२ IDA | १००४४ | ०१ | ०४ |
| | जिल्लास्तरीय जम्मा | ३३९०७४ | ४०१५३२ | ६६९३६ | ४६८४६८ | २२२२२८ | २०३३९८ | ४२८४२ | २४६२४० | | |
| | कुल जम्मा | २३९४२२६ | ३२३३७९३ | १११६६६९ | ४३५०४६२ | १६०९१२४ | २१७४०१३ | ५६७३२५ | २५७७०६० | | |

## ५.३ खानेपानी तथा सरसफाई

खानेपानी तथा सरसफाई सुविधाबाट बञ्चित जनतालाई सुगमरूपमा सेवाहरू पुऱ्याउने, विद्यमान सेवा सुविधाको स्तर वृद्धि गर्ने एवं खानेपानी तथा सरसफाई सम्बन्धी चेतना अभिवृद्धि गर्ने विगतको नीतिलाई आ.व. ०६१।६२ मा पनि निरन्तरता दिईनेछ।

चाँडो सम्पन्न हुने र छिटो प्रतिफल दिने आयोजना सन्चालनमा विशेष जोड दिइएकोछ। क्रमागत आयोजनाहरूको निर्माण गरी सुविधा विस्तार, सम्पन्न भैसकेका आयोजनाको दीगो संचालन संभारको व्यवस्था, पानीको गुणस्तर अभिवृद्धि, तथा समग्र खानेपानी तथा सरसफाई आयोजनाको संचालनमा स्थानीय निकाय एवं उपभोक्तावर्गको साझेदारी अभिवृद्धि गर्न विशेष जोड दिइनेछ।

आ.व. ०६१।६२ मा खानेपानी क्षेत्रमा जम्मा २५ वटा कार्यक्रम संचालन गरिनेछन्। यी आयोजनामा प्रथम प्राथमिकताका आयोजनाको संख्या १६ रहेको छ। यी आयोजनाहरूले कूल क्षेत्रगत बजेटको ९७.१३ प्रतिशत हिस्सा समेटेका छन्। त्यसैगरी दोस्रो प्राथमिकता प्राप्त आयोजनाको संख्या ८ (कूल क्षेत्रगत बजेटको २.३६ प्रतिशत) र तेश्रो प्राथमिकता प्राप्त आयोजनाको संख्या १ (कूल क्षेत्रगत बजेटको ०.५१ प्रतिशत) रहेको छ।

आ.व. ०६१।६२ मा देहाय बमोजिमको कार्यक्रमहरू संचालन गरिनेछन्।

### नेपाल खानेपानी संस्थानतर्फ

**१. शहरी क्षेत्र खानेपानी तथा सरसफाई पुनर्स्थापना आयोजना (८७-४-४५०)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरु मिति** :आ. व. २०५३।५४ | **आयोजना सम्पन्न हुने मिति** :सालबसाली |
| **कूल लागत :** नखुल्ने | **आ.व. २०६१/६२ को बजेट** रू २१०००० हजार |
| **आयोजनाको प्रकृति :** सेवामूलक | **श्रोत :** श्री ५ को सरकार, JICA |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

काठमाण्डौ उपत्यका भित्रकै श्रोतहरू परिचालन गरी मेलम्ची आउनु अघिको मागको चापलाई केही कम गर्न जापान सरकार (JICA) को सहयोगमा यो आयोजना संचालन गरिएको छ। यस आयोजना अन्तर्गत जग्गा अधिग्रहण, Intake, पानी प्रशोधन केन्द्र र पानी पोखरी निर्माण तथा वितरण पाईप लाईन निर्माण जस्ता कार्यहरू सम्पन्न भएका छन्। मीनभवन र सिंहदरवार अनामनगरमा क्रमशः ३० लाख लिटर र २७ लाख लिटर क्षमताको Elevated Tank र बोडे देखि मिन भवनसम्म ७ कि.मि. ट्रंक मेन निर्माण सम्पन्न भई संचालनमा आएको छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

सैंबु भैंसीपाटीमा १ वटा पानी ट्याँकी निर्माण, सैंभु देखि पुल्चोकसम्म ४.५ कि.मि. ट्रंक मेन निर्माण, १ वटा विल्चिङ पाउडर डोजिङ प्रणाली निर्माण, आयोजना प्रभावित क्षेत्रमा ३ कि.मि. वितरण प्रणाली सुधार विस्तार तथा अन्य निर्माण कार्यहरू गरिने लक्ष्य छ।

**(ग) अपेक्षित उपलब्धि :**

१ वटा पानी टंकी, ४.५ कि.मी. ट्रंक मेन, १ वटा विल्चिङ पाउडर डोचिङ प्रणाली निर्माण सम्पन्न हुने र ३ कि.मी. वितरण प्रणाली सुधार विस्तार कार्य हुने।

**२.. खानेपानी उत्पादन बृद्धि कार्यक्रम (८७-४-४५२)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरु मिति** : आ. व. २०५३।५४ | **आयोजना सम्पन्न हुने मिति** : सालबसाली |
| **कूल लागत :** नखुल्ने | **आ.व. २०६१/६२ को बजेट** : रू १५००० हजार |
| **आयोजनाको प्रकृति :** सेवामूलक | **श्रोत :** श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

मेलम्ची आयोजना सम्पन्न नभएसम्म काठमाण्डौ उपत्यकाको खानेपानी माग आपूर्ति गर्न पानीको मात्रामा वृद्धि गर्ने उद्देश्यले यो कार्यक्रम शुरू गरिएको हो। आ.ब. २०६०/०६१ मा विभिन्न स्थानमा ट्युबवेल निर्माण गरी थप पानी उपलब्ध गराईएको छ। साथै काठमाण्डौ उपत्यका भित्रका विभिन्न स्थानमा खानेपानी प्रशोधन केन्द्र निर्माण, मनमैजुमा Conveyance Main Pumping System निर्माण तथा टिका भैरव लगायत अन्य स्थानमा सतह श्रोतको संभाव्यता अध्ययन सम्पन्न भईसकेको छ।

(ख) आ. व. ०६१।६२ को मुख्य मुख्य कार्यक्रमहरू:

केही ट्युववेल निर्माण गरी थप पानी उपलब्ध गराउने, किर्तिपुर स्थित गाम्चामा खानेपानी टैंकी निर्माण गर्ने। उपत्यका बाहिरका कुनै एउटा शहरमा एउटा नयां ट्युववेल निर्माण गर्ने, भैरहवामा ओभर हेड टैंकीको अन्तिम चरणको कार्य गर्ने तथा धरानमा थप पानीको लागि संभाव्यता अध्ययन गरी डिजाईन र लगत ईष्टिमट गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि :

दुईवटा ट्यूववेल र दुईवटा टैंकी निर्माण सम्पन्न हुने।

## ३. बृहत ढल निकास आयोजना (किर्तिपुर समेत) (८७-४-४५३)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू १ 0000 हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

यस आयोजना अन्तर्गत काठमाण्डौ उपत्यका भित्रका किर्तिपुर लगायतका शहरहरूमा ढल निकास निर्माण गरिनुका साथै कोडकु ढल प्रशोधन केन्द्र पुनर्स्थापना तथा धोविघाट ढल प्रशोधन केन्द्र पुनर्स्थापनाको लागि अध्ययन कार्य संचालन गरिएका छन्।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

राजदबार र यसको वरपर १.६७ कि.मि. र काठमाण्डौका अन्य स्थानमा ३.३३ कि.मि. ढल निकास निर्माण गर्ने साथै धोविघाट ढल प्रशोधन केन्द्र पुनर्स्थापना कार्य संचालन गरिनेछ।

(ग) अपेक्षित उपलब्धि : ४ कि.मी. ढल निर्माण कार्य सम्पन्न हुने र धोवीघाट ढल प्रशोधन केन्द्र निर्माण सम्पन्न हुने।

## ४. खानेपानी चुहावट नियन्त्रण तथा मर्मत कार्यक्रम (८७-४-४५४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू ५००० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

खानेपानी चुहावटमा कमि गर्ने उद्देश्यले संचालन भएको यस कार्यक्रमबाट चुहावट मर्मतका कार्यहरू संचालन गरिएका छन्। यसैक्रममा मुड्ढा मुड्ढा पाईप हटाउने जस्ता कार्यहरू गरिएका छन्। साथै कमलादी शाखालाई नमूना शाखाकोरूपमा विकास गर्ने कार्य शुरू गरिएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

काठमाण्डौ उपत्यका, पोखरा, हेटौडा, भरतपुर, भैरहवा तथा अन्य शहरहरूमा जमिन मुनिका नदेखिने लिकहरू पत्तालगाई मर्मत गर्ने र मुड्ढा मुड्ढा पाईपहरू निकाली ठुलो मेनहरू राखी चुहावट नियन्त्रण गर्ने कार्यक्रम रहेको छ। साथै कमलादी शाखामा "नमुना शाखा कार्यक्रम" कार्यान्वयन शुरू गरिएकोमा सो कार्य सम्पन्न गरिने छ।

(ग) अपेक्षित उपलब्धि :

१८७ मिटर मुड्ढा मुड्ढा पाईप हटाउने कार्य सम्पन्न हुने। कमलादी शाखाबाट उपभोक्ताले प्रभावकारी सेवा प्राप्त गर्ने।

## ५. खानेपानी तथा ढल निकास कार्यक्रम (८७-४-४५५)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू १५००० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

काठमाण्डौ उपत्यका भित्र र बाहिरका शहरहरूमा खानेपानीको पाईप लाईन बिस्तार तथा काठमाण्डौ र ललितपुरमा ढल विस्तार कार्यहरू संचालन हुँदै आएको छ। आ.ब. २०६०/०६१ मा यस कार्यक्रम अन्तर्गत काठमाण्डौ उपत्यकामा खानेपानी पाईप लाईन विस्तार गरिनुका साथै ढलको पाईप विछ्याउने कार्यक्रम संचालन गरिएको छ। उपत्यका बाहिरका शहरहरूमा पनि खानेपानीको पाईप लाईन विस्तार गरिएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

काठमाण्डौ उपत्यकामा ६.६७ कि.मि. खानेपानी पाईप लाईन विस्तार गर्ने, ३ कि.मि. ढलको पाईप विछ्याउने र काठमाण्डौ उपत्यका बाहिरका शहरहरूमा १३.३३ कि.मि. खानेपानीको पाईप लाईन विस्तार गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

उपत्यका भित्र र बाहिर गरी २० कि.मी. खानेपानी पाईप लाईन विस्तार हुने र उपत्यका भित्र ३ कि.मी. ढल सुधार विस्तार कार्य सम्पन्न हुने।

## ६ .नयां शहरमा प्रणाली सुधार कार्यक्रम : (८७-४-४५७)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरु मिति : आ. व. २०५६।५७ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू १५००० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

शहरी क्षेत्रहरूमा लागत उठ्ती (Cost Recovery) को आधारमा खानेपानी संचालन गर्ने नीति अनुरूप अधिराज्यका १२ वटा शहरहरू (भद्रपुर, लाहान, राजविराज, जलेश्वर, कलैया, मलंगवा, गौर, भरतपुर, तौलिहवा, कृष्णनगर, धनगढी र महेन्द्रनगर) मा खानेपानी सेवा स्तरमा वृद्धि गर्न ४ कि.मि. पाईप लाईन विस्तार र ट्युववेल निर्माण सम्बन्धी कार्यहरू गरिएका छन्। २ वटा ओभर हेड टैंक निर्माण, ८ थान पम्प खरिद र जडान तथा करिव ८.९ कि.मि. पाईप लाईन सुधार एवं विस्तार गर्ने कार्यक्रम संचालन गरिएका छन्।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

यस कार्यक्रम अन्तर्गत ट्युववेल निर्माण गर्ने, पानी जाच्ने प्रयोगशाला निर्माण गर्ने र पाईप लाईन सुधार विस्तार गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि :

२ वटा ट्यूववेल निर्माण हुने, ६ कि.मी. पाईप लाईन विस्तार हुने र १२ स्थानमा प्रयोगशाला निर्माण कार्य सम्पन्न हुने।

## ७. नगर विकास कोष (साना शहरी खानेपानी तथा सरसफाई आयोजना) (८७-४-४५९)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरु मिति : सन् २००१ जनवरी | आयोजना सम्पन्न हुने मिति : सन् २००६ जुन |
| कूल लागत : रू. ८८०००० हजार | आ.व. २०६१/६२ को बजेट : रू १३६९१३ हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :

यस अवधिमा साना शहरी खानेपानी तथा सरसफाई कार्यक्रम अर्न्तगत कोहलपुर, बन्दीपुर, लेखनाथ, पृथ्वीनारायण, कुस्मा, खैरेनीटार र सुरून्गाका ७ वटा खानेपानी उपभोक्ता संस्थासंग मूल संभौता र पर्सा, बेनी र सुनवलका ३ वटा उपभोक्ता समूहसंग ऋण संभौता सम्पन्न भएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

यस आ.व.मा बर्दिवास, कमलामाई, कावासोती, विजुवा, त्रिभुवननगर तथा तुलसीपुर आदि साना शहरहरूमा खानेपानी आपूर्ति व्यवस्थाको लागि खानेपानी उपभोक्ता संस्था र कोष बीच मूल सम्भौता गरी कार्यक्रमहरू सन्चालन गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

नगर एवं नगरोन्मुख गाउँहरूमा खानेपानी तथा सरसफाई आयोजना अन्तर्गतका खानेपानी आयोजनाहरूमा रू. १३ करोड ६९ लाख १३ हजार लगानी हुने।

८. काठमाण्डौ उपत्यकामा कम्प्यूटराईज्ड विलिङ्ग तथा लेखा प्रणाली सुधार कार्यक्रम :

(८७-४-४६०)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : २०६१ श्रावण १ गते | आयोजना सम्पन्न हुने मिति डिसेम्बर २०१० |
| कूल लागत : उल्लेख नभएको | आ.व. २०६१/६२ को बजेट : रू ४१२५० हजार |
| आयोजनाको प्रकृति : संस्थागत सुधार | श्रोत : श्री ५ को सरकार, ADB |

(क) **आ.व. २०६०/६१ सम्मको प्रगति :**

श्री ५ को सरकार र एसियाली विकास बैंक (ए.डी.बी.) बीच काठमाण्डौ उपत्यका खानेपानी क्षेत्र विकास आयोजना कार्यान्वयन गर्न ८ अप्रिल २००४ मा ऋण संझौता भएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

यस कार्यक्रम अन्तर्गत नेपाल खानेपानी संस्थान बाट विशेष गरी काठमाण्डौ उपत्यका भित्रका शाखाहरूमा कम्प्यूटराईज्ड विलिङ्ग तथा लेखा प्रणाली कार्यक्रम लागु गर्न कन्सल्टेन्सी सेवा प्राप्त गर्ने र कम्प्यूटर हार्डवेयर तथा अन्य सामान खरिद गरिनेछ।

(ग) **अपेक्षित उपलब्धि :**

नेपाल खानेपानी संस्थानको लेखा प्रणाली व्यवस्थित हुने।

## खानेपानी तथा ढल निकास विभागतर्फ

९. **वातावरणीय सरसफाइ आयोजना ( ४८-३-७०५, ४८-४-७०५)**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०५७/५८ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू ४४८५ हजार |
| आयोजनाको प्रकृति : जन चेतनामूलक | श्रोत : श्री ५ को सरकार, युनिसेफ |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

सरसफाइ सम्वन्धी ज्ञान, चेतनास्तर तथा सुविधाको भौतिक अवस्था बारे सूचना संकलन तथा अध्ययन गरी जनचेतना अभिवृद्धि गर्ने सामाग्री तयारी, उत्पादन र वितरण गरिएको छ। यसैगरी सरोकारवाला संस्थाहरू समेतको संलग्नतामा सरसफाइ प्रवर्धन सम्वन्धी उपयुक्त संरचना निर्माण कार्यहरू संचालन भइरहेका छन्। साथै गैर सरकारी संघ संस्था र सरोकारवाला संस्थाहरूको संयुक्त प्रयासमा अधिराज्यभर थप १० हजार घरायसी शौचालय निर्माण भएका छन्।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

छैठौं राष्ट्रिय सरसफाइ सप्ताह अभियान संचालन गर्ने, अधिराज्यमा थप २० हजार शौचालय निर्माण गर्ने र आधारभूत सरसफाइ सम्वन्धी अभिमुखिकरण, विद्यालय सरसफाइ सम्वन्धी गोष्ठी तथा विविध शैक्षिक सामाग्रीहरूको विकास, उत्पादन तथा वितरण कार्यहरू गरिनेछन्।

(ग) **अपेक्षित उपलब्धि :**

आधारभूत सरसफाई सम्बन्धी तालिम १, कम्प्यूटर सम्बन्धी तालिम १ र विद्यालय सरसफाई सम्बन्धी एउटा गोष्ठी सम्पन्न हुने। ईकोसान (Ecosan) सम्बन्धी एउटा अध्ययन सम्पन्न भई प्रतिवेदन प्राप्त हुने।

१०. **राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना (४८-३-७०६, ४८-४-७०६)**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०५९/६० | आयोजना सम्पन्न हुने मिति : २०६४/६५ |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू ६००० हजार |
| आयोजनाको प्रकृति : संस्थागत सुधार | श्रोत : श्री ५ को सरकार, यूनिसेफ |

(क) **आ.व. २०६०/६१ सम्मको प्रगति :**

विभिन्न जिल्लाहरूबाट खानेपानी तथा सरसफाइ सम्बन्धी सूचनाहरू संकलन गर्ने कार्य भइरहेको छ। जिल्ला पार्श्वचित्र अद्यावधिक गर्न चितवन र पर्सामा सूचना संकलन भएको छ। पाँचथर र तनहुँमा सूचना संकलन सम्बन्धी गोष्ठी र तालिम संचालन गरिएका छन्।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

यस कार्यक्रम अन्तर्गत २ जिल्लमा सूचना प्रवाह गर्न गोष्ठी, तालीम संचालन गर्ने, सूचना संकलन गर्ने, केन्द्रमा MIS / GIS सम्बन्धी तालीम दिने, विभागमा खानेपानी तथा सरसफाइ क्षेत्र सम्वन्धि स्रोत केन्द्र (Resource Center) स्थापना गर्ने, मन्त्रालयको योजना महाशाखाको सुदृढीकरण गर्ने र डिजाइन मूल्याङ्न तथा प्रगाति अनुगमन कार्यहरू गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि :

सूचना व्यवस्थापन सम्बन्धी २ वटा तालिम सम्पन्न हुने, १० वटा जिल्ला पार्श्व चित्र अद्यावधिक हुने र ४ वटा आयोजनाको डिजाईन मूल्यांकन सम्पन्न हुने ।

## ११. अन्य मर्मत सुधार आयोजनाहरू (४८-३-७०७,४८-४-७०७)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : नखुल्ने | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू ३,००,०० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

खानेपानी तथा ढल निकास विभागबाट सम्पन्न भई हस्तान्तरण हुन बाँकी सबै आयोजना सन २०१० सम्म सम्बन्धित उपभोक्ता समितिलाई हस्तान्तरण गरी सक्ने भनी एसियाली विकास बैंकसंग गरिएको प्रतिवध्दता अनुरूप हस्तान्तरण हुन बाँकी आयोजनाहरूको आवश्यकता अनुसार मर्मत, सुधार, नविकरण तथा हस्तान्तरणको लागि यस आयोजना नियमित रूपमा संचालन भइरहेको छ। हस्तान्तरण गर्न बाँकी यस्ता आयोजनाहरूको संख्या अझै करिव ४३० वटा रहेको छ। यस आयोजना अन्तर्गत २०६०।६१ मा ९४ वटा आयोजनाहरूको मर्मत सुधार गरिएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

बाढी, पहिरो आदि दैवी प्रकोपबाट क्षतिग्रस्त आयोजनाहरूको मर्मत सुधार गर्ने तथा केही आयोजनाहरूको मर्मत सुधार नवीकरण गरी उपभोक्ता समितिलाई हस्तान्तरण गर्ने लक्ष राखिएको छ।

(ग) अपेक्षित उपलब्धि :

१०० वटा आयोजनाहरूको मर्मत सुधार हुने र ४० वटा आयोजना हस्तान्तरण हुने ।

## १२ डीप टयुबवेल तथा मिटरिङ आयोजना (मर्मत सुधार) ( ४८-३-७०८,४८-४-७०८)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : नखुल्ने | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कुल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट :रू ३९९० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आयोजनाको ०६०।६१ को प्रगति

यस आयोजना अन्तर्गत तोपगाछी र गौरादहमा १/१ वटा डीप टयुबवेल निर्माण सम्पन्न भएको छ, । गुलरिया खानेपानी आयोजनाको डीप टयुबवेल निर्माण कार्य शुरू गरिएको छ। यसैगरी विभिन्न आयोजनामा पानी मिटर जडान गर्ने, पम्प जडान गर्ने, पाईप लाईन र पावर लाईन जडान गर्ने कार्य सम्पन्न गरिएका छन् ।

(ख) आ. व. ०६१।६२ को मुख्य मुख्य कार्यक्रमहरू

विभिन्न ४ खानेपानी आयोजनाहरूमा पम्प पुनस्थापन गर्ने र १०० वटा निजी धारामा पानी मिटर जडान गर्न उपभोक्ता समितिलाई मिटर उपलब्ध गराउने लक्ष राखिएको छ। साथै गुलरिया मा सुरू गरिएको डीप टयुबवेल निर्माण कार्य सम्पन्न गर्ने, तोपगाछीको थप एक स्किम र धुलाबारी खानेपानी आयोजनाको डीप टयुबवेल निर्माण गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

१०० थान पानी मिटर र ४ सेट पम्प जडान हुने, ३ थान डिप ट्युबवेल निर्माण हुने ।

## १३. जनसाधन विकास आयोजना(४८-३-७०९,४८-४-७०९)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : नखुल्ने | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू ८३८५ हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार, यूनिसेफ |

(क) आ.व. २०६०/६१ को प्रगति :

आयोजनासंग प्रत्यक्ष सम्वन्धित उपभोक्ता समिति, प्राविधिक तथा अन्य कर्मचारीहरूको सीप एवं दक्षताको विकास र आयोजना व्यवस्थापन तथा नियमित मर्मत संभारमा संलग्न उपभोक्ता तथा विभिन्न तहका कामदारहरूको ज्ञान र सीप अभिबृद्धि गर्ने ६ वटा कार्यक्रमहरूवाट ९३ जनालाई तालिम प्रदान गरिएका छन् ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

ईन्जिनीयर तथा ओभरसियरहरूको लागी प्रोजेक्ट डिजाईन, ओभरहेड टंकी डिजाईन र महिला कार्यकर्ताहरूको लागी सरसफाई सम्वन्धी तालिमसमेत संचालन गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि : विभिन्न विषयमा ११ वटा तालिम सम्पन्न हुने ।

## १४. खानेपानी गुणस्तर सुधार आयोजना (४८-३-७१०,४८-४-७१०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०५३।५४ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू ३३१४० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार,यूनिसेफ |

(क) आ.ब. २०६०/६१ को प्रगति :

वितरित खानेपानीको गुणस्तर परीक्षण गरी आर्सेनिक प्रदुषणको कारणवाट जनस्वास्थ्यमा पर्न सक्ने असरको न्यूनिकरण गर्न विभिन्न कार्य भएका छन् । यसै सन्दर्भमा ४ वटा आयोजनामा पानी प्रशोधन केन्द्र निर्माण गरी संचालनमा ल्याइसकिएको छ। अन्य ६ स्थानमा पानी प्रशोधन केन्द निर्माण सुरू गरिएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

निर्माण शुरू भैसकेका पानी प्रशोधन केन्द्रहरूको निर्माण कार्यलाई निरन्तरता दिइनेछ।यसैगरी तराइका जिल्लाहरूमा भूमिगत पानीमा देखिएको आर्सेनिक प्रदुषण कम गर्ने प्रविधिको विकास र विस्तार गरी सर्वसाधारणसम्म पु-याईने छ। साथै प्रदुषणको सम्भावना रहेका बाँकी क्षेत्रहरूमा पनि आर्सेनिक परिक्षण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

(ग) अपेक्षित उपलब्धि :

पिठुवा र प्रगतिनगरमा निर्माणाधिन पानी प्रशोधन प्रणाली सम्पन्न हुने । विभागमा एउटा प्रयोगशाला भवन निर्माण सुरू हुने ।

## १५ साना शहरी खानेपानी तथा सरसफाइ आयोजना (४८-३-७१६,४८-४-७१६)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०५७।५८ | आयोजना सम्पन्न हुने मिति : २०६३।६४ |
| कूल लागत : ५३८६९ हजार अमेरिकी डलर | आ.ब. २०६१/६२ को बजेट : रू ३८,७१,८४ हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार ADB |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :

उच्च दरमा जनसंख्या बृद्धि भैरहेका शहरी तथा अर्धशहरी क्षेत्रका जनतालाई स्वच्छ खानेपानी तथा स्तरीय सरसफाइ सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको यस आयोजना अन्तर्गत आ.व. २०६०।६१ सम्म विभिन्न जिल्लामा २३ वटा नगर आयोजनाहरूको शुरूवात गरिसकिएको छ । यी मध्य पर्सा, रत्ननगर, बन्दीपुर र वीरेन्द्रगनर नगर आयोजनाहरूको निर्माण कार्य शुरू भइसकेको छ भने बाँकी नगर आयोजनाहरू सम्झौता/ठेक्का पट्टाको प्रकृयामा रहेका छन ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

प्रथम चरणका ८ वटा र दोश्रो चरणका १५ वटा नगर आयोजनाहरूको बाँकी प्रकृया पुरा गरी निर्माण सुचारू गरिनुका साथै विभिन्न जिल्लामा थप १० नगर आयोजनाहरूको प्रारम्भिक चरणका कार्यहरू शुरू गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि :

पर्सा साना सहरी खानेपानी तथा सरसफाइ आयोजना सम्पन्न भई उपभोक्ता समितिलाई हस्तान्तरण हुने, १६ वटा आयोजना आंशिकरूपमा सम्पन्न हुने ।

१६. वर्षातको पानी संकलन आयोजना (४८-३-७१७,४८-४-७१७)

आयोजनाको संक्षिप्त विवरण

आयोजना सुरु मिति : आ.व. ०५६/५७
आयोजना सम्पन्न हुने मिति : सालबसाली
कूल लागत : नखुल्ने
आ.व. २०६१/६२ को बजेट : रू १००० हजार
आयोजनाको प्रकृति : सेवामूलक
श्रोत : श्री ५ को सरकार

(क) आ.व. २०६०/६१ को प्रगति :

यस आयोजना अन्तर्गत वर्षातको पानी संकलन सम्बन्धी डिजाईन, म्यानुयल र कार्यान्वयन निर्देशिका तयार गर्ने, विस्तृत डिजाईन रिपोर्ट तयार गर्ने र IEC सामाग्रीको उत्पादन र प्रचार प्रसार एवं वितरण गर्ने कार्य भएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

वर्षातको पानी संकलन तथा वितरण सम्बन्धी नीति तर्जुमा गर्ने र सोही नीतिका आधारमा यस कार्यक्रमलाई विस्तार गर्ने लक्ष राखिएको छ। साथै विभिन्न जिल्लामा वर्षातको पानी संकलन तथा वितरण प्रणाली निर्माण गरिने छ ।

(ग) अपेक्षित उपलब्धि : वर्षातको पानी संकलन तथा उपयुक्त प्रविधि सम्बन्धी राष्ट्रिय नीति तथा निर्देशिका तयार हुने।

१७. मानगढ खानेपानी आयोजना, मोरङ (४८-३-७१९,४८-४-७१९)

आयोजनाको संक्षिप्त विवरण

आयोजना सुरु मिति : आ. व. २०५६।५७
आयोजना सम्पन्न हुने मिति : २०६१/६२
कूल लागत : रू. ३,३८,३७ हजार
आ.व. २०६१/६२ को बजेट : रू १०००० हजार
आयोजनाको प्रकृति : सेवामूलक
श्रोत : श्री ५ को सरकार, जनसहभागिता

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :

विराटनगर उप महानगरपालिकाका वडा नं. १,४, र ५ तथा टंकी सिनुवारी गा.वि.स.को वडा नं. ३ का जनतालाई खानेपानी तथा सरसफाइ सुविधा उपलब्ध गराउने उद्देश्यवाट संचालित यस आयोजनको करीव ६२ प्रतिशत निर्माण कार्य सम्पन्न भईसकेको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

२ वटा डिप टयूववेल निर्माण, १वटा पानी पोखरी निर्माण, पानी प्रशोधन उपकरण खरीद, पाईप खरीद,२३ कि.मी. पाईप लाईन निर्माण गरी चालु आ. व. मा सम्पन्न गरिने छ।

(ग) अपेक्षित उपलब्धि :

आयोजना सम्पन्न भई करिव ११ हजार जनता लाभान्वित हुने।

१८. ढल निर्माण आयोजना (४८-३-७२०,४८-४-७२०)

आयोजनाको संक्षिप्त विवरण

आयोजना सुरु मिति : आ. व. २०५७।५८
आयोजना सम्पन्न हुने मिति : सालबसाली
कूल लागत : नखुल्ने
आ.व. २०६१/६२ को बजेट : रू ९८३६ हजार
आयोजनाको प्रकृति : निर्माणमूलक
श्रोत : श्री ५ को सरकार, जनसहभागिता

(क) आ.व. २०६०/६१ को प्रगति :

यस आयोजना अन्तर्गत शहरी क्षेत्रका अतिरिक्त अन्य क्षेत्रहरूमा समेत ढल निर्माण कार्य विस्तार गरिएको छ। ढल निर्माण कार्यलाई वर्षाते ढलमा मात्र सिमित नराखी उपयुक्त प्रशोधन केन्द्र सहितको ढल प्रणाली तथा फोहर पानी व्यवस्थापन प्रणालीको कार्यहरू समेत शुरू गरिएको छ।

आ.व. २०६०।६१ मा इलाम बजार, हनुमाननगर, गोरखा बजार, भण्डारा बजार, सालभण्डी, आदर्शनगर, खजुरा, शितल बजार, सेर्तुंह, मौवाही र पाटन दरबार क्षेत्रमा वर्षाते ढल र ठिमी, थैव र मिचैंयामा प्रशोधन केन्द्र सहितको फोहर मैला ढल निर्माण कार्यहरू भएकोमा सेर्तुंह र मौवाहीमा आ.व. २०६०।६१ मा शुरू भएको सतह ढल निर्माण कार्य सम्पन्न भएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

गोरखा बजार, हनुमाननगर ढल निर्माण कार्य सम्पन्न गर्ने र खजुरा, ठिमी, थैव लगायत अन्य ८ वटा ढल निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

(ग) अपेक्षित उपलब्धि :

हनुमान नगर र गोरखामा २ वटा ढल निर्माण आयोजना सम्पन्न हुने ।

१९. सामुदायिक खानेपानी तथा सरसफाइ आयोजना (४८-३-७२२,४८-४-७२२)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. २०६०।६१ | आयोजना सम्पन्न हुने मिति : २०६६।६७ |
| कूल लागत : ३५७०० हजार अमेरिकी डलर | आ.व. २०६१/६२ को बजेट : रू ११९८२५ हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार, जनसहभागिता, ADB |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :

पश्चिमान्चलका २, मध्य पश्चिमान्चलका १२ र सुदूर पश्चिमान्चलका ७ गरी २१ जिल्लाका दुर्गम तथा ग्रामीण क्षेत्रमा स्वच्छ खानेपानी तथा सरसफाइ सुविधा विस्तार गर्ने उद्देश्यले संचालित यस आयोजना अन्तर्गत बैतडी, डडेलधुरा, प्यूठान र कपिलवस्तु जिल्लाहरूमा समुदायको अभिमुखीकरण तथा क्षमता अभिवृध्दी कार्यक्रम शुरूवात गरिएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

खानेपानी तथा सरसफाइ आंयोजनाको लागि परामर्शदाता नियूक्ती गर्ने, जिल्ला खानेपानी पार्श्वचित्र अद्यावधिक गर्ने ,सार्वजनिक निर्माण, तालीम र उपकरण खरीद कार्यहरू गरिनेछन् । थप ४ जिल्लाहरू: रूकुम, रोल्पा, बझाङ र डोटीमा समेत प्रारम्भिक चरणका कार्यहरू शुरू गरिनेछन् ।

(ग) अपेक्षित उपलब्धि :

केन्द्र र जिल्लास्तरका ८ वटा जिल्ला खानेपानी तथा सरसफाइ सहयोग इकाई मार्फत विभिन्न सरोकारवाला समूहलाई अभिमूखिकरण तथा सरसफाई विषयमा २३२ वटा तालिम सम्पन्न हुने ।

२०. ग्रामीण खानेपानी आयोजना (पश्चिमान्चल) (४८-३-८०२,४८-४-८०२)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : *आ. व.* २०५७।५८ | आयोजना सम्पन्न हुने मिति : २०६३।६४ |
| कूल लागत : रू २११२०० हजार | आ.व. २०६१/६२ को बजेट : रू ४६५७० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार, हेल्भिटास |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति : पश्चिमाञ्चल, मध्य पश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलका कास्की, स्याङ्जा, तनहुँ, दैलेख, अछाम र डोटी जिल्लाहरूमा जलस्रोत गूरूयोजना तयारी, खानेपानी आयोजनाहरू निर्माण, तालिम कार्यक्रम र शौचालय निर्माण कार्य संचालन गरिएका छन् ।

(ख) आ. व. ०६१।६२ को मुख्य मुख्य कार्यक्रमहरू : विभिन्न गा.वि.स. मा ५८ वटा क्रमागत र १५ वटा नयाँ खानेपानी आयोजनाहरू निर्माण गर्नुका साथै ३ हजार घरायसी शौचालय निर्माण गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :

७ वटा गुरूयोजना तयारी सम्पन्न हुने, १५ वटा क्रमागत खानेपानी आयोजना सम्पन्न हुने, ३ हजार वटा चर्पी निर्माण हुने ।

२१. खानेपानी आयोजनाहरू (४८-३-८०४,४८-४-८०४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : नखुल्ने | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. २०६१/६२ को बजेट : रू. ५५९४६० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार, जनसहभागिता |

(क) आ.व. २०६०/६१ को प्रगति :

अधिराज्यका ७५ वटै जिल्लामा श्री ५ को सरकारको आन्तरिक स्रोत परिचालन गरी खानेपानी आयोजनाको तयारी, डिजाइन, निर्माण तथा मर्मत संभार एवं संचालनमा उपभोक्ता समुदायको सहभागिता जुटाई क्रमागत रूपमा खानेपानी तथा सरसफाइ आयोजनाहरूको निर्माण तथा संचालन हुँदै आइरहेको छ । संचालनमा रहेका यी आयोजनाहरूको नियमित अनुगमन, उपलब्धि मूल्याङ्कन लगायत खानेपानी तथा सरसफाइ सम्बन्धी स्थानीय आवश्यकता अनुसारको जनशक्ति विकास तथा अन्य निकायवाट माग भई आउने प्राविधिक सेवा पनि यसै आयोजनावाट प्रदान गरिँदै आएको छ । यस कार्यक्रम अन्तर्गत आ.व. २०६०।६१ मा १ हजार ९७ खानेपानी तथा सरसफाइ आयोजनाहरूमा निर्माण कार्य संचालन

गरिएकोमा ४२ वटा आयोजनाहरूको निर्माण कार्य सम्पन्न गरी उपभोक्ता समितिलाई हस्तान्तरण गरिएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

क्रमागत आयोजना सम्पन्न गर्ने, सम्पन्न आयोजनाहरू मर्मत सुधार गर्ने जस्ता कार्यलाई निरन्तरता दिइनेछ ।

(ग) अपेक्षित उपलब्धि :

४२ वटा क्रमागत आयोजना सम्पन्न हुने । पूर्ण सम्पन्न हुने तथा आंशिक रूपमा सम्पन्न हुने अन्य आयोजनाहरू समेतवाट करिब १ लाख ४२ हजार थप जनसंख्यालाई खानेपानी सुविधा उपलब्ध हुने ।

**अन्य आयोजनाहरू**

## २२. बागमती क्षेत्र ढल निर्माण आयोजना (४८-३-७११,४८-४-७११)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०५२।५३ | आयोजना सम्पन्न हुने मिति : ०६३ आषाढ (थप भै आए वमोजिम) |
| कूल लागत : रू ४६०९३७६ हजार | आ.व. २०६१/६२ को बजेट : रू १७५०० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :

प्रथम तथा दोश्रो चरण अन्तरगत गोकर्ण गुह्येश्वरी खण्डको वागमती नदीको वहाव क्षेत्र निर्धारण गरी नदी तटबन्ध गर्ने , मुख्य ढल लाइन निर्माण गर्ने , हरित क्षेत्र निर्माण गर्ने, ढल प्रशोधन केन्द्र निर्माण गरी प्रशोधन कार्य शुरू गर्ने, ताम्रगंगा तिलगंगा खण्डमा ५७२ मिटर लामो सुरूङ्ग बनाउने कार्यहरू सम्पन्न हुने स्थितिमा छन् । यस क्रममा मुख्य र सहायक गरी करीव १५ कि.मी. ढल निर्माण,५७२ मिटर टनेल निर्माण, गुह्येश्वरी फांटमा करीव १०० रोपनी क्षेत्रफलमा १६.४२ एम.एल.डि को प्रशोधन केन्द्र निर्माण,१२.५ कि.मी. नदी तटबन्ध, ग्रयाभेल सडक तथा ग्रीनवेल्ट निर्माण, ढल प्रशोधन केन्द्र परीसर भित्र १०।१० लिटर प्रति सेकेण्ड क्षमताको २ वटा डिप वोरिङ्गको माध्यमबाट पशुपती-गुह्येश्वरी घाट क्षेत्रमा पानी वितरण गर्ने प्रणाली निर्माण आदि प्रमुख कामहरू सम्पन्न भएका हुन् ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

गुह्येश्वरी ढल प्रशोधन केन्द्रको संचालन संभार ,प्रथम तथा दोश्रो चरण अन्तरगत निर्माण सम्पन्न भएका संरचनाहरूको ( सडक, ढल, प्रशोधन केन्द्र सुरूङ्ग आदी) नियमित मर्मत संभार ,अनुसन्धानमूलक कार्यक्रम संचालन ,गोकर्ण क्षेत्रको ढल प्रशोधन केन्द्रको निर्माण जस्ता कार्यक्रमहरू रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

गोकर्ण क्षेत्रको अधूरो ढल प्रशोधन केन्द निर्माण कार्य सम्पन्न हुने ।

## २३. ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति (४८-३-७१२,४८-४-७१२)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०५४।५५ | आयोजना सम्पन्न हुने मिति : आ.व.०६०/६१ (प्रथम चरण)<br>आ.व.०६५/६६ (दोश्रो चरण) |
| कुल लागत : रू १४०००२२ हजार (प्रथम चरण)<br>रू २६२००४० हजार (दोश्रो चरण) | |
| आयोजनाको प्रकृति : सेवामूलक | आ.व. २०६१/६२ को बजेट : रू ४८६७७७ हजार<br>श्रोत : श्री ५ को सरकार, जनसहभागिता, IDA, DFID |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :

हालसम्म चौथो समुहमा ११३ वटा गैरसरकारी संस्थाहरूको सहयोगमा ३०६ वटा ग्रामीण खानेपानी तथा सरसफाई आयोजनाहरूको निर्माण कार्य (कार्यान्वयन चरण) पुर्ण रूपमा सम्पन्न भई सकेको छ भने बांकी ६६ वटा आयोजनाहरूको निर्माण कार्य सन्चालन भईरहेको छ ।

पांचौं समुहमा हालसम्म ६ वटा सहयोगी संस्थाको माध्यमबाट २८५ वटा ग्रामीण खानेपानी आयोजनाहरूको विकास चरणको कार्य प्रारम्भ गर्न सम्भौता सम्पन्न भईसकेको छ। साथै मध्य र सूदुर पश्चिमाञ्चलका २३ वटा नयां सहयोगी संस्था छनौट गरी ६९ वटा ग्रामीण खानेपानी आयोजनाको पुर्व संभाव्यता अध्ययन प्रतिवेदन माग गरि सकिएको छ ।बाढी पैह्रोका कारण क्षतिग्रस्त भएका ३७ वटा आयोजनाहरूको पुननिर्माण तथा पुनर्स्थापना कार्य सम्पन्न गरिएको छ । यस अवधिमा सहयोगी संस्था तथा सेवामुलक निकायहरूका ७२६ जना सहभागीहरूलाई विविध विषयको तालीम उपलब्ध गराईएको छ ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

पांचौं समुहका ३६० वटा आयोजनाहरूको निर्माणपूर्वका सामुदायिक तयारी कार्य सम्पन्न गरी छैठौं समुहका ३६०

आयोजनाहरूको प्रथम भागको कार्य सकिने छ। चौथो समुहका ४८ वटा आयोजनाहरूको निर्माण सम्पन्न हुने छ। पांचौं समुहका ३६० मध्ये ८६ आयोजनाहरूको कार्यान्वयन चरण सम्पन्न हुने र २७४ आयोजनाहरूको प्रथम भाग को निर्माण कार्य सम्पन्न हुनेछ। यस अवधिमा ३५ वटा कोर्षको माध्यमबाट सहयोगी संस्था तथा सेवामुलक निकायका कर्मचारीहरूलाई आयोजना संचालन, अनुगमन तथा मर्मत संभार सम्बन्धि तालीम उपलब्ध गराईने छ।

(ग) अपेक्षित उपलब्धि :

पांचौं समुहका ३६० वटा आयोजनाहरूको विकास चरणको कार्य सम्पन्न हुनेछ। विकास चरण सम्पन्न भएका मध्ये ६ आयोजनाहरूको कार्यान्वयन चरण समेत सम्पन्न भई २७४ आयोजनाहरूको ७० प्रतिशत कार्य सम्पन्न हुनेछ। यसबाट करीब १९०० जनसंख्या लाभान्वित हुनेछन्। यसै गरी छैठौं समुहमा संचालन हुने विकास चरणका ३६० आयोजनाहरूबाट २१६००० जनसंख्या लाभान्वित हुनेछन्।

यस अवधिमा ३५ वटा विभिन्न कोर्षबाट २२४ सहयोगी संस्थाका कर्मचारीहरू तथा सेवामुलक निकायहरूका प्रतिनिधिहरूले विविध विषयका आयोजना संचालन मर्मत संभार, अनुगमन मुल्याकंन सम्बन्धि तालीम प्राप्त गर्नेछन्।

## २४. मेलम्ची खानेपानी आयोजना (४८-३-७१८,४८-४-७१८)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरु मिति : आ.व. ०५८ /०५९ | आयोजना सम्पन्न हुने मिति : आ.व. ०६५ /०६६ |
| कूल लागत : रू ३५४१५२२४ हजार (संशोधित) | आ.व. २०६१/६२ को बजेट : रू १०१५००० हजार |
| आयोजनाको प्रकृति : सेवामूलक | श्रोत : श्री ५ को सरकार,ADB,OPEC,JBIC,NORAD |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति :

काठमाडौं उपत्यकाको बढ्दो खानेपानीको माग र वितरण क्षमतामा भइरहेको असन्तुलन र त्यसबाट काठमाडौं बासीले भोग्नुपरेको दैनिक समस्याको स्थायी समाधानको निमित्त उच्च प्राथमिकता दिई यो आयोजना सञ्चालन भइरहेको छ। यस आयोजना अन्तर्गत मुल प्रवेश मार्गमा पर्ने ९ वटा पुलहरु मध्ये ८ वटा,मेलम्ची - तालामाराङ खण्डको संरचनाहरुको ७०% निर्माण कार्य र ग्याल्थुम - चनौटे खण्डको ६०० मिटर मध्ये ४५० मिटर चट्टान फोर्ने कार्य सम्पन्न भएको छ।

एडिट प्रवेश मार्ग निर्माण गर्ने ठेकेदार Hanil Koneco ले तोकिएको कार्य समयमा सम्पन्न गर्न नसकेकोले धरौटी जफत गरी ठेक्का तोडिएको र उक्त कार्य गर्न ठेकेदारबाट पुन बोलपत्र आव्हान गरिएको छ।

अन्तर्राष्ट्रिय ठेक्का अन्तर्गत मुल प्रवेश मार्ग स्तर सुधार कार्यको टेण्डर मुल्यांकन प्रतिवेदन प्राप्त भएको, बिद्युत प्रशारण लाईन (33 KV/PTL) निर्माणको प्राविधिक तथा आर्थिक प्रस्तावहरु मध्ये प्राविधिक प्रस्तावको मूल्याङ्कन कार्य सम्पन्न भएको र काठमाण्डौ उपत्यका खानेपानी तथा सरसफाई व्यवस्थापन सहयोग समिति को कार्यान्वयन समिति गठन भएको छ।

प्रवेश मार्गमा पर्ने ५२६ कित्तामध्ये ४५२ कित्ताको मुआव्जा भुक्तानी भएको, एडिट प्रवेश मार्गमा पर्ने ८१२ कित्तामध्ये ७३६ कित्ताको र थोक वितरण प्रणाली अन्तर्गत पानीपोखरीको लागि आवश्यक पर्ने ३२९ कित्तामध्ये २२८ कित्ताको मुआव्जा भुक्तानी भएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

एडिट प्रवेश मार्ग र मुल प्रवेश मार्गको स्तर सुधार, एडिट प्रवेश मार्ग निर्माण, ३३ के.भी. बिद्युत प्रशारण लाईन निर्माण, सामाजिक तथा वातावरणीय अध्ययन एवं सामाजिक उत्थान तालिम, स्मार्ट ब्रान्डको ३००० वटा र साधारण ब्रान्डको १० हजार वटा मीटर खरीद जस्ता कार्यक्रम रहेको छ।

(ग) अपेक्षित उपलब्धि :

मूल प्रवेश मार्ग (मेलम्ची पुल बजार-टिम्बू खण्ड) सम्पन्न हुने, लामी डांडा-मेलम्ची पुल बजार र जोरपाटी सुन्दरीजल खण्डको मर्मत सुधार सम्पन्न हुने र एडिट एक्सेस रोडको करिब ४० प्रतिशत कार्य सम्पन्न हुने।

## २५. काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन तयारी समिति (४८-३-७२३,४८-४-७२३)

अ) काठमाण्डौ उपत्यका खानेपानी व्यवस्थापन तयारी आयोजना :

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरु मिति : २०५९/११/१३ | आयोजना सम्पन्न हुने मिति : २०६१/११/१४ |
| कूल लागत : ११५५०० हजार | आ.व. २०६१/६२ को बजेट : २८५०० हजार |
| आयोजनाको प्रकृति : संस्थागत सुधार | श्रोत : श्री ५ को सरकार,ADB |

(क) आ.व. २०६०/६१ को प्रगति :

काठमाण्डौ उपत्यकाको खानेपानी व्यवस्थापकको नियुक्तिको सिलसिलामा संभावित व्यवस्थापकहरूको Shortlisting गरि निजहरूबाट Request for Proposal माग गर्न अन्तिम तयारी। संस्थागत सुधार अन्तर्गत गठन हुने नयां निकायहरूको स्थापनाको लागि आवश्यक नितिगत तथा कानूनी व्यवस्थाको मस्यौदा तयारी अन्तिम चरणमा पुगेको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

काठमाण्डौ उपत्यका खानेपानी तथा ढल निकास सेवा व्यवस्थापनको कार्य संन्चालनमा आधारित व्यवस्थापक करारमा नियुक्ति गर्ने तथा संस्थागत सुधारका पूर्वाधारहरू तयार गर्ने कार्यहरू रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

काठमाडौ. उपत्यकामा खानेपानी व्यवस्थापन करारबाट हुने।

(आ) काठमाडौं उपत्यका खानेपानी क्षेत्र विकास कार्यक्रम

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०६१/१२/२६ | आयोजना सम्पन्न हुने मिति २०६७/०३/१६ |
| कूल लागत : रू. १२५२५०० हजार | आ.व. २०६१/६२ को बजेट: रू. २१,२०,०० हजार |
| आयोजनाको प्रकृति : संस्थागत सुधार | श्रोत : श्री ५ को सरकार,ADB |

(क) आ.व. २०६०/६१ सम्मको प्रगति : :

सम्झौता भएको ऋण प्रभावकारी हुन बाँकी।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

काठमाण्डौ उपत्यका खानेपानी तथा ढल निकास क्षेत्रमा सुधार को लागि नेपाल खानेपानी संस्थानको पुनः संरचना गर्ने, नयां संस्थाहरू (WA, NWSRB & WUO) को स्थापनाको लागि Support तथा थप आवश्यक पर्ने परामर्श कार्य र काठमाण्डौ उपत्यकाको खानेपानी तथा ढल निकास व्यवस्थापन करारमा संचालन गरिने कार्यक्रम रहेको छ ।

(ग) अपेक्षित उपलब्धि :

नेपाल खानेपानी संस्थानको पुनः संरचना हुने।

| क्र.सं | ब.शि.नं | आयोजना/कार्यक्रम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | स्रोत श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नेपाल खानेपानी संस्थान | | | | | | | | | |
| १ | ८७-४-४५० | शहरी क्षेत्र खानेपानी तथा सरसफाई पुनर्स्थापन आयोजना | २९७४८४ | २१०००० | ० | २१०००० | २०००० | १९०००० JICA | ० | P1 | ०२ |
| २ | ८७-४-४५२ | खानेपानी उत्पादन बृद्धि कार्यक्रम | १४६२५ | १५००० | ० | १५००० | १५००० | ० | ० | P2 | ०२ |
| ३ | ८७-४-४५३ | बृहत ढल निकास आयोजना | ४९१४ | १०००० | ० | १०००० | १०००० | ० | ० | P2 | ०२ |
| ४ | ८७-४-४५४ | खानेपानी चुहावट नियन्त्रण तथा मर्मत कार्यक्रम | ४९३१ | ५००० | ० | ५००० | ५००० | ० | ० | P2 | ०२ |
| ५ | ८७-४-४५५ | खानेपानी तथा ढल निकास कार्यक्रम | १५००० | १५००० | ० | १५००० | १५००० | ० | ० | P2 | ०२ |
| ६ | ८७-४-४५७ | नयां शहरमा प्रणाली सुधार कार्यक्रम | १४३४६ | १५००० | ० | १५००० | १५००० | ० | ० | P2 | ०२ |
| ७ | ८७-४-४५९ | नगर विकास कोष समिति ( खानेपानी क्षेत्र) | ० | १३६९१३ | ० | १३६९१३ | १३६९१३ | ० | ० | P1 | ०२ |
| ८ | ८७-४-४६० | काठमाडौं उपत्यकामा खानेपानीको कम्प्यूटराईज्ड विलिङ.तथा लेखाप्रणली सुधार | ० | ४१२५० | ० | ४१२५० | ३७५० | ० | ३७५०० ADB | P1 | ०२ |
| | | खानेपानी तथा ढल निकास विभाग | | | | | | | | | |
| ९ | ४८-३-७०५,४८-४-७०५ | वातावरणीय सरसफाई आयोजना | २७९२ | ४४८५ | ४९० | ३९९५ | ९८५ | ३५०० UNICEF | ० | P1 | ०२ |
| १० | ४८-३-७०६,४८-४-७०६ | राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजना | १६१८ | ६००० | ५६७५ | ३२५ | ५००० | १००० UNICEF | ० | P1 | ०४ |

| क्र.सं | ब.शि.नं | आयोजना/कार्यक्रम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | | अनुदान | ऋण | | |
| ११ | ४८-३-७०७,४८-४-७०७ | अन्य मर्मत सुधार आयोजनाहरू | १०००० | ३०००० | ० | ३०००० | ३०००० | ० | ० | P1 | ०२ |
| १२ | ४८-३-७०८,४८-४-७०८ | डीप ट्युबवेल तथा मिटरिङ आयोजना (मर्मत सुधार) | ३९२६ | ३९९० | ३९० | ३६०० | ३९९० | ० | ० | P1 | ०२ |
| १३ | ४८-३-७०९,४८-४-७०९ | जनसाधन विकास आयोजना | ५३१७ | ८३८५ | ७८३५ | ५५० | ४३८५ | ४००० UNICEF | ० | P1 | ०४ |
| १४ | ४८-३-७१०,४८-४-७१० | खानेपानी गुणस्तर सुधार आयोजना | १८४७६ | ३३१४० | ११९५ | ३१९४५ | १९९४० | १३२०० UNICEF | ० | P1 | ०२ |
| १५ | ४८-३-७१६,४८-४-७१६ | साना शहरी खानेपानी तथा सरसफाई आयोजना | १६२३७० | ३८७१८४ | ४८०८४ | ३३९१०० | १०९२५७ | ० | २७७९२७ ADB | P1 | ०२ |
| १६ | ४८-३-७१७,४८-४-७१७ | वर्षातको पानी संकलन आयोजना | ३९३१ | १००० | २१५ | ७८५ | १००० | ० | ० | P2 | ०२ |
| १७ | ४८-३-७१९,४८-४-७१९ | मानगढ खानेपानी योजना, मोरङ | ५००० | १००००१५ | ० | ९८५० | १०००० | ० | ० | P2 | ०२ |
| १८ | ४८-३-७२०,४८-४-७२० | ढल निर्माण आयोजना | १०००० | ९८३६ | ११५६ | ८६८० | ९८३६ | ० | ० | P2 | ०२ |
| १९ | ४८-३-७२२,४८-४-७२२ | सामुदायिक खानेपानी तथा सरसफाई आयोजना | ४८७५ | १११८२५ | १७५७४ | ९४२५१ | २३६४० | ० | ८८१८५ ADB | P1 | ०२ |
| २० | ४८-३-८०२,४८-४-८०२ | ग्रामीण खानेपानी आयोजना (पश्चिमाञ्चल) | १०७४१ | ४६५७० | १९३० | ४४६४० | १९३० | ४४६४० HELVATES | ० | P1 | ०२ |
| २१ | ४८-३-८०४,४८-४-८०४ | खानेपानी आयोजनाहरू | ४७३४०१ | ५५९४६० | २८२३६० | २७७१०० | ३४९४६० | ० | २१०००० IDA-PRSC | P1 | ०२ |
| | अन्य आयोजनाहरू | | | | | | | | | | |

| क.सं | ब.शि.नं | आयोजना/कार्यक्रम | २०६०।६१ को संशोधित अनुमान | २०६१।६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | | अनुदान | ऋण | | |
| २२ | ४८-३-७११,४८-४-७११ | बागमती क्षेत्र ढल निर्माण आयोजना | २७१०० | १७५०० | ६७२० | १०७८० | १७५०० | ० | ० | P3 | ०२ |
| २३ | ४८-४-७१२ | ग्रामीण खानेपानी तथा सरसफाई कोष विकास समिति | १४०००० | ४८६७७७ | ० | ४८६७७७ | २३१८७ | १५७५५४ DFID | ३०६०३६ IDA | P1 | ०२ |
| २४ | ४८-३-७१८,४८-४-७१८ | मेलम्ची खानेपानी आयोजना | ८५८०५१ | १०१५००० | २५००० | ९९०००० | २१०००० | ८०००० NORAD | ७२५००० ADB,JBIC OPEC | P1 | ०२ |
| २५ | ४८-३-७२३,४८-४-७२३ | काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन तयारी आयोजना | ० | २४०५०० | २८५०० | २१२००० | १८००० | २२५०० ADB-TA | २००००० ADB | P1 | ०२ |
| | | जम्मा | २०८८९१८ | ३४१९८१५ | ४२७२७४ | २९९२५४१ | १०५८७७३ | ५१६३९४ | १८४४६४८ | | |

## ५.४ स्थानीय विकास

स्थानीय जनताको प्रत्यक्ष संलग्नतामा स्थानीय श्रोत साधनको परिचालन तथा स्थानीय सीप र प्रविधिको उपयोग गरी स्थानीय जनताका आवश्यकता पूर्तिका लागि सहायक हुने विकास कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन तथा मर्मत संभार गर्नुनै स्थानीय विकास कार्यक्रमको प्रमुख उद्देश्य हो। स्थानीय स्तरमा उपलब्ध हुने स्रोत साधन तथा विकासका सूचकांकको आधारमा स्थानीय विकास कार्यक्रमहरूलाई जाति, जनजाति, उपेक्षित, उत्पीडित तथा पिछडिएका समूह तथा भौगोलिक क्षेत्रमा केन्द्रित गरिने रणनीति अनुरूप दशौं योजनाको तेश्रो वर्ष आ.व. २०६१।६२ मा स्थानीय विकास मन्त्रालय अन्तर्गत निम्न कार्यक्रमहरु संचालन गरिनेछन्। उक्त कार्यक्रमहरू मध्ये प्राथमिकता क्रम १ मा १८ वटा परेका छन् भने प्राथमिकता क्रम २ र ३ मा पर्ने आयोजना संख्या क्रमशः १२ र ३ वटा रहेका छन्। आ.व. २०६१।६२ को लागि कूल विनियोजन रू ६६७५९१४ हजार मध्ये ७८.०१ प्रतिशत, २०.९३ प्रतिशत र १.०७ प्रतिशत रकम क्रमशः P1, P2 र P3 का आयोजनाहरूमा विनियोजन भएको छ।

१. स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान : (व.शि.नं ६९-३-२४०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. १,२९,०० हजार |
| आयोजनाको प्रकृति : क्षमता अभिवृद्धि मूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा रू.१ करोड २९ लाख संचालन अनुदान उपलब्ध गराइएको।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आर्थिक वर्ष २०६१।६२ मा यस प्रतिष्ठानलाई पुनर्संरचना तथा स्थानीय निकायहरूसंग समन्वय गरी प्रभावकारी रूपमा परिचालन गर्ने नीति रहेको छ। स्थानीय विकासको लागि आवश्यक विभिन्न किसिमका तालिम कार्यक्रम संचालन गरिने छ।

(ग) अपेक्षित उपलब्धि : प्रतिष्ठानको पूर्नसंरचना भएमा प्रतिष्ठान आत्म निर्भर हुने र कर्मचारीहरूको तालिम कार्यक्रम बढि सक्षम रूपमा संचालन गर्न सक्ने।

२. जनशक्ति, संचार, वातावरण व्यवस्थापन तथा योजना अनुगमन : (व.शि.नं ६९-३/४-२५०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. १,६२,०० हजार |
| आयोजनाको प्रकृति : जनशक्ति विकास मूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा अधिकृतहरूको योजना सम्वन्धी तालिम, गा.वि.स.सचिवहरूको तालिम जि.वि.स., नगरपालिकाका पदाधिकारीहरूको सम्मेलन र ४ विकास क्षेत्रमा योजना तर्जुमा गोष्ठी सम्पन्न भएका छन् भने स्थानीय निकायहरूको नियमित अनुगमनको हकमा यस अवधिमा २९ जि.वि.स. र २२ नगरपालिकाको अनुगमन गरिएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

स्थानीय विकास मन्त्रालय बसेको भवन मर्मत, २५ जिल्ला र १० न.पा.को योजना, अनुगमन तथा मूल्यांकन, ४ क्षेत्रमा योजना तर्जुमा तथा योजना समिक्षा गोष्ठी, वातावरण व्यवस्थापन कार्यक्रमतर्फ ८ वटा स्थानीय निकायलाई वित्तीय सहयोग र वातावरणीय जनचेतना कार्यक्रम संचालन, पुस्तकालय सुदृढीकरण तथा पत्र पत्रिका र पुस्तक खरिद, स्वशासन पत्रिकाको दुई अंक प्रकाशन, स्थानीय निकायमा जिआईएस सुदृढीकरण, नपारपालिका र जिविसहरूको अचल सम्पत्ति विवरण र अभिलेख प्रकाशन, डोलिडारतर्फ दुई जिल्लाको जिल्ला यातायात गुरूयोजना तयारी, जिल्ला यातायात गुरूयोजनासंग सम्वन्धित ANALOG MAPS को Digitize गरी GIS तयार गर्ने, पूर्वाधार विकास आयोजनाहरूको अनुगमन तथा मूल्यांकन विधि तयार गर्ने, उपभोक्ता समिति संचालन निर्देशिका तयार गर्ने, जिल्ला साना सिंचाई गुरूयोजना तयारी, ५ विकास क्षेत्रका निर्माणाधिन भ्को.पु. हरूको निर्माण कार्यको अनुगमन व्यवस्थापन आदि कार्यक्रम संचालन गरिनेछ।

(ग) अपेक्षित उपलब्धि : स्थानीय निकायहरूको व्यवस्थापनमा अभिवृद्धि हुने ।

३ **स्थानीय निकाय वित्तीय आयोग : (व.शि.नं ६९-३-३१०)**

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : २०५८ चैत्र | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. ३,१५,३९ हजार |
| आयोजनाको प्रकृति : स्थानीय श्रोत परिचालन मूलक | श्रोत : श्री ५ को सरकार/डानिडा |

(क) **आ.व.२०६०/६१ को प्रगति :**

आ.व.२०६०/६१ मा यस आयोग अन्तर्गत वित्तीय हस्तान्तरण अवस्था विश्लेषण र सुधार, अधिकार निक्षेपण अनुगमन र सुधार, लेखा र लेखा प्रणाली तथा संथागत सुधार र दक्षता अभिवृद्धि सम्बन्धी सुझाव लिने कार्यक्रम सम्पन्न भएका छन् । Expenditure assignment कार्य सम्पन्न भएको छ ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

वित्तीय स्रोत आवश्यकता विश्लेषण, स्थानीय निकायहरूको राजश्व अधिकार विश्लेषण, वित्तीय हस्तान्तरण पुनरावलोकन, स्थानीय वित्त परिचालन अवधारणा, निर्देशिका र कानून सुधारको प्रस्तावना निर्माण, वित्तीय तथ्यांक बैंक स्थापना, क्षमता अभिवृद्धि तथा संगठन सुदृढीकरण, स्थानीय तहमा लेखा परीक्षण, वित्तीय अनुशासन तथा सार्वजनिक उत्तरदायित्व सम्बन्धी अध्ययन कार्यक्रम संचालन गरिनेछ । स्थानीय सेवा आयोगको गठन गरी संचालनमा ल्याइनेछ । यसको लागि चाहिने कानूनी अवधारणा पूरा गरिनेछ ।

(ग) **अपेक्षित उपलब्धि :**

स्थानीय निकायको वित्तीय सुधार हुने तथा अधिकार प्रयोग गर्न सक्षम हुने ।

४ **गुम्बा व्यवस्था तथा विकास कार्यक्रम : (व.शि.नं ६९-३/४-२२०)**

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. ८०,०० हजार |
| आयोजनाको प्रकृति : सम्पदा संरक्षण मूलक | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व.२०६०/६१ को प्रगति :**

आ.व.२०६०/६१ मा यस कार्यक्रम अन्तर्गत ४७ वटा गुम्बा मर्मत सुधार, २ वटा गुम्बा तथा विहारको सर्वेक्षण कार्य सम्पन्न ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

५०० वर्ष भन्दा पुरानो ३ वटा र १०० वर्षभन्दा पुरानो १० वटा गुम्बाहरूको मर्मत सुधार, २ जिल्लाको गुम्बा सर्वेक्षण, लामा देश दर्शन, कार्यालय बुलेटिन प्रकाशन र सीपमूलक तालिम आदि कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि :**

धार्मिक धरोहरहरूको संरक्षण हुने ।

५ **आदिवासी तथा जनजाति उत्थान र प्रजा विकास कार्यक्रम (व.शि.नं ६९-३/४-३२०)**

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : : २०५३/५४ | आयोजना सम्पन्न हुने मिति : |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रू. २,१७,०० हजार । |
| आयोजनाको प्रकृति : उत्थान मूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा हायु, छन्त्याल, भुजेल भाषाको डकुमेण्टेशन, ६ वटा महिला उत्प्रेरक प्रशिक्षण, ब्रोसियर ४ हजार प्रति प्रकाशन, प्रजा जातिको विकासका लागि ५० जनालाई आवासीय छात्रावास संचालन, २ वटा सहकारी संस्था भवन निर्माण भएका छन् ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

यस कार्यक्रम अन्तर्गत आ.व. २०६१।६२ मा लोपोन्मुख भाषाको संरक्षण र विकास, मातृ भाषामा साक्षरता कार्यक्रम संचालन, मातृ भाषामा शव्दकोष र व्याकरण प्रकाशन, १५ वटा गेजगार मूलक व्यावसायिक प्रशिक्षण संचालन, ६०० जनालाई उच्च छात्रवृत्ति प्रदान, वृत्तचित्र निर्माण आदिवासी जनजातिको क्षमता अभिवृद्धि कार्यक्रम, लोपोन्मुख आदिवासी जनजाति जनजातिको देश दर्शन कार्यक्रम आदि संचालन गरिनेछ। निजामती सेवामा जनजातिको पहुंच वढाउने कार्यक्रम संचालन गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :

६०० जनाले उच्च छात्रवृत्ति प्राप्त गर्ने र यस क्षेत्रको नीतिगत र कार्यगत कुराहरूमा आदिवासी जनजातिको सहभागिता वृद्धि हुने ।

## ६. उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति : (व.शि.नं ६९-३/४-३८०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.व. २०५४ /५५ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रू.२,१२,५० हजार । |
| आयोजनाको प्रकृति : उत्थान मूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा यस कार्यक्रम अन्तर्गत १५० जना विद्यार्थीलाई उच्च शिक्षा छात्रवृत्ति, रेडियो कार्यक्रम, १२ जनालाई जेहेन्दार विद्यार्थी पुरस्कार, २० वटा खानेपानी योजना, ८ वटा आयमूलक तथा सीपमूलक कार्यक्रम संचालन भएका छन् ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

१६० जनालाई उच्च शिक्षा छात्रवृत्ति, १० वटा शीपमुलक कार्यक्रम, साप्ताहिक रेडियो कार्यक्रम, ५ पटक जनचेतना सम्वन्धी गोष्ठी, २० वटा खानेपानी आयोजना संचालन, १२ वटा जेहेन्दार विद्यार्थी पुरस्कार, ४५ जनाको लोक सेवा आयोगको परीक्षा तयारी कक्षा संचालन गरिनेछ । साथै गत आ.व.मा १२ जिल्लामा संचालित उपेक्षित वर्ग विशेष कार्यक्रमलाई समेत चालु आ.व.मा निरन्तरता दिइनेछ। यस वर्गको उत्थानको लागि प्राथमिक तह सम्मको अध्ययनमा छात्रवृत्ति प्रदान गरिनेछ। माध्यमिक तहको हकमा छात्रवृत्ति प्रदान गर्न शुरू गरिनेछ। निजामती सेवामा पहुंच वढाउने कार्यक्रम संचालन गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :

यो वर्गलाई मुलधारमा सामेल गराई दशौं योजनाको लक्ष्य प्राप्त गर्ने ।

## ७. फोहर मैला व्यवस्थापन कार्यक्रम : (व.शि.नं ६९-३/४-८५०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.व.२०५६/५७ | आयोजना सम्पन्न हुने मिति : आ.व. २०६१।६२ |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. ८५०,०० हजार |
| आयोजनाको प्रकृति : सरसफाई मूलक | श्रोत : श्री ५ को सरकार/जापान |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ सम्ममा यस कार्यक्रम अन्तर्गत ११२ रोपनी जग्गा अधिग्रहण १.७६० कि.मी.ग्राभेलिङ्ग कार्य एवं कालोपत्रे गर्ने कार्य तथा रोड फर्निचर कार्य ८ कि.मी. सम्पन्न भएको छ ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा यस कार्यक्रम अन्तर्गत ओखरपौवा प्रवेश मार्ग अर्न्तगत आलेटार-वन्चरे डाँडा सडक निर्माण

१.६२ कि.मि., बालाजू बाइपास-धर्मस्थली-तीनपिप्ले सडक निर्माण ७ कि.मि., १८०० मिटर लाइनको विद्युतीकरण, चार हेक्टरमा पूर्वाधार निर्माण, ओखरपौवा तथा प्रभावित क्षेत्रको विकास निर्माण, पाँच हेक्टरमा आपतकालीन ल्याण्ड फिल्ड संचालन, प्रवेश मार्गमा पर्ने घर, टहरा र बालीको क्षतिपूर्ति प्रदान आदि कार्य गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि :

फोहरमैला व्यवस्थापन सम्बन्धी पूर्वाधार तयार गरी स्थानीय निकायमा हस्तान्तरण हुने ।

## ८. शहरी वातावरण सुधारका लागि सरकार निजी क्षेत्र साझेदारी कार्यक्रम (व.शि.नं ६९-३-२७२)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : अप्रिल २००४ (दोस्रो चरण) | आयोजना सम्पन्न हुने मिति : मार्च २००७ |
| कूल लागत : ४,५०,००० यू.एस.डलर | आ.ब.२०६१/६२ को बजेट : रु. ४०,०० हजार |
| आयोजनाको प्रकृति : वातावरण संरक्षण मूलक | श्रोत : युएनडीपी |

(क) आ.व.२०६०/६१ सम्मको प्रगति :

सार्वजनिक निजी साझेदारी ठुलकिट तालिम म्यानुयल तयार, सार्वजनिक निजी साझेदारी नीति (स्थानीय निकायको लागि) १०६० प्रकाशन भएको, सानिसा परियोजनाहरूको पहिचान तथा छनौट भई कार्यान्वयनको लागि प्रक्रियाहरूको थालनी गरिएको।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

पहिलो चरणका पहिचान भएका ५ नगरपालिका तथा बढीमा थप १० नगरपालिकामा सार्वजनिक-निजी साझेदारी विकास कार्यक्रम संचालन गर्ने ।

(ग) अपेक्षित उपलब्धि :

साझेदार न.पा.हरू युवा संघहरू निजी व्यापारीहरू, नागरिक समाज र उपभोक्ता समूह खास गरी गरीब समुदाय लाभान्वित हुने ।

## ९. गाउं नगर साझेदारी कार्यक्रम (व.शि.नं ६९-३/४-२७१)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : जनवरी २००४ (तेस्रो चरण) | आयोजना सम्पन्न हुने मिति : डिसेम्बर २००७ |
| कूल लागत : १९,१३,६७९ यू.एस.डलर | आ.व.२०६१ ६२ को बजेट : रु.१,५०,०० हजार |
| आयोजनाको प्रकृति : सामाजिक परिचालन मूलक | श्रोत : युएनडीपी |

(क) आ.व.२०६०/६१ सम्मको प्रगति :

२६९२ वटा टोल/लेन समूह गठन, १,१९,३३० समूहका सदस्य -महिला ५६,७११) १७ वटा नपामा नगर सूचना केन्द्र स्थापना, १२ नपामा जनशक्ति विकास केन्द्र स्थापना तथा B2B संचालन, भरतपुर, हेटौंडा, बुटवल र तानसेन न.पा.मा E.Governance स्थापना तथा संचालन।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

२६ नगरपालिका र ५९ ग्रामीण बजार केन्द्रहरूमा सामाजिक परिचालन, अन्तरसम्बन्धमा आधारित उद्यमको विकास, गाउं नगर लिंकेजको सुदृढीकरण, जनताहरूलाई प्रदान गर्ने सेवामा सुधार आदि।

(ग) अपेक्षित उपलब्धि :

गांउ र नगरपालिकाको सम्बन्ध विस्तार भई रोजगारीका अवसरहरू बढ्ने र अन्तर सम्बन्धमा आधारित उद्यमको विकास, पिछडिएका जाति जनजाति, दलित आदिको उद्यमी समूह गठन भै गरीबी निवारणमा सघाउ पुग्न जाने ।

१०. दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम : (व.शि.नं ६९-३/४-८४०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरू मिति : आ.व.२०३४/३५ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु.१४,५०,०० हजार । |
| आयोजनाको प्रकृति : क्षेत्रगत विकास मूलक | श्रोत : श्री ५ को सरकार/केयर नेपाल |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०५९/६० सम्ममा खानेपानी ३५६ वटा, सिंचाई १४४ वटा, झो.पु.४५१, विद्युतीकरण १८ वटा र घोडेटो बाटो १३९ वटा सम्पन्न भएका छन् । आ.व.२०६०/६१ मा ६१ जनालाई विभिन्न शीपमूलक तालिम, आयोजना सर्भेक्षण ३० वटा र लट्ठा तथा प्राविधिक सामान खरीद कार्य ५०% सम्पन्न भएको छ ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

६० वटा आयोजना सर्भेक्षण, झोलुङे पुल र माइक्रो हाइड्रो सम्वन्धी प्राविधिक तालिम २० जनालाई, विद्युतीकरण आयोजनामा कार्यरत २५ जनालाई अप्रेटर तालिम, होटल व्यवस्थापन सम्वन्धी तालिम २० जनालाई, सिकर्मी, डकर्मी र आम्ची स्कूलका शिक्षक, प्लम्वर, रेडियो टिभि मर्मत, सिलाई, प्रिन्टिङ प्रेश, जुत्ता सिलाई सम्वन्धी २२० जनालाई तालिम, आम्ची पेशा प्रवर्द्धन, जडीबुटी विकास, हावाको चापबाट चल्ने विद्युतीकरणको नमूना (पाइलट) कार्यक्रम, समितिको चौमासिक बुलेटिन प्रकाशन तथा वृत्तचित्र निर्माण सम्वन्धी कार्यक्रम संचालन गरिनेछ । त्यसैगरी क्रमागत र नयां खानेपानी ११, सिंचाई ७ वटा, झोलुंगे पुल ३२ वटा, विद्युतीकरण ४२ वटा र ४० कि.मी. घोडेटो बाटो निर्माण सम्वन्धी कार्यक्रम संचालन गर्ने लक्ष्य रहेको छ ।

(ग) अपेक्षित उपलब्धि :

दुर्गम जिल्लाहरूको भौतिक संरचनामा सुधार हुनुका साथै २६५ व्यक्तिहरूले सीपमूलक तथा आय आर्जन सम्वन्धी तालिम प्राप्त गरी रोजगारमूलक अवस्थामा पुग्ने ।

११ जिल्ला प्राविधिक कार्यालय (DTO) (व.शि.नं ६९-३/४-८०३)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. १२,१५,५० हजार । |
| आयोजनाको प्रकृति : प्राविधिक सहयोग मूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा प्रशासनिक खर्च र कार्यालय भवन निर्माण लगायत उपकरणहरू खरिदमा रकम खर्च भएको छ ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा जि.वि.स./गा.वि.स.बाट संचालन हुने परियोजनाहरू संचालनमा प्राविधिक सहयोग उपलब्ध गराइनेछ । यस प्रयोजनको लागि संचालन र पूंजीगत अनुदान जिल्ला विकास समिति मार्फत उपलब्ध गराइनेछ ।

(ग) अपेक्षित उपलब्धि :

जिल्ला विकास समितिलाई प्रविधिक सहयोग पुग्ने ।

१२. ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम (RCIW) (व.शि.नं ६९-३/४-८१०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरू मिति : आ.व.२०५९/६० (दोस्रो चरण) | आयोजना सम्पन्न हुने मिति २०६३/६४ |
| कूल लागत : रू. ७३,५४,२५ हजार (दुई वर्षको) । | आ.व.२०६१/६२ को बजेट : रू. ३४,७३,८० हजार |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | श्रोत : श्री ५ को सरकार/विश्व खाद्य कार्यक्रम |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा ग्रामीण सडक ३१३ कि.मी.मा विभिन्न चरणको काम सम्पन्न, मुक्त कमैया घर निर्माण २९४ गोटा, साना सिंचाई १.६५ कि.मी., माछा पोखरी १२.६१ हेक्टर निर्माणका लागि ९७६१ मे.टन. चामल उपलब्ध गराईएको छ ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा यस कार्यक्रम अन्तर्गत ६३२ कि.मि. ग्रामीण सडक, ५ कि.मि. साना सिंचाई कुलो निर्माण, ५.५ कि.मि नदी नियन्त्रण, २.२ हेक्टर माछापोखरी निर्माण गर्ने कार्यक्रमको अलावा २५ हेक्टर कृषि बन, १५ हेक्टर सामुदायिक वन तथा २००० वटा कमैया घर निर्मणमा सहयोग प्रदान गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :

३० जिल्लाको पूर्वाधार निमार्ण भई जनजीवन सरल हुने, रोजगारीको अवसर प्राप्त हुने, ६३२ कि.मि. ग्रामीण सडक बन्ने र २००० वटा कमैया घर निर्माणमा सहयोग पुग्ने ।

## १३. ग्रामीण पूर्वाधार विकास कार्यक्रम (RIDP) (व.शि.नं ६९-३/४-८११)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.व.२०५३/५४ | आयोजना सम्पन्न हुने मिति : २०६१/६२ |
| कूल लागत : रु. १ करोड ६९ लाख अमेरिकी डलर | आ.व.२०६१/६२ को बजेट : रू. २८,३०,०२ हजार |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | श्रोत : श्री ५ को सरकार/एडीबी |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०५९/६० सम्ममा २२३ कि.मी. सडक खन्ने काम सम्पन्न, १४४ कि.मी. सडक गाडी चल्न सक्ने स्थितिमा रहेको, वहुउद्देश्यीय सामुदायिक भवन ३० वटा निर्माण भएका छन् । हालसम्म ८० करोड खर्च भएको छ भने भौतिक प्रगति ८२.६७% रहेको छ । आयोजना अवधि भरमा ४० लाख श्रमदिन बराबरको रोजगारी सृजना गर्ने लक्ष्य आयोजनाले लिएकोमा हालसम्म ३० लाख ५० हजार श्रमदिन बराबरको रोजगारी उपलब्ध गराएको छ ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा ३१ कि.मी. ग्रामीण सडक निर्माण, गत वर्ष निर्माण सम्पन्न भएका ६४ कि.मी. सडकको फिनिसिङ्ग तथा पुनः निर्माण, प्रोजेक्ट एकाउण्ट तयार गर्ने, ग्याबिन तार तथा ज्याबल खरिदका साथै सडक उपभोक्ता समिति संचालन गर्ने कार्यक्रम राखिएको छ। साथै, यस कार्यक्रमको दोस्रो चरणको रूपमा जीवन यापन पुर्नस्थापना तथा ग्रामीण पूर्वाधार आयोजनाका नामबाट एशियाली विकास बैंकको ऋण तथा स्वीस विकास नियोग र जिटिजेड को प्राविधिक सहयोग गरी कुल ५ करोड ५४ लाख अमेरिकी डलरको लागतमा संचालन हुने यस आयोजनाको चालू आ.व.बाट निर्माण चरण तयारीको कार्य गर्ने प्रस्ताव गरिएको छ ।

(ग) अपेक्षित उपलब्धि :

३१ कि.मी. ग्रामीण सडक निर्माण र निर्माण सम्पन्न भएका ६४ कि.मी. सडकको फिनिसिङ्ग हुने र स्थानीय स्तरको रोजगारी सृजना हुने ।

## १४. ग्रामीण पूर्वाधार परियोजना (RIP) : (व.शि.नं ६९-३/४-८१२)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति :२०६१ श्रावण १ गते<br>कूल लागत : यू.एस.डलर २० मिलियन ।<br>आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | आयोजना सम्पन्न हुने मिति : तयारी चरणमा रहेकोले अहिले नखुलेको ।<br>आ.व.२०६१/६२ को बजेट : रू. १५,२३,१६ हजार ।<br>श्रोत : श्री ५ को सरकार/आइडीए |

(क) आ.व.२०६०/६१ को प्रगति :

पहिलो चरणमा संचालित ग्रामीण पूर्वाधार परियोजना अन्तर्गत आवधिक मर्मत संभार काम ३६२ कि.मी., नियमित मर्मत संभार कार्य ८२९ कि.मी., गोरेटो स्तरोन्नति कार्य ७९ कि.मी.सम्पन्न भएकोछ ।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

विश्व बैंकको सहयोगमा आ.व. २०५६।५७ देखि ८ जिल्ला (धादिङ, कास्की, स्याङजा, पाल्पा, नवलपरासी, रूपन्देही, कपिलवस्तु र संखुवासभा) मा संचालन हुँदै आएको प्रस्तुत कार्यक्रमको दोस्रो चरणमा ग्रामीण पहुँच सुधार परियोजनाको नामबाट आ.व. २०६०।६१ देखि संचालित यस परियोजनाको तयारी कार्यक्रम आ.व. २०६१।६२ मा पनि चालू रहने छ। यस कार्यक्रम अन्तर्गत परामर्श सेवा, तालिम संचालन तथा विभिन्न उपकरण खरिद एक मुष्ट रूपमा संचालन गर्ने कार्य लक्ष्य रहेको छ।

(ग) **अपेक्षित उपलब्धि :**

८ जिल्लामा पूर्वाधार निर्माण हुने।

## १५. ग्रामीण खानेपानी तथा सरसफाई आयोजना : (ब.शि.नं ६९-३/४-८०५)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति :२०६१ श्रावण १ गते | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. १५,२०,०४ हजार |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व.२०६०/६१ को प्रगति :**

आ.व.२०५९/६० सम्ममा फिनिडाको सहयोगमा उल्लेखित ८ जिल्लाहरूमा ग्राभीटी खानेपानी ८१ वटा, वर्षातको पानी संकलन ५३ वटा स्यालो ट्यूबवेल जडान २२ वटा, लिफ्ट ट्यूबवेल ११ वटा, घरेलु चर्पी १११ वटा, संस्थागत चर्पी १७ वटा र वातावरणीय सरसफाईतर्फ ९ वटा आयोजनाहरू सम्पन्न भएका छन्।

श्री ५ को सरकार अन्तर्गत ७५ वटै जिल्लाहरूमा ग्राभीटी खानेपानी आयोजना १०३ वटा, डिपसेट स्यालो ट.यूबवेल २० वटा, संयुक्त सहयोग कार्यक्रम ७५ वटा, सरसफाई तथा तालिम कार्यक्रम ७३ वटा र सम्पन्न खानेपानी आयोजना मर्मत संभार ७५ वटा क्रमागत रूपमा संचालन भएका छन्।

ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

आ.व.२०६१/६२ मा फिनिडाको सहयोग कार्यक्रमको अवधि समाप्त भएकोले श्री ५ को सरकारबाट संचालित हुने कार्यक्रमहरू निम्न अनुसार रहेका छन् :

आ.व. २०६१।६२ मा खानेपानी आयोजनातर्फ पाइप प्रणाली क्रमागत ९५ वटा, पाइप प्रणाली नयाँ ७४ वटा, सर सफाई तथा तालिम कार्यक्रम ७३ वटा, संयुक्त सहयोग कार्यक्रम ७२ वटा, सम्पन्न खानेपानी आयोजना मर्मत सुधार ६९ वटा, डिपसेट १६ वटा, स्यालो ट्यूबवेल २ वटा, आकाश पानी संकलन ३ वटा आर्टिजन वेल तथा कुवा निर्माण कार्य १-१ वटा निर्माण गर्ने लक्ष्य रहेको छ।

(ग) **अपेक्षित उपलब्धि :**

खाने पानी उपलब्धतामा वृद्धि हुने।

## १६. जनसंख्या तथा प्रजनन स्वास्थ्य एकीकृत परियोजना : (ब.शि.नं ६९-३-८३५)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : अक्टोबर २००२ | आयोजना सम्पन्न हुने मिति : डिसेम्बर २००६ |
| कूल लागत : ७७,९४,८७२ यु.एस.डलर। | आ.व.२०६१/६२ को बजेट : रु. ११,००,०० हजार |
| आयोजनाको प्रकृति : स्वास्थ्य सेवा मूलक | श्रोत : युएनएफपीए |

(क) **आ.व.२०६०/६१ को प्रगति :**

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

यु.एन.एफ.पी.ए को सहयोगमा सप्तरी, महोत्तरी, रौतहट कपिलवस्तु दाङ र डडेल्धुरा गरी ६ जिल्लामा आ.व. २०६०।६१ देखि स्तरीय स्वास्थ्य सेवामा पहुँच बढाउने, प्रजनन स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रमहरूको योजना प्रक्रियामा सुधार ल्याउने, जनसंख्या प्रजनन स्वास्थ्य तथा लैंगिक सवालहरूमा नीतिगत एकीकरण गर्ने, जिल्लाको क्षमता बढाउने, लैंगिक समता, समानता र सशक्तीकरण सम्बन्धी नीति र कार्यनीतिहरू तर्जुमा गर्ने उद्देश्यहरूबाट जिल्ला स्तरमा यो कार्यक्रम संचालन हुँदै आएको छ। आ.व. २०६१।६२ मा यस कार्यक्रम अन्तर्गत मातृ शिशु स्याहार, परिवार नियोजन, किशोर किशोरीहरूको लागि स्वास्थ्य सेवा, प्रजनन स्वास्थ्य, जनशक्ति विकास आदि क्रियाकलापहरू जिल्ला कार्यान्वयन योजना अनुरूप संचालन हुनेछन्।

(ग) अपेक्षित उपलब्धि :

जनसंख्या तथा प्रजनन् स्वास्थ्यमा सुधार हुनुको साथै लैगिक न्याय कायम हुने ।

१७. पश्चिमी तराई गरीवी निवारण आयोजना : (ब.शि.नं ६९-३/४-८२०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : मार्च १९९८ | आयोजना सम्पन्न हुने मिति : डिसेम्बर २००४ |
| कूल लागत : ९७,३०,००० यू.एस.डलर । | आ.ब.२०६१/६२ को बजेट : रु. ११,००,०० हजार । |
| आयोजनाको प्रकृति : गरीवी न्यूनीकरण मूलक | श्रोत : श्री ५ को सरकार/आइएफएआइडी) |

(क) आ.ब.२०६०/६१ को प्रगति :

आ.ब.२०५९/६० सम्म घर निर्माण अनुदान ८००४ मुक्त कमैया परिवार, कल्भर्ट निर्माण ४८० वटा, पर्ती जग्गमा महिलाद्वारा वृक्षारोपण २२० हेक्टर, सामुदायिक स्वास्थ्य, सरसफाई, शिक्षा र जनचेतना तालिम ७१८७ जना, माछा पोखरी निर्माण ३९ वटा, समूह स्यालो ट्यूववेल जडान २६७ गोटा, कर्जा सेवा लाभान्वित महिला १८४२४ संख्या, कृषि, पशुविकास तालिम १०९१७ जना, सीप विकास तालिम ३३०३ जना र पिट ल्याटिन निर्माण ५१७० गोटा सम्पन्न भएका छन् । आ.ब.२०६०/६१ मा १३ वटा कल्भर्ट निर्माण, २ वटा बन नर्सरी, ४८ जनालाई संस्थागत तालिम, ३५ वटा सामुदायिक हेण्डपम्प निर्माण, १४४३ वटा सुधारिएका चर्पी निर्माण तथा १७२ वटा समूहगत स्यालो ट्यूववेल निर्माण भएका छन् ।

(ख) आ.ब.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.ब.२०६१/६२ मा यस कार्यक्रम अन्तर्गत २००० मुक्त कमैया घर निर्माण अनुदान्, मुक्त कमैया पुनस्थापना कोष, आयमूलक तथा जीवीकोपार्जन कार्यक्रम, २२६ वटा सामुदायिक खानेपानी हेण्डपम्प जडान गर्ने, कृषि पशु सेवा विकास तालिम, सीपमुलक तालिम, सामुदायिक खानेपानी कार्यक्रम, सुधारिएको चर्पी निर्माण ५३० वटा संचालन गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :

२००० मुक्त कमैयाको घर निर्माण हुने ।

१८. ग्रामीण विकास कार्यक्रम (ब.शि.नं ६९-३/४-८२१)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.ब.२०६०/६१ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.ब.२०६१/६२ को बजेट : रु. १,५०,०० हजार । श्रोत : श्री ५ को सरकार |
| आयोजनाको प्रकृति : सामाजिक परिचालन मूलक | |

(क) आ.ब.२०६०/६१ को प्रगति :

आ.ब.२०६०/६१ मा नोराडको अनुदान सहयोगमा सामाजिक परिचालनद्वारा गाउं विकास कार्यक्रम संचालन गरी गरीवी निवारणमा सहयोग पुऱ्याउन रू.५ करोड २० लाख विनियोजन गरी कार्यक्रमको रूपमा संचालन गर्न प्रस्ताव भएकोमा श्रोत प्राप्त हुन नसकेकोले कार्यक्रम संचालन नभएको ।

(ख) आ.ब.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.ब. २०६१।६२ मा नोराड, एसएनभिबाट साविकमा संचालन भएका १० जिल्लाहरूको सामाजिक परिचालनद्वारा गाउं विकास कार्यक्रमलाई निरन्तरता दिनको लागि श्री ५ को सरकारको श्रोतबाट जिल्ला विकास समितिहरूलाई अनुदान उपलब्ध गराइनेछ ।

(ग) अपेक्षित उपलब्धि :

जनसहभागिता परिचालन हुने ।

१९. जिल्ला विकास समिति अनुदान (ब.शि.नं ६९-३/४-८००)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.ब. २०६१।६२ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.ब.२०६१/६२ को बजेट : रु. ८१,००,०० हजार । |
| आयोजनाको प्रकृति : स्थानीय विकास मूलक | श्रोत : श्री ५ को सरकार/आइडीए (पिआरएसपी) |

(क) आ.व.२०६०/६१ को प्रगति :

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा जिल्ला विकास समितिलाई दिइने एक मुष्ट पूंजीगत तथा संचालन अनुदान गरीवीको सूचकांकका आधारमा विनियोजन गरिने छ।

(ग) अपेक्षित उपलब्धि :

ग्रामिण सडक, सिंचाई, कुला कुलेसा, भ्रो.पु.हरूको मर्मत संभार र जिल्लाको आवश्यकता अनुसार विकास कार्यक्रमहरू संचालन हुने।

२०. नगरपालिका अनुदान (ब.शि.नं ६९-३/४-८०२)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.व. २०६१/६२ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. २०,००,०० हजार। |
| आयोजनाको प्रकृति : स्थानीय विकास मूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति :

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा विद्यमान नगरपालिकाहरूलाई यथावत रूपमा र नयां गठन हुने नगरपालिकाहरूलाई समेत एकमुष्ट पूंजीगत तथा संचालन अनुदान उपलव्ध गराउने पद्धति कायम राखिने छ।

(ग) अपेक्षित उपलब्धि :

कार्यक्रमको आधारमा रकम उपलव्ध हुने।

२१. गाउं विकास समिति अनुदान (ब.शि.नं ६९-३/४-८०१)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.व. २०६१/६२ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु. १,९५,६५,०० हजार |
| आयोजनाको प्रकृति : स्थानीय विकास मूलक | श्रोत : श्री ५ को सरकार/आइडीए (पिआरएसपी) |

(क) आ.व.२०६०/६१ को प्रगति :

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

श्री ५ को सरकारले अधिराज्यका सम्पूर्ण गाउं विकास समितिलाई अनुदानको रुपमा रकम उपलव्ध गराई गाउं विकास समितिबाटै विकास निर्माण कार्यको थालनी गराउँदै आएको छ। आ.व. २०६१।६२ मा पनि गाउं विकास समितिलाई एक मुष्ट पूंजीगत तथा संचालन अनुदान उपलव्ध गराइनेछ।

(ग) अपेक्षित उपलब्धि :

गा.वि.स. स्तरबाट पनि विकास निर्माण कार्य हुने।

२२. स्थानीय विकास निर्माण एवं कृषि सडक आयोजना (ब.शि.नं ६९-३/४-८१४)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.व. २०६१/६२ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रु.३०,४७,५० हजार श्रोत |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | : श्री ५ को सरकार/जापान (डीआरएफ) |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०५९/६० सम्ममा विभिन्न जिल्लाहरूमा १९५ कि.मी.ग्रामीण सडक मर्मत सुधार तथा ७ कि.मी.सडक सर्भेक्षण कार्य पुरा भएको छ। आ.व.२०६०/६१ मा ट्र्याक निर्माण ५० कि.मी., ग्राभेल १० कि.मी., मर्मत संभार ११० कि.मी. भौतिक प्रगति भएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा ३०० किमि कच्चि सडक निर्माण, ६० कि.मी. सडकमा चौडाई विस्तार तथा मोड सुधार गर्ने, १०० कि.मि. सडक ग्राभेल गर्ने, ४०० कि.मी. सडक मर्मत सुधार र ३०० कि.मीं सडक आवधिक मर्मत संभारका साथै १५० वटा कल्भर्ट निर्माण तथा ५०० कि.मि. सडक सर्वेक्षण गर्ने लक्ष्य रहेको छ। हाल संचालनमा रहेका केन्द्रीय र जिल्लास्तरका सडकको वर्गीकरण गरी स्थानीयस्तरका सडकको रकम स्थानीय निकायलाई संचालनको निमित्त हस्तान्तरण गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

कृषि पूर्वाधार निर्माण हुने। यस आ.व.मा ३०० कि.मि. कच्चि सडक निर्माण र १०० कि.मि. सडक ग्राभेल हुने।

## २३. बृहत एवं स्थानीयस्तरका झोलुंगे पुलहरूको निर्माण एवं मर्मत संभार:(ब.शि.नं ६९-३/४-८१५)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : आ.व. २०२० | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने। | आ.व.२०६१/६२ को बजेट : रु. २४,३०,०० हजार |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | श्रोत : श्री ५ को सरकार/हेल्भेटास, जापान (एनपीजी) |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा २७ वटा झो. पु. हरूको निर्माण तथा ३ वटा झो.पु.को मर्मत कार्य पुरा भएको छ। दोधारा चांदनी र मझौला झोलुंगे पुलतर्फ फेब्रिकेशन एवं निर्माण सामग्री ढुवानी र निर्माण कार्यतर्फ ९५% कार्य भएको देखिन्छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा नेपाल अधिराज्यका ६२ जिल्लाहरूमा दातृ संस्था, SDC/Helvetes को सहभागिता समेत गरी मुख्य मार्गमा पर्ने ४६ वटा झो.पु. निर्माण, २० झो.पु.को सर्वेक्षण, ८६ वटाको बृहत मर्मत संभार र २१०० वटाको नियमित मर्मत संभार गर्ने लक्ष्य रहेको छ। त्यसैगरी, स्थानीय मार्गतर्फ १२५ वटा झो.पु.को निर्माण तथा ८० वटा झो.पु.को सर्वेक्षण गरिनुका साथै दोधारा चादनी मल्टी स्पान झो.पु.को निर्माण कार्य पुरा गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

दोधारा चांदनी मल्टी स्पान झो.पु.को निर्माण कार्य पुरा हुने र अन्य झो.पु.हरूको निर्माण र मर्मत कार्य सम्पन्न हुने।

## २४. ग्रामीण पहुंच कार्यक्रम (RAP) : (ब.शि.नं ६९-३/४-८१७)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : २०५८ श्रावण | आयोजना सम्पन्न हुने मिति : २०६४ आषाढ |
| कूल लागत : रु.३,९०,३९,०० हजार। | आ.व.२०६१/६२ को बजेट : रु.४६,४२,०० हजार श्रोत : श्री ५ को सरकार/डिफिड |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ सम्ममा २०३.५ कि.मी. ग्रामीण सडक निर्माण भएकोछ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा १६७ कि.मी. सडकको सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयारी र निर्माण, एकिकृत ग्रामीण योजना तर्जुमा विधिबाट जिल्लाको पहुँच योजना तयारी, एक जिल्लाको जिल्ला यातायात गुरूयोजना तयारी, निर्माण सामाग्री र औजार खरिद गरी उपलब्ध गराउने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि :

१६७ कि.मी. सडकको सर्वेक्षण, डिजाइन तथा लागत अनुमान तयारी र निर्माण हुने।

२५. ग्रामीण सडक मर्मत संभार कोष : (ब.शि.नं ६९-३/४-८५२)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति :२०५७/०५८ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.ब.२०६१/६२ को बजेट : रु.४,००,०० हजार। |
| आयोजनाको प्रकृति : पूर्वाधार मर्मत संभार मूलक | श्रोत : श्री ५ को सरकार/एडीबी (जीआरपी) |

(क) आ.व.२०६०/६१ को प्रगति :

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व.२०६१।६२ मा यस कार्यक्रम अन्तर्गत ग्रामीण सडकहरुको नियमित मर्मत संभार १४०० कि.मि., ग्रामीण सडक पुनःस्थापन कार्य १०० कि.मि., आवधिक मर्मत संभार कार्य ५०० कि.मि. गर्नुका साथै कार्यक्रमको अनुगमन गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि :

सडक पूर्वाधारहरूको विकास हुने।

२६. जिल्ला सडक सहयोग कार्यक्रम (DRSP) : (ब.शि.नं ६९-३/४-८१८)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति :२०५९ श्रावण | आयोजना सम्पन्न हुने मिति : २०६३ आषाढ |
| कूल लागत : रु. ३९,५०,१५ हजार। | आ.ब.२०६१/६२ को बजेट : रु. ८,३०,७४ हजार। |
| आयोजनाको प्रकृति : पूर्वाधार निर्माण तथा मर्मत संभार मूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा नियमित मर्मत संभार कार्य ११४.५ कि.मी. र आवधिक मर्मत संभार कार्य ७ कि.मी. भएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा ४२.३ कि.मी. ग्रामीण सडक निर्माण, ६३ कि.मी. ग्रामीण सडक पुनर्स्थापना, ७३ कि.मि. सडकको आवधिक मर्मत संभार र सामाजिक अभिवृद्धि सम्बन्धी क्रियाकलाप संचालन गरिनेछ।

(ग)अपेक्षित उपलब्धि :

४२.३ कि.मी. ग्रामीण सडक निर्माण, ६३ कि.मी. ग्रामीण सडक पुनर्स्थापना र ७३ कि.मि. सडकको आवधिक मर्मत संभार भई सडक पूर्वाधारको विकास हुने।

२७. स्थानीयस्तरमा वातावरणीय व्यवस्थापन कार्यक्रम : (ब.शि.नं ६९-३/४-८६०)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति :२०५८/५९ | आयोजना सम्पन्न हुने मिति : २०६१/६२ |
| कूल लागत : रु. १८,६३,०० हजार। | आ.ब.२०६१/६२ को बजेट : रु.४,२०,३२ हजार। |
| आयोजनाको प्रकृति : वातावरण संरक्षण मूलक | श्रोत : श्री ५ को सरकार/फिनिडा |

(क) आ.व.२०६०/६१ को प्रगति :

आव.२०६०/६१ मा वातावरणीय वस्तुस्थिती अध्ययन, पानीको प्रयोगशाला स्थापनाबारे अध्ययन, ट्यूववेलहरूको नियमित पानी नमूना संकलन र परीक्षण, शहरी वातावरण योजना तर्जुमा समिति गठन, फोहोर मैला व्यवस्थापन र कम्पोष्ट मल बनाउने, वातावरण संरक्षण र अनुगमन जस्ता गतिविधिहरू संचालन भएको छ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व.२०६१।६२ मा यस कार्यक्रम अन्तर्गत स्थानीय औद्योगिक तथा वातावरणीय लगानीको सहयोग कोष स्थापना, वातावरणीय अनुगमन एवं प्रयोगशाला प्रवर्द्धन, तालिम सेमिनार गोष्ठी तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय परामर्श दाताको उपयोग आदि गर्ने लक्ष्य रहेको छ।

(ग) अपेक्षित उपलब्धि :

वातावरणिय सुधारको साथै कोष स्थापना हुने ।

२८. महिला तथा वालवालिकाहरूका लागि विकेन्द्रित कार्य योजना (DACAW) : (व.शि.नं ६९-३/४-८५५)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : सन् २००२ | आयोजना सम्पन्न हुने मिति : सन् २००६ |
| कूल लागत : ३५५००००० यू.एस.डलर | आ.व.२०६१/६२ को बजेट : रु. २१,५७,१७ हजार । |
| आयोजनाको प्रकृति : उत्थान मूलक | श्रोत : युनिसेफ |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा अधिराज्यका १५ जिल्लामा संचालित यस कार्यक्रमका ३,३२३ समूहहरू परिचालन गरी वालवालिकामा हुने कुपोषण ३५% बाट २०% मा घटाउन मद्दत पुगेको छ ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा वाल वालिका तथा महिला अधिकारको सुरक्षा, शैक्षिक एवं स्वास्थ्य स्तरमा अभिवृद्धि, तथा वाल वालिका तथा महिलाहरूका लागि विकेन्द्रित योजना प्रक्रिया सुदृढ गर्न स्थानीय निकायहरूको क्षमता अभिवृद्धि जस्ता विभिन्न क्रियाकलापहरू संचालन गरिने छन् ।

(ग) अपेक्षित उपलब्धि :

वालवालिकाको पोषण तथा महिलाहरूको शिक्षा र स्वस्थ्यमा वृद्धि गर्नमा स्थानीय निकायहरू परिचालन हुने ।

२९. पश्चिम उच्च पहाडी क्षेत्र गरीवी निवारण आयोजना : (व.शि.नं ६९-३/४-८३४)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : जनवरी २००३ | आयोजना सम्पन्न हुने मिति : मार्च २०१४ |
| कूल लागत : ३२५९४००० अमेरिकी डलर । | आ.व.२०६१/६२ को बजेट : रु.६,००,०० हजार श्रोत |
| आयोजनाको प्रकृति : गरिवी न्यूनिकरण मूलक | : श्री ५ को सरकार/आइएफएडी |

(क) आ.व.२०६०/६१ को प्रगति :

आ.व.२०६०/६१ मा २४ गा.वि.स.मा कार्यक्रम संचालन भई पूर्वाधारतर्फ १८ कि.मी. सडकको डिटल सर्भे, २४ जना जेटी./जेटीए. तालिम, २४ भेटनरी कार्यकर्ता तालिम, ३४५ वटा समूह गठन, ११२ स्थानीय वन उपभोक्ता समूह गठन र ११५८४ हेक्टर लिज ल्याण्ड पहिचान ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा स-साना पूर्वाधार विकास खास गरी समुदायमा आधारित खानेपानी, सिंचाई, विद्यालय, हेल्थपोष्ट, बाटो, सामुदायिक भवन, लघु जलविद्युत जस्ता पूर्वाधार विकास निर्माण, कवुलियती वन तथा गैर काष्ट वन पैदावार, कृषि तथा पशुपालन विकास, लघु वित्त तथा वजारीकरण र संस्थागत विकास आदि कार्यक्रम संचालन गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :

पश्चिमी उच्च पहाडि क्षेत्रको गरीवी न्यूनीकरण हुने ।

३०. विकेन्द्रित वित्त तथा विकास कार्यक्रम (व.शि.नं ६९-३/४-८०६)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : जनवरी २००३ | आयोजना सम्पन्न हुने मिति : डिसेम्बर २००५ |
| कूल लागत : ५०००००० यू.एस.डलर | आ.व.२०६१/६२ को बजेट : रु. ८,५०,०० हजार |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास मूलक | श्रोत : युएनसीडीएफ/डीएफआईडी |

(क) आ.व.२०६०/६१ सम्मको प्रगति :

पहिला संचालित ८ जिल्लाको कार्यक्रमको प्रभावकारीताको आधारमा DFID को सहयोगमा अन्य १२ जिल्ला गरी २० जिल्लामा कार्यक्रम विस्तार भएको ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

स-साना भौतिक पूर्वाधार निर्माण, तालिम, गोष्ठी आदि कार्यक्रम संचालन गर्न जि.वि.स.लाई रकम उपलब्ध गराउने ।

(ग) अपेक्षित उपलब्धि :

कूल बजेटको १० प्रतिशत महिला र १० प्रतिशत दलित तथा जनजातिको लागि विनियोजन भएको हुंदा ती वर्गले लाभ प्राप्त गर्नेछन् ।

३१. विकेन्द्रित स्थानीय निकाय सहयोग कार्यक्रम (व.शि.नं ६९-३/४-८०७)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : अप्रिल २००४ | आयोजना सम्पन्न हुने मिति : जून २००७ |
| कूल लागत : ६०००००० यू.एस.डलर | आ.व.२०६१/६२ को बजेट : रु.१०,००,०० हजार |
| आयोजनाको प्रकृति : सामाजिक परिचालन तथा क्षमता अभिवृद्धि | श्रोत : युएनडीपी |

(क) आ.व.२०६०/६१ सम्मको प्रगति :

१८७८३ समूह गठन, ४७२९९२ समूहका सदस्य संख्या जसमध्ये महिलाको संख्या ४९% रहेको छ । समूहहरूको आन्तरिक बचत रू.२८०.९७ मिलियन पुगेको छ भने रू.४५४.७७ मिलियन लगानी भएको छ । ५० भन्दा बढी जिल्लाले आवधिक जिल्ला विकास योजना, ४३ जि.वि.स.हरूले नागरिक वडापत्र, ४० जि.वि.स.हरूले आचार संहिता र ३६ जि.वि.स.ले श्रोत नक्शा तयार गरेका छन् ।

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

स्थानीय निकायको क्षमता अभिवृद्धि ६० जि.वि.स., गाउं विकास कार्यक्रम १००० गा.वि.स. र नीतिगत सहयोग ।

(ग) अपेक्षित उपलब्धि :

कार्यक्रम लागू भएका गा.वि.स.हरूमा महिला, गरीव, दलित तथा पिछडिएको वर्ग लाभान्वित हुने ।

३२. जन सहभागितामा आधारित विकास कार्यक्रम (व.शि.नं ६९-४-८३१)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : २०६१।६२ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : ४० करोड |
| आयोजनाको प्रकृति : सहभागितामूलक विकास | श्रोत : श्री ५ को सरकार |

(क) आ.व.२०६०/६१ सम्मको प्रगति : []

(ख) आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

स्थानीय स्तरमा संचालन गरिने विकास निर्माणको प्रक्रियामा जनताको प्रत्यक्ष सहभागिता अभिवृद्धि गरी कार्यक्रमहरूको छनोट, व्यवस्थापन एवं स्वामित्व श्रृजनामा बढावा दिन श्री ५ को सरकार, स्थानीय निकाय एवं उपभोक्ता समितिबाट लागत सहभागिताका आधारमा स्थानीय स्तरमा रोजगारी र आयमूलक कार्यक्रम प्रवर्द्धन गर्न भौतिक पूर्वाधार लगायत विकास निर्माणका अन्य कार्यक्रम संचालन गरिनेछ । आ.व. २०६१।६२ देखि शुरू गरिने यस कार्यक्रमको तर्जुमा र कार्यान्वयन जिल्लास्तरबाटै गरिने व्यवस्था मिलाइनेछ । जिल्लास्तरमा अनुगमन गर्नका लागि प्रभावकारी संयन्त्र खडा गरिनेछ। स्थानीय निकायको प्रत्यक्ष सहभागितामा संचालन हुने यस्ता कार्यक्रम पारदर्शी रूपमा संचालन गर्न छुट्टै निर्देशिकाको व्यवस्था गरिनेछ ।

(ग) अपेक्षित उपलब्धि :

रोजगारी वृद्धि भई मानव श्रोतको सदुपयोग हुने ।

## ३३. समुदायको स्वामित्वमा प्राथमिक शिक्षा कार्यक्रम (ब.शि.नं ६९-३-८४८)

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : सन् २००० अप्रिल | आयोजना सम्पन्न हुने मिति : जुन २००७ |
| कूल लागत : १९३७८९० अमेरिकी डलर | आ.ब.२०६१/६२ को बजेट : रु. २००० हजार |
| आयोजनाको प्रकृति : सामुदायिक शिक्षा मूलक | श्रोत : युएनडीपी |

(क) **आ.व.२०६०/६१ सम्मको प्रगति :**

अधिराज्यका ६ जिल्लामा लागू भएको यस कार्यक्रम अन्तर्गत १२० विद्यालय भवन, २० सामुदायिक प्राथमिक विद्यालयमा थप कक्षा निर्माण र रू ६७३४४ हजार विद्यालय कोषमा जम्मा भएको छ।साथै यसकार्यक्रमबट करिब २८०० जना व्यवस्थापन समितिका सदस्य र शिक्षिका तथा २२७५१ जना छात्र, छात्राहरू लाभान्वित भएका छन्।

(ख) **आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

स्थानीय निकाय र समुदायको संस्थागत क्षमता विकास, सामुदायिक प्राथमिक विद्यालयको स्थापना र दिगो व्यवस्थापन तथा विद्यार्थीको सिकाई उपलब्धिमा सुधार, गुणस्तरीय शिक्षाको लागि नियमित अनुगमन तथा सुपरिवेक्षण गर्ने।

(ग) **अपेक्षित उपलब्धि :**

शैक्षिक स्तरमा सुधार हुने।

## स्थानीय विकास मन्त्रालय अन्तर्गत आ.व. २०६१।६२ मा संचालन हुने कार्यक्रमहरू तथा बजेट

रू. हजारमा

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | आ.व. २०६०/६१ को संशोधित अनुमान | आ.व. २०६१/६२ | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जम्मा | चालु खर्च | पुंजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक सहायता | | प्राथमिकता संकेत | रणनीति संकेत |
| | | | | | | | अनुदान | ऋण | | |
| | केन्द्रीयस्तर | | | | | | | | | |
| १. | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान (६९-३/४-२४०) | १२९२० | १२९०० | १२९०० | ० | १२९०० | ० | ० | P3 | ०४ |
| २. | जनशक्ति, संचार, वातावरण व्यवस्थापन तथा योजना अनुगमन (६९-३/४-२५०) | १८५८९ | १६२०० | १०७८५ | ५४१५ | १६२०० | ० | ० | P3 | ०४ |
| ३. | स्थानीय निकाय वित्तीय आयोग (६९-३-३१०) | १४५३१ | ३१५३९ | ३१५३९ | ० | १५३९ | ३०००० (Denmark) | ० | P2 | ०४ |
| ४. | गुम्बा व्यवस्था तथा विकास समिति (६९-३/४-२२०) | ० | ८००० | २४९० | ५५१० | ८००० | ० | ० | P2 | ०३ |
| ५. | आदिवासी जनजाति उत्थान प्रतिष्ठान र प्रजा विकास (६९-३/४-३२०) | २९७५० | २१७०० | ८६०० | १३१०० | २१७०० | ० | ० | P1 | ०३ |
| ६. | उपेक्षित, उत्पीडित र दलित वर्ग उत्थान विकास समिति (६९-३/४-३८०) | ११२५० | २१२५० | ७४०० | १३८५० | २१२५० | ० | ० | P1 | ०३ |
| ७. | फोहर मैला व्यवस्थापन कार्यक्रम (६९-३/४-४००) | ४८८८२ | ८५००० | २६१६ | ८२३८४ | १५००० | ७०००० (Japan/NPG) | ० | P2 | ०२ |
| ८. | शहरी वातावरण सुधारका लागि सरकारी निजी क्षेत्र साझेदारी (६९-३-२७२) | ० | ४००० | ४००० | ० | ० | ४००० (UNDP) | | P1 | ०२ |
| ९. | गाउं नगर साझेदारी कार्यक्रम (६९-३-२७१) | ० | १५००० | १५००० | ० | ० | १५००० (UNDP) | ० | P1 | ०२ |
| | केन्द्रीयस्तरीय जम्मा | १३५९२२ | २१५५८९ | ९५३३० | १२०२५९ | ९६५८९ | ११९००० | | | |
| | जिल्लास्तर | | | | | | | | | |
| १०. | दुर्गम एवं विशेष क्षेत्र विकास कार्यक्रम (६९-३/४-८४०) | १२२७७९ | १४५००० | २२५८८ | १२२४१२ | ९०००० | ५५००० (CARE Nepal) | ० | P2 | ०३ |
| ११. | जिल्ला प्राविधिक कार्यालयहरु (६९-३/४-८०३) | १२२६८१ | १२१५५० | १००१३५ | २१४१५ | १२१५५० | ० | ० | P2 | ०४ |

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | आ.व. २०६०/६१ को संशोधित अनुमान | आ.व. २०६१/६२ | | | | | | प्राथमिकता संकेत | रणनीति संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जम्मा | चालु खर्च | पूंजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक सहायता | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| १२. | ग्रामीण सामुदायिक पूर्वाधार विकास कार्यक्रम ( RCIW) (६९-३/४-८१०) | २५७७१९ | ३४७१८० | २७६१९ | ३१९५६१ | ११५६८० | १३१५०० (WFP) | ० | P1 | ०२ |
| १३. | ग्रामीण पूर्वाधार विकास कार्यक्रम ( RIDP) (६९-३/४-८११) | ७२९२१ | २८३००२ | २२७३५ | २६०२६७ | ७०७८१ | ३८५० (ADB) | २०८३७१ (ADB) | P1 | ०२ |
| १४. | ग्रामीण पूर्वाधार परियोजना ( RAIP) (६९-३/४-८१२) | २७१८ | १५२३१६ | २६२७० | १२६०४६ | १२३१५ | ० | १४०००१ (IDA) | P1 | ०२ |
| १५. | ग्रामीण खानेपानी तथा सरसफाई आयोजना (६९-३/४-८०५) | १०५१५८ | १५२००४ | १५५० | १५०४५४ | १५२००४ | ० | ० | P2 | ०२ |
| १६. | जनसंख्या तथा प्रजनन स्वास्थ्य एकीकृत कार्यक्रम (६९-३-८३५) | ६४७०० | ११०००० | ११०००० | ० | ० | ११०००० (UNFPA) | ० | P2 | ०२ |
| १७. | पश्चिम तराई गरिबी निवारण आयोजना (६९-३/४-८२०) | ७५०५५ | ११०००० | २५४६७ | ८४५३३ | ४३०० | | १०५७०० (IFAD) | P1 | ०३ |
| १८. | ग्रामीण विकास कार्यक्रम (६९-३/४-८२१) | ४१६२५ | १५००० | ० | १५००० | १५००० | ० | ० | P2 | ०२ |
| १९. | जिल्ला विकास समिति (६९-३/४-८००) | १०६२५०० | ८१०००० | ४८५७७९ | ३२४२२१ | ५६०००० | ० | २५०००० (IDA-PRSP) | P1 | ०४ |
| २०. | नगरपालिका अनुदान (६९-३/४-८०२) | १६४००० | २००००० | ४८१०० | १५१९०० | २००००० | ० | ० | P2 | ०४ |
| २१ | गाउं विकास समिति अनुदान (६९-३/४-८०१) | १९५६५०० | १९५६५०० | ४८९१२५ | १४६७३७५ | ६३६५०० | ० | १३२०००० (IDA-PRSP) | P1 | ०४ |
| २२ | स्थानीय विकास निर्माण एवं कृषि सडक आयोजना (६९-३/४-८१४) | २१९३०० | ३०४७५० | १३२८० | २९१४७० | २०४७५० | १००००० (Japan DRF) | ० | P2 | ०२ |
| २३ | वृहत एवं स्थानीय स्तरका झोलुङ्गे एवं स्थानीय स्तरका झोलुङ्गे पुलहरुको निर्माण तथा मर्मत सम्भार (६९-३/४-८१५) | २०२६७८ | २४३००० | १६२१६ | २२६७८४ | १६३००० | ८०००० (HELVETAS, JAPAN-NPG) | ० | P1 | ०२ |
| २४ | ग्रामीण पहुँच कार्यक्रम (RAP) (६९-३/४-८१७) | १४९९४४ | ४६४२०० | ३९५० | ४६०२५० | ४२०० | ४६०००० (DFID) | ० | P1 | ०२ |

| सि.नं. | आयोजना/कार्यक्रमको नाम | आ.व. २०६०/६१ को संशोधित अनुमान | आ.व. २०६१/६२ | | | | | | प्राथमिकता संकेत | रणनीति संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कुल जम्मा | चालु खर्च | पुंजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक सहायता | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| २५. | ग्रामीण सडक मर्मत सम्भार कोष (६९-३/४-८५२) | २८३७४ | ४०००० | ९३ | ३९९०७ | २०००० | २०००० (ADB) | ० | P2 | ०२ |
| २६. | जिल्ला सडक सहयोग कार्यक्रम (DRSP) (६९-३/४-८१८) | २८०७२ | ८३०७४ | ४१० | ८२६८४ | २२३०० | ६०७७४ (SDC) | ० | P1 | ०२ |
| २७. | स्थानीयस्तरका वातावरणीय व्यवस्थापन कार्यक्रम (६९-३/४-८६०) | ३०९८१ | ४२०३२ | ६१२ | ४२४२० | ११३२ | ४०९०० (FINNIDA) | ० | P3 | ०२ |
| २८. | बाल तथा महिला विकासका लागि विकेन्द्रित कार्यक्रम (DACAW) (६९-३/४-८५५) | १४४५६५ | २१५७१७ | ० | २१५७१७ | ० | २१५७१७ (UNICEF) | ० | P2 | ०३ |
| २९ | पश्चिमी उच्च पहाडी गरिबी निवारण आयोजना (६९-३/४-८३४) | ४३९७२ | ६०००० | १७२९३ | ४२७०७ | २१७६ | ५९६७ (IFAD) | ५१८५७ ( IFAD) | P1 | ०३ |
| ३० | विकेन्द्रीत वित्त तथा विकास कार्यक्रम (६९-३/४-८०६) | ० | ८५००० | ४५००० | ४०००० | ० | ८५००० ( UNCDF) | ० | P1 | ०२ |
| ३१. | विकेन्द्रीत स्थानीय निकाय सहयोग कार्यक्रम (६९-३/४-८०७) | ० | १००००० | ५५००० | ४५००० | ० | १००००० ( UNDP) | ० | P1 | ०२ |
| ३२. | जनसहभागितामा आधारित विकास कार्यक्रम (६९-४-८३१) | ० | ४००००० | ० | ४००००० | ४००००० | ० | ० | P1 | ०२ |
| ३३. | समुदायद्वारा संचालित प्राथमिक शिक्षा (६९-३-८४८) | ० | २०००० | २०००० | ० | ० | २०००० (UNDP) | ० | P1 | ०२ |
| | जिल्लास्तरीय जम्मा | ४८९६२४२ | ६४६०३२५ | १५३१२०२ | ४९२९१२३ | २७९५६८८ | १५६८७०८ | २०९५९२९ | | |
| | कुल जम्मा | ५०३२१६४ | ६६७५९१४ | १६२६५५२ | ५०४९३६२ | २८९२२७७ | १७०७७०८ | २०७५९२९ | | |

## ५.५ अन्य सामाजिक सेवा

### ५.५.१ जनसंख्या तथा वातावरण

गरिबीको उच्च दर र यसको व्यापकता तथा बिग्रदो वातावरणमा सुधार गर्न जनसंख्या वृद्धिदरलाई वाञ्छित दरमा नियमित गर्नु राष्ट्रिय दृष्टिकोणबाट अपरिहार्य छ। उच्च दरमा बढिरहेको जनसंख्याले विकासका संरचनाहरू र प्राकृतिक स्रोत साधनमा नकारात्मक चाप सिर्जना गरिरहेको छ। जनसंख्या वृद्धिसँगै गाँसिएको गरिबीले वातावरणीय सन्तुलन समेत खस्कँदै गएको अवस्था छ। उल्लिखित तथ्यलाई हृदयंगम गरी आ.ब. २०६१/६२ मा जनसंख्या वृद्धि र आर्थिक सामाजिक विकास तथा वातावरण बीच आवश्यक सन्तुलन कायम गरी नेपाली जनताको मानवोचित आवश्यकता परिपूर्ति गर्ने कार्यमा सघाउ गर्ने वृहत्तर उद्देश्यले दिगो रूपमा जनसंख्या नियन्त्रण र वातावरण सम्बर्द्धनका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**आयोजनाको नाम: राष्ट्रिय जनसंख्या तथा वातावरण संरक्षण कार्यक्रम** (४६-३-२००/४६-४-२००)

| | |
|---|---|
| आयोजना शुरू भएको/हुने मिति: २०६०।४।१ | आयोजना समाप्त हुने मिति: सालवसाली |
| कुल लागत: X | आ.ब. ०६१।६२ को बजेट: रू ४ करोड ३१ लाख ५० हजार |
| आयोजनाको प्रकृति: जनसंख्या व्यवस्थापन र वातावरण संरक्षणको दिशामा नीतिगत समन्वय तथा जनचेतना अभिवृद्धि गर्ने | स्रोत: श्री ५ को सरकार रू. ३६६९० हजार<br>बैदेशिक अनुदान रू. ६४६० (UNFPA) |

**कार्यक्रमको स्थिति/प्रगति :**

<u>वातावरण संरक्षणतर्फ</u>

७५ जिल्लाको वातावरणीय स्रोतको पूर्ण मूल्याङ्कन गर्ने, नेपाल पक्ष रहेका वातावरण सम्वन्धि महासन्धिहरूको कार्यान्वयन, वातावरण प्रभाव मूल्याङ्कन निर्देशिका परिमार्जन, Environmental Auditing Guidelines तर्जुमा, वातावरणीय कानुनहरूको पुनरावलोकन गरिएको छ।

<u>जनसंख्या व्यवस्थापनतर्फ</u>

जनसंख्या सम्वन्धि दीर्घकालिन नीति, कार्ययोजना तर्जुमा, जनसंख्या व्यवस्थापन सम्वन्धि अध्ययन अनुसंधान तथा प्रतिवेदन प्रकाशन, समन्वय तथा डाटा बैंक सुदृढिकरण, जनसंख्या र विकास विषयक तालिम संचालन गरिएका छन।

<u>सुचना, शिक्षा र संचारतर्फ</u>

रेडियो तथा टेलिभिजनद्वारा श्रृखंलाबद्ध सन्देश उत्पादन र प्रसारण, प्रकाशन र प्रचार सामग्री उत्पादन, अन्तरनिकाय कार्यक्रम समन्वय, विकास र विस्तार, Population Advocacy सम्वन्धि रणनीतिपत्र तयारी, पक्षपोषण कार्यक्रम संचालन गरिएका छन्।

**आ.ब. ०६१।६२ मा सम्पादन हुने मुख्य कार्य:**

<u>वातावरण संरक्षण कार्यक्रम अन्तर्गत</u>

मानव अधिकार कार्यक्रम, वातावरणीय प्रभाव मुल्यांकन, वातावरण सम्बन्धी विभिन्न महासन्धीहरूको कार्यान्वयन, प्रदुषण मापदण्ड निर्धारण र पालना, लैंगिक कार्यक्रमका साथै वातावरणीय प्रबर्द्धन तथा जनचेतना जस्ता कार्यक्रमहरू संचालन गरिनेछन्।

<u>राष्ट्रिय जनसंख्या कार्यक्रम अन्तर्गत</u>

मानव अधिकार कार्यक्रम, जनसंख्या नीति/कार्यक्रम, किशोर किशोरी तथा यूवा यूवती सम्बन्धी कार्यक्रमहरू राखिएका छन्।

<u>सुचना शिक्षा र संचारतर्फ</u>

वातावरण र जनसंख्या सम्वन्धि रेडियो जनचेतना अभिबृद्धि कार्यक्रम, टेलिभिजन मार्फत जनचेतना अभिबृद्धि कार्यक्रम, एफ.एम.छलफल कार्यक्रम, गैरसरकारी संस्था मार्फत प्रत्यक्ष संचार कार्यक्रम संचालन गरिने छन्।

**अपेक्षित उपलब्धि:**

<u>वातावरण संरक्षण कार्यक्रम अन्तर्गत</u>

केन्द्रिय स्तरबाट हुने कार्यक्रमबाट वातावरण सम्बन्धि ऐन नियमहरूको समीक्षा हुने, वातावरणीय प्रभाव मुल्यांकन निर्देशिकाको परिमार्जन हुने, वातावरण मैत्री निर्माण प्रबिधि आचारसंहिता तयार हुने, वातावरणीय जनचेतना

कार्यक्रम संचालन हुने वातावरणीय अनुगमन निर्देशिका र वातावरणीय परीक्षण निर्देशिकाको तयारी हुनेछ ।

राष्ट्रिय जनसंख्या कार्यक्रम अन्तर्गत

उक्त कार्यक्रमहरूबाट जनसंख्या सम्बन्धी दीर्घकालिन योजना तर्जुमा हुने, जनसंख्या तथा विकास सम्बन्धि अन्तर्राष्ट्रिय सम्मेलन (ICPD) कार्यान्वयन अनुगमन, स्थिति प्रतिवेदन तयारी हुने, नेपाल प्रवेश बिन्दुहरूमा आवामगमन सर्भेक्षण हुने, जनसंख्या र विकास सम्बन्धी राष्ट्रिय र क्षेत्रीयस्तरको तालिम हुने, किशोर किशोरी लक्षित कार्यक्रम प्रवर्द्धनका लागि केन्द्रीयस्तरमा सञ्जाल विस्तार हुनेछ ।

सूचना शिक्षा र संचारतर्फ

उक्त कार्यक्रमहरूबाट वातावरण र जनसंख्या सम्बन्धि जनचेतना अभिबृद्धि हुनेछ ।

जनसंख्या तथा वातावरण क्षेत्र अन्तर्गत आ. ब. ०६१/६२ को कार्यक्रम तथा बजेट

(रू.हजारमा)

| सि.नं. | आयोजनाको/कार्यक्रमको नाम बजेट शिर्षक नं. | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालू खर्च | पुंजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| १. | राष्ट्रिय जनसंख्या तथा वातावरण संरक्षण कार्यक्रम ४६-३-२००/ ४६-४-२०० | ३३१९९ | ४३१५० | ३८१५० | ५००० | ३६६९० | ६४६० UNFPA | | P1 | ०२ |

## ५.५.२ महिला, बालबालिका तथा समाज कल्याण

महिला अधिकार, बाल अधिकार तथा सामाजिक विकासका सम्बन्धमा सम्पन्न भएका संयुक्त राष्ट्र संधीय महासन्धी तथा अन्तर्राष्ट्रिय सम्मेलनहरूमा श्री ५ को सरकारले प्रतिबद्धता जनाए अनुसार महिला विकास, लैङ्गिक समानता, बाल विकास र समाजका प्रत्येक अङ्गको विकास गर्ने अवधारणालाई आत्मसात गर्दै वालबालिका, अपाङ्ग तथा जेष्ठ नागरिकहरूको जीवनस्तर उठाउन र राष्ट्रिय विकासमा महिलाको सहभागितालाई मूल प्रवाहमा समाहित गरी लैङ्गिक समानता र सशक्तिकरणको आधारमा महिला लगायत पुरै समाजको विकास गर्ने लक्ष्य अनुरूप आ.व. २०६१।६२ मा निम्न उल्लेख भए अनुसार कार्यक्रम संचालन गरिने छ। ती कार्यक्रमहरूमध्ये पहिलो प्राथमिकतामा ६ वटा दोस्रो प्राथमिकतामा ४ वटा र तेस्रो प्राथमिकतामा १ वटा कार्यक्रम गरि जम्मा ११ वटा कार्यक्रमहरू सञ्चालन हुने छन्।

### १. महिला सशक्तिकरण कार्यक्रम ( ५६-३-२०१/५६-४-२०१)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **कार्यक्रम सुरू मिति :** आ.व.२०५३।०५४ | **कार्यक्रम सम्पन्न हुने मिति :** सालवसाली |
| **कार्यक्रमको कूल लागत :** सालवसाली | **आ.ब. २०६१/६२ को वजेट :** रू. २३०७६ हजार |
| **कार्यक्रमको प्रकृति :** महिला सशक्तिकरण एवम प्रवर्द्धन, | **स्रोत :** श्री ५ को सरकार रू.२२०७५ हजार |
| | **वैदेशिक :** अनुदान : रू.५०१ हजार UNFPA |
| | **ऋण :**रू.५०० हजार IDA |

**(क) आ. ब. २०६०।६१ को प्रगति:**

विभिन्न मन्त्रालयका Gender Focal Point हरूबीच समन्वय गर्न लैङ्गिक समनता सम्बन्धी अभिमुखिकरण गोष्ठि र घरेलु हिंसा सम्बन्धमा ५ जिल्लामा जनजागरण गोष्ठि सम्पन्न भएको, चेलीबेटी बेचविखन नियन्त्रणको लागि २० जिल्लाका जिल्ला कार्य समितिलाई अनुदान दिएको, Women Studies विषयका १० जना छात्राहरूलाई छात्रवृत्ति दिइएको, लोक सेवा आयोगको परीक्षामा सम्मिलित हुने महिलाहरूको लागी विशेष तयारी कक्षा सञ्चालन गरि २०० जनालाई प्रशिक्षित गरिएको, एकल महिला समूहलाई मैन बत्ती, धुप वत्ती, अचार वनाउने आदि गरि ३ पटक सीपमूलक तालिम दिइएको आदि।

**(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :**

आ.व. २०६१।६२ मा घरेलु हिंसा नियन्त्रण सम्बन्धमा ५ वटा जिल्लामा जनजागरण गोष्ठी गर्ने, लोक सेवा आयोगको परीक्षामा सम्मिलित हुने रा.प.अनंकित महिलाहरूको लागी विशेष तयारी कक्षा ५ वटा ५ विकास क्षेत्रमा सञ्चालन गर्ने, चेलीबेटी वेचविखन विरूद्ध गठित २६ वटा जिल्ला कार्य समितिहरू तथा घरेलु लगायतका हिंसा पिडित महिलाहरूको लागि पुनःस्थापना गृह र एकल महिला समूह काठमाडौंलाई अनुदान दिने, Women Studies अध्ययन गर्ने १० गरिब तथा पिछडिएका छात्राहरूलाई छात्रवृत्ति दिनुको साथै महिला सशक्तिकरणको सिलसिलामा विशेष योगदान गर्ने २ जना पत्रकारहरूलाई पुरस्कृत गर्ने, ३ वटा Gender Networking Group Meeting र लैङ्गिक वकालत क्षमता सम्बन्धी २ वटा तालिम सञ्चालन गर्नुका साथै अन्तर्राष्ट्रिय नारी दिवस मनाउने तथा अनुगमन प्रणाली सुदृढ बनाउने जस्ता कार्यक्रमहरू समावेश गरिएका छन् भने यसका अलावा महिला,वालवालिका तथा समाज कल्याण मन्त्रालय महिला विकास विभागवाट आर्थिक सशक्तिकरणमा जोड दिने खालका कार्यक्रमहरूमा। द्वन्द पिडित, हिंसा पिडित, दलित र जनजाति एवम पिछडिएका महिलालाई शिप विकास तथा आयआर्जन कार्यक्रम सञ्चालन गर्ने, ५९ जना वादी किशोरीहरूलाई आवासिय शिक्षा दिने, ड्राईभिङ्ग तथा मोटर साईकल मर्मत तालिम जस्ता सम्पुर्ण तालिमवाट २००० महिला लाभान्वित हुने छन्।

**(ग) अपेक्षित उपलब्धि :**

महिला हिंसामा कमि हुने, चेलीबेटी वेचबिखन दरमा कमी आउने,लैगिक सचेतनामा वृद्धि हुनुका साथै २०० जना महिलालाई लोक सेवा आयोगको परिक्षाको तयारी कक्षा सञ्चालन गरि महिलाहरूको संख्या निजामति सेवामा वृद्धि गरिनेछ।

### २. वालकल्याण कार्यक्रम ( ५६-३-४०१/५६-४-४०१)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति :आ.व.२०५३।०५४ | कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली |
| कार्यक्रमको कूल लागत : सालवसाली | आ.ब. २०६१।६२ को वजेट : रू. ५०३५ हजार |
| कार्यक्रमको प्रकृति : वालवालिकाको संरक्षण तथा उत्थान | स्रोत : श्री ५ को सरकार |

(क) आ.ब. २०६०।६१ को प्रगति:

केन्द्रीय बाल कल्याण समिति र जिल्ला बाल कल्याण समितिको व्यवस्थापन र सचिवालय सञ्चालन गरिएको, झापा,सुनसरी र सप्तरी जिल्लाका २०० जना द्वन्द्व पिडित बालबालिकाहरूलाई शैक्षिक सहयोग दिएको, बालबालिकाको लागि १० वर्षे राष्ट्रिय कार्य योजनाको मस्यौदा तयार गरिएको, ५वटा गैरसरकारी संस्थाहरूलाई तथ्यांक संकलन, परामर्श एवम सुझाव,समन्वय जस्ता कार्य गर्न अनुदान दिइएको ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा बालबालिकाको क्षेत्रमा कार्यरत संघ संस्थासँग अन्तरक्रिया गर्ने, बालबालिकाको निमित्त गैर सरकारी संस्थाहरूको महासंघ, ग्रामीण विकास तथा महिला एकता केन्द्र, सहारा बाल कार्यक्रम, होस्टल, लगायत १० संस्थालाई कार्य गर्न अनुदान दिने, केन्द्रिय र जिल्ला बाल कल्याण समिति मार्फत वाल हित सम्बन्धी तथ्यांक संकलन, सूचना प्रकाशन,परामर्श एवम सुझाव, समन्वय जस्ता कार्यक्रम सञ्चालन गर्नु, मन्त्रालय बाल विकास शाखाको सूचना पद्धति सुदृढिकरण गर्ने, कार्यक्षमता अभिवृद्धिको लागि मानव संसाधन विकास गर्ने, बीरगञ्जको वालगृहको किचन ब्लकको बाँकी कार्य पुरा गर्ने र वुटवलको वाल गृह निर्माण कार्य शुरू गर्ने कार्यक्रम रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

बाल कल्याण समितिहरूको संस्थागत विकास भई बाल अधिकारको सरक्षणमा सकरात्मक योगदान पुग्ने, बालबालिका सम्बन्धी कार्य गर्ने गैरसरकारी संस्थाहरूको कार्यक्रममा समन्वयता कायम भई प्रभावकारिता बृद्धि हुने, असहाय तथा पिडित बालबालिकाहरूको उद्धार हुने छ ।

३. **समाज कल्याण (जेष्ठ नागरिक उपचार कार्यक्रम समेत) ( ५६-३-३०१/५६-४-३०१)**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति : आ.व.२०५३।०५४ | कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली |
| कार्यक्रमको कूल लागत : सालवसाली | आ.ब. २०६१।६२ को वजेट : रू. ६०१९ हजार |
| कार्यक्रमको प्रकृति : सामाजिक सुरक्षा सम्वन्धी | स्रोत : श्री ५ को सरकार |

(क) आ.ब. २०६०।६१ को प्रगति:

६५जना रोजगारी मूलक तालिम, ६ जिल्लामा सि.वि.आर. कार्यक्रम सञ्चालन गर्ने संस्थालाई अनुदान दिएको,२८ जिल्लाका जेष्ठ नागरिक उपचार सेवा व्यवस्था तथा कार्यक्रम मूल्यांकन गरिएको, जेष्ठ नागरिक सम्बन्धी कार्य गर्नेहरूबीच समन्वय गर्न बैठक, गोष्ठी सञ्चालन गरिएको, जेष्ठ नागरिक सम्बन्धी कार्य गन तनहुँ र विरगंजका २ संघ संस्थालाई अनुदान दिइएको ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

६२ जना अपांगलाई रोजगारी मूलक तालिम दिने,६ जिल्लामा समुदायमा आधारित पुर्नस्थापना कार्यक्रमलाई अनुदान दिने, अपांग दिवस मनाउने, अपांग सेवा राष्ट्रिय समन्वय समितिको सञ्चालन वा व्यवस्थापन गर्ने, ऱ्याम्प निर्माण गर्ने, देशका विभिन्न स्थान तनहुँ सेवा केन्द्र, सगरमाथा सेवा केन्द्र सप्तरी, महिला विकास केन्द्र सप्तरी, नारी कल्याण सेवा सप्तरी र कैलाली वृद्ध सेवा केन्द्र,महिला आदर्श सेवा केन्द्र, Western Women Awareness Center लाई अनुदान दिने, ३० वटा जिल्लामा जेष्ठ नागरिक उपचार सेवा कार्यक्रम सञ्चालन गर्ने र जेष्ठ नागरिक राष्ट्रिय कार्य योजना छपाई वितरण गर्ने कार्यक्रम रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

नागरिक समाजको समन्वयवाट सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन हुने,जेष्ठ नागरिक कार्ययोजनावाट एकिकृत रूपमा कार्य गर्न सहयोग पुग्ने, सीपमूलक तालिमवाट अपांगहरूको जीवनस्तरमा सुधार आउने ।

४. **लैंगिक समता मूल प्रवाहिकरण ( ५६-३-२०६)**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति : अक्टोवर २००२ | कार्यक्रम सम्पन्न हुने मिति : ३० जुन २००६ |
| कार्यक्रमको कूल लागत : रू.११,०१,०० | आ.ब. २०६१।६२ को वजेट : रू. १०००० हजार |
| कार्यक्रमको प्रकृति : महिला सशक्तिकरण सम्वन्धी | स्रोत : वैदेशिक अनुदान : **UNDP** |

(क) आ.ब. २०६०।६१ को प्रगतिः

९५ वटा समूह गठन भई ३००० जना सदस्यलाई तालिम र सचेतना गराईएको, आयमूलक कार्यक्रम सञ्चालन गरिएको, महिला माथि हुने हिंसा तथा जातीय छुवाछुत र विभेद हटाउनका लागि १६ वटा सामुदायिक मध्यस्थता समिति गठन भएको, ५०० जना हिंसा पिडित महिलालाई निशुल्क कानूनी परामर्श सेवा प्रदान गरिएको, ३३ जना निजामती सेवामा कार्यरत महिला अधिकृत कर्मचारीहरूलाई तालिम र क्षमता अभिवृद्धि कार्यक्रम भएको ,४०० जना महिलाहरूलाई निजामती सेवामा प्रवेशका लागि तालिम दिएको,३० वटा गोष्ठी र ३ वटा अनुसन्धानात्मक कार्य,४ संस्थाहरूमा लैगिक मूलप्रवाहिकरणको काम भएको आदि ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

- समूह गठन तथा सदस्य संस्या : ९५ वटा समूह र ३००० सदस्यहरू
- आयमूलक आर्थिक क्रियाकलाप कार्यक्रम : ९५ वटा समूह र ३००० सदस्यहरू
- निशुल्क कानूनी सहायता : ५०० जना हिंसा पिडित महिलाहरू
- निजामती सेवामा महिलाहरूका लागि क्षमता अभिवृद्धि तालिम : ४०० जना
- आधारभूत स्थलगत सर्वेक्षण : ७८ गा.वि.स.

(ग) अपेक्षित उपलब्धि :

महिला समूह र सदस्य संख्यामा वृद्धि हुनगई आय आर्जन कार्यमा टेवा पुग्ने, हिंसा पिडित महिलाहरूले निशुल्क कानूनी सहायता प्राप्त गर्ने, निजामती सेवामा महिलाहरूको प्रवेशमा वृद्धि हुन सक्ने तथा महिला कर्मचारीहरूको दक्षतामा वृद्धि हुने ।

## ५. चेलीबेटी बेचविखन विरुद्ध संयुक्त कार्यक्रम ( ५६-३-२०७)

**आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम सुरू मिति : सन् २००२ जनवरी सम्पन्न हुने मिति : सन् २००५ डिसेम्बर
कार्यक्रमको कूल लागत : १०,४३, २८हजार आ.व. २०६१।६२ को वजेट : रू.१०००० हजार
कार्यक्रमको प्रकृति : चेलीवेटी वेचविखन नियन्त्रण सम्वन्धी स्रोत : वैदेशिक अनुदान : UNDP

(क) आ.ब. २०६०।६१ को प्रगतिः

२ वटा राहत गृह सञ्चालन,२ वटा स्थान गमन सूचना केन्द्रको स्थापना, ३७ वटा महिला न्यायिक मञ्चको गठन, २०० लघु उद्यमको स्थापना,२० वटा स्वास्थ्य परामर्श तथा योग केन्द्रको स्थापना, ६ वटा संस्थागत सुद्दीकरण (सहकारीं) कार्य, ५३३३ जना सदस्य भएको ३४३ महिला समूह गठन आदि कार्यहरू भएको छ ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

२ वटा राहत गृह निर्माण तथा सञ्चालन, १५ वटा प्राकृतिक चिकित्सा केन्द्र स्थापना तथा सञ्चालन, ३०० जनालाई आय आर्जन कार्यक्रम, १० वटा लघु उद्योग स्थापना, ८० वटा सीपमूलक तालिम सञ्चालन, ३० वटा गोष्ठी गर्ने कार्यक्रम रहेको छ ।

(ग) अपेक्षित उपलब्धि :

चेलिवेटी वेचविखन नियन्त्रण सम्वन्धमा जनचेतना अभिवृद्धि हुने, चेलिवेटीहरूको आय स्तरमा वृद्धि हुने ।

**आयोजनाको संक्षिप्त विवरण**

कार्यक्रम सुरू मिति :२०३९
कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली
कार्यक्रमको कूल लागत : सालवसाली
आ.व. २०६१।६२ को वजेट : रू. १०७१५५हजार
कार्यक्रमको प्रकृति : महिलाहरूको स्तरवृद्धि एवम आत्मा निर्भर सम्वन्धी कार्य
स्रोत : श्री ५ को सरकार रू. ८९९७१ हजार
वैदेशिक ऋण : रू.१७१८४ हजार IDA

## ६. महिला विकास कार्यक्रम (जिल्लास्तर) ( ५६-३-८०१/५६-४-८०१)

(क) आ.ब. २०६०।६१ को प्रगतिः

१४७५ वटा समूह गठन र परिचालन, ३२४० जनालाई संस्थागत विकास तालिम, २८३२ पुरूषलाई लैगिक प्रजननमा

पुरूषको भूमिका तालिम, ३२१९ महिलालाई कानूनी अधिकार सम्वन्धी तालिम कार्यक्रम गरिएको आदि ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

३७५० जनालाई समूह गठन तथा परिचालन सम्वन्धी आधारभूत तालिम दिने, १८७५ जनालाई लैगिक तथा महिला पुरूष समविकास तालिम, १०७५ जनालाई लैगिक एवम प्रजनन स्वास्थ्य सम्वन्धी तालिम, १५००० नयाँ समूह गठन तथा परिचालन गरीने कार्यक्रम रहेको छ ।

(ग) अपेक्षित उपलब्धि :

महिला उद्यमी तथा रोजगारीको अवसरमा वृद्धि हुने छ । साथै महिलाहरू मध्ये पनि पिछडिएका,गरिव,दलित तथा जनजाती महिलाको शिक्षा, स्वास्थ्य र आय मूलक कार्यक्रममा पहुँच वृद्धि हुने छ ।

७. **महिला सीप विकास केन्द्र ( ५६-३-२०२)**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति : २०३० | कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली |
| कार्यक्रमको कूल लागत : सालवसाली | आ.ब. २०६१।६२ को वजेट : रू. २६०६ हजार |
| कार्यक्रमको प्रकृति : महिलाहरूको आर्थिक स्तर वढाउने | स्रोत : श्री ५ को सरकार |

(क) आ.ब. २०६०।६१ को प्रगति:

८०२६ थान हस्तकलाका बस्तुहरू उत्पादन गरिएको, १४७ जनालाई दक्ष जनशक्ति तयार पार्न प्रशिक्षण दिइएको, उत्पादित वस्तुहरूको प्रचार प्रसार तथा ७ पटक भेलामा भाग लिने कार्यहरू सम्पन्न गरिएको आदि ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा सुति कपडा आदि बाट १३५०० थान हस्तकलाका बस्तुहरू उत्पादन गर्ने, उत्पादित वस्तुको बिक्री प्रवर्धनको लागि प्रचार प्रसार लगायत प्रदर्शनी तथा ९ पटक मेलामा सहभागी हुने र ३५० जना दक्ष जनशक्ति तयार गर्न सिलाई, कटाई, बुनाई तथा इम्ब्राइडरी सम्बन्धी तालिम दिने कार्यक्रम रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

महिला उद्यमी तथा रोजगारीको अवसरमा वृद्धि हुनुका साथै हस्तकला वस्तुहरूको निर्यातमा अभिवृद्धि हुने छ ।

८. **महिला विकास कार्यक्रम (केन्द्रस्तर) ( ५६-३-२००/५६-४-२००)**

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति : २०३९ | कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली |
| कार्यक्रमको कूल लागत : सालवसाली | आ.ब. २०६१।६२ को वजेट : रू. ११५३१ हजार |
| कार्यक्रमको प्रकृति : महिलाहरूको चौतर्फी विकासमा टेवा पुग्ने कार्य | स्रोत : श्री ५ को सरकार रू.६९८९ हजार<br>वैदेशिक ऋण :रू.४५४२ हजार IDA |

(क) आ.ब. २०६०।६१ को प्रगति:

७५ जिल्लाको वार्षिक कार्यक्रम समिक्षा गरिएको, महिला विकास अधिकृतहरूको ३ दिने राष्ट्रिय सम्मेलन गरिएको, ७५ जनालाई अभिकरणमुखि तालिम, १०० जना फिल्ड स्तरका कर्मचारीहरूलाई संस्थागत विकास तालिम, महिला विकास कार्यालयले जिल्लामा फोकल एजेन्सीको रूपमा खेल्नुपर्ने भूमिका सम्वन्धी निर्देशिका निर्माण र प्रचार , ४० जनालाई सहकारी लेखा तालिम ,जिल्लास्तरको लैङ्गिक सम्पर्क सुत्रको रूपमा महिला विकास कार्यालयहरूको व्यवस्थापन र सुदृढीकरण कार्य भएको, महिला विकास विभागमा महिला विकास सम्वन्धी सूचना तथा अभिलेख केन्द्र स्थापना गर्ने कार्य भएको आदि ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा ६० जना व्यवसाय प्रवर्धनकर्तालाई तालिमहरू प्रदान गर्नुको साथै कार्यशाला आयोजना सञ्चालन र व्यवसाय प्रवर्धन सम्बन्धी पुस्तिका समेत प्रकाशन गरी ग्रामीण महिलाको आर्थिक कियाकलापको व्यवसायिकरण गर्ने, ५० जना कर्मचारीहरूलाई लैङ्गिक योजना लगायत परिक्षण सम्वन्धी तालिम प्रदान गरी मानव संसाधानको विकास गर्ने, ५ वटा जिल्लाको महिला विकास शाखाहरूको लैगिक सम्पर्क निकायको रूपमा व्यवस्थापन सुदृढिकरण गर्ने, महिला सशक्तिकरण

सम्बन्धी डकुमेण्ट तयार एवम प्रचारप्रसार गर्ने, कम्पुटर स्पटेव्यरको विकास गर्ने र ७५ वटै जिल्लामा जिल्लास्तरीय समन्वय वैठक सञ्चालन गर्नुको साथै वार्षिक प्रगति प्रतिवेदन प्रकाशन गर्ने कार्यक्रम रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

लैगिक सचेतना र मूलप्रवाहिकरणको कार्यक्रमवाट महिलाको आयआर्जन र आर्थिक क्रियाकलापमा वृद्धि भई कूल गार्हस्थ उत्पादन वृद्धिमा समेत योगदान पुग्नुको साथै जिल्लामा मूल प्रवाहिकरणका लागि महिला विकास कार्यालय सक्षम बन्दै जाने ।

## ९. महिला स्वावलम्वन तथा राष्ट्रिय क्षमता सुदृढीकरण सीप कार्यक्रम (५६-३-२०३)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति : २०५५।०५६ | कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली |
| कार्यक्रमको कूल लागत : सालवसाली | आ.व. २०६१।६२ को वजेट : रू. १३४१६ हजार |
| कार्यक्रमको प्रकृति : महिलाहरूलाई स्वावलम्वन गराउने | स्रोत : श्री ५ को सरकार रू. १२१९ हजार |
| | वैदेशिक अनुदान : रू.५५१८ हजार **UNFPA** |
| | ऋण : रू.६६७९ हजार **IDA,** |

(क) आ.ब. २०६०।६१ को प्रगति:

७८ जनालाई NGO/CBO का सहजकर्ता र स्वास्थ्यकर्मीका लागि लैङ्गिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी TOT तालिम दिएको, २६० जनालाई समाजिक परिचालक एवम समुदायका अगुवा महिलाहरूको लागि लैङ्गिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम, ७ पटक भविष्यको छनौट सम्बन्धी तालिम, ५२ जनालाई अनुगमन तथा मूल्यांकन सम्बन्धी सीप विकास कार्यशाला तालिम, द्वन्द्व पिडित महिलालाई आत्मनिर्भर बनाउन विभिन्न प्रकारका सीपमूलक तालिम आदि ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा NGO/CBO का सहजकर्ताहरू र समूहका अगुवा महिलाहरूको लागि लैङ्गिक तथा प्रजनन स्वास्थ्य सम्बन्धी तालिम ५५० जनालाई प्रदान गर्ने, १२२६ जना किशोरीहरूका लागि भविष्यको छनौट सम्बन्धी तालिम र २६ जना म.वि.अ. हरूका लागि अनुगमन तथा मूल्यांकन सीप लगायतका तालिम प्रदान गर्ने, एकल तथा द्वन्द पिडित महिलाहरूका लागि अभिमुखिकरण तथा सीप विकास सम्बन्धी २० किसिमका तालिम कार्यक्रम ५६० जनालाई सञ्चालन गर्ने, १९० जना वादी महिलाहरूलाई शिपमूलक तालिम, १०० जना वादी महिलालाई आधारभूत तालिम, ५० जना वादी महिलाहरूलाई प्रजनन स्वास्थ्य एवम लैगिक सचेतना तालिम, २ वटा वादी महिलाहरूको संस्था गठन र व्यवस्थापन गर्ने र तालिमहरूको प्रभाव अध्ययन गर्ने कार्यक्रम रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

लैगिक तथा प्रजनन स्वास्थ्य सम्वन्धमा सुधार एवम रोजगारीको अवसरमा वृद्धि हुने छ ।

## १०. जागृति (महिला आय आर्जन) कार्यक्रम ( ५६-३-२०५/५६-४-२०५)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति : २०५७।०५८ | कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली |
| कार्यक्रमको कूल लागत : सालवसाली | आ.व. २०६१।६२ को वजेट : रू. ५१३०० हजार |
| कार्यक्रमको प्रकृति : महिला सचेतना एवम आर्य आर्जन कार्य | स्रोत : श्री ५ को सरकार रू.३२३०२ हजार |
| | वैदेशिक ऋण : रू.१८९९८ हजार **IDA** |

(क) आ.ब. २०६०।६१ को प्रगति:

९३१ वटा समूह गठन र व्यवस्थापन, ९३१ संस्था गठन र व्यवस्थापन, महिला सशक्तिकरणका लागि २५० संस्थालाई चालु कोषको प्रवाह कार्यक्रम र संस्थाका १९३५ जना अगुवाहरूलाई संस्थागत लेखा व्यवस्थापन तालिम, संस्थागत विकास पुनर्ताजगिय तालिम २०९७ जनामा सञ्चालन आदि भएको ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा समूह व्यवस्थापन कार्यक्रम अनतर्गत ४००० वटा नयाँ समूह र ३७५ नयाँ संस्था गठन तथा व्यवस्थापन कार्य सञ्चालन हुनुको साथै ७५ वटै जिल्लाका समूहका महिलाका लागि ७ दिने आधारभूत तालिम ७५

जनालाई र ४५ जना महिलाका लागि शिप विकास तालिम संस्थाका अगुवाका लागि संस्थागत लेखा तथा अभिलेख व्यवस्थापन तालिमका साथै महिला सशक्तिकरणका लागि चालुकोष वितरण गर्ने कार्यक्रम रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

महिला समूह सञ्चालनको लागि महिलाहरूको कार्यदक्षतामा अभिवृद्धि हुनका साथै आय मूलक कार्यकममा पहूँच वृद्धि हुने ।

## ११. राष्ट्रिय अपांग महासंघ (नेपाल अपांग संघ समेत) (५६-३-३०२)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| कार्यक्रम सुरू मिति : २०५७।०५८ | कार्यक्रम सम्पन्न हुने मिति : सालवसाली |
| कार्यक्रमको कूल लागत : सालवसाली | आ.ब. २०६१।६२ को बजेट : रू. २८७५ हजार |
| कार्यक्रमको प्रकृति : अपांगहरूको हित सम्वन्धी कार्य | स्रोत : श्री ५ को सरकार रू.१८७५ हजार |
| | वैदेशिक ऋण : रू. १००० हजार IDA |

(क) आ.ब. २०६०।६१ को प्रगतिः

अपाङ्ग सम्बन्धी सूचना तथा परामर्श केन्द्र सञ्चालन तथा व्यवस्थापन, २१६जना अपाङ्गहरूलाई पुनर्स्थापना कार्यक्रमवाट सेवा प्रदान गरिएको, २० जना अपांग महिलाहरूका लागि नेत्रीत्व तालिम, २० जनालाई संस्थागत विकास तालिम, १२ जिल्लामा जनचेतना तथा स्थानिय निकाय परिचालन गोष्ठी सञ्चालन भएको, अपाङ्गहरूलाई समेटेर जनशक्ति तथा क्षमता विकास तालिम, शैक्षिक सहयोग, छात्राबृत्ति तथा स्वास्थ्य सेवा कार्यहरू भएको आदि ।

(ख) आ.ब. २०६१।६२ मा मुख्य मुख्य कार्यक्रमहरू :

आ.व. २०६१।६२ मा २९५ जना अपाङ्गहरूका पुनर्स्थापन कार्यक्रम सञ्चालन गर्ने, अपाङ्गहरूका लागि रोजगारमूलक र २० जना अपाङ्ग महिलाहरूको लागि नेतृत्व तालिम प्रदान गर्ने, समूदायमा आधारित पुनस्थापना कार्यक्रमवाट २०० जना अपांगहरूलाई सेवा प्रदान गर्ने, १ वटा अपांगको सुचना सम्वन्धी परामर्श केन्द्र स्थापना र सञ्चालन गर्ने,अपाङ्गहरूका लागि नमूना र्‍याम्प निर्माण गर्ने, अपाङ्गता सम्बन्धमा जनचेतना तथा स्थानिय निकाय परिचालन गोष्ठि, १२ जिल्लामा तालिम आदि सञ्चालन गर्ने, त्रैमासिक पत्रिका प्रकाशन गर्ने र अपाङ्ग दिवस मनाउने कार्यक्रम रहेका छन् ।

(ग) अपेक्षित उपलब्धि :

अपाङ्ग सम्वन्धी परम्परागत सोचमा परिवर्तन हुने, नीतिगत तथा कार्यगत स्तरमा तथा सूचना र भौतिक वातावरणमा अपाङ्गहरूको आवश्यक पहुँचमा वृद्धि हुने छ ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय

आगामी आ.व. २०६१।६२ को बजेट

रू. हजारमा

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्रायमिकता क्रम | रणनीतिक स्तम्भ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पुँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | | | |
| १ | महिला सशक्तिकरण कार्यक्रम ५६-३-२०१ /५६-४-२०१ | २४२० | २३०७६ | २२६३८ | ४३८ | २२०७५ | ५०१ (UNFPA) | ५०० (IDA) | १००१ | p1 | ३ |
| २ | बाल कल्याण कार्यक्रम ५६-३-४०१ /५६-४-४०१ | ३७१२ | ५०३५ | ४२४५ | ७९० | ५०३५ | ० | ० | ० | p1 | ३ |
| ३ | समाज कल्याण कार्यक्रम ( जेष्ठ नागरिक उपचार समेत) ५६-३-३०१ /५६-४-३०१ | ३७८४ | ६०१९ | ५९६९ | ५० | ६०१९ | ० | ० | ० | p1 | ३ |
| ४ | लैंगिक समता मूल प्रवाहिकरण ५६-३-२०६ | ० | १०००० | १०००० | ० | ० | १०००० (UNDP) | ० | १०००० | p1 | ३ |
| ५ | चेलिबेटी बेचबिखन विरूद्ध सयुक्त कार्यक्रम ५६-३-२०७ | ० | १०००० | १०००० | ० | ० | १०००० (UNDP) | ० | १०००० | p1 | ३ |
| ६ | महिला विकास कार्यक्रम (जिल्लास्तर) ५६-३-८०१ /५६-४-८०१ | ९९९२३ | १०७१५५ | १०५१५५ | २००० | ८९९७१ | ० | १७१८४ (IDA) | १७१८४ | p1 | ३ |
| ७ | महिला सीप विकास कार्यक्रम ५६-३-२०२ | १७५४ | २६०६ | २६०६ | ० | २६०६ | ० | ० | ० | p2 | ३ |
| ८ | महिला विकास कार्यक्रम (केन्द्र) ५६-३-२०० /५६-४-२०० | १०५३९ | ११५३१ | ११४४१ | ९० | ६९८९ | ० | ४५४२ (IDA) | ४५४२ | p2 | ३ |

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पुँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | | | |
| ९ | महिला स्वावलम्बन तथा राष्ट्रिय क्षमता सुदृढिकरण कार्यक्रम ५६-३-२०३ | ७१४६ | १३४१६ | १३४१६ | ० | १२१९ | ५५१८ (UNFPA) | ६६७९ (IDA) | १२१९७ | p2 | ३ |
| १० | जागृति (महिला आय आर्जन) कार्यक्रम ५६-३-२०५ /५६-४-२०५ | ४३३६२ | ५१३०० | ५१३०० | ० | ३२३०२ | ० | १८९९८ (IDA) | १८९९८ | p2 | ३ |
| ११ | राष्ट्रिय अपाङ्ग महासंघ ( नेपाल अपाङ्ग संघ समेत) ५६-३-३०२ | २८१९ | २८७५ | २८७५ | ० | १८७५ | ० | १००० (IDA) | १००० | p3 | ३ |
| | जम्मा | १७५४५९ | २४३०१३ | २३९५४५ | ३३६८ | ९६८०९१ | २६०१९ | ४८९०३ | ७४९२२ | | |

## ५.५.३ आवास, वस्ती तथा शहरीकरण

शिक्षा, रोजगारी र अन्य अवसरहरूको खोजीमा गाउँबाट शहरतर्फ बसाई सर्ने प्रवृत्तिले शहरी बसोबास अनियन्त्रित बन्दै गएको छ। यसबाट एकातर्फ शहरी जीवनलाई बढी रोजगारीमूलक, स्वस्थकर र उत्पादनशील बनाउनु पर्ने र अर्कोतर्फ शहरी तथा ग्रामीण क्षेत्रीय अन्तरसम्बन्धको विकास गरी ग्रामीण क्षेत्रमा अत्यावश्यक पूर्वाधारहरू विकास गरी बसाईसराईको क्रम न्यून गर्ने चुनौती उत्पन्न भएको छ।

अधिराज्यका अन्य शहरी क्षेत्र तथा शहरोन्मुख गाउँहरूमा अत्यावश्यक सेवाहरूको विस्तार तथा सुविधायुक्त आवास निर्माण हुन सके राजधानी लगायत अन्य ठूला शहरहरूमा हाल परिरहेको जनसंख्याको अत्यधिक चाप घटाउन सहयोग पुग्न जानेछ। यी क्षेत्रहरूमा स्थानीय निकाय एवं निजी क्षेत्रलाई संलग्न गराई श्री ५ को सरकारले उत्प्रेरकको भूमिका निभाउने नीतिलाई आ.व. ०६१।६२ मा पनि निरन्तरता दिइनेछ।

आ.व. ०६१।६२ मा आवास, बस्ती तथा शहरीकरण क्षेत्र अन्तर्गत कूल १२ बटा कार्यक्रम/आयोजनाहरू कार्यान्वयन गरिनेछन्। यसमध्ये पहिलो प्राथमिकता प्राप्त आयोजनाको संख्या ७ रहेको छ र यी आयोजनाले कूल क्षेत्रगत बजेटको ८१.०४ प्रतिशत समेटेका छन्। यसैगरी दोस्रो र तेस्रो प्राथमिकता प्राप्त आयोजनाको संख्या क्रमशः ३ (क्षेत्रगत बजेटको १३.५६ प्रतिशत) र २ (क्षेत्रगत बजेटको ५.४० प्रतिशत) रहेको छ।

आ.व. ०६१।६२ मा देहाय बमोजिमका कार्यक्रम संचालन गरिनेछन्।

### १. शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम (४८-३-७५०,४८-४-७५०)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०४९/ ५० | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व. ०६१।६२ को बजेट : रू १४००० हजार |
| आयोजनाको प्रकृति : शहरी पूर्वाधार विकास | श्रोत : श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ को प्रगति :**

यस कार्यक्रमबाट विभिन्न बजार केन्द्रको अध्ययन पुरा गरिएको छ। साना शहर तथा बजार क्षेत्रमा सडक, धर्मशाला, सवारी विसौनी, नाली जस्ता भौतिक पूर्वाधारको विकास गरी सेवा सुविधाको विस्तार गरिएको छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

हरिसिद्धि क्षेत्रलाई उपनगर क्षेत्रको रूपमा विकास गर्ने क्रममा सो क्षेत्रको निर्माण मापदण्ड तयार गर्ने, घोषित साना शहरहरू मध्ये ३ वटा साना शहरको भौतिक विकास योजना तथा कार्यक्रम तर्जुमा गर्ने, आगलागीबाट क्षति भएको ताप्लेजुङ्को सदरमुकाम फुङलिङ बजार, मोरङको वैजनाथपुर, बांकेको नेपालगंज, डोटी दिपायलमा जग्गा विकासको कार्यक्रम सचालन गरिनुका साथै घर जग्गा कारोबार व्यवसाय ऐन तथा जग्गा एकिकरण ऐनको तर्जुमा गरिनेछ। अधिराज्यका विभिन्न नगर क्षेत्रहरूमा जग्गा एकिकरण कार्यक्रम संचालन गर्न एक जग्गा विकास चक्रकोष (Revolving Fund )को स्थापना गरी संचालनमा ल्याईने छ।

**(ग) अपेक्षित उपलब्धि :**

हरिसिद्धि उपनगर विकासका लागि भवन निर्माण मापदण्ड तयार हुने, घरजग्गा कारोवार व्यवसाय ऐन तथा जग्गा एकिकरण ऐन तर्जुमा हुने, जग्गा एकिकरण कार्यक्रम संचालन गर्न रू. ५० लाखको चक्र कोष स्थापना हुने। फुङलिङ बजारमा जग्गा विकास कार्यक्रम अन्तर्गत पुरानो बजार क्षेत्रमा १०० मी. टेवा पर्खाल र ३०० मी. पक्की नाली निर्माण सम्पन्न हुने।

### २. साना शहर बजार विकासबाट ग्रामीण विकास (४८-३-७५१,४८-४-७५१)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०५१/ ५२ | आयोजना सम्पन्न हुने मिति : साल बसाली |
| कूल लागत : नखुल्ने | आ.व. ०६१।६२ को बजेट : रू २५००० हजार |
| आयोजनाको प्रकृति : शहरी पूर्वाधार विकास | श्रोत : श्री ५ को सरकार |

**(क) आ.व.२०६०/६१ को प्रगति :**

आवश्यक भौतिक पूर्वाधारको विकास तथा विस्तारबाट गाँउ शहर अन्तर सम्बन्ध अभिवृद्धि भै ग्रामीण क्षेत्रमा उत्पादन भएको कृषि जन्य उत्पादनको बेच बिखनमा सहयोग पुगेको छ। यस कार्यक्रम अन्तर्गत अधिराज्यका विभिन्न स्थानमा बसपार्क निर्माण, हाटबजार निर्माण, सडकमा ढुङ्गा छाप्ने, सतह ढल निर्माण, सडक रेखाङ्कन आदि कार्यहरू संचालन गरिएका छन्।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

फुङलिङ बजार, धादिङ बजार र गुल्मी तम्घासमा निर्माणाधीन बसपार्कको प्रथम चरणको निर्माण कार्य सम्पन्न गर्ने, गोरखाको दुग्ध चिस्यान केन्द्र निर्माण सम्पन्न गर्ने, भृकुटीमण्डप खुलाबजारको पूर्वाधार विकास एवं विभिन्न बजार क्षेत्रका सडकमा ढुङ्गा छाप्ने लगायतका भौतिक पूर्वाधार विकास कार्यक्रम संचालन गरिने छ।

(ग) अपेक्षित उपलब्धि :

ताप्लेजुङको फुङलिङ बजार, धादिङ बेशी, गुल्मीको तम्घास बजारमा बसपार्क निर्माणको प्रथम चरणको कार्य सम्पन्न हुने। गोर्खाको दुग्ध चिस्यान केन्द्रको भवन निर्माण पुरा गरी हस्तान्तरण हुने। ओखलढुंगाको मानेभन्ज्याङ बजारमा २ कि.मी. ढुंङ्गा छाप्ने काम सम्पन्न हुने।

## ३. एकिकृत कार्यमूलक योजना (शहरी विकास) (४८-३-७५३,४८-४-७५३)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०५२/ ५३ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. ०६१।६२ को बजेट : रू. २५४५ हजार |
| आयोजनाको प्रकृति : शहरी पूर्वाधार विकास | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

नगरपालिकाहरूको संलग्नतामा अधिराज्यका ३४ वटा नगरपालिकामा भौतिक योजना तथा एकिकृत कार्यमूलक योजना तयार गरिनुका साथै ती नगरपालिकाहरूमा गरिनु पर्ने कार्यहरूको प्राथमिकता निर्धारण समेत भई सकेको छ। नगरपालिका र शहरी विकास तथा भवन निर्माण विभागका प्राविधिकलाई एकिकृत कार्यमूलक योजना तयारी सम्बन्धी तालिम प्रदान गरी शिप अभिवृद्धि गरिएको छ। कार्यमूलक योजना तयार भएका नगरपालिकाहरूसंगको साझेदारीमा प्राथमिकीकरणको आधारमा पूर्वाधार विकासको कार्य भएको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

नगरपालिकाहरूसंगको साझेदारीमा ४ वटा नगरपालिकाहरूको डिजिटल आधार नक्सा तयार गर्ने, नगर पालिकाहरूको आधारभूत शहरी पूर्वाधार विकासको नर्मस् र स्टयाण्डर्ड तयार गरी लगानीको श्रोत पहिचान गर्ने र विगतमा तयार भएको ४ वटा नगरपालिकाको योजनाहरूको कार्यमूलक योजनाको अनुगमन गरि परिमार्जन गरिने छ। राष्ट्रिय शहरी नीति प्रकाशन र भौतिक योजना ऐन परिमार्जन गरिनेछ।

(ग) अपेक्षित उपलब्धि :

४ वटा नगरपालिकाको डिजीटल आधार नक्शा तयार हुने, विगतमा तयार भएको ४ वटा नगरपालिकाको कार्यमूलक योजना परिमार्जित हुने। राष्ट्रिय शहरी नीति प्रकाशित हुने र भौतिक योजना ऐन परिमार्जित हुने।

## ४. विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना (४८-३-७५८,४८-४-७५८)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०४३/४४ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कुल लागत : नखुल्ने | आ.व. ०६१।६२ को बजेट : रू ९९३० हजार |
| आयोजनाको प्रकृति : विशेष क्षेत्र भौतिक पूर्वाधार विकास | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०/६१ को प्रगति :

यस कार्यक्रम अन्तर्गत २० वटा विशेष क्षेत्रको भौतिक पूर्वाधार विकासको गुरू योजना तयार भएको छ। गुरू योजना अनुसार दक्षिणकाली क्षेत्र, शेषनारायण क्षेत्र तथा मैतिदेवी क्षेत्रको भौतिक पूर्वाधार तयार गरी दिगो विकासको अवधारणा अनुरूप उक्त क्षेत्रबाट हुने आय श्रोतको सहि परिचालन गरी उचित व्यवस्थापन गर्न उक्त क्षेत्रहरू स्थानीय स्तरमा गठीत प्रबन्ध समितिलाई हस्तान्तरण भई सकेको छ। हाल चालु रहेको चाँगु नारायण क्षेत्र तथा सूर्य विनायक क्षेत्र समेत सोही नीति अनुरूप हस्तान्तरण गर्ने क्रममा रहेको छ। पाल्पाको रानीघाट दरबार संरक्षण, सूर्य विनायक क्षेत्र, गोकर्णेश्वर महादेव क्षेत्र र वज्रबाराही क्षेत्रको पूर्वाधार विकासको कार्य गुरूयोजना अनुरूप चालु रहेको छ भने विभिन्न क्षेत्रमा जनसहभागिता परिचालन गरी पूर्वाधार विकासको कार्य भै रहेको छ।

(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :

साँखु वज्रयोगीनी क्षेत्रको गुरू योजना तयार गर्ने, गुरू योजना तयार भई सकेको वज्रबाराही, गढीमाई लगायतका क्षेत्रमा भौतिक पूर्वाधार विकास गर्ने, कार्य विनायक क्षेत्र, विसंखु नारायण क्षेत्र, फैपि क्षेत्र जस्ता विशेष महत्वका क्षेत्रमा पूर्वाधार विकास गर्ने तथा जनसहभागिता परिचालन गरी अन्य सांस्कृतिक, धार्मिक तथा पर्यटकीय क्षेत्रको सेवा सुविधामा सुधार गर्ने कार्य गरिने छ।

(ग) **अपेक्षित उपलब्धि :**

साँखु वज्रयोगीनी क्षेत्रको गुरूयोजना तयार हुने, गुरूयोजना तयार भईसकेका विशेष महत्वका क्षेत्रमा पूर्वाधार विकास हुने क्रममा वज्रवाराही क्षेत्रमा पिकनीक सेड २ वटा, चौतारा २ वटा, ढुङ्गाले छापेको बाटो २५० मी. निर्माण सम्पन्न हुने। सूर्य विनायक क्षेत्रमा निर्माणाधिन सत्तलको निर्माण कार्य पुरा हुने, गोकर्णेश्वर महादेव मन्दिर क्षेत्रमा १ वटा सार्वजनिक शौचालय निर्माण हुने। कलैयास्थित गढीमाई क्षेत्रमा मेलाको लागि आवश्यक पूर्वाधार तयार हुने।

५. **काठमाण्डौ उपत्यका नगर विकास समिति** (४८-३-७५९,४८-४-७५९)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०३३/३४ | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| कूल लागत नखुल्ने | आ.व. ०६१।६२ को वजेट : रू. १९२४० हजार |
| आयोजनाको प्रकृति : शहरी पूर्वाधार विकास | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यस कार्यक्रम अन्तर्गत आ.व. ०६०।०६१ को अन्तसम्ममा १८ वटा गा.वि.स. को एकिकृत दीर्घकालिन विकास अवधारणा तयार गर्ने लक्ष्य रहेकोमा उक्त कार्य पुरा हुनेछ। निर्देशित जग्गा विकास कार्यक्रम तर्फ हालसम्म २९० कि.मी. बाटो खोलिसकिएको छ। सार्वजनिक जग्गाहरूमा भएको अतिक्रमण हटाउन सार्वजनिक जग्गाको पहिचान गरी उपत्यकाको ३ वटै कार्यान्वयन समिति मार्फत सार्वजनिक जमिनको संरक्षण गर्ने कार्य भैरहेको छ। जग्गा विकास आयोजना तर्फ सम्पन्न भइसकेका ९ वटा आयोजनाहरूको कुल क्षेत्रफल २८९३ रोपनीबाट घडेरी संख्या ६७५९ कायम गरिएको छ। यसवाट ३४ हजार जनसंख्या लाभान्वित भएका छन्।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

काठमाण्डौं उपत्यका भित्रको चारवटा गा.वि.स. छनौट गरी योजना निर्माण गर्ने, जनसहभागिता जुटाई निर्देशित जग्गा विकास गर्ने कार्यक्रम अन्तरगत ७.५ कि.मी. बाटो खोल्ने, काठमाडौको गोठाटारमा करिव ६०० रोपनीमा जग्गा एकिकरण कार्यक्रमको डि.पि. आर. तयार गर्ने, प्रस्तावित र खुलिसकेको बाटोहरूमा माटो भरी ग्राभेल गर्ने, सार्वजनिक जग्गा संरक्षण र विकास गर्ने तथा निर्देशित जग्गा विकास अन्तरगत बाटो खोल्दा मुखमा पर्ने जग्गा अधिग्रहणको मुआब्जा वितरण गर्ने कार्यक्रम रहेको छ।

(ग) **अपेक्षित उपलब्धि :**

निर्देशित जग्गा विकास कार्यक्रम अन्तर्गत खुलेको ७.५ कि.मी बाटोमा ग्राभेल हुने, अधिग्रहण गरिएको जग्गाको मुआब्जा वितरण हुने, जग्गा विकास आयोजना अन्तर्गत सम्पन्न हुने ५ वटा आयोजनावाट ३५ हजार जनता लाभान्वित हुने।

**वाग्मती विष्णुमती संरक्षण आयोजना (संयुक्त राष्ट्र संघ पार्क विकास समिति )**(४८-३-७६१,४८-४-७६१)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०५२/५३ | आयोजना सम्पन्न हुने मिति : : सालबसाली |
| कूल लागत : नखुल्ने | आ.व. ०६१।६२ को वजेट : रू. ६००० हजार |
| आयोजनाको प्रकृति : पूर्वाधार विकास | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

यस कार्यक्रम अन्तर्गत नदी नियन्त्रण, U.N. Pillar डिजाइन, करिब १३०० रोपनी जग्गाको लालपूर्जा प्राप्ति, वृक्षारोपण, बोट विरूवा संरक्षण, कंढितारको वार, वागमती किनारमा ट्र्याकरोड, तथा पक्की कम्पाउण्डवाल लगाउने कार्यको थालनी गरिएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

यू.एन. पार्क निर्माणको क्रममा वाल फेन्सिङ, वृक्षारोपण र नदी नियन्त्रणका कार्यहरूलाई निरन्तरता दिइने छ।

(ग) **अपेक्षित उपलब्धि :**

ललितपुरतर्फको वाल फेन्सिङ कार्य करिव सम्पन्न हुने, वृक्षारोपण कार्य करिब ५० प्रतिशत पुरा हुने।

## ७. नगर विकास कोष समिति (४८-४-७६२)

| आयोजनाको संक्षिप्त विवरण | | | |
|---|---|---|---|
| आयोजना सुरू मिति : | आ. व. ०५९/६० | आयोजना सम्पन्न हुने मिति : | आ. व. ०६३/६४ |
| कूल लागत | रू ६५०००० हजार | आ.व. ०६१।६२ को वजेट : | रू. ६०००० हजार |
| आयोजनाको प्रकृति : | पूर्वाधार विकास | श्रोत : | KFW |

(क) **आ.व. २०६०/६१ सम्मको प्रगति :**

विभिन्न जिल्लाका हेल्थपोष्टहरूको सुधार तथा प्राथमिक स्वास्थ्य उपचार केन्द्रहरूलाई पुनःनिर्माण तथा विस्तार गर्ने कार्यक्रम अन्तर्गत कोषबाट आयोजना अध्ययन तथा कार्यान्वयनको लागि प्राविधिक सहयोग प्रदान गरिएको छ। श्री ५ को सरकारबाट कोषलाई प्राप्त ऋण रकम शहरी तथा वातावरणीय सुधार आयोजना अन्तर्गत विभिन्न शहरमा सामाजिक पूर्वाधार र आयमूलक आयोजनाहरू संचालन गर्न प्रयोग गरिएको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

कोषले आ.व. ०६१।६२ मा विभिन्न नगरपालिकाहरूमा सामाजिक पूर्वाधार तथा आयमूलक आयोजनाहरूको लागि अनुदान, ऋण, सम्भाव्यता अध्ययन र निर्माण सुपरिवेक्षण कार्यका लागि रू. ६ करोड लगानी गर्ने लक्ष्य राखेको छ।

(ग) **अपेक्षित उपलब्धि :**

विभिन्न नगरपालिकाहरूमा सामाजिक पूर्वाधार तथा आयमूलक आयोजना संचालनका लागि रू. ६ करोड लगानी हुने।

## ८. शहरी विकास आयोजना (४८-३-७६३,४८-४-७६३)

| आयोजनाको संक्षिप्त विवरण | | | |
|---|---|---|---|
| आयोजना सुरू मिति : | आ. व. ०५६/५७ | आयोजना सम्पन्न हुने मिति : | सालवसाली |
| कूल लागत : | नखुल्ने | आ.व. ०६१।६२ को वजेट : | रू. ३१६०५ हजार |
| आयोजनाको प्रकृति | शहरी पूर्वाधार विकास | श्रोत : | श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

अधिराज्यका घोषित ५ वटा नमूना शहरहरू धनकुटा, काठमाडौं, विरगंज, तानसेन तथा नेपालगंज लगायत अन्य महत्वपूर्ण शहर तथा शहरोन्मूख स्थानहरूमा प्राथमिकताको आधारमा शहरी पूर्वाधार विकास, विस्तार तथा सुधार गरी शहरी वातावरण सुधार गर्ने कार्य चालु रहेको छ। काठमाण्डौको टुंडीखेल फेन्सिङ्ग गर्ने क्रममा साही सैनिक मन्चको पूर्वी ढोका देखि पश्चिमको महांकाल स्थानसम्म फेन्सिङ्ग गर्ने काम करिव पुरा हुने स्थितिमा रहेको छ। साथै यस कार्यक्रममा संलग्न निकायहरूको संस्थागत सुदृढिकरण गर्ने कार्य चालु रहेको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

क्षेत्रीय सदरमुकामका नगरपालिकाहरू लगायत इलाम, धनकुटा, मोरंग, सप्तरी, सिन्धुपाल्चोक, रसुवा, रौटहट, लमजुङ, पर्वत, अर्घाखांची, पाल्पा, दाङ्ग, सुर्खेत, जुम्ला, बैतडी जिल्लाहरूको शहरोन्मुख बजार केन्द्रहरूमा शहरी पूर्वाधार विकास गर्ने, काठमाडौंको शोभाभगवती क्षेत्रको पूर्वाधार विकास गरी वातावरण सुधार गर्ने, काठमाडौं उपत्यकाको महत्वपूर्ण २ वटा वस्तीहरू खोकना र लुभुमा सेवा सुविधा विस्तार गर्ने, संस्थागत सुदृढिकरणको कार्य चालु राख्ने र जनशक्ति विकास गर्ने कार्यक्रम संचालन गरिने छ। जग्गा एकिकरणको माध्यमबाट काठमाण्डौं उपत्यकाको बाहिरी रिङ्गरोड (Outer Ring Road) को निर्माण कार्य गर्ने अवधारणा अनुरूप सडक रेखाङ्कन (Alignment) गरी १ कि. मी. सडक निर्माण कार्य शुरू गरिनेछ।

(ग) **अपेक्षित उपलब्धि :**

बाहिरी रिङ्गरोड निर्माणको लागि आयोजना कार्यालय स्थापना गरी जग्गा विकासको माध्यमबाट १ कि.मी. सडक निर्माण शुरू हुने। लुभु र खोकनामा शहरी पूर्वाधारको विस्तार हुने। रौतहटमा निर्माणाधिन क्रान्तिद्वारको निर्माण कार्य सम्पन्न हुने, सर्खेतको लाटिकोइली स्थित बुलबुले उद्यानमा २६५ मी. लम्बाईको ग्याबियन जाली निर्माण सम्पन्न भै बाढी नियन्त्रण हुने। विभाग अन्तर्गतका डिभिजन र आयोजना प्रमुखको सहभागितामा आयोजना कार्यान्वयनको छलफल २ पटक हुने। सिन्धुपाल्चोकको लामोसांघुमा ८०० मी. सिढि र बाटो निर्माण कार्य सम्पन्न हुने।

## ९. विष्णुमती लिङ्करोड आयोजना (४८-३-७६४,४८-४-७६४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** आ. व. २०५६।५७ | **आयोजना सम्पन्न हुने मिति :** आ. व. २०६४।६५ |
| **कूल लागत :** रू. १७५००० हजार | **आ.व. ०६१।६२ को बजेट :** रू. ९४३५ हजार |
| **आयोजनाको प्रकृति :** शहरी पूर्वाधार विकास | **श्रोत :** श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ सम्मको प्रगति :**

सोहखुट्टे इन्द्रायणी देखि जाइकापुलसम्म सडक ग्रावेल, फुटपाथ र ढल निर्माणको काम सम्पन्न भएको छ। त्यस्तै, भिमसेन स्थान पुल देखि लखतिर्थसम्म सडक ग्रावेल, क्रस ड्रेनेज तथा ग्राभेल टेवा पर्खाल निर्माण कार्य र लखुतिर्थ देखि जाइका पुलसम्म ट्रयाक खोल्ने कार्य र सव ग्रेड बिछ्याउने कार्य सम्पन्न भैसकेको छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

जाइका पुलमा ग्यावियन तथा फुटपाथ निर्माण, क्रस ड्रेनेज तथा ग्रावेल सडक निर्माण, इन्द्रायणी जाइकापुल उत्तर तर्फ ताम्सीपाखाको हनुमान मूर्ति उचित स्थानमा स्थानान्तरण गर्ने र विष्णुमती लिङ्करोड नदी क्षेत्रको बातावरणीय प्रभाव मूल्यांकन तथा विष्णुमती रोडमा पर्ने रोडक्रस सेक्सन सुधार गर्न सुझाव सहितको प्रतिवेदन प्राप्त गरिनेछ।

**(ग) अपेक्षित उपलब्धि :**

विष्णुमती लिंकरोड नदी क्षेत्रको वातावरणीय प्रभाव मूल्यांकन सम्बन्धमा सुझाव सहितको प्रतिवेदन प्राप्त हुने, भीमसेन स्थान पुलको उत्तरदेखि जाइका पुलसम्मको ९०० मी. खण्डमा ग्यावियन वाल तथा फुटपाथ, क्रश ड्रेनेज र ग्राभेल सडक निर्माण सम्पन्न हुने। सोह्रखुट्टे देखि टेकुसम्मको निर्माणाधिन विष्णुमती लिंकरोडमा सवारी आवागमन सुचारूरूपले संचालन हुने।

## १०. शहरी तथा वातावरणीय सुधार आयोजना (४८-३-७६५,४८-४-७६५)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** आ. व. २०६०।०६१ | **आयोजना सम्पन्न हुने मिति :** २०६७ साल |
| **कूल लागत :** रू २८००१०० हजार | **आ.व. ०६१।६२ को वजेट :** रू. ११००३० हजार |
| **आयोजनाको प्रकृति :** शहरी पूर्वाधार विकास | **श्रोत :** श्री ५ को सरकार /ADB |

**(क) आ.व. २०६०/६१ सम्मको प्रगति :**

Project Implementation Support Consultant नियुक्तिको प्रक्रिया चलिरहेको छ। धुलिखेल, भरतपुर र हेटौंडा नगरपालिकाहरूको जग्गा विकास सम्बन्धी विशेष तालिम संचालन गर्न प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान सम्बन्धी कागजात तयार गरी सहमतिका लागि ADB मा पठाइएको छ। यी नगरपालिकाहरूमा डिजाइन तथा सुपरभिजन परामर्शदाता छनौटको प्रक्रिया सुरू गरिएको छ। त्यसै गरी रत्नगर, बनेपा र पनौती नगरपालिकाहरूमा दोश्रो चरणको कार्य प्रारम्भ गर्न पूर्व तयारी भईरहेको छ।

**(ख) आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

Project Implementation Support परामर्शदाताको सेवा उपयोग गरिनेछ। सम्वन्धित नगरपालिकाहरूका २०० जनाका लागि तालिम तथा गोष्ठी सञ्चालन गरिनेछ। दुइवटा ढल प्रशोधन इकाइहरूको निर्माण कार्य प्रारम्भ गरिने छ। त्यसै गरी, प्रथम समूहका तीन नगरपालिकाहरू धुलिखेल, हेटौडा र भरतपुरमा डिजायन तथा सुपरभिजन परामर्शदाता नियुक्ति गरी डिजायन कार्य शुरू गरिनुका साथै साना शहरी पुर्वाधार र नदी नियन्त्रण कार्यहरू शुरू गर्ने र दोश्रो समूहका तिन नगरपालिकाहरू पनौती, वनेपा र रत्ननगरमा कार्यालय स्थापना गर्ने र डिजायन तथा सुपरभिजन परामर्शदाता नियुक्ति गरी sub-project design कार्य शुरू गरिनेछ।

**(ग) अपेक्षित उपलब्धि :**

डिजाइन र सुपरिभिजनको लागि परामर्शदाता नियुक्ति भै सब प्रोजेक्ट डिजाइन शुरू हुने, २०० जनाले तालिम प्राप्त गर्ने, दोस्रो समूहका ३ नगरपालिकामा डिजाईन तथा सुपरभिजन परामर्शदाता नियुक्त हुने। आयोजना संचालन हुने नगरपालिकामा कार्यक्रम संचालनको लागि ४ करोड ४ लाख ऋण र २ करोड ५९ लाख अनुदान उपलब्ध हुने। २५ वटा ढल प्रशोधन इकाईको निर्माण कार्य शुरू हुने।

## ११. सिंहदरबार सचिवालय पून: निर्माण आयोजना (४८-३-७६७,४८-४-७६७)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : २०३१ साल | आयोजना सम्पन्न हुने मिति : २०६७ साल |
| कूल लागत : रू. १८३८००० हजार (संशोधित) | आ.ब. ०६१।६२ को बजेट : रू. ११००० हजार |
| आयोजनाको प्रकृति : निर्माणमूलक | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ सम्मको प्रगति :**

यस आयोजना अन्तरगत हालसम्म सिंहदरबार पहिलाचोक भवन एक, विभिन्न मन्त्रालय भवन -११, केही विभागीय भवन र अन्य केही भौतिक पूर्वाधार सम्वन्धि कार्य पुरा भै भौतिक लक्ष्यको करीव ४० प्रतिशत काम सम्पन्न भएको छ। निर्माणाधिन भूमिसुधार तथा व्यवस्था मन्त्रालय भवन , सिंहदरबार परिषर पर्खाल निर्माण, सिंहदरबार पश्चिम (पुरानो) लङ्ग सुधार तथा पूर्वाधार निर्माण सम्वन्धि कार्यक्रम भैरहेको छ।

(ख) **आ.व. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

निर्माणाधिन भूमिसुधार तथा व्यवस्था मन्त्रालय भवनमा स्यानेटरी, विजुली र टेलिफोन जडान समेतको काम सम्पन्न गरी भवन प्रयोगमा ल्याइनेछ। सिंहदरबार परिषर पर्खाल निर्माण, सिंहदरबार पश्चिम ( पुरानो ) लङ्ग मजबुत पार्ने, सूचना तथा संचार मन्त्रालयको भवन निर्माणको काम चालु राखिनेछ। केन्दीय पुस्तकालय, बैंक, पोष्ट अफिस सहितको केन्द्रीय चमेनागृह भवन निर्माण, अर्थ मन्त्रालयको लागि ऐनेक्स भवन निर्माण समेतको काम शुरू गर्ने कार्यक्रम रहेको छ ।

(ग) **अपेक्षित उपलब्धि :**

भूमिसुधार तथा व्यवस्था मन्त्रालय भवन निर्माण सम्पन्न हुने। केन्द्रिय चमेना गृह निर्माण सम्पन्न हुने।

## १२. भवन संहिता तथा सरकारी भवन निर्माण आयोजना (४८-३-७६८,४८-४-७६८)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना सुरू मिति : आ. व. ०४९/५० | आयोजना सम्पन्न हुने मिति : सालबसाली |
| ल लागत : नखुल्ने | आ.ब. ०६१।६२ को बजेट : रू. १६००० हजार |
| ायोजनाको प्रकृति : सुशासन/निर्माणमूलक | श्रोत : श्री ५ को सरकार |

(क) **आ.व. २०६०/६१ को प्रगति :**

सरकारी कार्यालय भवन तथा कर्मचारी आवास भवनहरू निर्माण गर्ने क्रममा रूपन्देहीको मालपोत कार्यालय भवन तथा धरान सभा गृहको निर्माण कार्य पुरा भएको छ। सोलुखुम्बु जिल्लाको सल्लेरीमा दलित वर्गको लागि छात्रावास भवनको स्ट्रक्चरको काम पूरा भएको छ। चितवनमा शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय भवनको निर्माण कार्य चालु रहेको छ। धनुषा स्थित महेन्द्र नारायण नीधि स्मृती केन्द्रको कन्फरेन्स हलको निर्माण कार्य चालु रहेको छ। मकवानपुरको तालिम केन्द्र भवन, धादिङ्ग जिल्लाको सेरलुङ्ग गा.वि.स. बोराङ्गको शिपमूलक तालिम केन्द्र भवन निर्माण शुरू गरिएको छ।

राष्ट्रिय भवन संहितालाई परिमार्जन गरी लागू गरिएको छ। गैर सरकारी भवन निर्माणलाई सुरक्षित एवं गुणस्तरयुक्त बनाउने र यथासम्भव स्थानीय सामाग्रीको परिचालन गर्ने सम्वन्धमा १५५ जना इन्जिनियर, १८५ जना ओभरसियर तथा १०६० कालिगढलाई तालिम प्रदान गरिएको छ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू :**

हिलेको सामुदायिक भवन निर्माण, सोलखुम्बु सल्लेरीमा निर्मीत दलित वर्गको छात्रावास भवन, चितवनको डिभिजन कार्यालय भवन निर्माण कार्य सम्पन्न गरिने छ। निर्माणाधिन महेन्द्र नारायण नीधि स्मृती केन्द्रको कन्फरेन्स हालको निर्माण कार्य चालु राखिने छ। साझेदारी कार्यक्रम अन्तरगत स्याङ्जाको सभागृह र बाग्लुङ्गको कभर्डहलको निर्माण कार्य चालु राखिने छ। भवन संहिता कार्यान्वयनको माध्यमबाट बाढी, पहिरो, आगलागी, भुकम्प जस्ता दैवी प्रकोपको प्रभाव न्यूनीकरण गर्न ६० जना इन्जिनियर/ओभरसियर तथा ७५० जना कालिंगढलाई भवन संहितामा आधारित तालिम प्रदान गरिने छ।

(ग) **अपेक्षित उपलब्धि :**

हिलेको सामुदायिक भवन निर्माण सम्पन्न भई हस्तान्तरण हुने। सोलुखुम्बुको सल्लेरीमा निर्माणाधिन दलित वर्गको लागि छात्रावास भवनको निर्माण कार्य सम्पन्न भई हस्तान्तरण हुने। ६० जना ईन्जिनियर/ओभरसियर तथा ७५० जना कालीगढले भवन संहितामा आधारित तालिम प्राप्त गर्ने। साझेदारी कार्यक्रम अन्तर्गत स्याङ्जाको पुतली बजार न.पा. मा सभागृह निर्माण कार्य र बाग्लुङमा कभर्डहल निर्माण कार्य शुरू हुने। आकस्मिक भवन निर्माण प्रविधिको विकास भई नमूना भवन प्रर्दशन हुने। २ वटा मन्त्रालयका सरकारी पदाधिकारीहरूको कार्यकक्षको क्षेत्रफल सम्वन्धी मापदण्ड तयार हुने र भवन मर्मत संभार सम्वन्धी निर्देशिका प्रकाशन हुने।

## आ.व. २०६१/६२ को विनियोजित बजेट तथा कार्यक्रम

(रु.हजारमा)

| सि.नं. | ब.शि.नं | आयोजना/कार्यक्रम | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | | अनुदान | ऋण | | |
| १ | ४८-३-७५०, ४८-४-७५० | शहरी क्षेत्र विकास तथा बजार केन्द्र अध्ययन कार्यक्रम | ५७२२ | १४००० | ७४३० | ६५७० | १४००० | ० | ० | p2 | ०२ |
| २ | ४८-३-७५१, ४८-४-७५१ | साना शहर बजार विकासबाट ग्रामीण विकास | ५२०५ | २५००० | २०९५० | ४०५० | २५००० | ० | ० | p1 | ०२ |
| ३ | ४८-३-७५३, ४८-४-७५३ | एकीकृत कार्यमूलक योजना (शहरी विकास) | ५१३५ | २५४५ | २५४५ | ० | २५४५ | ० | ० | p1 | ०२ |
| ४ | ४८-३-७५८, ४८-४-७५८ | विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना | ६४८५ | ९९३० | २११७ | ७८१३ | ९९३० | ० | ० | p1 | ०२ |
| ५ | ४८-३-७५९, ४८-४-७५९ | काठमाण्डौ उपत्यका नगर विकास समिति | १००४० | १९२४० | १२१४० | ७१०० | १९२४० | ० | ० | p2 | ०२ |
| ६ | ४८-३-७६१, ४८-४-७६१ | बागमती विष्णुमती (कोरिडोर) संरक्षण आयोजना/संयुक्त राष्ट्र संघ पार्क विकास समिति | ६९२३ | ६००० | १८३० | ४१७० | ६००० | ० | ० | p3 | ०२ |
| ७ | ४८-४-७६२ | नगर विकास कोष समिति | २७१२२ | ६०००० | ० | ६०००० | ० | ६०००० KFW | ० | p1 | ०२ |
| ८ | ४८-३-७६३, ४८-४-७६३ | शहरी विकास आयोजना | २३६७४ | ३१६०५ | १२२४५ | १९३६० | ३१६०५ | ० | ० | p1 | ०२ |
| ९ | ४८-३-७६४, ४८-४-७६४ | विष्णुमती लिंक रोड आयोजना | १०००० | ९४३५ | १५१५ | ७९२० | ९४३५ | ० | ० | p2 | ०२ |
| १० | ४८-३-७६५, ४८-४-७६५ | शहरी तथा वातावरण सुधार आयोजना * | ३७३५८ | ११००३० | ३६९३० | ७३१०० | १३९९९ | ० | ९६०३१ ADB | p1 | ०२ |
| ११ | ४८-३-७६७, ४८-४-७६७ | सिंहदरवार पुन: निर्माण आयोजना | १३००० | ११००० | २६८१ | ८३१९ | ११००० | ० | ० | p3 | ०४ |
| १२ | ४८-३-७६८, ४८-४-७६८ | भवन निर्माण संहिता, सरकारी भवन निर्माण | ८३९८ | १६००० | ३९५० | १२०५० | १६००० | ० | ० | p1 | ०४ |
| | | जम्मा | १५९०६२ | ३१४७८५ | १०४३३३ | २१०४५२ | १५८७५४ | ६०००० | ९६०३१ | | |

* नगर विकास कोषबाट सोझै लगानी हुने रु. ४४ लाख यसमा संलग्न छैन ।

## ५.५.४ अन्य

**(क) गरीवी निवारण कोष (७२-३-४०२/७२-४-४०२)**

**आयोजनाको संक्षिप्त विवरणः**

**आयोजना सुरू मितिः** २०६०/६१

**आयोजना सम्पन्न हुने मितिः** सालवसाली

**कुल लागत :**

**आ.व. २०६१/६२ को बजेटः** रू.३१८००० हजार

**स्रोतः** श्री ५ को सरकार रू.५०००० हजार

वैदेशिक अनुदान रू.१६०६०० हजार (आइ.डी.ए)

वैदेशिक ऋण रू. १०७४०० हजार (आइ.डी.ए)

**आयोजनाको प्रकृति :** कार्यक्रम सञ्चालित जिल्लाको गरीब, महिला र सम्वेदनशील समूहमा रहेका जनसंख्या जीवनस्तरमा सुधार हुने ।

समाजका गरीब तथा पिछडिएको वर्गको सकृय सहभागितामा गरीबी निवारणसम्बन्धी विभिन्न कार्यक्रम संचालन गराउने र गरीबी निवारण कार्यमा संलग्न निकायहलाई अनुदान तथा आवश्यक सहयोग उपलब्ध गराई मुलुकबाट गरीबी निवारण गर्ने श्री ५ को सरकारको प्रतिवद्धता अनुरूप गरीबी निवारण कोष अध्यादेश २०६० बमोजिम यस कोषको स्थापना भएको हो ।

**आ.ब. २०६०/६१ को प्रगति**

चालु आ.व. मा कोषको उद्देश्य अनुरूप कार्यक्रम सञ्चालन गर्न आवश्यक नियमावली तर्जुमा, कार्यक्रम सञ्चालन, दिग्दर्शन, आर्थिक व्यवस्थापन दिग्दर्शन र वातावरणीय व्यवस्थापन संरचना तयार गर्ने कार्य सम्पन्न भै सकेको छ। कोषको स्वीकृत संगठन अनुसार कर्मचारी भर्ना गर्ने प्रक्रिया सम्पन्न गरिएको छ।

**आ.व. २०६१/६२ का प्रमुख क्रियाकलापहरू**

अधिराज्यका ६ जिल्ला दार्चुला, मुगु, प्युठान, कपिलवस्तु, रामेछाप र सिराहाका गरीब, महिला र सम्वेदनशील समुदायको मागको आधारमा निम्न कार्यक्रमहरू संचालन गरिनेछ।

क) **आयमूलक कार्यक्रमः** गरीब महिला, सम्वेदनशिल समूह रहेको समुदायहरूलाई आर्थिक रूपले सम्भाव्य र दीगो प्रकारको आय तथा रोजगारमूलक कार्यक्रम।

ख) **क्षमता अभिबृद्धिः** सामुदायिक संस्था तथा सहयोगी संस्थाहरूको गरीबी निवारण कार्यक्रमको कार्यान्वयन र अनुगमन क्षमता अभिबृद्धिमा सहयोग गर्ने कार्यक्रम ।

ग) **सामुदायिक पूर्वाधारः** खानेपानी, स्वास्थ्य, सरसफाई, वैकल्पिक उर्जा विकास गर्ने पूर्वाधार, सामुदायमा आधारित साना सिंचाई, स्थानीय बजार विकास, कृषि सडक, घोरेटो, साना कलभर्ट तथा पुल र प्राथमिक विद्यालय, स्वास्थ्य चौकी जस्ता पूर्वाधार निर्माण कार्यक्रम।

घ) **सामाजिक परिचालनः** गरीब समुदायहरूलाई संगठित गर्ने, श्रोत परिचालन गर्ने, दक्षता अभिबृद्धि गर्ने जस्ता कार्यक्रम ।

**अपेक्षित उपलब्धि**

६ वटा कार्यक्रम जिल्लाको २५/२५ वटा गा.वि.स.हरूका गरीब, महिला र सम्वेदनशील समूहमा रहेका जनसंख्या जीवनस्तरमा सुधार हुने।

**(ख) (१) राष्ट्रिय विकास स्वयमसेवक सेवाको संस्थागत विकास (७२-३-४०१/७२-४-४०१):**

**कार्यक्रमको संक्षिप्त विवरणः**

**आयोजना सम्पन्न हुने मितिः** सालवसाली

**आयोजना सुरू मितिः** आ.व.२०५५/५६

**आ.व. २०६१/६२ को बजेटः** रू.२३९०५ हजार

**कुल लागत :** रू.२३९०५ हजार

**स्रोतः** श्री ५ को सरकारः रू.१७७५५,

वैदेशिक अनुदानः रू.६१५० (यु.एन. स्क्याप)

**आयोजनाको प्रकृति :** दुर्गम तथा पिछडिएका जिल्लाहरूमा प्राविधिक जनशक्ति उपलब्ध गराउने।

**आ.व. २०६०/६१ को प्रगति**

ग्रामीण एवं स्थानीयस्तरमा सामाजिक उत्प्रेरकका रूपमा विकास स्वयमसेवकहरू खटाई स्थानीय विकास प्रक्रियालाई सहयोग पुऱ्याउन राष्ट्रिय विकास स्वयमसेवक सेवा कार्यक्रम सञ्चालनमा ल्याइएको छ। विगत ४

वर्षको अवधिमा यस कार्यक्रममार्फत् एकहजारभन्दा बढी स्वयमसेवकहरू भौतिक पूर्वाधार तथा आर्थिक सामाजिक विकासको क्षेत्रमा परिचालन गरिएका छन्। आ.व. २०६०/६१ मा केन्द्रबाट पठाइएका स्वयमसेवकहरू, जिल्लामै परिचालन भएका स्थानीय स्वयमसेवकहरू र ग्रामीण तहमा परिचालन भएका ग्रामीण महिला स्वयमसेवकहरू गरी कुल ५२२ स्वयमसेवकहरू परिचालन भएका छन्। यस अवधिमा इन्जिनियर, सहयोजनाकार, महिला विकास संयोजक, जडीबुटी विज्ञ जस्ता विविध प्राविधिक जनशक्तिहरू परिचालन गरिएको छ भने सामाजिक सेवाको क्षेत्रमा स्वास्थ्य कार्यकर्ता एवं प्रौढ साक्षरताका लागि ग्रामीण महिला स्वयमसेवकहरू परिचालन गरिएका छन्। जिल्लास्तरबाट छनौट हुने स्वयमसेवकहरू मूलरूपमा अ.न.मी., अ.हे.व., सवओभरसियर, जे.टी., तथा ल्यावअसिष्टेण्ट रहेका छन्।

**आ.व. २०६१/६२ को प्रमुख क्रियाकलापहरु**

आ.व. २०६१/६२ मा जिल्लाको माग अनुसार केन्द्रबाट इन्जिनियर, ओभरसियर, सहयोजनाकार, जडीबुटी विज्ञ, हेल्थ असिष्टेण्ट आदि जिल्लास्तरबाट अ.न.मी., अ.हे.व., सवओभरसियर, जे.टी. तथा ल्यावअसिष्टेण्ट गरी करिब २५० स्वयमसेवकहरू परिचालन गर्ने लक्ष्य राखिएको छ।

दलित सामाजिक विकास कार्यक्रम जस्तो लक्षित कार्यक्रममा महिला विकास संयोजक १० जना, महिला स्वास्थ्य कार्यकर्ता ५० जना, कृषि कार्यकर्ता १० जना र सामाजिक परिचालक १० गरी ८० स्वयमसेवकहरू केन्द्रबाट परिचालन गरिनेछन् भने प्रौढ साक्षरतामा संलग्न हुने करीब ४०० ग्रामीण महिला स्वयमसेवकहरू रहनेछन्। दलित सामाजिक विकास कार्यक्रमबाट शिक्षा, स्वास्थ्य तथा आय आर्जन कार्यक्रम एकीकृत रूपमा सञ्चालन गरी करिब दश हजार महिलालाई प्रत्यक्ष लाभ पुऱ्याउने सोच राखिएको छ।

यस्तै UNESCAP को सहयोगमा कोरियाली नमूनाको स्यामल उन्दूगं ग्रामीण विकास अनुशरण कार्यक्रम कपिलवस्तु जिल्लाको दुइ गाविसका दुइ समुदायमा सञ्चालन गरी भौतिक पूर्वाधारको विकासका साथै आर्थिक सामाजिक स्थितिमा सुधार ल्याउन जोड दिइनेछ।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमअन्तर्गत देहाय बमोजिम उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ :

- केन्द्रीय र स्थानीय गरी विभिन्न प्राविधिक विषयका २५० स्वयंसेवकहरू स्थानीय तहमा परिचालन हुने।
- दलित कार्यक्रमतर्फ केन्द्रबाट ८० र स्थानीय ४०० गरी ४८० स्वयंसेवकहरू परिचालन हुने।
- दलित कार्यक्रमतर्फ शिक्षा, स्वास्थ्य र आय आर्जन कार्यक्रममार्फत् १०,००० महिलालाई लाभ पुग्ने।

साथै यस कार्यक्रमबाट देशको दुर्गम तथा पिछडिएका जिल्लाहरूमा भौतिक पूर्वाधार तथा सामाजिक आर्थिक विकासका लागि प्राविधिक जनशक्ति उपलब्ध हुनुका साथै जिल्लास्तरीय कार्यक्रमहरूको तर्जुमा एवं कार्यान्वयनमा सहयोग पुग्नेछ।

## (ग) गृह मन्त्रालय :

### १. पुनस्थापन (गणेशमान सिंह शान्ति अभियान( कार्यक्रम (४५-४-२००)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०५६/५७ | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट :रू. ५ करोड ५० लाख |
| आयोजनाको प्रकृति : राहतमूलक | श्रोत : श्री ५ को सरकार |

**(क) आ.व. २०६०/६१ को प्रगति :-**

मृतकका आफन्तलाई क्षतिपूर्ति, सन्तति छात्रवृत्ति, घाइतेहरूको औषधोपचार, विधवा, विधुर भत्ता समेत गरी ६ करोड ७० लाख खर्च भएको।

**(ख) आ.ब. २०६१/६२ को मुख्य कामहरू :-**

सार्वजनिक प्रयोगमा रहेको र सुरक्षा व्यवस्थापनका क्रममा परेका निजी सम्पत्ति र अन्य व्यक्तिगत सम्पत्तिको क्षेतिमा आर्थिक सहायता प्रदान गर्ने। साबिकका गर्दैआएका कामहरूमा निरन्तरता।

**(ग) अपेक्षित उपलब्धि :-**

सर्वसाधारणमा हत्या, हिंसा र आतंकबाट पर्न गएको क्षेतिलाई न्यूनिकरण महसूस हुन जाने।

२ संस्थागत सुदृढीकरण आयोजना : (४५-३-२०२/४५-४-२०२)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना शुरू भएको मिति : | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट :रू. ४ करोड |
| आयोजनाको प्रकृति : संस्थागत सुदृढीकरण | श्रोत : श्री ५ को सरकार |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

८ लाख थान नागरिकताका प्रमाणपत्रहरू छापेको, विभिन्न ९ वटा कार्यालयको अधुरो निर्माण सम्पन्न, भवन मर्मत र फर्निचरको व्यबस्था गरेको र सेवाको स्तरबृद्धि निमित्त कम्प्यूटरहरू किनिएको ।

(ख) **आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

२० जिल्लामा नागरिकता, राहदानी सम्बन्धी अभिलेख -सफ्टवेयर विकास निर्माण र जडान गर्ने, ८ लाख नागरिकताको प्रमाणपत्र र सुरक्षा चिन्ह छपाउने, २० जिल्लामा कम्प्यूटर नेटवर्किङ्ग गर्ने, मर्मत संभार आदि कार्य गर्ने ।

(ग) **अपेक्षित उपलब्धि :-**

गृह मन्त्रालय अन्तर्गतका विभिन्न निकायहरूमा भौतिक पूर्वाधार व्यवस्थित हुन गै छिटो, छरितो सेवा उपलब्ध हुन जाने ।

३ .लागु औषध नियन्त्रण कार्यक्रम : (४५-४-५००)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना शुरू भएको मिति : | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट :रू. ६५ लाख |
| आयोजनाको प्रकृति : सामाजिक सेवामूलक | श्रोत : श्री ५ को सरकार |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

लागु औषध सम्बन्धी कानून कार्यान्वयन कार्यक्रम, लागु औषध माग घटाउ आयोजना, पुनस्थापन र योग शिविर जस्ता कार्यक्रम संचालनमा रहेको ।

(ख) **आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

लागु पदार्थ नियन्त्रणका लागि प्रचारात्मक, नियन्त्रणात्मक तथा सुधारात्मक कार्यक्रमहरू संचालन गर्ने, दुर्व्यसनीहरूको पुर्नस्थापन गर्न लागु पदार्थको माग घटाउ कार्यक्रम संचालन गर्ने ।

(ग) **अपेक्षित उपलब्धि :-**

विभिन्न कारणहरूबाट लागु औषधिको कुलतमा फसेर जीवन वरबाद हुनबाट नागरिकहरूको उद्धार हुन जाने ।

(घ) **प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

१ .मानवअधिकार आयोगको क्षमता विकास : (३०-४-२१०)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०६१/६२ | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट :रू. ३ करोड ५० लाख |
| आयोजनाको प्रकृति : क्षमता विकास | श्रोत : यू.एन.डि.पी. |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

आ. ब. २०६१/६२ देखि शुरू गरिने ।

(ख) **आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

मानव अधिकार आयोगको क्षमता विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्ने ।

(ग) **अपेक्षित उपलब्धि :-**

राष्ट्रिय मानव अधिकार आयोगको क्षमता अभिवृद्धि हुन गै अधिराज्यमा मानवाधिकारको प्रवर्द्धन र संरक्षणमा सहयोग पुग्ने ।

**२. निरीक्षण तथा अनुगमन आयोजना (३०-३-३००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०६१/६२ | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट :रू. २३ लाख |
| आयोजनाको प्रकृति : अनुगमन एवं मूल्यांकन | श्रोत : श्री ५ को सरकार |

**१क० आ.व. २०६०।६१ को प्रगति :**

२०६१/६२ देखि शुरू गरिने ।

**१ख० आ.व.२०६१।६२ को मुख्य कामहरू :**

अधिराज्यमा संचालित प्राथमिकता प्राप्त आयोजनाहरूको अनुगमन निरीक्षण गर्ने ।

**१ग० अपेक्षित उपलब्धि :**

सुपरीवेक्षण, अनुगमन भई सेवा प्रदानमा तदारूकता आउने ।

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पुँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| १. | गरिवी निवारण कोष | २१४१२० | २९३००० | १५८४१ | २७७१५९ | ५०००० | १६०६०० (विश्व बैंक) | ८२४०० | P1 | ०३ |
| २. | राष्ट्रिय विकास स्वयंसेवक सेवाको संस्थागत विकास ७२-३-४०१/७२-४-४०१ | १३९८५ | २३९०५ | २२४८० | १४२५ | १७७५५ | ६१५० ( यु.एन. स्क्याप) | ० | P1 | ०३ |
| ३. | गृह मन्त्रालय, पुनर्स्थापना कार्यक्रम (गणेशमान शान्ति अभियान) ४५-३-२०० | ७७००० | ५५००० | ५५००० | ० | ५५००० | ० | ० | P1 | ०३ |
| ४. | लागू पदार्थ नियन्त्रण कार्यक्रम ४५-३-२०१ | ६२९४ | ६५०० | ६५०० | ० | ६५०० | ० | ० | P2 | ०३ |
| ५. | संस्थागत सुदृढीकरण ४५-३-२०२/४५-४-२०२ | ३०१९२ | ४०००० | १५२७५ | २४७२५ | ४०००० | ० | ० | P3 | ०४ |
| ६. | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय मानव अधिकार आयोगको क्षमता विकास ३०-३-२१० | ० | ३५००० | ३५००० | ० | ० | ३५००० UNDP | ० | P1 | ०४ |
| | जम्मा | ३४१५९१ | ४५३४०५ | १५००९६ | ३०३३०९ | १६९२५५ | २०१७५० | ८२४०० | | |

# ६. साधारण प्रशासन

## ६.१ सामान्य प्रशासन

यस अन्तर्गत सामान्य प्रशासन र न्याय, कानून तथा संसदीय व्यवस्था मन्त्रालयहरू अन्तर्गत संचालन हुने विकास आयोजनाहरू समावेश गरिएको छ। अधिराज्यका प्रशासनिक क्षेत्रलाई चुस्त, दुरूस्त र सक्षम बनाई जनतामा सुलभ र अनुभूत ढंगले सेवा प्रदान गर्ने र देशमा मानवाधिकारको पूर्ण पालना, कानूनी शासनको प्रवर्द्धन हुन गई स्वच्छता र सदाचारिताको विकास हुने उद्देश्यले निम्न कार्यक्रमहरू संचालन गरिने छन्।

### ६.१.१ कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय :

**१. संस्थागत (संसदीय व्यबस्था) सुदृढीकरण आयोजना : (३९-४-२००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०५५/५६ | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रू. २० लाख |
| आयोजनाको प्रकृति : संस्थागत सुदृढीकरण | श्रोत : श्री ५ को सरकार |

**(क) आ.ब. २०६०।६१ को प्रगति :-**

संसदीय व्यबस्था सुदृढीकरणका लागि विभिन्न कार्यक्रम संचालन भै विधेयक मस्यौंदा वारे श्री ५ को सरकारका सम्बन्धित अधिकृतहरूलाई तालिम दिइएको।

**(ख) आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

विधेयक मस्यौदा सम्बन्धी तालिम २ पटक दिने, मानवाधिकार र राष्ट्रिय कार्य योजना अन्तर्गत कानूनी सुधार र न्याय प्रशासन तथा व्यबस्थापन सम्बनधी कार्य गर्ने, देवानी, फौजदारी, पारिवारिक र वाल अदालतहरू स्थापना गर्न कानूनहरू तर्जुमा गर्ने र मध्यस्थता सम्बन्धी कानूनको समीक्षा र सुधार गर्ने।

**(ग) अपेक्षित उपलब्धि :-**

आवश्यक कानूनहरूका निर्माण भै देशमा मानवाधिकारको वहाली र संसदीय प्रणालीको विकास हुने।

**२. न्याय तथा कानूनी शासन आयोजना : (३९-४-२००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : सन् २००१ देखि | आयोजना सम्पन्न हुने मिति : सन् २००५ मा |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रू. १ करोड |
| आयोजनाको प्रकृति : आवधिक | श्रोत : यू.एन.डि.पी. |

**(क) आ.ब. २०६०।६१ को प्रगति :-**

न्याय तथा कानूनको शासन सम्बन्धमा तालिम/गोष्ठी सम्पन्न गरी निरीक्षण भ्रमण समेत संचालन गरिएको।

**(ख) आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

मध्यस्थता केन्द्र/समिति गठनको लागि कानून मस्यौदा गरी मध्यस्थकर्ताहरूलाइ तालिम दिने, देवानी कानूनहरूको मस्यौदा गर्ने

नेपाल कानूनलाइ अन्तरराष्ट्रिय संधी संझौता कार्यान्वयन गर्न तदनुरूपको तुल्याउने, र संधी तथा कानूनको तर्जुमा क्षमताको बिकास गर्ने।

**(ग) अपेक्षित उपलब्धि :-**

न्याय र कानूनको शासन बारे सम्बन्धीत पदाधिकारीहरूलाई पुनर्ताजगी गराई असल शासन संचालनमा सहयोग पुग्ने। नेपाली कानून अंतरराष्ट्रिय संधी संझौता अनुरूप हुन गै त्यसबाट उत्पन्न दायित्वको परिपालन हुन जाने।

### ६.१.२ सामान्य प्रशासन मन्त्रालय :

**१. संस्थागत सुदृढीकरण अयोजना : (६६-३-२००/६६-४-२००)**

**आयोजनाको संक्षिप्त विवरण**

आयोजना शुरू भएको मिति :
कूल लागत : नखुल्ने
आयोजनाको प्रकृति : संस्थागत सुदृढीकरण

आयोजना सम्पन्न हुने मिति : निरन्तर
आ.व.२०६१/६२ को बजेट :रू. ८५ लाख
स्रोत : श्री ५ को सरकार

(क) आ.ब. २०६०।६१ को प्रगति :-

प्रशासन सुदृढीकरण र अभिलेख सुधारका विभिन्न कामहरू भएको,शासकीय सुधारका लागि आधारभूत कार्यहरू गरिएको ।

(ख) आ.ब. २०६१।६२ को मुख्य कामहरू :-

शासकीय सुधार कार्यक्रम अन्तरकृया गर्ने, व्यवस्थापन परीक्षण, प्रशासन पत्रिका प्रकाशन, प्रशासनिक संरचनाको संगठनात्मक विकासका कामहरू गर्ने, व्यक्तिगत विवरण र सम्पत्ति विवरणलाई कम्प्यूटराइज गर्ने ।

(ग) अपेक्षित उपलब्धि :-

सरकारी निकायको व्यवस्थापन परीक्षणबाट प्रशासनिक संरचनामा सांगठनिक सुधार हुन गै चुस्त दुरूस्त प्रशासनबाट छिटो छरितो सेवा प्रदान हुन सक्ने ।

## ६.२ राजश्व तथा आर्थिक प्रशासन

ग्रामीण पूर्वाधार विकासमा अधिकाधिक साधन परिचालन गर्न तथा जनताका आधारभूत आवश्यकताहरू शिक्षा, स्वास्थ्य जस्ता क्षेत्रहरूमा आवश्यक लगानी जुटाउने प्रयत्नमा राजस्व तथा आर्थिक प्रशासनको सुदृढीकरण वाञ्छनीय हुन जान्छ । त्यस्तै देशको समग्र आर्थिक गतिविधिलाई द्रुततर रूपमा विकास र विस्तार गर्न दक्ष र प्रभावकारी राजस्व तथा आर्थिक प्रशासनले खेल्ने महत्वपूर्ण भुमिकालाई दृष्टिगत गरी आ.व. २०६१।६२ मा यस क्षेत्रको कार्यदक्षतामा अभिवृद्धि गरी राजस्व संकलनमा वृद्धि गर्न, वैदेशिक सहयोगलाई अद्यावधिक र राष्ट्रहित अनुकूल व्यवस्थापन गर्न, भंसार प्रणालीका विविध पक्षलाई सबलीकरण गर्न विभिन्न आयोजनाहरू संचालनमा ल्याइनेछन् । अघिल्ला वर्षहरूमा संचालनमा रहेको आसिकुडा प्रणालीलाई यस वर्ष राजस्व प्रशासन सुदृढीकरण अन्तर्गत गाभिएको छ ।

**१. राजस्व प्रशासन सुदृढीकरण (३५-३-२०१/३५-४-२०१)**

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजना शुरू भएको मितिः** आ.ब. २०५०/५१ **आयोजना सम्पन्न हुने मितिः** सालबसाली
**आ.ब. २०६१/६२ को बजेटः** रू १६३९७७ हजार
**स्रोतः** श्री ५ को सरकारको रू. १५ करोड १९ लाख र IDA को अनुदान रू. १ करोड २१ लाख
**आयोजनाको प्रकृतिः** संस्थागत सुदृढीकरण

(क) **आयोजनाको हालसम्मको प्रगतिः**

अर्थ मन्त्रालय, म.ले.नि.का एवं अन्य विभाग र अन्तर्गतका विभिन्न कार्यालयहरूका भवन निर्माण भइ सकेका छन् भने पुराना भवनहरूको मर्मत सुधार र आवश्यक फ्लोरिङ्ग र फर्निसिङ्ग गर्ने कार्य सुचारू रहेको तथा थप तीन वटा भंसार विन्दुमा आशिकुडा लगायतका कार्यक्रमहरू अन्तर्गत कम्प्युटर नेटवर्किङ्ग र आवश्यक सामाग्रीहरूको व्यवस्था गरिएको छ ।

(ख) **आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- अर्थ मन्त्रालय र अन्तर्गतका विभागहरूमा भवन निर्माण गर्ने ।
- भंसार प्रक्रिया सरलीकरण गर्ने ।
- सार्वजनिक खरिद व्यवस्थापन तालिम प्रदान गर्ने ।
- जग्गा खरिद तथा सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी कानुनको निर्माणका लागि परामर्श सेवा उपलब्ध गराउने ।

(ग) **अपेक्षित उपलब्धि:**

उक्त कार्यक्रमहरूको कार्यान्वयनबाट राजस्व प्रशासन सुदृढ र सरल हुने तथा राजस्वमा अभिवृद्धि हुनेछ ।

## २. सहायता व्यवस्थापन सुदृढीकरण तथा नेक्स (३५-३-२०४/३५-४-२०४)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजनाको शुरू मिति:** २०६० श्रावण १ गते **आयोजना सम्पन्न हुने मिति:** २०६३ आषाढ मसान्त

**कूल लागत:** रू ५८१७६ हजार **आ.व. २०६१/६२ को बजेट:** रू १५५०० हजार

**स्रोत:** UNDP को अनुदान

**आयोजनाको प्रकृति:** संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

(क) **आयोजनाको हालसम्मको प्रगति:**

वैदेशिक सहयोगलाई राष्ट्रिय हित अनुकूल परिचालन, व्यवस्थापन र समन्वय गर्न सम्बन्धित निकायको क्षमता अभिवृद्धि गर्ने, व्यवस्थापन स्रोत केन्द्र स्थापना गर्ने, राष्ट्रिय नेक्स निर्देशिका तयार गर्ने, वैदेशिक सहयोगको डेटाबेश तयारी र सञ्चालन गर्ने जस्ता कार्यहरू भैरहेका छन् ।

(ख) **यस आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- वैदेशिक सहयोग समन्वय कार्यमा संलग्न निकायको क्षमता अभिवृद्धि गर्ने ।
- व्यवस्थापन श्रोत केन्द्र स्थापना र संचालन गर्ने ।
- राष्ट्रिय नेक्स निर्देशिका तयारी गर्ने ।

(ग) **अपेक्षित उपलब्धि:**

प्रस्तावित कार्यक्रमहरूबाट वैदेशिक सहयोगको व्यवस्थापनमा सुधान हुन जानेछ ।

## ३. कार्यदक्षता सुधार इकाइ (३५-३-२०३/३५-४-२०३)

**आयोजनाको संक्षिप्त विवरण**

**आयोजनाको शुरू मिति:** २०६० श्रावण १ गते **आयोजना सम्पन्न हुने मिति:** २०६३ आषाढ मसान्त

**कूल लागत:** **आ.ब. २०६१/६२ को बजेट:** रू १०००० हजार

**स्रोत:** श्री ५ को सरकार रू ५० लाख र ADB को ऋण रू ५० लाख

**आयोजनाको प्रकृति:** प्रशासनमा संस्थागत क्षमता अभिवृद्धि गर्ने ।

(क) **आयोजनाको स्थिति:**

यस आयोजनाबाट मन्त्रालयहरूमा रहेका परिवर्तन एकाइहरूलाई बजेटरी सहयोग पुऱ्याउने कार्य भैरहेको छ भने दीर्घकालीन भुक्तानी नीतिको निर्माण गर्ने कार्यमा खासै प्रगति हुन सकेको छैन साथै कार्य सम्पादन कोषको स्थापना पनि हुन सकेको छैन ।

(ख) **आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- शिक्षा, कृषि, स्वास्थ्य, स्थानीय विकास, सामान्य प्रशासन, भूमिसुधार तथा व्यवस्था मन्त्रालयहरूको कार्यदक्षतामा अभिवृद्धि गर्ने ।
- कार्य व्यवस्थापन तथा कोष व्यवस्थापन अध्ययन कार्यहरू संचालन गर्ने ।
- आयोजनाको अध्यावधिक मुल्याङ्कन, बार्षिक प्रगति मुल्याङ्कन र बजेट वर्गिकरणमा सुधार गर्ने ।

(ग) **अपेक्षित उपलब्धि:**

मन्त्रालयहरूको कार्यदक्षतामा अभिवृद्धि भइ सुशासन कायम हुनेछ ।

राजस्व तथा आर्थिक प्रशासन क्षेत्र अन्तर्गत आ.व. २०६१/६२ को कार्यक्रम तथा बजेट

(रू. हजारमा)

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को अनुमान | | | | वैदेशिक | | | प्राय मिकता | दशौं योजनाको रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पुँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | अनुदान | ऋृण | जम्मा | | |
| १ | कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय न्याय तथा कानूनी शासन ३९-३-२१० | ० | १०००० | १०००० | ० | ० | १०००० UNDP | ० | १०००० | P1 | ०४ |
| २ | संसदीय व्यवस्था सुदृढीकरण ३९-३-२०० | ८९४ | २००० | ,२००० | ० | ,२००० | ० | ० | | P1 | ०४ |
| ३ | सामान्य प्रशासन मन्त्रालय प्रशासन सुदृढीकरण ६६-३-२००/६६-४-२०० | १०२८९ | ८५०० | ६९७० | १५३० | ८५०० | ० | ० | | P2 | ०४ |
| | | | | | | | | | | | |
| ४. | राजश्व प्रशासन सुदृढिकरण (३५-३-२०१/३५-४-२०१) | ८७०९५ | १६३९७७ | ३२४३७ | १३१५४० | १५१९०७ | १२०७० (IDA) | | १२०७० | P1 | ४ |
| ५. | कार्यक्षता सुधार इकाई (३५-३-२०३/३५-४-२०३) | ५५२५ | १०००० | १०००० | ० | ५००० | | ५००० (ADB_GRP) | ५००० | P2 | ४ |
| ६. | सहायता व्यवस्थापन सुदृढिकरण तथा नेवस (३५-३-२०४/३५-४-२०४) | ८०९० | १५५०० | १०००० | ५५०० | ० | १५५०० (UNDP) | ० | १५५०० | P2 | ४ |

## ६.३ योजना तथा तथ्यांक

### ६.३.१ योजना :

राष्ट्रिय योजना आयोगको सचिवालय र अन्तर्गतका निकायहरूबाट आ.व. ०६१/६२ मा निम्न बमोजिमका विकास कार्यक्रमहरू संचालन हुनेछन्।

**१. योजना, अनुगमन तथा मूल्याङ्कन सुदृढीकरण (७२-३-२००/७२-४-२००) :**

| कार्यक्रमको संक्षिप्त विवरणः | |
|---|---|
| आयोजना सुरू मितिः | आयोजना सम्पन्न हुने मितिः सालबसाली |
| कुल लागत : रू.१८, ५४५ हजार | आ.व. २०६१/६२ को बजेटः रू.१८, ५४५ हजार |
| आयोजनाको प्रकृति : योजना, अनुगमन तथा मूल्याङ्कन संस्थागत सुदृढीकरण | स्रोतः श्री ५ को सरकार |

आ.व. २०६१/६२ मा योजना, अनुगमन तथा मूल्याङ्कन सुदृढीकरण कार्यक्रम अन्तर्गत संचालन हुने प्रमुख क्रियाकलापहरूमा सामाजिक आर्थिक सूचना र कम्प्युटर प्रणाली, भौगोलिक सूचना प्रणालीद्वारा तथ्याङ्कन तथा नक्साङ्कन, अनुगमन तथा मूल्याङ्कन सुदृढीकरण र सचिवालय सुदृढीकरण तथा जनशक्ति विकास रहेका छन्। यी क्रियाकलापहरूका आ.व. २०६०/६१ को प्रगति, आ.व. २०६१/६२ का प्रमुख क्रियाकलापहरू र अपेक्षित उपलब्धिहरू देहाय बमोजिम रहेका छन्:

**आ.व. २०६०/६१ को प्रगति**

यस कार्यक्रम अन्तर्गत लिजलाइन ६४ के.बि.पि.एस.बाट २५६ के.बि.पि.एस.मा अपडेट गर्ने, लेखाप्रणाली र कर्मचारी व्यक्तिगत अभिलेख कम्प्युटराइजेसन गर्न सफ्टवेयर विकास गर्ने र १८ थान कम्प्युटर खरीद कार्य सम्पन्न भयो। साथै राष्ट्रिय योजना आयोगको सचिवालयका विभिन्न महाशाखा/शाखाहरूको वेभ साइट विकास गरी होस्टिङ्ग गर्ने जस्ता प्रमुख कार्यहरू सम्पन्न गरिए। यसैगरी GIS सम्बन्धी महत्वपूर्ण सूचनाहरू उपलब्ध गराउने उद्देश्यले वेभसाइट विकास गरी होस्टिङ्ग गर्नुका साथै GIS News letter प्रकाशन र तीन जिल्लाको गरीबी नक्साङ्कन गरी प्रकाशनको लागि तयारी कार्य सम्पन्न भएको।

पहिलो प्राथमिकतामा परेका १५ वटा विकास आयोजनाहरूको स्थलगत निरीक्षण, विभिन्न विकास क्षेत्रमा आयोजना अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तालिमहरू सञ्चालन, PPIS सम्बन्धी सफ्टवेयर विकास, राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक सञ्चालन, अनुगमनसम्बन्धी फाराम र लजिकल फ्रेमवर्कसम्बन्धी निर्देशिकाको परिमार्जन तथा प्रकाशन, विकास आयोजनाहरूको वार्षिक कार्यक्रम र कार्यसम्पादन सूचकसहितको समीक्षा प्रतिवेदन प्रकाशन गर्ने कार्यहरू सम्पन्न भएको।

दशौं योजना (अंग्रेजी) को मूल दस्तावेज र सारांश प्रकाशन गरिएको, विकास पत्रिकाको २ वटा अंक प्रकाशन गरिएको, वार्षिक कार्यक्रम (जिल्लास्तर- भाग २) प्रकाशन गरिएको। जनशक्ति विकासतर्फ कम्प्युटरसम्बन्धी तालिम केही कर्मचारीहरूलाई दिइएको र अर्थशास्त्र र योजनासम्बन्धी विभिन्न पुस्तक, पुस्तिका तथा प्रतिवेदनहरूको व्यवस्था गरी पुस्तकालयलाई सुदृढ गरिएको।

**आ.व. २०६१/६२ का प्रमुख क्रियाकलापहरू**

यस कार्यक्रम अन्तर्गत लिजलाइन कनेक्शन अपडेटिंग (२५६ के.बि.पि.एस.बाट ५१२ के.बि.पि.एस.), भाइरस सफ्टवेयर खरिद, सफ्टवेयर विकास (MTEF र अन्य), वेभसाइट विकास र होस्टिंग जस्ता कार्यक्रम संचालन गरिने छन्।

यसैगरी जिल्ला गरिबी नक्शांकन, विभिन्न सूचना तथा तथ्याङ्कमा आधारित नक्शा तयारी र प्रकाशन, जि.आई.एस.सुदृढीकरण (हार्डवेयर र सफ्टवेयर), GIS News letter प्रकाशन, GIS विज्ञ सेवा र GIS प्रयोगशालाको पूर्वाधार तयार गर्ने जस्ता कार्यहरू गरिनेछन्।

यसका अतिरिक्त पहिलो प्राथमिकतामा परेका विकास आयोजना / कार्यक्रमहरूको स्थलगत निरीक्षण गर्ने, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी तालिम संचालन गर्ने, आयोजना/कार्यक्रम तथा नीतिको मूल्याङ्कन गर्ने, राष्ट्रिय विकास समस्या समाधान समितिको बैठक सञ्चालन गर्ने, पहिलो प्राथमिकतामा रहेका विकास आयोजनाहरूको वार्षिक कार्यक्रम र कार्यसम्पादन सूचक प्रकाशित गर्ने, कर्मचारीहरूको क्षमता विकाससम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्ने र अनुगमन तथा मूल्याङ्कन सम्बन्धी सन्दर्भ सामग्री संकलन तथा अभिलेखाङ्कन गर्ने जस्ता कार्यहरू गरिनेछन्।

यस कार्यक्रम अन्तर्गत नै पुस्तकालय विकास, वार्षिक कार्यक्रम र अन्य प्रकाशन, विकास पत्रिकाको प्रकाशन जस्ता कार्यक्रमहरू संचालन गरिने छन्।

**अपेक्षित उपलब्धि**

यस कार्यक्रमबाट देहाय बमोजिम प्रमुख अपेक्षित उपलब्धिहरू हुनेछन्:

- सचिवालयको लिजलाइन अपग्रेडिङ्ग भई २५६ के.वि.पि.एस.बाट ५१२ के.वि.पि.एस. पुग्ने।
- मध्यावधि खर्च संरचना (MTEF) को सफ्टवेयर विकास हुने।
- GIS क्षमता सुदृढीकरण र GIS प्रयोगशालाको पूर्वाधार तयार हुने।
- 'तीन' जिल्लाको गरिबी नक्साङ्कन कार्य सम्पन्न हुने।
- अनुगमन तथा मूल्याङ्कन र अन्य विषयमा २० जनाभन्दा बढी कर्मचारीले तालिम पाउने।
- प्रथम प्राथमिकता प्राप्त सबै कार्यक्रम/आयोजनाहरूको वार्षिक कार्यक्रम र कार्यसम्पादन सूचकहरू प्रकाशन हुने।
- आ.व. २०६१/६२ को वार्षिक कार्यक्रम (भाग १ र २), विकास पत्रिकाका २ अंक र अन्य प्रकाशन हुने, र
- सचिवालयको पुस्तकालयमा थप पुस्तक तथा उपकरण व्यवस्था भई सुदृढ हुनेछ।

**६.३.२ तथ्याङ्क :**

आ.व.२०६१/६२ मा केन्द्रीय तथ्याक विभागबाट निम्न बमोजिम आयोजनाहरू संचालन गरिने छन् :

**१. घरपरिवार (जीवनस्तर) सर्भेक्षण (७२-३-३५४/७२-४-३५४):**

**कार्यक्रमको संक्षिप्त विवरण:**

| | |
|---|---|
| **आयोजना सुरू मितिः** २०५९ श्रावण | **आयोजना सम्पन्न हुने मितिः** सालबसाली |
| **कुल लागत :** रू.२७७७२ हजार | **आ.व. २०६१/६२ को बजेटः** रू.२७७७२ हजार |
| | **स्रोतः** श्री ५ को सरकारः रू.२७३५ |
| वैदेशिक अनुदानः रू.२५०३७ (डि.एफ.आइ.डी./ आइ.डी.ए.) | |
| **आयोजनाको प्रकृति :** नेपाल जीवनस्तर मापदण्ड सर्भेक्षण गर्ने (प्रत्येक ५/५ वर्षमा सञ्चालन गर्ने कार्यक्रम रहेको) | |

**आ.व. २०६०/६१ को प्रगति**

नेपाल जीवनस्तर मापदण्ड सर्वेक्षण अन्तर्गत आ.व. २०६०/६१ मा स्थलगत तथ्याङ्क संकलन गर्ने, संकलित तथ्याङ्क प्रशोधन गर्ने, विश्लेषण गर्ने, क्रस सेक्सन नमूना छनोटमा परेका परिवारको गरिबीको स्थिति यकिन गर्ने, प्यानल नमूना छनौटमा परेका घर परिवारको गरिबीको स्थिति मापन गर्ने र गरिबीको नक्साङ्कन कार्यसम्बन्धी प्रारम्भिक कार्यहरू सम्पन्न भएको।

**आ.व. २०६१/६२ का प्रमुख क्रियाकलापहरू**

मुलुकमा विद्यमान आयमूलक गरिबीको स्थिति अनुमान गर्न आ.व. २०५३/५४ मा गरिएको नेपाल जीवनस्तर मापन सर्वेक्षण (प्रथम) कै निरन्तरता स्वरूप समान परिभाषा र सर्वेक्षण पद्धति अपनाई आ.व. २०५९/६० र २०६०/६१ मा नेपाल जीवनस्तर मापन सर्वेक्षण (दोस्रो) सञ्चालन गरिएको छ। आ.व. २०६१/६२ मा यस आयोजनातर्फ संकलित तथ्याङ्कको विश्लेषण गर्ने, क्रस सेक्सन नमूना छनौटमा परेका परिवारको गरिबीको स्थिति यकिन गर्ने, प्यानल नमूना छनौटमा परेका घर परिवारको गरिबीको स्थिति मापन गर्ने, नक्साङ्कन गर्ने, तथ्याङ्क डिसिमिनेशन गोष्ठि गर्ने र श्रम शक्ति सर्वेक्षणको लागि प्रारम्भिक कार्यहरू गर्ने लक्ष्य रहेको छ।

**अपेक्षित उपलब्धि**

- नेपाल जीवनस्तर मापदण्ड सर्भेक्षणको विश्लेषण सहितको नतिजा प्रतिवेदनहरू प्रकाशित हुने।
- गरिवी नक्साङ्कन कार्य हुने।
- सर्वेक्षणको नतिजाको प्रचार-प्रसार हुने।
- गरिबीका विभिन्न आयामहरूको स्थितिसम्बन्धी तथ्याङ्क उपलब्ध हुने।

**२. राष्ट्रिय जनगणना २०५८ (७२-३-३५२/७२-४-३५२):**

**कार्यक्रमको संक्षिप्त विवरणः**

| | |
|---|---|
| **आयोजना सुरू मितिः** | **आयोजना सम्पन्न हुने मितिः** सालबसाली |
| **कुल लागत :** रू.१६१० हजार | **आ.व. २०६१/६२ को बजेटः** रू.१६१० हजार |
| | **स्रोतः** श्री ५ को सरकारः रू.४४० |
| वैदेशिक अनुदानः रू.११७० (यु.एन.एफ.पि.ए.) | |
| **आयोजनाको प्रकृति :** राष्ट्रिय जनगणनाको नतिजा प्रचार प्रसार, जनसंख्या तथ्यांक प्रयोग बारे अध्ययन गर्ने (प्रत्येक १० वर्षमा सञ्चालन हुने) | |

**आ.व. २०६०/६१ को प्रगति**

यस अन्तर्गत राष्ट्रिय जनगणना २०५८ को नतिजासम्बन्धी महत्वपूर्ण पुस्तकहरू प्रकाशन र जनसंख्या तथ्याङ्कसम्बन्धी गोष्ठि तथा कार्यशाला सञ्चालन भएको।

**आ.व. २०६१/६२ का प्रमुख क्रियाकलापहरू**

राष्ट्रिय जनगणना २०५८ का नतिजासम्बन्धी महत्वपूर्ण प्रकाशनहरू प्रकाशित भइसकेका छन्। आ.व. २०६१/६२ मा यस आयोजनातर्फ जनसंख्या तथ्याङ्कसम्बन्धी गोष्ठि, कार्यशाला तथा तालिम सञ्चालन गर्ने र जनसंख्या तथ्याङ्क प्रयोगका बारेमा अध्ययन गर्ने कार्यक्रम रहेको छ।

**अपेक्षित उपलब्धि**

- राष्ट्रिय जनगणना २०५८ को नतिजाको प्रचार प्रसार हुने।
- जनसंख्या तथ्याङ्क प्रयोग बारे अध्ययन गराई प्रतिवेदन प्राप्त हुने।

## ३. नेपाल बहुउद्देश्यीय सूचकाङ्क आयोजना (७२-३-३२०/७२-४-३२०):

**कार्यक्रमको संक्षिप्त विवरण:**

| | |
|---|---|
| **आयोजना सुरू मिति:** | **आयोजना सम्पन्न हुने मिति:** सालवसाली |
| **कुल लागत :** रू.२२७६ हजार | **आ.व. २०६१/६२ को बजेट:** रू.२२७६ हजार |
| | **स्रोत:** श्री ५ को सरकार |

**आयोजनाको प्रकृति :** सामाजिक पक्षका विविध विषयसम्बन्धी तथ्याङ्क सङ्कलन/विश्लेषण गर्ने

**आ.व. २०६०/६१ को प्रगति**

यस अन्तर्गत सामाजिक पक्षका विविध विषयहरूसम्बन्धी तथ्याङ्क संकलन गरी प्रकाशन गरिनुका साथै Women In Nepal र Some Statistical Facts पुस्तिकाहरू प्रकाशित भएको।

**आ.व. २०६१/६२ को प्रमुख क्रियाकलापहरू**

यस अन्तर्गत सामाजिक पक्षका तथ्याङ्क संकलन गरी प्रकाशन गर्ने, काठमाडौंमा खानेपानीसम्बन्धी एक सर्वेक्षण गर्ने, Women In Nepal र Some Statistical Facts पुस्तिका तयार गरी प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

**अपेक्षित उपलब्धि**

- Women in Nepal र Some Statistical Facts नामक पुस्तिका प्रकाशनबाट सामाजिक पक्षको तथ्याङ्क उपलब्ध हुने।

## ४. तथ्याङ्क विकास आयोजना (७२-३-३४०/७२-४-३४०):

**कार्यक्रमहरूको संक्षिप्त विवरण:**

| | |
|---|---|
| **आयोजना सुरू मिति:** | **आयोजना सम्पन्न हुने मिति:** सालवसाली |
| **कुल लागत :** रू.४८३५४ हजार | **आ.व. २०६१/६२ को बजेट:** रू.४८३५४ हजार |
| | **स्रोत:** श्री ५ को सरकार: रू.२७२४१, |
| वैदेशिक अनुदान: रू.२१११३ (ए.डी.बी.) | |

**आयोजनाको प्रकृति :** राष्ट्रिय लेखा विकास, कृषि तथ्याङ्क, औद्योगिक गणना, आर्थिक सर्वेक्षण, मूल्य तथा सूचकाङ्क, राष्ट्रिय कृषि गणनाको तथ्याङ्क सङ्कलन र विश्लेषण गर्ने।

**आ.व. २०६०/६१ को प्रगति**

यसअन्तर्गत राष्ट्रिय लेखा विकास, कृषि तथ्याङ्क, औद्योगिक गणना, आर्थिक सर्वेक्षण, मूल्य तथा सूचकाङ्क, राष्ट्रिय कृषि गणना, पुस्तकालय, तालिम र योजनासम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको।

राष्ट्रिय लेखा विकास अन्तर्गत राष्ट्रिय लेखा अनुमानलाई प्रक्षेपण तथा संशोधन गरिएको, Benchmarking को लागि सर्वेक्षण र अध्ययन गरिएको, वातावरण लेखाका लागि तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गरी पुस्तक प्रकाशन गरिएको। साथै कृषि तथ्याङ्क अन्तर्गत बाली तथा पशुपंक्षी सर्वेक्षण गरिएको छ। यसैगरी औद्योगिक गणना २०५९ को विश्लेषण गरी प्रकाशन गर्नुका साथै होटल तथा लज सर्वेक्षण कार्य सम्पन्न भएको।

आर्थिक सर्वेक्षणका सन्दर्भमा औद्योगिक प्रतिष्ठान वाहेक अन्य क्षेत्रको लगत सूची संकलन गरिएको र त्यससम्बन्धी तथ्याङ्क प्रशोधन कार्य हाल अन्तिम चरणमा रहेको छ। मूल्य तथा सूचकाङ्क अन्तर्गत औद्योगिक उत्पादनको सूचकाङ्क निर्माण, औद्योगिक उत्पादनको त्रैमासिक मूल्य सूचकाङ्क निर्माण र ICP सम्बन्धी कार्यक्रमहरू सञ्चालन भएको।

यसैगरी राष्ट्रिय कृषि गणना २०५८ का प्रारम्भिक नतिजाको पुनरावलोकन, अन्तिम तालिका तयारी, पुस्तक छपाइ र नतिजासम्बन्धी क्षेत्रीय गोष्ठी जस्ता कार्यहरू सम्पन्न भए। साथै कम्प्युटरसम्बन्धी वेसिक तालिम र योजना, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी गोष्ठी सम्पन्न भयो।

**आ.व. २०६१/६२ को प्रमुख क्रियाकलापहरू**

यस आयोजना अन्तर्गत राष्ट्रिय लेखा विकास, कृषि तथ्याङ्क, औद्योगिक गणना, आर्थिक सर्वेक्षण, मूल्य तथा सूचकाङ्क, राष्ट्रिय कृषि गणना, मत्स्य पशुपंक्षी तथा फलफूल, पुस्तकालय, तालिम, लगत प्रशोधन र योजनासम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिने लक्ष्य छ।

राष्ट्रिय लेखा विकास अन्तर्गत राष्ट्रिय लेखा अनुमानलाई प्रक्षेपण तथा संशोधन गर्न केन्द्रीय तथा क्षेत्रीय तहको तथ्याङ्क संकलन गर्ने, Benchmarking को लागि सर्वेक्षण र अध्ययन गर्ने, वातावरण लेखाका लागि तथ्याङ्क संकलन, प्रशोधन र विश्लेषण गर्ने आदि क्रियाकलापहरू रहेका छन्। कृषि तथ्याङ्क अन्तर्गत बाली तथा पशुपंक्षी सर्वेक्षण गर्ने, यसको लागि तालिम सञ्चालन गर्ने र उत्पादन दर संकलनका लागि सर्वेक्षण गर्ने आदि क्रियाकलापहरू रहेका छन्। औद्योगिक गणनाअन्तर्गत आ.व. २०६०/६१ मा संकलन गरिएका सेवासम्बन्धी प्रतिष्ठानहरूको सर्वेक्षण गरी तथ्याङ्क संकलन गर्ने र संकलित तथ्याङ्कको प्रशोधन गरी नतिजा प्रकाशन गर्ने कार्यक्रम रहेको छ।

त्यसैगरी आर्थिक सर्वेक्षण अन्तर्गत आ.व. २०६०/६१ मा संकलन गरिएका होटल तथा लजसम्बन्धी सर्वेक्षणको तथ्याङ्कको प्रशोधन गरी नतिजा प्रकाशन गर्ने कार्यक्रम रहेको छ। मूल्य तथा सूचकाङ्क अन्तर्गत औद्योगिक उत्पादनको सूचकाङ्क निर्माण गर्ने, औद्योगिक उत्पादनको मूल्य सूचकाङ्क निर्माण गर्ने, ICP सम्बन्धी मूल्य तथ्याङ्क संकलन गर्ने र राष्ट्रिय उपभोक्ता मूल्य सूचकाङ्क निर्माणको लागि पूर्वाधारको अध्ययन गर्ने आदि क्रियाकलापहरू सञ्चालन गर्ने लक्ष्य रहेको छ।

त्यसैगरी राष्ट्रिय कृषि गणना २०५८ को नतिजा मूल्याङ्कनको लागि पुनः गणना कार्य गर्ने, नतिजासम्बन्धी गोष्ठी गर्ने र कृषिसम्बन्धी मोनोग्राफ तयार गर्ने आदि कार्यक्रम रहेको छ। त्यसैगरी मत्स्य पशुपंक्षी तथा फलफूल सर्वेक्षण अन्तर्गत मत्स्य तथ्याङ्क सर्वेक्षण कार्य सञ्चालन गर्ने लक्ष्य रहेको छ। प्रकाशन, वितरण तथा पुस्तकालय अन्तर्गत पुस्तकालयलाई साधनयुक्त बनाई व्यवस्थित गर्न पुस्तकहरूको क्याटलगिङ्ग अद्यावधिक गर्ने, पकेट बुक, नेपाल इन फिगर्स, तथ्याङ्क गतिविधि र अन्य प्रकाशन गर्ने कार्यक्रम रहेको छ। साथै कम्प्युटर र Statistics सम्बन्धी तालिम सञ्चालन गर्ने र लगत प्रशोधन अन्तर्गत Web Site परिमार्जन गर्ने कार्यक्रम रहेको छ।

**अपेक्षित उपलब्धि**

यस आयोजना सञ्चालनबाट देहाय बमोजिमका उपलब्धिहरू अपेक्षा गरिएका छन्।

- राष्ट्रिय लेखासम्बन्धी स्तरीय तथ्याङ्क उपलब्ध हुने, वातावरण लेखासम्बन्धी तथ्याङ्क प्राप्त हुने।
- Benchmarking सम्बन्धी सर्वेक्षण तथा अध्ययन नतिजा प्राप्त हुने।
- औद्योगिक गणनाको नतिजा प्रकाशित हुने।
- होटल तथा लज सम्बन्धी तथ्याङ्क प्रशोधन भई नतिजा प्राप्त हुने।
- औद्योगिक उत्पादनको सूचकाङ्क र मूल्य सूचकाङ्क प्राप्त हुने।
- कृषि गणना २०५८ का आधारमा कृषिसम्बन्धी मोनोग्राफ तयार हुने।
- विभागको वेवसाइट परिमार्जन भई सूचना सम्प्रेषणमा सुधार हुने।

उल्लिखित उपलब्धिबाट योजना, कार्यक्रम तथा बजेट तर्जुमा र अनुगमन तथा मूल्याङ्कन पक्षमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

### (२) मानव संशाधन विकास प्रवर्द्धन (७२-३-२१०):

**आयोजनाको संक्षिप्त विवरणः**

| | |
|---|---|
| **आयोजना सुरु मितिः** सन् १९९८ | **आयोजना सम्पन्न हुने मितिः** सालवसाली |
| **कुल लागत :** | **आ.व. २०६१/६२ को बजेटः** रू.४००० हजार |
| **आयोजनाको प्रकृति :** मानव विकास प्रतिवेदन २००४ तयार गरी प्रकाशन गर्ने। | **स्रोतः** वैदेशिक अनुदान (यु.एन.डी.पी.) |

**आ.व. २०६०/६१ को प्रगतिः**

श्री ५ को सरकार र संयुक्त राष्ट्रिय विकास कार्यक्रमको संयुक्त प्रयासमा नेपालमा मानव विकासको प्रतिवेदन सन् १९९८ देखि नियमित रूपमा तयार हुँदै आएको छ। यस कार्यक्रमबाट नेपाल मानव विकास प्रतिवेदन सन् २००१ मा गरिबी न्यूनीकरण र शासन भन्ने शीर्षकमा तयार पारिएको थियो। हाल गरिबी न्यूनीकरण र सशक्तीकरण विषयमा नेपाल मानव विकास प्रतिवेदन २००४ तयार भइरहेको छ। यसका अतिरिक्त मानव विकासका आयामहरूलाई जन समक्ष ल्याउन

सभा, सम्मेलन, तालीम, गोष्ठि, अध्ययन आदिबाट क्षमता बढाउने कार्यक्रमहरू पनि नियमित रूपमा संचालन गरिँदै आएको छ। यसै कार्यक्रम अन्तर्गत मानव विकाससम्बन्धी तालिमका सहभागीहरूबीच कार्यगत सम्पर्क गराउने उद्देश्यले मानव विकास सम्बन्धी संजाल स्थापना भएको छ।

**आ.ब. २०६१/६२ का प्रमुख क्रियाकलापहरू:**

नेपाल मानव विकास प्रतिवेदनहरू विकास अभियानमा संलग्न नीति निर्माताहरू, राजनेताहरू, विकासविद्हरू र स्थानीय निकायका जन प्रतिनिधिहरूका साथै समस्त जन सरोकारसँग सम्बन्धित विकास कार्यक्रमहरू संचालन गर्ने सरकारी, गैरसरकारी, सामुदायिक संघ संस्था तथा दातृ संस्थाहरूलाई नेपालको विकासका अवरोधहरू र संभावनाहरू बारे, वर्तमानमा ती क्षेत्रहरूबाट भइराखेका कार्यक्रमहरूको प्रभावकारिता र कमजोरीहरूलाई औंल्याई भविष्यमा गर्नु गराउने पर्ने नीति र कार्यक्रमहरूको बारेमा दिशा निर्देश गर्ने उद्देश्य लिएर तयार पारिन्छ।

वस्तुतः मानव विकासका लागि क्षमता बढाउने कार्यक्रमको उद्देश्य सार्वजनिक नीति निर्माणमा व्यापक जनसहभागिता परिचालन गरी मानव संवृद्धिको विकास गर्नु हो। यस कार्यक्रमबाट नियमित रूपमा नेपाल मानव विकास प्रतिवेदनहरू प्रकाशित गर्ने र ती प्रतिवेदनको आधारमा जागरण अभियान संचालन गरिन्छ।

**अपेक्षित उपलब्धि**

- मानव विकास प्रतिवेदन २००४ तयार भई प्रकाशित हुने।
- जनस्तरमा काम गर्ने कार्यकर्ताहरूलाई मानव विकासका अवधारणाहरूको जानकारी गराउने र ती अवधारणाहरूलाई विकाससम्बन्धी कार्यक्रमहरूमा क्रमशः समावेश गर्ने उद्देश्यले तालीम सामग्री तयारी कार्य पूरा हुने।
- जिल्लामा कार्यरत नीति निर्माताहरू, श्री ५ को सरकारका पदाधिकारीहरू, राजनैतिक दलका प्रतिनिधिहरूमा मानव विकाससम्बन्धी चेतना वृद्धि हुने र जिल्लाका योजनाविद्हरू, श्री ५ को सरकारका जिल्लास्तरीय कार्यालयमा प्रमुखहरू र नागरिक समाज वा जिल्लाका गैर सरकारी संघ संस्था मार्फत विकास कार्यमा संलग्न कार्यकर्ताहरूलाई तालिम प्राप्त हुने।
- गा.वि.स.का सचिवहरू, सेवाकेन्द्रमा कार्यरत कर्मचारीहरू र ग्रामीण विकासमा संलग्न संघ संस्थाका पदाधिकारीहरूलाई तालिम प्राप्त हुने।
- विश्वविद्यालयहरूको सहकार्य र समझदारीमा मानव विकासले समेट्न पर्ने विषयहरूलाई विश्वविद्यालयहरूको पाठ्यक्रममा समायोजन गर्न मानव विकाससम्बन्धी सन्दर्भ पुस्तक "A Readings in Human Development" तयार हुने।

### (३) गरिवी निवारण रणनीति अन्तर्गत गरिवी अनुगमन (७२-३-२१५)

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मितिः**सन् २००२ | **आयोजना सम्पन्न हुने मितिः** सन् २००५ |
| **कुल लागत :** अमेरिकी डलर ७,८५,७८१ | **आ.ब. २०६१/६२ को बजेटः** रू. ७००० हजार |
| | **स्रोतः** वैदेशिक अनुदानः रू.७००० (यु.एन.डी.पी.) |
| **आयोजनाको प्रकृति :** | गरिवी अनुगमन तथा विश्लेषणसम्बन्धी व्यवस्था संस्थागत हुने र पेशाविद् तहमा यससम्बन्धी क्षमता अभिवृद्धि हुने। |

यस आयोजनाको उद्देश्य श्री ५ को सरकारको गरिवी निवारण रणनीति पत्र (दशौं योजना) मा निर्दिष्ट नीति, कार्यक्रम तथा क्रियाकलापहरूको कार्यान्वयन स्थिति, त्यसका निमित्त विनियोजित साधन स्रोतको परिचालन र त्यसबाट मुलुकमा व्याप्त आयमूलक तथा मानवीय गरिवी घटाउन परेको असर तथा प्रभावसम्बन्धी अनुगमन तथा मूल्यांकन गर्नका लागि गरिवी अनुगमन तथा विश्लेषण प्रणालीको विकास गरी उक्त प्रणालीलाई संस्थागत गर्ने कार्यमा सरकारलाई सहयोग गर्नु हो।

**आ.ब. २०६०/६१ को प्रगतिः**

यस आयोजनाले गरिवी अनुगमन तथा विश्लेषण प्रणालीको मस्यौदा संरचना तयार गर्न सहयोग पुऱ्याएको छ। सहभागितामूलक हिसाबबाट तयार भएको उक्त प्रणालीको मस्यौदा गर्नुभन्दा अघि अनुगमन तथा मूल्यांकनसम्बन्धी संस्थागत व्यवस्था, व्यवस्थापन सूचना प्रणालीको स्थिति, कार्य सम्पादन सूचकहरूको विकास तथा स्थिति, गरिवी अनुगमनसम्बन्धी विभिन्न अध्ययन अनुसन्धान प्रतिवेदनहरूको अभिलेखांकन, जनशक्तिको क्षमता तथा तालिमको आवश्यकता पहिचान आदि सम्बन्धमा स्वतन्त्र अनुसन्धानकर्ताबाट अध्ययन गराई प्रतिवेदन तयार गरिएको थियो। यसरी तयार गरिएको उक्त मस्यौदामा सम्बद्ध सरोकारवालाहरूको सुझाव अनुरूप परिमार्जन गरी उक्त गरिवी अनुगमन तथा विश्लेषण व्यवस्थाको संरचना गत राष्ट्रिय विकास मंचको बैठक पूर्व श्री ५ को सरकारबाट प्रकाशन भएको छ। आयोजनाबाट हालसम्ममा गरिवी अनुगमनसम्बन्धी तालिम १०० जनालाई उपलब्ध गराइएको छ। साथै ४ वटा सहस्राव्दी विकास लक्ष्यहरू हासिल गर्न अनुमानित लागत हालको साधन विनियोजन स्थिति र थप साधन आवश्यकता सम्बन्धी

अध्ययन समेत गराइएको छ। यसका अतिरिक्त जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणालीको मस्यौदा तयार पारी उक्त मस्यौदा उपर सम्बद्ध सरोकारवालाहरूको प्रतिक्रिया सहित यसलाई अन्तिम रूप दिने क्रममा सबै जिविस तथा अन्य सम्बद्ध निकायहरूको सुझाव लिने क्रम जारी छ।

**आ.ब. २०६१/६२ का प्रमुख क्रियाकलापहरू:**

श्री ५ को सरकारका सचिवहरू तथा विभिन्न मन्त्रालयका योजना, अनुगमन तथा मूल्यांकन महाशाखाका प्रमुखहरूलाई गरिवी अनुगमनको महत्वसम्बन्धी चेतनामूलक कार्यक्रम संचालन गर्ने, गरिवी निवारण रणनीति पत्रको कार्यान्वयन स्थिति सहितको गरिवी अनुगमन प्रगति प्रतिवेदन तयार गर्न सहयोग गर्ने, लक्षित कार्यक्रम (क्षेत्रगत/वर्गगत) हरूको अनुगमनका लागि मस्यौदा गरिएको पृथक अनुगमन संयन्त्रलाई अन्तिम रूप दिई त्यसको कार्यान्वयन गर्न सहयोग गर्ने, एउटा जिल्लाका ४ क्षेत्रगत (sectoral) कार्यक्रम तथा आयोजनाहरूको प्रभावसम्बन्धी मूल्यांकन गराउने, गरिवी अनुगमनसम्बन्धी विभिन्न क्षमता अभिवृद्धि कार्यक्रम संचालन गर्ने, सहभागितात्मक गरिवी अनुगमनसम्बन्धी कार्यशाला संचालन गर्ने र यससम्बन्धी अध्ययन सम्पन्न गर्ने, गरिवी अनुगमनका थप सूचकहरू नेपाल इन्फो सफ्टवेयरमा समावेश गर्न सहयोग गर्ने तथा यससम्बन्धी तालिम संचालन गर्ने र जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणालीमा प्राप्त सुझावहरू समावेश गरी अन्तिम रूप दिइ लागू गर्ने प्रक्रिया शुरू गर्ने।

**अपेक्षित उपलब्धि :**

- श्री ५ को सरकारका उच्च पदाधिकारीहरूमा गरिवी अनुगमनसम्बन्धी चेतना अभिवृद्धि र पेशाविद् तहमा यससम्बन्धी क्षमता अभिवृद्धि हुने।
- गरिवीसम्बन्धी एक जिल्लाका कार्यक्रमहरूको मूल्यांकन प्रतिवेदन प्राप्त हुने।
- लक्षित कार्यक्रमसम्बन्धी पृथक अनुगमन संयन्त्र र जिल्ला गरिवी अनुगमन तथा विश्लेषण प्रणाली लागू हुने।
- सहभागितामूलक अनुगमन पद्धतीका लागि आधार सिर्जना हुने र यस्तो एक नमूना अध्ययनको नतीजा प्राप्त हुने।

### (४) सहस्राब्दी विकास लक्ष्यहरूको परिचालन आयोजना (७२-३-२२०/७२-४-२२०):

**आयोजनाको संक्षिप्त विवरण**

| | |
|---|---|
| **आयोजना सुरू मितिः** सन् २००४ | **आयोजना सम्पन्न हुने मितिः** सन् २००६ |
| **कुल लागत :** अमेरिकी डलर ५,५७,५२५ | **आ.व. २०६१/६२ को बजेटः** रू.२४,१०० हजार |
| | **स्रोतः** वैदेशिक अनुदानः रू.२४१०० हजार (यु.एन.डी.पी.) |
| **आयोजनाको प्रकृति :** | सहस्राब्दी विकासका लक्ष्यहरूसम्बन्धी व्यावसायिक योजना, ती लक्ष्यहरूको दोस्रो प्रगति प्रतिवेदन र स्थानीयकरण हुने। (आ.व. २०६१/६२ देखि मात्रै प्रारम्भ हुने) |

यस आयोजनाको मुख्य उद्देश्य सहस्राब्दी विकास लक्ष्यहरू प्राप्त गर्नका लागि व्यावसायिक योजनाको विकास गर्न श्री ५ को सरकारलाई सहयोग पुऱ्याउनु हो। यसका साथै यस आयोजनाले जिल्ला तहमा सहस्राब्दी विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्नुका साथै सहस्राब्दी विकास लक्ष्यहरूको दोस्रो प्रगति प्रतिवेदन तयार गर्न सरकारलाई सहयोग पुऱ्याउने छ।

**आ.ब. २०६१/६२ का प्रमुख क्रियाकलापहरू:**

सहस्राब्दी विकासका लक्ष्यहरू (MDGs) सम्बन्धमा विभिन्न चेतनामूलक कार्यक्रमहरू संचालन गर्ने, व्यावसायिक योजनाको मस्यौदा तयार गरी विभिन्न कार्यशाला तथा अन्तर्क्रिया कार्यक्रमहरूमा छलफल गराउने, सहस्राब्दी विकासका लक्ष्यहरूसँग गरिवी निवारण रणनीति पत्र (PRSP) लाई आवद्ध गरी व्यावसायिक योजना (Business Plan) लाई अन्तिम रूप दिने, सहस्राब्दी विकास लक्ष्यलाई आन्तरिकीकरण गर्ने क्रममा मध्यकालीन खर्च संरचनामा संलग्न व्यक्तिहरूलाई तालिम दिने, नागरिक समाजका संगठनहरूको लागि प्रभावकारी पैरवी तथा संचारसम्बन्धी तालिम संचालन गर्ने, उपेक्षित वर्गहरूको लागि संचारसम्बन्धी तालिम २० जनालाई दिने र छानिएका पाँच नमूना जिल्लाहरूको सहस्राब्दी विकास लक्ष्यको प्रगती प्रतिवेदन तयार गर्ने प्रारम्भिक कार्य गरिने।

**अपेक्षित उपलब्धि:**

यस आयोजनाका देहाय बमोजिम अपेक्षित उपलब्धि हुनेछन्:

- MDGs संग PRSP लाई आवद्ध गरी व्यावसायिक योजना (Business Plan) तयार हुने। (यसले MDGs मैत्री योजना प्रक्रियालाई सहयोग पुग्नेछ।)
- ५ जिल्लाको MDGs प्रगति प्रतिवेदन तयार प्रक्रिया अघि बढ्ने र यसले सहस्राब्दी विकासका लक्ष्यहरू स्थानीयकरण गर्न सघाउ पुग्ने।
- सहस्राब्दी विकासका लक्ष्यहरू सम्बन्धी आन्तरिक चेतना र क्षमता अभिवृद्धि हुने।

## योजना तथा तथ्याङ्क अन्तर्गत आ.व.२०६१/६२ का वार्षिक कार्यक्रम तथा बजेट

(रू. हजारमा)

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को विनियोजन | | | स्रोत | | | प्राथमिकता क्रम | रणनीतिक स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पुँजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | |
| | | | | | | | अनुदान | ऋण | | |
| ७. | योजना, अनुगमन तथा मूल्याङ्कन सुदृढीकरण ७२-३-२००/७२-४-२०० | २०३२५ | १८५४५ | १६०७५ | २४७० | १८५४५ | ० | ० | P2 | ०४ |
| ८. | घरपरिवार (जीवनस्तर) सर्वेक्षण ७२-३-३५४/७२-४-३५४ | ३१५३२ | २७७७२ | १६९८५ | १०७८७ | २७३५ | २५०३७ ( डि.एफ.आइ.डी./ आइ.डी.ए.) | ० | P1 | ०४ |
| ९. | राष्ट्रिय जनगणना २०५८ ७२-३-३५२/७२-४-३५२ | ३२७१ | १६१० | १६०० | १० | ४४० | ११७० ( यु.एन.एफ.पी.ए.) | ० | P2 | ०४ |
| १०. | नेपाल बहुउद्देश्यीय सूचकाङ्क आयोजना ७२-३-३२०/७२-४-३२० | २६५५ | २२७६ | २०१६ | २६० | २२७६ | ० | ० | P2 | ०४ |
| ११. | तथ्याङ्क विकास आयोजना ७२-३-३४०/७२-४-३४० | २३२०९ | ४८३५४ | ३८७१९ | ९६३५ | २७२४१ | २१११३ (ए.डी.बी.) | ० | P2 | ०४ |
| १२. | मानव संशाधन विकास प्रवर्द्धन ७२-३-२१० | ० | ४००० | ४००० | ० | ० | ४००० (यु.एन.डी.पी.) | ० | P1 | ०४ |
| १३. | गरिवी निवारण रणनीति अन्तर्गत गरिवी अनुगमन ७२-३-२१५ | ० | ७००० | ७००० | ० | ० | ७००० (यु.एन.डी.पी.) | ० | P1 | ०४ |
| १४. | सहस्राब्दी विकास लक्ष्यहरूको परिचालन आयोजना ७२-३-२२०/७२-४-२२० | ० | २४१०० | २१८५० | २२५० | ० | २४१०० (यु.एन.डी.पी.) | ० | P1 | ०४ |
| | कुल जम्मा | ८०९९२ | १३३६५७ | १०८२४५ | २५४१२ | ५१२३७ | ८२४२० | ० | | |

# ७ संवैधानिक अंगहरु

## ७.१ अदालतहरू र न्यायिक प्रशिक्षण प्रतिष्ठान सुदृढीकरण

१. **अदालत सुदृढीकरण आयोजना :- (१४-३-२००/१४-४-२००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०५७/५८ | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट :रू. १२ करोड ७ लाख |
| आयोजनाको प्रकृति : संस्थागत सुदृढीकरण | श्रोत : श्री ५ को सरकार रू.४५७०० हजार<br>वैदेशिक अनुदान: ७५००० हजार (जापान डि.आर.एफ.) |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

कम्प्यूटर अपरेटर र अमिनहरूलाई तालिम, अदालतको दीर्घकालीन गुरूयोजना निर्माण गरिएको र भवनहरू निर्माण मर्मत सुधार गरिएको ।

(ख) **आ.ब.२०६०।६१ को मुख्य कामहरू :-**

पुनरावेदन तहका ६ र जिल्ला तहका १२ वटा अदालतका भवन निर्माण र संभार गर्ने, २ वटा पुनरावेदन र ६ वटा जिल्ला अदालतलाई जग्गा खरिद गर्ने, २३ वटा गाडी, फोटोकपी, फ्याक्स मेशिन, कम्प्युटर र फर्निचर आदि खरिद गर्ने ।

(ग) **अपेक्षित उपलब्धि :-**

अदालतको लागि आधारभूत सुविधा उपलव्ध हुन गै विधिको शासन सुदृढ गर्नमा सहयोग पुग्ने ।

२. **न्यायिक प्रशिक्षण प्रतिष्ठान आयोजना - (१४-३-२१०/१४-४-२१०)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०५९/६० | आयोजना सम्पन्न हुने मिति : आ.व.२०६१/६२ |
| कूल लागत : रू.१३,८३,१३,०००।- | आ.व.२०६१/६२ को बजेट :रू. ६ करोड ७० लाख |
| आयोजनाको प्रकृति : संस्था स्थापना र विकास | श्रोत : श्री ५ को सरकार रू.७००० हजार<br>वैदेशिक ऋण: रू. ६०००० हजार (ए.डि.बी.) |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

भवन निर्माणको कामको ठेक्कापट्टा सम्बन्धी कार्यमा ढीलाई भएको, एक्सेस रोडको कार्य हुँदै गरेको ।

(ख) **आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

भवन निर्माण गर्ने, २ वटा गाडी खरिद गर्ने ।

(ग) **अपेक्षित उपलब्धि :-**

राज्यको न्यायिक क्षेत्रमा संलग्न पदाधिकारीहरूलाई समयोचित पुनरताजगी हुन गै न्याय संचालनमा मद्दत गर्ने ।

३. **अदालत सुधार आयामेजना :- (१४-४-२०५)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०६१/६२ | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट :रू. ३ करोड |
| आयोजनाको प्रकृति : संस्थागत सुदृढीकरण | श्रोत : यू.एन.डि.पी. |

(क) **आ.ब. २०६०/६१ को प्रगति :-**

प्रारम्भिक कार्य शुरू भएको ।

(ख) **आ.ब. २०६१/६२ को मुख्य कामहरू :-**

मुद्दाको चाप र अदालत प्रशासनको आधुनिकीकरण सम्बन्धी अध्ययन, नमूना अदालतको स्थापना तथासंचालन, न्यायाधीश एवं कर्मचारीहरूलाइ स्वदेशी एवं विदेशी तालिम सम्बन्धी कार्यक्रम संचालन गर्ने ।

(ग) **अपेक्षित उपलब्धि :-**

अदालती व्यवस्थापन एवं प्रशासनमा सुधार हुन गै न्याय संपादनमा सहयोग पुग्ने ।

## ७.२ महान्यायाधिवक्ताको कार्यालय:

**संस्थागत सुदृढीकरण आयोजना : (१९-३-२००/१९-४-२००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना शुरू भएको मिति :** २०५७/५८ | **आयोजना सम्पन्न हुने मिति :** निरन्तर |
| **कूल लागत :** नखुल्ने | **आ.ब.२०६१/६२ को बजेट :** रू. ५० लाख |
| **आयोजनाको प्रकृति :** संस्थागत सुदृढीकरण | **श्रोत :** श्री ५ को सरकार |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

व्यावसायिक दक्षता अभिबृद्धिका लागि सरकारी वकिलहरूका लागि बिभिन्न व्यावसायिक तालिम संचालन भएको, कानूनी एवं प्राविधिक बिषयका पुस्तक खरिद गरिएको ऐन, नियम, नजीर आदिको संकलन एवं प्रकाशन गरी नेटवर्किङ्ग कार्य गरिएको ।

(ख) **आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

सरकारी वकिलहरूका लागि व्यावसायिक दक्षता अभिबृद्धि तालिम दिने २ वटा, फोटोकपी, चेकराइटर मेशिनहरू, बिभिन्न पुस्तकहरू र फर्निचरहरू किन्ने, भवनहरू मर्मत गर्ने र हाता पर्खालहरू बनाउने ।

(ग) **अपेक्षित उपलब्धि :-**

दक्षता अभिवृद्धि तालिमबाट सरकारी वकीलहरूको क्षमतामा विकास हुने र कार्यालयको भौतिक सुधार हुने ।

## ७.३ अख्तियार दुरूपयोग अनुसन्धान आयोग :

**संस्थागत सुदृढीकरण आयोजना : (१५-३-२००/१५-४-२००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना शुरू भएको मिति :** २०५६।०५७ | **आयोजना सम्पन्न हुने मिति :** निरन्तर |
| **कूल लागत :** नखुल्ने | **आ.व.२०६१/६२ को बजेट :** रू.३७८५९ हजार |
| **आयोजनाको प्रकृति :** सालबसाली | **स्रोत:** श्री ५ को सरकार रू.३२०० हजार वैदेशिक अनुदान: रू. ३,४६,५९ हजार ( डि.एफ्.आई.डि.) |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

विशेषज्ञ, सुराकी समेत परिचालन गरी उजुरी छानवीनदेखि मुद्दा दर्ता, पुनरावेदन समेतका कार्यहरू गरिएको, पांचै विकास क्षेत्रमा आयोगको इकाई/शाखा स्थापना गरिएको, अनुसन्धान निर्देशिका र आचार संहिता निर्माण गरिएको, भ्रष्टाचार बिरूद्ध र आयोगका कृयाकलापको प्रचार प्रसार गरिएको ।

(ख) **आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

जनचेतना अभिवृद्धिको लागि विभिन्न पुस्तिका, बुलेटिन प्रकाशन तथा प्रचार प्रसार गर्ने,उद्योग वाणिज्य क्षेत्रगत

आचार संहिताको तर्जुमा गर्न पहल गर्ने, सरकारी कार्यालयहरूको कार्यविधि निर्देशिकाको अनुगमन गर्ने, अन्तरकृया गोष्ठी सम्मेलन १२ वटा गरी १२ वटा नै कार्यपत्र प्रस्तुत गर्ने, र २५/२५ जनालाई कम्प्यूटर र अनुसंधान तालिम दिने ।

(ग) अपेक्षित उपलब्धि :-

देशमा भ्रष्टाचार नियन्त्रण हुन गै सुशासन कायम हुन जाने ।

## ७.४ लोक सेवा आयोग :

**संस्थागत सुदृढीकरण आयोजना : (१७-३-२०१/१७-४-२०१)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजना शुरू भएको मिति : २०५५/५६ | आयोजना सम्पन्न हुने मिति : निरन्तर |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : रू. ७००० हजार |
| आयोजनाको प्रकृति : संस्थागत सुदृढीकरण | श्रोत : श्री ५ को सरकार |

(क) **आ.ब. २०६०।६१ को प्रगति :-**

पाठ्यक्रम निर्माण परिमार्जन तथा अनुसन्धान (२८ वटा), पाठ्यक्रम तथा परीक्षण प्रविधी बिषयक गोष्ठीहरू संचालन (५ पटक), १० जनालाई कम्प्यूटर तालिम र २ पटक निजामती पत्रिका प्रकाशन ।

(ख) **आ.ब. २०६१।६२ को मुख्य कामहरू :-**

आ.व.२०६०/६१ कै कार्यहरूमा निरन्तरता ।

(ग) **अपेक्षित उपलब्धि :-**

पाठ्यक्रम र परीक्षण प्रविधिमा परिमार्जन हुन गै वाञ्छित जनशक्ति प्राप्त हुने ।

## ७.५ महालेखा परीक्षकको विभाग

१. **संस्थागत सुदृढीकरण (१६-३-२००/१६-४-२००)**

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| आयोजनाको शुरू मितिः २०५९/६० | आयोजना सम्पन्न हुने मितिः २०६२/६३ |
| कूल लागतः रू ४४७०० हजार | आ.ब. २०६१/६२ को बजेटः रू २८२४० हजार |
| स्रोतः श्री ५ को सरकार रू ७० लाख र IDA को अनुदान रू २ करोड १२ लाख | |
| आयोजनाको प्रकतिः संस्थागत सुदृढिकरण | |

(क) **आयोजनाको हालसम्मको प्रगतिः**

आयोजनाका लागि सम्झौता गरी परामर्शदाताको नियुक्ति गरिएको तथा विभागको बर्तमान कार्यविधि र बार्षिक प्रतिवेदनको ढाँचा पुनरावलोकन गरिएको छ ।

(ख) **आ.ब. २०६१/६२ मा सञ्चालन गरिने मुख्य क्रियाकलापहरू :-**

- लेखा परिक्षणको क्षमता अभिवृद्धिको लागि आवश्यक सामाग्रीहरूको खरिद र गोष्ठी तथा तालिम प्रदान गर्ने ।
- भवन मर्मत तथा भौतिक सामाग्री र फर्निचर खरिद गर्ने ।

(ग) **अपेक्षित उपलब्धिः**

उपरोक्त कार्यक्रमको कार्यान्वयन पछि लेखापरीक्षण स्तरीय हुने र वित्तीय सुशासन अभिवृद्धि हुनेछ ।

संवैधानिक अङ्गहरू अन्तर्गत आ.व. २०६१।६२ को कार्यक्रम तथा बजेट

| सि.नं | आयोजनाको/कार्यक्रमको नाम बजेट शीर्षक नं | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को अनुमान | | | | बैदेशिक | | | प्राथमिकता | रणनीति स्तम्भ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कूल जम्मा | चालु खर्च | पुँजीगत तथा साँवा भुक्तानी खर्च | श्री ५ को सरकार | अनुदान | ऋण | जम्मा | | |
| | सर्वोच्च अदालत - अदालत सुदृढीकरण १४-३-२००/१४-४-२००- | ४३७०० | १२०७०० | ० | १२०७०० | ४५७०० | ७५००० DRFJapan | ० | ७५००० | P1 | ०४ |
| | अदालत सुधार १४-३-२०५ | ० | ३०००० | ३०००० | ० | ० | ३०००० UNDP | ० | ३०००० | P1 | ०४ |
| | न्यायिक प्रशिक्षण प्रतिष्ठान १४-३-२१०/१४-४-२१० | २९९९९ | ६७००० | ३५०० | ६३५०० | ७००० | | ६०००० ADB | ६०००० | P1 | ०४ |
| | अख्तियार दुरूपयोग अनुसन्धान आयोग, संस्थागत सुदृढीकरण १५-३-२००/१५-४-२०० | ३०२९ | ३७८५९ | १६८५४ | २१००५ | ३२०० | ३४६५९ DFID | ० | ३४६५९ | P1 | ०४ |
| | महान्यायाधिवक्ताको कार्यालय १९-३-२००/१९-४-२०० | ८३१९ | ५००० | ३५०० | १५०० | ५००० | | | | P1 | ०४ |
| | लोक सेवा आयोग, संस्थागत सुदृढीकरण १७-३-२०१/१७-४-२०१ | ५९९२ | ७००० | ३००० | ४००० | ७००० | ० | ० | | P1 | ०४ |
| | महालेखा परिक्षकको विभाग - संस्थागत सुदृढीकरण (१६-३-२००/१६-४-२००) | १४६५४ | २८२४० | २६८९० | १३५० | ७००० | २१२४० (IDA) | ० | २१२४० | P1 | ४ |
| | जम्मा | १०५६९३ | २९५७९९ | ८३७४४ | २१२०५५ | ७४९०० | १६०८९९ | ६०००० | २२०८९९ | | |

# ८ विविध

## ८.१ विशेष क्षेत्र विकास कार्यक्रम – (९५-३-९६४/९५-४-९६४)

**आयोजनाको संक्षिप्त विवरण**

आयोजना शुरू भएको मितिः आ.ब. २०५५/५६
आयोजना सम्पन्न हुने मितिः सालबसाली
आ.ब. २०६१/६२ को बजेटः रू. ६ करोड
स्रोतः श्री ५ को सरकार रू २ करोड र
वैदेशिक ऋणः रू ४ करोड (IDA-PRSC)
आयोजनाको प्रकृतिः मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलमा विशेष कार्यक्रम सञ्चालन गर्ने ।

**आ.ब. २०६१/६२ मा सञ्चालन हुने मुख्य क्रियाकलापहरू:-**

यस आयोजनाबाट धनगढी हवाइ मैदानको सुधार गर्ने, बाजुरा-मुगु सडक निर्माण (Quick Impact Program Modality मा) सहयोग गर्ने, डोल्पाको दुनै सडक निर्माणमा सहयोग गर्ने, हिल्सा-सिमिकोट बाटो (पुल निर्माण सर्भे समेत) निर्माण गर्ने, महेन्द्रनगर नगरपालिकामा खानेपानी आयोजना र शाही शुक्ला फाँटा र बर्दिया राष्ट्रिय निकुञ्ज क्षेत्रका जनजातिको लागि विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपेक्षित उपलब्धिः**

मध्यपश्चिमाञ्चल र सुदूरपश्चिमाञ्चलका केही सडक निर्माण तथा सुधार हुनुका साथै स्थानीय जनजातिको विकासमा सहयोग पुग्ने ।

## ८.२ उपेक्षित वर्ग विशेष कार्यक्रम – महिला, जनजाति र दलित समेत (९५-३-९६५/९५-४-९६५)

**आयोजनाको संक्षिप्त विवरण**

आयोजना शुरू भएको मितिः आ.ब. २०६०/६१
आयोजना सम्पन्न हुने मितिः सालबसाली
आ.ब. २०६१/६२ को बजेटः रू. ६ करोड
स्रोतः श्री ५ को सरकार रू २ करोड
वैदेशिक ऋणः रू ४ करोड (IDA-PRSC)
आयोजनाको प्रकृतिः महिला, जनजाति र दलितको विकास गर्ने ।

**आयोजनाको हालसम्मको प्रगतिः**

४० वटा जिल्लाका महिला विकास कार्यक्रम लागु भएका गा.बि.स.का ३४२ वटा महिला विकास सहकारी संस्थाहरूलाई करिव रू १ करोड ७० लाख बीउ पुँजी प्रदान गरिएको तथा ३२ वटा सीपमूलक तालिम प्रदान गरिएकोछ । साथै १२ वटा जिल्लाका ४८ वटा गा.बि.स.का जनजाति तथा दलित समुदायको लागि सीपमूलक तालिम र आयमूलक कार्यक्रम सञ्चालन गरिएकोछ ।

**आ.ब. २०६१/६२ मा सञ्चालन हुने मुख्य क्रियाकलापहरू:-**

यस आयोजनाबाट गरिव महिलाहरूको विकास तथा सशक्तिकरणका लागि सीपमूलक तालिम तथा आयमूलक कार्यको लागि बीउ पुँजी प्रदान गर्ने, दलित समुदायको उत्थानका लागि सीपमूलक तालिम र आयमूलक कार्यक्रम सञ्चालन गर्ने र गरिव दलित बालबालिका तथा छात्राहरूलाई उच्च शिक्षा एवं प्राविधिक शिक्षामा छात्रवृत्ति प्रदान गर्ने जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

**अपेक्षित उपलब्धिः**

गरिव महिला, जनजाति तथा दलित वर्गको उत्थानमा सहयोग पुग्ने ।

## ८.३ पुननिर्माण तथा पुनर्स्थापन कार्यक्रम (९५-३-९७२/९५-४-९७२)

**आयोजनाको संक्षिप्त विवरण**

आयोजना सुरु मिति : आ.व. २०५९/६०
आयोजना संपन्न हुने मिति : सालवसाली
आ.व.२०६१/६२ को वजेट :रू. ६०,००,०० हजार
श्रोत : श्री ५ को सरकारको रू. ११,२१,३८ हजार
वैदेशिक ऋण रू. ४८,७८,६२ हजार (IDA, PRSC)
आयोजनाको प्रकृति : पूनःनिर्माण तथा पुनर्स्थापन

**आ.व.२०६०/६१ को प्रगति**

यस आयोजना अन्तर्गत आन्तरिक द्वन्दका कारणले अधिराज्यका विभिन्न जिल्लाहरूमा नष्ट भएका भौतिक

संरचनाहरूको पुनः निर्माण र पुनर्स्थापनका कार्यहरू संचालन भैरहेका छन्। यस क्रममा अछाम, जुम्ला, डोल्पा, दैलेख, रूकुम, बर्दिया, दाङ, अर्घाखाँची, लमजुङ, पाल्पा, गुल्मी, नुवाकोट, ओखलढुंगा जिल्लाहरूमा द्वन्दवाट भत्किएका जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, कारागार भवन, जिल्ला अदालत, वन कार्यालय जस्ता सरकारी कार्यालयका भवनहरूको पुनः निर्माण कार्य भैइरहेको छ। त्यस्तै डडेलधुरा, वैतडी, जाजरकोट, म्याग्दी, रूपन्देही, वारा, पर्सा, भोजपुर, ताप्लेजुङ, धनकुटामा पनि क्षति भएका भौतिक संरचनाहरूको पुनः निर्माण कार्य प्रारम्भ भएको छ।

**आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

आ.व. २०६१/६२ मा विभिन्न जिल्लाहरूमा संचालन भैरहेका पुनःनिर्माण कार्यलाई सम्पन्न गर्ने, द्वन्दवाट विस्थापित व्यक्तिहरूलाई पुनर्स्थापित गर्ने र हिंसात्मक गतिविधिमा लागेका व्यक्तिहरूलाई समाजमा आवद्ध गर्ने कार्यक्रमहरू संचालन गरिनेछ।

**अपेक्षित उपलब्धि**

यस आयोजनावाट द्वन्दको कारणले नष्ट भएका विभिन्न जिल्लाहरूको भौतिक संरचनाहरूको पुनःनिर्माण तथा पुर्नस्थापन कार्य सम्पन्न भै जनतालाई प्रदान गरिने वस्तु तथा सेवाको प्रवाहमा निरन्तरता र प्रभावकारीता आउने छ।

## ८.४ एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना (९५-३-९७४/९५-४-९७४)

| आयोजनाको संक्षिप्त विवरण | |
|---|---|
| **आयोजना सुरू मिति :** आ.व. २०५७/५८ | **आयोजना संपन्न हुने मिति :** सालवसाली<br>**आ.व.२०६१/६२ को वजेट :** रू. १२,००,०० हजार<br>**श्रोत :** श्री ५ को सरकार |
| **आयोजनाको प्रकृति :** आन्तरिक सुरक्षा तथा विकास | |

**आ.व.२०६०/६१ को प्रगति**

शान्ति सुरक्षा र विकासका दृष्टिले संवेदनशील तथा आर्थिक एवम सामाजीक दृष्टिले पिछडिएका रूकुम, रोल्पा, प्यूठान, सल्यान, कालिकोट, जाजरकोट र गोरखा गरि ७ वटा जिल्लाहरूमा आ.व. २०५७/५८ देखि सुरू भएको यो आयोजना आ.व. २०६०/६१ देखि रसुवा, नुवाकोट, धादिङ, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, ललितपुर र भक्तपुर समेत थप ७ वटा जिल्लामा विस्तार गरी जम्मा १४ वटा जिल्लाहरूमा एकिकृत रूपमा सुरक्षा तथा विकासका विभिन्न कार्यक्रमहरू संचालन हुँदै आएका छन्। आ.व. २०६०/६१ मा ग्रामिण सडक, खानेपानी, सिंचाई, विद्यालय भवन पुनः निर्माण, आय आर्जन, सुरक्षा निकाय मार्फत स्वास्थ्य शिविर संचालन जस्ता कार्यक्रमहरू सम्वन्धित जिल्ला विकास समितिको कार्यालय, शाही नेपाली सेना र गृह मन्त्रालयवाट कार्यान्वयन भएका छन्।

**आ.व.२०६१/६२ को मुख्य मुख्य कार्यक्रमहरू:**

आ.व. २०६१/६२ मा कार्यक्रमलाई निरन्तरता दिने क्रममा जनतालाई तत्कालै प्रत्यक्ष सेवा पुग्ने तथा उनीहरूको आर्थिक एवं सामाजिक स्थितिमा सकारात्मक प्रभाव पार्ने खालका पूर्वाधार निर्माण एवं शिक्षा, स्वास्थ्य, सुरक्षा लगायतका विभिन्न सामाजिक एवं मानवीय कल्याणसंग सम्वन्धित कार्याक्रमहरू (१४ वटा जिल्लामा) संचालन गरिनेछन्।

**अपेक्षित उपलब्धि**

यस आयोजनाबाट सुरक्षाका दृष्टिले सम्वेदनशिल क्षेत्रको आर्थिक सामाजिक विकास हुन गई मुलुकमा विद्यमान द्वन्दलाई न्यून गर्न समेत सहयोग पुग्न जानेछ।

## ८.५ शान्ति, सामाजिक द्वन्द्व समाधान र अग्रगमन (९५-३-९६६):

**शान्ति, सामाजिक द्वन्द्वको समाधान र अग्रगमन कार्यक्रम व.शि.नं. (९५-३-९६६)**

| आयोजनाको संक्षिप्त विवरण : | |
|---|---|
| आयोजना शुरु मिति : २०६१।६२ | आयोजना सम्पन्न हुने मिति : सालवसाली |
| कूल लागत : नखुल्ने | आ.व.२०६१/६२ को बजेट : ३७ करोड |
| आयोजनाको प्रकृति : द्वन्द समाधानमूलक | श्रोत : श्री ५ को सरकार |

(क) आ.व. २०६०।६१ सम्मको प्रगति : ×

(ख) २०६१।६२ का मुख्य कार्यक्रमहरू :

- आयमूलक कार्यक्रम

विषेश रूपमा द्वन्द प्रभावित जिल्लाहरूमा खासगरी महिला, वालवालिका लगायत विस्थापित भएका परिवार/व्यक्तिका लागि तत्काल क्रयशक्ति बढाउने खालका रोजगारमूलक, आयमूलक कार्यक्रमहरू एवं छात्रवृत्ति वितरण, सामाजिक सुरक्षा जस्ता कार्यक्रम संचालन गर्न रू.२० करोडको व्यवस्था गरिएको छ। कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका लागि छुट्टै निर्देशिका जारी गरी पारदर्शी ढंगले संचालन गरिनेछ। कार्यक्रम तर्जुमा गर्दा कार्यक्रमको दोहरोपना नआउने गरी गरीवी सूचकाङ्क (Poverty Indicator) को आधारमा गरिनेछ।

- शान्ति कोष स्थापना

शान्ति सम्वन्धी विभिन्न क्रियाकलाप गर्नको लागि रू. २ करोडको छुट्टै शान्ति कोषको व्यवस्था गरिएको छ।

- सामाजिक परिचालन

राष्ट्रिय स्वयं सेवा विकास कार्यक्रम (NDVS) तर्फ रू. २ करोड विनियोजन गरी जनसहभागिता परिचालन गर्ने क्षमता कम भएका जिल्लाहरूमा सामाजिक परिचालन कार्यक्रम NDVS मार्फत संचालन गरिनेछ।

- अन्य कार्यक्रम

यस कार्यक्रम अन्तर्गत माथि उल्लेखित कार्यक्रमको अलावा सामाजिक तथा आर्थिक अग्रगमनका थप कार्यक्रम संचालन गर्न रू १३ करोडको छुट्टै व्यवस्था गरिएको छ।

अत: यस कार्यक्रमको निमित्त जम्मा रू ३७ करोडको वजेट विनियोजन गरिएकोछ।

(ग) **अपेक्षित उपलब्धि** : करिव १ लाख द्वन्द पीडित जनता लाभान्वीत हुनेछन्।

**८.६ भैपरी आउने (९५-४-९५१, ९५-४-९५२, ९५-४-९५३)**

यस शीर्षकअन्तर्गत आ.व. २०६१/६२ मा भैपरी आउनेतर्फ रू. २४ करोड ९९ लाख ९२ हजार, भन्सार महशुलतर्फ रू. १ करोड र कर्मचारी सुविधातर्फ रू. ७ करोड गरी जम्मा ३२ करोड ९९ लाख ९२ हजार बजेट विनियोजन गरिएको छ।

विविध कार्यक्रमका लागि आ.व. २०६१/६२ को वार्षिक बजेट

रू. हजारमा

| सि. नं. | आयोजना/कार्यक्रमको नाम र बजेट संकेत नं. | २०६०/६१ को संशोधित अनुमान | आ. व. २०६१/६२ को विनियोजित बजेट | | | स्रोत | | | प्राथमिकता संकेत | रणनीतिक संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | चालु खर्च | पुँजिगत खर्च | श्री ५ को सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | |
| १ | विशेष क्षेत्र विकास कार्यक्रम (९५-३-९६४/९५-४-९६४) | ९७५७५ | ६०००० | ६०००० | ० | २०००० | | ४०००० (IDA-PRSC) | P1 | ०३ |
| २ | उपेक्षित वर्ग विशेष कार्यक्रम - महिला, जनजाति र दलित समेत (९५-३-९६५/९५-४-९६५) | ४६८२५ | ६०००० | ६०००० | ० | २०००० | | ४०००० (IDA-PRSC) | P1 | ०३ |
| ३ | पुनः निर्माण तथा पुनर्स्थापन कार्यक्रम (९५-३-९७२/९५-४-९७२) | १४,७६,०० | ६०,००,०० | १०,००,०० | ५०,००,०० | ११,२१,३८ | | ४८,७८,६२ (IDA-PRSC) | P1 | ०२ |
| ४. | एकीकृत आन्तरिक सुरक्षा तथा विकास योजना (९५-३-९७४/९५-४-९७४) | १३,१२,०० | १२,००,०० | ५,००,०० | ७,००,०० | १२,००,०० | | | P1 | ०२ |
| ५. | शान्ति, सामाजिक द्वन्द्व समाधान र अग्रगमन (९५-३-९६६) | | ३७०००० | ३७०००० | | ३७०००० | | | P1 | ०२ |
| ६. | भैपरी आउने (९५-४-९५१) | ५०००० | २४९९९२ | २४९९९२ | ० | २४९९९२ | ० | ० | P2 | ०४ |
| ७. | भन्सार महशुल (९५-४-९५२) | ० | १०००० | १०००० | ० | १०००० | ० | ० | P2 | ०१ |
| ८. | कर्मचारी सुविधा | ० | ७०००० | ७०००० | ० | ७०००० | ० | ० | P3 | ०४ |
| | जम्मा | ४७३२०० | १५३९९९२ | ९६९९९२ | ५७०००० | ९७२१३० | | ५६७८६२ | | |

# आर्थिक वर्ष २०६१/६२ को विकास कार्यक्रमको लागि चालु तथा पूँजीगत खर्च बजेटको सेवा तथा क्षेत्रगत विवरण

| सेवा तथा क्षेत्र | २०५९/६० को यथार्थ खर्च | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को व्यय अनुमान | | | स्रोत | | | | कूल विकास खर्चको अंश ( प्रतिशत) | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूंजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | जम्मा | | |
| संवैधानिक अंगहरू | ४८१६६ | १०५६९४ | २६५७९९ | ५३७४४ | २१२०५५ | ७४९०० | १३०८९९ | ६०००० | १९०८९९ | ०.५६ | १५१.४८ |
| संवैधानिक अंगहरू | ४८१६६ | १०५६९४ | २६५७९९ | ५३७४४ | २१२०५५ | ७४९०० | १३०८९९ | ६०००० | १९०८९९ | ०.५६ | १५१.४८ |
| अदालत | ३९०६२ | ७३६९९ | १८७७०० | ३५०० | १८४२०० | ५२७०० | ७५००० | ६०००० | १३५००० | ०.४० | १५४.६८ |
| अख्तियार दुरुपयोग अनुसन्धान आयोग | २३१ | ३०२९ | ३७८५९ | १६८५४ | २१००५ | ३२०० | ३४६५९ | ० | ३४६५९ | ०.०८ | ११४९.८८ |
| महालेखा परीक्षकको विभाग | २०६४ | १४६५४ | २८२४० | २६८९० | १३५० | ७००० | २१२४० | ० | २१२४० | ०.०६ | ९२.७१ |
| लोकसेवा आयोग | २०१० | ५९९२ | ७००० | ३००० | ४००० | ७००० | ० | ० | ० | ०.०१ | १६.८२ |
| महान्यायाधिवक्ताको कार्यालय | ४७९९ | ८३२० | ५००० | ३५०० | १५०० | ५००० | ० | ० | ० | ०.०१ | (३९.९० |
| साधारण प्रशासन | १३१४२१ | २२३५७१ | ४३५४३४ | २५२२२७ | १८३२०७ | २६०९४४ | १६९४९० | ५००० | १७४४९० | ०.९२ | ९४.७६ |
| सामान्य प्रशासन | २५५६६ | ४२७२४ | १२७८०० | १०१५४५ | २६२५५ | ५२८०० | ७५००० | ० | ७५००० | ०.२७ | १९९.१३ |
| अदालत | ० | ० | ३०००० | ३०००० | ० | ० | ३०००० | ० | ३०००० | ०.०६ | घम्क्षर०ज्ञ |
| प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ० | १३५० | ३७३०० | ३७३०० | ० | २३०० | ३५००० | ० | ३५००० | ०.०८ | २६६२.९६ |
| कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | २६९ | ८९४ | १२००० | १२००० | ० | २००० | १०००० | ० | १०००० | ०.०३ | १२४२.२८ |
| गृह मन्त्रालय | १८६२८ | ३०१९२ | ४०००० | १५२७५ | २४७२५ | ४०००० | ० | ० | ० | ०.०८ | ३२.४९ |
| सामान्य प्रशासन मन्त्रालय | ६६६९ | १०२८८ | ८५०० | ६९७० | १५३० | ८५०० | ० | ० | ० | ०.०२ | (१७.३८ |
| राजश्व तथा आर्थिक प्रशासन | ७३११९ | ९९८५५ | १७३९७७ | ४२४३७ | १३१५४० | १५६९०७ | १२०७० | ५००० | १७०७० | ०.३७ | ७४.२३ |
| अर्थ मन्त्रालय | ७३११९ | ९९८५५ | १७३९७७ | ४२४३७ | १३१५४० | १५६९०७ | १२०७० | ५००० | १७०७० | ०.३७ | ७४.२३ |
| योजना र तथ्यांक | ३२६६४ | ८०९९२ | १३३६५७ | १०८२४५ | २५४१२ | ५१२३७ | ८२४२० | ० | ८२४२० | ०.२८ | ६५.०२ |
| राष्ट्रिय योजना आयोगको सचिवालय | ३२६६४ | ८०९९२ | १३३६५७ | १०८२४५ | २५४१२ | ५१२३७ | ८२४२० | ० | ८२४२० | ०.२८ | ६५.०२ |
| सामाजिक सेवाहरू | १२०४०६९८ | १३८१७२६७ | २२३८५३४३ | ११५३३४८४ | १०८५१८५९ | ७५६५४६० | ७६२३५०४ | ७१९६३८३ | १४८१९८८७ | ४७.४२ | ६२.०१ |
| शिक्षा | २७३००२४ | ३३९३३४३ | ६२८६४२३ | ५०३३२०९ | १२५३२१४ | ८३८३४६ | ३०८१९३० | २३६६१४७ | ५४४८०७७ | १३.२८ | ८५.२६ |
| शिक्षा तथा खेलकुद मन्त्रालय | २७३००२४ | ३३९३३४३ | ६२६६४२३ | ५०१३२०९ | १२५३२१४ | ८३८३४६ | ३०६१९३० | २३६६१४७ | ५४२८०७७ | ०.०४ | ८४.६७ |
| स्थानीय विकास मन्त्रालय | ० | ० | २०००० | २०००० | ० | ० | २०००० | ० | २०००० | ९.५७ | घम्क्षर०ज्ञ |
| स्वास्थ्य | १६११७७७ | २३०९०८९ | ४५१५४६२ | ३३९८७९३ | १११६६६९ | १६२९१२४ | २३०४०१३ | ५८२३२५ | २८८६३३८ | ९.५७ | ९५.५५ |
| उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५६४०० | ५०००० | ५५००० | ५५००० | ० | २०००० | २०००० | १५००० | ३५००० | ०.१२ | १०.०० |
| स्थानीय विकास मन्त्रालय | ० | ६४७०० | ११०००० | ११०००० | ० | ० | ११०००० | ० | ११०००० | ०.२३ | ७०.०२ |
| स्वास्थ्य मन्त्रालय | १५६३३७७ | २१९४३८९ | ४३५०४६२ | ३२३३७९३ | १११६६६९ | १६०९१२४ | २१७४०१३ | ५६७३२५ | २७४१३३८ | ९.२२ | ९८.२५ |
| खानेपानी | २१३९१४२ | २२२१९१८ | ३५७१८१९ | ४२८८२४ | ३१४२९९५ | १२१०७७७ | ५१६३९४ | १८४४६४८ | २३६१०४२ | ७.५७ | ६०.७५ |
| भौतिक योजना तथा निर्माण मन्त्रालय | १५८४६५६ | १७६५४६० | २९७१६५२ | ४२७२७४ | २५४४३७८ | ८३८११० | ३२६३९४ | १८०७१४८ | २१३३५४२ | ६.३० | ६८.३२ |
| स्थानीय विकास मन्त्रालय | ९२७८५ | १०५१५८ | १५२००४ | १५५० | १५०४५४ | १५२००४ | ० | ० | ० | ०.३२ | ४४.५५ |

| सेवा तथा क्षेत्र | २०५९/६० को यथार्थ खर्च | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को व्यय अनुमान | | | स्रोत | | | | कूल विकास खर्चको अंश ( प्रतिशत) | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूंजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | जम्मा | | |
| अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान। | ४६१७०१ | ३५१३०० | ४४८१६३ | ० | ४४८१६३ | २२०६६३ | १९०००० | ३७५०० | २२७५०० | ०.९५ | २७.५७ |
| स्थानीय विकास | ४८१७७०७ | ४७८५२७५ | ६१३७८३६ | १५६२९०९ | ४५७४९२७ | २६९०६७३ | १४१६९३८ | २०३०२२९ | ३४४७१६७ | १३.०० | २८.२७ |
| स्थानीय विकास मन्त्रालय | ३६१६४१२ | ४५५६५०० | ५९५७८३६ | १४५२९०९ | ४५०४९२७ | २५५०६७३ | १४१६९३४ | १९९०२२९ | ३४०७१६३ | १२.६२ | ३०.७५ |
| अर्थ मन्त्रालय- विविध | १२०१२९५ | २२८७७५ | १८०००० | ११०००० | ७०००० | १४०००० | ४ | ४०००० | ४०००४ | ०.३८ | (२१.३२ |
| अन्य सामाजिक सेवाहरू | ७३४०४८ | ११०७६४२ | १८७३८०३ | ११०९७४९ | ७६४०५४ | ११९६५४० | ३०४२२९ | ३७३०३४ | ६७७२६३ | ३.९७ | ६९.१७ |
| जनसख्या तथा वातावरण | १४३५० | ३३१९९ | ४३१५० | ३८१५० | ५००० | ३६६९० | ६४६० | | ६४६० | ०.०९ | २९.९७ |
| जनसख्या तथा वातावरण मन्त्रालय | १४३५० | ३३१९९ | ४३१५० | ३८१५० | ५००० | ३६६९० | ६४६० | ० | ६४६० | ०.०९ | २९.९७ |
| महिला, बालबालिका तथा समाज कल्याण | १५७८५८ | २२२२८४ | ३०३०१३ | २९९६४५ | ३३६८ | १८८०९१ | २६०१९ | ८८९०३ | ११४९२२ | ०.६४ | ३६.३२ |
| महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | १५७८५८ | १७५४५९ | २४३०१३ | २३९६४५ | ३३६८ | १६८०९१ | २६०१९ | ४८९०३ | ७४९२२ | ०.५१ | ३८.५० |
| अर्थ मन्त्रालय- विविध | ० | ४६८२५ | ६०००० | ६०००० | ० | २०००० | ० | ४०००० | ४०००० | ०.१३ | २८.१४ |
| युवा, खेलकुद तथा संस्कृति | १७१००४ | २४४२१२ | २९४४५० | ११९२३३ | १७५२१७ | २५९४५० | ३५००० | ० | ३५००० | ०.६२ | २०.५७ |
| संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १५९१६९ | १९१४७२ | २६१९०० | ८६६८३ | १७५२१७ | २२६९०० | ३५००० | ० | ३५००० | ०.५५ | ३६.७८ |
| शिक्षा तथा खेलकुद मन्त्रालय | ११८३५ | ५२७४० | ३२५५० | ३२५५० | ० | ३२५५० | ० | ० | ० | ०.०७ | (३८.२८ |
| आवास | १४१२२० | २४०४३६ | ३७७७८५ | १६३८३३ | २१३९५२ | २२१७५४ | ६०००० | ९६०३१ | १५६०३१ | ०.८० | ५७.१२ |
| गृह मन्त्रालय | ४९९९५ | ७७००० | ५५००० | ५५००० | ० | ५५००० | ० | ० | ० | ०.१२ | (२८.५७ |
| भौतिक योजना तथा निर्माण मन्त्रालय | ८६४५८ | १५९०६० | ३१४७८५ | १०४३३३ | २१०४५२ | १५८७५४ | ६०००० | ९६०३१ | १५६०३१ | ०.६७ | ९७.९० |
| संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ४७६७ | ४३७६ | ८००० | ४५०० | ३५०० | ८००० | ० | ० | ० | ०.०२ | ८२.८२ |
| अन्य-सामाजिक | २४९६१६ | ३६७५११ | ८५५४०५ | ४८८८८८ | ३६६५१७ | ४९०५५५ | १७६७५० | १८८१०० | ३६४८५० | १.८१ | १३२.७६ |
| अर्थ मन्त्रालय | ८०० | ० | ० | ० | ० | ० | ० | ० | ० | | घम्घर०ज्ञ |
| गृह मन्त्रालय | ४७७६ | ६२९४ | ६५०० | ६५०० | ० | ६५०० | ० | ० | ० | ०.०१ | ३.२७ |
| विज्ञान तथा प्रविधि मन्त्रालय | ८१३४६ | ५८०५७ | ५२००० | ४८६०० | ३४०० | ४२००० | १०००० | ० | १०००० | ०.११ | (१०.४३ |
| स्थानीय विकास मन्त्रालय | ९४६४२ | ७५०५५ | ११०००० | २५४६७ | ८४५३३ | ४३०० | ० | १०५७०० | १०५७०० | ०.२३ | ४६.५६ |
| राष्ट्रिय योजना आयोगको सचिवालय | ६८०५२ | २२८१०५ | ३१६९०५ | ३८३२१ | २७८५८४ | ६७७५५ | १६६७५० | ८२४०० | २४९१५० | ०.६७ | ३८.९३ |
| अर्थ मन्त्रालय विविध | ० | ० | ३७०००० | ३७०००० | ० | ३७०००० | ० | ० | ० | | ०.०० |
| आर्थिक सेवाहरू | १५७३९४१२ | १८५९९८७८ | २३७६९५९७ | ५५३५६६० | १८२३३९३७ | ६७०१७६६ | ७३७००४४ | ९६९७७८७ | १७०६७८३१ | ५०.३६ | २७.७९ |
| कृषि | १८३९११३ | १९३३९९१ | २५३०७२९ | २३००४४५ | २३०२८४ | १३४१०६३ | ५६९१५३ | ६२०५१३ | ११८९६६६ | ५.३६ | ३०.८६ |
| अर्थ मन्त्रालय | ४३२०० | ४४८०० | ४९०७० | ० | ४९०७० | ४९०७० | ० | ० | ० | ०.१० | ९.५३ |
| कृषि तथा सहकारी मन्त्रालय | १७७३४१३ | १८६६६९१ | २३८१६५९ | २३००४४५ | ८१२१४ | १२९१९९३ | ५६९१५३ | ५२०५१३ | १०८९६६६ | ५.०५ | २७.५९ |
| अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान | २२५०० | २२५०० | १००००० | ० | १००००० | ० | ० | १००००० | १००००० | ०.२१ | ३४४.४४ |
| सिंचाइ | २१३७५०९ | १८८१४८५ | ३१०३९०५ | २३३८६० | २८७००४५ | ८६२७३४ | ६२७२२५ | १६१३९४६ | २२४११७१ | ६.५८ | ६४.९७ |
| अर्थ मन्त्रालय | ५०८०० | ३९०५० | ९९००० | ० | ९९००० | ४३५० | ० | ९४६५० | ९४६५० | ०.२१ | १५३.५२ |
| कृषि तथा सहकारी मन्त्रालय | १५८८०७ | १२२७६७ | १४०००० | ४०००० | १००००० | ४०००० | १००००० | ० | १००००० | ०.३० | १४.०४ |

| सेवा तथा क्षेत्र | २०५९/६० को यथार्थ खर्च | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को व्यय अनुमान | | | स्रोत | | | | कूल विकास खर्चको अंश (प्रतिशत) | बृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूँजीगत खर्च | श्री ५ को सरकार | बैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | जम्मा | | |
| जलश्रोत मन्त्रालय | १९२७९०२ | १७१९६६८ | २८६४९०५ | ११९३८६० | २६७१०४५ | ८१८३८४ | ५२७२२५ | १५१९२९६ | २०४६५२१ | ६.०७ | ६६.६० |
| अर्थ मन्त्रालय (लगानी सार्वजनिक संस्थान) | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| भूमिसुधार तथा नापी | २१०९०१ | २७०९२८ | ३३६६५२ | २६५३६० | ७१२९२ | ३०६९५२ | २९७०० | ० | २९७०० | ०.७१ | २४.२६ |
| भूमिसुधार तथा व्यवस्था मन्त्रालय | २१०९०१ | २७०९२८ | ३३६६५२ | २६५३६० | ७१२९२ | ३०६९५२ | २९७०० | ० | २९७०० | ०.७१ | २४.२६ |
| वन | ६२६२६९ | ५२५२१४ | ६७१४०५ | ३३९२२२ | ३३२१८३ | ३४८५८७ | २९२८१८ | ३०००० | ३२२८१८ | १.४२ | २७.८३ |
| कृषि तथा सहकारी मन्त्रालय | २३७९ | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| वन तथा भू-संरक्षण मन्त्रालय | ६२३८९० | ५२५२१४ | ६७१४०५ | ३३९२२२ | ३३२१८३ | ३४८५८७ | २९२८१८ | ३०००० | ३२२८१८ | १.४२ | २७.८३ |
| उद्योग | ६३४६७६ | ४०५२२८ | ४५५४५९ | ३६८६९४ | ८६७६५ | २२३७७४ | २३१६८५ | ० | २३१६८५ | ०.९६ | १२.४० |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ५७८६९७ | ३५८३०६ | ४१८४५९ | ३५०६१४ | ६७८४५ | २०६७७४ | २११६८५ | ० | २११६८५ | ०.८९ | १६.७९ |
| विज्ञान तथा प्रविधि मन्त्रालय | ४९१८५ | ३८६२२ | ३७००० | १८०८० | १८९२० | १७००० | २०००० | ० | २०००० | ०.०८ | (४.२० |
| अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ६७९४ | ८३०० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | (१००.०० |
| संचार | १६७२०१५ | ११३५८२१ | १३३६४३६ | १४७१३५ | ११८९३०१ | १८८०५४ | २११००० | ९३७३८२ | ११४८३८२ | २.८३ | १७.६६ |
| विज्ञान तथा प्रविधि मन्त्रालय | १३६३ | ८८३४ | ९२०० | २९०० | ६३०० | ३२०० | ६००० | ० | ६००० | ०.०२ | ४.१४ |
| सूचना तथा सन्चार मन्त्रालय | १०३२७० | ५४२९३७ | १०८७२३६ | १४४२३५ | ९४३००१ | १४९८५४ | ० | ९३७३८२ | ९३७३८२ | २.३० | १००.२५ |
| अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | १५६७३८२ | ५८४०५० | २४०००० | ० | २४०००० | ३५००० | २०५००० | ० | २०५००० | ०.५१ | (५८.९१ |
| यातायात | ३८७१६२९ | ४०८२६५६ | ५६६१७१४ | १३०५०१ | ५५३१२१३ | १२८५६५४ | ११२८३२४ | ३२४७७३६ | ४३७६०६० | ११.९९ | ३८.६८ |
| सडक यातायात | ३८७०६६४ | ४०८२६५६ | ५६६१७१४ | १३०५०१ | ५५३१२१३ | १२८५६५४ | ११२८३२४ | ३२४७७३६ | ४३७६०६० | ११.९९ | ३८.६८ |
| भौतिक योजना तथा निर्माण मन्त्रालय | ३७१७९६१ | ३८३८५६६ | ५३१२८४० | ९७३९५ | ५२१५४४५ | १०७७५५४ | ९८७५५० | ३२४७७३६ | ४२३५२८६ | ११.२६ | ३८.४१ |
| स्थानीय विकास मन्त्रालय | १४६३८८ | २३०७५७ | ३२६०७४ | १६६२६ | ३०९४४८ | १८५३०० | १४०७७४ | ० | १४०७७४ | ०.६९ | ४१.३१ |
| श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ६३१५ | १३३३३ | २२८०० | १६४८० | ६३२० | २२८०० | ० | ० | ० | ०.०५ | ७१.०० |
| हवाई यातायात | ९६५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ९६५ | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| बिद्युत | ३९०२३०३ | ५८०९१७० | ६३४७३८४ | १०४८१९ | ६२४२५६५ | ११३४५२६ | ३७७०२६४ | १४४२५१४ | ५२१२८५८ | १३.४५ | ९.२६ |
| अर्थ मन्त्रालय | १९७४३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | ०.०० |
| जलश्रोत मन्त्रालय | २५६०९ | १६८७९३ | ३९६०७४ | ३०११४ | ३६६९६० | ५४५७४ | २२९८७५ | ११२६२५ | ३४२५०० | ०.८४ | १३५.२४ |
| विज्ञान तथा प्रविधि मन्त्रालय | १०९०२२ | ३७९१३३ | ८५०३१० | ७४७०५ | ७७५६०५ | ८९९५२ | ६५३६८९ | १०६६६९ | ७६०३५८ | १.८० | १२४.२८ |
| अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ३५७०५२९ | ५२६१२४४ | ५१००००० | ० | ५१००००० | ९९०००० | २८८६७०० | १२२३३०० | ४११०००० | १०.८० | (३.०६ |
| अन्य आर्थिक सेवाहरु | ८४४९९७ | २५५५३८५ | ३३२५९१३ | १६४५६२४ | १६८०२८९ | १०१०४२२ | ५०९८७५ | १८०५६१६ | २३१५४९१ | ७.०५ | ३०.१५ |
| पर्यटन | १८९६५२ | ४८५३८ | १२१७०० | ११८०३० | ३६७० | ३६७०० | ७५००० | १०००० | ८५००० | ०.२६ | १५०.७३ |
| संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १८९६५२ | ४८५३८ | १२१७०० | ११८०३० | ३६७० | ३६७०० | ७५००० | १०००० | ८५००० | ०.२६ | १५०.७३ |

| सेवा तथा क्षेत्र | २०५९/६० को यथार्थ खर्च | २०६०/६१ को संशोधित अनुमान | २०६१/६२ को व्यय अनुमान | | | स्रोत | | | | कुल विकास खर्चको अंश ( प्रतिशत) | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा रकम | चालु खर्च | पूंजीगत खर्च | श्री ५ को सरकार | वैदेशिक | | | | |
| | | | | | | | अनुदान | ऋण | जम्मा | | |
| हावापानी | ६२१४८ | ४४९९९ | ५२५४८ | २९९७२ | २२५७६ | ४८०४८ | ४५०० | ० | ४५०० | ०.११ | १६.७८ |
| विज्ञान तथा प्रविधि मन्त्रालय | ६२१४८४४९९९ | | ५२५४८ | २९९७२ | २२५७६ | ४८०४८ | ४५०० | ० | ४५०० | ०.११ | १६.७८ |
| आपूर्ति | १८७२३६ | १८८९०० | २११२७५ | २११२७५ | ० | ८०००० | १३११२७५ | ० | १३११२७५ | ०.४५ | ११.८४ |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १८७२३६ | १८८९०० | २११२७५ | २११२७५ | ० | ८०००० | १३११२७५ | ० | १३११२७५ | ०.४५ | ११.८४ |
| वाणिज्य | ९०७०२ | ६४२२८ | ८१७६५ | ४४९५४ | ३६८११ | ३७६२५ | ९१४० | ३५००० | ४४१४० | ०.१७ | २७.३० |
| उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ९०७०२ | ६४२२८ | ८१७६५ | ४४९५४ | ३६८११ | ३७६२५ | ९१४० | ३५००० | ४४१४० | ०.१७ | २७.३० |
| श्रम | ६६६३४ | १००१७८ | १४०८०४ | १३८२७९ | २५२५ | ९७१९७ | ४३६०७ | ० | ४३६०७ | ०.३० | ४०.५५ |
| श्रम तथा यातायात व्यवस्था मन्त्रालय | ५४२५० | ५३५९४ | १४०८०४ | १३८२७९ | २५२५ | ९७१९७ | ४३६०७ | ० | ४३६०७ | ०.३० | १६२.७२ |
| अर्थ मन्त्रालय -विविध | १२३८४ | ४६५८४ | ० | ० | ० | ० | ० | ० | ० | ०.०० | (१००.०० |
| अन्य - आर्थिक | २४८६२५ | २१०८५४२ | २७१७८२१ | ११०३११४ | १६१४७०७ | ७१०८५२ | २४६३५३ | १७६०९१६ | २००६९६९ | ५.७६ | २८.९० |
| अर्थ मन्त्रालय | ४३४०८ | ८४०१२ | १२४३२५ | ० | १२४३२५ | ४०० | ० | १२३९२५ | १२३९२५ | ०.२६ | ४७.९८ |
| अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | १३७५७५ | १८२९३० | ३७४५०० | ० | ३७४५०० | ९५२०० | १०००० | २६९३०० | २७९३०० | ०.७९ | १०४.७२ |
| अर्थ मन्त्रालय-विविध | ६७६४२ | १८४१६०० | २२१८९९६ | ११०३११४ | १११५८८२ | ६१५२५२ | २३६३५३ | १३६७३९१ | १६०३७४४ | ४.७० | २०.४९ |
| विविध | १०७३३२२ | ५८०९० | ३४५४९२ | ३३९९९२ | ५५०० | ३२९९९२ | १५५०० | ० | १५५०० | ०.७३ | ४९४.७५ |
| विविध | १०७३३२२ | ५८०९० | ३४५४९२ | ३३९९९२ | ५५०० | ३२९९९२ | १५५०० | ० | १५५०० | ०.७३ | ४९४.७५ |
| अर्थ मन्त्रालय | ० | ८०९० | १५५०० | १०००० | ५५०० | ० | १५५०० | ० | १५५०० | ०.०३ | ९१.५९ |
| अर्थ मन्त्रालय-विविध | १०७३३२२ | ५०००० | ३२९९९२ | ३२९९९२ | ० | ३२९९९२ | ० | ० | ० | ०.७० | ५५९.९८ |
| कुल विकास खर्च | २९०३३०१९ | ३२८०४५०० | ४७२०१६६५ | १७७१५१०७ | २९४८६५५८ | १४९३३०६२ | १५३०९४३७ | १६९५९१७० | ३२२६८६०७ | १००.०० | ४३.८९ |

अनुसूची - २

## आर्थिक वर्ष २०६२/०६३ र २०६३/०६४ को विकास कार्यक्रम बजेटको सेवा तथा क्षेत्रगत विवरण

(अपेक्षित)

(रु हजारमा)

| | सेवा तथा क्षेत्र | आ.व. २०६२/२०६३ | आ. व. २०६३/२०६४ |
|---|---|---|---|
| | **संवैधानिक अंगहरु** | २५८,५०० | ५२५,००० |
| १०२ | संवैधानिक अंगहरु | २५८,५०० | ५२५,००० |
| १४ | अदालत | २३४,००० | ५०१,००० |
| १५ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ४,००० | ४,५०० |
| १६ | महालेखा परीक्षकको विभाग | १०,००० | ८,००० |
| १७ | लोकसेवा आयोग | ८,००० | ८,५०० |
| १९ | महान्यायाधिवक्ताको कार्यालय | २,५०० | ३,००० |
| | **साधारण प्रशासन** | ४४३,३९७ | ४३२,७४६ |
| १०३ | सामान्य प्रशासन | १६१,७६५ | ९५,१७० |
| १४ | अदालत | ४०,००० | - |
| ३० | प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय | ४७,००० | १०,५०० |
| ३९ | कानुन न्याय तथा संसदीय व्यवस्था मन्त्रालय | १८,५०० | २२,००० |
| ४५ | गृह मन्त्रालय | ४४,००० | ४८,४०० |
| ६६ | सामान्य प्रशासन मन्त्रालय | १२,२६५ | १४,२७० |
| १०५ | राजश्व तथा आर्थिक प्रशासन | १८२,००० | २१४,००० |
| ३५ | अर्थ मन्त्रालय | १८२,००० | २१४,००० |
| १०६ | योजना र तथ्यांक | ९९,६३२ | १२३,५७६ |
| ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ९९,६३२ | १२३,५७६ |
| | **सामाजिक सेवाहरु** | २५,९८५,६०२ | २९,७५२,२१४ |
| १०८ | शिक्षा | ७,३८९,४५९ | ७,७६१,७६२ |
| ६५ | शिक्षा तथा खेलकुद मन्त्रालय | ७,३३९,४५९ | ७,७११,७६२ |
| ६९ | स्थानीय विकास मन्त्रालय | ५०,००० | ५०,००० |
| १०९ | स्वास्थ्य | ३,८५९,७६० | ४,२९४,९६१ |
| ३८ | उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७२,००० | ७२,००० |
| ६९ | स्थानीय विकास मन्त्रालय | ११०,००० | ११०,००० |
| ७० | स्वास्थ्य मन्त्रालय | ३,६७७,७६० | ४,११२,९६१ |
| ११० | खानेपानी | ५,९१२,१८३ | ९,०७४,०९४ |
| ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ५,२५१,२४८ | ८,३७१,९०७ |
| ६९ | स्थानीय विकास मन्त्रालय | १६१,८०० | १८०,००० |
| ८७ | अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान) | ४९९,१३५ | ५२२,१८७ |
| १११ | स्थानीय विकास | ७,०६५,०६७ | ६,६६१,१९१ |
| ६९ | स्थानीय विकास मन्त्रालय | ६,८८५,०६७ | ६,४७१,१९१ |
| ९५ | अर्थ मत्रालय- विविध | १८०,००० | १९०,००० |
| | अन्य सामाजिक सेवाहरु | १,७५९,१३३ | १,९६०,२०६ |
| ११२ | जनसख्या तथा वातावरण | ४८,३२८ | ५०,७४४ |
| ४६ | जनसख्या तथा वातावरण मन्त्रालय | ४८,३२८ | ५०,७४४ |
| ११३ | महिला, वालवालिका तथा समाज कल्याण | ३६७,५०४ | ३९८,३९८ |
| ५६ | महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय | ३१२,५०४ | ३३८,३९८ |
| ९५ | अर्थ मत्रालय- विविध | ५५,००० | ६०,००० |

अनुसूची २

(रु हजारमा)

| | सेवा तथा क्षेत्र | आ.व. २०६२/२०६३ | आ. व. २०६३/२०६४ |
|---|---|---|---|
| ११४ | युवा, खेलकुद तथा सस्कृति | २६२,२५० | २९२,७०० |
| ४९ | संस्कति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २२८,७०० | २५७,७०० |
| ६५ | शिक्षा तथा खेलकुद मन्त्रालय | ३३,५५० | ३५,००० |
| ११५ | आवास | ६४३,९०१ | ७२४,९९९ |
| ४५ | गृह मन्त्रालय | ६६,००० | ७२,००० |
| ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ५६९,९०१ | ६४४,९९९ |
| ४९ | संस्कति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | ८,००० | ८,००० |
| ११६ | अन्य-सामाजिक | ४३७,१५० | ४९३,३६५ |
| ३५ | अर्थ मन्त्रालय | - | - |
| ४५ | गृह मन्त्रालय | ७,१५० | ७,८६५ |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ५५,००० | ५८,००० |
| ६९ | स्थानीय विकास मन्त्रालय | - | - |
| ७२ | राष्ट्रिय योजना आयोगको सचिवालय | ३७५,००० | ४२७,५०० |
| ९५ | अर्थ मन्त्रालय विविध | - | - |
| | आर्थिक सेवाहरु | २५,८३२,४४३ | २६,८७०,५३२ |
| ११७ | कृषि | २,५७६,७६८ | २,८४७,६३९ |
| ३५ | अर्थ मन्त्रालय | ४९,००० | ५५,००० |
| ४० | कृषि तथा सहकारी मन्त्रालय | २,५२७,७६८ | २,७९२,६३९ |
| ८७ | अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान) | - | - |
| ११८ | सिंचाइ | ४,३०६,०१० | ४,६३४,८८३ |
| ३५ | अर्थ मन्त्रालय | १२५,००० | १४०,००० |
| ४० | कृषि तथा सहकारी मन्त्रालय | १५०,००० | १७०,००० |
| ४७ | जलश्रोत मन्त्रालय | ४,०३१,०१० | ४,३२४,८८३ |
| ८७ | अर्थ मन्त्रालय (लगानी सार्वजनिक सस्थान) | - | - |
| ११९ | भूमिसुधार तथा नापी | ३५०,००० | ३८५,००० |
| ५५ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | ३५०,००० | ३८५,००० |
| १२० | वन | ७०३,८८१ | ७१९,२६० |
| ४० | कृषि तथा सहकारी मन्त्रालय | - | - |
| ५९ | वन तथा भू-संरक्षण मन्त्रालय | ७०३,८८१ | ७१९,२६० |
| १२१ | उद्योग | ६६७,९३० | ४११,७४३ |
| ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ६१७,९३० | ३४१,७४३ |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ५०,००० | ७०,००० |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | - | - |
| १२२ | संचार | ६२८,००० | ३९६,२०० |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ११,००० | १२,२०० |
| ६७ | सूचना तथा सञ्चार मन्त्रालय | २८७,००० | १५४,००० |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ३३०,००० | २३०,००० |

अनुसूची २

(रु हजारमा)

| | सेवा तथा क्षेत्र | आ.व. २०६२/२०६३ | आ. व. २०६३/२०६४ |
|---|---|---|---|
| | यातायात | ५,७५७,९८१ | ७,१३७,८५५ |
| १२३ | सडक यातायात | ५,७५७,९८१ | ७,१३७,८५५ |
| ४८ | भौतिक योजना तथा निर्माण मन्त्रालय | ५,१६२,४४५ | ६,५२७,९९० |
| ६९ | स्थानीय विकास मन्त्रालय | ३४५,५३६ | ३५९,८६५ |
| ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | २५०,००० | २५०,००० |
| १२४ | हवाई यातायात | - | - |
| ४९ | संस्कृति, पयंटन तथा नागरिक उड्डयन मन्त्रालय | - | - |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | | |
| १२५ | विद्युत | ८,४३६,१८९ | ७,८२८,६१२ |
| ३५ | अर्थ मन्त्रालय | - | - |
| ४७ | जलश्रोत मन्त्रालय | १,११३,२७१ | १,२१८,०५० |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | १,०२६,०७६ | १,३३३,०६८ |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | ६,२९६,८४२ | ५,२७७,४९४ |
| | अन्य आर्थिक सेवाहरु | २,२११,६८४ | २,२९९,३४० |
| १२६ | पर्यटन | २२२,००० | २४०,००० |
| ४९ | संस्कृति, पयंटन तथा नागरिक उड्डयन मन्त्रालय | २२२,००० | २४०,००० |
| १२६ | हावापानी | ६४,२०७ | ७१,५४० |
| ६१ | विज्ञान तथा प्रविधि मन्त्रालय | ६४,२०७ | ७१,५४० |
| १२८ | आपूर्ति | १९४,००० | २१०,००० |
| ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | १९४,००० | २१०,००० |
| १२९ | वाणिज्य | ७५,००० | २२५,००० |
| ३८ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | ७५,००० | २२५,००० |
| १३० | श्रम | १८९,१७८ | १९६,५६० |
| ७१ | श्रम तथा यातायात व्यवस्था मन्त्रालय | १८९,१७८ | १९६,५६० |
| ९५ | अर्थ मन्त्रालय -विविध | - | - |
| १३१ | अन्य - आर्थिक | १,६६१,२९९ | १,५६६,२४० |
| ३५ | अर्थ मन्त्रालय | १३०,००० | १४०,००० |
| ८७ | अर्थ मन्त्रालय-लगानी सार्वजनिक संस्थान | २२५,००० | ३००,००० |
| ९५ | अर्थ मन्त्रालय-विविध | १,३०६,२९९ | १,१२६,२४० |
| | विविध | ४०२,००० | ४०९,००० |
| १३४ | विविध | ४०२,००० | ४०९,००० |
| ३५ | अर्थ मन्त्रालय | १७,००० | १९,००० |
| ९५ | अर्थ मन्त्रालय-विविध | ३८५,००० | ३९०,००० |
| | कूल विकास खर्च | ५२,९२१,९४२ | ५७,९८९,४९२ |

मुद्रण : मुद्रण विभाग, सिंहदरबार, काठमाडौं